

# अगापे

## पिताको प्रेमिलो चरित्रको प्रकाश

एड्रियन एबान्स

# अगापे

## पिताको प्रेमिलो चरित्रको प्रकाश

एड्रियन एबान्स

अगापे

पिताको प्रेमिलो चरित्रको प्रकाश

मेरो संघि एल्डर साथीहरुमा समर्पित,
यस दुखमी संसारमा मेरो दाजुभाइहरु:
क्रेग ज्याक्ब्सन, एड्डी पेरेज़, क्रेग जोन्स,
कोलिन निकोल्सन, र ग्याभिन देव्लिन ।

विशेष धन्यवाद मेरो श्रीमती लोरेललाई,
दानुत्सन ब्राउन, टोनी र अन्ना पेस,
गेरि हलकिष्ट, र फ्र्यांक किन ।

थप सन्देशको लागि:
fatheroflove.info
adrian@life-matters.org

मारानाथा मिडिया
दिसम्बर २०१७

**www.loveofgod-nepal.com**

## विषयसुची

परिचय

१. पिताको प्रकाश

२. तपाई कसरी पढ्नुहुन्छ ?

३. क्रुसमा मृत्यु

४. मेरो प्रिय पुत्र

५. आफ्नो शत्रुलाई प्रेम गर

६. स्वर्गबाट आगो बर्सिनु

७. आफ्नो हृदय कठोर नपार

८. पापीलाई किन ढुंगा हान्ने आदेश दिइयो ?

९. ऐनाको रुपमा व्यवस्था

१०. आफुभित्र परमेश्वरको डर हाल्नु

११. परमेश्वरको क्रोध

१२. तरवारलाई त्यसको स्थानमा राख्नु

१३. काँडाको मुकुट

१४. मृत्युको शक्ति

१५. मेरो पिताको आज्ञाहरु

१६. ऐनामा धनी मानिस र लाजरस

१७. प्रहार गर्ने स्वर्गदूतहरु

१८. साधरण वचनहरु

१९. हाम्रो पापको निम्ति छेडियो

२०. क्रुसमा प्रकट भएको सर्प

२१. अनन्तको करार र मृत्युको सेवाकाई

२२. मोशा - एक विनम्र व्यक्ति

२३. एलिया र अन्तिम बाँध

२४. अब्राहम र घृणित पार्ने थोकहरु

# परिचय

यो कुरा एकदम सत्य हो कि बालबालिकाहरुले आफ्नो अभिभावकहरुबाट सबै नत्र केहि मात्रामा कुराहरु सिकेका हुन्छन । अवलोकन र प्रतिक्रियाको माध्यमद्वारा बालबालिकाहरुले आफ्नो अभिभावकबाट असल वा खराब गुण सिकेको हुन्छन् जो पछी गएर तिनीहरुको जीवनमा प्रतिबिम्बित हुन्छ । यो उत्तराधिकारीको नियम हो ।

यो संसार एकदम हिँसा र खराबीले भरिएको छ जहाँ सुरक्षाको माग एकदम बढ्दो छ । कुनै खतरा प्रति हिँसाको आत्माले काम गर्दछ, जसले मानव जीवनको विनाशलाई सही ठहराउने प्रक्रियातर्फ लैजान्छ ।

हामी हरेकको मनको गहिराइमा शान्ति, चिन्तारहित जीवन र कसैको प्रेमको रहर हुन्छ । यो विचारधारातर्फ मानव जाति कसरी बढ्ने ? हामीसंग आज नयाँ-नयाँ प्रविधिहरु छन् तर तिनीहरुले हाम्रो संसारलाई झन स्वार्थिपन र हिँसाको गहिराइमा लैजान्छ ।

आज भन्दा २००० वर्ष अगाडी यस संसारमा हिड्नुभएको ख्रीष्टको जीवनले हामीलाई स्वार्थहिन, अगापे प्रेमको उदाहरण दिनुभएको छ जसले करोडौं मानिसहरुको जीवनमा शान्ति ल्याएको छ । तर धेरै मानिसहरुको लागि यो उदाहरण दबिएको वा बाइबलमा भएको ति कथाहरुले नष्ट गरेका छन् जसमा पुरा मानव जीवनभरी परमेश्वरले मानिसहरुसंग कसरी व्यवहार गर्नुभयो, त्यो कुराको वर्णन गरिएको छ।

त्यस समयमा परमेश्वरलाई एकदम हिंसात्मक देखाइएको छ जसले शत्रुहरुको मात्र हैन तर साना दुधे बालकहरुको नरसंहारको माग गर्नुभयो । बाइबलले उहाँलाई निरन्तर रुपमा क्रोधित र रिसले भरिएको मात्र देखाएको छ । अझ अगाडी बढ्दा यस्तो लाग्छ कि क्रुसको मृत्युले यो विचारधारा ल्याउँछ कि परमेश्वरले तिनीहरुको मृत्युको माग गर्नुहुन्छ जसले उहाँको विरुद्धमा पाप गरेका छन् ।

परमेश्वरको बारेमा यी विचारधाराहरु अहिले विश्वको अधिकाँश धर्महरुमा प्रचलित छ, विशेष गरी नास्तिकतामा पनि, जो फ्रेंच क्रान्तिमा बढेको थियो जहाँ हजारौं मानिसहरुको संहार भएको थियो ।

ति मानिसहरु जसले परमेश्वरको वचनमा उत्सुकता राख्छन्, उनीहरुको लागि बाइबलमा परमेश्वरको वर्णन र ख्रीष्टको जीवनमा भएको भिन्नताले केहि असहजता उत्पन्न गराउँछ । तर आफ्नो चेलासंग त्यस पिडादाई क्षणमा येशुले भन्नुभएको छ, “यदी तिमीले मलाई देखेको छौं भने पितालाई पनि देखेका छौ ।”

यो कुरा कसरी सम्भव छ ? के यो कुरा साँचो हो कि ख्रीष्टको जीवनमा प्रकट गरीएको जस्तै परमेश्वर वास्तवमा नै करुणामयी, अनुग्रहकारी र दयावान् हुनुहुन्छ ? परमेश्वरले दिनुभएको आज्ञाको ठिक मध्य भागमा यो आज्ञा छ, “तैंले हत्या नगर्नु ।” के यो परमेश्वरको चरित्रको प्रतिबिम्ब हो ? के यो नियम तल्लो स्तरमा बस्नेहरुको लागि मात्र हो र जो शक्तिमा छन्, उदाहरण: परमेश्वर, उनीहरुको लागि छुट्टै नियम छ ? ति

अगुवाहरुमाथि यसको के प्रभाव पर्छ होला त जसले यो नियमको अनुशरण गर्दछन् ? के यसले ति अगुवाहरुलाई यस्तै व्यवहार गर्न लगाउँछ जब तिनीहरु शक्तिमा आउँछन् ?

यो पुस्तक यी प्रश्नहरुको जवाफ खोज्दा वितेको १६ वर्षको अनुसन्धान हो । यसको यात्रा मेरो पहिलो छोराको जन्मबाट सुरु भयो । जब मैंले उसलाई मेरो हातमा लिएँ तब मभित्र एकदम प्रेम जागेर आयो । म भित्र जागृत भएको प्रेमले मलाई परमेश्वरसंग भेट्ने मौका दियो जसद्वारा मैले यो बुझें कि जति परमे मैले मेरो छोरालाई गर्छु, त्यो भन्दा बढी प्रेम परमेश्वरले मानवजातिलाई गर्नुहुन्छ ।

यात्रा एकदम लामो र थकानले भरिएको छ । कहिलेकाहिं मेरो अगाडी बाइबलले प्रस्तुत गरेको प्रतिवादहरुलाई बुझ्न एकदम असहज भएको छ ।

मैले मेरो अनुसन्धानको निष्कर्ष हजुरहरुको सामु राखेको छु । यसद्वारा मलाई धेरै राष्ट्रहरु जाने मौका मिल्यो र त्यहाँ गएर मैंले मजस्तै ति मानिसहरुलाई भेटें जो मजस्तै यस प्रश्नको उत्तरको खोजिमा थिए, र यो हाम्रो लागि आशिषको कारण बनेको छ ।

परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुराको म गवाही दिन चाहन्छु । उहाँ हिंसात्मक चरित्रको हुनुहुन्न । जसरी अरुले विश्वास गर्छन, त्यसरी उहाँले मानिसहरुलाई सदाको लागि नर्कमा जलाउंदै उहाँबाट भड्केर जानेहरुलाई धम्की दिनुभएको छैन ।

मलाई थाह छ कि धेरै जनाले यो कुरा बुझेका छैनन्, तर म तपाइँहरुलाई यो यात्रा सुरु गर्नको लागि निमन्त्रणा दिन चाहन्छु र परमेश्वर प्रेम हुनुहुन्छ भन्ने सत्यतालाई खोज्नुहोस् र हेर्नुहोस् ।

## १. पिताको प्रकाश

**“परमेश्वर प्रेम हुनुहुन्छ”**, यी शब्दहरु यस संसारमा सेवाकाई गर्दा येशुसंग घनिष्ट सम्बन्ध बिताए पछी प्रेरित यूहन्नाले लेखेका थिए । १ यूहन्ना ४:१६ । जब यूहन्नाले डाँडामा बसेर उहाँको वचन सुन्दा, जब येशुले अन्धाको आँखा खोल्दा, पापीहरुलाई ताडना दिंदा उहाँको आँखाबाट आँसु झर्दा, तब यूहन्नाले येशुको वास्तविक कार्यलाई बुझ्न सके ।

> ***“परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन । पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ ।”***
>
> ***- यूहन्ना १:१८***

येशुको जीवनद्वारा प्रकाश भएको परमेश्वरको तस्विर मानिसहरुले सोचेको भन्दा एकदम फरक थियो । जब येशु र उहाँको चेलाहरू अन्धो मानिसको छेउबाट जादैं गर्नु हुँदा उनीहरुले उहाँलाई यो प्रश्न गरे:

> ***“उहाँका चेलाहरूले उहाँलाई सोधे, “रब्बी, कसले पाप गर्‍यो, यसले कि यसका आमा-बुबाले, र यो अन्धो जन्म्यो ?”***
>
> ***- यूहन्ना ९:२***

तिनीहरुको प्रश्नले यो कुरालाई प्रकाशमा ल्यायो कि तिनीहरुले परमेश्वरलाई एक क्रुर तानाशाहको रुपमा सोचेका थिए जसले उहाँको आज्ञा भंग गर्नेहरुलाई सजाय दिनुहुन्छ । संसारीक राज्यहरु जसको स्थापना रगतमा भएको थियो र फलामे हातद्वारा शासन गरिएको थियो,

ख्रीष्टको समयसम्म ति राज्यहरुको उदय र पतनले मानवीय विचारधारामा परमेश्वरको निर्दयी र बदला लिने रुपलाई देखाउँछ ।

त्यहाँ धेरै साक्षीहरु छन् जसले फरक सन्देशहरु घोषणा गरिरहेका छन् । प्रकृतिको सुन्दरता, मिठो वासनाले भेरेको जीवन्त फुलहरुले भरेको बगैंचा, ति सुन्दर चराहरुको मधुर आवाजले गुन्जमान भएको आकाश, हरिया पातहरुले भरेको ति विशालकाय रुखहरु, ति सबैले प्रेमिलो पिता र अद्भुत सृष्टिकर्ताको सत्यताको गवाही दिन्छन ।

पन्ध्र सय वर्ष अगाडी आफ्नो सृष्टिकर्तालाई बुझ्न मोशाले परमेश्वरलाई उहाँको महिमा देखाउन भनी अनुरोध गरेका थिए ।

> ***"अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो । त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ ।"***
>
> ***- प्रस्थान ३४:५-६***

यद्धपी यी र अन्य धेरै प्रमाणहरुको बावजुद पनि मानिसहरुको माझ परमेश्वर कठोर र निर्दयी हुनुहुन्छ र उहाँलाई क्रोध उठाउने सबैलाई सजाय दिनुहुन्छ भन्ने विचारधारा प्रचलित भयो ।

यो विचारधारा किन प्रचलित भयो ? किनभने सृष्टिको सुरुवातदेखि नै शैतानले मानिसहरुको हृदयमा परमेश्वरको प्रेमप्रति शंका उत्पन्न गराएको थियो ।

*"सर्पले स्त्रीलाई भन्यो, "तिमीहरू मर्दैनौ । किनकि परमेश्वर जान्नुहुन्छ कि जुन दिन तिमीहरू त्यो खान्छौ त्यही दिन तिमीहरूका आँखा खुल्नेछन्, र असल र खराबको ज्ञान पाएर तिमीहरू परमेश्वरजस्तै हुनेछौ ।"*

*- उत्पति ३:४-५*

शैतानले आदम र हव्वालाई यो कुराको विश्वास दिलायो कि परमेश्वरको हृदयमा तिनीहरु प्रति खासै चासो छैन । परमेश्वरलाई विश्वास गर्न सकिदैन भन्ने कुरामा शैतानले तिनीहरुलाई विश्वस्त गरायो । जब शैतानले आदम र हव्वालाई त्यो फल खाँदा मरिदैन भन्यो तब उसले परमेश्वरले आफ्नो प्रेममा दिनुभएको चेतावनीलाई गलत रुपमा बुझ्न्को लागि बाटो खोलि दियो ।

*"तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैँले त्यो खान्छस् तँ निश्चय नै मर्नेछस् ।"*

*- उत्पति २:१७*

यदी त्यो रुखको फल खाँदा आदम र हव्वा मर्ने थिएनन् भने के चाहिंले तिनीहरु मर्ने थिए त ? तब एउटा निष्कर्ष कोरियो कि परमेश्वरले

तिनीहरुलाई मार्नुहुनेछ र हामी यो कुरालाई त्यो क्षण हेर्न सक्छौं जब बगैंचामा आदमले परमेश्वरको आवाज सुन्यो ।

> *"उनले भने, "मैले तपाईंको सोर बगैँचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें ।"*
> *- उत्पति ३:१०*

परमेश्वरदेखी आदम किन डराएको थियो ? किनभने ऊ मृत्युदेखि डराएको थियो र उसले सोच्यो कि तिनीहरुले आज्ञाभंगको लागि तिनीहरुलाई मार्नुहुनेछ । परमेश्वरले तिनीहरुलाई मार्नु हुनेछ भन्ने विचारधाराद्वारा उत्पन्न भएको डरले तिनीहरुलाई शैतानको बन्धनमा पारी रहन्छ । तर परमेश्वरले खोज्नुभयो:

> *"र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदेऊन् ।"*
> *- हिब्रु २:१५*

शैतानले हाम्रो पहिलो अभिभावकहरुलाई यो कुराको आभास गरायो कि परमेश्वर एक जल्लाद हुनुहुन्छ जसले उहाँको विरुद्ध गलत गर्नेहरुलाई मार्नुहुन्छ र उहाँ एक झुटा हुनुहुन्छ जसले तिनीहरुलाई भन्नुभयो कि असल र खराबको ज्ञान दिने रुखको फल खानाले तिनीहरु मर्नेछन । तर यी सबै शैतानको गुणहरु हो । फारिसीहरुसंग कुरा गर्नुहुँदा येशुले तिनीहरुको कामद्वारा तिनीहरुको गुणहरुको बयान गर्नुभयो ।

*"तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन । किनभने त्यसमा केही सत्य छैन । जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो ।"*

*- यूहन्ना ८:४४*

यी छलहरुद्वारा शैतानले सारा संसारलाई आफ्नो वशमा पारेको छ; मानिसहरुलाई परमेश्वरबाट टाढा राख्न शैतानले परमेश्वरको चरित्रलाई गलत रुपमा प्रस्तुत गरेको छ । आफ्नो पिताको साँचो चरित्र प्रकट गर्न परमेश्वरको पुत्र यस संसारमा आउनुभयो । गलत धारणाको कालो बादल हटाएर परमेश्वर कस्तो हुनुहुन्छ भनेर देखाउन उहाँ आउनुभयो । जब आफ्नो चेलाहरुमध्य एकले ***हामीलाई पिता देखाउनुहोस्*** भनेर अनुरोध गर्दा उहाँले उत्तर दिनुभयो ।

*"फिलिपले उहाँलाई भने, "हे प्रभु, हामीलाई पिता देखाइदिनुहोस् । त्यति भए हामीलाई पुग्छ ।" येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस् ?'*

*- यूहन्ना १४:८-९*

आफ्नो संसारिक सेवाकाईको विषयमा येशुले भन्नुभयो:

*“परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ । कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति,”*

*- लूका ४:१८*

यस पवित्र कल्पनासाथ हामी नैनको विधवा आमाको मुहार हेर्छौं जब येशुले उनको छोराको अन्त्येष्टि रोक्नुभयो र उनको छोरालाई फेरी जीवित पार्नुभयो । जब हामी याईरसको कथा पढ्छौं र येशुले उसको छोरीलाई फेरी जीवित गरेर याईरसको हृदयमा भएको पिडालाई हटाएर खुशीले भर्नुभएको कथा जब हामी पढ्छौं तब हाम्रो हृदय स्पर्श हुन्छ । जब येशु गाउँहरु भएर जानुहुन्थ्यो तब त्यस गाउँमा एउटा पनि बिरामी बाकीं रहदैन थियो । जब येशुले आफ्नो दयामा ५००० जनालाई खुवाउनुभयो तब उहाँले तिनीहरुलाई पिताको प्रेमको विषयमा भन्नुभयो ।

उहाँको उपस्थिति यति महिमित र आनन्दमय थियो कि आमाहरुले आफ्नो बालबच्चालाई उहाँको सामु ल्याउथे ताकी उहाँबाट तिनीहरुले आशिष पाउन् । उहाँको हातको कामहरुद्वारा पिताको महिमा प्रकट भएको थियो । उहाँले उच्चारण गर्नुभएको हरेक शब्दहरुमा, उहाँको महिमाको प्रकाशद्वारा यस संसारलाई दासत्वमा बाँधेर राख्ने अन्धकारको तहहरु विस्थापित भएको छ । येशुले सकारात्मक सोच वा चापलुसीको शक्ति प्रयोग गर्नुभएन; सधैं आफ्नो प्रेममा उहाँले सत्य बोल्नुहुन्थ्यो र झुटो र अविश्वासको पर्दाफास गर्न उहाँ कहिल्यै पनि डराउनु भएन । तर जब

उहाँले पापमा फसेकाहरुलाई ताडना दिनुभयो उहाँको आवाजमा पिडा र आँसुको महसुस गर्न सकिन्थ्यो। उहाँ केवल अरुहरुको निम्ति जिउनुभयो र हरेक आत्मा उहाँको निम्ति एकदम बहुमुल्य थियो।

यस पृथ्वीमा ख्रीष्टको चरित्रले परमेश्वरको चरित्रलाई प्रकट गर्नुभएको छ। ख्रीष्टले भन्नुभएको छ कि उहाँले आफ्नो निम्ति केहि पनि गर्नु भएन। परमेश्वरले ख्रीष्टमा आफुसंग संसारलाई मिलाप गर्नुभएको थियो। २ कोरिन्थी ५:१९। पिताको चरित्रको पूर्ण रुप उहाँको पुत्रमा प्रकट भएको छ। ख्रीष्टले आफ्नो पिताको प्रेमिलो प्रतिरूप मानवताको सामु प्रकट गर्नुभएको छ।

> ***"किनभने मैले आफ्नै तर्फबाट बोलिनँ, तर मैले के भन्नुपर्ने हो, र के बोल्नुपर्ने हो, मलाई पठाउनुहुने पिता आफैले मलाई आज्ञा दिनुभएको छ। म जान्दछु, कि उहाँको आज्ञा अनन्त जीवन हो। यसकारण म जे बोल्दछु, पिताले मलाई भन्नुभएअनुसार बोल्दछु।"***
>
> ***- यूहन्ना १२:४९-५०***

आफ्नो पिताको सामु इमान्दारसाथ प्रार्थना गर्दा, येशुले यी शब्दहरु उच्चारण गर्नुभयो:

> ***"अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्। जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु। अब हे पिता, संसारको सृष्टि***

*हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस् । "संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु । तिनीहरू तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन् ।"*

*- यूहन्ना १७:३-६*

येशुले भन्नुभयो कि यस संसारमा उहाँले आफ्नो पितालाई महिमित पार्नुभएको छ । उहाँको चरित्र नै उहाँको पिताको महिमा हो, र यही कुरालाई येशुले आफ्नो संसारिक सेवाकाईमा प्रकट गर्नुभएको छ । उहाँले भन्नुभएको छ कि आफ्नो चेलाहरुको सामु उहाँले आफ्नो पिताको नाम र चरित्र प्रकट गर्नु भएको छ । यसैकारण येशुले फिलिपलाई विश्वस्तसाथ भन्नुभयो कि यदी तिनीहरुले उहाँलाई देखेका छन् भने तिनीहरुले पितालाई पनि देखेका छन् । पिता कस्तो हुनुहुन्छ भने जान्न फिलिपले मानव इतिहासभरी येशुले गर्नुभएको कामलाई हेर्न जरुरी थिएन । केवल ३ वर्षमा येशुले हामीलाई पिता कस्तो हुनुहुन्छ भनेर हरेक रुपबाट देखाउनु भएको छ ।

यस प्रेमको सर्वोकृष्ट प्रकाश क्रुसमा प्रकट भएको छ ।

*"परमेश्वरको प्रेम हाम्रा माझमा यसरी प्रकट भयो, कि उहाँले आफ्ना एकमात्र पुत्र संसारमा पठाउनुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं । प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेका होइनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रा पापको प्रायश्चित हुनका*

*निम्ति आफ्ना पुत्र पठाउनुभयो । प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एक अर्कोलाई प्रेम गर्नुपर्छ ।"*

*- १ यूहन्ना ४:९-११*

यदी येशु शैतानको परिक्षाको शिकार हुनुभएको भए सदाको लागि उहाँ हराएर जानुहुन्थ्यो र परिणाम स्वरूप सारा मानवजाति हराएर जाने थियो । स्वर्गीय पिताले आफ्नो पुत्रलाई तेत्तीस वर्षको लागि मात्र आफ्नो पुत्र ऋण स्वरूप दिनु भएन तर उहाँले हाम्रो लागि दिनुभयो । सबै कुरा हराएर जानसक्ने जोखिम थियो तर पनि यस संसारको लागि आफ्नो महान प्रेममा हामीलाई बचाउनको लागि आफ्नो पुत्रलाई पनि त्याग्न हाम्रो स्वर्गीय पिता तयार हुनुहुन्थ्यो ।

***"जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?"***

***- रोमी ८:३२***

बगैंचामा आफ्नो पितालाई येशुले गर्नुभएको प्रार्थना यो जोखिम प्रकट भएको छ । उहाँले यो परिक्षा सहनसक्नु हुन्छ कि हुँदैन भन्ने कुरामा चासो थियो; यद्धपि जस्तो सुकै मोल भएपनि उहाँले आफ्नो पिताको ईच्छामा विश्वास गर्नुभयो ।

*"अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस् ।"*

***- मत्ती २६:३९***

हामी कसरी यस प्रेमको चौडाईलाई बुझ्न सक्छौं ? कुन शब्दहरुले परमेश्वरको अद्भुत प्रेमको बयान गर्न सक्छन ? जुन कुरा आफ्नो लागि बहुमुल्य थियो त्यो कुरालाई त्याग्न आदम तयार थिएन तर परमेश्वर तयार हुनुहुन्थ्यो । उहाँले आफ्नो पुत्रलाई पनि बाकीं राख्नुभएन ।

येशुले पिटाइ, गिल्ला र उहाँको पिडामा रमाउने भिडको उपहासलाई चुपचाप ग्रहण गर्नुभयो । जबसम्म बोझ उहाँको निम्ति अति ठुलो भएन तबसम्म उहाँले आफ्नो क्रुसलाई इमान्दारीपूर्वक बोक्ने प्रयत्न गर्नुभयो । जब उहाँ क्रुसमा हुनुहुन्थ्यो तब उहाँले यूहन्नालाई आफ्नो आमाको हेरविचार गर्नु भनेर अनुरोध गर्नुभएको थियो र ति व्यक्तिहरु जो उहाँको मृत्युको लागि जिम्मेवार थिए, उनीहरुको निम्ति उहाँले आफ्नो पितासंग क्षमायाचनाको प्रार्थना गर्नुभयो ।

सारा ब्रह्माण्डले यस्तो अद्भुत प्रेमको नजारा कहिल्यै पनि देखेको थिएन । पिताको चरित्र उहाँको पुत्रबाट मिहिमित प्रकाशमा विस्फोटक रुपमा अगाडी आयो । साँच्चै नै पिताले आफ्नो शत्रुहरुलाई प्रेम गर्नुहुन्छ र जसले उहाँलाई नाश गर्न खोज्छन तिनीहरुलाई क्षमा गर्नुहुन्छ । यी सबै कुराहरु परमेश्वरको पुत्रको चरित्रमा प्रकट भएको थियो । परमेश्वरको पुत्रको

मृत्युद्वारा शैतान हत्याराको रुपमा प्रकट भएको थियो र त्यो अजिङ्गरको काम प्रकट भएको छ । क्रुसमा हत्यारा र हत्या भएको व्यक्तिलाई पूर्ण रुपमा प्रकट भएका छन । त्यो आत्मा जसले कयिनलाई आफ्नो भाइ हाबिलको हत्या गर्न उक्साएको थियो क्रुसमा पूर्ण प्रकाशमा प्रकट भएको थियो र सारा स्वर्ग र ब्रह्माण्डले पूर्ण रुपमा पहिलो पटक शैतानलाई झुटा र हत्याराको रुपमा देखेको थियो । स्वर्गबाट उसको प्रभाव बिजुली समान तल झर्यो र उसले फेरी स्वर्गमा र स्वर्गदुतहरुको हृदयमा स्थान पाउन सकेन ।

यस यात्राको सुरुवातमा हामी बाइबलको कथाहरुलाई सही ढंगमा पढ्न चश्माको प्रयोग गर्नेछौं । पुरानो नियममा प्रकट भएको परमेश्वरको गुणहरु जसले गर्दा हाम्रो हृदयमा डर र भयले डेरा जमाएको थियो कलवरीमा भएको क्रुसको प्रकाशद्वारा ति गुणहरु सुन्दर र आकर्षक लाग्न थाल्छन । दया, कोमलता र अभिभावकको प्रेमलाई पवित्रता, न्याय र शक्तिसंग मिलेको हामी देख्न सक्छौं । नयाँ करारमा भएको कथाहरुद्वारा हामी पुरानो करारमा भएको न्यायको कार्यमा सत्यतालाई देख्न सक्छौं । यस पुस्तकको मुख्य उद्देश्य भनेको येशु ख्रीष्ट हिजो, आज र सदा सर्वदा समान हुनुहुन्छ र पिता पनि उस्तै हुनुहुन्छ ।

## २. तपाईं कसरी पढ्नु हुन्छ ?

येशु सबैभन्दा अद्भुत शिक्षक हुनुहुन्थ्यो । जब येशुलाई पक्राउ गर्न गएका अधिकारीहरु खाली हात फर्के तब मण्डली अगुवाहरुले उनीहरुलाई प्रश्न गर्दा, उनीहरुले यो जवाफ दिए:

***"यस मानिसले जस्तो त कुनै मानिसले कहिल्यै बोलेन !"***

***- यूहन्ना ७:४६***

नयाँ करारमा लेखिएको यो तथ्यको बावजुदपनि अधिकांश मानिसहरुले उहाँलाई बुझ्न कोसिस गर्दा कठिनाई महसुस गर्छन ।

यहुदीहरुसंग आफ्नो मृत्यु र पुनरुत्थानको बारे कुरा गर्नुहुँदा उहाँले भन्नुभयो, "यस मन्दिरलाई भत्काउ र म तीन दिनमा यसलाई खडा गर्नेछु ।" तिनीहरुले सोचे कि उहाँले येरुशलेममा भएको वास्तविक मन्दिरको बारेमा भन्दै हुनुहुन्छ तर उहाँले आफ्नो शाररिक मन्दिरको बारेमा बोल्दै हुनुहुन्थ्यो । येशुले निकोदेमसलाई भन्नुभयो कि उ फेरी जन्मनु पर्छ । निकोदेमसले सोचे कि येशुले भौतिक जन्मको बारेमा भन्दै हुनुहुन्छ तर येशुले आत्मिकी जन्मको बारेमा भन्दै हुनुहुन्थ्यो । जब येशुले इनारको किनारामा पानी भर्न आएकी महिलालाई जीवित पानीको बारेमा कुरा गर्नु हुँदा ति महिलाले भौतिक पानीको बारेमा सोचेकी थिइन् तर येशुले आत्मिकी पानीको बारेमा भन्नुभएको थियो । जब येशुले चेलाहरुलाई फारिसीहरुको खमिरको विषयमा चेतावनी दिनुभएको थियो तब उनिहरुले सोचेकि उहाँले भौतिक रोटिको बारेमा भन्दैहुनुहुन्छ तर येशुले तिनीहरुलाई भन्नुभयो:

> ***"मैले तिमीहरूलाई रोटीको विषयमा भनेको होइनँ भनी तिमीहरू किन बुझ्दैनौ ? तर फरिसी र सदुकीहरूको खमिरबाट होशियार रहो ।"***
>
> ***- मत्ती १६:११***

जब येशुले ५००० जनालाई खुवाउनुभयो तब उहाँले उनीहरुलाई आफुले गर्नुभएको आश्चर्यकर्मको अर्थ बुझाउनु भयो । उहाँले तिनीहरुलाई यो कुरा

बुझाउनुभयो कि रोटिले उहाँको जीवनको प्रतिनिधित्व गर्छ जसमा संसारले ध्यान र विचार गर्नुपर्छ । उहाँले भन्नुभयो:

> ***"मेरो देह खाने र मेरो रगत पिउनेसित अनन्त जीवन छ, र अन्त्यको दिनमा म त्यसलाई जीवित पार्नेछु ।"***
>
> ***- यूहन्ना ६:५४***

यी शब्दहरुले उहाँको कुरा सुन्नेहरुलाई अच्चममा पार्यो । तिनीहरुले गनगन गर्दै भने, "यी कुराहरु त एकदम गाह्रो छन्, कसले यी कुराहरु सुन्न सक्छ ?" ति व्यक्तिहरु जो उहाँको सेवाकाईमा चासो राखेका थिए तिनीहरुले उहाँबाट आफ्नो अनुहार मोडे र फेरी उहाँको पछी लागेनन् ।

> ***"उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन । उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन् ।"***
>
> ***- यूहन्ना १:१०-११***

यी सब कुराहरु यशैया अगमवक्ताको भविष्यवाणीहरु पूर्णता भएको थियो:

> ***"हाम्रो समाचार कसले विश्‍वास गरेको छ ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो ? ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्‌यो । ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो । उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन । ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित । ऊ***

*त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन् । ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं ।"*

*- यशैया ५३:१-३*

परमेश्वरको पुत्रलाई ईन्कार गर्नु र उहाँको शिक्षालाई बेवास्ता गर्नु नै उहाँप्रति मानिसको स्वभाविक प्रतिक्रिया हो ।

*"जो मानिस आत्मिक छैन, त्यसले परमेश्वरका आत्माका कुराहरू ग्रहण गर्दैन । किनकि ती कुराहरू त्यसको निम्ति मूर्खता हुन्छन्, र त्यसले ती बुझ्न सक्दैन, किनकि ती कुराहरू आत्मिक रीतिले मात्र चिन्न सकिन्छ ।"*

*- १ कोरिन्थी २:१४*

जब सामान्य मानिसले परमेश्वरको वचन पढ़द्छ तब उसले बुझ्दैन । बाइबलले हामीलाई भन्दछ:

*"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ । जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन् ।"*

*- यशैया ५५:८-९*

जबसम्म हामी परमेश्वरको आत्माद्वारा फेरी जन्म लिएर उहाँको वचन पढ्नको निम्ति अगुवाईको विन्ती गर्दैनौ तबसम्म हामी बाइबललाई गलत अर्थमा बुझी रहन्छौ ।

*"यदि कसैले "केही जान्दछु" भनी ठान्छ भने, उसले जति जान्नुपर्ने हो त्यति जानेको हुँदैन ।"*

*- १ कोरिन्थी ८:२*

*"मेरा प्रिय भाइहरू, यो कुरा जान: प्रत्येक मानिस सुन्नमा छिटो, बोल्नमा ढिलो र रिसाउनमा धीमा हुनुपर्छ ।"*

*- याकुब १:१९*

*"जसले सुन्न अघि नै जवाफ दिन्छ, त्यो त्यसको मूर्खता र शर्म हो ।"*

*- हितोपदेश १८:१३*

कुनै कुराको विषयमा सुन्नुअघि त्यस विषयमा जवाफ दिन सजिलो छ । यस उदाहरणलाई हेरौं:

*"येशूले तिनीहरूलाई भन्नुभयो, "जब मैले तिमीहरूलाई थैलो र झोली र जुत्ताविना पठाएको थिएँ, के तिमीहरूलाई कुनै कुराको अभाव भयो ?" तिनीहरूले भने, "भएन ।" उहाँले भन्नुभयो, "तर अब जसको थैलो छ, त्यसले त्यो बोकोस्, त्यसै गरी झोला पनि बोकोस् । र जससँग तरवार छैन, त्यसले आफ्नो वस्त्र बेचेर एउटा तरवार किनोस् ।"*

*- लूका २२:३५-३६*

तर पछी उहाँले आफ्नो मनस्थिति बदल्नुभएको जस्तो लाग्छ ?

*"तब येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन् ।"*

*- मत्ती २६:५२*

के येशुले आफ्नो चेलाहरुलाई तरवार किन्नु भन्नुभयो तर पत्रुसले तरवार प्रयोग गर्दा उहाँले उसलाई ताडना दिनुभयो ? के पत्रुसले गलत ठाउँमा त्यसलाई प्रयोग गरेको थिए ? यदी हो भने, के येशुले उसलाई कहिले तरवार प्रयोग गर्नु पर्छ र कहिले पर्दैन भनेर सिकाउनु भएको थियो ? यी शब्दहरु, "*किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन् ।"* धेरै सार्वभौमिक देखिन्छ । यदी यो कुरा पर्याप्त छैन भने हामी यसलाई थप आयाममा जोड्न सक्छौं ।

*"मुक्तिको टोप लगाओ, र पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो ।"*

*- एफिसी ६:१७*

*"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुञ्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।"*

*- हिब्रु ४:१२*

*"उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो । उहाँको*

*मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो ।"*

*- प्रकाश १:१६*

बाइबलले परमेश्वरको वचनलाई तरवारसंग जोडेको छ । यो कुरालाई हामी कसरी बुझ्ने र वास्तविक तरवारसंग कसरी बुझ्ने ? आगोको यो उदाहरणलाई हेरौं:

*"एलियाले ती कप्तानलाई जवाफ दिए, "यदि म परमेश्वरका जन हुँ भने, स्वर्गबाट आगो झरेर तिमी र तिम्रा पचासै मानिसलाई भस्म पारोस्!" तब स्वर्गबाट आगो झरेर ती कप्तान र तिनका मानिसलाई भस्म पार्‍यो ।"*

*- २ राजाहरु १:१०*

*"उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो । अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो । तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे । तर यरूशलेमतिर जाने उहाँको दृढ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन् । तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं ?" तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो । अनि उहाँहरू अर्को गाउँतिर जानुभयो ।"*

*- लूका ९:५१-५६*

के आफ्नो चेलाहरुलाई ताडना दिँदा येशुले एलियालाई पनि ताडना दिदै हुनुहुन्थ्यो ? के उनीहरुलाई आगो बोलाउने सही समय थाहा थिएन ? फेरी एक पटक येशुको यी शब्दहरु सार्वभौमिक छ । येशुले भन्नुभएको छ कि उहाँ मानिसहरुलाई नाश गर्न हैन तर बचाउन आउनुभएको हो । के यो कुरा उहाँ पृथ्वीमा हुनुहुँदा मात्र लागु भयो र त्यसपछी उहाँले मानिसहरुलाई नाश गर्नुहुन्छ र ?

जब हामी बाइबल पढ्छौं तब हाम्रो हृदयमा धैरै प्रश्नहरु उठ्छन । तब हाम्रो सामु एक महत्वपूर्ण प्रश्न खडा हुन्छ जुन प्रश्न येशुले व्यवस्थाको पण्डितलाई सोध्नु भएको थियो ।

> ***"उहाँले तिनलाई भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ ? तिमीले के पढ्यौ ?"***
>
> ***- लूका १०:२६***

येशुले जब त्यो व्यक्तिलाई प्रश्न सोध्नु भयो तब उहाँले उसलाई के पढ्दै छ भनेर मात्र सोध्नु भएँ तर कसरी पढ्दै छ भनेर सोध्नुभयो । जब हामी परमेश्वरको वचनलाई पढ्छौं तब हामी के सिद्वान्तहरु प्रयोग गर्छौं ? यदी हामी बाइबलको महत्वपूर्ण, कठिन विषय र प्रतिवादात्मक खण्डहरु बुझ्न चाहन्छौं भने यो प्रश्नको उत्तर पाउन अति आवश्यक छ ।

१९औं शताब्दीको सुरुवातमा उत्तरी अमेरिकामा ठुलो जागृति ल्याउने व्यक्ति पनि एक समय यो प्रश्नसंग अल्झीएका थिए । आफ्नो जीवनको शुरुवाती क्षणहरुमा विलियम मिलरले बाइबल पुरा रुपमा जटिल र

प्रतिवादात्मक खण्डहरुले भरेकोले पढ्न छाडेका थिए । तर जब ब्रिटिस सेनाले अमेरिकी सेनाको हातबाट हार बेहोरेको उसले देखे जब कि ब्रिटिस सेना एकदम बलियो थियो तब उ यो कुरामा विश्वस्त भयो कि मानिसको भन्दा पनि ठुलो शक्ति क्रियाशील हुनुहुन्छ र उ फेरी बाइबल पढ्ने निधो गर्यो । यो कुरा उनको लागि एकदम विनम्रताको कुरा थियो किनभने उसले धेरै इसाईहरुलाई बाइबलबाट प्रतिवादात्मक खण्डहरुद्वारा दु:ख दिएको थियो । जब उसले बाइबलमा पुन चासो देखेको थियो तब जुन कुरा उसले अरुसंग गरेको थियो त्यही कुरा उसंग भयो ।

> ***"इश्वरवादलाई त्यागेपछी, आफ्नो मित्रसंग ख्रीष्टको मध्यस्थता र योग्यताबाट अनन्त जीवनको आशाको विषयमा कुरा गर्दा उसलाई यो प्रश्न गरिएको थियो कि उसलाई कसरी थाह भयो कि यस्तो मुक्तिदाता पनि हुनुहुन्छ । तब उसले यो उत्तर दिए, "यी सब कुराहरु बाइबलमा खुलाईएका छन् ।" - उसले पहिला दिएको प्रतिवादात्मक बुँदाहरु र बाइबललाई रहस्यमय कुराहरुले घेरेको छ भन्ने उसको दावा सहित उसलाई यो प्रश्न गरियो, "तपाईलाई कसरी थाह भयो कि यी कुराहरु बाइबलमा खुलाईएका छन् ?" मिलरले ति व्यंग्यहरु आफ्नो पूर्णशक्तिमा उसको सामु आएको महसुस गरे । पहिला त उ छक्क पर्यो तर जब उसले गहिरो रुपमा सोच्यो यदी बाइबल परमेश्वरको प्रकाश हो भने, यो आफैंमा मिलेको हुनुपर्दछ, यसका सबै भागहरु एक आपसमा मेल खाएका हुनुपर्दछ, मानिसको निर्देशनको निम्ति***

*दिइएको हुनुपर्छ र फलस्वरूप यो सब उसको बुझाईको अनुकुल हुनुपर्दछ । उसले भने, "मलाई केहि समय देउ र म मेरो आफ्नै सन्तुष्टिमा ति सबै प्रतिवादात्मक बुँदाहरु र खण्डहरुलाई मिलाउनेछु, नत्र म एकेश्वरवादी नै रहनेछु ।" त्यसपछि उसले आफैलाई प्रार्थनासाथ वचनको अध्धयनमा समर्पण गर्यो । उसले बाइबलिय टिप्पणीका सबै पुस्तकहरुलाई पन्छाए र आफ्नो मददको लागि एकदम कम प्रयोग भएका सन्दर्भहरु र समन्वय पुस्तिकाहरु प्रयोग गरे । मिलरले देख्यो कि उसले बाइबल र यसको सबै अस्वाभाविक र कट्टर व्याख्याहरुको विचमा भिन्नता ल्याउनु पर्छ । उसले बाइबललाई सबै भन्दा पुरानो र सबैभन्दा उच्च भएकोले सबै भन्दा पहिलो स्थानमा राख्यो । उसले देखे कि बाइबलद्वारा सबै व्याख्याहरु सुधार गर्नुपर्छ र तिनलाई सुधार गर्दा जुन परम्परागत विचारधारा र विश्वासरुपी कुहिरोले बाइबललाई घेरे पनि ति सबैलाई हटाउदै यसबाट शुद्ध प्रकाश बाहिर आउनेछ । उसले ति सबै पुर्वधारणा र रायहरुलाई पन्छाएर राख्ने संकल्प गरे र बालकले जस्तो सरलतासाथ धर्मशास्त्रको स्वभाविक र स्पष्ट अर्थलाई स्वीकार गर्ने निधो गरे ।"*

- **Sylvester Bliss**
  **Memoirs of William Miller (1853) p 68.**

र उसले यही कुरा नै गर्यो । दुई वर्षको अवधिमा उसले बाइबललाई सुरु देखि अन्तसम्म गम्भिर रुपमा पढ्यो ।

*"मैले मेरा सबै विचारधारा र प्रस्तावहरुलाई अलग राख्ने निर्णय गरे, र राम्रोसंग बाइबललाई बाइबलसंग तुलना गर्ने निधो गरें र नियमित रुपमा विधिगत तरिकाद्वारा यसको अध्धयन गर्ने निश्चय गरें । मैले उत्पतिदेखि आफ्नो अध्धयन सुरु गरें र हरेक पदलाई एक-एक गर्दै पढें, मैले पर्याप्त समय लिदैं ति खण्डहरुलाई विस्तार रुपमा पढें ताकी कुनै पनि रहस्यमय कुराहरु र प्रतिवादात्मक कुराहरुले मप्रति लाज नल्याउन भनेर ति खण्डहरुको मूल अर्थलाई बुझ्ने कोशिस गरें । जब म आफैंलाई कुनै पदहरुमा अस्पष्ट पाउँथे तब म ति पदहरुलाई मिल्ने पदहरुसंग तुलना गर्थें । क्रुदेनको सहायताबाट धर्मशास्त्रमा भएको ति पदहरुको जाँच गरे जसमा अस्पष्ट पार्ने शब्दहरु समावेश गरिएको थियो । मैले पदको हरेक शब्दहरुमा पाठको विषय खोजि गरें र जब मैले ति समान पदहरुलाई मेरो विचारधारासंग मिलेको देखें तब ति कठिनाईहरु हराएर गए । यसरी मैले बाइबलको अध्धयनलाई सुरु गरें, र मेरो २ वर्षे अवधिको अध्धयनमा बाइबल आफैले आफैलाई व्याख्या गरेकोमा म सन्तुष्ट भएँ ।"*

- **Sylvester Bliss**
  **Memoirs of William Miller (1853) p 69.**

पहिला सामना गरेको सबै प्रतिवादात्मक बुँदाहरुलाई मेल गराएर बुझ्न सजिलो होस् भनेर उसले यस समय अवधिमा अध्धयन गर्न प्रयोग हुने

नियमहरुको प्रणालीको विकास गरे । उसले प्रयोग गरेको नियमहरुको सारांश बुँदागत रुपमा यस प्रकारका छन्:

- बाइबलमा प्रस्तुत भएको पाठहरुको विषयमा हरेक शब्दहरुले उचित प्रभाव पारेको हुनुपर्छ ।
- धर्मशास्त्रको हरेक खण्डहरु अति महत्वपूर्ण छन् र तिनीहरुलाई लगनशील प्रयोग र अध्धयनद्वारा बुझ्न सकिन्छ ।
- नहिच्किचाई विश्वाससाथ् प्रार्थना गर्दा बाइबलमा प्रकट भएको सबै कुराहरुलाई बुझ्न सकिन्छ र कुनै पनि कुरा लुक्दैन ।
- कुनै पनि बाइबलीय सिद्वान्तको विषयमा गहन रुपमा जान्न तपाईले बाइबलमा त्यस विषयमा लेखेको सबै कुराहरुलाई मिलाएर पढ्न जरुरी छ; हरेक शब्दलाई तपाईले त्यसको आफ्नो अर्थमा पढ्नुहोस् र यदी तपाई कुनै पनि प्रतिवादात्मक कुराहरु बिना आफ्नो राय बनाउन सक्नुहुन्छ भने तपाई त्रुटिमा हुनुहुन्न ।
- धर्मशास्त्र आफैमा आफ्नो प्रदर्शक हुनुपर्दछ किनभने यो आफैमा एक नियम हो । यदी म आफ्नो शिक्षकमा मलाई व्याख्या गर्न निर्भर भएँ भने उहाँले यसको अर्थ अनुमान गर्नुपर्दछ, वा आफ्नो साम्प्रदायिक विश्वासको सारमा भर परेर, वा ज्ञानी ठानिनु, त्यसो भए उसको अनुमान, चाहना वा धार्मिक विश्वासको सार, ति सबै मेरो नियम हो, र बाइबलको होइन ।

- यदी बाइबलमा भएको खण्डले आफैमा स्थिर भएर राम्रो अर्थ भन्छ भने र आफ्नो नियमावली विरुद्ध जाँदैन भने त्यसलाई त्यही सापेक्षिक रुपमा बुझ्नुपर्छ, काल्पनिक रुपमा हैन ।
- सबैभन्दा महत्वपूर्ण नियम भनेको तपाईसंग विश्वास हुनुपर्दछ । यो त्यो विश्वास हो जसले वलिदानको माग गर्दछ, र परीआएको खण्डमा यस संसारमा भएको आफ्नो प्यारो वस्तुको त्याग गर्न सक्नुपर्छ चाहे त्यो आफ्नो संसार, आफ्नो चाहना, आफ्नो चरित्र, जीवनशैली, आफ्नो रोजगार, आफ्नो साथीभाइहरु, आफ्नो घरबार, संसारिक सुखविलास वा सम्मानहरु किन नहोस् । यदी यी कुराहरुले हामीलाई परमेश्वरको वचनमाथि विश्वास गर्नबाट रोक्छ भने हाम्रो विश्वास बेकारमा रहेछ भनेर हामीलाई देखाउँछ । जबसम्म हाम्रो हृदयमा कुनै पनि मनसायहरु लुकेको हुन्छ तबसम्म हामी विश्वास गर्न सक्दैनौं । हामीले यो कुरामा विश्वास गर्नुपर्छ कि परमेश्वरले आफ्नो वचन कहिल्यै पनि बिर्सनुहुनेछैन । हामीले यो कुरामा निर्धक्क हुनुपर्छ कि परमेश्वर जसले सानो भँगेराको ख्याल राख्नुहुन्छ र हाम्रो शिरमा भएको कपालको संख्या राख्नुहुन्छ र आफ्नो वचनको अनुवादको रक्षा गर्नुहुन्छ र यसको वरिपरी सुरक्षाको घेरा बनाउनु र उहाँमाथि पूर्ण विश्वास राख्नेहरुलाई रक्षा गर्नुहुन्छ र उहाँको वचनमाथि विश्वास राख्छन, उहाँले हामीलाई सत्यताबाट टाढा हुनदेखि जोगाउनुहुन्छ ।

वचनको अनुवादमा प्रयोग हुने यी नियमहरुको प्रयोग गर्दा यस्तो सन्देश प्रकाशमा आयो कि जसले यस संसारमा एउटा ठुलो जागृति लिएर आयो ।

हामीले यो कुरा ध्यानमा राख्नुपर्छ कुनै पनि निष्कर्षमा आउनुभन्दा अगाडी हामीले धर्मशास्त्रमा भएको कुराहरुलाई एककृत गर्नुपर्छ । प्रत्येक शब्दहरु आफ्नो उचित स्थानमा आफ्नो पूर्ण प्रभावमा हुनुपर्छ । यो त्यस्तो कुरा हो जो धेरै व्यक्तिहरुको लागि सजिलो छैन किनभने हामी चाँडै जवाफहरु प्राप्त गर्न चाहन्छौं तर कुनै पनि विषयहरुमा खोज गर्नको लागि अनुशासन र मेहनत चाहिन्छ । उदाहरणको लागि यूहन्ना ३:१६ मा भएको ग्रीक शब्द **"मोनोजेनेस"** "***Monogenes"*** लाई अनुवाद गर्दा ***"एकमात्र"*** भन्ने शब्द हुन्छ । धेरै मानिसहरुले यो शब्दको अर्थ एकदम भिन्न भएको सोच्छन तर बाइबल आफैले यस विषयमा के भन्दछ ?

| | |
|---|---|
| जब उहाँ सहरको ढोका नजिक पुग्नुभएको थियो, एउटी विधवाको एउटै छोराको लाश लगिँदैथियो । - लूका ७:१२ | एक |
| किनकि बाह्र वर्ष पुगेकी तिनकी एकमात्र छोरी थिई, जो मर्नै लागेकी थिई । - लूका ८:४२ | एक |
| भीड़बाट एक जना मानिसले कराएर भन्यो, "गुरुज्यू, म तपाईंसँग बिन्ती गर्दछु, मेरो छोरामाथि कृपा-दृष्टि गर्नुहोस्। किनकि त्यो मेरो एकमात्र छोरा हो । - लूका ९:३८ | एक |

| | |
|---|---|
| अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो । - यूहन्ना १:१४ | एक |
| अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो । हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो । - यूहन्ना १:१८ | एक |
| "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् । - यूहन्ना ३:१६ | एक |
| जसले उहाँमाथि विश्वास गर्छ, त्यो दोषी ठहरिँदैन, तर विश्वास नगर्नेचाहिँ अघि नै दोषी ठहरिएको छ, किनभने उसले परमेश्वरका एकमात्र पुत्रको नाउँमा विश्वास गरेको छैन । - यूहन्ना ३:१८ | एक |
| विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए । उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए । - हिब्रू ११:१७ | एक |
| विश्वासद्वारा आफ्नो परीक्षा हुँदा अब्राहामले इसहाकलाई बलि चढ़ाए । उनले प्रतिज्ञाहरू पाएका थिए, तापनि आफ्नो एउटै छोराको बलि चढ़ाउन उनी तयार भए । - १ यूहन्ना ४:९ | एक |

नयाँ नियममा केवल पाँच व्यक्तिहरुको लागि यो शब्द प्रयोग गरिएको छ । पाँच पदहरुले येशुलाई परमेश्वरको पुत्र भनेर घोषणा गरेको छ । एक पदले इसहाकको बारेमा भनेको छ र बाँकी येशुले निको पार्नुभएको एक मात्र सन्तानको बारेमा वर्णन गर्दछन । जब यी खण्डहरुमा "एक मात्र

बालक" भन्ने शब्दहरु प्रयोग गरियो तब त्यसको मतलब एक मात्र सन्तान हो । इसहाकको बारेमा हामी यो थाहा पाउछौं कि इसहाक अब्राहमको एकमात्र सन्तान थिएनन् तर इसहाक साराको एक मात्र सन्तान थिए जसले अब्राहमसंग गरिएको करारको उत्तराधिकारीता प्राप्त गरेका थिए । जब हामी यी खण्डहरुलाई एकसाथ् मिलाएर हेर्छौं भने हामी यो कुरा थाहा पाउछौं कि येशु आफ्नो स्वर्गीय पिताको एकमात्र पुत्र हुनुहुन्छ ।

यो कुरालाई हामी यदी छैटौं नियमसंग मिलाएर हेर्छौं भने हामी यो कुरा थाहा पाउछौं कि यदी बाइबलमा भएको खण्डले आफैमा स्थिर भएर राम्रो अर्थ भन्छ भने र आफ्नो नियमावली विरुद्ध जाँदैन भने त्यसलाई त्यही सापेक्षिक रुपमा बुझ्नुपर्छ । यदी हामीले येशु आफ्नो पिताको एक मात्र पुत्र हुनुहुन्छ भनेर बुझ्छौं भने धर्मशास्त्र आफ्नो नियम विपरित जाँदैन । यसरी हामी यी शब्दको अर्थ हामी बाइबल आफैबाट निकाल्न सक्छौं ।

यदी हामी येशुको जीवन र पुरानो करारमा भएको धेरै हिंसात्मक कथाहरुलाई बुझ्न चाहन्छौं भने हामीले यी नियमहरु ध्यानसंग कार्यन्वयन गर्नुपर्छ । हिब्रु १३:८ मा लेखिएको वचन, "येशु ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ" भन्ने दावीलाई सही प्रमाणित गर्न अथक प्रयास चाहिन्छ । यसकारण, यदी उहाँ परिवर्तन हुनुहुन्न भने यस संसारमा आफ्नो सेवाकाईमा येशु आफ्नो पिताको पूर्ण प्रकाश हुनुहुन्छ।

## ३. क्रुसको मृत्यु

यस संसारमा परमेश्वरको पुत्रको उद्देश्य आफ्नो पिताको चरित्रलाई प्रकाशमा ल्याउनु थियो । हाम्रो प्रेमिलो र कोमल मुक्तिदाताले थाकेकाहरुको बोझ उठाउनुभएको, रोगहरु निको पार्नुभएको, र मानिसहरुको हृदय छुनुभएको कामहरुको बारेमा पढ्न पाउनु हाम्रो लागि कति बहुमुल्य कुरा हो । आमाहरु येशुकहाँ यो आशाले आफ्नो बालकहरु लिएर आउँथे कि उहाँले छुएर उनीहरुलाई आशिष दिनुहुनेछ । बित्दै गरेको हरेक पलहरुसंग आफ्नो पिताको चित्र अदनको सुन्दरतासंग मिल्दै थियो । धेरै मानिसहरुले आफ्नो आँखा खोल्दा पहिलो अनुहार उहाँको देखे जब येशुले तिनीहरुको आँखा खोलिदिनु भयो; तिनीहरुले पहिलो आवाज सुने, त्यो मधुर आवाज उहाँको थियो जब परमेश्वरको पुत्रले सत्यता र अनुग्रहको पूर्णतामा बोल्नुभएको थियो ।

जुन चित्र येशुले कोर्नुभयो, त्यो चित्र लगभग १५०० वर्ष अगाडी मोशाले भनेको कुरासंग मिल्दछ:

*"अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो । त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ ।"*

*- प्रस्थान ३४:५-६*

यद्धपि येशुको जीवनलाई चित्रमा कोर्दा रगतले रंगिएको छ । जब येशुले बाह्र वर्षको उमेरमा मन्दिरमा थुमालाई मारिएको देख्नुभयो तब उहाँले आफ्नो पनि यही भविष्य हुनेछ भनेर थाहा पाउनुभयो । जब बप्तिस्मा दिने यूहन्नाले संसारको सामु उहाँलाई पुकार्दा, उसले यसरी पुकारेको थियो, "हेर, संसारको पाप उठाई लैजाने परमेश्वरको थुमा" यूहन्ना १:२९ पापको ज्याला तिरिनु पर्छ र धर्मशास्त्रमा भनेझैं न्यायको सुनवाई हुनुपर्छ ।

*"परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैँमा धर्मी ठहरिएका छन् । परमेश्वरले ख्रीष्टलाई उहाँको रगतद्वारा प्रायश्चितको बलिदान स्वरूप प्रस्तुत गर्नुभयो, जुन प्रायश्चित विश्वासद्वारा ग्रहण गर्नुपर्दछ । यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको ईश्वरीय धैर्यमा अगाडिका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन । परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान*

*समयमा यो गर्नुभयो ।”*

*- रोमी ३:२४-२६*

के परमेश्वरले क्रुसको माग गर्नुभयो ? के आफ्नो व्यवस्था भंग गर्ने हरेकको लागि उहाँको दण्ड यही हो त ? यी प्रश्नहरु एकदम महत्वपूर्ण छ । यदी परमेश्वरको क्रोध आफ्नो पुत्रको मृत्युमा शान्त हुनेभए यो मृत्यु परमेश्वर आफैंले निर्धारण गर्नुभएको हो र जुन सुन्दर चित्र येशुले आफ्नो पिताको बारेमा कोर्नुभएको छ त्यो निर्दोष बालकको रगतले पोतिनेछ । ख्रीष्टले भन्नुभएको शब्दहरु, “अब सबै सिद्धियो” ले आफ्नो पिताको चित्रलाई पुरा गर्नुको बदली सदाकालको लागि यो कुराको विश्वास दिलाउथ्यो कि पापको विरुद्धमा आफ्नो क्रोध शान्त गर्न परमेश्वरले मृत्युको माग गर्नुहुन्छ । यसले उहाँलाई मृत्युको लेखक र हिंसात्मक प्रतिशोधको उत्साहकको रुपमा प्रस्तुत गर्दछ ।

यशैया अगमवक्ताली ७०० वर्षपुर्व ख्रीष्टको क्रुसको बारेमा भनेका थिए र यसप्रति हाम्रो मानवीय प्रतिक्रियालाई प्रकाशमा ल्याएका थिए ।

***“हाम्रो समाचार कसले विश्वास गरेको छ ? र परमप्रभुको बाहुबल कसलाई प्रकट गरियो ? ऊ उहाँको सामु कलिलो बोटजस्तो र सुक्खा जमिनबाट निस्केको जरोजस्तो बढ्यो । ऊसित हामीलाई आकर्षण गर्ने न केही सुन्दरता न त महत्त्व नै थियो । उसको अनुहारमा हामीलाई मन पर्ने केही थिएन । ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित । ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्***

*। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं । निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दु:ख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं । तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।"*

*- यशैया ५३:१-५*

जब ख्रीष्ट मानवतालाई बचाउन आउनुभयो तब हाम्रो प्रतिक्रिया उहाँलाई अस्वीकार गर्नुथियो । उहाँले हामीलाई अनन्त जीवनको अवसर प्रदान गर्नुभयो तर हामीले सिधै अस्विकार गर्यौं ।

*"उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो । त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन ।"*

*- यूहन्ना १:४-५*

परमेश्वरको पुत्रले हाम्रो पाप आफुमाथि बोक्नुभयो तर हामीले यो सोच्यौं कि उहाँ परमेश्वरबाट सजाय पाउनुभएको छ । यी शब्दहरुको अर्थ हिर्काइनु, पिटिनु र मारिनु हो । तर परमेश्वरले क्रुसमा आफ्नो पुत्रलाई मार्नुभएन तर यो कुरा मानिसले विश्वास गर्छ जुन गलत हो । त्यसोभए क्रुसमा परमेश्वरको पुत्रको मृत्युको कारण के हो त ? यो कुराको मापचित्र धेरै अगाडी कोरिएको थियो जब आदमलाई यो प्रश्न सोधियो कि उसले असल र खराबको ज्ञान दिने रुखको फल खायो कि खाएन ।

*"तर परमप्रभु परमेश्वरले मानिसलाई बोलाउनुभयो, "तँ कहाँ छस् ?"*
*उनले भने, "मैले तपाईंको सोर बगैँचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें ।"*
*उहाँले सोध्नुभयो, "तँ नाङ्गै छस् भनेर कसले भन्यो ? जुन रूखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैंले त्यो खाइस् ?"*
*मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ ।"*
*- उत्पति ३:९-१२*

आदमले अनुग्रह र क्षमाको निम्ति माग नै गरेन । उसको पापले उसको विचारधारामा यस्तो प्रभाव पारेको थियो कि उसले क्षमायाचनाको विषयमा सोच्न पनि सकेन । आफ्नो गल्ती स्विकार्नु र क्षमा माग्नुको बदली उसले परमेश्वरमाथि दोष थप्यो किनभने उहाँले हव्वाको सृष्टि गर्नुभयो जसले उसलाई पाप गर्न भड्काएको थिइ । परमेश्वर निर्दयी र दण्ड दिनुहुने चरित्रको हुनुहुन्छ भनेर उसले सोच्यो र उसको यो गलत सोचाईले गर्दा परमेश्वरको साँचो चरित्र उबाट लुक्नपुग्यो । कयिनको कथामा पनि हामी यो कुरालाई देख्न सक्छौं ।

*तब कयिनले परमेश्वरलाई भने, "मेरो पाप मैले पाउने क्षमाभन्दा पनि बढी छ"*
*- उत्पति ४:१३* (Wycliffe Translation, See also Luther 1912

*Translation)*

कयिनले यसकारण पश्चाताप गर्न इन्कार गर्यो किनभने उसले सोचेको थियो कि परमेश्वरले उसलाई माफ गर्नु हुनेछैन । मानव जातिमाथि पापको शक्ति नै यही हो; परमेश्वरले हाम्रो पाप क्षमा गर्नसक्नु हुन्न भन्ने कुरामा विश्वास गर्नु नै पाप हो । उडाउ पुत्रले पनि क्षमा माग्दैन तर कामद्वारा आफ्नो गल्ती सुधार्ने निर्णय गर्दछ ।

*"म उठेर आफ्ना बाबुकहाँ जानेछु, र उहाँलाई भन्नेछु, "बुबा, मैले स्वर्गको विरुद्धमा र तपाईंको दृष्टिमा पाप गरेको छु । अब उप्रान्त म तपाईंको छोरो भनिने योग्यको छैनँ । मलाई तपाईंका ज्यालादारी चाकरहरूमध्ये एउटासरह तुल्याउनुहोस्' ।"*

*- लूका १५:१८-१९*

मानिसले पश्चताप गर्न सक्ने एक मात्र तरिका भनेको ख्रीष्टको आत्मालाई उपहारको रुपमा स्वीकार गर्नु हो जसले हामीलाई क्षमा माग्न र प्राप्त गर्नको निम्ति सक्षम बनाउँछ ।

*"हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई मृतकबाट जीवित पार्नुभयो, जसलाई तपाईंहरूले काठमा टाँगेर मार्नुभएको थियो । परमेश्वरले इस्राएलको पश्चात्तापको लागि र तिनीहरूका पापहरूको क्षमा दिन उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्नो दाहिने बाहुलीले उच्च पार्नुभयो ।"*

*- प्रेरित ५:३०-३१*

जब आदमले पाप गर्यो तब उ परमेश्वरप्रति विद्रोही भएको थियो । उसको हृदय परमेश्वरको विरुद्धमा थियो भन्ने कुरालाई हामी पढ्न सक्छौं:

> *"किनभने, पापमय स्वभावमा मन लगाउनुचाहिँ मृत्यु हो, तर पवित्र आत्मामा मन लगाउनु जीवन र शान्ति हो । किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्वरप्रति शत्रुता हो । परमेश्वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ ।"*
>
> *- रोमी ८:६-७*

आदमलाई पश्चताप गर्न र क्षमा माग्नको निम्ति सक्षम बनाउन परमेश्वरले आफ्नो पुत्रको आत्मालाई आदमको हृदयमा पठाउनुभयो ताकी आदमले "अब्बा, पिता" भनेर पुकार्न सकोस् । केवल येशुको आत्माले आदमलाई यो कुरा पुकार्नुको निम्ति अनुग्रह प्रदान गर्न सक्नुहुन्छ ।

> *"तिमीहरू पुत्र भएका हुनाले परमेश्वरले आफ्ना पुत्रको आत्मा हाम्रा हृदयमा पठाइदिनुभयो, जसले "हे अब्बा, पिता !" भनेर पुकार्नुहुन्छ ।"*
>
> *- गलाती ४:६*

जब येशु आदमकहाँ आउनुभयो तब उसको हृदय पूर्ण रुपमा अस्विकार्य थियो र उसलाई अनुग्रह प्रदान गर्ने क्रममा उहाँले उसको हृदयमा भएको शत्रुतालाई सहनुपर्यो । यस शत्रुताले उहाँको हृदयलाई छेड्यो र उहाँलाई ठुलो पिडा दियो ।

*"उहाँले भन्नुभयो, "निश्चय नै यी मेरा प्रजा हुन्, ती छोराहरू जसले मलाई धोका दिनेछैनन् ।" यसैले उहाँ तिनीहरूका मुक्तिदाता हुनुभयो । तिनीहरूका सारा दु:खमा उहाँ पनि दु:खित हुनुभयो, र उहाँको उपस्थितिका दूतले तिनीहरूलाई बचाए । उहाँको प्रेम र कृपामा उहाँले मोल तिरेर तिनीहरूलाई छुटकारा दिनुभयो । उहाँले तिनीहरूलाई उठाउनुभयो, र प्राचीनका सबै दिनमा उहाँले तिनीहरूलाई बोक्नुभयो ।"*

*- यशैया ६३:८-९*

प्रकाश १३:८ मा भनिएको झैं ख्रीष्ट संसारको जग बसालिएदेखि मारिएको थुमा हुनुहुन्छ । मानिसमा प्रायश्चितको रहर जगाएर अनुग्रह र क्षमाको माग गराउन येशुले मानव जातिको अस्विकार र तिरस्कार सहनुपर्छ । उहाँ मानव जातिद्वारा तिरस्कृत र अस्विकार हुनुभयो र उहाँ दु:खको मानिस र शोकसंग परिचित हुनुहुन्छ । जब मानिस जातिले आफ्नो हृदयमा ख्रीष्टको आव्हानलाई इन्कार गर्छ तब त्यो इन्कारले मानिस जातिको लागि उहाँको प्रेमको गहिराइलाई छेड्छ । मानव हृदयबाट प्रस्तुत भएको हरेक पापपूर्ण अभिव्यक्तिले पीडक र पिडित दुवैको निम्ति ख्रीष्टलाई अवर्णनीय पिडा दिँदछ । यस नजरमा येशुको आगमनको सात सय वर्षपुर्व यशैया अगमवक्ताले भनेको कुरा पुरा भयो जब उसले भनेको थिए कि ख्रीष्ट मानव जातिद्वारा तिरस्कृत र अस्विकार हुनुभयो । आजको दिन पनि येशुले यो शोक आफ्नो साथमा बोकेर हिड्नुहुन्छ ताकी मानव

जाति आफ्नो क्रुरता र पापपूर्ण मार्गबाट फर्केर उहाँको पिताको बारेमा सच्चाई जान्नसकुन ।

जब मानव जातिले यो निर्णय लियो कि परमेश्वरले क्षमा गर्न सक्नुहुन्छ भन्ने कुरामा विश्वास गर्ने छैनन तब मानव जातिलाई उद्धार गर्न ख्रीष्टले यो मोल तिर्नुपर्ने थियो । हाम्रो स्थान लिनको लागि उहाँ मानिसजस्तै मर्नुपर्ने थियो । यो त्यो मृत्यु हो जसमा पापीले यो विश्वास गर्छन कि परमेश्वरले तिनीहरुलाई क्षमा गर्नुहुने छैन । परमेश्वरले क्षमा गर्न सक्नुहुन्न भन्ने झुटले शैतानलाई मृत्युको शक्ति दिन्छ । यसकारण केवल मृत्युद्वारा नै ख्रीष्टले शैतानलाई हराउन सक्नुहुन्छ ।

> ***"किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्,"***
>
> ***- हिब्रु २:१४***

क्रुसको मृत्यु पापले मागेको मृत्यु हो, परमेश्वरको माग हैन । जब कसैले आफ्नो रेखा नाघेर पाप गर्छ तब उसलाई फर्केर आउन असम्भब हुन्छ, दया र अनुग्रहको विचारधाराहरु हराएर जान्छन र मृत्यु मात्र उपायको रुपमा देखिन्छ । जब मानिसले परमेश्वरको व्यवस्थालाई ऐनाको रुपमा हेर्दछ र परमेश्वरलाई मृत्युको श्रेय दिन्छ तब उसको प्रतिबिम्ब उसमाथि आउँछ र उसलाई नास गर्छ ।

*"कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ"*

*- याकुब १:२३*

*"किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ।"*

*- मत्ती ७:२*

जब आदमले त्यस रुखको फल खायो तब उसले यो कुरामा विश्वास गरायो कि परमेश्वरले आफ्नो हृदयमा उसको भलाई चाहनुहुन्न। सुसले सर्पलाई विश्वास गरेर परमेश्वरलाई एक झुटाको रुपमा स्वीकार गर्यो । यी विचारधाराहरु जब व्यवस्थाको ऐनामा पर्यो तब उसको ति विचारधाराहरु उ प्रती फर्केर आयो र तिद्वारा उसको न्याय भयो। उसको हात जो दया र अनुग्रहको निम्ति अगाडी बढ्नु थियो, त्यही हात परमेश्वरप्रति उसको आफ्नो गलत धारणाको कारण सुकेर गयो। यस स्थानदेखि फर्केर आउन उसको लागि असम्भब थियो। आदमले आफ्नो लागि मृत्यु नै अन्तिम परिणाम भनेर सोच्यो।

यी सबै कुराहरु संसारको सामु प्रकट गर्न ख्रीष्ट यस संसारमा आउनुभयो ताकी उहाँले क्रुसमा पापको वास्तविक चरित्रलाई प्रकट गरेर हामीले पापको सत्यता जान्न सकौं। पापको बोझले दबिएको मानिस झैं येशुले यी शब्दहरु उच्चारण गर्नुभयो:

*"तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी ?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ ?"*
*- मत्ती २७:४६*

परमेश्वरले आफ्नो पुत्रलाई त्याग्नुभएको थिएन । तर जब येशुले हाम्रो पाप आफुमाथि बोक्नुभयो तब त्यो मानिस झैँ मर्नुभयो जसको पाप क्षमा हुनसक्दैन किनभने यो मानिसको रोजाई हो - मानिस जब पापले दबिएको हुन्छ तब उ सोच्छ कि उसको पाप क्षमा हुन सक्दैन र परमेश्वरले उसलाई त्याग्नुभएको छ । ख्रीष्टको शब्दहरुमा हामी पापको श्रापलाई उहाँमाथि देख्नसक्छौं जुन पापको श्रापको बारेमा कयिनले भनेका थिए ।

*"हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ । म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जो सुकैले पनि मलाई मार्नेछ ।"*
*- उत्पति ४:१४*

यो डुलुवा भन्ने शब्दको अर्थ लक्ष्यहिन्न र हल्लीहिड्ने हुन्छ । ख्रीष्टले देखाउनुभयो कि उहाँले कयिनको श्राप बोकेर हिड्नुभएको थियो । उहाँले यो आभास गर्नुभयो कि परमेश्वरले आफ्नो मुहार लूकाउनुभएको छ र हाम्रो गल्तिको बोझले गर्दा उहाँ काम्नुभयो । धर्मशास्त्रले भन्दछ कि के कारणले गर्दा पिताको मुहार लुक्दछ ।

*“किनभने तपाईंकै खातिर मैले तिरस्कार सहेको छु, र लाजले मेरो अनुहारलाई ढाकेको छ ।”*

*- भजनसंग्रह ६९:७*

*“तर तिमीहरूका अधर्मले तिमीहरूलाई आफ्ना परमेश्‍वरबाट अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँको मुहार तिमीहरूबाट छेकिएको छ, र उहाँले तिमीहरूको कुरा सुन्‍नुहुनेछैन ।”*

*- यशैया ५९:२*

पापको बोझले दबिएर ख्रीष्टले यी शब्दहरु भन्नुभयो:

*"किनकि अनगन्ती कष्टहरूले मलाई घेरेका छन्, मेरा अपराधहरूले मलाई यतिसम्म दबाएका छन्, कि म देख्न पनि सक्दिनँ । ती मेरा शिरका केशभन्दा बढ़ी छन्, अनि मेरो हृदय हताश भएको छ ।”*

*- भजनसंग्रह ४०:१२*

पिताको बारेमा यसो भनिएको छ:

*“किनकि उहाँले पीडितको दु:खलाई तुच्छ ठान्‍नुभएको छैन, न घृणाको दृष्टिले हेर्नुभएको छ । उहाँले आफ्नो मुहार त्यसबाट लूकाउनुभएको छैन, तर त्यसले सहायताको निम्ति पुकारा गर्दा उहाँले सुन्‍नुभएको छ ।”*

*- भजनसंग्रह २२:२४*

हाम्रो पापको लाजले येशुको अनुहार छोप्यो जसको कारण उहाँले पिताको मुहार हेर्न सक्नुभएन । जसरी महान विवादको अन्तमा हरेक पापीले

मृत्युको सामना गर्नुपर्छ त्यसरी नै उहाँले मृत्युको सामना गर्नुभयो । ख्रीष्टले आफ्नो आत्मामा आगोको जलन महसुस गर्नुभयो ।

*"पातालका डोरीहरूले मलाई बेह्रे, मृत्युको पासोले मेरो सामना गऱ्यो ।*
*मेरो आपत्‌मा मैले परमप्रभुलाई पुकार गरें, र मदतको निम्ति मेरा परमेश्‍वरलाई हपारें । आफ्नो मन्दिरबाट उहाँले मेरो सोर सुन्नुभयो, मेरो पुकार उहाँको सामु, उहाँका कानमा पुग्यो ।*
*पृथ्वीमा कम्पन भयो, अनि भूकम्प गयो, पहाड़हरूका जगहरू हल्लिए । तिनीहरू थरथर कामे, किनभने उहाँ रिसाउनुभएको थियो ।*
*उहाँको नाकबाट धूवाँ निस्क्यो, र भस्मकारी अग्नि उहाँको मुखबाट निस्क्यो, जलिरहेको आगोको भुङ्ग्रो त्यसभित्र दन्क्यो ।"*
*- भजनसंग्रह १८:५-८*

ख्रीष्टले पापीको मृत्यु भोग्नुभयो । ख्रीष्टको बीचबाट आगो आएर उहाँलाई भस्म पार्यो । हाम्रो पापको कारणले शैतान र उसको दुतले भोग्ने दण्ड येशुले भोग्नुभयो ।

*"तेरा धेरै पापहरू र बेईमान व्यापारद्वारा तैंले तेरा पवित्रस्थानहरूलाई बिटुलो पारेको छस् । यसैले गर्दा मैले तँबाटै एउटा आगो निकालिदिएँ, र त्यसले नै तँलाई भस्म पाऱ्यो । तँलाई नियालेर हेर्नेहरू सबैका दृष्टिमा मैले तँलाई जमिनमा खरानी*

*तुल्याइदिएँ।"*

***- इजकिएल २८:१८***

हाम्रो पापको कारण हाम्रो बदलीमा ख्रीष्टको शाररिक मन्दिरलाई दुषित पारियो । उहाँ हाम्रो अपराधहरुको निम्ति छेडीनुभयो र हाम्रो अपराधहरुको निम्ति उहाँको निम्ति पेलिनुभयो। शैतानले भोग्ने भयंकर मृत्यु ख्रीष्टले क्रुसमा भोग्नुभयो। उहाँबाट आएको आगोले ख्रीष्टको हृदय पोलियो र उहाँबाट रगत र पानी निक्लेर आयो। जिउँदो नर्कको आगोमा ख्रीष्ट मर्नुभयो र यसरी नै पापीहरु पनि मर्नेछन्। म यो कुरामा अचम्भित पर्छु कि कसरी पिताले आफ्नो पुत्रलाई एक्लो छोड्नुभएन तर क्रुसको मृत्युमा उहाँ येशुसंग हुनुहुन्थ्यो र जब पापीहरु नर्कको आगोमा जल्नेछन् तब पिता र मुक्तिदाता पनि त्यहाँ हुनेछन । धर्मशास्त्रले हामीलाई यो भन्दछ:

***"तिनीहरूका सारा दु:खमा उहाँ पनि दु:खित हुनुभयो..."***

***- यशैया ६३:९***

कुनै पनि पिता आफ्नो बालक गुमाउदा खुशी हुदैनन् यो उसको लागि पिडाको समय हुन्छ, जब पापीहरुले आफ्नो अन्तिम परिणाम पाउछन तब पिता र पुत्रले क्रुसको पिडा फेरी एकपटक सहनुपर्ने हुन्छ । जब धर्मीहरु सियोनको पर्खालमा खडा भएर आफ्नो प्रियजनहरु आगोमा जलिरहेको देख्नेछन तब मुक्तिदाताले तिनीहरुलाई त्यो क्रुसद्वारा बोक्नुहुनेछ र तिनीहरुलाई यो घटनाको लागि तयार बनाउन हजार वर्ष लाग्नेछ। जसरी मरियम र चेलाहरु क्रुसमा परमेश्वरको पुत्रको मृत्यु हुँदा

पिडामा रोएका थिए त्यसरी नै धर्मीहरु पनि अनन्त पिडामा हुनेछन जब उनीहरुको प्रियजनहरुले परमेश्वरको अनुग्रहलाई इन्कार गर्नेछन । तब हामीलाई भनिएको छ कि परमेश्वरले हाम्रो आँखाबाट आँसुको हरेक थोपालाई पुछिदिनु हुनेछ ।

> ***"उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरू बितिसकेका छन् ।"***
>
> ***- प्रकाश २१:४***

यो कुरा प्रकाश २० मा पापीहरुको मृत्युपछी मात्र हुनेछ ।

> ***"समुद्रले त्यसमा भएका मृतकहरू दिइहाल्यो, अनि मृत्यु र पातालले पनि तिनीहरूमा भएका मृतकहरू दिइहाले । तिनीहरू प्रत्येकको आ-आफ्ना कामअनुसार इन्साफ भयो । मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए । यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो । जसको नाउँ जीवनको पुस्तकमा लेखिएको भेट्टाइएन त्यो अग्नि-कुण्डमा फालियो ।"***
>
> ***- प्रकाश २०:१३-१५***

जसरी २००० वर्ष अगाडी ख्रीष्ट आफ्नो पिडाको चिहानबाट बौरेर उठ्नुभयो, त्यसरी नै उहाँ आफ्नो अरबौं सन्तानहरु गुमाउने पिडाबाट उठ्नुहुनेछ जसले उहाँलाई थप्पड लगाए, उहाँलाई तुच्छ ठाने र उहाँको करुणालाई इन्कार गरे । जसरी पिताको आशिषद्वारा ख्रीष्ट बौरी उठ्नुभयो त्यसरी नै

नयाँ पृथ्वी जहाँ दु:खको एउटा पनि छाँया हुँदैन त्यहाँ प्रवेश गर्नको निम्ति हामी उठाइनेछौं ।

केहि कुरालाई जान्नको लागि हामी क्रुसमा ख्रीष्टले भोगेको पिड़ामा एक नजर लगाउने छौं । हामी यो देख्दछौं कि जब येशु निराशाको गहिराइमा एक्लो हुनुहुन्थ्यो र एक्लो महसुस गर्नुभए तापनि विश्वासद्वारा आफ्नो पिताको सामु उहाँलाई मार्नेहरुको निम्ति उहाँले क्षमाको विन्ती गर्नुभयो ।

> *"अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।..."*
>
> *- लूका २३:३४*

परमेश्वरले हामीलाई क्षमा गर्न सक्नुहुन्न भन्ने शैतानको झुटलाई क्रुसको मृत्युले पर्दाफास गर्दछ । न्यायको विषयमा हाम्रो मानवीय विचारधाराको कारण परमेश्वरले आफ्नो पुत्रलाई स्वेच्छाले त्याग्नुभयो । उहाँले येशुलाई आशा विना नै मर्न दिनुभयो, ताकी उहाँ चिहानबाट फेरी बौरी उठ्नुभएपछी हामी यो कुरामा विश्वास गर्न सकौं कि हामी वास्तवमा हाम्रा पापहरुबाट क्षमा पाउन सक्छौं र जीवनको नयाँपनको आशिष प्राप्त गर्न सक्छौं । जब परमेश्वरको पुत्रको आत्मा हाम्रो हृदयमा आउनुहुनेछ तब आत्मिकी रुपमा हाम्रो सुकेको हातलाई परमेश्वरको अनुग्रहले भरेको दयालाई समाउनको निम्ति उठाउनु हुनेछ ।

परमेश्वरले मृत्युको माग गर्नुभएन भन्ने कुरा जान्न पाउनु कति सुन्दर कुरा हो । उहाँ पापीहरुको सामु सजाय दिने जल्लादको रुपमा उभिनुहुन्न । हाम्रो पिताले राजीखुसी आफ्नो पुत्रलाई परमेश्वरको कृपामा विश्वास गर्न अस्विकार गर्नेहरुको अन्तिम परिणाम देखाउने अनुमति दिनुभयो । आफ्नो क्रोधको बदला लिन उहाँले आफ्नो पुत्रलाई मार्नुभएन बरु हाम्रो क्रोधको लागि उहाँले आफ्नो पुत्रलाई त्याग्नुभयो ताकी यस मृत्युद्वारा हामी परमेश्वरको प्रेमलाई देख्न सकौं ।

त्यस दिन आदमलाई अदनको बगैंचामा असल र खराबको ज्ञान दिने रुखको फल खाएमा उ निश्चयनै मर्नेछ भनेर जुन चेतावनी परमेश्वरले दिनुभएको थियो त्यो चेतावनी उसलाई मार्नको निम्ति थिएन तर परमेश्वर क्रुर हुनुहुन्छ र क्षमा गर्नुहुन्न भन्ने कुरामा विश्वास गरेर उसले न्यायको त्यो चेतावनी आफैमाथि ल्याएको थियो । यो कुरा एक सुन्दर सत्य हो कि केवल ख्रीष्टले मात्र परमेश्वरको प्रेमको चौडाई, गहिराइ, उचाई र लम्बाईलाई बुझ्नुहुन्छ र परमेश्वरसंग दया र क्षमा माग्न सम्भव छ भनेर जान्नुहुन्छ । मत्ती ११:२७ यसकारण यो कुरा स्पष्ट छ कि परमेश्वरको पुत्र मात्र मानिसहरुको हृदयमा पुग्नसक्नु हुन्छ र तिनीहरुले क्षमा पाउन सक्छन भनेर विश्वास गर्नको निम्ति तिनीहरुलाई साहस प्रदान गर्न सक्नुहुन्छ ।

क्रुसको प्रकाश कति सुन्दर छ । यसकारण ख्रीष्ट परमेश्वरद्वारा हिर्काइएको र पिडित हुनुहुन्छ भनेर हामी नसोचौं तर यो कुरा बुझ्न सकौं कि परमेश्वरको चरित्रप्रति हाम्रो गलत बुझाइको कारण उहाँ मानिसहरुद्वारा

घृणित र तिरस्कृत हुनुभयो । पापको परिणाम मृत्युको माग परमेश्वरले गर्नुभएन तर मृत्यु चाहिं परमेश्वरले क्षमा गर्न सक्नुहुन्न भन्ने गलत धारणामा विश्वास गर्नुको परिणाम हो ।

## ४. मेरो प्रिय पुत्र

जब उहाँहरु एक अर्कामा मिलेर बस्नुभएको थियो तब त्यहाँ लामो विराम थियो । त्यहाँ गहिरो भावनाको तीव्रता थियो तर उहाँहरु दुवैलाई समय नजिकिँदै छ भनेर थाहा थियो । अनन्तताको दिनहरुदेखि नै पिता र पुत्र एक अर्कासंग घनिष्ट सम्पर्कमा हुनुहुन्थ्यो र छिट्टै यो घनिष्टता टुट्न गइरहेको थियो । परमेश्वरको पुत्रले आफ्नो मानव छोरा-छोरीहरुलाई बचाउन यस पृथ्वीमा आफ्नो सेवाकाईको सुरुवात गर्नुथियो । पिता र पुत्र दुवैलाई यसको जोखिम र मुल्य थाहा थियो तर पनि प्रेमको कारण उहाँहरु तयार हुनुहुन्थ्यो ।

केहि क्षणको लागि, पिता र पुत्रले यस कामलाई लिएर भविष्यमा के हुन्छ त्यो हेर्नुहुन्छ । त्यो भयावह क्षण जब समस्त स्वर्ग र पृथ्वी स्थिर रहेर पिता र पुत्रलाई एक अर्काबाट अलग भएको देख्छन् तब त्यसको सामु थुकाइ, घृणा, पिडा, अस्वीकृति, फलामको काँटीहरु केहि पनि हैन । जब पुत्रले दोष, दुःख, विद्रोह, लाचारताको सहस्राब्दीलाई आफुमाथि खनिएको देख्नुहुन्छ र पापको कारण आफ्नो पिताको मुहार आफुबाट लुक्ने कुराको महसुस गर्नुहुन्छ तब हावाले रुखको पात हल्लाए झैं उहाँको शरीर हलिन्छ र उहाँको मन टुट्छ ।

भविष्यमा हुने यी तस्विरहरुबाट आफ्नो नजर हटाएर पिता र पुत्र एक अर्कालाई अँगालोमा हाल्छन र कसरी एक पिताले आफ्नो पुत्रलाई त्यस्तो भविष्यमा पठाउने ? यस संसारको जग बसालिनुभन्दा अगाडी पिताले यस कामको असफलताको सम्भावनाको बारेमा सोच्नुभएको थियो र पापको शक्तिको कारण आफ्नो पुत्रलाई गुमाउने जोखिमको विषयमा सोच्नुभएको थियो । परमेश्वरको पुत्रले जब मानव चरित्रलाई धारण गर्नुहुन्थ्यो तब उहाँको जानी दुश्मन शैतानले उहाँमाथि आक्रमण गर्नको लागि अवसर प्राप्त गर्थ्यो । सुरुवात हुन भन्दा अगाडी सफलताको कुनै पनि सम्भावना थिएन । पिताले आफैलाई त्यो स्थानमा राख्नुभयो जहाँबाट उहाँले हामीलाई बचाउने क्रममा आफ्नो पुत्रलाई सधैंको निम्ति गुमाउन सक्नुहुन्थ्यो । आफ्नो पिताको असिम प्रेम जो पुत्रले हासिल गर्नुभएको थियो तब प्रकट भयो जब उहाँले हामीलाई बचाउनको निम्ति यस पृथ्वीमा आउनको लागि पितासंग अनुरोध गर्नुभयो । के पिताले आफ्नो पुत्रलाई यसो गर्न दिनुहुन्छ ? के पिताले आफ्नो पुत्रलाई यस्तो जोखिम उठाउन दिनुहुन्छ ?

हाम्रो निम्ति पिताको प्रेमको गहिराइलाई तब नाप्नसक्छौं जब उहाँले आफ्नो प्रेममा आफ्नो पुत्रलाई हामीलाई बचाउनको लागि जोखिम उठाउन दिनुभयो । हामी पिताको प्रेमको तस्विर हामी तब देख्न पाउछौं जब उहाँले आफ्नो पुत्रको बप्तिस्मामा बोल्नुभएको थियो ।

*"र स्वर्गबाट यसो भन्दै गरिएको आवाज सुनियो, "यो मेरो प्रिय पुत्र हो जसमा मेरो प्रसन्नता छ*

*- मत्ती ३:१७ (Tyndale)*

पिता आफ्नो पुत्रमा प्रसन्न हुनुहुन्छ । पिताको जीवनमा आफ्नो पुत्र बाहेक अरु कुनै पनि बहुमुल्य कुरा छैन । स्वर्गमा आफ्नो जन्मलाई लिएर परमेश्वरको पुत्रले भन्नुभएको छ:

*"पर्वतहरू आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै,*
*पहाड़हरूभन्दा अघि नै मेरो जन्म भएको थियो ।*
*उहाँले पृथ्वी वा यसका जमिन, वा संसारमा धूलाको कण*
*बनाउनुभन्दा अघि नै म सृजिएको थिएँ ।*
*उहाँले आकाशलाई त्यसको ठाउँमा बसाल्नुहुँदा, र महासागरलाई*
*क्षितिजले घेर्नुहुँदा, म त्यहाँ थिएँ।*
*उहाँले बादललाई आकाशमा स्थापित गर्नुहुँदा, र महासागरका*
*मूलहरूलाई तिनीहरूका स्थानमा दृढसँग बसाल्नुहुँदा,*
*उहाँले समुद्रको सिमाना तोकिदिनुहुँदा - उहाँको आज्ञाभन्दा बाहिर*
*नाघी पानी नजानलाई - र उहाँले पृथ्वीका जगहरू बसाल्नुहुँदा,*
*म एक कारीगरझैं उहाँको छेउमा थिएँ । म दिनहुँ हर्षले विभोर हुन्थें,*
*उहाँको उपस्थितिमा निरन्तर आनन्दित भइरहन्थें ।"*

*- हितोपदेश ८:२५-३०*

यस संसारको सृष्टिमा पिता र पुत्रको घनिष्टतालाई हामी चित्रण गर्नसक्छौं । परमेश्वरले आफ्नो पुत्रद्वारा सबै थोकको सृजना गर्नुभयो र जब पुत्रले

आफुले दिएको ज्ञान र शक्तिको प्रदर्शन गरेको पिताले देख्नुभयो तब उहाँ खुशी हुनुभयो ।

*"प्राचीन कालमा हाम्रा पितापुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो । तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ । पुत्रलाई नै उहाँले सबै कुराका उत्तराधिकारी नियुक्त गर्नुभयो, उहाँद्वारा नै समस्त सृष्टि रच्नु पनि भयो । उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ ।"*

*- हिब्रू १:१-३*

*"पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ ।"*

*- यूहन्ना ३:३५*

पिता र पुत्रको घनिष्टता यति धेरै थियो कि ख्रीष्टले यस्तो भन्नुभएको छः

*"मेरा पिताले सबै थोक मलाई सुम्पिदिनुभएको छ । पिताबाहेक पुत्रलाई कसैले चिन्दैन, र पुत्रबाहेक पितालाई कसैले चिन्दैन, अनि तिनीहरूले पनि चिन्छन् जसलाई पुत्रले पिता प्रकट गरिदिने इच्छा गर्दछ ।"*

*- मत्ती ११:२७*

*"जसरी पिताले मलाई चिन्नुहुन्छ, म पितालाई चिन्छु,"*

***- यूहन्ना १०:१५***

*किनभने पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र उहाँ आफैले गरिरहनुभएका सबै काम पुत्रलाई देखाउनुहुन्छ । यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्चर्यचकित हुनेछौ ।"*

***- यूहन्ना ५:२०***

जब आफ्नो भाई बिन्यामिनको लागी आफ्नो पिता याकुबको प्रेमको विषयमा यहूदाले युसुफलाई भने ***"उहाँको प्राण यो केटाको प्राणसंग गाँसिएको हुनाले - उत्पति ४४:३०"*** तब हामी जान्न सक्छौं कि स्वर्गीय पिताले आफ्नो पुत्रलाई कति प्रेम गर्नुहुन्छ । हरेक अभिभावकले आफ्नो सन्तानलाई गरेको प्रेमको खातिर उनीहरुलाई हर खतरा र जोखिमबाट बचाउन तयार हुन्छन । यही प्रेम पिताले पुत्रलाई गर्नुभएको थियो । यही पृष्ठभूमिमा हामीले धर्मशास्त्रमा भएको महान पदलाई बुझ्न सक्छौं ।

*"किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"*

***- यूहन्ना ३:१६***

यो “यस्तो” भन्ने शब्दले हामीसंग प्रेमको बारेमा भन्दछ जसलाई पूर्ण रुपमा बुझ्न सकिन्न । मानव जातिलाई बचाउनको लागि आफ्नो पुत्रको बिन्ति जब परमेश्वरले सुन्नुभयो तब उहाँले त्यस् समय डरलाग्दो अन्धकारको महसुस गर्नुभयो जो कुनै पनि जीवित प्राणीले महसुस गर्न सक्दैनन् । एक अथाह संघर्षपछी पिताले मानव जातिलाई बचाउन आफ्नो पुत्रको बिन्तिलाई स्वीकार गर्नुभयो । यस्तो अद्भुत प्रेम, यस्तो अविश्वसनीय र अचम्मको प्रेम - समस्त अनन्तकालभरी हाम्रो विषय हुनेछ ।

हामीले अगाडी भनेको जस्तै ख्रीष्टको पिडा यस संसारमा उहाँको काममा मात्र सिमित थिएन । जब पाप आयो त्यहाँ मुक्तिदाताको प्रवेश भयो । अदनमा भएको पवित्र जोडीलाई येशुको आत्माले हेर्नुभएको थियो । हामीले पढेको अनुसार जब उनीहरुले फल खाए तब शैतानले सर्पको रुप धारण गरेको थियो तब तिनीहरुले गरेको इन्कारले ख्रीष्टको मन टुटेको थियो । तिनीहरुले पाएको प्रेमको बदली तिनीहरुको स्वार्थि भावनाले ख्रीष्टको मनलाई ठेस पुगेको थियो जसरी हरेक अभिभावकको मनमा ठेस पुग्छ जब उनीहरुको सन्तानले उनीहरुलाई इन्कार गर्छन । तरपनि ख्रीष्टले तिनीहरुलाई त्याग्नुभएन । तिनीहरुले जीवन पाउने एउटै मात्र उपाय यो थियो कि ख्रीष्ट आत्मामा उनीहरुसंग वास गर्नु र निरन्तर रुपमा उनीहरुलाई जीवन प्रदान गर्नु जबकि तिनीहरुले उहाँको पिताको चरित्र र नियमलाई निरन्तर रुपमा कुल्चिरहेका थिए ।

जब जब इस्राएलीहरुले पाप गर्थे तब तब तिनीहरुले थुमालाई वलिदानको रुपमा पेश गर्थे ।

*““यदि समुदायका मानिसहरूमध्ये कसैले अजानमा पाप गर्छ र परमप्रभुले मनाही गर्नुभएका कुराहरूमध्ये कुनै कुरो गर्छ भने, त्यो दोषी हुन्छ । त्यसले गरेको त्यो पाप त्यसलाई प्रकट हुँदा, आफूले गरेको पापको निम्ति आफ्नो भेटी स्वरूप निष्खोट बाख्री त्यसले ल्याउनुपर्छ । त्यसले पापबलिको टाउकोमा आफ्नो हात राखोस्, र होमबलिको ठाउँमा त्यो पापबलि मारोस् ।...*
*त्यसको सबै बोसो मेलबलिका बलिदानको बोसोझैं त्यसले झिकोस्, अनि पूजाहारीले परमप्रभुको निम्ति मीठो बास्ना हुनलाई त्यो वेदीमा जलाऊन् । यसरी पूजाहारीले त्यसको निम्ति प्रायश्चित गर्नेछन्, र त्यसलाई क्षमा हुनेछ । “यदि त्यसले पापबलिको निम्ति भेड़ाका पाठा आफ्नो भेटी स्वरूप ल्यायो भने निष्खोट पाठी ल्याओस् । त्यसले पापबलिको टाउकोमा आफ्नो हात राखोस्, र जहाँ होमबलिको पशु मारिन्छ, त्यहीँ नै पापबलिको निम्ति त्यसलाई मारोस् ।”*
*- लेवी ४:२७-२९, ३१-३३*

यो व्यवस्थाले एक दु:ख लाग्दो सत्यतालाई बाहिर ल्याएको थियो कि हरेक पापले परमेश्वरको पुत्रको लागि पिडा लिएर आउँछ । पहिलो पापदेखि आजको दिनसम्म, ख्रीष्टले इन्कारको पिडा र हराएको आफ्नो सन्तानले एक अर्का गरेको कुराको गहिरो दु:खको पिडा सहनुभएको

भएको छ । हरेक पापले ख्रीष्टलाई पुन: क्रुसमा टाँगेको छ र उहाँलाई खुला शर्ममा पारेको छ । हिब्रु ६:६ । यस किसिमको पिडा हाम्रो समझभन्दा बाहिर छ; यो कुरा हाम्रो लागि असम्भव देखिन्छ कि ख्रीष्टले केवल ४८ घन्टाको लागी मात्र पिडा सहनु भएन वा यस पृथ्वीमा ३३ वर्षसम्म हैन तर वास्तवमा ६ हजार वर्षसम्म लगातार दु:ख सहनुभयो । यदी सम्भावनावस हामीले यी पिडाहरु पिताको हृदयमा पुगेको देख्छौं भने हामीले हरेक अभिभावकको पिडामा स्वर्गीय पिताको पिडालाई देख्नसक्छौं जब तिनीहरुले आफ्नो सन्तानलाई पिडामा देख्छन ।

> ***"अर्थात् स्वयम् ख्रीष्टमा हुनुभएर परमेश्‍वरले संसारलाई आफूसँग मिलापमा ल्याउँदैहुनुहुन्थ्यो । तिनीहरूका अपराधका लेखा नलिएर मिलाप गराउने कामको सन्देश उहाँले हामीलाई सुम्पिदिनुभएको छ ।"***
>
> ***- २ कोरिन्थी ५:१९***

के हामीले पिताको पिडालाई हल्का रुपमा पनि बुझ्न सक्छौं जब उहाँले आफ्नो पुत्रप्रति यस संसारको व्यवहारलाई देख्नुहुन्छ ? के तपाईले यो कुराको कल्पना गर्न सक्नुहुन्छ जब आफ्नो पुत्रको अनुरोधले उहाँको हृदय फाट्यो:

> ***"अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस् । तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस्***

*।”*

***- मत्ती २६:३९***

हामीले यो कुरामा अलिकति आराम पाउँछौं ख्रीष्टको पिडा दुई हजार वर्ष अगाडी भएको थियो, तर अहिले पनि ख्रीष्टले पिडा भोग्नुभएको छ जब शैतानले साना नानिहरुलाई बाल यौनजन्य अपराधहरुमा फसाएको छ; उहाँले पिडा पाउनुहुन्छ जब मानिसहरुको स्वार्थिपनामा साना नानिहरु घरविहिन र भोकै हुन्छन; घरायसी कलहमा र करणीहरुमा; लागु औषध र मदिराको कुलतमा लाखौं मानिसहरु फस्दा; हजारौं मानिसहरुले आफ्नो प्राण आफैले लिँदा - ख्रीष्टको साथ उहाँको पिताले पनि पिडा भोग्नुहुन्छ । निर्ममताको पिडा पिडितमा मात्र सिमित हुदैन तर पीडकली पनि पाएको हुन्छ । ख्रीष्टको आत्माले यी दोषीहरुलाई खोज्नुहुन्छ ताकी उनीहरुलाई उनीहरुको गल्तिको आभास दिलाएर तिनीहरु बाच्न सकुन। तिनीहरुलाइ दोषीको करार दिन हैन तर तिनीहरुको हृदय कठोर हुनबाट बचाउन र तिनीहरुको आत्मा नास हुनबाट बचाउन उहाँले तिनीहरुलाई गल्तीको आभास दिलाउनु हुन्छ । नास गर्न हैन तर उद्दार गर्न उहाँले तिनीहरुलाई तिनीहरुको गल्तीको आभास दिलाउनुहुन्छ । जब आत्माले त्यो आभासलाई मदिरापान र अरु कुराबाट रोक्छ तब त्यस हृदयले ख्रीष्टलाइ तुच्छ ठान्छ, घृणा गर्छ र इन्कार गर्छ । लाखौं आत्माहरुले यो कुराको महसुस दैनिकी रुपमा गर्छन जब तिनीहरुले क्रुसको निस्वार्थ प्रेमबाट आफ्नो आँखा हटाउछन् ।

यो स्थितिमा हामी फारिसीहरु जस्तो कराउन खोज्छौं:

*"र भने, "ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा, र परमेश्वरको पुत्र होस् भने, क्रूसबाट ओर्लेर तल आइज ।" मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र धर्म-गुरुहरूका सँगसँगै उहाँको गिल्ला गर्दै भने, "यसले अरूलाई त बचायो, आफूलाई चाहिँ बचाउन सक्दैन । यो इस्राएलको राजा हो । अहिले क्रूसबाट तल ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौं ।"*

*- मत्ती २७:४०-४२*

यस विषयमा साँचो प्रतिक्रिया हामी मरियम मग्दलाको जीवनमा हेर्न पाउछौं । उनले आफ्नो लागि क्रुसमा ख्रीष्टले पिडा पाउनुहुन्छ भन्ने कुरा बुझेकी थिईन र उनले विश्वास गरी कि उहाँको कामद्वारा उनले क्षमा पाएकी छिन् । उनको कृतज्ञता त्यो बहुमुल्य अत्तरको कथाबाट हामी जान्न सक्छौं ।

यद्धपि एउटा प्रश्न प्रकट हुन्छः यदी परमेश्वर सर्वशक्तिमान हुनुहन्छ भने किन उहाँले आफुलाई र आफ्नो पुत्रलाई यस्तो दु:ख र पिडा सहन दिनुभयो ? दोस्रो, किन उहाँले यो दु:ख र पिडालाई रोक्नुभएन ? यो कुरा अर्को पाठको विषय हो । अहिलेको लागि संसारको पाप उठाई लैजाने थुमालाई हेर्नुहोस् र हाम्रो स्वर्गीय पिताले आफ्नो महान प्रेम र सहनशीलतामा ६ हजार वर्षदेखि यो पिडालाई सहदै आउनुभयो । साँच्ची नै परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो कि उहाँले आफ्नो एकलौटे पुत्र मात्र दिनुभयो ।

## ५. आफ्नो शत्रुलाई प्रेम गर

जब बप्तिस्मा दिने यूहन्नाले येशुलाई मसिहको रुपमा प्रस्तुत गरेको थियो तब राष्ट्रिय महानताको आशा जागृत भएको थियो । यहूदा मक्काबीले सेक्ल्युदिय सम्राज्यको अधीनतालाई हटाएको कथा फेरी तिनीहरुको हृदयमा आएको थियो र यहुदी राष्ट्रियताको भावनाले तिनीहरुको मन हल्लाएको थियो किनभने तिनीहरुमाथि रोमी साम्राज्यको फलामरुपी तानाशाही हात थियो । जब यस नयाँ शिक्षकप्रति भिड जम्मा हुन थाल्यो र तिनीहरुले उहाँको शक्तिद्वारा रोगिहरु निको भएको देखे तब तिनीहरुको मनमा आशाको भावना जागेको थियो ।

*"अनि येशू तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै, र मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो । उहाँको कीर्ति सिरियाभरि फैँजियो, र बिरामीहरू, अर्थात् विभिन्न प्रकारका रोग र*

*पीडाले सताइएका, भूत लागेका, र छारेरोग लागेका, र पक्षाघात भएकाहरू सबैलाई मानिसहरूले उहाँकहाँ ल्याए । उहाँले तिनीहरूलाई निको पार्नुभयो । अनि गालील, डेकापोलिस, यरूशलेम, यहूदिया र यर्दन पारिदेखिका ठूला भीड़हरू उहाँको पछि लागे ।"*
*- मत्ती ४:२३-२५*

जब येशुले बाह्र चेलालाई अभिषेक गर्नुभयो, तब येशु तिनीहरुसंग समुन्द्रको किनारा जानुभयो । भिड जम्मा हुन थालेको थियो, कोहि उहाँको वचन सुन्न, कोहि चंगाई प्राप्त गर्न । जब भिड बढ्न थाल्यो र उहाँले तिनीहरुलाई डाँडामा लैजानुभयो र उहाँ बोल्न थाल्नुभयो । उहाँको मुखबाट जुन आशिषमय वचनहरु निस्क्यो त्यो मानवताले अहिलेसम्म सुनेको थिएन । उहाँले आफ्नो वचनलाई यी पदहरुद्वारा सुरु गर्नु भयो:

धन्य नम्रहरु, धन्य दयावन्तहरु, धन्य मेलमिलाप गराउनेहरु, मत्ती ५:५, ७, ९ । सत्यको लागि तरवार उठाएर आफ्नो बहादुरी देखाउनेहरु भन्दा उहाँले ति मानिसहरुको लागि आशिषको वचन उच्चारण गर्नुभयो जो धार्मिकताको निम्ति सताइएका थिए र उहाँको खातिर सताइएका र पिडामा परेका थिए, मत्ती ५:१०, ११ । लडाईमा सेनालाई अगुवाई गर्ने सेनापति भन्दा उहाँले आफ्नो पिताको नम्रता, कोमलता र प्रेमको बारेमा भन्नुभयो जसलाई उहाँले आफ्नो चेलाहरुमा देख्न चाहनुहुन्थ्यो ।

ख्रीष्टले ति पदहरुलाई उच्चारण मात्र गर्नुभएन तर आफ्नो संसारिक जीवनमा उहाँले ति पदहरुलाई जिउनुभएको थियो । सारा मानवताको

निम्ति उहाँको दया, अनुग्रह र धैर्यतालाई हामी देख्न सक्छौं । आफ्नो सेवाकाईको अन्तिम क्षणमा जब उहाँले घृणा, कुटाइ र मृत्युको सामना गर्नुभयो तब उहाँले आफ्नो धैर्यतामा बदलाको भावना राख्नुभएन । जुन कुरा उहाँले त्यो दिन पढाउनुभयो, उहाँले त्यस कुराद्वारा उहाँ को हुनुहुन्छ र पिताको प्रतिनिधिको रुपमा उहाँले पिता को हुनुहुन्छ भन्ने कुरालाई प्रकट गर्नुभएको थियो । हामीले यो कुरा बुझ्न जरुरी छ कि येशुले हामीलाई कहिले पनि त्यो कुराहरु गर भन्नुहुन्न जो जुन कुरा उहाँ आफैले गर्न सक्नुहुन्न । उहाँ आफै इश्वर भएको कारण जुन कुरा उहाँले त्यो डाँडामा भन्नुभएको कुरालाई गर्नुभयो ।

येशुको वचनहरुको गहिरो चोट यहुदीहरुको घमण्ड र महत्वकांक्षामा परेको थियो, ति वचनहरु विश्वव्यापी रुपमा बोलिएको थियो जसले मानवताको भित्रि घमण्ड र महत्वकांक्षामा गहिरो चोट पारेको छ । हामीले यो सत्यतालाई अंगाल्नुपर्छ कि यदी पापी मानिसले परमेश्वरको भलाईलाइ आफ्नो जीवनमा स्वीकार्छ भने उहाँको भलाईले त्यस मानिसलाई पश्चतापमा लैजान्छ र येशुले आफ्नो वचनमा भन्नुभएको शब्दहरुको अर्थ प्रकट गर्छ - धन्य आत्मामा दीन हुनेहरु र धन्य ति मानिसहरु जो आफ्नो स्वार्थि घमण्ड र महत्वकांक्षाका कारण विलाप गर्नेहरु ।

जब परमेश्वरको पुत्रले बोल्नुहुन्छ तब उहाँको वचनले मानिसको समस्यामा गहिरो चोट पार्नुहुन्छ:

*"तिमीहरूले सुनेका छौ, प्राचीन समयका मानिसहरूलाई यसो भनिएको थियो, 'तैंले हत्या नगर्नू, र जसले हत्या गर्छ त्यो दण्डको योग्य हुनेछ।' तर म तिमीहरूलाई भन्दछु, जो कोही आफ्नो भाइसँग क्रोध गर्दछ त्यो दण्डको योग्य हुनेछ, र जसले आफ्नो भाइको अपमान गर्दछ, त्यो महासभामा जवाफदेही हुनेछ। तर जसले आफ्नो भाइलाई 'तँ मूर्ख' भन्छ, त्यो नरकको आगोमा पर्ने जोखिममा हुनेछ।"*

*- मत्ती ५:२१-२२*

शताब्दीऔं अघि मोशाले भनेको कुराहरुलाई येशुले विष्तृत रुपमा भन्नुभएको छ। उहाँले व्यवस्थाबाट एउटा पनि शब्द हटाउनु भएको छैन तर अझ गहिरो रुपमा प्रकाशमा पार्नुभएको छ।

*"'आफ्नो भाइबन्धुसित दुश्मनी नराख। आफ्नो छिमेकीलाई खुल्लमखुल्ला हप्काओ, नत्रता तँ पनि त्यसको अपराधमा साझेदारी होलास्। "'आफ्ना आफन्तहरूसित बदला लिन नखोज र इबी नराख, तर आफ्नो छिमेकीलाई आफैलाई झैं प्रेम गर। म परमप्रभु हुँ।"*

*- लेवी १९:१७-१८*

कुन व्यक्ति क्रोधित हुदैन जब अरुले उ प्रति नराम्रो व्यवहार गर्छ ? जसले हामीसंग दुर्व्यवहार गरेको छ के उ प्रति हामीले बदलाको भावना राखेको छैनौं र ? के कुनै पनि बेला हामीले रिसको भावना वा बदलाको भावना

राखेको छैनौं र ? प्रेरित यूहन्नाले येशुको वचनलाई व्याख्या गरेको हामी पाउछौं -

> *"आफ्नो दाजुभाइलाई घृणा गर्ने हरेक हत्यारा हो, र कुनै हत्यारासँग अनन्त जीवन रहँदैन भन्ने तिमीहरूलाई थाहै छ ।"*
>
> ***- १ यूहन्ना ३:१५***

त्यो कस्तो राज्य हो जसको बारेमा येशुले भन्नुभएको छ ? कसैको बारेमा घृणा राख्नु पनि हत्यारा बन्नु हो र ? मत्ती ५:२२ मा येशुले भन्नुभएको नर्कको आगो भनेको के हो ? कयिनलाइ सोध्नुहोस् जब उसले पिडामा कराएका थिए - मैले पाउने क्षमाभन्दा पनि मेरो पाप धेरै छ - उत्पति ४:१३ (वाईक्लिफ) । येशुलाई सोध्नुहोस् जब उहाँ सारा मानवताको घृणा, बदला र स्वार्थीपनाको दोषलाई लिएर क्रुसमा चढ्नुभयो; नर्कको आगोको बारेमा उहाँलाई सोध्नुहोस् जो तिनीहरुमाथि आउँछ जो यस प्रकारको जीवन बाँचीरहेका छन् ।

के तपाईको नजिकको व्यक्तिले तपाईलाई गहिरो रुपमा चोट दिएको छ ? के उनिहरु प्रति तपाईको क्रोध बढेको छ ? के तपाईले उनीहरुप्रति बदलाको भावनालाई रोक्न सक्नुभएको छैन के तपाई उनीहरुलाई न्यायको कठघरामा उभिएको हेर्न चाहनुहुन्न र ? के यो जीवित नर्क हैन र ? के एस्तो भावनाहरुले हाम्रो हृदय पोलेको छैन र ? जब हामी कुनै पनि मानिसको मृत्युको आशा गर्छौं तब हाम्रो विचारहरुसंग हाम्रो हृदयको प्रतिक्रिया कस्तो हुन्छ ? जब हामी कुनै पनि मानिसको मृत्युको बारेमा

कल्पना गर्छौं तब येशुको आत्मा, जो हामीसंग हाम्रो दाजु-भाईहरु भन्दा पनि नजिक र घनिष्ट हुनुहुन्छ, उहाँले कस्तो महसुस गर्नुहुन्छ ? उनिहरुको मृत्युको आशा नगरेपनि उनीहरु हामी भन्दा टाढा होस् भन्ने कुराको आशा गर्दछौं । के यी दुवै कुरा एउटै रुखको फलहरु हैनन् र ? जब हामी यी कुराहरुलाई हामीमाथि हावी हुन दिन्छौं तब येशु पिडामा पर्नुहुन्छ ।

मानिसहरुले एकअर्कासंग कस्तो व्यवहार गर्छन त्यस विचारधारामा ख्रीष्टको शब्दहरु असर सिधा पर्छ । दुर्व्यवहार. घृणा र पिडाको समयमा मानिसबाट धैर्यता, विनम्रताको माग गर्नु हाम्रो सिमाभन्दा बाहिरको कुरा हो । येशुले भन्नुभएको छ:

> ***"यो सुनेर येशूले तिनीहरूलाई भन्नुभयो, "निरोगीहरूलाई वैद्यको खाँचो पर्दैन, तर रोगीहरूलाई मात्र पर्छ। म धर्मीहरूलाई होइन, तर पापीहरूलाई बोलाउन आएको हुँ ।"***
> ***- मर्कुस २:१७***

येशुले आफ्नो राजकीय भाषणमा आफ्नो अनुग्रहद्वारा मानिसहरुको हृदयलाई तयार पार्नुभयो । केवल एक वाक्यमा मानिसहरुको हृदयको स्वार्थिपनालाई पर्दाफास गर्नुभयो:

> ***"तिमीहरूले यसो भनेको सुनेका छौ, 'तैंले व्यभिचार नगर् ।' तर म तिमीहरूलाई भन्दछु, जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अघिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार***

*गरिसकेको हुन्छ ।"*

***- मत्ती ५:२७-२८***

यदी कोहि मानिस आफैसंग इमान्दार छ भने उसलाई थाहा छ कि यी शब्दहरुले सिधा उसको हृदयको समस्याको केन्द्रबिन्दुमा स्पर्श गर्दछ र उसलाई दोषी ठहरांउछ । ख्रीष्टले भन्नुभयो कि मानिसको समस्याको जरा उ आफै भित्र हुन्छ भन्नुभएको छ र उसको हृदय सुधार हुनुपर्छ भन्नुभएको छ । परमेश्वरले मानिसको हृदयमा नयाँ सिद्वान्त राख्न चाहनुहुन्छ, त्यो सिद्वान्त उसँग छैन र उबाट आएको हैन । परमेश्वरले ख्रीष्टको विश्वास हामीलाई प्रदान गर्नुहुन्छ, "स्वर्गको राज्य तिमि आफैभित्र छ" जसलाई स्वीकार गर्दा "सबै थोक नयाँ हुन्छ" । चाहे जुनसुकै परिस्थिति र स्थानमा किन नहोस्, एक विश्वासी मानिसको जीवन र कामले त्यो सिद्वान्तलाई देखाउँछ र त्यो आशिष उभित्रबाट बाहिर आउँछ र उसको नजिकको मानिसहरुमा फैलिन्छ । संसारले यो सोचाँई राख्छ कि मानिसमा परमेश्वरले पहिला बाहिरबाट काम गर्नुहुन्छ र त्यसपछी उहाँले भित्रबाट काम गर्नुहुन्छ । मानिसले यो सोच्छ कि परमेश्वरले पहिला संसारमा सुधार ल्याउनुहुन्छ, पापीलाई हटाएर धर्मीहरुको राज्य खडा गर्नुहुन्छ । तर बाहिर देखि सुरु भएर भित्र आउने जुन योजना छ त्यो सधैं असफल भएको छ । येशुले भन्नुभएको छ कि जुन कुराहरु मानिसको लागि असम्भव छ त्यो परमेश्वरको लागि सम्भव छ ।

यसी कसैले आफ्नो हृदयमा यो सोच्छ कि उसले अहिलेसम्म उसले केहि खराबी गरेको छैन, उसको लागि येशुले यी शब्दहरु भन्नुभएको छ:

*"तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला आँखा, र दाँतको बदला दाँत ।' तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर । जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ । यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल । यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ । तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर । "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर ।' तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ । किनभने यदि तिमीहरूसँग प्रेम गर्नेहरूलाई मात्र प्रेम गर्दछौ भने तिमीहरूलाई के इनाम छ ? के महसूल उठाउनेहरूले पनि त्यसै गर्दैनन् र ? तिमीहरूले आफ्ना दाजुभाइहरूलाई मात्र अभिवादन गर्छौ भने अरूहरूले भन्दा बढ़ी के गर्‍यौ र ? के अन्यजातिहरूले पनि त्यसै गर्दैनन् र ? यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने*

*पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।"*

***- मत्ती ५:३८-४८***

के तपाईमाथि कसैले बिना कारण हात उठाएको छ ? येशुले भन्नुभयो अर्को गाला पनि थाप । जुन कुराहरु माथिको खण्डमा भनिएको छ, ति सबै कुराहरु मानिसको सहनशक्तिबाट बाहिरको कुरा हुन् र मानिसको जीवनमा यो कुराहरु पालन गर्न असम्भब छ तर येशुले भन्नुभयो कि यी कुराहरु उहाँको राज्यमा प्रवेश गर्न अति आवश्यक कुराहरु हुन् । के आफ्नो शत्रुलाई प्रेम गर्न सम्भव छ ? के तपाईको हत्या गर्ने चाहनेहरुलाई प्रेम गर्न सम्भव छ त ? के तपाईलाई चोट पुराउनेहरुलाई प्रेम गर्न सक्नुहुन्छ ? येशुले उनिहरुलाई प्रेम गर भन्नुहुन्छ ? किन ?

"ताकी तिमिहरु स्वर्गमा बस्नुहुने तिमिहरुका पिताको सन्तान हुन सकुन ।"

माथिको वाक्यलाई बुझ्नुभयो ? यदी तपाई नम्र, दयालु, कोमल र धैर्य हुनुहुन्छ र आफ्नो शत्रुलाई प्रेम गर्नुहुन्छ भने तपाई आफैलाई स्वर्गीय पिताको सन्तान हुनुहुन्छ भनेर प्रकट गर्नुहुन्छ । यसको अर्थ के हो त ? यसको अर्थ यो हो कि पिता आफै यस्तो हुनुहुन्छ । यदी उहाँले पापी र धर्मी दुवैको निम्ति सुर्यको प्रकाश दिनुहुन्छ भने उहाँको सन्तान भएको खातिर हामीले पनि पापी र धर्मी दुवैलाई प्रेम गर्नुपर्छ किनभने हाम्रो स्वर्गीय पिता यस्तै हुनुहुन्छ । अहिलेसम्म पचार गरिएको वचनहरुमध्य यो एक महान वचन हो किनभने यसले हाम्रो स्वर्गीय पिताको बारेमा

भन्दछ । हाम्रो महान मुक्तिदाताद्वारा स्वर्गीय पितालाई हाम्रो माझ प्रकट गरिएको छ । उहाँबाहेक अरु कोहि छैन जसले हाम्रो माझ स्वर्गीय पिताको चरित्रलाई प्रकट गर्न सक्छ र उहाँद्वारा नै स्वर्गीय पिताको चरित्र हाम्रो माझ प्रकट भएको छ ।

यो यथार्थको निष्कर्षलाई हामी मत्ती ५ अध्धायको अन्तिम पदहरुमा पाउँन सक्छौं ।

> ***"यसकारण जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ, तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ ।"***
>
> ***- मत्ती ५:४८***

यो पदहरुले येशुले आफ्नो वचनमा भन्नुभएको परमेश्वरको प्रेमिलो चरित्रको प्रकाश पार्नुभएको छ । यी कुराहरुले हाम्रो पिताले कसरी परिस्थितिहरुको सामणा गर्नुहुन्छ त्यसबारेमा भन्दछ । मत्तीले भनेको कुराहरुलाई लूकाको पुस्तकले भन्दछ:

> ***"तिमीहरूका पिता कृपालु हुनुभएझैं, तिमीहरू पनि कृपालु होओ ।"***
>
> ***- लूका ६:३६***

अनुग्रहमा नै सिद्वता छ । एउटा प्रश्न हाम्रो माझ प्रकट हुन्छ: यदी परमेश्वरले आफ्नो शत्रुलाई प्रेम गर्नुहुन्छ भने र आफ्नो पुत्रद्वारा यो कुरा प्रकट गर्नुहुन्छ कि आफुलाई घृणा गर्नेहरुको निम्ति आफ्नो प्राण त्याग्न तयार हुनुहुन्थ्यो त्यसोभए किन बाइबलमा यस्तो प्रकट गरिएको छ कि उहाँले आफ्नो शत्रुहरुलाइ एकदम घृणा गर्नुहुन्छ र आफ्नो क्रोधमा

धर्मीहरुलाई बचाउन र पापीहरुलाई आगो र गन्धकले नाश गर्नुहुन्छ ताकी उनीहरु तड्पिरहुन् ।

यो प्रश्नमा हाम्रो ध्यान जानुपर्छ र पुरानो करारमा धेरै कथाहरु छन जहाँ परमेश्वरले आफ्नो शत्रुहरुलाई प्रेम गर्नुहुन्छ तर आफ्नो क्रोधमा उनीहरुलाई यस संसारबाट नास गरिदिनुहुन्छ । कसैले भन्छन कि ठिक यही कारण परमेश्वरसंग जिस्किनु हुन्न र उहाँको धैर्यताको पनि सिमा छ जसलाई हामीले कहिमे पनि पार गर्नुहुन्न । जब हामी येशुले भन्नुभएको कुराहरुलाई हामी पढ्छौं तब हामी कसरी पुरानो करारमा भएको कथाहरुसंग जोड्ने ? धेरै मानिसहरुको निम्ति पुरानो करारको परमेश्वर र सुसमाचारको येशुको विचमा धेरै भिन्नता छ तर पनि मोशाले लेवीको पुस्तकमा आफ्नो छिमेकीलाई प्रेम गर्नु र उसको विरुद्धमा केहि पनि बैर-भाव नराख्नु ।

यी कुरासको प्रश्न आजभन्दा २००० वर्ष अगाडी येशुको वाणी सुन्नेहरुमा पनि थियो । जसले यो कुरामा विश्वास गर्छन कि येशुले भन्नुभएको राज्य परमेश्वरको हो र उहाँको चरित्रको प्रकाश गर्नुहुन्छ, उहाँको शब्दहरु र सेवाकाई जीवितहरुको लागि मुक्तिदाताको जीवन हो । ति मानिसहरु जसले येशुद्वारा परमेश्वरको चरित्र प्रकट भएको छ भन्ने कुरा विश्वास गर्न सक्दैनन् र आफ्नो महत्वकांक्षालाई त्याग्न सक्दैनन्, तिनीहरुले येशुलाई झुटा सोच्छन । येशुले देखाउनुभएको परमेश्वरलाई तिनीहरुले चिन्न सकेनन् । तिनीहरुले परमेश्वरलाई हेर्न सकेनन् । यदी येशुले भन्नुभएको

कुरा साँचो हो भने कि त तिनीहरुले साँचो परमेश्वरलाई चिन्न सकेनन् वा परमेश्वरले आफ्नो मार्ग बदलिनुभएको छ ।

के परमेश्वर आफुले भन्नुभएको कुराहरु प्रति इमान्दार हुनुहुन्छः

> ***"म परमप्रभु कहिल्यै परिवर्तित हुँदिनँ । यसैले हे याकूबका सन्तान हो, तिमीहरू नष्ट भएका छैनौ।"***
>
> ***- मलाकी ३:६***

के सुसमाचारमा भएको परमेश्वर मोशा, अब्राहम र नोहाको परमेश्वर हुनुहुन्छ ? के येशु ख्रीष्ट हिजो, आज र सर्वदा एउटै हुनुहुन्छ ? हिब्रु १३:८ । यी प्रश्नहरुले उत्तरको माग गर्छन । त्यही समयमा डांडाको उपदेशमा येशुले प्रकट गर्नुभएको परमेश्वरको प्रकाशमा हामी रमाउँ र ख्रीष्टले भन्नुभएको कुरामा हामी खुशी हुनुपर्छ कि हामीले हाम्रो मित्रलाई मात्र हैन तर हाम्रो शत्रुलाई पनि प्रेम गर्नुपर्छ ।

## ६. स्वर्गबाट आगो बर्सिनु

जसरी चेलाहरुले येशुसंग समय बिताउँदै गए, त्यसरी नै उनीहरु उहाँको बचनमा र कार्यहरु देखेर छक्क परे । डांडाको उपदेशमा उहाँले भन्नुभएको स्वर्गको राज्यको ज्योतिले तिनीहरुको मनको अन्धकारलाई छेड्ने प्रयास गर्दैथियो । तर उनीहरुको हृदयमा भएको संसारिक महानताको ईच्छाले यति गहिरो प्रभाव पारेको थियो कि स्वर्गको राज्यमा पनि तिनीहरुले पद, स्थान र महानताको खोजी गर्दै थिए । यसकारण त्यहाँ बहस सुरु भयो:

*"यस बेला तिनीहरूमध्ये ठूलो को हो भन्ने विषयमा आपसमा बहस चल्यो ।"*

*- लूका ९:४६*

किन तिनीहरुमाझ को ठुलो हो भन्ने कुरामा बहस सुरु भयो ? येशुमा प्रकट भएको परमेश्वरको शक्तिमा तिनीहरु उत्साहित थिए तर पनि उनीहरुको हृदयमा तिनीहरुले उहाँको क्रुसलाई स्वीकार गरेको थिएनन् । उहाँसंग क्रुसको अर्थ सोध्न तिनीहरु डराएका थिए किनभने यसले तिनीहरुको आशालाई निराशामा परिवर्तन गर्न सक्थ्यो ।

*"परमेश्वरको महानता देखेर तिनीहरू सबै छक्क परे । येशूले गर्नुभएको प्रत्येक काममा सबै जना छक्क परेका देखेर, उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यी कुरा तिमीहरूका कानमा गड्न्, किनभने मानिसको पुत्र मान्छेहरूका हातमा पक्राउ पर्न आँटेको छ ।" तर तिनीहरूले यो कुरा बुझेनन् । किनकि यो तिनीहरूले नबुझून् भनेर तिनीहरूबाट गुप्त राखिएको थियो । तिनीहरू यस विषयमा उहाँलाई सोध्न डराउँथे ।"*

*- लूका ९:४३-४५*

महानताको विषयलाई लिएर तिनीहरुको हृदयमा भएको हलचललाई येशुले बुझ्नुभएको थियो यसकारण उहाँले साना नानिलाई आफ्नो हातमा लिएर भन्नुभयो:

*"र तिनीहरूलाई भन्नुभयो, "जसले मेरो नाउँमा यस बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ, त्यसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ । किनभने तिमीहरू सबैमध्ये जो सबैभन्दा सानो छ, त्यही ठूलो हुन्छ ।"*
*- लूका ९: ४८*

एक नाबालकको हृदयमा संसारिक महानतालाई लिएर केहि पनि हुदैन । आफ्नो साधारण समझशक्तिमा आफ्नो मुक्तिदाताको न्यानो र कोमल स्पर्शमा खुशी थियो । उहाँको राज्यमा महानताको परिभाषा यो हो कि - आफ्नो मालिकको लागि साधारण, इमान्दारिताले भरिएको प्रेम । चेलाहरुमा भएको निर्दोषपनालाई उनीहरुको जीवनमा भएको महत्वकांक्षाले हटाएको थियो, तर उनीहरुलाई उनीहरुको बाल्यपनको निर्दोषपनाको साथ समयको ज्ञान दिन येशु आउनुभएको थियो ।

येशुसंग घनिष्टता बढाएपछी चेलाहरुले उहाँलाई प्रेम गर्न थालेका थिए । हरेक दिन तिनीहरुले उहाँको आँखामा मानिसहरुको निम्ति असिमित प्रेम र दया देखे र आफ्नो पिताको बारेमा अद्भुत कुराहरु भन्नुभएको सुन्थे । लामो समयको काम पछी एक दिन उहाँले वास बस्नको लागि आफ्नो चेलाहरुलाई सामरीहरुको गाउँमा पठाउनुभयो ।

*"उहाँको स्वर्गारोहणको दिन नजिकै आइपुग्दा उहाँले यरूशलेमतिरै जाने अठोट गर्नुभयो । अनि उहाँले समाचार लाने मानिसहरूलाई पहिलेबाटै पठाउनुभयो । तिनीहरू गए, र उहाँको निम्ति सबै कुरा तयार पार्नलाई सामरीहरूको एउटा गाउँमा पसे*

*। तर यरूशलेमतिर जाने उहाँको दृढ विचार थाहा पाएर तिनीहरूले उहाँलाई स्वागत गरेनन् ।"*

*- लूका ९:५१-५३*

आफ्नो गुरुसंग सामरीहरुले गरेको व्यवहार जब चेलाहरुले देखे तब तिनीहरु उनीहरुको आतिथ्य सत्कारको अभावमा क्रोधित भए । आफ्नो भावनाको आवेगमा आएर उनीहरुले मानिसको हृदयको गहिराइमा भएको अन्धकारलाई प्रकट गरे:

*"तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?"*

*- लूका ९:५४*

यसो हेर्दा यस्तो देखियो कि सामरीहरुलाई मार्ने तिनीहरुको योजनालाई बाइबलीय समर्थन मिलेको जस्तो देखिन्छ । आफुलाई हानि गर्न खोज्नेहरुमा आगो बर्साउने एलियाको कथा तिनीहरुले भने । त्यो कथाको साहरामा तिनीहरुले यी अविश्वासी सामरीहरुलाई मार्ने योजनामा झन् दृढ भए । तर येशुले दिनुभएको उत्तरमा तिनीहरु छक्क परे ।

*"तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो र भन्नुभयो: "तिमीहरु कस्तो किसिमको आत्माका हौ, सो जान्दैनौ । किनभने मानिसका पुत्र मानिसहरुका प्राणहरुलाई नष्ट गर्न होइन, तर बचाउन आएका हुन् ।" अनि उहाँहरू अर्को गाउँतिर*

*जानुभयो ।"*

*- लूका ९:५५-५६ (KJV)*

यी शब्दहरुले येशुको चरित्र र सेवाकाईको केन्द्रबिन्दुलाई प्रकट गरेको छ । येशु विनाशक हैन तर मुक्तिदाता हुनुहुन्छ । हामीले यी पदहरुलाई गहिरिएर हेर्छौं भने यो कुरा देख्न सक्छौं कि ख्रीष्टले आफ्नो चेलाहरुको विचारधारालाई मात्र खण्डन गर्नुभएन तर एलियाको कामलाई पनि खण्डन गर्नुभयो ।

> ***"तब तिनले एक जना कप्तान तिनका पचास जना मानिसको दलसहित एलियाकहाँ पठाए । ती कप्तान उक्लेर एलियाकहाँ गए, जो डाँड़ाको टाकुरामा बसिरहेका थिए, र तिनलाई भने, "हे परमेश्वरका जन, राजाले तपाईंलाई भन्नुहुन्छ, 'ओर्लेर आउनुहोस्' ।" एलियाले ती कप्तानलाई जवाफ दिए, "यदि म परमेश्वरका जन हुँ भने, स्वर्गबाट आगो झरेर तिमी र तिम्रा पचासै मानिसलाई भस्म पारोस्!" तब स्वर्गबाट आगो झरेर ती कप्तान र तिनका मानिसलाई भस्म पार्‍यो ।"***
>
> *- २ राजा १:९-१०*

यो कथालाई हामीले सरसर्ती पढ्दा यो निस्कर्षमा आउँन सक्छौं कि यद्धपि येशु यस संसारमा मानिसहरुलाई बचाउन आउनुभएता पनि, पुरानो करारको परमेश्वर आफ्नो अगमवक्तालाई बचाउनको लागि मानिसहरुलाई जिउँदै जलाउन तयार हुनुहुन्थ्यो । के येशुले आफ्नो चेलाहरुलाई मात्र हकार्नुभयो कि एलियाको कामलाई पनि हकार्नुभयो ? आफ्नो

सेवाकाईलाई लिएर जब येशुले चेलाहरुलाई जवाफ दिनुभयो तब हामी यो पनि बुझ्न्सक्छौं कि त्यो हप्काई एलियाको लागि पनि थियो । कसरी येशुले आफ्नो चेलाहरुलाई हकार्दै आफ्नो उद्देश्य मानिसहरुलाई बचाउनु हो न कि केहि अवस्थामा मानिसहरुलाई नाश गर्नु हो ? यदी यो कुरा सत्य थियो भने उहाँले भन्नुहुन्थ्यो कि नाश गर्नु भन्दा अगाडी उनीहरुलाई प्रार्थना गर्ने समय दिनुपर्छ । येशुले आफ्नो बदलाको ढिलाईको कुनै पनि संकेत दिनुभएको छैन । उहाँ मानिसहरुलाई नाश गर्न हैन तर बचाउन आउनुभएको ।

KJV यानी किंग जेम्स भर्जनमा यो पदलाई जसरी लेखिएको छ, त्यसरी अरु आधुनिक भर्जनहरुमा लेखिएको छैन किनभने ति कुराहरु त्यहाँबाट गाएब छन् ।

> ***"तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो । अनि उहाँ र उहाँको चेलाहरु अर्को गाउँतिर जानुभयो ।"***
> ***- लूका ९:५५-५६ (NIV)***

> ***"तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो । अनि उहाँहरू अर्को गाउँतिर जानुभयो ।"***
> ***- लूका ९:५५-५६ (RV)***

यी भर्जनहरुबाट यी कुराहरु हटाइएको कारण मानिसहरुले परमेश्वरको चरित्रलाई गलत रुपमा बुझेका छन् । एउटा प्रश्न सोधिनु आवश्यक छ कि: ति मानिसहरुमाथि स्वर्गबाट आगो कसले झार्यो ? यो कथालाई हामीले

एक चोटी नियाँलेर हेरौं जब परमेश्वरले कर्मेलको डांडामा ठुलो विजय दिनुभएको थियो ।

> ***"परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ ।" तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैँचालो आयो, तर भैँचालोमा परमप्रभु हुनुहुन्नथ्यो । भैँचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो । अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो ।"***
>
> ***-१ राजा १९:११-१२***

परमेश्वरले एलियालाई के भन्न खोज्नुभएको छ ? यो सिद्वान्तलाई हामी धर्मशास्त्रको अरु खण्डमा पनि हामी पाउन सक्छौं:

> ***"यसैले तिनले मलाई भने, "यरुबाबेलको निम्ति परमप्रभुको यो वचन छ: 'न त बलले न शक्तिले, तर मेरो आत्माले,' सर्वशक्तिमान् परमेश्‍वर भन्नुहुन्छ ।"***
>
> ***- जकरिया ४:६***

परमेश्वरले एलियालाइ यो कुरा भन्न खोज्नु भएको थियो कि उहाँले आफ्नो आज्ञा पालन गर्न र आफ्नो राज्यमा प्रवेश गर्न कर गर्नु हुन्न तर उहाँको शान्तपूर्ण सानो आवाजले मानिसहरुलाई सत्यतातर्फ मोड्न

उनीहरुको हृदयमा बोल्नुहुन्छ । यो कुरा ठिक विपरित हो कि परमेश्वरले एलियालाई म आगोमा छैन भन्नुभयो तर पछी १०२ जना मानिसहरुलाई आगोले जलाउनुभयो जसले एलियालाई पक्राउ गर्न खोजि रहेका थिए । ५० जना र तिनीहरुका सेनापतिको दुई झुण्डमा आगो दुईपटक आएको थियो । यो कुरा सत्य हो कि वेदीमा परमेश्वरले आगो पठाउनुभएको थियो तर त्यो आगो मानिसहरुलाई बचाउनको निम्ति थियो, नाश गर्नको लागि हैन । जब एलियाले यी मानिसहरुमाथि स्वर्गबाट आगो झारे तब परमेश्वर त्यो आगोमा ति मानिसहरुलाई कर गर्न हुनुहुन्थेन । जुन आत्मसमर्पण यी मानिसहरुले देखाएका थिए त्यस्तो आत्मसमर्पण परमेश्वरले खोज्नुभएको हैन ।

> ***"तब राजाले एक जना तेस्रा कप्तानलाई तिनका पचास मानिसहरूसँग पठाए । यी तेस्रा कप्तान एलियाकहाँ उक्लेर गए र तिनको सामुन्ने घुँडा टेकेर तिनलाई बिन्ती गरे, "हे परमेश्‍वरका जन, मेरो जीवन र तपाईंका यी दासहरूका जीवनप्रति निगाह राख्नुहोस्!"***
>
> ***- २ राजा १:१३***

के यो मानिस एलियाको परमेश्वरको अगाई विनम्रतामा निहुरेको थियो किनभने उसले उहाँलाइ प्रेम गर्थ्यो र उहाँको आरधना गर्न खोजेको थियो ? कदापी हैन! उ डराएको थियो किनभने उ मर्न सक्थ्यो त्यसकारण उसले आफ्नो प्राणको भिख माग्दै थियो । यदी परमेश्वरको सामु यस प्रकारको आरधना स्वीकारमय भएको भए येशुले ति फारसीहरु र रोमीहरुलाई

आगोले जलाएर भस्म पार्नुहुन्थ्यो र सारा समुदायले उहाँलाई प्रेमले हैन तर डरले आरधना गर्थे । यसकारण यदी ति मानिसहरुलाई भस्म पार्ने आगोमा परमेश्वर हुनुहुन्थ्यो भने को थियो ? त्यसोभए त्यो घटनालाई हामी कसरी वर्णन गर्ने ?

> ***"तब तिनले एक जना कप्तान तिनका पचास जना मानिसको दलसहित एलियाकहाँ पठाए । ती कप्तान उक्लेर एलियाकहाँ गए, जो डाँड़ाको टाकुरामा बसिरहेका थिए, र तिनलाई भने, "हे परमेश्वरका जन, राजाले तपाईंलाई भन्नुहुन्छ, 'ओर्लेर आउनुहोस्' ।" एलियाले ती कप्तानलाई जवाफ दिए, "यदि म परमेश्वरका जन हुँ भने, स्वर्गबाट आगो झरेर तिमी र तिम्रा पचासै मानिसलाई भस्म पारोस्!" तब स्वर्गबाट आगो झरेर ती कप्तान र तिनका मानिसलाई भस्म पार्‍यो ।"***
>
> ***- २ राजा १:९-१०***

कप्तान र उसको मानिसहरु इस्राएलको राजाको अधिनमा थिए जसले एक्रोनीहरुको देवता बाल्जेबुबसंग सहायता मागेका थिए । एक्रोनीहरुको देवता शैतानद्वारा प्रेरित गरिएको झुटो देवता थियो । यो देवतासंग मदद मागेको खण्डमा उसले आफैंलाई शैतानको अधिनमा राखेको थियो ।

> ***"के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ, जसको आज्ञा तिमी पालन गर्छौ, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको***

*कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको?"*

*- रोमी ६:१६*

यद्धपि राजाको प्रतिनिधित्व गरेका यी मानिसहरुले आफैलाई शैतानको अधीनतामा राखेका थिए, तैपनि यिनीहरुले एलिया परमेश्वरको मानिस हुन् भनेर चिनेका थिए । सारा इस्राएलीहरुले कर्मेल डांडामा भएको घटनालाई देखेका थिए र उनिहरुले एलियासंग परमेश्वरको उपस्थिति भएको देखेका थिए । एलिया परमेश्वरको मानिस हुन् भन्ने कुरा कप्तानलाई थाहा थियो भने किन एलियाले यो कुरा पुष्टि गर्न चिन्ह मागे ? हामीले यस प्रश्नको जवाफ पाठको अन्ततिर पाउछौं ।

*"परमप्रभुका स्वर्गदूतले एलियालाई भने, "त्यससँग तल जाऊ । त्यससँग नडराऊ ।" यसैले एलिया उठे र तिनीसँग राजाकहाँ तल गए ।"*

*- २ राजा १:१५*

एलियालाई नडराउनु भनी आदेश आएको थियो । एलिया किन डराएको थियो ? यो समस्याको जरा हामी कर्मेल डांडामा भएको घटनासंग जोडिएको छ ।

*"तब एलियाले तिनीहरूलाई हुकुम गरे, "बालका अगमवक्ताहरूलाई पक्र । एउटै पनि उम्कन नपाओस् ।" तिनीहरूले उनीहरूलाई पक्रे, र एलियाले उनीहरूलाई तल कीशोन*

*खोलामा ल्याउन लगाएर उनीहरूलाई मारे ।"*

*- १ राजा १८:४०*

बालको अगमवक्ताहरुलाई मार्नुभन्दा अगाडी एलिया निडरतासाथ राजा र उसका मानिसहरुको अगाडी उभिएका थिए । यो भन्दा अगाडी, राजालाई अबदेखि वर्षा हुदैन भनेको कारण एलिया ३ वर्षसम्म भागेका थिए । यी घटनाहरुदेखि एलिया डराएको भन्ने कुरा वर्णन गरिएको छैन । बालको अगमवक्ताहरुलाई तरवारले मारेपछी मात्र उ डराएका थिए ।

*"यसकारण ईजेबेलले एलियाकहाँ यसो भनेर एउटा समाचारवाहक पठाइन्, "जसरी तैंले उनीहरूको प्राण लिइस्, त्यसरी नै भोलि यही बेलासम्म तेरो प्राण पनि मैले लिइनँ भने, देवताहरूले मलाई त्यस्तै वा त्योभन्दा बढ़ी व्यवहार गरून् । एलिया डराए, र आफ्नो प्राण बचाउनलाई भागे । जब तिनी यहूदाको बेर्शेबामा पुगे, तब तिनले आफ्नो चाकरलाई त्यहीँ छाड़े,"*

*- १ राजा १९:२-३*

हामी यहाँ ठिक सुनौलो नियमको विपरित सिद्धान्तलाई हामी यहाँ देख्छौं, "जुन नराम्रो कुरा तिमीले अरुसंग गर्छौं त्यही नराम्रो कुरा अरुले तिमीसंग गर्छन कि भन्ने कुरासंग तिमी डराउनेछौ," । यही कुरा कयिनको अनुभव थियो ।

*“कयिनले परमप्रभुलाई भने, “मैले सहनै नसक्ने कड़ा दण्ड मलाई भयो । हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ । म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ ।”*

*- उत्पति ४:१३-१४*

रानी इजीबेलको हातदेखि भाग्दाखेरी एलियाले एउटा कुरा भनेका थिए ।

*“र आफूचाहिँ मरुभूमिमा एक दिनको बाटो गए । तिनी अम्रिसको एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे । तिनले भने, “हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें । म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ !”*

*- १ राजा १९:४*

एलिया आफ्नो प्राणको लागि भाग्छन् तर किन परमेश्वरलाई उसको प्राण लिन भनी अनुरोध गर्छन् ? आफुलाई रानी इजीबेलको हातमा सुम्पेको भए हुन्थ्यो । तब उसले ति दुखित शब्दहरु उच्चारण गर्छन, “म त मेरा पिता-पुर्खाहरुभन्दा असल छैन ।” यी शब्दहरुद्वारा उसले के भन्न खोजिरहेका छन् ? यसको मतलव हामी पछी पाउन्छौं ।

*“तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीं रात बिताए । तब परमप्रभुको यो वचन तिनीकहाँ आयो, “हे एलिया, तँ यहाँ के*

*गर्दैछस्?" तिनले भने, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु । इस्राएलीहरूले तपाईंको करार त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन् । केवल म मात्रै बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन् ।"*

*- १ राजा १९:९-१०*

परमेश्वरको सामु एलियाले इस्राएलीहरुको असफलतामा आफ्नो निराशापन पोख्छन र उहाँको अगमवक्ताहरुलाई तरवारले मारेकोमा दु:ख पोख्छन । देशलाई सुधार्ने काममा इस्राएलीहरुले मदद गर्छन भन्ने कुरामा एलियाले आशा राखेका थिए । जब रानी इजीबेलले एलियालाई धम्की दिएका थिए तब उसले सोचेका थिए कि सबैजना उसको पक्षमा बोल्नेछन तर त्यसो भएन र उनि एक्लो भए । यो सबै कुरा व्यर्थमा भएको जस्तो लाग्यो । बालको अगमवक्ताहरुलाई मार्ने कारण उसले देखे । तिनीहरुले परमेश्वरको अगमवक्ताहरुलाई तरवारले मारेका थिए । मोशाको व्यवस्थामा मुर्तिपूजाको सजाय ढुंगाले हानेर मृत्युदण्ड थियो, तरवारद्वारा हैन् । ढुंगाले हानेर मृत्युदण्डको सजायको बारेमा अर्को पाठमा हामी पढ्नेछौं, तर हामीले यो कुरा जान्न जरुरी छ कि मुर्तिपूजाको विषयमा व्यवस्थामा जे लेखेको छ, त्यसलाई एलियाले अनुसरण गरेका थिएनन् । यो कुरा प्रकाशमा आउँछ कि एलियाले साँचो परमेश्वरलाई सम्मान गर्ने निधो गर्छन तर उसले गलत तरिका अपनाएका थिए । यो कुरालाई हामी

चेलाहरुको कथासंग जोड्नसक्छौं । तिनीहरुले आफ्नो गुरुलाई प्रेम र सम्मान गर्थे र जब कुराहरु उनीहरुले सोचेको जस्तो भएन तब शैतानले उनिहरुको प्रेमलाई परिवर्तन गरीदियो र बदलाको आत्माको जन्म हुन्छ । यसकारण एलियाको घटनासंग हामी चेलाहरुको आत्मामा परिवर्तनलाई जोड्न सक्छौं किनभने त्यहाँ हामी त्यही आत्माको उपस्थिति देख्नसक्छौं । हामीलाई यो कुराको याद गर्न लगाइएको छ:

> ***"एलिया पनि त हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए ।"***
>
> ***- याकुब ५:१७***

एलियालाई थाह्रा थियो कि बालको अगमवक्ताहरु मृत्युदण्डको लायक छन् तर जुन तरिका उसले अपनाएको थियो त्यो परमेश्वरको तरिकाबाट अलग थियो । यो कुराको पुष्टि मृत्युको लागि एलियाको अचानक डर जुन उसले कहिले पनि अनुभव गरेकोमा देखिन्छ । यो डर एलियासंग थियो जब सेनाहरु उसको नजिक आएका थिए । जसरी एलियाले अरुलाई तरवारले मारेका थिए त्यसरी नै आफ्नो मृत्यु तरवारले हुन्छ कि भन्ने कुरामा उसलाई डर लागेको थियो । एलिया परमेश्वरको जन भएको कुरामा कप्तानलाई कुनै शंका थिएन तर एलिया आफै मृत्युको डरसंग जुधिरहेको थियो र आफ्नो पिता-पुर्खाहरु भन्दा उ फरक थिएन । एलियाको शंकामा शैतानले फाइदा उठायो र एलियालाई यो भन्नमा बाध्य गराउँछ:

> ***"एलियाले ती कप्तानलाई जवाफ दिए, "यदि म परमेश्वरका जन हुँ भने, स्वर्गबाट आगो झरेर तिमी र तिम्रा पचासै***

*मानिसलाई भस्म पारोस् !" तब स्वर्गबाट आगो झरेर ती कप्तान र तिनका मानिसलाई भस्म पार्‍यो ।"*

*- २ राजा १:१०*

यी शब्दहरु शैतानले भनेको शब्दहरुसंग मिल्न जान्छ:

*"तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस् ।"*

*- मत्ती ४:३*

जब मानिसले परमेश्वर उसको साथमा हुनुहुन्छ भन्ने कुरालाई पुष्टि गर्नको लागि उसले परमेश्वरबाट चिन्हको माग गर्दछ भने त्यो विश्वासमा कमजोरी हुनु हो । परमेश्वरले भन्नुभएको कुरा अनुसार हामीले विश्वासद्वारा यो कुरा मान्नुपर्छ कि हामी उहाँको सन्तान हौँ । शक्तिको यो प्रदर्शनले ति ५० मानिसहरुमा के फरक पर्यो त ? यो कुराले एलिया परमेश्वरको जन हुन् भन्ने कुरामा विश्वास गर्नमा ति मानिसहरुलाई कसरी मदद गर्यो ? यदी यो कुराबाट कोहि व्यक्ति अन्जान थियो भने त्यो व्यक्ति एलिया थियो । यो अज्ञानताले गर्दा एलियाले यो कुरा याद गर्न भुल गर्यो कि परमेश्वर त्यो आगोमा हुनुहुन्थ्यो, र शैतानको जालमा परेर उसले ति मानिसहरुमाथि आगोको वर्षा गराएको थियो । के शैतानले स्वर्गबाट आगो झारेर मानिसहरुलाई जलाउन सक्ने कुराको प्रमाण छ ?

*"तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो । केवल अय्यूबको शरीरलाई चाहिँ नछो ।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर गयो।......... त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो । त्यसले भन्यो, "परमेश्‍वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पाऱ्यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें ।"*

*- अय्यूब १:१२, १६*

केहि प्रश्नहरु प्रकट हुन्छन् । यदी शैतानले एलियाको आत्म-संकाद्वारा उसलाई जालमा पारेको थियो भने कसरी अर्को पाठमा एलिया स्वर्गारोहण भयो त ? यो कुरा सोच्न अलि गाह्रो छ कि आफ्नो संसारिक जीवनको अन्तिम क्षणतिर आएको बेला उसले गरेको गल्तीको परिणामस्वरूप कसरी उसले सिधा स्वर्ग जान पायो र अनन्त जीवन पायो ? जब हामी बप्तिस्मा दिने यूहन्नाको विषयमा कुरा गर्छौं तब हामीले यो कुरा जान्न सक्छौं कि उसले आफ्नो जीवनको अन्तिम क्षणमा येशु मसिह हो कि हैन भन्ने कुरामा संका गरेको थियो ।

*"यूहन्नाले ख्रीष्टका कामहरूको चर्चा झ्यालखानमा सुने, र आफ्ना चेलाहरूलाई उहाँकहाँ यो कुरा सोध्न पठाए, "आउनेवालाचाहिँ तपाईं नै हुनुहुन्छ, कि हामीहरू अरू कसैको प्रतीक्षा गरौं?"*

*- मत्ती ११:२-३*

यूहन्नाको चेलाहरुलाई येशुले यो शब्दहरुद्वारा जवाफ दिनुहुन्छ:

> *"येशूले तिनीहरूलाई भन्नुभयो "तिमीहरूले सुनेका र देखेका कुराहरू यूहन्नालाई भनिदेओ, अन्धाहरूले दृष्टि पाउँछन्, र लङ्गड़ाहरू हिँड्दछन् । कुष्ठरोगीहरू शुद्ध पारिएका छन्। बहिराहरू सुन्न सक्ने भएका छन् । मरेकाहरू जीवित भई उठेका छन्, र दरिद्रहरूलाई सुसमाचार प्रचार गरिँदैछ। धन्य हो त्यो, जसले मबाट बाधा पाउँदैन ।"*
>
> *- मत्ती ११:४-६*

यूहन्नाले यो कुराहरुलाई कसरी ग्रहण गर्यो त्यस विषयमा बाइबलमा लेखिएको छैन । तर जब हामी येशुले यूहन्नाको विषयमा भन्नुभएको कुराहरु हामी पढ्दाखेरी थाहा पाउछौं कि यूहन्नाले आफ्नो संकाहरुमाथि विजय पाइसकेको र आफ्नो मृत्युको लागि तयार भएको पाउछौं । येशुले भन्नुभयो:

> *"तिमीहरू ग्रहण गर्न राजी हुन्छौ भने, आउनुपर्ने एलिया यिनी नै हुन् ।"*
>
> *- मत्ती ११:१४*

हामीलाई यो पनि भनिएको छ:

> *"...उहाँको अगि तिनी (यूहन्ना) एलियाको आत्मा र शक्तिमा जानेछन् ।"*
>
> *- लूका १:१७*

बप्तिस्मा दिने यूहन्नाले परमेश्वरको निम्ति ठुलो काम गरेको थियो र जब आफ्नो विश्वासमा अग्निपरिक्षा आएको थियो तब उसले त्यसमाथि विजय हासिल गरेको थियो र त्यसले उसलाई मृत्युको निम्ति तयार हुन मदद गरेको थियो । एलियाले पनि परमेश्वरको निम्ति धेरै काम गरेको थियो र आफ्नो सेवाकाईको अन्तिम क्षणहरुमा आफ्नो विश्वासमा परिक्षा आएको थियो । एलियाले आफ्नो संकामाथि विजय पाएको थियो जसले गर्दा सय जना मानिसहरु आगोले जलेर मरेका थिए र उनि परिवर्तन भए । यो हाम्रो लागि एक बहुमुल्य पाठ हो, र त्यो हो कि धर्मी चाहिं आफ्नो विश्वासद्वारा बाँच्नेछ नाकी उनिहरुले गरेको कामको आधारमा । त्यस ठुलो परिक्षापछी एलियामा आएको परिवर्तनले हामीलाई यो आशा प्रदान गर्छ कि हामी कति नै कमजोर र लाचार भएपनि हामी परिवर्तन हुन सक्छौं । हामीले यो कुरामा खुसी हुनुपर्छ कि मुक्ति केवल ख्रीष्टमा मात्र छ नाकी अगमवक्ताहरुको काममा जसले आफुलाई बचाउन परमेश्वरको नाममा अरुलाई मारेका थिए ।

अब अर्को प्रश्न यो आउँछ कि किन परमेश्वरले शैतानलाई ति मानिसहरुलाई आगोद्वारा मार्न दिनुभयो ? ति मानिसहरु इस्राएलको राजा जसले एक्रोनीहरुको देवता बाल-जेबुबको हातमा सुम्पेको थियो, उसका चाकरहरु थिए, यी मानिसहरु आफ्नो विनाशकप्रति एकदम लाचार थिए । यी मानिसहरुलाई चलाउनमा शैतान एकदम माहिर थियो, उसले यी मानिसहरुलाई यसरी नास गर्यो कि आफ्नो कामको सारा दोष परमेश्वरमाथि थपिदियो । यो एक शैतानको योजना थियो जसले गर्दा

उसले सारा संसारलाई यो कुरामा विश्वास गर्न लगायो कि यो काम परमेश्वरले गर्नुभएको हो । एलियाको डरमा शैतानले फाइदा उठायो र जसले गर्दा शैतानले चाहने बहाना पाएको थियो । शैतानको यो योजना एकदम सफल भएको थियो किनभने मानिसहरुले यो कुरामा विश्वास गरेको थिए कि यो काम परमेश्वरले गर्नुभएको हो, तर येशुले भन्नुभयो यो काम परमेश्वरले गर्नुभएको हैन । उहाँ मुक्तिदाता हुनुहुन्छ, विनाशक हैन ।

यो कुरा कति हर्षलाग्दो छ हाम्रो मुक्तिदाताले हाम्रो माझमा आफ्नो राज्यको महानता प्रकट गर्नुभएको छ र हामी उहाँमा आराम पाउँछौ । उहाँले हामीलाई चोट पुर्याउनु हुन्न किनभने उहाँ एक गोठालो हुनुहुन्छ नाकी जल्लाद । उहाँले आफ्नो भेडाहरुलाई शान्त पानीमा लैजानुहुन्छ, उनीहरुलाई यातना दिनुहुन्न । यो आगोको विषयमा हामीले बुझ्नुपर्ने कुराहरु धैरै छन् जसले गर्दा हामीलाई यो थाहा हुन्छ हाम्रो स्वर्गीय पितामा हामी विश्वास गर्नसक्छौं र उहाँबाट हामीले डराउन आवश्यक छैन ।

## ७. आफ्नो हृदय कठोर नपार

हामीले तेस्रो पाठमा क्रुसमा येशुको मृत्यु र यसमा प्रकट भएको महान प्रेमको बारेमा पढेका थियौं । अनि हामीले चौथो पाठमा पिता र पुत्रको सम्बन्धमा प्रेमको गहिराईको विषयमा पढेका थियौं । यो दुई सत्यताले हामीलाई परमेश्वरको चरित्र र उहाँको राज्यको बारेमा जान्नमा मदद गर्दछ । क्रुसको आशिषलाई हामीले इन्कार गर्दा के नतिजा हुन्छ त्यसको विषयमा लूकाको पुस्तक ९ पाठले स्पष्ट रुपमा भनेको छ । यो पढ्दा हामीले थाहा पाउछौं कि कसरी मानिसहरुले गलत धारणा लिएको छन् कि मानिसहरुलाई उनीहरुको पापको कारण जिउंदै जलाउनु नै परमेश्वरको चरित्र हो ।

| | | |
|---|---|---|
| **लूका ९:१८-२०**<br>**मत्ती १६:१३-१७**<br>**मर्कुस ८:२७-२९** | पिता र परमेश्वरको सम्बन्ध प्रकट गरिएको | येशु नै परमेश्वरको ख्रीष्ट हुन् भनेर पत्रुसले स्वीकार गर्छन् । मत्तीको पुस्तकमा लेखिएको छ कि उहाँ नै ख्रीष्ट हुनुहुन्छ र उहाँ नै जीवित परमेश्वरको पुत्र हुनुहुन्छ भनेर पत्रुसले स्वीकार गरेका छन् । येशुले पत्रुसलाई भन्नुहुन्छ कि यो ज्ञान |

| | | |
|---|---|---|
| | | पिताबाट आएको आत्मिकी प्रकाश हो र परमेश्वरको अनुमति बिना कसैले जान्न सक्दैन । |
| **लूका ९:२१-२२**<br>**मत्ती १६:२१-२३**<br>**मर्कुस ८:३१-३३** | क्रुसको पहिलो चेतावनी | परमेश्वरको पुत्रको मृत्यु र मानिसहरुको मनमा उहाँको लागि घृणाको विषयमा येशुले भन्नुभएको छ । पत्रुसले यस विषयको बारेमा विरोध गरेका छन् र भनेका थिए कि यो कुरा कदापी हुनेछैन । पत्रुसले सोचेका थिए कि महानताको लागि उसको महत्वकांक्षाहरु यति धेरै छन् कि ति कुराहरुको अन्त क्रुसमा हुदैन । यो कुरा गर्नु भनेको क्रुसलाई ईन्कार गर्नु हो । पत्रुसको मनलाई भड्काउने शैतानलाई येशुले गाली गर्नुहुन्छ । |
| | आफ्नो हृदयलाई पहिलो पटक कठोर पार्नु | क्रुसको मृत्युको आगमन र त्यसको तयारीको निम्ति पत्रुस वा अरु चेलाहरुले के गरे त्यस विषयमा वर्णन गरिरहेका छन् । |

| | | |
|---|---|---|
| | | येशु र उहाँको क्रुसको लागि चेलाहरुको हृदय कठोरता यहाँबाट शुरु हुन्छ । |
| **लूका ९:२३-२७**<br>**मत्ती १६:२४-२८**<br>**मर्कुस ८:३४-३८** | आत्म-ईन्कारको क्रुसलाई अंगाल्न बोलावट | येशुले आफ्नो चेलाहरुलाई चेतावनी दिनुभएको थियो कि यदी तिनीहरु उहाँको पछी लाग्न चाहन्छन भने तिनीहरुले आफ्नो संसारिक ईच्छा-आकंक्षालाई त्याग्नुपर्छ । उहाँ हिड्नु भएको मार्गमा कुनै पनि संसारिक मान-सम्मान थिएन ।<br>त्यहाँ केवल आत्म-ईन्कार र अरु प्रति सेवा छ । |
| **लूका ९:२८-३६**<br>**मत्ती १७:१-८**<br>**मर्कुस ९:१-६** | आफ्नो पुत्रको वचनलाई सुन्न भनी पिताले आज्ञा गर्नुभएको छ | आफ्नो अनुग्रहमा पिताले आफ्नो पुत्रको महिमा प्रकट गर्नुभएको छ र आफ्नो पुत्रको वचन सुन्न भनी आज्ञा गर्नुभएको छ । जब क्रुसलाई पहिलो पटक चेलाहरुले ईन्कार तब थाहा भयो कि तिनीहरुमा प्रेम थिएँ र जब तिनीहरुले स्वर्गबाट आवाज सुने तब |

| | | |
|---|---|---|
| | | तिनीहरु डराए । डरमा यातना छ, "...अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन ।" १ यूहन्ना ४:१८ |
| **लूका ९:३७-४२**<br>**मत्ती १७:१४-२१**<br>**मर्कुस ९:३१-३२** | अविश्वासपना प्रकट भएको | अविश्वासपनाले गर्दा मानिसले क्रुसलाई स्वीकार गर्नबाट ईन्कार गर्न लगाउँछ । ति चेलाहरुले आफ्नो मनबाट दानवलाई निकाल्न सकेका थिएनन् किनभने तिनीहरु संसारिक महानताको पछी लागेका थिए । |
| **लूका ९:४४-४५**<br>**मत्ती १७:२२-२३**<br>**मर्कुस ९:३१-३२** | क्रुसको दोस्रो चेतावनी ।<br>हृदय झन कठोर हुनु । | आफ्नो प्रेममा येशुले तिनीहरुको हृदयलाई संसारिक कुराबाट टाढा हुन आफ्नो चेलाहरुलाई आग्रह गर्नुभयो तर तिनीहरुले पश्चातापको बोलावटलाई ईन्कार गरे र उहाँले भन्नुभएको कुराबाट दुखित भए । परिणामस्वरूप तिनीहरुको हृदय अझ कठोर भयो । |

| | | |
|---|---|---|
| **लूका ९:४६-४८**<br>**मत्ती १८:१**<br>**मर्कुस ९:३३-३८** | स्वार्थि महत्वकांक्षी भावनाहरुको वृद्धि हुनु | जब चेलाहरुले आफ्नो बीचमा को ठुलो भन्ने कुराको बहस गरे तब तिनीहरुले शैतानलाई आफ्नो माझमा निम्तो दिए । येशुले सानो बालकलाई देखाउदै तिनीहरुलाई भन्नुभयो जबसम्म तिनीहरु यो बालकजस्तो हुन सक्दैनन् तबसम्म तिनीहरु स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैनन् । |
| **लूका ९:४९-५०**<br>**मर्कुस ९:३८-३९** | प्रभुत्वको आत्मा प्रकट हुनु | चेलाहरुले आफ्नो निम्ति ठुलो पद र सम्मान खोजेका थिए र अरुले ति ठुला पदहरु पाउन् भनेर तिनीहरु चाहदैनन् थिए । त्यसकारण एक अर्कालाई तिनीहरुले प्रतिद्वन्द्वीको भावनाले हेर्न थाले । |
| **लूका ९:५१-५४** | हत्याको आत्मा प्रकट हुनु र धर्मशास्त्रमार्फत त्यसलाई जायज गराउनु | जब चेलाहरुले आत्म-इन्कारको क्रुसलाई इन्कार गरे तब तिनीहरुको हृदय घमण्डको आत्माले कब्जा गर्यो र तिनीहरुलाई हत्याको मार्गमा हिडाउन खोज्यो । जब |

| | | |
|---|---|---|
| | | तिनीहरुको हृदय कठोर भयो तब तिनीहरुले परमेश्वरको नाममा अरुको हत्या गर्न संकोच ठानेनन् । |

देशको अगुवाहरुको क्रुर हातहरुबाट आफ्नो मृत्युको बारेमा येशुले दिनुभएको चेतावनीलाई चेलाहरुले स्वीकार गरेका थिएनन् । आफ्नो संसारिक महानताको सबै महत्वकांक्षा तिनीहरुले येशुमाथि थपेका थिए । तिनीहरुले येशुलाई उहाँको स्वरूपमा हैन तर आफुले खोजेको स्वरुपमा हेर्न खोजेका थिए । तिनीहरुले येशुलाई बरब्बाको[1] स्वरुपमा हेर्न खोजेका थिए तर क्रुसको सत्यताले तिनीहरुको सपनालाई चकनाचुर बनाएको थियो । तिनीहरुली क्रुसलाई इन्कार गर्ने निधो गरे र ख्रीष्टले पाउनुभएको दु:ख र निराशालाई हेर्ने कोशिस गरे जुन उहाँले दैनिकी रुपमा पाउनु भएको थियो जब मानिसहरुले उहाँको वचनलाई, उहाँको सेवाकाई, र परमेश्वरको प्रतिनिधिलाई इन्कार गरेका थिए । तिनीहरुले यी पिडालाई इन्कार गरे जसले गर्दा तिनीहरुको हृदय कठोर भयो ।

येशुको बप्तिस्माको समयमा जब स्वर्गीय पिताले आफ्नो पुत्रको निम्ति आफ्नो गहिरो प्रेम प्रकट गर्नुभयो तब परमेश्वर र उहाँको पुत्रको प्रेम,

---

[1] *बरब्बा येशुको समयको राजनीतिक पात्र थिए जसले इस्राएलबाट रोमी सत्तालाई हटाउनु पर्छ भन्ने कुरामा जोड दिएका थिए । उसले आफ्नो लक्ष्य पाउनको लागि हिँसाको बाटो रोजेका थिए र आफुलाई मसिहको रुपमा प्रकट गरेका थिए । उसको नाम बरब्बाको अर्थ "पिताको पुत्र " हो जसले येशुको स्थान लिन खोजेका थिए किनभने येशु परमेश्वरको साँचो पुत्र हुनुहुन्छ ।*

कोमलता र संवेदनशीलताको ढोका खुलेको थियो । आत्म-इन्कारको क्रुसबाट आउने पिडालाई सहने शक्ति त्यही संवेदनशीलताबाट उहाँहरुले पाउनुहुन्छ । मानवीय घमण्ड, स्वार्थीपन, भोग-विलासीपनले गर्दा उहाँहरुको हृदय छियाछिया हुन्छ । स्वतन्त्रतालाई प्रेम गर्ने आफ्नो चरित्रको कारण परमेश्वरले मानिसलाई यति स्वतन्त्रता दिनुहुन्छ कि मानिसले उहाँलाई घृणा र इन्कार गर्छ तर उहाँले कहिले पनि हस्तक्षेप गर्नुभएन । उहाँले तिनीहरुलाई उनीहरुको हृदय कठोर पार्न दिनुहुन्छ र एक अर्कालाई नाश गरेको दु:खसाथ् हेर्नुहुन्छ तर उनीहरुलाई रोक्नुहुन्न । यस प्रेमको प्रकाशलाई बुझ्न्को लागि चेलाहरुलाई बोलाइएको थियो तर तिनीहरुले क्रुसलाई इन्कार गरेका थिए जसरी इस्राएलीहरुले मोशालाई आफ्नो अनुहारको प्रकाशलाई ढाक्न अनुरोश गरेका थिए त्यसरी नै चेलाहरुले आफुहरुलाई सत्यताबाट बचाउन तिनीहरुले आफ्नो हृदयलाई पर्दाले ढाकेका थिए ।

जब कयिन र हाबिलले थुमाको मृत्युलाई हेरिरहेका थिए तब कयिनले पिडाको अर्थबाट आफुलाई टाढा राख्न आफ्नो हृदयलाई पर्दाले ढाकेका थिए र यसरी यस थुमाले गर्दा कयिनको हृदय कठोर भयो जसले आफ्नो भाईको हत्या गर्न तयार बनायो । जब हाबिलले थुमालाई बोके र यसको सम्बन्धलाई बुझ्ने कोशिस गर्दा उ डरले कामें । जब उसले परमेश्वरको थुमा आफ्नो निम्ति बलि हुने कुरालाई सोचे तब उ दुखि हृदयसाथ रुन थाले । त्यो बलीको थुमाले ति दुई व्यक्तिहरुमा दुई भिन्न अर्थहरु राखेका थिए ।

क्रुसको प्रकाश यस्तो छ । त्यो प्रकाश यति उज्यालो छ कि त हामी चट्टानमाथि लड्छौं, भाँचिंछौँ वा हामी त्यस चट्टानजस्तै कठोर हुन्छौं र आफ्नो गल्तीको बोझको तल दबिन्छौँ जब हामी परमेश्वरको सत्यताको सामु खडा हुन्छौं ।

बाइबलको कथाहरुलाई बुझ्न्को लागि हामीले यी शिद्वांतहरुलाई बुझ्न जरुरी छ । जबसम्म हामीले आफ्नो पुत्रको लागि परमेश्वरको प्रेमलाई स्वीकार्दैनौ तबसम्म परमेश्वरको न्यायलाई हाम्रो हृदयले राम्रोसंग बुझ्न सक्दैन । एक प्रेमिलो पिताले आफ्नो सन्तानलाई जिउंदै जलाउदैन वा आफ्नो सन्तान माथि तातो आगो हालेर उनीहरुको कन्द्रण सुन्दैन । यदी हामी परमेश्वरले यस्तो काम गर्नुहुन्छ भन्ने कुरामा विश्वास गर्छौं भने हामी परमेश्वर र उहाँको पुत्रको सम्बन्ध र उहाँहरुबाट यस संसारको निम्ति आउने अनुग्रहलाई हामी बुझ्न सक्दैनौं । क्रुसलाई नबुझेको कारण मानिसहरुले उहाँको पिडालाई भुल्ने गर्दछन जुन पिडा उहाँले तब प्राप्त गर्नुभयो जब उहाँलाई घृणा, तिरस्कार र ईन्कार पाउनुभयो; तर पनि उहाँलाई ईन्कार गर्नेहरु उहाँले त्याग्नु हुन्न । उहाँले ति पापी मानिसहरुलाई आफ्नो चालहरुबाट फर्कन अन्तिमसम्म मौका दिनुहुन्छ तर यदी उनीहरुले उहाँलाई अन्तिम समयसम्म इन्कार गर्दछन भने ति ईन्कारहरुले उहाँलाई गहिरो पिडा दिदँछ । ति पिडाहरु पापीले आफ्नो दु:ख, क्रोध र तिरस्कारमा पाउने गर्दछ । यी कुराहरु हामीले कहिले पनि अरुलाई हामीमाथि गर्न दिदैनौं । ईन्कारप्रति आफ्नो हृदय खुल्ला राख्नु नै पिताले आफ्नो पुत्रमा साँचो क्रुसलाई प्रकट गर्नुभएको छ ।

परमेश्वरको न्यायलाई लिएर जति पनि रहस्यहरु छन् ति रहस्यहरुलाई क्रुसको शक्ति र रहस्यले व्याख्या गर्दछ । जब हामी धर्मशास्त्रमा पढ्छौं र त्यहाँ मानिसहरुमाथि भएको न्यायहरुलाई देख्दछौं तब हामीले ति कुराहरुलाई क्रुसको प्रकाशमा उल्था गर्नुपर्छ किनभने त्यहाँ अनुग्रह र न्याय एक-आपसमा मेल खान्छन् । धर्मशास्त्रले यो भन्दछ:

> ***"हाम्रा निम्ति सराप बनेर ख्रीष्टले हामीलाई व्यवस्थाको सरापबाट मोल तिरेर छुटाउनुभयो, किनकि "काठमा झुण्डिने हरेक श्रापित हुन्छ" भन्ने लेखिएको छ ।"***
>
> ***- गलाती ३:१३***

> ***"तर ऊ त हाम्रा अपराधहरूका निम्ति छेड़ियो । हाम्रा अधर्मका निम्ति ऊ पेलियो । हामीमा शान्ति ल्याउने दण्ड उसमाथि पर्‍यो, र उसको कोर्राको चोटले हामी निको भयौं ।"***
>
> ***- यशैया ५३:५***

येशुले पापको ज्याला तिर्नुभयो र पापको श्रापलाई सहनुभयो । उहाँले तिनीहरुको मृत्यु मर्नुभयो जसले समयको अन्तमा मुक्तिलाई ईन्कार गर्दछन र मृत्युलाई स्वीकार गर्दछन् । यदी येशुले त्यस मृत्यु नमर्नु भएको भए उहाँले पापको ज्यालालाई तिर्नमा असक्षम हुनुहुन्थ्यो । प्रश्न यो छ कि, के येशुले नर्कको आगोद्वारा पिडा भोग्नुबयो ? यदी पापीरुको अन्तिम मृत्यु नर्कको आगोमा जलेर हुने थियो भने, येशुले पापको ज्याला

तिर्नुभएन । के येशुले क्रुसमा आगोलाई महसुस गर्नुभयो ? हेर्नुहोस्, पावलले यी कुराहरुलाई कसरी लेखेका छन्:

> ***"बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ । त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ ।"***
>
> ***- रोमी १२:२०***

जब सिनै पर्वतमा इस्राएलीहरुले परमेश्वरको महिमालाई आगोको रुपमा देखेका थिए ।

> ***"इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो ।"***
>
> ***- प्रस्थान २४:१७***

जब स्वार्थि मानिसमा परमेश्वरको निस्वार्थ प्रेम प्रकट हुन्छ तब उसको हृदय आत्मग्लानिले यसरी पोल्दछ कि त्यसले शाररिक पिडा हुँदछ । क्रुसमा येशुको अनुभवलाई भजनसंग्रहको विभिन्न खण्डहरुमा पढ्न सक्छौं ।

> ***"हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ? मलाई बचाउनबाट तपाईं किन यति टाढ़ा हुनुहुन्छ ? अनि मेरो करुण- क्रन्दनका शब्दहरूबाट त्यति टाढ़ा ?"***
>
> ***- भजनसंग्रह २२:१***

*"तर जब म मौन र शान्त बसें, अनि असल कुरा पनि बोलिनँ, मेरो पीडा झन् बढ़ेर आयो । मभित्र मेरो हृदय सन्तापित भयो, जति सोचे त्यति नै मभित्र आगो दन्कियो । तब मैले मुख खोलेर भनें:"*

*- भजनसंग्रह ३९:२-३*

*"मृत्युका डोरीहरूले मलाई घेरे, विनाशको बाढ़ीले मलाई व्याकुल बनायो। पातालका डोरीहरूले मलाई बेह्रे, मृत्युको पासोले मेरो सामना गऱ्यो । मेरो आपत्मा मैले परमप्रभुलाई पुकार गरें, र मदतको निम्ति मेरा परमेश्‍वरलाई हपारें । आफ्नो मन्दिरबाट उहाँले मेरो सोर सुन्नुभयो, मेरो पुकार उहाँको सामु, उहाँका कानमा पुग्यो । पृथ्वीमा कम्पन भयो, अनि भूकम्प गयो, पहाड़हरूका जगहरू हल्लिए । तिनीहरू थरथर कामे, किनभने उहाँ रिसाउनुभएको थियो । उहाँको नाकबाट धूवाँ निस्क्यो, र भस्मकारी अग्नि उहाँको मुखबाट निस्क्यो, जलिरहेको आगोको भुङ्ग्रो त्यसभित्र दन्क्यो ।"*

*- भजनसंग्रह १८:४-८*

पापको ज्याला मृत्यु हो । आफु कतिसम्म नराम्रो छौं भन्ने कुरालाई जब पापीहरुले महसुस गर्नेछन् तब तिनिहरुको हृदय ग्लानिले भरिदछ । पापलाई उजागर गर्ने एक मात्र तरिका भनेको परमेश्वरको चरित्रलाई प्रकट गर्नु हो । जब परमेश्वरको चरित्र आगोको रुपमा पापी मानिसको सामु प्रकट हुँदछ तब पापीले आफ्नो स्वार्थीपन, पापी आचरण, आत्मग्लानिको

अनुभव उसको हृदयमा आगोको भुंग्रो जस्तो महसुस गर्नेछ । जब ख्रीष्ट आउनुहुनेछ तब उहाँको आगमनको प्रकाशले पापीहरु नाश हुनेछन् ।

> ***"तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको सासले नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ ।"***
>
> ***- २ थेसलोनिकी २:८***

हिब्रु १:३ ले यो भन्दछ कि ख्रीष्ट आफ्नो पिताको महिमाको उज्यालो हुनुहुन्छ र उहाँको चरित्र परमेश्वरको महिमा हो । प्रस्थान ३३:१८; ३४:६, ७ । ख्रीष्टको चरित्रको प्रेम र सुन्दरता उहाँको आगमनमा पूर्ण रुपमा प्रकट पारिनेछ र यो प्रकाश आगो झैं हुनेछ जसले धर्मीको लागि खुशी र पापीको लागि मृत्यु ल्याउनेछ ।

> ***"त्यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्‍वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ ।"***
>
> ***- प्रकाश १४:१०***

यो गन्धक भन्ने शब्द ग्रिक भाषा "थियोन" भन्ने शब्दबाट आएको हो जो फेरी "थियोस" भन्ने शब्दबाट आएको हो जसको अर्थ परमेश्वर हो र यसले स्वर्गीय धुपको अर्थ दिन्छ । यसको अर्थ देखाउनु पनि हो । जब

हामी स्वर्गीय पवित्रस्थानमा धुपलाई देख्दछौं तब हामी यसलाई आगोसंग जोडिएको देख्दछौं ।

> *"अनि अर्को एउटा स्वर्गदूत आए, अनि सुनको धुपौरो लिएर वेदीको छेउमा खड़ा भए । सिंहासनको सामुन्ने रहेका सुनको वेदीमाथि सबै सन्तहरूका प्रार्थनासँग चढ़ाउनका निम्ति तिनलाई धेरै धूप दिइयो । धूपको धूवाँ सन्तहरूका प्रार्थनाका साथ स्वर्गदूतको हातबाट परमेश्वरको सामुन्ने मास्तिर गयो । तब स्वर्गदूतले धुपौरो लिएर वेदीको आगो त्यसमा भरिदिए, र पृथ्वीमा फ्याँकिदिए । अनि मेघ गर्जनहरू, आवाजहरू, बिजुलीको चमकहरू उत्पन्न भए र भूकम्प गयो ।"*
> *- प्रकाश ८:३-५*

धुपले परमेश्वरको स्वर्गीय उपस्थितिलाई आगोको रुपमा देखाउदछ । धुपको अर्थ यही हो । हामीले यशैयाको पुस्तकमा देख्नसक्छौं -

> *"हेर, दन्केको क्रोध र उठिरहेको बाक्लो धूवाँमा टाढ़ाबाट परमप्रभु आउँदैहुनुहुन्छ । उहाँका ओठ क्रोधले पूर्ण र उहाँको जिब्रो भस्म गर्ने आगोजस्तै छन् । उहाँको सास घिच्रोसम्मै डुबाउने उर्लंदो नदीझैं छ । उहाँले जाति-जातिहरूलाई नाश गर्ने नाङ्लोले निफन्नुहुन्छ र उहाँले मानिसहरूलाई कुबाटोतिर लैजाने लगाम तिनीहरूका मुखमा लगाइदिनुहुन्छ ।... रीसको झोँक, भस्म गर्ने आगोको ज्वाला, र गड्याङगुडुङ र*

*आँधीबेहरी र असिनासहित परमप्रभुले मानिसहरूलाई आफ्नो प्रतापको वाणी सुन्न र आफ्नो बाहुबलको चमक देख्न लगाउनुहुनेछ ।...*
*किनभने तोपेतलाई अघिदेखि एउटा राजाको निम्ति तयार पारिएको हो । प्रशस्त आगो र दाउरासहित आगो सल्काउने खाल्डो गहिरो र ठूलो बनाइएको छ । जलिरहेको गन्धकको खोलाले झैँ परमप्रभुको सासले त्यसलाई जलाउनेछ ।"*
*- प्रस्थान ३०:२७-२८, ३०, ३३*

*"यसकारण सर्वशक्तिमान् परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ: "ती मानिसहरूले यस्ता कुरा भनेका हुनाले, म मेरो वचन तेरो मुखमा आगो र यी मानिसहरूलाईचाहिँ भस्म हुने दाउरा तुल्याउनेछु ।"*
*- यर्मिया ५:१४*

*"...किनभने प्रेमचाहिँ मृत्युजस्तै प्रबल हुन्छ, यसको तृष्णा चिहानजस्तै हठी । त्यो कुनै पनि ज्वालाभन्दा पनि कड़ा दन्केको आगोझैँ दन्किन्छ ।"*
*- श्रेष्ठगीत ८:६*

परमेश्वरको प्रेम आगो जस्तो हो र धर्मीको हृदयमा त्यो आगो एकदम सुन्दर देखिन्छ । यही कुरालाई चेलाहरुले पेन्टीकोष्टको दिनमा महसुस गरेका थिए ।

*"अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे ।"*

*- प्रेरित २:२-३*

धर्मशास्त्रले भन्दछ कि ति मानिसहरु हुनेछन जो परमेश्वरको चरित्रको आगोमा बस्न सक्नेछन् र धर्मीहरुको हृदयमा परमेश्वरको प्रेमको आगो सधैं बलिरहने छ (हिब्रु १२:२९) जब पापीहरु आफ्नो पापको बोझद्वारा तल दबिनेछन् तब धर्मीहरुको हृदय ख्रीष्टप्रति प्रेम र कृतज्ञताले बल्नेछ ।

*"सियोनमा भएका पापीहरू डराएका छन् । ईश्वरहीनहरूलाई कम्पनले समातेको छ । "भस्म गर्ने आगोसँग हामीहरूमध्ये को बस्न सक्छ र ? अनन्त जलनमा हामीहरूमध्ये को रहन सक्छ र?" त्यही, जो धार्मिकतासाथ हिँड्दछ, र ठीक कुरा गर्दछ, करकापसित लिएको नाफा इन्कार गर्छ, जसले घूस लिन आफ्नो हात बढाउँदैन, जसले हत्याका षड्यन्त्रप्रति आफ्नो कान थुन्छ, दुष्ट्याइँको चिन्तन गर्नुभन्दा आफ्नो आँखा चिम्लन्छ ।"*

*- यशैया ३३:१४-१५*

समयको अन्तम पापीले आफ्नो ज्याला पाउने तर यो ज्याला कसले तिर्नेछ ?

*"किनकि पापको ज्याला मृत्यु हो..."*

*- रोमी ६:२३*

पापले त्यो ज्याला तिर्दछ । पापको बोझ र ख्रीष्टलाई इन्कार गरेको कुराद्वारा उसले ख्रीष्टलाई दैनिकी रुपमा क्रुसमा टाँगेको छ । जब पापीले यी सब कुराहरुको महसुस गर्नेछ तब न्यायको लागि उसको आफ्नो बुझाईले मृत्युको माग गर्नेछ जसरी कयिनले भएको थियो कि मैले क्षमा नै पाउन नसक्ने गरी मेरा पापहरु ठुला छन् ।

येशुले यी सबै अनुभवहरुलाई क्रुसमा बोक्नुभएको थियो । उहाँले नर्कको आगोको पिडा भोग्नुभयो । हाम्रो लागि उहाँ पाप बन्नुभयो र पापको बोझले दबिनुभयो र त्यो श्रापलाई आफुमाथि बोक्नुभयो । जुन कुरा उहाँले क्रुसमा भोग्नुभयो त्यो कुरा पापीहरुले समयको अन्तमा भोग्नेछन् ।

***"तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो । तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन् ।"***

***- प्रकाश २०:९-१०***

धर्मशास्त्रले हामीलाई भन्दछ कि शैतानको मृत्यु कसरी हुनेछ:

*“तेरा धेरै पापहरू र बेईमान व्यापारद्वारा तैंले तेरा पवित्रस्थानहरूलाई बिटुलो पारेको छस्। यसैले गर्दा मैले तँबाटै एउटा आगो निकालिदिएँ, र त्यसले नै तँलाई भस्म पार्‍यो। तँलाई नियालेर हेर्नेहरू सबैका दृष्टिमा मैले तँलाई जमिनमा खरानी तुल्याइदिएँ।*

*- इजकिएल २८:१८*

यो पदले हामीलाई के-के हुनेछ स्पष्ट रुपमा भन्दछ –

१. शैतानले आफुलाई आफ्नो धेरै पापहरु र बेईमानहरुद्वारा बिटुलो बनायो

२. मैले तँबाट एउटा आगो निकालिदिए - ग्लानिको आगो । कसरी परमेश्वरले यसलाई निकाल्नुहुन्छ? उहाँको चरित्रको प्रेम उहाँको व्यवस्थामा प्रकट गरिएको छ ।

३. त्यसले तलाई भस्म पार्यो - शैतानको भित्रि हृदयबाट आउने आगोले उसलाई भस्म पार्यो

४. शैतान भस्म भएपछी खरानी भयो

शैतानले आफुले गरेको पापहरुलाई नजरअन्दाज गर्न स्दैन जसलाई उसले परमेश्वरको उपस्थितिमा हुँदा गरेको थियो । परमेश्वरको प्रेमिलो पवित्रता र शुद्धता यत निस्वार्थ छ कि यसले हृदयमा बलिरहेको आगोको जस्तो काम गर्दछ । यो प्रक्रियाले शैतानलाई भस्म पार्दछ । उ भस्म भएपछी खरानीमा परिणत हुनेछ ।

पापीको विनासलाई एसद्रासको दोस्रो पुस्तकमा यसरी लेखिएको छ :

> ***"मेरो पुत्रले ति राज्यहरुको पाई आविस्कारलाई हप्काउनेछ, किनभने तिनीहरुको पापी जीवन पापमा फसेको छ; तिनीहरुको पापी स्वभाव अगाडी तिनिहरुले यातना पाउनेछन र आगोद्वारा नष्ट पारिनेछन् जो तपाईले दिनुभएको व्यवस्थामा आधारित छ ।"***
>
> ***- २ एसद्रास १३:३७-३८***

जुन व्यवस्थाले पापीलाई त्यस्तो यातना दिन्छ त्यो आफैमा एक अग्निमय व्यवस्था हो तर यो प्रेममा दिइएको व्यवस्था हो । हाम्रो मुक्तिदाता यस संसारलाई दोषी ठहराउन आउनुभएको हैन तर आफुद्वारा संसारलाई बचाउन आउनुभएको हो । व्यवस्था प्रेमको व्यवस्था हो तर यो परमेश्वरको प्रेमको चरित्र भएको कारण पापीहरुले दोषी महसुस गर्दछन् ।

> ***"तिनले भने: "परमप्रभु सीनैबाट आउनुभयो, र सेइरबाट तिनीहरूमाथि उदय हुनुभयो । उहाँ पारान डाँड़ाबाट चम्कनुभयो । लाखौँ पवित्र जनहरूसँग दक्षिणबाट, आफ्ना पहाड़का भिरालो ठाउँबाट उहाँ आउनुभयो । निश्चय नै तपाईं मानिसहरूलाई प्यारो गर्ने हुनुहुन्छ, सबै पवित्र जनहरू तपाईंकै हातमा छन् । तिनीहरू सबै तपाईंका पाउमा दण्डवत् गर्छन्, र तपाईंबाट अर्ती लिन्छन्"***
>
> ***- व्यवस्था ३३:२-३***

बाइबलमा पापीहरु जलेर भस्म हुनेछन् भन्ने कुरालाई कसरी बुझ्नुहुन्छ ?

> ***"तब तिमीहरूले दुष्टहरूलाई खुट्टाले कुल्चनेछौ । जुन दिन म त्यो काम गर्छु, त्यस दिन उनीहरू तिमीहरूका पैतालामुनि खरानीजस्तै हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"***
> ***- मलाकी ४:३***

जब पापले पापीहरुलाई आफ्नो ज्याला तिर्नेछ तब तिनीहरु आफ्नो ग्लानिको श्रापद्वारा तिनीहरु जल्नेछन् । तिनीहरुको पापी शरीर खरानीमा परिणत हुनेछ ।

> ***"तिमीहरू परमेश्‍वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन् ।"***
> ***- २ पत्रुस ३:१२***

धेरैले पापीको अन्तिम मृत्युलाई अरुलाई टोक्ने भुस्याहा कुकुरको मृत्युसंग दाजेंका छन्; यसकारण तिनीहरुलाई मार्नुपर्छ भने कुरामा विश्वास गर्छन् । यो उदाहरणसंग एउटा समस्या छ, कुकुरको मालिकले लामो समयको लागि आगो बालेर कुकुरलाई जिउदैं जलाउदैन र मर्नुभन्दा अगाडी यसलाई तड्पाउदैन । यो उदाहरण कठोर हृदयबाट आएको हो । हाम्रो स्वर्गीय पिताले कहिले पनि यस्तो गर्नुहुन्न । यदी तपाईले परमेश्धरको प्रेमलाई बुझ्नुभएको छ भने तपाईले यो कुरा विश्वास गर्नुहुन्छ

कि परमेश्वरले कदापी आफ्नो सन्तानहरुलाई यस्तो निर्मम तरिकाले मार्नुहुन्न । परमेश्वर क्रुर हुनुहुन्छ भन्ने कुरा यस संसार यसकारण प्रख्यात छ किनभने मानिसले क्रुसको प्रेमको सत्यतालाई आफ्नो हृदयमा प्रवेश गर्न दिएका छैनन् । परमेश्वरको प्रेमिलो चरित्रको अगाडी उसको हृदय एकदम कठोर हुन्छ र यो कुरा उहाँको चेलाहरुमा पनि लागु हुन्छ यसकारण त उनीहरुले स्वर्गबाट आगो झारेर मानिसहरुलाई जलाउने भनेर कुरा गर्दछन् ।

हामीहरुले चेलाहरुको अनुभवबाट पाठ सिक्नुपर्छ र जब येशुको रुप परिवर्तन भएको थियो तब पिताको आज्ञालाई हामी सुनौं, "यिनको वचन पालन गर" । उहाँको यो वचनलाई पालन गरौं जसरी उहाँले एक बालकलाई लिएर भन्नुभयो - "यदी यो बालकजस्तो भएन भने हामी स्वर्गको राज्यमा प्रवेश गर्न सक्दैनौं । हामीले हाम्रो हृदय कठोर पार्नुहुन्न जसरी मोशाले सुसमाचार सुनाउदा इस्राएलीहरुले उसलाई आफ्नो अनुहार ढाक्न भनी अनुरोध गरेका थिए ।

> ***"यसकारण त्यस पुस्तासँग म क्रोधित भएँ, र भनें, 'तिनीहरूका हृदय सधैँ बरालिन्छन्, तिनीहरूले मेरा मार्ग चिनेका छैनन् ।' यसैले मैले आफ्नो क्रोधमा यसरी शपथ खाएँ, मेरो विश्राममा तिनीहरू कहिल्यै पस्नेछैनन्' ।" भाइ हो, होश गर, तिमीहरूमध्ये कसैमा भएको दुष्ट र अविश्वासी हृदयले तिमीहरूलाई जीवित परमेश्वरबाट टाढ़ा नलैजाओस् । जबसम्म "आजको दिन" भन्ने कुरा छ, तबसम्म एउटाले अर्कालाई अर्ती***

*देओ, र पापको छलछामले तिमीहरू कसैको हृदय कठोर नहोस् । यदि हामीले हाम्रो सुरुको भरोसालाई अन्त्यसम्मै दृढतासाथ थामिराख्यौं भने, हामी ख्रीष्टका सहभागी भएका छौं । धर्मशास्त्रले भन्दछ, "आजै तिमीहरूले उहाँको शब्द सुन्यौ भने विद्रोहका दिनमा जस्तै गरी आफ्नो हृदय कठोर नपार ।"*

*- हिब्रु ३:१०-१५*

यदी तपाईले क्रुसको शक्तिलाई इन्कार गर्नुहुन्छ भने तपाईले आफ्नो हृदय कठोर पार्ने खतरामा हुनुउंच यद्धपि तपाईले परमेश्वरको वचन सुन्नुहुन्छ तर उहाँक बोलावटलाई इन्कार गर्नुहुन्छ जसको कारण परमेश्वरले पिडा पाउनुहुन्छ । यदी आज तपाईले परमेश्वरको वचन सुन्नुहुन्छ भने तपाई आफ्नो हृदय कठोर नपार्नुहोस् ।

## ८. पापीहरुलाई किन ढुंगा हान्ने आदेश दिईयो ?

आत्म-ईन्कार गर्ने क्रुसप्रति आफ्नो मन कठोर गर्दा चेलाहरुमा ति सामरीहरुलाई मार्ने रहर जागेको थियो । त्यही कठोरताले यहुदी

धर्मगुरुहरुको मनमा पनि बास गरेको थियो जसको कारण तिनीहरुले येशुलाई मार्ने निर्णय गरेका थिए । तिनीहरुले येशुली आफ्नो जालमा फसाउन धेरै प्रयत्न गरेका थिए जसको कारण तिनीहरुले उहाँको वचन र काममा ध्यान दिएका थिए ताकी उहाँलाई जालमा फसाउन र ढोंगी घोषित गर्न सकुन । हामीले यसको उदाहरण यूहन्नाको सुसमाचारमा पनि पाउन सक्छौं ।

> ***"उहाँ एकाबिहानै फेरि मन्दिरमा जानुभयो, र सबै मानिसहरू उहाँकहाँ आए, र उहाँ बस्नुभयो, र तिनीहरूलाई शिक्षा दिनुभयो । शास्त्री र फरिसीहरूले व्यभिचारमा पक्राउ परेकी एउटी स्त्रीलाई ल्याए, र त्यसलाई माझमा उभ्याए। तिनीहरूले उहाँलाई भने, "गुरुज्यू, यो स्त्री व्यभिचारको कर्ममा पक्राउ परी । व्यवस्थामा मोशाले यस्ताहरूलाई ढुङ्गाले हान्ने हामीलाई आज्ञा दिएका छन्। तपाईं यसको बारेमा के भन्नुहुन्छ ?"***
>
> ***- यूहन्ना ८:२-५***

फारसीहरुले सोचे कि यो एकदम राम्रो जाल हो । यदी येशुले त्यस स्त्रीलाई बचाउन खोज्नुभयो भने उनीहरुले उहाँलाई मोशाको आज्ञा तोडेको दोष लगाउने छन् वा यदी उहाँले त्यस स्त्रीलाई मार भन्नुभएको खण्डमा उनिहरुले उहाँलाई न्याय आफ्नो हातमा लिएको दोष लगाउनेछन् । येशुले पहिला नै भन्नुभएको थियो कि उहाँ व्यवस्था र अगमवक्ताहरुलाई नाश गर्न आउनुभएको हैन र व्यवस्थाको एक पनि शब्द तलमाथि गर्न आउनुभएको हैन । मोशाले व्यवस्थामा यस्तै लेखेका थिए:

*"'यदि कसैले अर्काकी पत्नीसित व्यभिचार गऱ्यो भने व्यभिचारी र व्यभिचारिणी दुवै मारिनैपर्छ ।"*

*- लेवी २०:१०*

*"ती दुवैलाई सहरको बाहिर लगेर ढुङ्गाले हानेर मार्नू— सहरभित्रै भएर पनि सहायताको लागि नचिच्च्याएकीले त्यस स्त्रीलाई मार्नू, र आफ्नो दाजुभाइकी पत्नीको सतीत्व नष्ट पारेकोले त्यस पुरुषलाई मार्नू । तिमीहरूले आफ्ना बीचबाट यस्तो खराबी हटाउनुपर्छ ।"*

*- व्यवस्था २२:२४*

यो स्त्री व्यभिचारमा पक्राउ परेकी थिईन् । व्यवस्था अनुसार उसलाई ढुंगाले हानेर मृत्युदण्ड पाउनु थियो । यस स्त्रीलाई येशुको पाउमा फ्याकिएको थियो जसले व्यवस्था दिनुभएको थियो ताकी उहाँले यस विषयमा के गर्नुहुन्छ त्यो तिनीहरुले देख्न सकुन । यो कुरा जान्न एकदम जरुरी छ कि सिनै पर्वतमा परमेश्वरको पुत्रले नै व्यवस्था दिनुभएको थियो ।

*"तब व्यवस्थाको आवश्यकता किन पऱ्यो त ? जुन सन्तानलाई प्रतिज्ञा भएको थियो, ऊ नआउन्जेल अपराधको कारणले व्यवस्था थपियो । अनि एक जना मध्यस्थले स्वर्गदूतहरूद्वारा व्यवस्थाको स्थापना गऱ्यो ।"*

*- गलाती ३:१९*

*"किनकि परमेश्‍वर एउटै हुनुहुन्छ, परमेश्‍वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ मानिस, ख्रीष्‍ट येशू ।"*

*- १ तिमोथी २:५*

परमेश्वरको वचनको रुपमा येशुले "तैंले व्यभिचार नगर्नु" भन्ने आज्ञा दिनुभएको थियो । अब ति स्त्री उहाँको पाउमा थिइन् र उनलाई दोष लगाउनेहरु येशुले के गर्नुहुन्छ भन्ने कुरामा पर्खेर बसेका थिए । येशु निहुरेर जमिनमा केहि लेख्न थाल्नुभयो । अनि उहाँले तिनीहरुलाई भन्नुभयो:

*"तर जब तिनीहरूले उहाँलाई सोधी नै रहे, तब उहाँले खड़ा भएर तिनीहरूलाई भन्‍नुभयो, "तिमीहरूमा जो पापरहित छ, त्यसैले यस स्‍त्रीलाई पहिले ढुङ्‌गा हानोस् ।"*

*- यूहन्ना ८:७*

यो वाक्य एकदम आश्चर्यजनक छ र फारसीहरुको विचारधारालाई नै अलमलमा पारीदिन्छ । यो कुरा उनीहरुको विचारधारामा भन्दा एकदम अलग थियो । यद्धपी येशुले मोशालाई दिइएको कुरालाई नै मान्नुभएको थियो जसमा परमेश्वरको नाम निन्दा गर्नेलाई ढुंगाले हान्नु भनिएको थियो ।

*"परमप्रभुका नाउँको निन्दा गर्नेलाई सारा समुदायले ढुङ्‌गा हानेर मार्नुपर्छ । स्वदेशी अथवा परदेशी जोसुकै होस्, त्यसले परमप्रभुका नाउँको निन्दा गर्‍यो भने त्यसलाई मार्नैपर्छ । "'कसैलाई मर्ने गरी*

*हिर्काउनेलाई मार्नैपर्छ ।"*

*- लेवी २४:१६, १७*

*"सबै इस्राएली समुदायलाई भन्: तिमीहरू पवित्र होओ, किनभने म, परमप्रभु तिमीहरूका परमेश्वर, पवित्र छु ।"*

*- लेवी १९:२*

के हुदैंछ यहाँ ? परमेश्वरको नाम निन्दा गर्नेलाई मार्नुपर्छ तर यदी कसैले अरुलाई हत्या गर्यो भने पनि त्यो व्यक्तिलाई मार्नुपर्छ । के त्यो व्यक्ति जसले अरुलाई ढुंगाले हारे मार्छ त्यो मानिसले अरुलाई मारेको हुदैन र ? के त्यो व्यक्ति मृत्युदण्डको भागीदार हुदैन र ? के यस कुरालाई येशुले भन्नुभएको कुरासंग जोड्न सकिन्छ जब येशुले भन्नुभयो कि केवल त्यस व्यक्तिले मात्र अरुलाई मृत्यदण्ड दिनसक्छ जसले अहिलेसम्म पाप गरेको छैन र पवित्र छ । येशु मात्रै यस्तो व्यक्ति हुनुहुन्थ्यो जसले पाप गर्नुभएको थिएन र उहाँले यस विषयमा के गर्नुभयो त ?

जब येशुले मन्दिरको भुईमा लेख्नुभयो तब उहाँले व्यवस्थामा लेखिएको कुराहरुको आत्मिकी अनुशरण दिनुभएको थियो । यदी कोहि व्यक्तिले आफ्नो पत्नीआई व्यभिचारको संका गर्छ भने उसले आफ्नो पत्नीलाई मन्दिरमा पूजाहारीको सामु उभाउनु पर्ने थियो र व्यवस्थाले यस विषयमा के भन्दछ त्यस कुरालाई पालन गर्नु पर्नेथियो ।

*"'अनि पूजाहारीले त्यस स्त्रीलाई नजिक ल्याएर परमप्रभुको सामुन्ने उभ्याऊन् । त्यसपछि पूजाहारीले माटोको भाँड़ामा शुद्ध*

*पानी ल्याऊन्, र पवित्र वासस्थानको भूइँको अलिकता धूलो लिएर त्यस पानीमा हालिदेऊन् । अनि पूजाहारीले त्यस स्त्रीलाई परमप्रभुको सामुन्ने खड़ा गराएर त्यसको केश फुकाइदेऊन् र त्यसका हातमा सम्झना-बलि, अर्थात् डाहको अन्नबलि राखिदेऊन्, अनि श्राप ल्याउने तीतो पानी पूजाहारीले आफ्ना हातमा लेऊन् । तब पूजाहारीले त्यस स्त्रीलाई शपथ खान लगाएर यसो भनून्, “यदि कुनै मानिस तँसित सुतेको छैन, र आफ्नो पतिको अधीनमा हुँदा भ्रष्ट चालमा हिँड़ेर तँ अशुद्ध भएकी छैनस् भने, श्राप ल्याउने यो तीतो पानीबाट तँलाई केही हानि नहोस् । तर तेरो पतिको अधीनमा हुँदाहुँदै पनि तँ बरालिएर गएकी छस्, अनि तेरो पतिबाहेक अन्य मानिससित तँ सुतेर बिग्रिएको छस् भने” - यहाँ पूजाहारीले त्यस स्त्रीलाई श्रापको शपथ खुवाऊन्— “परमप्रभुले तेरो जाँघ सुक्ने र तेरो पेट सुनिने तुल्याउनुहुँदा, उहाँले तँलाई तेरा मानिसहरूका बीचमा श्राप र धिक्कारको कारण तुल्याऊन् । यो श्राप ल्याउने पानीले तेरो भुँडीभित्र पसेर तेरो पेट सुनिने र तेरो जाँघ सुक्ने तुल्याऊन् ।” “‘तब त्यस स्त्रीले “आमेन, यस्तै होस्,” भनोस् । “‘अनि पूजाहारीले ती श्रापहरू मुट्ठोमा लेखेर त्यो तीतो पानीले पखालेर मेटिदेऊन्,”*

*- गन्ती ५:१६-२३*

यी मानिसहरुले ति स्त्रीलाई व्यभिचारको कार्यमा पक्रेका थिए र यसको फाईदा लिएका थिए । जब येशुले माटोमा लेख्नुभयो तब पवित्र आत्माले

मानिसहरुमा आफ्नो पापप्रति आत्मग्लानिले भरीदिनु भयो । तिनीहरु येशुप्रति एकदम ईर्ष्यालु भएका थिए । भजनसंग्रहका लेखकले आफ्नो पुस्तकमा लेखेका छन् ।

> ***"जब म मौन रहें, दिनभरिको मेरो करुण-क्रन्दनले मेरा हाड़हरू खिइएर गए ।"***
>
> ***- भजनसंग्रह ३२:३***

आफ्नो पापलाई स्वीकार गरेर क्षमा माग्नुको बदली यी मानिसहरु चुपचाप आफ्नो पाप लिएर गए जसको कारण तिनिहरुको हाड़हरु खिइएर गए ।

> ***"येशूले त्यस स्त्रीलाई हेरेर भन्नुभयो, "ए नारी, तिनीहरू कहाँ गए ? के कसैले तिमीलाई दण्ड दिएन?" त्यसले भनी, "प्रभु, कसैले दिएन ।" येशूले भन्नुभयो, "म पनि तिमीलाई दण्ड दिन्नँ । जाऊ, अनि फेरि पाप नगर।"***
>
> ***- यूहन्ना ८:१०-११***

> ***"तर त्यो स्त्री नबिग्रिएकी र साध्वी नै छे भने, त्यो निर्दोषी ठहरिएर गर्भवती हुन सक्नेछे ।"***
>
> ***- गन्ती ५:२८***

येशुले त्यस स्त्रीलाई उनको पाप क्षमा गर्नुभएको थियो; उहाँले त्यस स्त्रीको पापलाई हटाईदिनुभएको थियो र त्यस स्त्री पापरहित भएकी थिईन् ।

त्यस स्त्री स्वतन्त्र भएकी थिईन् र उनले आफ्नो हृदयमा ख्रीष्टको आत्मालाई प्रकट गरेकी थिईन् ।

जब येशुले फारसीहरुलाई भन्नुभयो कि तिनीहरुमध्य जो पाप रहित छ, उसले पहिला ढुंगा हानोस्, तब उहाँले त्यस स्त्रीलाई मृत्युदण्डको घोषणा गर्नुभएको थियो । उहाँले त्यस स्त्रीको पापलाई हटाउन खोज्नुभएन । उहाँले त्यस स्त्रीमाथि लागेको आरोपलाई गहन रुपमा हेर्नुभएको थियो र त्यस स्त्रीले सोचेकी थिइन् कि उ निश्चय नै मर्ने छिन् । माटोमा येशुले लेख्नुभएको लेखावटले फारसीहरुलाई उनीहरुको पापको आभास गराएको थियो र तिनीहरु त्यस ठाउँ छाडेर गईहाले । जब त्यस स्त्रीलाई दोष लगाउनेहरु गए तब येशुले त्यस स्त्रीलाई सोध्नुभयो कि उनलाई दोषी ठहराउनेहरु कहाँ गए । त्यस स्त्रीले भनी कि तिनिहरु त गईहाले, अब त्यस स्त्रीको भविष्य उहाँको हातमा निर्भर थियो । उहाँले भन्नुभयो म पनि तिमिलाई दोषी ठहराउन्न र अब जाउ र पाप नगर । येशु, जसले व्यवस्था दिनुभएको थियो, उहाँले यो देखाउनुभयो कि व्यवस्थालाई उहाँले सधैं अनुग्रह प्रदान गर्न मात्र प्रयोग गर्ने ईच्छा गर्नुभएको छ । यदी उहाँले त्यस महिलालाई त्यतिकै छाडीदिनु भएको भए, त्यस स्त्रीलाई अनुग्रहको खाँचो पर्ने थिएन यसकारण उहाँले त्यस स्त्रीलाई अनुग्रह प्रदान गर्न व्यवस्थालाई प्रयोग गर्नुभएको थियो । व्यवस्थाको पूर्ण उद्देश्य नै यही हो । व्यवस्थाले हामीलाई ख्रीष्टको नजिक ल्याउने प्रयत्न गर्छ ताकी हामी विश्वासद्वारा धर्मी ठहरिन सकौं । गलाती ३:२४ ।

यो कति दु:खलाग्दो कुरा छ कि यहुदी धर्मगुरुहरुले यो कुरामा विश्वास गरेका थिए कि त्यस स्त्रीलाई ढुंगाले हानेर मार्ने ईच्छा परमेश्वरको हो । यस विषयको यथार्थमा हामी अल्झीरहन हुदैंन । यदी त्यहाँ रोमी शासन नभएको भए यी मानिसहरुले व्यवस्थालाई आफ्नो ईच्छा अनुरुप प्रयोग गर्ने थिए र त्यस स्त्रीलाई ढुंगाले हानेर मार्ने थिए । यो कुरा स्तिफनसको विरुद्धमा प्रयोग गरेका थिए ।

> ***"तर तिनीहरू उच्च सोरले कराई उठे, र आ-आफ्ना कान थुने, र तिनीहरू एकसाथ तिनीमाथि झम्टे । तिनीहरूले तिनलाई सहर बाहिर निकाली लगे, र तिनीमाथि ढुङ्गा बर्साए । र साक्षीहरूले आफ्ना वस्त्रहरू शाऊल नाउँ भएको एक जना युवकका खुट्टानेर राखे । जसै तिनीहरूले स्तिफनसमाथि ढुङ्गा हानिरहेका थिए, तिनले प्रार्थना गरे, "हे प्रभु येशू, मेरो आत्मालाई ग्रहण गर्नुहोस् ।"***
> ***- प्रेरित ७:५७-५९***

पापीलाई ढुंगाले हानेर मार्ने परमेश्वरमा तिनीहरुले विश्वास गरेका थिए । एक छिन कल्पना गर्नुहोस् त ति विचरी स्त्रीलाई ढुंगाले हानेको र उसको शिरमा ढुंगाले लागेर उ ढलेकी र डर र भयले काँपेकी । यो सबै काम खत्तम भएपछी त्यहाँ रक्ताम्मे एउटा लास हुन्थ्यो र त्यस लासको वरीपरि ढुंगा नै ढुंगा हुन्थ्यो र यो एक चेतावनीको रुपमा हुन्थ्यो कि परमेश्वरसंग खेलवाड हुदैन र यदी तिमिले पाप गर्छौ भने तिमि अवश्य पनि मारिने छौ । यो कुराको चित्रण गर्दा के तपाईको हृदयमा परमेश्वरप्रति प्रेमले भरिएर

आउँछ ? के तपाई त्यस्तो परमेश्वरको उपस्थीतिमा रमाउन चाहनुहुन्छ जसले पापीहरुलाई किरालाई मारे झैं मार्नुहुन्छ ?

किन मोशाले ढुंगाले हानेर मार्ने आदेश दिए ? व्यवस्थाले त परमेश्वरको चरित्रलाई प्रतिबिम्बित गर्छ । यदि यो कुरा उहाँले दिनुभएको हो भने उहाँले यो कुरा पुरा भएको चाहनुउन्छ भन्ने कुरालाई हामी बुझ्न सक्छौं । एउटा महत्वपूर्ण कुरा छ जसलाई हामीले बुझोस् भनी येशु चाहनुहुन्छ ।

> *"अरूलाई दोषी नठहराओ, र तिमीहरू पनि दोषी ठहराइनेछैनौ । किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ । जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ ।"*
>
> ***- मत्ती ७: १, २***

हाम्रो स्वर्गीय पिताले यस्तो व्यवस्था बसाल्नुभएको छ कि जसले मानिसहरुलाई उनीहरुले गरेको न्याय बमोजिम न्याय गरिन्छ । आउनुहोस्, यो ढुंगा हान्ने प्रथा कहाँबाट आयो हामी हेरौं । यस प्रथालाई बाइबलमा पहिलो पटक यहाँ वर्णन गरिएको छ ।

> *"तर मोशाले भने, "यसो गर्नु ठीक हुँदैन, किनकि परमप्रभु हाम्रा परमेश्वरको निम्ति हामीले चढाउने बलिदेखि मिश्रीहरू घीन मान्छन्। मिश्रीहरूकै आँखाका सामुन्ने उनीहरूले घीन गर्ने बलि*

*हामीले चढ़ायौं भनेता उनीहरूले हामीलाई ढुङ्गाले नहान्लान्?"*

*- प्रस्थान ८:२६*

यो ढुंगा हान्ने प्रथालाई मिश्रीहरुले पालना गर्थे । मिश्रीहरुको भगवानको विरुद्ध बागी हुनेहरुलाई यिनीहरुले यस्तै व्यवहार गर्थे । उजाडस्थानमा गएर बलिदान चढाउने इस्राएलीहरुको अनुरोधको पछी यो कारण थियो कि ति बलि चढाईने जनवारहरुलाई मिश्रीहरुले पूजा गर्थे । फारोलाई यो कुरा थाह थियो यदी इस्राएलीहरुले यहाँ बली चढाएभने, पक्कापनि मिश्रीहरुले ढुंगा हान्नेछन् । इस्राएलीहरुले यो प्रथालाई अपनाएका थिय जब तिनीहरुले मोशालाई ढुंगा हान्ने ईच्छा गरेका थिए ।

*"तब मोशाले यसो भनी परमप्रभुलाई पुकारा गरे, "म यी मानिसहरूलाई के गरूँ ? यिनीहरूले त मलाई ढुङ्गाले हान्नै आँटेका छन् ।"*

*- प्रस्थान १७:४*

जब कालेब र यहोशुले कनान देशमा आक्रमण गर्ने सलाह दिँदा उनीहरुलाई ढुंगाले हान्न खोजेका थिए ।

*"यदि परमप्रभु हामीसित प्रसन्न हुनुभयो भने, उहाँले हामीलाई त्यस देशमा ल्याउनुहुनेछ, र त्यो दूध र मह बग्ने देश हामीलाई दिनुहुनेछ । केवल परमप्रभुको विरुद्धमा खड़ा नहोओ। र त्यस देशका मानिसहरूसित नडराओ, किनकि उनीहरू त हाम्रा शिकार हुनेछन् । उनीहरूको सुरक्षा उनीहरूबाट हटिसकेको छ, तर परमप्रभु हामीतर्फ*

*हुनुहुन्छ। उनीहरूसित नडराओ ।" तर सारा समुदायले तिनीहरूलाई ढुङ्गाले हान्नुपर्छ भनी मतो गरे । त्यस बेला परमप्रभुको महिमा भेट हुने पालमा सबै इस्राएलीहरूकहाँ देखा पर्‍यो ।"*

*- गन्ती १४:८-१०*

यदी परमेश्वरले नरोक्नुभएको भए, तिनीहरुले त्यो गर्ने थिए । त्यसोभए किन परमेश्वरले मिश्री प्रथालाई इस्राएलीहरुको व्यवस्थामा हाल्न दिनुभयो ।

*"किनभने तिनीहरूले मेरा नियमहरू मानेनन्, र मेरा विधिहरूलाई इन्कार गरे, र मेरा शबाथहरूलाई बिटुलो पारे । तिनीहरूका नजर आफ्ना पिता-पुर्खाहरूका मूर्तिहरूमा मोहित भए। मैले तिनीहरूलाई यस्ता धार्मिक-विधानहरू पनि दिएँ जो असल थिएनन्, र यस्ता नियमहरू दिएँ जसद्वारा तिनीहरू बाँच्न सक्नेथिएनन् ।"*

*- इजकिएल २०:२४, २५*

यो ढुंगाले हानेर न्याय गर्ने प्रथा एकदम गलत थियो र यससंग जोडिएको कुराहरु पनि एकदम गलत थिए । ढुंगाले हानेर ज्यान लिनु राम्रो कुरा थिएन । यी सजायहरु सबै ति मानिसहरुको समझशक्ति र पापको न्यायलाई लिएर तिनीहरुको बुझाईसंग मेल खाएको थियो जुन कुरा तिनीहरुले मिश्रीहरुबाट सिकेका थिए । येशुले भन्नुभएको छः

*"म तपाईंसँग डराएँ, किनकि तपाईं कठोर मानिस हुनुहुन्छ । जे राख्नुभएन त्यो लिनुहुन्छ, र जे छर्नुभएन त्यसैको कटनी गर्नुहुन्छ*

*।' "तिनले त्यसलाई भने, 'तेरै मुखको कुराबाट म तेरो इन्साफ गर्नेछु, ए दुष्ट नोकर! जे राखिनँ त्यो लिने, र जे छरिनँ त्यसको कटनी गर्ने म कठोर मानिस हुँ भनेर तैंले जानेकै थिइस् ।"*

*- लूका १९:२१, २२*

परमेश्वर एकदम कठोर व्यक्ति हुनुहुन्छ भन्ने कुरामा इस्राएलीहरुले विश्वास गरेका थिए । तिनीहरुले उहाँको महिमालाई भस्म पार्ने आगोको रुपमा देखेका थिए ।

*"इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो।"*

*- प्रस्थान २४:१७*

याद राख्नुहोस् इस्राएलीहरु आफैले यो प्रथालाई स्वीकार गरेका थिए । प्रस्थान १७:४ मा जब इस्राएलीहरु मोशालाई ढुंगा हान्न तयार भएका थिए तब तिनीहरुले अनुग्रहबिना न्यायको आत्मालाई प्रकट गरेका थिए ।

*"किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ । कृपा न्यायमाथि विजयी हुन्छ ।"*

*- याकुब २:१३*

इस्राएलीहरुले आफ्नो न्यायिक व्यवस्थामा दया नदेखाएको कारण, त्यही न्यायिक व्यवस्था फर्केर तिनीहरुमाथि आइपरेको थियो । तिनीहरुले यो कुरामा विश्वास गर्न रोजे कि परमेश्वरले तिनीहरुलाई उजाडस्थानमा मार्न ल्याउनुभएको हो र यसकारण तिनीहरुले मोशालाई ढुंगाले हानेर मार्ने

निर्णय गरेका थिए। इस्राएलीहरु आफैले यो कुरा खोजेका कारण यसको दोष परमेश्वरलाई दिन मिल्दैन। परमेश्वर प्रति तिनीहरुको गलत धारणाको कारण इस्राएलीहरुले आफैलाई मृत्युदण्डको घोषणा गरेका थिए।

परमेश्वरले तिनीहरुलाई उजाडस्थानमा मार्न ल्याउनुभएको कुरालाई पटक पटक इस्राएलीहरुले दोहोर्याएका थिए:

*"तिनीहरूले मोशालाई भने, "के मिश्रमा चिहानहरू थिएनन्, र तपाईंले हामीलाई यस उजाड़-स्थानमा मर्नलाई ल्याउनुभयो ? हामीलाई मिश्रबाट ल्याएर यो के गर्नुभयो ?"*

*- प्रस्थान १४:११*

*"अनि इस्राएलीहरूले तिनीहरूलाई भने, "हामी मिश्रमा मासुका कराहीहरूका वरिपरि बसी अघाउञ्जेल खाना खान्थ्यौं। त्यसै बेला हामी परमप्रभुको हातबाट मरेका भएदेखि असल हुनेथियो। तर तपाईंहरूले हामी र हाम्रा यस जम्मै समुदायलाई भोकले मार्न उजाड़-स्थानमा ल्याउनुभएको छ।"*

*- प्रस्थान १६:३*

*"सबै इस्राएलीहरू मोशा र हारूनका विरुद्धमा गनगनाए, र सारा समुदायले तिनीहरूलाई भने, "हामी मिश्रदेशमा नै मरेका भए असल हुनेथियो, अथवा यस उजाड़-स्थानमा मरेका भए पनि हुन्थ्यो। किन परमेश्वरले हामीलाई तरवारले मर्नलाई यस ठाउँमा*

*ल्याउनुहुँदैछ? हाम्रा जहान र बालबच्चा लूट स्वरूप पक्रिनेछन्। अब मिश्रदेशमा नै फर्कन हामीलाई उचित होइन र?"*

*- गन्ती १४:२, ३*

तिनीहरुको आफ्नो न्यायिक व्यवस्थानुसार तिनीहरुले न्याय पाए:

*"परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "मेरो विरुद्धमा यस दुष्ट समुदायले कतिसम्म गनगनाउने ? तिनीहरूले मेरो विरुद्धमा गनगनाएका मैले सुनेको छु । तिनीहरूलाई भनिदेओ, 'जस्तो म जीवित छु, परमप्रभु घोषणा गर्नुहुन्छ, मैले सुन्ने गरी तिमीहरूले जे-जे भनेका थियौ, म त्यही नै गर्नेछु । तिमीहरूका लाश यही उजाड़-स्थानमा छोड़िनेछन्, अनि यपुन्नेका छोरा कालेब र नूनका छोरा यहोशूबाहेक गणना भएको र मेरो विरुद्धमा गनगनाउने बीस वर्षदेखि उँभोको कोही पनि वासको निम्ति दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा जान पाउनेछैन ।"*

*- गन्ती १४:२६-२९*

येशुको समयमा पनि आफ्नो पिता-पुर्खाको न्यायिक व्यवस्थालाई फारसीहरुले अनुसरण गरेका थिए । यो कुराद्वारा हामी जान्नसक्छौं कि इस्राएलीहरु निरन्तर रुपमा डर र त्रासमा बाचेंका थिए ।

*"यूहन्नाले दिएको बप्तिस्मा स्वर्गबाट थियो, कि मानिसबाट ?"*
*तिनीहरू आपसमा बहस गर्न लागे, "'स्वर्गबाट' भनौं भने, 'तिमीहरूले उनलाई किन विश्वास गरेनौ ?' भनेर तिनले भन्नेछन्*

*। 'मानिसबाट' भनौं भने, सबै मानिसहरूले हामीलाई ढुङ्गाले हान्नेछन्, किनकि यूहन्ना अगमवक्ता हुन् भन्ने तिनीहरूको पक्का विश्वास छ ।" यसकारण तिनीहरूले जवाफ दिए, "हामी जान्दैनौं, कहाँबाट आएको हो ।"*

*- लूका २०:४-७*

यो कुरा स्पष्ट छ कि इस्राएलीहरु मिश्र देशबाट निस्केका थिए तर मिश्र देश यिनीहरुबाट अझै पनि निस्केका थिएन् । फारसीहरु दोष, क्रोध, बदलाको संसारमा बास गरेका थिए जुन कुराहरु फारोको चरित्रसंग मेल खाएका थिए । परमेश्वरको चरित्रलाई तिनीहरुले कसरी बुझेका थिए यसको यो पुष्टि हो । वास्तवमा भन्नुपर्दा तिनीहरुले आरधना गरेको परमेश्वर फारो जस्तै थियो । जब इस्राएलहरुले नयाँ देश पाए तब परमेश्वरले ति कुराहरुलाई व्यवस्थामा जोडेका थिए । तर यो कुरा कसरी सम्भव छ कि परमेश्वरले यी कुराहरुलाई आफ्नो व्यवस्थामा संलग्न हुन दिनुभयो ? यो कुरा यस कारण भयो किनभने व्यवस्थाको उद्देश्य पापको विषयमा उजागर गराउनु हो ताकी उहाँले अनुग्रहको ढोका खोल्नुहुन्छ ।

*"व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो,"*

*- रोमी ५:२०*

हाम्रो स्वर्गीय पिताले यी सजायहरुलाई व्यवस्थामा जोड्न दिनुभयो ताकी मानिसहरुले अनुग्रहलाई स्वीकार गर्न सकुन् । परमेश्वरको चरित्रको विषयमा यसो लेखिएको छ:

> ***"यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्‍वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्‍वस्ततामा प्रशस्त हुनुहुन्छ ।"***
> ***- प्रस्थान १४:६***

> ***"परमप्रभुमा धन्यवाद चढ़ाओ, किनभने उहाँ भला हुनुहुन्छ, उहाँको करुणा सदासर्वदा रहिरहन्छ ।"***
> ***- भजनसंग्रह १०७:१***

परमेश्वर दयालु हुनुहुन्छ र अरुलाई दया देखाउन तयार हुनुहुन्छ । अनुग्रहले तब कम गर्न छोड्छ जब मानिसले यसमा विश्वास गर्न छोड्छ र सजायलाई स्वीकार गर्छ । मानिसहरुले परमेश्वरलाई आफु जस्तो ठानेर उहाँले दिनुभएको अनुग्रहबाट लुक्द्छन । तिनीहरुले यो कुरामा विश्वास गर्न रोज्छन कि परमेश्वरले मानिसहरुलाई उहाँलाई खुशी राख्न नसकेकोमा मार्नुहुन्छ । यदी यो कुरा सत्य भएको भए उहाँको अनुग्रह अनन्तकालसम्म हुने थिएन । हामीले याद गर्छौं कि न्यायपालले अनुग्रह नदेखाउदा उसले पनि अनुग्रह पाउदैन किनभने यो उसको रोजाई हो । यसकारण जब मानिसले परमेश्वरको निन्दा गर्थ्यो तब त्यो मानिस अनुग्रहबिना ढुंगाले हानेर मारिन्थ्यो ।

*"त्यस इस्राएली स्त्रीको छोराले पवित्र नाउँको निन्दा गरेर सराप्न लाग्यो, र मानिसहरूले त्यसलाई मोशाकहाँ ल्याए। त्यसकी आमाको नाउँ शलोमीत थियो। त्यो दानका कुलको दिब्रीकी छोरी थिई। परमप्रभुको इच्छा तिनीहरूले थाहा नपाएसम्म त्यसलाई थुनामा राखे। तब परमप्रभुले मोशालाई भन्नुभयो, "त्यस सराप बक्नेलाई छाउनीदेखि बाहिर लैजा, र त्यसले भनेका कुरा सुन्नेहरू सबैले आ-आफ्ना हात त्यसको टाउकोमा राखून्। त्यसपछि जम्मै समुदायले त्यसलाई ढुङ्गा हानेर मारून्।"*

*- लेवी २४:११-१४*

इस्राएलीहरु आफैले मागेको मृत्युदण्डलाई परमेश्वरले व्यवस्थामा हाल्न दिनुभएको थियो । हाम्रो पिताले यस मानिसलाई आफ्नो पापप्रति आत्मग्लानि गर्न दिनु भयो ताकी त्यस मानिसले अनुग्रहलाई स्वीकार गर्न सकोस्। यो कुरा एकदम सत्य हो किनभने येशु आफैले यो कुरालाई स्विकार्नु भएको छ।

*"त्यसैकारण म तिमीहरूलाई भन्दछु, मानिसहरूले गरेको हरेक पाप र ईश्वर-निन्दा क्षमा हुनेछ, तर पवित्र आत्माको विरुद्धमा गरिएको निन्दा क्षमा हुनेछैन।"*

*- मत्ती १२:३१*

येशुले भन्नुभयो कि हरेक पाप क्षमा गरिनेछ तर पवित्र आत्माको विरुद्धमा गरिएको पाप कहिले पनि क्षमा हुनेछैन । पवित्र आत्माले हाम्रो समझशक्तिमा काम गर्नु हुन्छ र हामीलाई पापबाट पश्चताप गर्न र दयाको माग गर्न लगाउनु हुन्छ । जब मानिसले निरन्तर रुपमा उहाँको कुरालाई इन्कार गर्छ भने र अनुग्रहलाई लत्याउंछ भने उसलाई त्यसरी नै न्याय गरिने छ जसरी उसले न्यायको चित्रण गरेको छ । लेवी २४ मा यदी त्यो मानिसले दयाको याचना गरेको भए उसले दया पाउने थियो । उसले पवित्र आत्माको निन्दा गरेको थियो जसले उसलाई दयाको लागि याचना गर्न भने अनुरोध गर्नुभएको थियो र दु:खवस परमेश्वरले उसलाई क्षमा गर्नुहुन्न भन्ने कुरामा विश्वास गरेर उसको मृत्यु भयो ।

हामी मध्य कतिजनाले आफ्नो सन्तानले पाप गरेको कारण तिनीहरुलाई ढुंगाले हान्न सक्छौं ? यो कुरा यति नराम्रो छ कि शब्दमा बयान गर्न सक्दैनौं । यद्धपि करोडौं मानिसहरुले यो कुरामा विश्वास गर्छन कि परमेश्वरले इस्राएलीहरुबाट यही कुराको माग गर्नुभएको छ । कति मानिसहरु पुरा जीवन यो कुरामा विश्वास गरेर मरेका छन् । कति इसाईहरु नयाँ नियममा परमेश्वरको चरित्रलाई लिएर खुशी छन तर यो कुरामा विश्वास गर्न चाहदैनन् कि नयाँ नियमको परमेश्वर र पुरानो नियमको परमेश्वर उही हुनुहुन्छ । हामीले यो कुरा याद गर्नुपर्छ कि उहाँ व्यवस्थालाई परिवर्तन गर्न आउनुभएको हैन । व्यवस्था उही छ तर हामीले यो सिक्यौं कि परमेश्वरले कोहि पनि मानिसले मृत्युदण्ड पाएको चाहनुहुन्न तर उनीहरुको लागि अनुग्रह चाहनुहुन्छ ।

म प्रार्थणा गर्दछु तपाईले आफ्नो हृदय परमेश्वरको लागि खोल्नुहुनेछ । उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ । तपाईले आफ्नो पापको कारण मृत्यु पाएको उहाँ चाहनुहुन्न । उहाँ चाहनुहुन्छ कि हामीले उहाँसंग दयाको अनुरोध गरौं । परमेश्वर तपाईसंग रिसाउनुभएको छैन, उहाँले तपाईलाई प्रेम गर्नुहुन्छ र यदी तपाईले पश्चताप गर्नुभयो भने उहाँले तपाईलाई क्षमा गर्नुहुन्छ । व्यभिचारमा फसेकी त्यस स्त्रीलाई उहाँले भन्नुभए झैं - “म पनि तिमिलाइ दोष ल्गाउदीन, जाउ र पाप नगर ।”

परमेश्वर सदा अनुग्रह प्रदान गर्न तयार हुनुहुन्छ तर जुन मानिसहरुले अनुग्रहको इन्कार गर्छन, तिनीहरुले अनुग्रह पाउने छैनन् किनभने तिनीहरुले यस कुरामा विश्वास गरे कि परमेश्वरले पापीहरुलाई क्षमा गर्नुहुन्न यसकारण तिनीहरुले क्षमाको आशालाई त्यागे । कयिनले जसरी तिनीहरुले पनि यो कुरा भने - मैले पाउने क्षमाभन्दा मेरो पाप धेरै छन् ।

> *“तिनीहरूले ज्ञानलाई घृणा गरेका हुनाले, र परमप्रभुको भय मान्न नचाहेका हुनाले,*
> *तिनीहरूले मेरो अर्ती ग्रहण नगरेका हुनाले, र मेरो हप्की तिरस्कार गरेका हुनाले,*
> *तिनीहरूले आफ्नो चालचलनको फल भोग्नेछन्, र आफ्ना कपट योजनाको फलले आफै लादिनेछन् ।*
> *आफ्नै मनमानीपनले गर्दा निर्बुद्धिहरू मर्नेछन्, र मूर्खहरूको आफ्नै निश्चिन्तताले तिनीहरूमाथि नाश आइपर्नेछ ।”*
> *- हितोपदेश १:२९-३२*

परमेश्वरको वचन याद गर्नुहोस् र यसले के भन्छ त्यसमा विश्वास गर्नुहोस्:

*"परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयो: "सधैँभरि रहने प्रेमले मैले तँलाई प्रेम गरेको छु । मैले तँलाई दया गरी खिँचेको छु ।"*

*- यर्मिया ३१:३*

*"परमप्रभु भन्नुहुन्छ, "अब आओ, हामी सँगसँगै बसेर आफ्ना कुराको छलफल गरौं । तिमीहरूका पापहरू सिन्दूरे रङ्गका भए तापनि ती हिउँजस्तै सेता हुनेछन् । गाढ़ा राता रङ्गका भए तापनि ती ऊनजस्तै हुनेछन् ।"*

*- यशैया १:१८*

*'...अनि पूजाहारीले ती श्रापहरू मुट्ठोमा लेखेर त्यो तीतो पानीले पखालेर मेटिदेऊन्,"*

*- गन्ती ५:२३*

# ९. ऐनाको रुपमा व्यवस्था

जब हामी सुसमाचारको पुस्तकहरुमा येशुको कथाहरुमा हेर्छौं तब हामी पितालाई हेर्न सक्छौं । येशुले फिलिपलाई भन्नुभयो यदी तिमिले मलाई देखेको छौ भने तिमिले पितालाई पनि देखेका छौ । यूहन्ना १४:९ । सुसमाचारहरुमा एउटा महत्वपूर्ण कथा छ जसमा हामी पिताको चरित्रलाई मानिसहरुले कसरी बुझेका छन्, त्यसमा चित्रण गरिएको छ । यहुदी राष्ट्रको सेरोफेरोमा येशुले आफ्नो सेवाकाई गर्नु भएको थियो । यो समयमा मुक्तिदाताले फोनीकियाको शहरमा जाने रहर गर्नुभयो ।

यहुदी भएको कारण चेलाहरुको मनमा एकदम गहिरो घमण्डले वास गरेको थियो र उनीहरुले अरुलाई तुच्छ नजरले हेर्ने गर्थे ।

अन्यजातिहरुको माझमा इस्राएललाई ज्योति हुन् बोलाउनुभएको थियो तर तिनीहरुले यो अवसरलाई इन्कार गरे र अन्धकारलाई रोजे र आफ्नो छिमकीहरुलाई घृणा गरे ।

त्यस समाजमा बस्ने एक महिलाले एक यहुदी गुरुको बारेमा सुनेकी थिईन् जसले मानिसहरुलाई निको पार्न सक्छन् । उसको छोरीलाई भुतात्माले सताएको थियो र उनले आफ्नो देवताहरुलाई पुकारा गरेकी थिइन् तर त्यसको केहि पनि लाभ भएको थिएन । त्यस यहुदी गुरुले निको पार्न सक्नुहुन्छ कि हुदैन भनी कुरामा त्यस स्त्रीले सोच्दै थिइन् । उनले आफुमा भएको शंकाहरु बाबजुद पनि उसले येशुसंग विन्ती गर्ने निर्णय गरेकी थिईन् ।

त्यस स्त्रीको कन्द्र्ण येशुको कानमा पुगेको थियो ।

> ***"त्यस इलाकाबाट एउटी कनानी स्त्री आएर कराउँदै भन्न लागी, "हे प्रभु, दाऊदका पुत्र, ममाथि दया गर्नुहोस् । मेरी छोरीलाई भूतले साह्रै सताएको छ ।"***
> ***- मत्ती १५:२२***

परमेश्वरको पुत्र जसले आफैलाई त्याग गर्न सक्नुहुन्थ्यो, उहाँको हृदय दयाले भरेको थियो । उहाँ यस ठाउँमा विशेष गरी त्यस स्त्रीलाई मदद गर्न आउनुभएको थियो र येशुले त्यो काम गर्नुभयो जसले परमेश्वरको चरित्रको विषयमा मुख्य कुरा प्रकट भएको थियो ।

*"येशूले त्यसलाई केही जवाफ दिनुभएन ।"*

*- मत्ती १५:२३*

उहाँले यो कुरा गर्नुपछिको कारण हामी अर्को पदमा पाउछौं ।

*"उहाँका चेलाहरूले आएर उहाँलाई बिन्ती गरे, "यसलाई बिदा गर्नुहोस्, किनभने त्यो कराउँदै हाम्रो पछि लागिरहिछे ।"*

*- मत्ती १५:२३*

यदी येशुले त्यस महिलाको अनुरोधलाई स्वीकार गर्नुभएको भए, चेलाहरुको कठोरता बहिरा आउने थिएन । अरुले के गर्छन भन्ने कुरालाई हेर्नको लागि मुक्तिदाता मौन धारण गर्नुभयो तर तिनीहरुले उहाँको मौनताको गलत अर्थ लगाएका थिए । त्यही समय उहाँको मौनताले त्यस स्त्रीको मनमा शंका पैदा गरेको थियो । हामीले यो देख्नसक्छौं कि उहाँको मौनतालाई अरुले गलत अर्थ लगाएका थिए ।

यसको उदाहरणमा हामी यो हेर्न सक्छौं कि जब इम्माउसको बाटो दुई चेलाहरुको साथमा हिड्नु हुँदा अझै पर जान सक्नुहुन्थ्यो । लूका २४:२८ । येशु जब पानीमा हिड्नुभयो तब उहाँ तिनीहरुलाई छाडेर जान सक्नुहुन्थ्यो । मर्कुस ६:४८ ।

जसरी हामीले पढेका थियौं, संसारले परमेश्वरको पुत्रलाई इन्कार गरेको देख्दा चेलाहरुले आफ्नो व्यक्तिगत क्रुसलाई बोक्न इन्कार गरेका थिए । यसले गर्दा येशुले भन्न खोज्नुभएको धेरै कुराहरु प्रति तिनीहरु अन्धा

भएका थिए । जसरी तिनीहरु व्यवस्थालाई पालन गर्थे यसकारण तिनीहरुले येशुलाई नयाँ ढंगले हेर्न थालेका थिए ।

> ***"तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ । कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ ।"***
>
> ***- याकुब १:२२-२४***

नयाँ राज्यको विषयमा येशुको बोलावटलाई चेलाहरुले स्वीकार गरेका थिए तर आत्म-इन्कारको धारणालाई लिएर तिनीहरुको हृदय तयार भएको थिएन वा तिनीहरुको देशले तिनीहरुको प्यारो मसिहलाई इन्कार गरेको देख्दा तिनीहरु शान्त भएका थिए । अन्य जातिको महिलाप्रति येशुको शान्त भावलाई देख्दा उहाँको अनुहारमा तिनीहरुले आफ्नो मुहारलाई देखेका थिए र उहाँको व्यवहारलाई तिनीहरुले अन्य जातिप्रतिको व्यवहार बुझेका थिए । तिनीहरुले आफ्नो चरित्र र आकांक्षालाई उहाँमाथि प्रस्तुत गरेका थिए जसकारण तिनीहरुले त्यस दुखि महिलालाई पठाउनु भनेर येशुसंग विन्ती गरेका थिए । जब यी कुराहरु त्यस महिलाले सुनी, तब उनको हृदय कति दुखित भयो होला ? आफ्नो पुत्रीको लागि उनको दु:खले उनको हृदय भरेर आयो र उनले येशुप्रति आफ्नो नजर हालेकि थिई र उहाँको जवाफको प्रतिक्षामा बसेकी थिई ।

> *"उहाँले भन्नुभयो, "म इस्राएल जातिका हराएका भेड़ाहरूका निम्ति मात्र पठाइएको हुँ ।"*
>
> *- मत्ती १५:२४*

यो जवाफले त्यहाँ उपस्थीत भएका सबै मानिसहरुलाई जाँच गरेको थियो कि उनीहरुले साँचो रुपमा सुनेका थिए कि थिएनन् । बप्तिस्मा दिने यूहन्नाले मुक्तिदातालाई यी शव्दहरुले परिचय दिएका थिए ।

> *"भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!"*
>
> *- यूहन्ना १:२९*

येशु केवल यहुदीहरुको मात्र हैन तर सारा संसारको मुक्तिदाता हुनुहुन्छ । यो सत्यलाई सामरी महिलाले र शहरबाट आएका मानिसहरुले बुझेका थिए ।

> *"त्यस स्त्रीलाई तिनीहरूले भने, "अब तिमीले भनेका कुराले गर्दा हामीले विश्वास गरेका होइनौं, तर हामी आफैले सुनेका कारणले साँच्चै उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भनी हामीले जानेका छौं ।"*
>
> *- यूहन्ना ४:४२*

येशु यस संसारको मुक्तिदाता हुनुहुन्छ तर उहाँको राज्य यस संसारको हैन:

*"येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन । मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ । तर मेरो राज्य यस संसारको होइन ।"*

*- यूहन्ना १८:३६*

यो शव्द "इस्राएल" ले ति मानिसहरुलाई दर्शाउछ जसले मुक्तिको वरदानलाई स्वीकार गर्दछन । प्रेरित पावलले यसरी लेखेका छन् ।

*"बाहिरी रूपले मात्र यहूदी हुनेचाहिँ साँचो यहूदी होइन, त्यसरी नै साँचो खतना पनि बाहिरी र शारीरिक कुरा होइन । यहूदी त्यो हो, जो भित्री रूपले यहूदी हो, र साँचो खतनाचाहिँ हृदयको कुरा हो, यो आत्मिक कुरा हो, लिखित व्यवस्थाको कुरा होइन । यस्तो मानिसको प्रशंसा मानिसहरूबाट होइन, तर परमेश्वरबाट हुन्छ ।"*

*- रोमी २:२८-२९*

मुक्तिदाताले तिनीहरुलाई हृदयको आत्मिकी राज्यको विषयमा भन्नुभएको थियो । येशुको नजिक आउँदा त्यस महिलाले आत्माको बोलावटलाई स्वीकार गर्दै थिई । उसले प्रकट गरी कि उ इस्राएलको घरानाकि थिइ । शारीरिक इस्राएल हैन तर आत्मिकी इस्राएलको बारेमा भनिएको थियो । इस्राएल भन्ने नाम याकुबले स्वर्गदूतसंग आफ्नो

लडाइँमा आफ्नो विश्वासको कारण पाएका थिए । जब यस महिलाले यो कुरा दर्शाई तब उएक साँचो इस्राएली विजेता थिई ।

*"तर त्यो स्त्री आएर उहाँको अघि घोप्टो परी र भनी, "हे प्रभु, मलाई सहायता गर्नुहोस्।"*

*- मत्ती १५:२५*

यस महिलाको विश्वासले हार मान्दैन । उनि आफ्नो विश्वासलाई पक्रेर राखेकी थिई । मुक्तिदाता त्यस महिलालाई मदद गर्न आतुर हुनुभएको थियो तर यो परिक्षा पुरा भएको थिएन ।

*"उहाँले भन्नुभयो, "बालकहरूको रोटी लिएर कुकुरहरूलाई फालिदिनु ठीक हुँदैन ।"*

*- मत्ती १५:२६*

यहाँ येशुले त्यस महिलालाई इन्कार गर्नुभएको थिएन । यहाँ प्रयोग गरिएको ग्रीक शव्दले निरन्तरतालाई दर्शाउछ । येशुले त्यस महिलालाई वास्तविक इस्राएली हुनको लागि समय दिनु हुन्छ । उहाँले आफ्नो वचनद्वारा आफ्नो चेलाहरुमा जातीय भेदभाव र आफु प्रति त्यस महिलाको शंकालाई परिक्षा गर्नुभयो । त्यस महिलाले यो कुरा भन्न सक्थी, "प्रभु, म तपाई सन्तानहरुमध्ये एक हुँ र म विश्वास गर्दछु कि तपाईले मलाई मदद गर्नु हुनेछ ।" उनले दिन सक्ने जवाफहरुमा यो उत्कृष्ट जवाफ हुन सक्थ्यो । तर उनको जवाफ एकदम आश्चर्यजनक

थियो जब उसले आफैलाई कुकुरसंग तुलना गरेकी थिइन् र उनि आफ्नो विश्वासलाई पक्रेर राख्छिन् ।

> *"त्यसले भनी, "हो प्रभु, तर कुकुरहरूले पनि त आफ्ना मालिकको टेबिलबाट झरेका टुक्राटाक्री खान्छन् ।"*
> ***- मत्ती १५:२७***

येशुले उसलाई कुकुरसंग तुलना गर्नुभएको छ भन्ने कुरा त्यस महिलाले सोचे पनि उनले यो विश्वास गरेकी थिइन् कि येशुले उनलाई मदद गर्नुहुनेछ र उनलाई विजयी इस्राएली बनाउनुहुनेछ । आफ्नो पुत्रीप्रति त्यस महिलाको प्रेम र आत्माप्रति उनको जवाफले उनलाई विश्वासमाथि विजयी बनाएको थियो ।

> *"तब येशूले त्यसलाई जवाफ दिनुभयो, "ए नारी, तिम्रो विश्वास ठूलो रहेछ । तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस्।" त्यसकी छोरी त्यही घड़ी निको भइहाली ।"*
> ***- मत्ती १५:२८***

यस जवाफले चेलाहरुलाई ताड़ना गरेको थियो । तिनीहरुले येशुको वचनलाई आफ्नो ह्रदयले सुनेका थिए र येशुलाई जातीय भेदभावले हेरेका थिए । जब येशुले त्यस महिलाको अनुरोधलाई स्वीकार गर्नुभयो तब तिनीहरु चकित परे र येशुप्रति तिनीहरुको धारणा चकनाचुर भयो । यो क्षणदेखि तिनीहरुले येशुको कामलाई रहस्यको रुपमा लिनु पर्थ्यो वा आफ्नो जातीय भेदभावलाई प्रश्न गर्नु पर्ने थियो ।

धर्मशास्त्रमा येशुलाई “परमेश्वरको ज्ञान” भन्ने नाम दिइएको छ । १ कोरन्थी १:२४ । यो ज्ञान जो उहाँको पिताबाट आएको छ, त्यसले उहाँलाई मानवतासंग जोड्न मदद गर्दछ र उनीहरुको हृदयमा जे छ त्यो उहाँलाई प्रकट गर्दछ जसले गर्दा तिनीहरुको हृदय कठोर भएको थियो । किन येशुले तिनीहरुलाई सिधा भन्नुभएन, “तिमीहरुसंग जातीय भेदभावको समस्या छ र त्यसलाई तिनीहरुले हटाउनु पर्नेछ ।” यो कुराले केहि पनि प्रभाव पार्ने थिएन । यसकारण येशुले यस्तो प्रकारले कुरा गर्नुभयो जसकारण उहाँको शव्दहरुले ऐनाको रुपमा काम गर्यो र तिनीहरुको हृदयमा भएको कुराहरुलाई प्रकट गरेको थियो ।

जब तपाईले यो कुरालाई बुझ्नुहुनेछ, तपाईले धर्मशास्त्रलाई पालनकर्ताको रुपमा पढ्नु हुनेछ नाकी वचनलाई एउटा कानबाट सुन्ने र अर्को कानबाट निकाल्ने । जुन परिक्षा येशुले आफ्नो चेलाहरुलाई दिनुभएको थियो त्यही परिक्षा बाइबल पढ्ने हरेक विद्यार्थीले सामना गर्नुपर्नेछ । धर्मशास्त्रमा जुन कुराहरु लेखिएको छ, त्यसले पढ्ने मानिसको हृदयमा के छ त्यसलाई प्रकट गर्दछ । जसरी आफ्नो जातीय भेदभावको नजरद्वारा चेलाहरुले येशुलाई हेर्ने गर्थे, त्यसरी नै मानिसहरुले परमेश्वरलाई आफ्नो नजरले हेर्ने गर्छन र धर्मशास्त्रलाई आफ्नो तरिकाले बुझ्ने प्रयास गर्दछन् नाकी परमेश्वरको साँचो चरित्रलाई बुझ्ने प्रयास गर्दछन् । अगाडी आउने पदले यस्तो अर्थ निकाल्न जान्छ कि परमेश्वरले आफ्नो मानिसहरुलाई बिर्सनुभएको छ र आफ्नो पीठ फर्काउनुभएको छ ।

*"पूर्वीय बतासझैँ तिनीहरूका शत्रुहरूका सामुन्ने म तिनीहरूलाई तितरबितर पारिदिनेछु। तिनीहरूका सर्वनाशको दिनमा म तिनीहरूलाई मेरो मुख होइन, तर मेरो पीठ फर्काइदिनेछु ।"*
*- यर्मिया १८:१७*

पीठ फर्काउनुको अर्थ त्याग्नु हो र इन्कार गर्नु हो । यो पदमा कसरी परमेश्वरले आफ्नो पीठ फर्काउनु भएको छ, त्यसलाई हेर्नुहोस्:

*"मेरो महिमा त्यहाँबाट भएर जाँदा तँलाई म त्यस चट्टानको धाँदोमा राख्नेछु, र म त्यहाँबाट भएर नजाउन्जेल तँलाई मेरै हातले छोपिराख्नेछु । त्यसपछि म मेरो हात उठाउनेछु, र तैंले मेरो पछिको भाग देख्नेछस्, तर मेरो अनुहारचाहिँ देखिनेछैन ।"*
*- प्रस्थान ३३:२२-२३*

यस खण्डमा आफ्नो चरित्रको पूर्ण महिमाबाट मोशालाई बचाउन परमेश्वरले मोशालाई पीठ देखाउनु भएको छ । आफ्नो सन्तानहरुको लागि परमेश्वरको प्रेम धेरै महान छ, यति स्वार्थहीन र दयाले भरिएको जब पापीले यस प्रेमलाई पूर्णतामा देख्दछ, त्यही क्षण उसमा आत्मग्लानिको भावना उत्पन्न गराउँदछ ।

*"तरै पनि मेरो प्रजाले त मलाई बिर्सिसकेको छ, तिनीहरू बेकामका मूर्तिहरूलाई धूप बाल्छन्, जसले तिनीहरूलाई आफ्ना मार्गमा र पुराना बाटाहरूमा ठेस खान लगाएका छन्, र तिनीहरूलाई पक्की सड़कमा होइन तर गोरेटोतिर हिँड़ाएका छन्*

*।”*

***- यर्मिया १८:१५***

इस्राएलले परमेश्वरलाई विर्सेको थियो र अरु बाटोमा हिंडेको थियो । परमेश्वरले आफ्नो महिमा लूकाउनुभएको छ र आफ्नो पीठ फर्काउनु भएको छ ताकी तिनीहरु पूर्ण रुपमा नास नहुन् । उहाँले यस कारण पनि आफ्नो पीठ फर्काउनुभयो ताकी तिनीहरुले उहाँको दु:ख र पिडा देख्नसकुन जब तिनीहरुले आफ्नो काम अनुसार फल पाउँद्छन ।

***“मैले मेरो पीठ मलाई पिट्नेहरूलाई, र दाह्री लुछ्नेहरूलाई मेरो गाला फर्काइदिएँ ।”***

***- यशैया ५०:६***

इस्राएलले आफ्नो कामद्वारा हाम्रो मुक्तिदातालाई पिडा दिइरहेको थियो । तिनीहरुको मुर्तिपूजाले उहाँलाई ठुलो चोट दिएको थियो । “तिनीहरुको सारा दु:खमा उहाँ पनि दु:खित हुनुभयो, र प्राचिनका सबै दिनमा उहाँले तिनीहरुलाई बोक्नुभयो ।” यशैया ६३:९ । यसकारण आफुलाई पिट्नेहरुलाई उहाँले पीठ फर्काउनुभयो । यो शव्दहरुलाई यसरी पनि बुझ्न सकिन्छ कि आफ्नो मानिसहरुले आफ्नो पापमा उहाँलाई इन्कार गर्दा उहाँले पाउनुभएको चोट र आफ्नो पवित्र चरित्रको पूर्ण महिमाबाट आफ्नो मानिसहरुलाई ढाक्नुभएको छ ताकी तिनीहरु आफ्नो पापद्वारा नास नहुन् । यो पदलाई झट्ट हेर्दा यस्तो देखिन्छ कि परमेश्वरले आफ्नो मानिसहरुलाई इन्कार गर्नुभएको छ र यही बुझाई अनुसार मानिसले

व्यवहार गर्दछ । हाम्रो मनस्थिति र परमेश्वरको मनस्थिति समान छैन । यशैया ५५:८-९

आउनुहोस हामी हेर्नेछौं कि कसरी परमेश्वरको वचनले आत्माको लागि ऐनाको काम गर्दछ । गन्ती १३ मा हामी पढ्नसक्छौं:

> *"परमप्रभुले मोशालाई भन्नुभयो, "कनान देशभित्र गुप्तचरहरू पठा। त्यो देश म इस्राएलीहरूलाई दिनेछु । आ-आफ्नो पुर्खाको कुलबाट एक-एक जना नायक पठा ।"*
>
> *- गन्ती १३:१-३*

यद्धपि व्यवस्था १:२२ मा हामी पढ्न सक्छौं:

> *"हेर, परमप्रभु तिमीहरूका परमेश्वरले त्यो देश तिमीहरूलाई सुम्पिदिनुभएको छ। परमप्रभु तिमीहरूका पिता-पुर्खाका परमेश्वरले भन्नुभएझैं गएर त्यो अधिकार गर। तिमीहरू नडराओ, निराश नहोओ ।" अनि तिमीहरू सबैले मकहाँ आएर भन्यौ, "भेद लिनलाई हाम्रा अगि मानिसहरू पठाऔं । त्यस देशमा हामी कुन बाटो जानुपर्ने हो र कुन-कुन सहरमा आइपुग्नेछौं भन्ने खबर तिनीहरूले हामीकहाँ ल्याउनेछन् ।" यो कुरो मलाई बेस लाग्यो। अनि मैले हरेक कुलबाट एक-एक जना गरी बाह्र जना मानिस छानें ।"*
>
> *- व्यवस्था १:२१-२३*

गन्ती १३ मा भएको खण्डले त्यहाँ भएको कथालाई पूर्ण रुपमा बताएको छैन । साधरण रुपमा यस खण्डमा परमेश्वरले त्यस देशमा जासुसी गर्न पठाउनु भएको छ । धर्मशास्त्र पढ्ने व्यक्तिलाई यी दुई खण्डहरुले अलि परिक्षामा पार्न सक्छ । यदी त्यस मानिसले बाइबललाई गलत पार्न खोज्छ भने उसले यी दुई खण्डहरुलाई आमने-सामने राखेर भन्न सक्छ कि बाइबलले आफैलाई गलत पार्दछ । त्यस मानिसले आफु गलत भएको कुरालाई बाइबलमा प्रस्तुत गर्दछ । व्यवस्थालाई पालन गर्ने व्यक्तिले यहाँ पढ्न सक्छ कि त्यस आज्ञाले गएर त्यस देशलाई जित भनेको छ, मतलब त्यस देशमा जासुसी गर्नुपर्ने थिएन । जासुसी गर्ने अनुरोधले तिनीहरुमा भएको विश्वासको कमीलाई प्रस्तुत गरेको छ । तिनीहरुको अनुरोधलाई परमेश्वरले तिनिहरु इच्छा अनुसार आफ्नो आज्ञाद्वारा प्रस्तुत गर्नुहुन्छ । ति अधिकांश जासुसहरुले आफ्नो अनुसार डरलाग्दो विश्लेशण दिएका थिए र र तिनीहरुको हृदयमा जासुसी गर्ने इच्छा जागेर आएको थियो । बाइबल यसरी लेखिएको छ कि जो मानिस त्रुटीमा बाँचिरहेको छ उसले पनि बाइबल पढ्न सक्छ र आफ्नो धारणालाई समर्थन गर्न त्यस त्रुटीहरुलाई पाउन सक्छ । व्यवस्थालाई पालन गर्ने मानिसले आफ्नो विश्वासमा पक्रेर बस्दछ र आफुमा भएको गल्ती र त्रुटीलाई बाइबलबाट सच्याउन प्रयत्न गर्दछ ।

दाउदले इस्राएललाई गणना गर्दाको कथालाई हेरौं:

> ***"फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो, अनि उहाँले दाऊदलाई तिनीहरूका विरुद्धमा सुर्‍याउनुभयो, र तिनलाई***

*इस्राएल र यहूदाको गणना गर्नू भनी हुकुम गर्नुभयो ।”*

*- २ शमुएल २४:१*

अब यसलाई १ इतिहास २१:१ संग तुलना गरौं:

*“शैतान इस्राएलको विरुद्ध उठेर दाऊदलाई आफ्नो प्रजा गन्नलाई सुऱ्यायो ।”*

*- १ इतिहास २१:१*

यहाँ हामी एक पदले अर्को पदलाई प्रतिवाद गरेको देख्न सक्छौं । यसलाई हामी त्यस कथासंग तुलना गर्न सक्छौं जब येशुलाई यस संसारको मुक्तिदाता भनेर प्रस्तुत गरियो र उहाँले त्यस महिलालाई भन्नुभयो, “मलाई इस्राएलको घरानाको हराएको भेडाहरुको माझमा पठाईएको हो ।” जब हामी यी खण्डहरु पढ्छौं तब हाम्रो परिक्षा हुन्छ । बाँकीको पाठमा हामी परमेश्वरको क्रोधको विषयमा पढ्न सक्छौं । अब हामी येशु ख्रीष्टको जीवनको प्रकाशमा ति हिब्रु शब्दहरुलाई ध्यानसंग पढ्न सक्छौं । यस इस्राएलको गणनामा ७०,००० पुरुषहरुको मृत्यु भएको थियो ।

*“यसैकारण बिहानदेखि तोकेको समयसम्म इस्राएलभरि परमप्रभुले रूढी पठाइदिनुभयो, र दानदेखि बेर्शेबासम्म सत्तरी हजार मानिसहरू मरे ।”*

*- २ शमुएल २१:१५*

कुनै अनुवादहरुले यो भन्छन कि इस्राएलसंग परमेश्वर एकदम क्रोधित हुनुभयो र यी मानिसहरुलाई नास गर्न उपाय खोज्नुभएको थियो:

*"फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो, अनि उहाँले दाऊदलाई तिनीहरूका विरुद्धमा सुर्‍याउनुभयो, र तिनलाई इस्राएल र यहूदाको गणना गर्नू भनी हुकुम गर्नुभयो ।"*
*- २ शमुएल २४:१ (एन.आई.भी)*

जब हामी परमेश्वरको रोध इस्राएलमाथी दन्कियो भन्ने कुरालाई तब हामी के बुझ्छौं ? के हामी रिसले अनुहार रातो-पिरो भएको अनुहारको कल्पना गर्छौं ? के हामी ति अनुवादकहरुले त्यहाँ प्रयोग गरिएको हिब्रु शब्दहरुलाई सापेक्षिक रुपमा बुझेको देख्न सक्छौं ? एउटा रमाइलो कुरा के छ भने ति हिब्रु शब्दहरुलाई अनुवादक र पढ्ने व्यक्तिहरुले आफ्नो तरिकाले बुझ्ने गर्दछन् । केहि शब्दहरुको हेरफेर हुँदा ति शब्दहरुको अर्थ फरक हुन जान्छ । २ शमुएल २४:१ मा भएको शब्दहरुलाई अनुवाद गर्दा क्रोध र दुखित हुन जान्छ । र यी शब्दहरु यस्तो हुन जान्छः

*"फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो, अनि उहाँले दाऊदलाई तिनीहरूका विरुद्धमा सुर्‍याउनुभयो, र तिनलाई इस्राएल र यहूदाको गणना गर्नू भनी हुकुम गर्नुभयो ।"*
*- २ शमुएल २४:१*

१ कोरिन्थी २१:१ लाई साथमा लिएर पढ्दा त्यहाँ यसो लेखिएको छ कि दाउदको विरुद्धमा शैतान खडा भएको छ । दाउदलाई किन सुर्याइयो त ? किनभने इस्राएलीहरुले परमेश्वरको आत्मालाई दुखित बनाएका थिए ।

बाइबलमा परमेश्वरको क्रोधलाई विनाशकारी दुतहरुसंग तुलना गरिएको छ ।

> *"उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड, क्रोध, कोप, रीस र शत्रुता - अर्थात् विनाशकारी दूतहरूको एक दल पठाउनुभयो ।"*
> *- भजनसंग्रह ७८:४९*

पठाउनु भन्ने शब्दलाई छोड्नुसंग तुलना गरिएको छ । परमेश्वरको क्रोध भनेको आफ्नो मानिसहरुलाई उहाँलाई हटाउनु हो र शैतानले ठाउँ पाउनु हो । हाम्रो प्यारो पिताले आफ्नो सन्तानलाई प्रेम गर्नु हुन्छ र हाम्रो मुक्तिदाता हाम्रो गोठालो हुनुहुन्छ जसले आफ्नो भेडाहरुलाई निरन्तर रुपमा खोजिरहनु भएको छ । जब उहाँको मानिसहरुले उहाँको अनुरोधलाई वेवास्ता गर्छन् र इन्कार गर्छन् तब उहाँले तिनीहरुलाई आफ्नो इच्छामा छोड्नुहुन्छ । इस्राएलले दाउदको अगुवाईमा राष्ट्रीय महानता खोजेका थिए । परमेश्वरको आत्माले तिनीहरुलाई यी सब कुराहरुको पछी नलाग्नु भन्नुभएको थियो तर उहाँले नै राजाले आफ्नो राज्य विस्तार गरोस् भनेर चाहनुभएको थियो । यसकारण परमेश्वरले शैतानलाई मानिसहरुको गणना लिन सुर्याउने अवसर दिनुभयो ।

अधिकांश बाइबल अनुवादकहरुले २ शमुएल २४:१ मा भएको हिब्रु शब्द "अफ" भन्ने शब्दलाई "क्रोध" भनेर अनुवाद गरेका छन् । जब की प्रस्थान ३४:६ मा "अफ" भन्ने शब्दलाई "धैर्यता" भनेर अनुवाद गरेका छन्:

*"यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्‍वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्‍वस्ततामा प्रशस्त हुनुहुन्छ ।"*

*- प्रस्थान ३४:६*

परमेश्वरले यो हिब्रु शब्द "अफ" लाई हाम्रो आत्मामा ऐनाको रुपमा काम गर्न दिनुभएको छ । यसलाई हामी क्रोध र पिडा भनेर पढ़दछौँ । किनभने हिब्रु शब्दले नाक र नाकबाट तीव्र गतिमा सास फेर्नु हो । तीव्र गतिमा सास फेर्नुलाई रिस, आवेगमा जोड्न सकिन्छ । जब येशुले आफ्नो चेलाहरुलाई भन्नुभयो कि अगुवाहरुको हातबाट उहाँले धैरै कष्टहरु भोग्नुपर्नेछ तर तिनीहरुले सुन्न नी चाहेनन् । हामीले धैरै स्थानमा पढ्न सक्छौं कि मानिसहरुले परमेश्वरलाई एक दुखि र टुक्रिएको हृदय भएको पिताको रुपमा देख्नुको सट्टा उहाँको विरुद्धमा पाप गर्नेहरुलाई नाश गर्ने परमेश्वरको रुपमा सोचेका छन् । यदी यो कुरालाई मानिसहरुले देखे भने तिनीहरुको हृदय आत्मग्लानिले भर्नेछ र हाम्रो पितालाई चोट दिन छाड्नेछन् । आफ्नो पापहरुलाई सही करार गर्न परमेश्वरको क्रोधलाई लिने गर्छन । जसरी चेलाहरुले येशुको मौनतालाई जातीय भेदभावसंग जोडेका थिए, त्यसरी नै अधिकांश बाइबल विद्हरुले र पढ्नेहरुले परमेश्वरको चरित्रलाई आफ्नो भावनासंग जोड्दछन् ।

आउनुहोस्, हामी अन्तिम उदाहरणलाई हेरौं:

*"यसरी शाऊलले आफ्नो अविश्वासले गर्दा ज्यान गुमाउनुपर्‍यो। तिनले परमेश्वरको वचनलाई उल्लङ्घन गरेर भूतप्रेत खेलाउनेको सरसल्लाह लिएका थिए । तिनले परमप्रभुको सल्लाह लिएनन् । यसकारण उहाँले तिनलाई नाश गर्नुभयो, र राज्य यिशैका छोरा दाऊदलाई सुम्पनुभयो ।"*

*- १ इतिहास १०:१३-१४*

यदी परमेश्वरले मानिसहरुलाई नास गर्नुहुन्छ भन्ने कुराको प्रमाण खोज्नेछन् भने यो साधरण घटना हुनेछ । यहाँ लेखिएको छ कि परमेश्वरले शाऊललाई मार्नुभयो । यो पद एक ऐनाजस्तो हो । जसले व्यवस्थालाई सुन्दछ उसले यो पदलाई आफ्नो मुहारमा देख्दछ । परमेश्वरले शाऊललाई एकदम कृपा गर्नुभएको थियो तर शाऊलले उहाँविरुद्ध विरोध गरेको थियो । कुनै पनि मानिसले यहाँ बदलाको भावना राख्नसक्छ र शाऊललाई मृत्युको हकदार मान्नसक्छ । अर्को तर्फ मानिसले शाऊलको जस्तै विद्रोही भावना राख्न सक्छ र उसले परमेश्वरको अधिकारलाई कठोर र तर्कहीन भन्दछन् । जसले येशुको चरित्रद्वारा बाइबललाई पढ्दछन्, तिनीहरुले यो पदलाई अझ राम्ररी बुझ्ने कोशिस गर्दछन कि के साचैं नै परमेश्वरले शाऊललाई मार्नुभएको हो ? यस विषयमा उत्तर त्यही पाठको अगाडीको पदहरुमा दिइएको छ ।

*"युद्ध शाऊलको निम्ति कठिन भयो, किनभने कुनै-कुनै धनुर्धारीहरूले तिनीमाथि जाइलागे, र तिनी उनीद्वारा घाइते भए । यसैले शाऊलले आफ्नो हतियार बोक्नेलाई भने, "तेरो तरवार*

*थुतेर मलाई रोप्, र यी खतना नभएकाहरूले मलाई पक्रेर मलाई तमाशा नबनाऊन्।" तर त्यस हतियार बोक्नेले इन्कार गर्‍यो । त्यसले आँटै गरेन । यसकारण आफ्नो तरवार थुतेर शाऊल त्यसमाथि उनिएर मरे ।"*

***- १ इतिहास १०:३-४***

शाऊलले आत्महत्या गरेका थिए । शाऊल परमेश्वरबाट तर्केर गएका थिए र यसको मतलब यो थियो कि परमेश्वरले अब उसलाई उसको इच्छा गर्नुबाट रोक्न सक्नुहुन्नथ्यो । यसकारण लडाईमा शाऊल असुरक्षित थि र यस्तो घटनाहरु घट्यो जसको कारण शाऊलले आत्महत्या गरे । यी पदहरुले सबै प्रष्ट पार्दछ ।

*". . . तिमीले इच्छा गरेबमोजिम तिमीलाई होस् ।"*

***- मत्ती १५:२८***

## १०.हामीभित्र परमेश्वरको डर हाल्नु

*"यहूदीहरूको निस्तार-चाड नजिकै थियो, र येशू यरूशलेममा जानुभयो। उहाँले मन्दिरमा गोरु, भेड़ा र ढुकुर बेच्नेहरू र पैसा साट्नेहरूले किनबेच गरिरहेका भेट्टाउनुभयो । तब डोरीको एउटा कोर्रा बनाएर उहाँले मन्दिरबाट ती सबैलाई, तिनका भेड़ाहरू र गोरुहरूलाई समेत मन्दिरबाट बाहिर लघार्नुभयो, र पैसा साट्नेहरूको रेचकी घोप्ट्याएर तिनीहरूका टेबिल पल्टाइदिनुभयो । ढुकुर बेच्नेहरूलाई उहाँले भन्नुभयो, "यहाँबाट यी सब थोक*

*लैजाओ । मेरा पिताको भवनलाई व्यापारको घर नतुल्याओ ।”*
*उहाँका चेलाहरूलाई धर्मशास्त्रमा लेखिएको यो कुरा याद भयो,*
*“तपाईंका भवनको जोशले मलाई जलाउनेछ ।”*

*- यूहन्ना २:१३-१७*

*“तब उहाँ मन्दिरभित्र प्रवेश गर्नुभयो र बिक्री गर्नेहरूलाई निकाल्नुभयो, र तिनीहरूलाई भन्नुभयो, “धर्मशास्त्रमा लेखिएको छ, ‘मेरो घर प्रार्थनाको घर हुनेछ,’ तर तिमीहरूले त यसलाई डाँकूहरूको अड्डा बनाएका छौ ।”*

*- लूका १९:४५-४६*

आफ्नो एक मात्र पुत्र यस संसारको लागि दिनुभयो र पापीहरुको लागि आफ्नो अद्भुत प्रेम प्रकट गर्नुभयो भन्ने कुरा सिकाउन निस्तार चाडको सुरुवात भएको थियो । तर इस्राएलको अगुवाहरुले यो चाडहरुलाई मानिसहरुबाट लुटेर धनी हुने अवसर बनाए । हरेक परिवारले एउटा बलिदान दिनु पर्ने थियो र बलिदानको लागि एउटा थुमा किन्नको लागि स्थानीय पैसालाई मन्दिरमा चल्ने मुद्रा शेकेलसंग परिवर्तन गर्नुपर्थ्यो । यो मुद्रा साटासाटले गर्दा बलिदानको जानवारहरुको मुल्य एकदम बढेको थियो । गरिब र दुखी मानिसले आफ्नो लागि बलिदान जुटाउन सक्दैन थियो र उनिहरुलाई आभास भयो कि जुन मानिसहरुले तिनीहरुलाई परमेश्वरको अथाह अनुग्रहको बारेमा सिकाउने अभिभार बोकेका थिए, ति धर्मगुरुहरुद्वारा नै तिनीहरु ठगिएका छन् ।

जब येशुले मन्दिरमा भईरहेको कामलाई देख्नुभयो तब उहाँको मन पिडाले भरियो । यदी यो प्रथालाई रोकिएन भने यसले लाखौं मानिसहरुलाई मुक्तिहीन मृत्युको मुखमा धकेली दिन्थ्यो किनभने यहाँ सुसमाचारको सत्यतालाई मानिसको स्वार्थि लोभमा परिणत भएको थियो । यहाँ परमेश्वरको चरित्रलाई गलत रुपमा बुझिएको देख्न सक्छौं । परमेश्वरले यी गलत काम गर्ने मानिसहरुलाई त्यति नै माया गर्नुहुन्छ जति माया उहाँले ति मानिसहरुलाई गर्नुहुन्छ जो यी गलत काम गर्ने पूजाहारीहरुबाट ठगीएका थिए । यी पूजाहारीहरुलाई यिनीहरुको पापहरुबाट बचाउनको लागि यिनीहरुको गलत कामहरुको पर्दाफास गर्न जरुरी थियो । मुक्तिको योजनाको सुत्र नै यही हो:

> ***"व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो,"***
>
> ***- रोमी ५:२०***

मन्दिरमा भएको घटनाले राज्य चलाउने मानिसहरुको हृदयको स्थितिलाई प्रतिबिम्ब गरेको छ । यदी यी कामहरुबाट यिनीहरुले पश्चाताप गरेनन भने तिनीहरु नास हुने थिए ।

यस संसारको मुक्तिदातासंग मानिसहरुको आत्माको स्थिति पढ्न सक्ने शक्ति छ । जसरी पितालाई हरेक शिरमा भएको केशको संख्या थाह छ त्यसरी नै हरेक मानिसको भित्र भएको विचार उहाँलाई थाह छ । जसरी मानवताबाट इश्वरीयपन प्रकट भयो, आफ्नो वरिपरी भएको मानिसहरुको भित्रि विचारलाई उहाँ पढ्न सक्नुहुन्छ । यो न्यायको क्षण थियो; येशुको

उपस्थितिमा वरिपरी उभिएका मानिसहरुले यो कुरा थाह पाए कि तिनीहरुको हृदयमा भएको हरेक कुरालाई मुक्तिदाताले पढ्न सक्नुहुन्छ। पापीको लागि यो एकदम डरलाग्दो अनुभव हो । ति मानिसहरुलाई शाररिक चोट दिन वा पिट्नको लागि येशुले कोर्रा उठाउनुभएको थिएन तर तिनीहरुलाई तिनीहरुको गलत कामको आभास दिलाउन उठाउनु भएको थियो । न कोहि व्यक्तिको मृत्यु भयो, न कोहि व्यक्तिले चोट पाए तर तिनीहरुले गरेको गलत कारोबारमा प्रयोग हुने समाग्रीहरुलाई तल फ्याकिए ताकी तीनीहरुलाई यो आभास होस् कि ति कारोवारहरुले तिनीहरुलाई नष्ट पारिरहेका थिए ।

तिनीहरुलाई नास गर्नको लागि परमेश्वरले तिनीहरुलाई दोषी ठहराउनु भएन तर तिनीहरुलाई बचाउनको लागि गर्नुभएको थियो । उहाँ चाहनुहुन्थ्यो कि तिनीहरुले खतरा देखुन्, पश्चताप गरुन् र बाँचुन् । परमेश्वरको आत्माले तिनीहरुको हृदयलाई खोज्नुभएको कारण यो थियो कि तिनीहरुलाई उनीहरुको पापहरुबाट फर्कुन् र आफ्नो पापको लागि पश्चताप गरुन् । तर ठिक यसको उल्टो भयो, तिनीहरु उहाँको उपस्थितिबाट भागे र आफ्नो पापलाई त्याग्नको सट्टा आफ्नो पापलाई बोकी रहन खोजे। तिनीहरु मन्दिरबाट यसकारण भागे किनभने तिनीहरुले पश्चताप गर्न ईन्कार गरेका थिए । यदी तिनीहरुले पश्चताप गरेको भए तिनीहरुले अनुग्रह प्राप्त गर्ने थिए र उहाँको उपस्थितिमा बस्नको लागि आफ्नो मनमा शान्ति पाउने थिए । धेरै जना ख्रीष्टको सामुबाट भागे पनि, अरु चाही उहाँको वचन सुन्न त्यहाँ बसिरहे ।

*"उहाँले दिनहुँ मन्दिरमा शिक्षा दिँदैहुनुहुन्थ्यो । तर मुख्य पूजाहारीहरू, शास्त्रीहरू र जनताका प्रमुख मानिसहरूले उहाँलाई मार्न खोज्थे ।"*

*- लूका १९:४७*

यदी यी मानिसहरुप्रति येशु क्रोधित हुनुभएको भए, त्यहाँ कोहि पनि बस्ने थिएनन्; सबै जना त्यहाँबाट भाग्ने थिए । ति मानिसहरु जो साँचो रुपमा पश्चताप गर्दै थिए, उहाँको उपस्थितिबाट भाग्ने कारण तिनीहरुले पाएनन् ।

दुखलाग्दो कुरा यो थियो कि त्यहाँ उपस्थित भएका धर्मगुरुहरु र अगुवाहरुले परमेश्वरको आत्मालाई आफ्नो हृदय शुद्ध पार्ने मौका दिएनन् । त्यहाँ भएको मन्दिरको स्थितिले त्यस राज्यको स्थितिलाई प्रतिनिधित्व गर्दछ । त्यो मन्दिर पश्चतापको आँसुले शुद्ध पार्नुको सट्टा उहाँको उपस्थितिबाट पापीहरुको भागाभागबाट शुद्ध पारिएको थियो । पवित्र आत्मा उनीहरुलाई बचाउन आफ्नो न्यायमा आउनुभएको थियो तर जति नजिक पवित्र आत्मा आउनुभयो उनीहरुको मन झन डरले भरिएको थियो ।

*"यसैले म न्याय गर्नलाई तिमीहरूको नजिक आउनेछु । टुनामुना गर्नेहरू, व्यभिचारीहरू र झूटो गवाही बक्नेहरूका विरुद्धमा, मजदूरहरूलाई ज्यालामा ठग्नेहरू, विधवा र टुहुरा-*

*दुहुरीमाथि अत्याचार गर्नेहरू, विदेशीलाई न्याय नगरिदिनेहरू, र मेरो डर नमान्नेहरू, यी सबैका विरुद्धमा म झट्टै गवाही दिनेछु," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"*

*- मलाकी ३:५*

जब हामी माथिको पद पढ्छौं तब हामीमा यो गलत धारणा आउँछ कि परमेश्वरले आफ्नो क्रोधमा पापीहरुलाई नाश गर्नुहुनेछ । परमेश्वरको वचनले ऐनाको रुपमा काम गर्दछ । पदले भन्दछ कि, "म न्याय गर्नलाई तिमीहरुको नजिक आउनेछु ।" हाम्रो पिता हामी नजिक आउन चाह्नुहुन्छ र हाम्रो पाप हामीलाई देखाउनुहुन्छ । जो एक निस्वार्थ हुनुहुन्छ र निष्पक्ष प्रेम गर्नुहुन्छ उहाँको सामु हामीकहाँ केवल दुई वटा बाटो हुन्छ - पश्चताप गरेर उहाँको सामु आउनु वा उहाँबाट टाढा भाग्नु । परमेश्वरको सामु चुपचाप बसीरहन सक्दैन् । जो मानिसहरु आफ्नो पापलाई पक्रेर राख्छन् उनीहरुलाई लाग्छ कि तिनीहरु आफ्नो जीवन हो तर वास्तवमा तिनीहरु जीवनबाट भागिरहेका हुन्छन् र मृत्युलाई अंगालीरहेका हुन्छन् ।

मन्दिरको शुद्धीकरणले ति कुराहरुलाई प्रतिबिम्बित जब स्वर्गमा परमेश्वरको विरुद्ध लुसिफर र उसका दुतहरुले विद्रोह गरेका थिए । परमेश्वरको आत्माले तिनीहरुलाई उनीहरुको गलत बाटोबाट फर्काउन चाह्नुहुन्छ तर दुखलाग्दो कुरा यो हो कि तिनीहरुले क्षमालाई अस्विकार गरेका छन् । यो कुरा धर्मशास्त्रमा यसरी वर्णन गरिएको छ:

*"आफ्नो अधिकारको मर्यादा कायम नराखेर उचित वासस्थान त्याग्ने स्वर्गदूतहरूलाई उहाँले पातालको अन्धकारमा न्यायको त्यस ठूलो दिनसम्म अनन्त बन्धनमा राख्नुभएको छ,"*

*- यहूदा १:६*

*"स्वर्गदूतहरूले पाप गर्दा परमेश्‍वरले तिनीहरूलाई बाँकी राख्नुभएन, तर तिनीहरूलाई नरकमा फालिदिनुभयो, र न्यायका दिनसम्मको निम्ति पातालको अन्धकारमा जकड़िराख्नुभयो ।"*

*- २ पत्रुस २:४*

यी पदहरुलाई तपाई कसरी पढ्नुहुन्छ ? यहूदाको पुस्तकमा हामीलाई यो बताइएको छ कि स्वर्गदुतहरुले स्वर्गमा आफ्नो घर त्यागेका थिए । २ पत्रुस २:४ यसरी भनिएको छ कि स्वर्गदूतहरुले पाप गर्दा परमेश्वरले तिनीहरुलाई बाँकी राख्नुभएन तर उनीहरुलाई पाताल अन्धकारमा फाल्नुभयो ।

जब परमेश्वरको पुत्र आफ्नो पितालाई प्रतिनिधित्व गर्दै आफ्नो न्यायमा तिनीहरुको सामु आउनुभयो, तिनीहरु उहाँको उपस्थितिमा रहन सकेनन् । ख्रीष्ट जो प्रधान स्वर्गदूत मिखाएल हुनुहुन्छ, उहाँले ति स्वर्गदूतहरुसंग विन्ती गर्नुभयो कि तिनीहरुले आफ्नो गलत बाटो त्यागुन् र पिताकहाँ फर्कुन ।

*"अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे ।" अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे, तर यिनीहरू हारे, र यिनीहरूका निम्ति स्वर्गमा कुनै ठाउँ रहेन ।"*

*- प्रकाश १२:७-८*

परमेश्वरको मन्दिरमा आफ्नो कुरालाई लागु गर्ने कुरामा स्वर्गको लडाई केन्द्रित थियो ।

*"तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस् । यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ ।"*

*- इजकिएल २८:१६*

फेरी यहाँ बाइबलले हामीसंग ऐनाको रुपमा कुरा गर्दछ । हाम्रो हृदयमा के छ त्यसलाई यसले प्रकट गर्दछ। जब यसले यो भन्दछ, "हे अभिभावक करुब, म तँलाई नास गर्नेछु," तब यो कुरा कसरी हुन्छ, त्यसमामा हामीले ध्यान दिनुपर्छ । यदी लुसिफरले आफ्नो गल्तीको महसुस गरेको भए र पश्चताप गरेको भए, ऊ बचाइने थियो । उसको हृदय शुद्ध गर्ने परमेश्वरको पुत्रको मेहनतलाई उसले नकरात्मक रुपमा लियो र जब ख्रीष्टले उसलाई परिवर्तन गर्न खोज्नु भयो, उसले इन्कार गर्यो र आफ्नो हृदय कठोर पार्यो र झन झन पापमा फस्दै गयो । ख्रीष्टको व्यवहारले शैतानलाई ज्योतिलाई

इन्कार गर्ने मौका दिएको थियो र पापमा ऊ पूर्ण रुपमा फसेको थियो । बाइबलले यो भन्दछ कि त्यहाँदेखि परमेश्वरले त्यो काम सुरु गर्नुभयो जसले गर्दा शैतानको नाश हुने थियो । परमेश्वरल फारोको हृदय कठोर पार्नुभएको कुरालाई हामी यससंग तुलना गर्न सक्छौं । परमेश्वरले फारोको हृदय परिवर्तन गर्न चाहनुहुन्थ्यो तर फारोले आफ्नो हृदय कठोर पार्ने निर्णय गर्यो । घामले गर्दा माटो कडा हुन्छ कि माटोमा भएको तत्वले गर्दा माटो कडा हुन्छ ?

स्वर्गदेखि शैतान र उसको दुतहरु फालिएका हैनन् । परमेश्वरको आत्मालाई इन्कार गर्दा र उहाँको उपस्थितिबाट भाग्न खोज्दा शैतान तल फालिएको हो । येशुले मन्दिरलाई शुद्ध पार्दा यही घटना घटेको थियो । उहाँले तिनीहरुलाई उनीहरुको गल्ती देखाउनुभयो, उनीहरुको पापको आभास गराउनुभयो र उनीहरुलाई पश्चताप गर्ने भावना दिलाउन आत्मा उनीहरुको नजिक आउनुभयो तर तिनीहरुले इन्कार गरे । यो इन्कारले गर्दा ति मानिसहरु अन्धकारको बन्धक बने जस्तै ति फालिएको स्वर्गदूतहरु बनेका थिए । जब परमेश्वरको आत्मा तिनीहरुको ह्रदयमा प्रवेश गर्न चाहनुहुन्छ तर जब तिनीहरुले इन्कार गर्छन तब अन्धकारले प्रवेश गर्छ र त्यस आत्मालाई बन्धक बनाउछ । धन्यवादको कुरा यो छ कि त्यो दिन जुन मानिसहरु ख्रीष्टबाट टाढा भागेका थियो, ति मध्ये कोहि पश्चताप गर्न तयार भएका थिए तर अरुको लागि चाहिं नाशको दिन सुरु भएको थियो; यो भन्न सकिन्छ कि उनीहरुलाई बचाउन कोशिस गर्दा उनीहरु नाश भएका थिए ।

जब हामी यी कुराहरु पढ्छौं तब परमेश्वरको उपस्थितिमा मानिसहरु डरले कामें भन्ने कुरालाई हामी राम्ररी बुझ्न सक्छौं ।

> *"म आफ्नो आतङ्क तिमीहरूका अगिअगि फैलाउनेछु, र तिमीहरू जुन जातिकहाँ जानेछौ उनीहरू सबैमा म गोलमाल ल्याउनेछु । म तिमीहरूका सबै शत्रुहरूलाई तिमीहरूको सामुन्नेबाट भगाउनेछु । म तिमीहरूका अगिअगि अरिङ्गाल पठाउनेछु, र त्यसले हिव्वी, कनानी र हित्तीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनेछ ।"*
>
> *- प्रस्थान २३:२७-२८*

बाइबलमा लेखेको हिब्रु शब्द "नाश गर्नु" लाई यसरी बुझ्न सक्छौं:

हमाम: असमँझमा पर्नु, आवाज उठाउनु, तोड्नु

यी राष्ट्रहरुमाथि परमेश्वरको भय छाउनुलाई हामी येशुले मन्दिरलाई शुद्ध पार्नुभएको कुरासंग तुलना गर्न सक्छौं । इस्राएलको वरीपरि भएको राष्ट्रहरुको पापको कचौरा भरिएको थियो र तिनीहरुको न्यायको घडी आइपुगेको थियो । परमेश्वरको भयले तिनीहरुलाई उनीहरुको पापको आभास गराएको थियो । परमेश्वरको आत्मा आफ्नो न्यायमा तिनिहरुको नजिक आउनुभएको थियो । दुखलाग्दो कुरा, तिनीहरुले इन्कार गरे र असमँझमा परे । येशुको अनुग्रहलाई इन्कार गरेको कारण यहुदीहरूको नाश भएको थियो । छिमेकी राष्ट्रहरुले इन्कार गरेको हुनाले तिनीहरु इस्राएलको तरवारको धारमा परेको थिए । इस्राएलको तरवारको बारेमा

हामी पछी पढ़नेछौँ तर अहिलेको लागि यी राष्ट्रहरुमाथि परमेश्वरको भय छाउँदा परमेश्वरको आत्मा तिनीहरुको नजिक आउनुभएको थियो ताकी तिनीहरुलाई उनीहरुको पापको आभास होस् र तिनीहरुले पश्चताप गरुन् र बाचुन् ।

उनीहरुलाई बचाउने प्रयास गर्दा तिनीहरुले आफ्नो हृदय कठोर पारेका थिए र तिनीहरुले जीवनको सट्टा मृत्युलाई नै रोजे । पापको आभासले तिनिहरुको हृदयमा पिडा पुगाएको थियो । यी राष्ट्रहरु परमेश्वरको उपस्थितिबाट भागेका थिए र तिनीहरु शैतानको पासोमा परेका थिए र तिनीहरु नाश भएका थिए ।

> ***“अनि रातको पछिल्लो पहरमा परमप्रभुले मिश्रीहरूको सेनालाई आगो र बादलको खम्बाबाट हेर्नुभयो, र मिश्रीहरूको सेनालाई अलमल्ल गराइदिनुभयो । उहाँले उनीहरूका रथका पाङ्ग्राहरू फुस्काइदिनुभयो र उनीहरूलाई ती चलाउन कठिन भयो। मिश्रीहरू भन्न लागे, “हामी इस्राएलीहरूदेखि भागौं, किनकि परमप्रभु तिनीहरूका पक्षमा भएर मिश्रीहरूका विरुद्धमा लड़दैहुनुहुन्छ ।”***
>
> ***- प्रस्थान १४:२४-२५***

लाल समुन्द्रमा परमेश्वरले मिश्रीहरुलाई नाश पार्नु भएको थियो । त्यहाँ पनि प्रस्थान २३:२७ मा प्रयोग भएको शब्द प्रोग गरिएको छ ।

परमेश्वरले जति माया यहुदीहरुलाई गर्नुभएको थियो त्यति नै माया मिश्रीहरुलाई गर्नुभएको थियो । जब उहाँले आगोको खाँबो खडा गर्नुभयो तब मिश्रीहरुले यसलाई चेतावनीको रुपमा लिनुपर्थ्यो र फर्कनु पर्ने थियो । त्यसलाई देखेर तिनीहरुले पश्चताप गर्नुपर्थ्यो । जब तिनीहरुले यहुदीहरुलाई पिछा गरेका थिए तब तिनीहरुको रथको पाङ्ग्रा खुस्काउन परमेश्वरले स्वर्गदूतहरु पठाउनु भएको थियो ताकी तिनीहरु अगाडी जान नसकुन् तर तिनीहरुले यसलाई इन्कार गरेर लाल समुन्द्रमा आफ्नो रथहरु हालेका थिए र जब पानी आयो तब तिनीहरु डुबेर मरे । परमेश्वरले तिनीहरुलाई पानीमा तान्नुभयो भनेर लेखेको हामी कहिँ पनि पाउँदैनौं । उहाँले तिनिहरुलाई बचाउन सार्थक प्रयासहरु गर्नुभयो ।

> *"परमप्रभुले शपथ खानु भएझैँ हामीहरूको छाउनीबाट लड़ाइँ गर्ने मानिसहरू सबै नष्ट नहोउञ्जेल कादेश-बर्नेबाट जेरेद खोला पारिसम्म आइपुग्न हामीलाई अठतीस वर्ष लाग्यो । छाउनीबाट ती सबै नष्ट नहोउञ्जेल परमप्रभुको हात तिनीहरूका विरुद्धमा रह्यो ।"*
>
> *- व्यवस्था २:१४-१५*

यहुदीहरुले कनान देशलाई लिउन् भन्ने परमेश्वरको इच्छा थियो तर त्यहाँ भएको मानिसहरुसंग यिनीहरु डराए र परमेश्वरमाथि भरोसा गर्न इन्कार गरे । जब परमेश्वरले तिनीहरुलाई भन्नुभयो कि तिनीहरु प्रतिज्ञाको देशमा प्रवेश गर्न पाउनेछैनन् भन्नुभयो तब तिनीहरु विद्रोह गरे र त्यहाँ लडाई गर्न तयार भए। जब तिनीहरु आफ्नो शत्रुबाट मात खाए तब

तिनीहरुले सारा दोष मोशालाई दिए र उसलाई मार्न खोजे। ति मानिसहरुले बारम्बार भनिरहे कि परमेश्वरले तिनीहरुलाई मार्न उजाडस्थानमा ल्याउनुभयो र तिनीहरुले न्याय गरेको अनुसार तिनीहरुले भोगे । परमेश्वरले तिनीहरुलाई मौका दिनुभएको थियो ताकी तिनीहरुले पश्चताप गर्न सकुन् र अनुग्रहको अनुरोध गरुन् । ४० वर्षसम्म परमेश्वरले तिनीहरुलाई परिवर्तन गराउन आफ्नो आत्मा पठाउनुभयो तर तिनिहरुले इन्कार गरे । यदी तिनीहरुले पश्चताप गरेको भए, त्यहाँ तिनिहरुको मृत्यु भएता पनि केहि पनि फरक पर्ने थिएन, तिनीहरुले अनन्त जीवन पाउने थिए ।

> ***"कसै-कसैलाई प्रवेश गर्न अझै बाँकी नै छ, र तिनीहरू, जसलाई अघिअघि सुसमाचार प्रचार गरिएको थियो, तिनीहरू आफ्ना अनाज्ञाकारिताले गर्दा पस्न सकेनन् ।"***
>
> ***- हिब्रु ४:६***

कति दुखलाग्दो कुरा कि यहुदीहरु परमेश्वरको विश्राममा प्रवेश इन्कार गरे । उल्टो तिनीहरुले आफ्नो हृदय कठोर गरे र आत्माको विन्तीलाई सुन्न इन्कार गरे, र तिनीहरुको मृत्यु उजाडस्थान भयो र अनन्त जीवनलाई गुमाए । के परमेश्वरले तिनीहरुलाई नाश गर्नुभएको हो त ? उहाँको निरन्तर विन्तीलाई इन्कार गरेको हुनाले तिनीहरुको हृदय कठोर भयो र तिनीहरु नाश भए ।

जब मुक्तिदाता तपाईलाई आफ्नो पापको आभास गराउन आउनुहुन्छ तब तपाई नडराउनुहोस् र आफ्नो हृदय कठोर नपार्नुहोस् । यो कुरामा विश्वास

गर्नुहोस् कि तपाईको पिताले तपाईलाई क्षमा गर्न तयार हुनुहुन्छ र पापलाई हटाउनु हुन्छ र क्षमाको वरदान र स्वतन्त्रता दिनुहुन्छ । आफ्नो हृदयको मन्दिरमा स्वर्गीय शान्तिलाई महसुस गर्नुहोस् र उहाँको महिमामा रमाउनुहोस् ।

अन्तिम दिनहरुमा संसारमा यो सन्देश फैलिने छ, "परमेश्वरसंग डराउ र उहाँलाई महिमा देउ" प्रकाश १४:७ । जब हामी परमेश्वरको आत्मालाई हाम्रो हृदयमा प्रवेश गर्न दिन्छौं र उहाँलाई इन्कार गर्दैनौं तब हामी आशिष पाउनेछौं र ज्ञानलाई बुझ्दछौं ।

> ***"परमप्रभुको भय मान्नु नै बुद्धिको सुरुआत हो, र परमपवित्रको ज्ञान नै समझशक्ति हो ।"***
>
> ***- हितोपदेश ९:१०***

## ११.परमेश्वरको क्रोध

आफ्नो मृत्युभन्दा एक हप्ता अगाडी गधामा सवार भएर येरुशलेमभित्र प्रवेश गर्नुभएको थियो र त्यहाँ ठुलो भिड जम्मा भएको थियो ।

> ***"भीड़मा धेरैले आफ्ना वस्त्र बाटोमा ओछ्याए, र अरूहरूले रूखका हाँगा काटेर बाटोमा बिछ्याइदिए । उहाँको अगि र पछि लागेका भीड यसो भन्दै कराए, दाऊदका पुत्रलाई होसन्ना! धन्य उहाँ, जो परमप्रभुको नाउँमा आउनुहुन्छ! परमधाममा होसन्ना !"***
>
> ***- मत्ती २१:८, ९***

चेलाहरुले सोचे कि अब उनीहरुको मनभित्र रहेको इच्छाहरु पुरा हुनेछन् जब तिनीहरुले देखे कि तिनीहरुको गुरुलाई स्वागत गर्न भिड जम्मा भएको थियो । तर यो खुशीको क्षणमा हामी यो पदलाई पढ्न सक्छौं:

> ***"जब येशू नजिकै आइपुग्नुभयो र सहरलाई देख्नुभयो, उहाँ त्यसको निम्ति रुनुभयो, "शान्ति कुन कुराले ल्याउँछ भनेर तैंले आज पनि जानेको भए हुनेथियो ! तर अब तेरो दृष्टिबाट त्यो***

*लुकेको छ ।"*

***- लूका १९:४१, ४२***

जब येशुले त्यस शहरलाई हेर्नुभयो र यस राज्यले परमेश्वरको विरुद्ध गरेको विद्रोहलाई याद ग्र्नुभयो र अबको चालिस दिनमा के हुनेछ त्यसलाई याद गर्नुभयो तब उहाँ रुनुभयो । यो एक साधरण आँसु थिएन; यो एकदम पिडा, दुख जुन आँसुको रुपमा बाहिर प्रस्फुटन भएको थियो । परमेश्वरको चरित्रमध्ये एउटा चरित्र धैर्यता हो ।

***"यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्‍वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्‍वस्ततामा प्रशस्त हुनुहुन्छ ।"***

***- प्रस्थान ३४:६***

यो शब्दको यी अर्थहरु हुन्छन:

***मानिसको नाक वा नाकको भाग हुन सक्छ; मानिसको अनुहार; जोर जोरले सास फेर्नु, रिसाउनु, पिडा, क्रोध आदि:***

***"तर हन्‍नाहलाई दोबर भाग दिन्थे, किनभने एल्कानाले तिनलाई प्रेम गरे, र परमप्रभुले तिनको गर्भ रोक्‍नुभएको थियो ।"***

***- १ शमुएल १:५***

हन्नालाई प्रेम गरेको कारण उसलाई क्रोधको भाग दिएको कुराले कुनै पनि मतलब नै निक्लिदैन । यसलाई हामी गिनिसियस हिब्रु क्ल्दी लेक्सीकोणमा यसरी लेखेको पाउछौं:

> ***मनमा दुख वा पिडा हुनु; कहिले काँही क्रोधमा वा पिडामा प्रयोग हुनु***

येशुले झार्नुभएको आँसुमा आफ्नो सन्तानहरुको लागि प्रेमलाई देख्न सक्छौं । के त्यहाँ हामी क्रोधलाई देख्न सक्छौं ? हो त्यहाँ क्रोध छ तर त्यो क्रोध पापको कारण आफ्नो प्यारो सन्तानहरुले पाएको दुख हो र यसलाई हामी उहाँको आँसुमा देख्न सक्छौं ।

> ***"किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ । जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन् ।"***
>
> ***- यशैया ५५:८, ९***

जब हामी परमेश्वरको क्रोधको वारेमा बाइबलमा पढ्छौं, के हामी त्यसलाई राम्ररी बुझेका छौं ? हामी फेरी एकचोटी येशुको जीवनलाई हामी हेरौं र कसरी उहाँले क्रोधलाई लिनुहुन्छ त्यसलाई हेरौं ।

> ***"धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू विधवाहरूका घर खाइदिन्छौ, र लामो-लामो प्रार्थना***

*गर्ने भान पार्दछौ । यसैले अरूले भन्दा तिमीहरूले ज्यादा दण्ड पाउनेछौ । "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू एक जनालाई आफ्नो मतमा ल्याउनलाई समुद्र र जमिन चहार्दछौ, र त्यो तिमीहरूको मतमा आएपछि त्यसलाई आफूभन्दा दोबर नरकको छोरो बनाउँछौ । "धिक्कार तिमीहरूलाई, अन्धा अगुवा हो, जसले भन्दछौ, 'कसैले मन्दिरको शपथ खाँदा केही हुँदैन, तर मन्दिरका सुनको शपथ खाँदा त्यस शपथले बाँधिनेछ ।' मूर्ख र अन्धा हो, कुनचाहिँ ठूलो हो? सुन कि सुनलाई पवित्र पार्ने मन्दिर ?"*

***- मत्ती २३:१४-१७***

यी पदहरु हेर्दा हामीलाई यो लाग्छ कि येशु क्रोधित हुनुभएको छ । आउने पदहरुमा येशुको दुखलाई हामी पढ्न सक्छौं र हामी धेरै महत्वपुर्ण कुरालाई पढ्न सक्छौं:

*"ए यरूशलेम, ए यरूशलेम, तँ जसले अगमवक्ताहरूलाई मार्ने र तँकहाँ पठाइएकाहरूलाई ढुङ्गाले हान्ने! जसरी कुखुरीले आफ्ना चल्लाहरूलाई पखेटामुनि बटुल्छ, त्यसरी नै मैले धेरै पल्ट तेरा बालकहरूलाई बटुल्ने इच्छा गरें, तर तैंले मानिनस् ।"*

***- मत्ती २३:३७***

येशुले यी दुखि र हराएका यहुदी अगुवाहरुलाई प्रेम गर्नु हुन्थ्यो । उहाँ तिनीहरुलाई बचाउन चाहनुहुन्थ्यो। जसरी माउले आफ्नो चल्लाहरुलाई

जम्मा गर्छिन त्यसरी नै येशुले मायालु भाषामा हामीलाई बोलाउनु हुन्छ । यो परमेश्वरको प्रेमको अद्भुत चित्र हो । उहाँको क्रोध भनेको उहाँको प्रेममा प्रकट भएको थियो र उहाँको दुख आँसुमा परिणत भएको थियो । मत्ती २३ मा हामी परमेश्वरको क्रोधलाई हेर्न सक्छौं ।

यदी कुनै पनि विन्दुमा स्वर्गबाट आगो झार्ने समय भएको थियो भने त्यो अहिले थियो । यी अगुवाहरुले सम्पूर्ण यहुदी राष्ट्रलाई नाशमा धकेल्दै थिए । तिनीहरु मानिसहरुलाई गलत बाटोमा लैजादैं थिए र धर्मशास्त्रको शुद्ध सन्देशलाई बिगारेको थिए । यो ठाउँमा यिनीहरुलाई नाश गरेको भए, सत्य मानिसहरुको माझमा पुग्ने थियो । येशुले कुनै पनि तरवार उठाउनु भएन न त स्वर्गबाट आगो झार्नुभयो तर उहाँले यी शब्दहरु उच्चारण गर्नुभयो:

> ***"हेर, तिमीहरूको घर उजाड छोडिएको छ ।"***
>
> ***- मत्ती २३:३८***

यहाँ परमेश्वरको क्रोध जम्मा भएको हेर्न सक्छौं । यस राष्ट्रबाट परमेश्वरको संरक्षण हटेको छ भनेर परमेश्वरको पुत्रले भन्नुभयो । यही विन्दुबाट शैतानले यी अगुवाहरुलाई आफ्नो जालमा पार्यो र तिनीहरुले येशुलाई मार्ने योजना बनाए । यहाँ हामीले ध्यानसंग हेर्छौं भने जब येशुले इस्राएलको घरानालाई उजाड पारिनेछ भन्नुभयो तब उहाँले आफ्नो मृत्युको लागि बाटो तयार गर्नुभयो, अरुको लागि हैन । जब परमेश्वरको आत्माले ति पूजाहारीहरु र अगुवाहरुलाई छोड्नुभयो तब येशुको हत्या गर्नबाट तिनीहरुलाई कसैले रोक्न सक्दैन थियो । जब शैतानले पूर्णरुपमा

अधिकार पायो तब उसले यस शहरलाई चालिस वर्षभित्र तहसनहस पार्यो जहाँ लाखौँ यहुदीहरुलाई रोमीहरुले हत्या गरे ।

परमेश्वरको क्रोधलाई हामी अर्को तरिकाले हेर्न सक्छौं:

> *"उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड, क्रोध, कोप, रीस र शत्रुता—अर्थात् विनाशकारी दूतहरूको एक दल पठाउनुभयो ।"*
>
> ***- भजनसंग्रह ७८:४९***

यहाँ नाशकर्ता को हो ?

> *"हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए ।"*
>
> ***- १ कोरिन्थी १०:१०***

ग्रीक भाषामा नाशक स्वर्गदुतलाई विषालु सर्प भनेर बोलाइन्छ ।

> *"अतल कुण्डको दूत तिनीहरूको राजा थियो । हिब्रू भाषामा त्यसको नाउँ एबाड्डोन र ग्रीक भाषामा त्यसको नाउँ अपोल्लियोन (नाशकर्ता) हो ।"*
>
> ***- प्रकाश ९:११***

शैतान नाशकर्ता हो । जब मानिसहरुले ख्रीष्टलाई इन्कार गर्छन तब ति हराएका सन्तानहरुप्रति ख्रीष्टले पिडामा आँशु बगाउनु हुन्छ र उनीहरुले जसलाई चाहे त्यसको पछी लाग्न दिनुहुन्छ । जब यो कुरा हुन्छ तब मानिसको वरिपरी भएको सुरक्षाको घेरा हटेर जान्छ ।

*"शैतानले परमप्रभुलाई यसो भनेर जवाफ दियो, "अय्यूबले त्यसै परमेश्‍वरको डर राखेका हुन् त?" के तिनलाई, तिनका घराना र तिनका सबै धन-सम्पत्तिलाई तपाईंले चारैतिरबाट बार हालेर रक्षा गर्नुभएको छैन? तिनका सबै काममा तपाईंले आशिष् दिनुभएको छ, अनि तिनका गाईबस्तुहरू देशभरि अनगन्ती बढ़ेका छन् ।"*

*- अय्युब १:९, १०*

*"परमेश्‍वरको भय मान्‍नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्, र उहाँले तिनीहरूलाई छुटकारा दिनुहुन्छ ।"*

*- भजनसंग्रह ३४:७*

*"खाड़ल खन्‍ने मानिस आफै त्यसमा जाकिन सक्छ, र पर्खाल भत्काउने मानिसलाई साँपले डस्न सक्छ ।"*

*- उपदेशक १०:८*

कुन कुराहरुले गर्दा सुरक्षाको घेरा हराएर जान्छ ?

*"अब जा, आउँदो समयको निम्ति अनन्त साक्षी होस् भनेर तिनीहरूका निम्ति एउटा पाटीमा, एउटा पुस्तकको मुट्ठामा त्यो लेख । यो एउटा बागी प्रजा, धोका दिने छोराछोरीहरू हुन्, अर्थात् परमप्रभुको शिक्षा नसुन्‍ने छोराछोरी हुन् । दर्शन देख्‍नेहरूलाई तिनीहरू भन्दछन्, "अब उसो दर्शन नदेख!"*

*तिनीहरू अगमवक्ताहरूलाई भन्दछन्, "हामीलाई ठीक कुराहरूको दर्शन नदेओ! हामीलाई मनपर्दा कुराहरू भन, भ्रमात्मक अगमवाणी कह । यो बाटो छोड़, यो मार्गबाट हट, र इस्राएलका परमपवित्रसित हाम्रो सामना गर्न बन्द गर ।" यसकारण इस्राएलका परमपवित्र भन्नुहुन्छ, "तिमीहरूले यस समाचारलाई इन्कार गरेका छौ, र अत्याचारमाथि र छलका कुरामा भर परेका छौ । यसकारण यो पाप तिमीहरूका निम्ति पुट्ट निस्केर तुरुन्तै खस्न लागेको एउटा अल्गो पर्खालजस्तै हुनेछ, जो क्षणभरमा एक्कासि ढल्नेछ । कुमालेको भाँड़ा निर्दयतासित फुटाएझैं, त्यो टुक्रा-टुक्रा भएर फुट्नेछ, कि त्यसका टुक्राहरूमा अगेनोबाट आगो झिक्ने अथवा इनारबाट पानी उघाउन एउटा सानो टुक्रासम्म पनि रहनेछैन ।"*

*- यशैया ३०:८-१४*

*"त्यसमा भएका त्यसका राजकुमारहरू गर्जंदै शिकार फहराउने सिंहझैं एउटा षड्यन्त्र रच्दैछन्। तिनीहरूले मानिसहरूलाई निल्छन्, तिनीहरूले धन-सम्पत्ति र बहुमूल्य पदार्थहरू लुट्छन्, र त्यसको बीचमा धेरैलाई विधवा बनाउँछन् । त्यसका पूजाहारीहरूले मेरो व्यवस्था भङ्ग गर्छन् र मेरो पवित्र चीजहरू अपवित्र पार्छन् । पवित्र र साधारण चीजको तिनीहरूलाई केही विचारै छैन, तिनीहरूले शुद्ध र अशुद्धको बीचमा केही भिन्नता छैन भनी सिकाएका छन् । तिनीहरूले मेरा शबाथहरू मान्नलाई*

*आँखा चिम्म गरेका छन्, फलस्वरूप तिनीहरूका बीचमा म अपमानित हुन्छु । त्यसमा भएका त्यसका अधिकारीहरू आफ्नो शिकार फहराउने ब्वाँसाहरूजस्ता छन् । तिनीहरूले बेईमानीसित नाफा कमाउनलाई रगत बगाएर मानिसहरूलाई मार्छन् । त्यसका अगमवक्ताहरूले असत्य दर्शन देखेर र झूटा जोखना हेरेर ती कुकर्महरूलाई चूनले पोतेझैँ छोप्छन् । परमप्रभुले केही भन्नु नहुँदा पनि 'परमप्रभु परमेश्वर यसो भन्नुहुन्छ' भनी तिनीहरू भन्छन् । देशका मानिसहरूचाहिँ जबरजस्तीसँग लिने र चोरी गर्ने गर्छन्। तिनीहरूले गरीब र दरिद्रहरूमाथि थिचोमिचो गर्छन्, र न्यायलाई इन्कार गरेर विदेशीहरूसँग दुर्व्यवहार गर्छन् । "पर्खाल निर्माण गरिदिने र देश मद्वारा नष्ट नहोस् भनी देशको लागि मेरो सामुन्ने धाँदोमा उभिदिने एक जना मानिस तिनीहरूका बीचमा मैले हेरें, तर मैले कोही पनि पाइनँ । त्यसकारण तिनीहरूले गरेका सबै काम तिनीहरूकै थाप्लोमा ल्याएर मेरो जल्दो रीसले म तिनीहरूलाई भस्म पार्नेछु, परमप्रभु परमेश्वर भन्नुहुन्छ ।"*

*- इजिकिएल २२:२५-३१*

यी कुराहरुले गर्दा पर्खालमा चिरा पर्दछ:

१. आफ्नो व्यक्तिगत स्वार्थको लागि मानिसहरुको फाइदा लिनु
२. व्यवस्थाको उलंघन गर्नु, विद्रोह गर्नु

३. पवित्र थोकहरुलाई अपवित्र पार्नु, पवित्र र अपवित्र कुरालाई मिलाउनु
४. तिनीहरुबाट सबाथको सत्यतालाई लूकाउनु
५. अगुवाहरु भ्रष्टाचारमा फस्नु
६. अगमवाणी बोल्नेहरुले झुटो कुरा फैलाउनु
७. गरिब र खाँचोमा परेकाहरुलाई दुख दिनु

जब परमेश्वरको सन्तानहरुले परमेश्वरको आज्ञाहरुलाई तोडेर, पश्चताप गर्नुको सट्टा पाप गर्दै बस्छन तब परमेश्वरलाई यस्तो स्थानमा राख्छन कि उहाँले तिनीहरुलाई बचाउन गाह्रो हुन्छ । यसले गर्दा उहाँलाई घोर पिडा हुन्छ । उहाँले तिनीहरुलाई बचाउन सक्नुहुन्छ तर शैतानले परमेश्वरको सामु तिनीहरुलाई दोषी देखाउछन र तिनीहरुलाई सुम्पिनु भन्दछ । यो दुख र पिडा परमेश्वरको क्रोध हो । गहिरो पिडालाई हामी हेर्न सक्छौं । इजकिएल २२:२५-३१ र मत्ती २३ मा हामी समानता पाउछौं । इजकिएलको समयमा सुरक्षाको घेरा हटाईएको थियो र इस्राएलीहरुलाई बेबिलोनमा वन्दी बनाएर लगिएको थियो । ख्रीष्टको समयमा सुरक्षाको घेरा हटाईएको थियो र रोमीहरु आएर येरुशलेमलाई नाश गरेका थिए ।

## सात बुँदाहरु जसले गर्दा चिरा परेको थियो

| इजिकिएल २२:२५-३१ | मत्ती २३ |
|---|---|
| १. आफ्नो व्यक्तिगत स्वार्थको लागि मानिसहरुको फाइदा लिनु | **मत्ती २३:२५** "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू ! किनभने तिमीहरू |

| | |
|---|---|
| | कचौरा र थालको बाहिरपट्टि माझ्दछौ, तर भित्रपट्टि भने ती लोभ र असंयमले भरिएका हुन्छन् । |
| २. व्यवस्थालाई भंग गर्नु | **मत्ती २३:२३** "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू! किनकि तिमीहरू पुदीना र सूँप र जीराको दशांश दिन्छौ, तर व्यवस्थाका गहकिला विषयहरू, अर्थात् न्याय, दया र विश्वासको अवहेलना गरेका छौ । तिमीहरूले दशांश दिने काम गर्नुपर्नेथियो, अनि ती गहकिला विषयहरूको अवहेलना नगर्नुपर्नेथियो। |
| ३. पवित्र थोकलाई घृणित पार्नु; पवित्र र साधारण कुरालाई मिलाउनु | **मत्ती २३:१६-२०** "धिक्कार तिमीहरूलाई, अन्धा अगुवा हो, जसले भन्दछौ, 'कसैले मन्दिरको शपथ खाँदा केही हुँदैन, तर मन्दिरका सुनको शपथ खाँदा त्यस शपथले बाँधिनेछ ।' मूर्ख र अन्धा हो, कुनचाहिँ ठूलो हो ? सुन कि सुनलाई पवित्र पार्ने मन्दिर |

| | |
|---|---|
| | ? 'कसैले वेदीको शपथ खाँदा केही हुँदैन, तर त्यसमाथि राखिएको भेटीको शपथ खाँदाचाहिँ शपथले बाँधिनेछ।' ए अन्धा हो, कुनचाहिँ ठूलो हो? भेटी कि भेटीलाई पवित्र पार्ने वेदी ? यसकारण वेदीको शपथ खानेले वेदीको र त्यसमाथिका सबै थोकको शपथ खान्छ। |
| ४. सबाथ पालनाबाट आफ्नो आँखा लूकाउनु | **मत्ती २३:४** तिनीहरूले गह्रौँ र बोक्न नसक्ने भारी बाँधेर मानिसहरूका काँधमा राखिदिन्छन्। तर तिनीहरू आफैचाहिँ ती उठाउनलाई एक औँलाले पनि छुँदैनन्। |
| ५. अगुवाहरु व्यक्तिगत स्वार्थमा तल्लिन हुनु | **मत्ती २३:१६** "धिक्कार तिमीहरूलाई, अन्धा अगुवा हो, जसले भन्दछौ, 'कसैले मन्दिरको शपथ खाँदा केही हुँदैन, तर मन्दिरका सुनको शपथ खाँदा त्यस शपथले बाँधिनेछ।' |
| ६. अगमवक्ताहरुले झुठ बोल्छन् | **मत्ती २३:२८** यसरी नै तिमीहरू पनि बाहिर भने मानिसहरूका |

| | |
|---|---|
| | सामुन्ने धर्मी देखा पर्दछौ, तर भित्र भने कपट र दुष्टताले भरिएका छौ । |
| ७. गरिब र दुखमा परेकाहरुलाई थिचोमिचोमा पार्नु | **मत्ती २३:१४** "धिक्कार तिमीहरूलाई, शास्त्री र फरिसी हो, ढोंगीहरू ! किनकि तिमीहरू विधवाहरूका घर खाइदिन्छौ, र लामो-लामो प्रार्थना गर्ने भान पार्दछौ। यसैले अरूले भन्दा तिमीहरूले ज्यादा दण्ड पाउनेछौ । |

आउनुहोस्, केहि उदाहरणहरु हेरौं जसमा मानिसहरुले सुरक्षाको घेरालाई तोडेका छन् ।

> ***"जब तिनीहरू नाकोनको खलामा आइपुगे, तब गोरुहरूले ठेस खाए, र उज्जाहले आफ्नो हात बढ़ाएर परमेश्वरको सन्दूकलाई थामे । तर परमप्रभु उज्जाहसँग क्रोधित हुनुभयो, र तिनको यस्तो लापरवाहीको निम्ति उहाँले तिनलाई त्यहाँ मार्नुभयो । यसरी तिनी परमेश्वरका सन्दूकको छेउमा मरे । परमप्रभु यसरी उज्जाहमाथि क्रोधित हुनुभएकोमा दाऊद रिसाए, र तिनले त्यस ठाउँको नाउँ फारेस-उज्जाह राखे । त्यसको नाउँ आजसम्म त्यही छ ।"***
>
> ***- २ शमुएल ६:६-८***

उज्जाहको विरुद्धमा परमेश्वरको क्रोध दन्कियो भन्ने शब्दहरुले परमेश्वरको चरित्रलाई हेर्न सक्छौं । यी शब्दहरुलाई पिडा र दुखसंग तुलना गरिएको छ । उज्जाहले जस्तो काम गरे, उसलाई थाहा थियो कि उसले गलत गरिरहेको छ । उ त्यो विन्दुमा पुगीसकेको थियो जसबाट उ बच्न सक्दैन थियो । परमेश्वरको आत्मा उसको निम्ति दुखित हुनुभयो । परमेश्वर उसलाई छाड्न चाहनु हुदैंन तर उसको पापले गर्दा परमेश्वरले उसको वरिपरी भएको सुरक्षाको घेरालाई तोडिन दिनुभयो । पदले भन्छ कि परमेश्वरले उज्जाहमाथि क्रोधित हुनुभयो । उज्जाहबाट टाढा हट्नु पर्दा परमेश्वर दुखित हुनुहुन्थ्यो, तर उज्जाहले विद्रोहको मार्ग रोजेको थियो र परमेश्वरले उसको इच्छालाई पुरा हुन् दिनुभयो । परमेश्वरले उज्जाहलाई प्रहार गर्नुभएको थिएन तर उज्जाह आफैले गर्दा उसको वरिपरी रहेको सुरक्षाको घेरा तोडिएको थियो ।

उज्जाहको हृदयमा भएको विद्रोहीपनलाई हामी पाठमा पढ्न पाउँछौ ।

> ***"तिनीहरूले परमेश्‍वरको सन्दूक एउटा नयाँ गाड़ामा राखे, र डाँड़ामा भएको अबीनादाबको घरबाट ल्याए, र अबीनादाबका छोराहरू उज्जाह र अहियोले गाड़ालाई हाँक्दैलगे। तिनीहरूले परमेश्‍वरको सन्दूक गाड़ामा राखेर लगे, अनि अहियोचाहिँ त्यसको अगिअगि हिँड़े ।"***
>
> ***- २ शमुएल ६:३, ४***

अबिनादाबको दुई छोराहरुमध्य उज्जाह जेठो थिए तर करारको सन्दुकलाई लाने क्रममा उज्जाहको बदली उसको भाई अहिउले नेतृत्व

गरेका थिए । के उज्जाह आफ्नो भाईसंग इर्ष्या गरेका थिए त? के आफ्नो भाईको लागि उज्जाहको ***हृदयमा*** घृणा थियो त? सानो समस्याले गर्दा गोरु गाडामा राखिएको करारको सन्दुकलाई सम्हालेको काठ भाँचिन पुगेको थियो । मोशाले भनेका थिए कि करारको सन्दुकलाई पुजाहारीहरुले मात्र बोक्नुपर्दछ ।

> ***"आजसम्म चलिआएझैं परमप्रभुका करारको सन्दूक बोक्न, परमप्रभुको सामु खड़ा भएर उहाँको सेवा गर्न र उहाँको नाउँमा आशिष् दिन त्यस बेला परमप्रभुले लेवीको कुललाई अलग गर्नुभयो।"***
>
> ***- व्यवस्था १०:८***

> ***"र मानिसहरूलाई यसो भनेर आज्ञा गरे, "जब तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरको करारको सन्दूक, र त्यो बोकेर लैजाने पूजाहारीहरू र लेवीहरूलाई देख्छौ, तब तिमीहरू आ-आफ्नो ठाउँ छोड़ेर त्यसको पछि लाग ।"***
>
> ***- यहोशु ३:३***

उज्जाहको हृदयमा केहि कुरा थियो जसको कारणले गर्दा उबाट सुरक्षाको घेरा हटेको थियो ।

तपाई कसरी अध्धयन गर्नुहुन्छ? के तपाईले परमेश्वरको चरित्रलाई दन्केको आगोको रुपमा पढ्नुभएको छ जसले उज्जाहलाई दण्ड दिनुभयो वा तपाईले परमेश्वरलाई एक लाचार पिताको रुपमा देख्नुभएको छ जसले

एकदम दुखसाथ् उज्जाहलाई आफ्नो हालतमा छाड्नुभयो किनभने उज्जाहले परिवर्तन हुने नाम लिएका थिएनन् र विद्रोहको बाटोमा हिडेंका थिए । यो खण्डलाई हामी कसरी पढ्छौं त्यसमा हामीले ध्यान दिनुपर्दछ । स्वर्गमा बस्नुहुने पिताले हामीलाई धेरै कुराहरु दिनुभएको छ जो हाम्रोलागि ऐनाको काम गर्दछ जसद्वारा हामी आफ्नो हृदयलाई हेर्न सक्छौं जसद्वारा हामी वचनलाई कसरी उल्था गर्छौं त्यसमा भर पर्न सक्छौं । के त्यहाँ हामी हाम्रो चरित्रलाई देख्न सक्छौं त? के त्यहाँ हामी क्रोधित मानिसलाई देख्न सक्छौं जसले सानो गल्तीको लागि सजाय दिनुहुन्थ्यो वा एक लाचार पितालाई देख्न सक्छौं जो उज्जाहले शैतानलाई स्वीकार गरेको लाचारतासाथ् स्वीकार गर्नुभयो?

> ***"म तिमीहरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको बदला म चुकाउनेछु । तिमीहरू आ-आफ्नो सहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु, अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ ।"***
>
> ***- लेवी २६:२५***

धर्मशास्त्रमा धेरै ठाउँमा हामीले प्रभुको क्रोध प्रज्वलित भएको पढ्छौं र तरवार, अनिकाल र रूढीहरू मानिसहरूमाथि पर्छन् । जब हामी धर्मशास्त्रलाई पढ़द्छौँ तब मानिसहरु आफ्ना शत्रुको हातमा सुम्पिएका हामी पाउँछौ । परमेश्वरको प्रज्वलित क्रोध भनेको उहाँले सहनुहुने दुःखदायी शोक हो जब उहाँको सन्तानहरुले उहाँको आज्ञा भंग गरेर विद्रोह गरिरहन्छन् ।

के आज हामी हाम्रा पिताको आवाजलाई ध्यान दिएर सुन्ने प्रयास गर्न सक्छौं ?

*“‘तिमीहरूले आफ्ना निम्ति मूर्तिहरू नबनाओ। अनि आफ्ना निम्ति कुनै खोपिएको मूर्ति वा प्रतिमूर्ति खड़ा नगर, र खोपिएका ढुङ्गाहरू आफ्नो देशमा ठड्याएर ती पुज्नलाई घोप्टो नपर। म परमप्रभु तिमीहरूका परमेश्‍वर हुँ । “‘तिमीहरूले मेरो शबाथ पालन गर, र मेरो पवित्रस्थानको आदर गर । म परमप्रभु हुँ । “‘मेरा नियमअनुसार चलेर मेरा आज्ञाहरू तिमीहरूले पालन गर्‍यौ भने म ठीक-ठीक समयमा झरी पठाउनेछु, र जमिनले उब्जनी दिनेछ, र खेतबारीका रूखहरूमा फलफूल लाग्नेछन् । दाख बटुल्ने समयसम्मै तिमीहरूले दाइँ गर्नेछौ, र रोपाइँको समयसम्मै दाख बटुल्नेछौ । तिमीहरूलाई खानु-पिउनुमा दु:ख हुनेछैन, र देशमा तिमीहरू निर्धक्क हुनेछौ । “‘म देशमा शान्ति दिनेछु। तिमीहरू ढल्केर निदाउनेछौ, र तिमीहरूलाई कसैले तर्साउनेछैन । म देशबाट हिंसक पशुहरूलाई हटाइदिनेछु, अनि तिमीहरूको देशमा लड़ाइँ हुनेछैन ।”*

*- लेवी २६:१-६*

यदि हामी खुशीसाथ आफूलाई परमेश्वरको आज्ञाहरूमा समर्पण गर्छौं र हाम्रो बुबाले हामीलाई आशीर्वाद दिन चाहनुहुन्छ भन्ने कुरामा विश्वास गर्न चाहन्छौं भने तब हामी उहाँको स्वर्गदुतहरुको सुरक्षाको आनन्द लिन सक्छौं ।

*"जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्‌को छत्रछायामुनि रहन्छ । परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु ।" निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक रूढ़ीबाट बचाउनुहुनेछ । उहाँले तिमीलाई आफ्ना प्वाँखहरूले छोप्नुहुनेछ, र उहाँका पखेटामुनि तिमीले शरण पाउनेछौ । उहाँको विश्वसनीयता तिम्रो ढाल र पर्खाल हुनेछ ।"*

*- भजनसंग्रह ९१:१-४*

आज्ञा अवहेलना गरेर हामीले हाम्रो पिता र प्रभु येशुलाई शोक र पीडा नदिऔं । उहाँ हाम्रो सुरक्षा र हेरचाह गर्न चाहनुहुन्छ। यदि हामीले विद्रोह र शत्रुको आत्मा रोज्द्छौँ भने, अन्ततः हामी त्यो शत्रुलाई हाम्रो जीवनको नियन्त्रण गर्न अनुमति दिद्छौँ । कसैलाई उनीहरुको इच्छा विपरित अरुबाट सुरक्षा दिन राम्रो हैन ।

यरूशलेमको विनाश संसारको अन्त्यको पूर्वछाया हो । जसरी यहूदी राष्ट्रले दुई हजार वर्ष पहिले परमेश्वरको पुत्रलाई अस्वीकार गर्यो, त्यसरी नै आज परमेश्वरको पुत्रलाई मानिसहरूले तुच्छ ठानेर अस्वीकार गरेका छन् । उहाँको आराधनाको दिनलाई अस्वीकार गरेर सबाथको प्रभुलाई इन्कार गरेका छन् । अनैतिकता र लोभ यति धेरै छ कि अन्ततः ख्रीष्ट पीडादायी भएर रुँदै संसारलाई भन्नुहुदैंछ, "तिम्रो घर तिम्रो लागि उजाड छ ।" त्यसपछि विवादको आंधी जुन पतित स्वर्गदूतहरू हुन् पूर्ण रूपमा खुला

छाडिनेछ जसले पृथ्वीलाई नष्ट गर्नेछन् । हामी हाम्रो मुक्तिदातामा रहीरहौं र उहाँको अनुग्रहमा भरोसा राखौं ताकी हामी त्यो समुहको भाग हुन सकौं जसले परमेश्वरको आज्ञाहरू पालन गर्दछन् र जससंग येशूको विश्वास रहेको छ ।

## १२. तरवारलाई त्यसको स्थानमा राख्नु

बगैंचामा रातको शान्त प्रहरमा, हाम्रा प्रिय मुक्तिदाताले आफ्नो पिताको अगाडि बिन्ती गरिरहनुभएको थियो ।

> *अनि उहाँले अलि अगाडि गएर लम्पसार परी प्रार्थना गर्नुभयो, "हे मेरा पिता, हुन सक्छ भने, यो कचौरा मबाट हटोस्। तरै पनि मैले इच्छा गरेबमोजिम होइन, तर तपाईंले इच्छा गर्नुभएबमोजिम होस् ।"*
>
> *- मत्ती २६:३९*

मानिस जातीको अपराधको पूरा भार मानिसको पुत्रमा थियो । उहाँको संघर्ष यति ठुलो थियो कि उहाँको पसिना रगतका रुपमा बगेका थिए । परमेश्वरको थुमाले आफुमाथि लिनुभएको पापको अन्धकारलाई पिताको महिमा सामना गर्यो । आफुले बोकेको पापलाई पिताले कति घृणा गर्नुहुन्छ भनेर थाहा पाएर उहाँ पात हल्लिएझैं काम्नुभयो । अगमवक्ताको शब्दमा यो भनिएको छः

> *"ए तरवार, मेरो गोठालाको विरुद्धमा उठ्, नजिकका मानिसको विरुद्धमा, जो मेरो सङ्गी हो," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ । "गोठालालाई हिर्का, र भेड़ाहरू तितरबितर हुनेछन्, र मेरो हात सानाहरूका विरुद्धमा म उठाउनेछु ।"*
>
> *- जकरिया १३:७*

यस क्षणमा तरवार आत्माको तरवार थियो । हाम्रो खातिर ख्रीष्टले यो तरवारलाई हातमा लिनुभयो जसले उहाँको जीवन शक्तिलाई नष्ट गर्यो । जब मानिसलाई पसिनाको रुपमा रगत आउँछ तब उ मृत्युको मुखमा रहेको हुन्छ । केवल परमेश्वरको बलियो हातको सहायताले गर्दा यहुदी धर्मगुरुहरुको हातबाट उठेको रोमको तरवारको सामना गर्न बगैंचाबाट बाहिर आउन सक्षम हुनुभयो ।

जब मन्दिरका पहरेदारहरू येशूलाई पक्रन यहूदासँग आए, तब पत्रुस यहूदा मकाबिस[2] र तिनका सबै पुर्खाहरूको आत्मामा उठे जसले आफ्नो बहुमूल्य समानहरूको रक्षामा तरवार उठाएका थिए । येशूले पत्रुसलाई भन्नुभएको थियो कि उहाँ मानिसहरूको जीवन नष्ट गर्न होइन तर तिनीहरूलाई बचाउन आउनुभएको थियो, तर पत्रुसको लागि येशूको मृत्युको अर्थ उसका सबै आशाहरूको अन्त्य थियो । दुःखको कुरा, ख्रीष्टका चाहनाहरूको लागि भन्दा पनि उसको इच्छाहरूको लागि उसको तरवार उठेको थियो ।

> ***"सिमोन पत्रुसले आफूसँग भएको तरवार निकालेर मुख्य पूजाहारीको कमारालाई प्रहार गरे र त्यसको दाहिने कान च्वाट्टै काटिदिए । त्यस कमाराको नाउँ माल्खस थियो ।"***
>
> ***- यूहन्ना १८:१०***

---

[2] यहूदा मकाबिस, एक यहुदी पुजाहारी र पुजाहारी मथाएसका पुत्र थिए । उसले सेल्युकिड राज्य (१६७-१६० ईस्वी) को विरुद्धमा मकावीय विद्रोहको सुरुवात गरेका थिए ।

जब येशुले माल्खसलाई निको पार्नुभयो, उहाँले आफु र सत्यलाई बचाउन तरवारको प्रयोगबाट अलग गर्नुभयो । तब उहाँले भन्नुभयो:

> ***तब येशूले तिनलाई भन्नुभयो,*** *"तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन् । तिमी के ठान्दछौ, के म आफ्ना पितालाई बिन्ती गर्न सक्दिनँ, र उहाँले तुरुन्तै स्वर्गदूतहरूका बाह्र पल्टनभन्दा बढ़ी मेरो निम्ति पठाइदिनुहुन्न र? तर त्यसो भएदेखि यी कुरा यसरी हुनैपर्छ भनी धर्मशास्त्रमा लेखिएको कुरा कसरी पूरा हुने?"*
>
> ***- मत्ती २६:५२-५४***

येशूले भन्नुभएको यी शब्दहरूको आत्मिकी र भौतिक अर्थ दुवै छ । जब मानिसले परमेश्वरको वचनलाई समात्छ, त्यो वचनले उसको पुरानो जीवनलाई मार्नेछ ताकि उ ख्रीष्ट येशूमा जीवनको नयाँपनमा उठ्न सकोस् । एउटै समयमा अर्थात् भौतिक तरवार उठाउनेहरू त्यसैद्वारा मर्नेछन् । येशूले हाम्रो लागि एउटा महत्त्वपूर्ण पाठ छोड्नुहुन्छ जुन हामीले प्रार्थनामा र हाम्रा पिताका स्वर्गदूतहरूको हेरचाहमा भरोसा गर्नुपर्छ, तरवारमा होइन। मुक्तिदाताको उदाहरण हामीलाई स्पष्ट सन्देश हो । येशूले कहिल्यै प्रहार गर्नुभएन, कसैलाई घाइते वा हत्या गर्नुभएन । हाम्रा मुक्तिदाताले यो उदाहरण छोड्नुभएको छ र हामीले यसको पालना गर्नुपर्छ ।

> ***"किनकि यसैको निम्ति तिमीहरू बोलाइएका हौ। ख्रीष्टले पनि तिमीहरूका निम्ति कष्ट भोग्नुभयो, अनि तिमीहरूका लागि***

*एउटा उदाहरण छोडिजानुभयो, र तिमीहरू उहाँकै पाइलामा हिँड्नुपर्छ । "उहाँले कुनै पाप गर्नुभएन, र उहाँको मुखमा कुनै छलको कुरा पाइएन ।" तिनीहरूले उहाँलाई अपमान गर्दा उहाँले साटो फेर्नुभएन । दुःख भोग्नुहुँदा उहाँले धम्की दिनुभएन। तर उचित न्याय गर्नुहुनेमाथि उहाँले भरोसा राख्नुभयो ।"*

*- १ पत्रुस २:२-२३*

येशूको जीवनको प्रकाशमा सम्बोधन गर्दा हाम्रो लागि ठूलो चुनौती यो हो कि पुरानो नियमका ति कथाहरूलाई हामी कसरी बुझ्छौं जहाँ इस्राएलले आफ्ना शत्रुहरूलाई तरवारले हत्या गरेको हिंसाले भरिएको छ ? जब इस्राएलीहरूले मिश्र देश छाडे तब परमप्रभुले तिनीहरूलाई भन्नुभयो कि उहाँले तिनीहरूको वरिपरि भएका राष्ट्रहरूसँग हिसाब लिनुहुनेछ ।

*"म आफ्नो आतङ्क तिमीहरूका अगिअगि फैलाउनेछु, र तिमीहरू जुन जातिकहाँ जानेछौ उनीहरू सबैमा म गोलमाल ल्याउनेछु । म तिमीहरूका सबै शत्रुहरूलाई तिमीहरूको सामुन्नेबाट भगाउनेछु । म तिमीहरूका अगिअगि अरिङ्गाल पठाउनेछु, र त्यसले हिव्वी, कनानी र हित्तीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनेछ । तर म उनीहरूलाई तिमीहरूका सामुन्नेबाट एकै वर्षमा धपाउनेछैनँ, नत्रता देश उजाड़ भएर जानेछ, र जङ्गलका जन्तुहरू तिमीहरूका लागि संख्यामा धेरै हुनेछन् । तिमीहरू बढ़ेर त्यो देश आफ्नो अधिकारमा नपारुन्जेल अलि-अलि गरेर म उनीहरूलाई तिमीहरूका*

*सामुन्नेबाट धपाउनेछु ।"*

*- प्रस्थान २३:२७-३०*

यदि इस्राएलीहरू परमेश्वरप्रति वफादार भइरहेका भए येशूले मन्दिर सफा गर्नुभएझैं कनान देश पनि शुद्ध हुने थियो । परमेश्वरको आत्माले यी राष्ट्रहरूलाई तिनीहरूको पापको दोषी ठहराउनुहुने थियो, त्यसपछि तिनीहरूको असुविधामा, तिनीहरूले कि त भाग्ने थिए वा तिनीहरूले स्वीकार गर्थे, पश्चात्ताप, र आफूलाई इस्राएलमा सामेल गराएर र इस्राएलको परमेश्वरलाई पछ्याउने थिए । हामी ति पदलाई पढ्न सक्छौं जहाँ परमेश्वरले ति राष्ट्रहरूलाई बाहिर निकाल्छु भन्नुभएको छ, तिनीहरुलाई मार्नेछु भन्नुभएको हैन ।

यदि परमेश्वरले आफ्ना मानिसहरूद्वारा आफ्ना शत्रुहरूलाई मार्न चाहनुभएको भए मोशाले मिश्रीलाई मार्दा उसले के गरेको थियो त्यो भन्दा बढी गर्न उसलाई उहाँले प्रोत्साहन दिनुहुने थियो । बरु उहाँले मोशालाई भेडाहरूको हेरचाह गर्न चालीस वर्षको लागि मरुभूमिमा पठाउनुभयो । मोशाले पहिले नै फारोको नातिको रूपमा एक शक्तिशाली सेनापतिको सबै प्रशिक्षण लिइसकेका थिए । किन परमेश्वरले यो उच्च कुशल सेनापतिलाई भेडाको हेरचाह गर्न मरुभूमि भित्र जान अनुमति दिनुभयो ? मानिसहरूको हेरचाह गर्ने तरिका मोशालाई सिकाउनको लागि थियो । सिक्न चाहनेहरूका लागि यहाँ पाठहरू छन् । इस्राएलले युद्धद्वारा कनान भूमि कब्जा गर्न खोज्नु उहाँको इच्छा थिएन ।

मिश्रबाट इस्राएललाई छुटकारा दिंदा तिनीहरूलाई उहाँसँग परिचित हुन र उहाँमा भरोसा गरुन भन्ने उहाँको इच्छा थियो । मिश्रमा रहँदा इस्राएलीहरू तानाशाही भावनाले घेरिएका थिए । हिब्रू बालबालिकाहरुलाई नदीमा फ्याँकिएको थियो र मिश्रमा तिनीहरूको दासत्वको कठोर अनुभवको उदाहरणले धेरैलाई परमेश्वर एक तानाशाह हुनुहुन्छ र उहाँ उनीहरूलाई कुनै पनि समयमा मार्न सक्नुहुन्छ भन्ने धारणाबाट प्रभावित भएका थिए । सुरुवातदेखि नै यो डर प्रकट भएको हामी देख्न सक्छौं:

> ***"तिनीहरूले मोशालाई भने, "के मिश्रमा चिहानहरू थिएनन्, र तपाईंले हामीलाई यस उजाड़-स्थानमा मर्नलाई ल्याउनुभयो ? हामीलाई मिश्रबाट ल्याएर यो के गर्नुभयो ?"***
>
> ***- प्रस्थान १४:११***

यो डरलाई हामी अदनको बगैंचामा पाउन सक्छौं जब शैतानले आदम र हव्वालाई यो कुरामा विश्वस्त गरायो कि जब परमेश्वरले तिनीहरुलाई भन्नुभएको थियो कि तिनीहरू पक्कै मर्नेछन् र उहाँ आफैं तिनीहरूलाई मार्न आउनुहुनेछ ।

> ***"उनले भने, "मैले तपाईंको सोर बगैँचामा सुनें र म डराएँ, किनभने म नाङ्गै थिएँ, र म लुकें।"***
>
> ***- उत्पति ३:१०***

मोशालाई आरोप लगाउँदै इस्राएलले आफूले देखेको परमेश्वरप्रति उनीहरुको डर लूकाए । यो कुरामा उनीहरु पूर्ण रूपमा स्पष्ट थिए मोशाले

आफ्नो शक्तिद्वारा तिनीहरूलाई बाहिर ल्याएका थिएनन् । परमेश्वरले तिनीहरूलाई उजाडस्थानमा मार्न चाहनुहुन्छ भनी सोच्न प्रलोभनमा शैतानले तिनीहरुलाई पारेको थियो । यो प्रलोभन केवल परमेश्वरको चरित्रप्रति तिनीहरूको गलत बुझाइको कारणले सम्भव भएको थियो । इस्राएलीहरूमा यो डर अझै बढिरहेको थियो ।

> ***"अनि इस्राएलीहरूले तिनीहरूलाई भने, "हामी मिश्रमा मासुका कराहीहरूका वरिपरि बसी अघाउन्जेल खाना खान्थ्यौं । त्यसै बेला हामी परमप्रभुको हातबाट मरेका भएदेखि असल हुनेथियो । तर तपाईंहरूले हामी र हाम्रा यस जम्मै समुदायलाई भोकले मार्न उजाड़-स्थानमा ल्याउनुभएको छ ।"***
>
> ***- प्रस्थान १६:३***

इस्राएलीहरूले परमेश्वरप्रति आफ्नो डर व्यक्त गरे र खुला रूपमा आफ्नो इच्छा व्यक्त गरे कि वर्तमान अवस्थालाई सहनु भन्दा तिनीहरू मिश्रमा परमेश्वरको हातबाट मरेको भए हुने थियो । तिनीहरूले स्पष्ट रूपमा परमेश्वरमा विश्वास गरेनन्, र शैतानले तिनीहरूको दिमागलाई परमेश्वरको वास्तविक चरित्रप्रति अन्धा बनाएको थियो ।

यसपछिको अर्को अध्यायमा इस्राएलीहरूले परमेश्वरको बारेमा आफ्नो विकृत विचारहरू अझ बढी प्रकट गरेको हामी पाउछौं:

> ***"तर मानिसहरूलाई पानीको तिर्खा लाग्यो, र ती यसो भनेर मोशाको विरुद्धमा गनगनाए, "तपाईंले हामी, हाम्रा बालबच्चा र***

*पशुहरूलाई तिर्खाले मार्न किन मिश्रबाट यहाँ ल्याउनुभयो?" तब मोशाले यसो भनी परमप्रभुलाई पुकारा गरे, "म यी मानिसहरूलाई के गरूँ? यिनीहरूले त मलाई ढुङ्गाले हान्नै आँटेका छन् ।"*

*- प्रस्थान १७:३-४*

तिनीहरूले मोशालाई गुनासो र आरोप लगाउन जारी राखे र यसैले तिनीहरुले बुझेका अनुसार परमेश्वरले तिनीहरूलाई मार्न चाहनुभएको थियो । तिनीहरुको मनमा स्थापित भएको हिंस्रक परमेश्वरप्रति तिनीहरूको दृष्टिकोण विस्तार रुपमा मोशालाई मार्ने धम्कीमा परिवर्तन हुन थाल्छ । हिंस्रक परमेश्वरप्रति तिनीहरूको गलत दृष्टिकोणलाई पक्रेर राख्दा तिनीहरु विस्तारै त्यसमा परिणत हुदैं थिए र जुन मानिसले तिनीहरुलाई मिश्र देशबाट निकालेर ल्याउन परमेश्वरले प्रयोग गर्नुभएको थियो, तिनीहरु उसलाई नै मार्न खोजेका थिए ।

निरन्तर गनगन, गुनासो र परमेश्वरप्रति उनीहरुको अविश्वासले उहाँलाई त्यो स्थितिमा राख्छ जहाँबाट उहाँ तिनीहरूलाई सुरक्षा गर्न कम सक्षम हुनुहुन्छ । तिनीहरूले शैतानलाई आफ्नो मालिकको रूपमा रोजेका थिए, र शैतानले तिनीहरूलाई नष्ट गर्न खोजिरहेको थियो । उनीहरुले पानीको बारेमा गरेको गुनासो र अमालेकीहरूको आक्रमण बीचको सम्बन्ध देख्छौं:

*"परमप्रभु हाम्रा बीचमा हुनुहुन्छ कि हुनुहुन्न" भन्ने इस्राएलीहरूका झगड़ाको कारण र तिनीहरूले परमप्रभुको परीक्षा गरेको कारण त्यस ठाउँको नाउँ तिनले मस्साह र मेरीबा राखे। तब अमालेकीहरू आएर रपीदीममा इस्राएलीहरूमाथि आक्रमण गरे ।"*

*- प्रस्थान १७:७-८*

इस्राएलका सन्तानहरूमा भएको डरले अमालेकीहरूले तिनीहरूलाई आक्रमण गर्न भड्काउनको लागि शैतानलाई ढोका खोलिदियो । यदि इस्राएलले परमप्रभुमा भरोसा गरेको भए यस्तो हुने थिएन । अमालेकीहरू तिनीहरुलाई छुन पनि डराउने थिए । इस्राएलले परमेश्वरको विरुद्धमा आफ्नो पापको पश्चात्ताप गरेको कुनै प्रमाण छैन । परमेश्वरलाई तिनीहरूले तिनीहरूलाई मार्ने तानाशाह रूपमा झूटो दृष्टिकोण राखेका थिए । पानी प्राप्त गर्दा कृतज्ञताको प्रमाण त्यहाँ छैन । न हामी मोशासंग गरिएको व्यवहारप्रति माफी मागेको पाउछौं न त पानीको लागि विन्ती गरेकोमा उसलाई धन्यवाद भनेको हामी पाउछौं । यो कुरालाई हामी कहीं पनि पाउदैनौं । इस्राएलीहरूले मोशालाई मार्ने धम्की दिएका थिए । के हामी कल्पना गर्न सक्छौं कि यसले मोशालाई कति चोट पुर्याएको थियो ? मोशा आफ्नो घरमा आफ्नो परिवारको हेरचाह गर्दै र आफ्नो बगालको हेरचाह गर्दै बस्न सक्थ्यो । परमेश्वरप्रति तिनीहरुमा भएको कृतज्ञताको अभावलाई उसले महसुस गरेको थियो । मोशाको लागि यो साँचो परीक्षा थियो । त्यसपछि यी घटनाहरुको बिचमा उसले अमालेकीहरू आक्रमण

गरेर कमजोरहरूलाई मार्दैछन् भन्ने खबर उसले सुन्यो । त्यसपछि जे हुन्छ, त्यो निर्णायक छ । यो दबाब र निराशाजनक परिस्थितिमा गरिएको निर्णय हो ।

> ***"अनि मोशाले यहोशूलाई भने, "हाम्रा निम्ति मानिसहरू चुनेर अमालेकीहरूसित युद्ध गर्न जाऊ। भोलि परमप्रभुको लहुरो मेरा हातमा लिएर म डाँड़ाको टाकुरामा खड़ा हुनेछु ।"***
>
> ***- प्रस्थान १७:९***

यहाँ "परमप्रभुले मोशालाई आज्ञा दिनुभयो" भनी भनेको छैन । मोशा पवित्रस्थानमा गए र परमप्रभुसँग बिन्ती गरे पनि भनिएको छैन । मोशाले यहोशूलाई गएर लड्न भनेका छन् भनी मात्रै भनिएको छ । जसरी म मोशा यहोशूतर्फ हिँडेको दृश्यको चित्रण गर्छु, सबै कुरा सुस्त गतिमा जान्छ, र मेरो विचारहरू त्यो समयतिर मोडिन्छ जब मोशाको वंशका एक व्यक्तिले तिनीहरुको विरुद्ध तरवार उठाएका थिए जसले उनको परिवारको अपमान गरेका थिए ।

> **'तेस्रो दिन जब उनीहरू साह्रै पीडित अवस्थामा थिए, तब याकूबका दुई छोराहरू, दीनाका दाजुहरू शिमियोन र लेवी आ-आफ्नो तरवार लिएर गुप्त रूपले सहरमा पसे, र सबै पुरुषहरूलाई मारे । तिनीहरूले हमोर र उनका छोरा शकेमलाई पनि तरवारले काटेर मारे, र शकेमको घरबाट दीनालाई लिएर गए । अनि याकूबका छोराहरूले तिनीहरूकी बहिनीलाई**

**उनीहरूले बिगारिदिएका हुनाले ती मारिएकाहरूकहाँ आएर त्यस सहरलाई लुटे। तिनीहरूले उनीहरूका बगाल र बथानहरू,गधाहरू, र त्यस सहरमा र खेतमा भएका सबै कुरा पनि लगे। 29उनीहरूका सबै धन-सम्पत्ति, सबै बालबच्चा, र उनीहरूका पत्नीहरू कैद गरे र घरमा जे-जति थिए ती सबै तिनीहरूले लुटे ।"**

**- प्रस्थान ३४:२५-२९**

साँच्चै, कनानी र परिज्जीहरू आँखामा आफ्ना सन्तानहरु तल झरेको देखेर याकूबले विलाप गर्थे होलान्। जसरी याकूबका छोराहरूले तरवार उठाएका थिए त्यसरी नै तरवारले तिनीहरूलाई पुस्तौंसम्म पछ्याउनेछ । लेवीका छोराछोरीले आफ्नी बहिनीको तर्फबाट शेकेमीहरूलाई मार्न आफ्नो बुबाले मारेको कथा बताउँदा परेको प्रभावहरुको हामी पढेको हैनौं र ? आफ्नो बहिनीको सुरक्षा गर्ने आफ्नो पिताप्रति लेवीको सन्तानहरु गर्व गर्ने थिए होलान् ? शैतानले तिनीहरुलाई लेवीको व्यवहार सही थियो भनेर भ्रममा पार्थ्यो होला ? उनीहरुको लागि यो कुरा बुझ्न सजिलो जब कि उनीहरुको पुर्खा एक निर्मम हत्यारा थियो भनेर बुझाउन गाह्रो थियो । यी सबै कुरा एक इतिहासको पानामा सिमित भएका थिए ।

उजाडस्थानमा चालीस वर्ष बिताएपछि मोशालाई आफ्नै निर्णय मार्फत आफ्ना जनताको रक्षा गर्ने प्रलोभनबाट मुक्त गरियो ? मोशाले सम्भवतः पहिले नै थाह पाएका थिए होलान् जब अमालेकिहरुले छाउनीका केही

कमजोरहरूलाई पहिले नै मारेका थिए । आफ्नो मृत्युको समय मोशाले यो कुरा भने:

> *"मिश्रबाट आउँदा अमालेकीहरूले बाटोमा तिमीहरूसित गरेको व्यवहार नभुल । तिमीहरू बाटोमा थाकेर हैरान भएको बेलामा उनीहरूले तिमीहरूलाई भेटे र थाकेर पछि परेका सबैलाई मारे। उनीहरूले परमेश्वरको डर मानेनन् । परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूको अधिकारमा दिनुहुने देशमा शत्रुहरूको आक्रमणदेखि विश्राम पाएपछि पृथ्वीबाट अमालेकीहरूको नाउँनिशानै मेटिदिनू । तिमीहरूले यो कुरा कहिल्यै नभुल्नू ।"*
> *- व्यवस्था २५:१७-१९*

यी सबै कुराहरु एक आपसमा मिल्दै गए र शैतानले संसारको नजरमा इस्राएललाई तल झारीदियो । शैतानले इस्राएलिहरुलाई तरवार उठाउनमा उक्साएको थियो र समयको अन्तरालमा परमेश्वरको चरित्रलाई गलत रुपमा प्रस्तुत गरेको थियो । के यो कार्य इस्राएलले कल्पना गरेको ईश्वरको प्रकाश थिएन र ? यदि यो काल्पनिक ईश्वरले उनीहरूलाई आवश्यक पर्दा पानी पनि दिन सकेको थिएन भने अमालेकीहरूका हातबाट तिनीहरूको मृत्युको बारेमा उहाँ कसरी चिन्तित हुनुहुन्थ्यो ?

कोरह, दातान र अबीराम र २५० राजकुमारहरूको कथामा हामी देख्छौं कसरी मरूभूमिमा तिनीहरूलाई मार्न चाहने परमेश्वरको डरले उनीहरूलाई मोशा र हारून बाहेक अरुको नेतृत्व खोज्नतिर धकेल्छ । त्यसपछि, जब

तिनीहरू कनानको सिमाना नजिक आए, तब ति दश जासुसहरूले देशको खराब रिपोर्ट दिए, परमेश्वरले तिनीहरूलाई प्रेम गर्नुहुन्छ र केवल उनीहरुको भलाई खोज्नुहुन्छ भन्ने कुरामा विश्वास गर्न सकेनन् । तिनीहरूले उहाँको सबै सुरक्षा र हेरचाहलाई बेवास्ता गरे र नकारात्मक कुरामा ध्यान केन्द्रित गरे, परमेश्वरसँग योजनामाथि र तिनीहरूलाई शुद्ध गर्न यस कुरामा परीक्षण गर्ने परमेश्वरको इरादामा विश्वास गरेनन् । यी कुराहरूमा शैतानले तिनीहरूलाई सजिलै प्रलोभनमा पार्न सक्थ्यो किनभने तिनीहरूलाई मार्न चाहने परमेश्वरमा र कुनै पनि समयमा उहाँको निर्णय परिवर्तन गर्न सक्नुहुन्छ भन्ने कुरामा तिनीहरुले विश्वास गरेका थिए । हरेक पटक जब शैतानलाई इस्राएलीहरुको सुरक्षाको घेरा तोड्न र हानि गर्न अनुमति दिइयो त्यसले उहाँले तिनीहरूलाई भन्यो कि परमेश्वरले तिनीहरूलाई उहाँको दण्ड दिनुभएको हो । परमेश्वरलाई कति दुख लाग्यो होला जब आफ्नो प्रजाले आफ्नो स्वेच्छाले उहाँप्रति फैलाइएको झुटा खबरमा विश्वास गरे ।

> ***"सबै इस्राएलीहरू मोशा र हारूनका विरुद्धमा गनगनाए, र सारा समुदायले तिनीहरूलाई भने, "हामी मिश्रदेशमा नै मरेका भए असल हुनेथियो, अथवा यस उजाड़-स्थानमा मरेका भए पनि हुन्थ्यो । किन परमेश्वरले हामीलाई तरवारले मर्नलाई यस ठाउँमा ल्याउनुहुँदैछ? हाम्रा जहान र बालबच्चा लूट स्वरूप पक्रिनेछन्। अब मिश्रदेशमा नै फर्कन हामीलाई उचित होइन***

*र?”*

*- गन्ती १४:२-३*

*“मिश्र र उजाड़-स्थानमा मेरा महिमा र आश्चर्यकर्महरू देखेर पनि अनाज्ञाकारी भई दश पल्ट मेरो जाँच गर्ने यी सारा मानिसहरूले तिनीहरूका पुर्खाहरूलाई शपथ खाएर भनेको प्रतिज्ञाको देश देख्नेछैन। मलाई तिरस्कार गर्नेले त्यो कहिल्यै देख्नेछैन ।”*

*- गन्ती १४:२२-२३*

जब इस्राएललाई भनियो कि तिनीहरूको पापको कारणले गर्दा तिनीहरूले भूमि कब्जा गर्न जान सकेनन्, तिनीहरूले फेरि विद्रोह गरे र त्यहाँ गएर लड्ने संकल्प गरे, तर परमेश्वरले तिनीहरूलाई लड्न आदेश दिनुभएको थिएन । त्यसपछि चालीस वर्ष बितेर जान्छ र तिनीहरूको पूरै एक पुस्ता मृत्युमा गएको थियो, तिनीहरू फेरि कनानको सीमानामा आइपुगेको थियो । बुबाहरूका पापहरूको वर्णन अझै पनि तिनीहरूका छोराछोरीहरूको मुखमा थिए:

*“तब तिनीहरूले परमेश्वर र मोशाको विरुद्धमा यसो भन्न लागे, “यस उजाड़-स्थानमा मर्न हामीलाई तपाईंहरूले किन मिश्रदेशबाट ल्याउनुभयो? यहाँ रोटी छैन, यहाँ पानी पनि छैन। यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो ।”*

*- गन्ती २१:५*

शैतानले मोशालाई यी दु:खी दुराचारीहरूबाट हार मान्न यो समयसम्म प्रोत्साहन दिँदै काम गरिरहेको थियो। यस बिन्दुमा परमेश्वरले मोशालाई उसकै खातिर जाँच गर्नुभयो, र राम्रो कुरा यो थियो कि मोशाले ख्रीष्टको आत्मालाई प्रतिक्रिया दिएका थिए र परमेश्वरलाई मानिसहरूलाई क्षमा गर्न आग्रह गरे जुन उहाँले कृपापूर्वक गर्नुभयो। तैपनि, अहिले हेर्दै इस्राएल पहिले भन्दा झन् खराब स्थितिमा गयो, उ परीक्षामा पर्यो।

> ***"अनि मोशा र हारूनले चट्टानको सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई भने, "सुन, ए विद्रोही मानिस हो! के यही चट्टानबाट हामी तिमीहरूका निम्ति पानी निकालिदिऔं?" अनि मोशाले आफ्नो हात उठाएर दुई पल्ट आफ्नो लहुरोले चट्टान हिर्काए। तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय र तिनीहरूका गाईबस्तुले पिए।"***
> ***- गन्ती २०:१०-११***

जब मोशा आफै परीक्षामा पर्यो तब शैतानले अरुलाई झन परीक्षामा पार्ने अवसर पायो। मोशाले उनीहरुको लागि प्रार्थना गरेका थिए र कयौं पटक शैतान र तिनीहरुको विचमा खडा भएका थिए। तर यो कदमले गर्दा शैतानले अवसर पायो। यो विफलताको कारण हारुनको जीवन लैजाने अवसर पाएर शैतान खुशी भयो।

> ***"हारून आफ्ना पुर्खाहरूकहाँ गएर मिल्नेछ। तिमीहरू दुवै मेरीबाका पानीमा मेरो वचनको विरुद्धमा गएका हुनाले, मैले***

*इस्राएलीहरूलाई दिने देशमा त्यो पस्न पाउनेछैन ।”*

*- गन्ती २०:२४*

जब शैतानले इस्राएलीहरुलाई परीक्षामा पार्ने अवसर पायो तब शैतानले तिनीहरुलाई परमेश्वरसंग सौदा गर्न उक्सायो, त्यो परमेश्वर जसले मानिसहरुलाई मार्न मनपराउनुहुन्छ भन्ने तिनीहरुले सोचेका थिए । उनीहरुको पापको कारण अर्को जातिले तिनीहरुमाथि आक्रमण गरेका थिए, तिनीहरुले आफ्नो निराशतामा वाचा गरेका थिए:

> *नेगेवमा बस्ने आरादका कनानी राजाले इस्राएलीहरू अटारीमको बाटो आउँदैछन् भन्ने जब खबर पाए, तब उनले इस्राएलीहरूसँग लड़ाइँ गरे, र तिनीहरूका कति जनालाई कैद गरेर ल्याए। तब इस्राएलीहरूले परमप्रभुमा यो भाकल गरेर भने, “यदि तपाईंले यी मानिसहरूलाई हाम्रा हातमा सुम्पिदिनुभयो भने हामी उनीहरूका सहरहरू बिलकुलै नाश गरिदिनेछौं।” परमप्रभुले इस्राएलीहरूको बिन्ती सुन्नुभयो, र कनानीहरूलाई तिनीहरूका हातमा सुम्पिदिनुभयो। इस्राएलीहरूले उनीहरू र उनीहरूका सहरहरूलाई पनि बिलकुलै नष्ट गरिदिए । यसकारण त्यस ठाउँको नाउँ होर्मा राखियो ।”*
>
> *- गन्ती २१:१-३*

आफ्नो शत्रुको हत्या गर्नु भनेर परमेश्वरले तिनीहरुलाई आज्ञा गर्नुभएको थिएन; परमेश्वरप्रति तिनीहरुको गलत विचारधाराको कारण तिनीहरुले

यो विश्वास गरेकि परमेश्वर चाहनुहुन्छ कि उनीहरुले तिनीहरुलाई खतम गरुन, त्यसकारण उनीहरु एकदम हिंसात्मक भएका थिए । यसो गरेको खण्डमा परमेश्वरले तिनीहरुको साथ् दिनुहुन्छ भन्ने कुरामा तिनीहरुले विश्वा गरेका थिए । परमेश्वरले तिनीहरुको आवाज सुन्नुभयो भनेर भनिएको छ । किन परमेश्वरले उनीहरुको आवाज सुन्नुभयो त ? के यो कुराले परमेश्वरप्रति तिनीहरुको विचारधारालाई सही ठहराउदैन र ? यस प्रश्नको जवाफ हामी येशुले भन्नुभएको कथामा पाउछौं:

> *"अर्को आएर यसो भन्यो, 'मालिक, हेर्नुहोस्, तपाईंको सिक्का यहाँ छ। यो मैले रूमालमा बाँधेर राखेको थिएँ । म तपाईंसँग डराएँ, किनकि तपाईं कठोर मानिस हुनुहुन्छ। जे राख्नुभएन त्यो लिनुहुन्छ, र जे छर्नुभएन त्यसैको कटनी गर्नुहुन्छ ।'*
> *"तिनले त्यसलाई भने, 'तेरै मुखको कुराबाट म तेरो इन्साफ गर्नेछु, ए दुष्ट नोकर! जे राखिनँ त्यो लिने, र जे छरिनँ त्यसको कटनी गर्ने म कठोर मानिस हुँ भनेर तैंले जानेकै थिइस् । तब मेरो सिक्का बैङ्कमा किन राखिनस् त? म आएर ब्याजसहित त्यो पाउनेथिएँ ।'*
>
> ***- लूका १९:२०-२३***

त्यस अल्छे नोकरले सोचेको थियो कि उसको मालिक एकदम क्रुर हुनुहुन्छ । उसले आफ्नो विश्वास अनुसार फल पायो । धर्मशास्त्रले यसो भन्दछ:

*"यसकारण तिमीहरूको बोली र व्यवहार स्वतन्त्रताको व्यवस्थाबमोजिम न्याय पाउनेहरूका जस्तै होस् । किनकि जुन मानिसले कृपा गरेको छैन, त्यसको न्याय कृपाविना नै हुन्छ । कृपा न्यायमाथि विजयी हुन्छ ।"*

*- याकुब २:१२-१३*

परमेश्वरले मानिसहरुलाई उहाँप्रति गलत विचारधारा राख्न दिनुभयो र उनीहरुलाई त्यस अनुसार न्याय गर्नुहुन्छ । कसरी परमेश्वरले यस्तो गर्न सक्नुहुन्छ ?

*"धोकामा नपर, परमेश्वरको ठट्टा हुँदैन, किनभने मानिसले जे रोप्दछ त्यसैको कटनी पनि गर्नेछ।"*

*- गलाती ६:७*

*"उहाँले हजारौँ हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ । तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ । पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ ।"*

*- प्रस्थान ३४:७*

शैतानको आत्माको प्रभावमा इस्राएलले कनानी राजालाई मार्ने वाचा परमेश्वरसंग गरे । अवसर पाउने वित्तिकै तिनीहरुले परमेश्वरविरुद्ध

गनगन गर्थे र विद्रोह गर्थे । परमेश्वरले तिनीहरुलाई चेतावनी दिनुभयो र आफ्नो आज्ञा पालन गर्न प्रोत्साहन दिनुभयो:

> ***"अब हे इस्राएली हो, मैले तिमीहरूलाई सिकाउन लागेका विधिविधानहरूमा ध्यान लगाओ । ती पालन गर, र तिमीहरू जीवित रहनेछौ, र तिमीहरूका पिता-पुर्खाका परमप्रभु परमेश्वरले तिमीहरूलाई दिनुहुने देश अधिकार गर्नेछौ ।"***
> ***- व्यवस्था ४:१***

> ***"मैले तिमीहरूलाई आज दिएका सबै आज्ञा होशियारीसाथ मान, कि तिमीहरू जीवित रहन र संख्यामा बढ्न सक, र गएर परमप्रभुले तिमीहरूका पिता-पुर्खालाई शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशलाई अधिकार गर्न सक ।"***
> ***- व्यवस्था ८:१***

तरपनि इस्राएलले परमेश्वरलाई पालन गर्न इन्कार गरे, शैतानले तिनीहरुमाथि कब्जा गरेको थियो र अनुग्रहविनाको न्यायको लागि तिनीहरुलाई उक्साएको थियो । तिनीहरुले जे खोजेका थिए, त्यो परमेश्वरले तिनीहरुलाई दिनुभयो, जुन परमेश्वरको योजना थिएन । जुन कुराको डर अन्य राज्यहरुलाई थियो, त्यही कुरा परमेश्वरले तिनीहरुलाई दिनुभयो र तिनीहरुलाई कुनै कुराको सुरक्षा थिएन । कनानीहरुको संहार गर्न शैतानले इस्राएलीहरुको प्रयोग गरेको थियो । यसो गर्दा शैतानले परमेश्वरको चरित्रको गलत विचारधाराद्वारा लाखौँलाई मृत्युको बाटोमा

लगेको थियो यसरी परमेश्वरले मानिसहरुको हत्या र संहार गर्नुहुन्छ भन्ने कुरा फैलियो ।

परमेश्वरले विना हतियार र विना संहार इस्राएलको शत्रुलाई हराउन चाहनुहुन्छ भन्ने परमेश्वरको योजनाको बारेमा हामी पढ्न पाउछौं:

*"'त्यसपछि तिमीहरू यर्दन तरेर यरीहोमा आयौ । अनि यरीहोका मानिसहरू, एमोरी, परिज्जी, कनानी, हित्ती, गिर्गाशी, हिव्वी र यबूसीहरूले तिमीहरूसित लड़ाइँ गरे । तर मैले उनीहरूलाई तिमीहरूका हातमा सुम्पिदिएँ । मैले तिमीहरूका अगिअगि एउटा अरिङ्गाल पठाइदिएँ, जसले उनीहरूलाई, एमोरीहरूका दुई राजाहरूलाई समेत तिमीहरूका सामुन्नेबाट धपायो। त्यो तिमीहरूले आफ्ना तरवार र धनुले गरेनौ ।"*
*- यहोशु २४:११-१२*

*" तिनले भने, "हे यहूदा र यरूशलेमका सबै बासिन्दा र राजा यहोशापात सुन्नुहोस्, परमप्रभु तपाईंहरूलाई यही भन्नुहुन्छ: 'नडराओ, यस ठूलो सैन्यदलदेखि नआत्तिओ। किनभने लड़ाइँ परमप्रभुको हातमा छ, तिमीहरूका हातमा होइन । भोलि उनीहरूसँग युद्ध गर्न निस्क। उनीहरू जीजको उकालोबाट भएर आउँछन्। तिमीहरूले उनीहरूलाई यरूएलको उजाड़-स्थानमा भएको खोलाको पल्लो छेउमा भेट्नेछौ । लड़ाइँ तिमीहरूले लड़नुपर्नेछैन । ताँतीमा दृढ भएर पर्खिबस। परमप्रभुले*

तिमीहरूका उद्धारको काम गर्नुभएको तिमीहरू देख्नेछौ । नडराओ, न त आत्तिओ। भोलि उनीहरूको सामना गर्न तिमीहरू निस्किआओ। किनभने परमप्रभु तिमीहरूतर्फ हुनुहुनेछ' ।" यहोशापात भूइँमा घोप्टो परे, र यहूदा र यरूशलेमका सबै बासिन्दाहरू परमप्रभुको सामुन्ने दण्डवत् गर्न घोप्टो परे । तब कहात र कोरहका वंशका कोही लेवीहरू खड़ा भए, र चर्को सोरले परमप्रभु इस्राएलका परमेश्वरको प्रशंसा गरे । तब तिनीहरू बिहान सबेरै उठेर तकोको उजाड़-स्थानमा गए । तिनीहरू निस्केर जाँदा खड़ा भएर यहोशापातले भने, "हे यहूदा र यरूशलेमका बासिन्दा हो, मेरो कुरा सुन । परमप्रभु तिमीहरूका परमेश्वरको विश्वासमा तिमीहरू स्थिर भइरहो, र उहाँले तिमीहरूलाई थामिराख्नुहुनेछ । उहाँका अगमवक्ताहरूमाथि विश्वास गर, र तिमीहरूको फलिफाप हुनेछ ।" मानिसहरूसित सल्लाह गरेपछि तिनले कति जनालाई परमप्रभुको स्तुतिगान र उहाँका पवित्रताको प्रतापको प्रशंसा गर्न सेनाको अगिअगि गएर गाउनलाई नियुक्त गरे । अनि तिनीहरूले यसो भनेर गाए, "परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँको प्रेम अनन्तकालसम्म रहिरहन्छ ।" तिनीहरूका प्रशंसाको चर्को आवाज सुनिने बित्तिकै परमप्रभुले यहूदासँग युद्ध गर्न आएका अम्मोनी, मोआबी र सेइर पर्वतका मानिसहरूलाई अलमल्याइदिनुभयो, र उनीहरू परास्त भए । अम्मोनी र

*मोआबीहरू सेइर पर्वतका मानिसहरूका विरुद्धमा उनीहरूलाई खतम गर्न र नाश गर्न उठे । जब उनीहरूले सेइरका मानिसहरूलाई नाश गरिसके, तब उनीहरूले आपसमा नै एक-अर्कालाई अन्धाधुन्ध आक्रमण गर्न लागे ।"*

*- २ इतिहास २०:१५-२३*

इस्राएलले कनानमाथि आक्रमण गरेर जित्न सफल भएको थियो तर यो कुरा परमेश्वरले चाहनुभएको थिएन । परमेश्वरले तिनीहरुलाई मार्न चाहनुहुन्छ भन्ने गलत धारणाको डरमा इस्राएलीहरु हरपल रहन्थे र उहाँको प्रेमिलो व्यवहारप्रति संका गरेको कारण शैतानले तिनीहरुलाई कनानी र अन्य जातिहरुको संहार गर्नमा परमेश्वरसंग वाचा गर्नमा उक्साएको थियो । इस्राएलले कनानीहरुमाथि विजय पाएको थियो, तर शैतानले परमेश्वरको चरित्र विरुद्ध लडाई जितेको थियो । आफ्नो जितको कारण इस्राएल हारेको थियो र परमेश्वरप्रति उनीहरुको गलत विचारधाराको वन्दी भएका थिए ।

यी अन्तिम दिनहरुमा हामीलाई परमेश्वरको चरित्रहरु साँचो रुप हेर्ने अवसर पाउद्छौँ । येशु ख्रीष्टको मुहारमा हामी हाम्रो स्वर्गीय पिताको वास्तविक चरित्रलाई हेर्न सक्छौं । कति जना मानिसहरुलाई येशुले मार्नुभयो । कति जनालाई उहाँले आगोद्वारा भस्म पार्नुभयो ? कतिजना बालबालिकाहरुलाई उहाँले भालाद्वारा मार्नुभयो ? एक जना पनि छैन । जजसलाई लाग्छ परमेश्वर मानिसहरुको जीवन नाश गर्न आउनुभएको हो, येशुको शब्दहरुलाई हेर्नुहोस्:

*"तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो र भन्नुभयो, "तिमीहरु कुन आत्माको हौ सो तिमीहरु जान्दैनौं, किनभने परमेश्वरको पुत्र मानिसहरुलाई नष्ट गर्न हैन तर बचाउन आउनुभएको हो ।"*

*- लूका ९:५५-५६*

जुन तरवार येशुले प्रयोग गर्नुहुन्छ, त्यो तरवार उहाँको मुखबाट निस्किन्छ । उहाँको वचन उहाँको तरवार हो ।

*"उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो । उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो ।"*

*- प्रकाश १:१६*

*"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न सक्ने हुन्छ ।"*

*- हिब्रु ४:१२*

*"उहाँले भन्नुभयो, "तर अब जसको थैलो छ, त्यसले त्यो बोकोस्, त्यसै गरी झोला पनि बोकोस्। र जससँग तरवार छैन,*

*त्यसले आफ्नो वस्त्र बेचेर एउटा तरवार किनोस् ।”*

*- लूका २२:३६*

***“...पवित्र आत्माको तरवार लेओ, जोचाहिँ परमेश्वरको वचन हो ।”***

***- एफिसी ६:१७***

येशुको अनुयायीहरुले उहाँको उदाहरणलाई अनुशरण गर्नेछन् । ख्रीष्टले कहिले पनि वास्तविक तरवार प्रयोग गर्नुभएन । त्यसोभए यो पदलाई हामीले कसरी वाख्या गर्ने त् ?

***“तब चेलाहरूले भने, “हे प्रभु, हेर्नुहोस्, यहाँ दुई वटा तरवार छन् ।” उहाँले भन्नुभयो, “त्यति भए पुग्छ ।”***

***- लूका २२:३८***

यी पदभन्दा अगाडी येशुले यी चेलाहरुलाई भन्नुभयो कि, “जोसंग तरवार छैन, उसले आफ्नो लवेदा बेचोस् र एउटा तरवार किनोस्” । जब चेलाहरुले दुई वटा वास्तविक तरवार प्रस्तुत गरे तब उनीहरुले आफ्नो लवेदा विक्री गरेका थिएनन् । येशुले व्यक्तिगतरुपमा भन्नुभएको थियो । प्रत्येक व्यक्तिले आफ्नो कपडा बेचेर तरवार किन्नुपर्ने थियो । बाँकी चेलाहरुले के गरे त ? कुन कपडा आफ्नो चेलाहरुले विक्री गरुन भन्ने येशुले चाहनुभएको थियो ?

***“अब यहोशूचाहिँ स्वर्गदूतको अगि फोहोर लुगा लगाएर उभेका थिए । तब ती स्वर्गदूतले आफ्नो सामुन्ने उभिरहनेहरूलाई भने,***

*"त्यसको फोहोर लुगाहरू फुकालिदेओ ।" तब तिनले यहोशूलाई भने, "हेर, मैले तिम्रा पाप दूर गरिदिएँ, र म तिमीलाई दामी-दामी लुगा लगाइदिनेछु ।"*

***- जकरिया ३:३-४***

येशुले पिलातसलाई भन्नुभएको थियो कि यो संसार उहाँको राज्य हैन ।

***"येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन ।"***

***- यूहन्ना १८:३६***

येशूले पिलातसलाई भन्नुभयो कि उहाँका सेवकहरूले संसारको तरिकामा लड्नेछैनन् । चेलाहरूलाई सत्यको वचनलाई सही रूपमा विभाजन गर्नको लागि तिनीहरूको हृदय शुद्ध हुनु आवश्यक थियो । २ तिमोथी २:१५ । हामीले यो पनि याद गर्छौं कि जब चेलाहरूले येशूलाई दुई तरवार देखाए कि उहाँले भन्नुभयो, "यो पर्याप्त छ ।" यदि उहाँलाई दुई तरवार पर्याप्त छ भन्ने लागेको भए उहाँले "ति पर्याप्त छन्" भन्नुहुन्थ्यो किनभने तिनीहरूसँग एकभन्दा बढी तरवार थिए । यदि कुनै कारणले गर्दा येशूले दुईवटा तरवार पर्याप्त छ, प्रश्न यो छ के को लागी पर्याप्त छ ? के तिनीहरु हरेक समय आफुसंग तरवार बोकेर हिड्ने थिए होलान् त्यसकारण तिनीहरुसंग दुई तरवार छन् ? के रोमी सेना वा मन्दिरको पहरेदारसंग ति

दुई तरवार पर्याप्त थिए त ? यो कुराको कुनै अर्थ नै छैन । जब येशुले यी पर्याप्त छ भन्नुभयो तब उहाँले यी कुराहरु कुरामा नै पर्याप्त छ भन्नुभएको थियो । दुई तरवारको प्रकटले शान्तिको सुसमाचार प्रचार गर्न परमेश्वरको वचनको साँचो तरवार पाउनको लागि बेच्न आवश्यक पर्ने कपडाहरू प्रकट गऱ्यो । यसरी उहाँले आफ्ना चेलाहरूलाई विरोध गर्नेहरूलाई जवाफ दिन भन्नुभयो:

> *"तिमीहरूले सुनेका छौ, यसो भनिएको थियो, 'आँखाको बदला आँखा, र दाँतको बदला दाँत।' तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर। जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ । यदि कोही मानिसले मुद्दा चलाएर तिम्रो दौरा लिने दाबी गर्छ भने, त्यसलाई तिम्रो खास्टो पनि दिइहाल । यदि कसैले तिमीलाई एक किलोमिटर जान बाध्य गर्छ भने, ऊसँग दुई किलोमिटर गइदेऊ । तिमीसँग माग्नेलाई देऊ, र तिमीसँग कर्जा लिन चाहनेलाई इन्कार नगर। "तिमीहरूले यसो भनेको सुनेका छौ, 'तिम्रो छिमेकीलाई प्रेम गर, र तिम्रो शत्रुलाई घृणा गर ।' तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, र तिमीहरू स्वर्गमा हुनुहुने आफ्ना पिताका छोराहरू हुनेछौ । उहाँले दुष्ट र सज्जन दुवैलाई सूर्यको ताप दिनुहुन्छ, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ*

*।”*

***- मत्ती ५:३८-४५***

इस्राएलले कनानमाथि तरवारद्वारा पाएको विजयमा के शैतानले तपाईलाई हराएको छ वा दयालु परमेश्वरले मानिसहरुलाई उनीहरुको आफ्नो इच्छामा हिड्न दिनुभएको र जसको कारण उनीहरु आफ्नो पतनमा गएको हामी देख्दछौं । तिमीहरुले कसको आरधना गर्छौं आजको दिनमा निर्णय गरिहाल; तर म र मेरो घराना परमेश्वरको नै सेवा गर्नेछौं जो अनुग्रहकारी हुनुहुन्छ जसले सामा र गहुँलाई एकसाथ उम्रिन दिनुहुन्छ जसले गर्दा हरेक मानिसको हृदयमा भएको कुरा प्रकट हुन्छ ।

हातमा तरवार वा बन्दुक लिएर कसरी आफूलाई बचाउने कुराहरु पूरा गर्न सकिन्छ ? तरबारलाई आफ्नो ठाउँमा राख्ने बेला होइन र ? यसलाई खिया लाग्न दिनुहोस्, र हाम्रो हेरचाह गर्न आफ्नो स्वर्गदूतहरू पठाउनु हुने हाम्रो पितामा भरोसा गर्नुहोस् । इस्राएलद्वारा कनानमाथ विजय तरवारद्वारा गरिएको थियो किनभने तिनीहरूमध्ये धेरैले परमेश्वरले आफ्नो डरद्वारा कनानीहरूलाई धपाउन सक्नुहुन्छ भन्ने कुरामा भरोसा राखेनन् । तिनीहरूको सबै गनगन, गुनासो र परमेश्वरले तिनीहरूलाई उजाडस्थानमा मार्न चाहनुहुन्थ्यो भनी डरको परिणामस्वरूप उनीहरु अन्यजातिहरूका लागि ज्योति बन्नुको सट्टा इस्राएल वरपरका राष्ट्रहरू उनीहरुको पापको दण्ड भन्दापनि इस्राएलको पापद्वारा दण्डित भयो । आज्ञाहरूले भन्छन्:

*"तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ । मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु,"*

*- प्रस्थान २०:५*

धेरै इस्राएलीहरूले परमेश्वरलाई घृणा गर्थे किनभने उनीहरूले सोचका थिए कि परमेश्वरले उनीहरूलाई उजाडस्थानमा मार्नुहुन्छ भन्ने डर थियो । तिनीहरूका पुर्खाहरूका पापहरू जारी थिए, र यसैले इस्राएलको इतिहास रगतले भिजेको छ । तरवारद्वारा इस्राएलले पाएको विजयले परमेश्वरको चरित्रप्रति तपाईंको बुझाइ जो येशुमा प्रकट भएको छ, त्यसलाई पराजित गर्न नदिनुहोस् । गुनासो गर्ने दासहरूको समूहलाई परमेश्वर कस्तो हुनुहुन्छ भनेर निर्धारण गर्न नदिनुहोस् । हामी परमेश्वरका सबै आज्ञाहरू पालन गरौं, जसमा भनिएको छ, "तैले हत्या नगर्नु ।"

## १३. काँडाको मुकुट

ख्रीष्टको मृत्युले हामीलाई मानिसको चरित्रको घृणितपनालाई देखाउँछ । ख्रीष्टले पाउनुभएको अपमान, पिडा र मृत्युमा मानिसहरुले लिएको भागद्वारा यो कुरा प्रष्ट हुन्छ कि मानवताको पतनदेखि मानवताले ख्रीष्टको आत्मालाई घृणा र इन्कार गरेको छ । जुन डोरीले उहाँलाई बाँधिएको थियो, जुन लाठीले उहाँलाई पिटिएको थियो, जुन क्रुसमा उहाँलाई टांगिएको थियो र जुन काँटी उहाँलाई ठोकिएको थियो, ति सब कुराहरु उहाँले सृष्टि गर्नुभएको थियो । हामीले पढ्न सक्छौं:

*"सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन ।"*

*- यूहन्ना १:३*

जुन काँडाको मुकुट उहाँलाई पहिराइएको थियो त्यसको गम्भिर अर्थ छ र त्यसमा गहिरो आत्मिकी अर्थ लुकेको छ । जब आदम पापमा फस्यो तब पापको श्रापस्वरूप जमिनबाट काँडा उम्रेको थियो ।

*"यसपछि आदमलाई उहाँले भन्नुभयो, तैंले तेरी पत्नीको कुरा सुनेर मैले नखानू भनेको रूखको फल खाएको हुनाले, "भूमि तेरो कारण श्रापित भएको छ । तेरो जीवनभरि दु:खसँग त्यसको उब्जनी तैंले खानेछस्। यसले तेरो निम्ति काँढा र सिउँड़ीहरू उमार्नेछ, र तैंले खेतको सागपात खानेछस् ।"*

*- उत्पति ३:१७-१८*

कसरी जमिनमा श्राप पर्यो ? मानिस र यस पृथ्वीको विचमा के सम्बन्ध छ ?

*"तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भए ।"*

*- उत्पति २:७*

*"अनि परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । तिनीहरूले समुद्रका माछाहरू,*

*आकाशका पक्षीहरू, पाल्तु पशुहरू र जमिनमा चलहल गर्ने सबै जन्तुहरूमाथि अधिकार गरून् ।"*

***- उत्पति १:२६***

परमेश्वरले मानिसलाई जमिनको धुलोबाट बनाउनुभयो र जमिनमा अधिकार गर्न दिनुभयो । यस कुराले मानिस र पृथ्वीबीचको घनिष्ट सम्बन्धलाई पुष्टि गर्दछ । मानिसले गरेको कामको सिधा असर पृथ्वीमाथि पर्दछ । आदममाथि परेको श्रापको सिधा असर उम्रेको काँडामा देख्न सक्छौं । मानिसको कारणले गर्दा जमिनले श्राप पाएको थियो, ताकी उसले प्रकृतिको आघातमा सूचकांकको स्तरको रुपमा बुझ्न सकिन्छ र दुष्टता जुन मानव समाजमा अवस्थित छ, यो एक खतराको चेतावनीको रूपमा सेवा गर्न सक्छ ।

*"तिमीहरूले युद्धहरू र युद्धहरूका हल्ला सुन्नेछौ । नघबराओ, किनकि यी हुनु आवश्यक नै छन्, तर अन्त्य त त्यत्ति नै बेला हुँदैन । किनभने जातिको विरुद्धमा जाति, र राज्यको विरुद्धमा राज्य उठ्नेछ, र ठाउँ-ठाउँमा अनिकाल र भूकम्प हुनेछन् ।"*

***- मत्ती २४:६-७***

त्यहाँ मानिसहरुको बिचमा भएको युद्ध, द्वन्द्वहरू र प्रकृतिमा भएको आघातहरू बीच एक सम्बन्ध छ । समाजमा जति द्वन्द्व र विकृति बढ्दै जान्छ त्यति नै प्रकृतिमा प्रकोप बढ्दै जान्छ । त्यसैले प्रकृतिमा भएको प्रकोपहरु मानिसमा विद्रोहको मापक हो । जब मानिसलाई शितलता दिने

हवाले तबाहि ल्याउने तुफानको रुप लिन्छ, जब जीवन दिने वर्षाले मृत्यु र तबाही ल्याउने बाढीको रुप लिन्छ, तब हामी यी प्राकृतिक प्रकोपहरुमा मानव जातिले गरेको विद्रोहको प्रमाण देख्न सक्छौं ।

मानिस र प्रकृतिको बिचमा भएको सम्बन्धले हामी यो बुझ्न सक्छौं कि जति जति मानिसको विद्रोह बढ्दै जान्छ त्यति नै प्रकृतिको प्रकोपहरु बढ्दै जान्छ । जसरी मानिसले परमेश्वरको नियमलाई उल्लंघन गर्छ त्यति नै प्रकृतिले पनि आफ्नो नियमहरु उल्लंघन गर्दछ र मानिसहरुलाई उनीहरुको विद्रोहको झझल्को देखाउँछ । जसरी मानिसहरुमा विद्रोहको आत्माले काम गरेर आफ्नो मुक्तिदाताको विरुद्धमा उक्सायो, त्यसरी नै प्रकृति पनि मानिसक विरुद्धमा उठेको हामी पाउछौं । जसरी मानिसले यस संसारमा आफ्नो मुखको बोलि र हातको तरवारले अरुको प्राण लिएको छ, त्यसरी नै पशुहरुले पनि अरुको प्राण लिने गरेको छ । मानिसले जे रोप्छ त्यस्तै नै फल पाउँछ । यो कुरा हामी हेर्न सक्छौं कि जुन मानिसले परमेश्वरसंग शान्ति बनाएको छ, प्रकृति पनि त्यस मानिससंग शान्त छ ।

> ***"त्यो मानिस धन्यको हो, जसलाई परमेश्वरले***
> ***चेताउनुहुन्छ। यसकारण सर्वशक्तिमान्‌को अनुशासनलाई इन्कार नगर ।***
> ***किनभने उहाँले चोट पार्नुहुन्छ, तर उहाँले पट्टी बाँध्नुहुन्छ,***
> ***उहाँले चोट पार्नुहुन्छ, तर उहाँको हातले निको पनि पार्नुहुन्छ ।***
> ***छ पल्ट तिमीमाथि आपत् आइपरे तापनि उहाँले तिमीलाई***

*बचाउनुहुनेछ, सात पल्टको हानिले पनि तिमीलाई छुनेछैन ।*

*अनिकालको बेलामा उहाँले तिमीलाई मृत्युबाट बचाउनुहुनेछ,*

*उहाँले तिमीलाई युद्धमा तरवारबाट जोगाउनुहुनेछ ।*

*उहाँले तिमीलाई निन्दाको कोर्राबाट सुरक्षित राख्नुहुनेछ, विनाश आउँदा तिमी डराउनुपर्नेछैन।*

*विनाश र अनिकालमाथि तिमी हाँस्ने छौ, अनि जङ्गली जनावरहरूदेखि तिमी डराउनुपर्नेछैन।*

*खेतका ढुङ्गाहरूसित तिमी वाचा बाँध्नेछौ र वन-पशुहरूले तिमीसँग मेलमिलाप राख्नेछन्।*

*तिम्रो पाल सुरक्षित छ भनी तिमीलाई थाहा हुनेछ, र तिमीले आफ्ना बगालको सम्पत्तिको लेखा राख्दा केही अभाव पाउनेछैनौ ।"*

*- अय्युब ५:१७-२४*

जब ख्रीष्ट क्रुसमा हुनुहुन्थ्यो, तब सुर्यले आफ्नो प्रकाश दिन इन्कार गर्‍यो, पृथ्वीमा कम्पन भयो र स्वर्गबाट चट्याङ पर्‍यो । प्रकृति आफ्नो लेखकसंग आफ्नो सहानुभूतिमा थियो । हामी देख्न सक्छौं कि जब उहाँले यस संसारको पाप बोक्नुभयो र काँडाको मुकुट लगाउनुभयो तब प्रकृतिले उहाँलाई मार्न खोजेको छ ।

*"पृथ्वीमा कम्पन भयो, अनि भूकम्प गयो, पहाड़हरूका जगहरू हल्लिए। तिनीहरू थरथर कामे, किनभने उहाँ रिसाउनुभएको थियो ।*

*उहाँको नाकबाट धूवाँ निस्क्यो, र भस्मकारी अग्नि उहाँको मुखबाट निस्क्यो, जलिरहेको आगोको भुङ्ग्रो त्यसभित्र दन्क्यो ।*

*...परमप्रभु स्वर्गबाट गर्जनुभयो, र सर्वोच्चको सोर गुञ्जायमान भयो ।*

*उहाँले आफ्ना काँड़हरू हान्नुभयो, र शत्रुहरूलाई तितरबितर पारिदिनुभयो, अनि चट्याङद्वारा तिनीहरू अस्तव्यस्त भए ।*

*हे परमप्रभु, तपाईंको हप्कीमा, र तपाईंको नाकबाट निस्केको श्वासको विस्फोटले समुद्रका तहहरू देखा परे, र पृथ्वीका जगहरू प्रकट भए ।"*

*- भजनसंग्रह १८:७-८, १३-१५*

क्रुसमा येशुको मृत्युमा प्रकृतिको व्यवहारमा हामी देख्न सक्छौं कि कसरी मानिसको विद्रोहमा प्रकृतिले व्यवहार गर्दछ । येशुको निर्दोषपनले गर्दा प्रकृतिले उहाँमाथि सहानुभूति देखाएको छ । जब उहाँले हाम्रो पाप बोक्नुभयो तब काँडाको मुकुटले उहाँलाई घोचेको थियो । आकाशबाट परेको चट्याङले हामी बुझ्न सक्छौं कि स्वर्ग दुखि भएको थियो । मानिस र प्रकृतिको सम्बन्धमा हामी जलप्रलयको कारणलाई बुझ्न सक्छौं । जलप्रलय आउनुभन्दा अगाडीको समयमा बाँचीरहेको मानिसहरुको विषयमा बाइबलले यो भन्दछ:

*"जब मानिसहरूको संख्या पृथ्वीमा बढ्दैगयो र तिनीहरूका छोरीहरू जन्मे, तब परमेश्वरका छोराहरूले मानिसका*

*छोरीहरूलाई सुन्दरी देखे, र आ-आफ्ना रुचिका पत्नीहरू ल्याए । तब परमप्रभुले भन्नुभयो, "मेरो आत्माले मानिससँग सधैँ संघर्ष गर्नेछैन, किनभने त्यो मरणशील हो। त्यसको उमेर एक सय बीस वर्षको हुनेछ ।" त्यस बेला र त्यसपछि पनि पृथ्वीमा नेफिलीमहरू थिए। परमेश्वरका छोराहरू मानिसका छोरीहरूकहाँ जान लागे र सन्तान जन्माए। तिनीहरू नै उहिलेका शूरवीर र नाउँ चलेका मानिसहरू थिए । पृथ्वीमा मानिसहरूको दुष्टता बढ़ी भएको र तिनीहरूका हृदयका विचारको जुनसुकै पनि भावना निरन्तर खराबै मात्र भएको परमप्रभुले देख्नुभयो । पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दु:खित हुनुभयो ।"*

*- उत्पति ६:१-६*

बाइबलले यो भन्दछ कि यी मानिसहरुको विचारधारा केवल पापले भरिएको छ । मानिस कामवासनाले भरिएर, शक्तिले भरिएर उसको समझशक्तिले भ्याउनेसम्म पाप गरेको छ । मानिसले कुनै पनि बन्देजबिना गरेको पापको कारणले गर्दा पृथ्वीमा असर परेको थियो । परमेश्वरको नियमको विरुद्ध मानिसले गरेको विद्रोहको सिधा परिणाम प्रकृतिमा परेको थियो ।

आफ्नो अनुग्रहमा परमेश्वरले नोआद्वारा यस संसारमा जलप्रलय आउदैछ भनेर सुचना दिनुभयो । मानिसले आफुलाई नैतिक रुपमा पतन गर्यो, त्यो पतन पृथ्वीमा प्रकट भएको थियो ।

*"परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट [H7843] भएको र उपद्रवले भरिएको थियो। 12जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट [H7843] भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट पारिसकेका थिए । यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश [H7843] गर्नेछु ।"*

*- उत्पति ६:११-१३*

जब परमेश्धरले यस संसारमा हेर्नुभयो तब मानिसले आफुलाई पूर्ण रुपमा पतन गरेको पाउनुभयो । उत्पति ६:११ मा जुन हिब्रु शब्द पतनको लागि प्रयोग गरिएको छ, उत्पति ६:१३ मा त्यही शब्द विनाशको लागि प्रयोग गरिएको छ । यी पदहरुलाई हामी कसरी बुझ्छौं त्यसमा भर पर्दछ । कसैले यो बुझ्न सक्छ कि परमेश्धरले यस पृथ्वीमा ८ मानिसहरुलाई छाडेर सबैलाई उनीहरुको पापको लागि नाश नाश गरेर पापको अन्त गर्न चाह्नुहुन्थ्यो । हामीले यो बुझ्न सक्छौं कि परमेश्धरलाई थाहा थियो कि मानिसको पतनको फल प्रकट हुनेछ र विनाश ल्याउनेछ । जसरी मानिसले परमेश्धरप्रति विद्रोह गर्यो त्यसरी नै संसारले मानिसविरुद्ध विद्रोह गरेकोछ ।

बाइबलले भन्दछ कि परमेश्धरले हेर्नुहुँदा यस पृथ्वी मानिसको पापले भरिएको छ । अधिकांश इसाईहरुले यो विश्वास गर्छन कि परमेश्धरको

मानिसले गरेको हिँसाको बदला उहाँ आफै हिंस्रक भएर लिनुहुनेछ र ति सबैलाई जलप्रलयद्वारा मार्नुहुनेछ । यो कति दुखको कुरा हो कि हामी परमेश्वरको विरुद्ध यस्तो गलत विचारधारा राख्दछौं । आफ्नो पिताको चरित्रलाई प्रकट गर्नुहुने परमेश्वरको पुत्रमा हामी कत्तिको हिँसा पाउछौं त् ?

***"उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो ।"***

***- यशैया ५३:९***

यो हिँसा कहाँबाट आएको हो ?

***"तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्। यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ,"***

***- इजिकिएल २८:१६***

भजनसंग्रह ३४:२१ ले भन्दछ कि खराबीले दुष्टलाई नष्ट पार्दछ । प्रकृतिको नियमले परमेश्वरलाई मानिसहरुको विरुद्ध हिंस्रक हुनु आवश्यक छैन । धर्मशास्त्रले भन्दछ कि यी नियमहरु सुरुवातदेखि नै बसालिएका थिए ।

***"स्वर्गसम्म को उक्लेको छ र तल ओर्लेर आएको छ? कसले बतासलाई आफ्नो हातको मुट्ठीमा बटुलेको छ? कसले पानीलाई आफ्नो खास्टोमा लपेटेको छ? पृथ्वीका चारैतिरको***

*अन्तसम्म कसले स्थापित गरेको छ? उहाँको नाउँ के हो, र उहाँका पुत्रको नाउँ के हो? यदि तँलाई थाहा छ भने मलाई भन्!"*

*- हितोपदेश ३०:४*

*"पृथ्वीको जग मैले बसाल्दा तँ कहाँ थिइस्? तैंले बुझ्छस् भने मलाई बता।*

*त्यसको नाप कसले ठहरायो? तैंले ता जान्नुपर्ने! कसले त्यसमा नापको डोरी टाँग्यो?*

*त्यसलाई थाम्ने खम्बाहरू कहाँ अड्याइएका छन्? त्यसको जगको ढुङ्गा कसले बसाल्यो?*

*जब त्यस दिनको मिरमिरे उज्यालोमा ताराहरूले एकसाथ गाए, र स्वर्गदूतहरू रमाहटले कराए।*

*समुद्र पृथ्वीको गर्भबाट फुटेर निस्कँदा  त्यसलाई रोक्न कसले ढोकाहरू बन्द गर्‍यो?*

*जब मैले त्यसलाई बादलको कम्बलले ढाकें, र बाक्लो कुइरोले त्यसलाई लपेटें।*

*त्यसका ढोकाहरू र आग्लाहरू ठीक ठाउँमा राखेर, जब मैले त्यसका सिमाना ठहराएँ,*

*र मैले भने, 'यतिसम्म मात्र तँ आउन सक्छस्, अरू यता आउन सक्दैनस्, तेरा शक्तिशाली छालहरू यही नै रोकिनुपर्छ'।"*

*- अय्युब ३८:४-११*

*“के तँ हिउँको भण्डारमा पुगेको छस्? अथवा असिना थुपारेको स्थान तैंले देखेको छस्?*

*जो मैले विपत्तिको दिन, युद्ध र लड़ाइँको घड़ीको निम्ति जोगाएर राखेको छु ।*

*कुन बाटोहरूदेखि बिजुली यताउता फैलिन्छ, अथवा पूर्वीय बतास पृथ्वीमा चारैतिर उड़ाइन्छ?*

*महावृष्टिको लागि कसले नहर खनेको छ? र तूफानको निम्ति बाटो कसले तयार गरेको छ?*

*निर्जन ठाउँमा उजाड़-स्थानलाई भिजाउनका निम्ति*

*उजाड़ र रूखो जमिनहरूलाई हरियोभरियो बनाउनलाई*

*र सुक्खा जमिनमा घाँसहरू उमार्नलाई कसले बाटो तयार गऱ्यो?"*

*- अय्युब ३८:२२-२७*

*"परमप्रभुको वाणी पानीहरूमाथि छ, महिमाका परमेश्वर गर्जनुहुन्छ, परमप्रभु शक्तिशाली पानीहरूमाथि गर्जनुहुन्छ ।*

*परमप्रभुको वाणी शक्तिशाली छ, परमप्रभुको आवाज प्रतापी छ ।*

*परमप्रभुको आवाजले देवदारुहरू भाँचिन्छन्। परमप्रभुले लेबनानका देवदारुहरू टुक्रा-टुक्रा पार्नुहुन्छ ।*

*उहाँले लेबनानका पर्वतहरूलाई बाछालाई जस्तै, र सिरिओन पर्वतलाई जङ्गली साँढ़ेजस्तै उफार्नुहुन्छ ।*

*परमप्रभुको वाणीले बिजुलीका चमकसहित प्रहार गर्छ ।*

*परमप्रभुको वाणीले मरुभूमिलाई हल्लाउँछ, परमप्रभुले कादेशको मरुभूमिलाई कम्पित पार्दछ।*
*परमप्रभुको वाणीले फलाँटका रूखहरूलाई बङ्ग्याइदिन्छ, र जङ्गल लाछलुछ पारेर उजाड तुल्याउँदछ ।*
*अनि उहाँको मन्दिरमा सबै "महिमा!" भन्दै कराउँछन् ।*
*परमप्रभु बाढ़ीमाथि विराजमान हुनुहुन्छ। परमप्रभु सदासर्वदा राजाजस्तै सिंहासनमा विराजमान हुनुहुन्छ ।*
*परमप्रभुले आफ्ना मानिसहरूलाई शक्ति प्रदान गर्नुहुन्छ, परमप्रभु आफ्ना मानिसहरूलाई शान्तिको वरदान दिनुहुन्छ ।"*
*- भजनसंग्रह २९:३-११*

प्रकृतिमा भएका कुराहरुद्वारा परमेश्वरको बोलिले प्रकृतिको नियमहरु भन्नुहुन्छ । यी नियमहरु जो मानिसहरुलाई आशिष दिने, सहायता दिने र परमेश्वरप्रति आभारी र धन्यवादी हुन मदद गर्नेथिए तर तर ति नियमहरु मानिसहरुको विरुद्धमा हतियारको रुपमा प्रकट भएका थिए । जसरी मानिसले अंगुरको रसलाई बिगारेर मदिरा बनायो जसले गर्दा कयौंको मृत्यु भएको छ । मानिसले आफ्नो पतित अवस्थामा प्रकृतिलाई आफ्नो विरुद्धमा हतियार बनाएको छ ।

मोशाद्वारा इस्राएलीहरुलाई यो कुराको विषयमा चेतावनी दिइएको थियो ।

*"तिमीहरूले प्रवास गरेको मिश्रीका रीतिथिति नमान्नू। अनि अब म तिमीहरूलाई कनान देशमा लैजाँदैछु, यसकारण त्यहाँका*

*रीतिथिति र विधिहरू पनि नमान्नू ।"*

*- लेवी १८:३*

परमेश्वरले इस्राएललाई व्यभिचार, समलिंगीपन जस्ता घृणित कामहरुमा नलाग्न चेतावन दिनुभएको थियो । यदी यिनीहरुले यस्ता घृणित कामहरुमा भाग लिएको खण्डमा, जमिनमा पक्का पनि प्रभाव पर्ने थियो ।

*"'यस्ता सबै कामहरूद्वारा तिमीहरू आफैलाई अशुद्ध नपार। म तिमीहरूका सामुन्नेबाट जुन जातिहरूलाई निकाल्दैछु तिनीहरू यी सबै कुरामा नै अशुद्ध भएका छन् । त्यसरी नै त्यो देश अशुद्ध भएको हो । अनि मैले त्यसमाथि त्यसका अधर्मको दण्ड उठाएँ, र देशले आफ्ना बासिन्दाहरूलाई उकेलेर फ्याँकिदियो ।"*

*- लेवी १८:२४-२५*

मानिसहरुको घृणित कामहरुको सिधा असर यस पृथ्वीमा पर्दछ । जब यस्ता घृणित कामहरु निरन्तर रुपमा चली रहन्छ तब पृथ्वी यस्ता कामहरुले गर्दा प्रभावित पर्दछ र यसको असर पृथ्वीवासीहरु माथि पर्न जान्छ ।

*"पृथ्वी सुक्खा हुनेछ, र त्यो ओइलाउँछ। संसार दुर्बल हुन्छ, र त्यो ओइलाउँछ। पृथ्वीका उच्च दर्जाका मानिसहरू दुर्बल हुन्छन् । पृथ्वी त्यसमा रहने मानिसहरूद्वारा दूषित पारिएको छ । तिनीहरूले नियमहरू उल्लङ्घन गरेका छन्, कानूनहरू भङ्ग*

*गरेका छन् र सदासर्वदाको करार तोड़ेका छन् । यसकारण एउटा सरापले पृथ्वीलाई भस्म गर्छ, र त्यसका मानिसहरूले दोषको दण्ड भोग्नैपर्छ। यसैकारण पृथ्वीका बासिन्दाहरू जलाइए, र थोरै मानिसहरू मात्र बाँकी रहेका छन् ।"*

*- यशैया २४:४-६*

यी पदहरुले हामीलाई देखाउँछ कि कसरी परमेश्वरको व्यवस्था उलंघन गर्दा यस पृथ्वीमा असर पर्न जान्छ । यशैया अगमवक्ताले भन्दछन कि मानिसहरुको पापले गर्दा यस संसार पापले भर्दछ र यस यसका वासिन्दाहरु जल्नेछन् । पहिला जलप्रलयद्वारा यस पृथ्वीको विनाश र भविष्यमा आगोद्वारा नाश, यी दुवै मानिसहरुको पापसंग जोडिएको छ ।

*"सर्वप्रथम तिमीहरूले यो बुझ्नुपर्छ, कि पछिल्ला दिनहरूमा गिल्ला गर्नेहरू गिल्ला गर्दै, तिनीहरूका आफ्नै अभिलाषामा यसो भन्दै आउनेछन्, "उहाँका आगमनको प्रतिज्ञा कहाँ गयो? किनकि पिता-पुर्खाहरू सुतिसकेका दिनदेखि नै सबै कुरा सृष्टिको सुरुदेखि चलिआएजस्तै आज पनि छँदैछ ।" जानी-बुझिकन पनि तिनीहरू यस कुराको वास्ता गर्दैनन्, कि परमेश्वरको वचनद्वारा स्वर्गहरू अघिदेखि नै थिए, र पृथ्वीचाहिँ पानीबाट र पानीद्वारा नै बनाइयो । त्यही पानीबाट त्यस समयको संसार जलप्रलयमा डुबेर नष्ट भयो । तर त्यही वचनले भक्तिहीन मानिसको इन्साफ र विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी आगोको निम्ति साँचिराखिएका छन्*

*।"*

*- २ पत्रुस ३:३-७*

मानिसहरुको कामवासना र घृणित कामहरुले गर्दा जलप्रलय भएको थियो । जब यस पृथ्वी आगोद्वारा नाश गरिनेछ तब फेरी यही प्रक्रिया पुनः हुनेछ । सोदोमको दिनहरुमा जब पुरुषहरु एक अर्कासंग कामवासनामा लिप्त थिए तब त्यो शहर आगोले भष्म पारिएको थियो र केवल केहि बाचेंका थिए । केवल ३ जना मात्र बाँच्न सफल भएका थिए ।

सोदोमको विनाश हाम्रो लागि भविष्यमा हुने घटनाको चेतावनी हो ।

> ***"जसरी सदोम र गमोरा र तिनका आसपासका सहरहरू, जुनहरू व्यभिचार गरेर अस्वाभाविक कामवासनामा फसेका थिए, तिनीहरू अनन्त अग्निको दण्ड भोगेर उदाहरण बनेका छन् ।"***
>
> ***- यहूदा १:७***

सोदोम र गोमोराहरु व्यभिचार र पापमा फसेका थिए । पावल प्रेरितले सोदोमवासीहरुको पापको विषयमा भनेका छन कि कसरी ति मानिसहरु लुतको घरमा आएका पाहुनाहरुसंग सहवास गर्न खोजेका थिए ।

> ***"र त्यसरी नै स्त्रीतर्फको स्वाभाविक व्यवहार त्यागेर एक-दोस्रातर्फ कामुकताको जलनमा पुरुषहरूले पुरुषहरूसितै निर्लज्ज काम गरे, र आफ्नै शरीरमा आफ्ना कसूरको उचित दण्ड भोगे।"***
>
> ***- रोमी १:२७***

सोदोमका वासीहरुको कामवासना सिधा परमेश्वरको व्यवस्था विपरित थियो जसको सिधा असर पृथ्वीमा परेको थियो । परमेश्वरले अब्राहमको हृदयमा सोदोमवासिहरुको लागि काम गर्नुभएको थियो, यो आशमा कि तिनीहरु बाँचुन । येशुले तिनीहरुको पाप बोक्नुभयो ताकी तिनीहरुले पश्चताप गर्ने समय पाउन सकुन । यही घटना जलप्रलयको समयमा घटेको थियो । जलप्रलय अगाडी, परमेश्वरले प्रकृतिको शक्तिहरुलाई रोक्नुभएको थियो ताकी मानिसहरुले पश्चताप गर्ने समय पाउन र बाँच्न सकुन् ।

जब सारा सृष्टि मानिसको पापको बोझको तल दबिएको छ तब हामी क्रुसको यथार्थ र काँडाको मुकुटमा आउछौं ।

> ***"...ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ ।"***
>
> ***- १ कोरिन्थी १:२४***

ख्रीष्टले यही शक्तिद्वारा यस संसारलाई बोक्नुभएको छ ।

> ***"उहाँ नै परमेश्वरका महिमाको प्रतिबिम्ब र परमेश्वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ, र सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्हाल्नुहुन्छ । पापको शुद्धि गर्नुभएपछि महिमित परमेश्वरको दाहिने बाहुलीपट्टि उच्च स्थानमा उहाँ विराजमान हुनुभयो ।"***
>
> ***- हिब्रु १:3***

*"किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् ।"*

*- कलस्सी १:१६*

हामीलाई थाहा छ कि ख्रीष्टले यस संसारलाई बोक्नुभएको छ, तर हाम्रो पाप उहाँको लागि निरन्तर रुपमा काँडाको मुकुट भएको छ जसले निरन्तर रुपमा उहाँलाई घोचिरहेको छ जब कि उहाँ आफ्नो पुरा शक्तिद्वारा यस पृथ्बीलाई मानिसको पापको असरबाट बचाउन खोज्नुभएको छ । यो पृष्ठभूमिमा हामी बुझ्न सक्छौं मानिसको लागि ख्रीष्टले सहनुभएको पिडाले दुखको आँधीलाई रोक्नुभएको छ ।

*"यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें ।"*

*- प्रकाश ७:१*

ख्रीष्टले यस संसारको पापलाई बोक्नुभएको कारण स्वर्गदुतहरुले ति आँधीहरुलाई रोकेका छन् जसको कारण यस संसार र पृथ्वीमा असर पर्न अलि रोकिएको छ । जब मानिसले परमेश्वरको विरुद्धमा पाप गर्दछन् तब मानिस र यस पृथ्वीको विचमा कोहि पनि हुदैंन जसको कारण मानिसको विद्रोही चरित्रको असर यस संसारमा पर्दछ जो पछी प्रकट हुँदछ ।

हामीले चिनेको संसार पापले प्रदुषित भएको छ। पुरा इन्टरनेट छाडापनले भरिएको छ, मानिसहरु छाडापन र हिँसाप्रति आकर्षित भएका छन् । समाचार खोल्दा हामी केवल नराम्रो र नकरात्मक समाचारहरु मात्र पाउछौं जो पापको सिधा असर हो ।

यो वर्तमान समयमा यस संसारले आफुमा भएका वासिन्दाहरुलाई निकाल्नुपर्ने थियो तर त्यो गर्न सकेको छैन किनभने परमेश्वरको थुमाले काँडाको मुकुट पहरिनु भएको छ। तर पनि उहाँलाई इन्कार गरेका छन् र तिरस्कार गरेका छन् । मानिसहरुको पापी चरित्रले उहाँलाई अझै घोचिरहेको छ। तर पनि अझै उहाँले यी सब कुराहरु सहनुभइरेको छ ताकी हामीले यी कुरालाई बुझ्न सकौं र पश्चताप गर्न सकौं ।

जब तपाई नदीको किनारामा हिड्नुहुनेछ र त्यहाँको शान्तिलाई महसुस गर्नुहुनेछ तब यो कुरा तपाई बुझ्नुहोस् कि ख्रीष्टले मानिसको विद्रोहीपनलाई बोकेका कारण सम्भव भएको छ । उहाँले यो बोझ बोक्नुहेको कारण प्राकृतिक प्रकोपहरु थामिएका छन् । यस संसारमा प्राकृतिक प्रकोप बढ्नुको कारण मानिसहरुको पाप बढीरहेको छ । जब ख्रीष्टलाई पूर्ण रुपमा इन्कार गरिनेछ तब ति चार आँधीहरु मानिसहरुमा छाडिनेछ ।

बाइबलले भन्दछ:

*"तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो ।"*

*- उत्पति १९:२४*

जुन शक्तिले प्रकृतिको तत्वहरुलाई संरक्षण गर्छ त्यो येशुबाट आएको हो किनभने उहाँले यस सारा सृष्टिलाई संरक्षण गर्नुहुन्छ । स्वर्गको नियमलाई यस प्रकृतिले अनुशरण गर्दछ । यी कुराहरुले मानिसको हृदयमा शान्ति र मेलमिलापलाई दर्शाउछ जब मानिसले परमेश्वरको वचनलाई पालना गर्दछ । यदी मानिसहरुले परमेश्वरको वचन पालन गर्दा र उहाँको जीवन अनुशरण गर्दा यस पृथ्वी हरियो वन र वनस्पतिले भरिन्थ्यो होला । जब मानिसले विद्रोह गर्यो र पापमा फस्यो तब संसारका केहि नियमहरु परिवर्तन भएर मृत्युको शक्ति बने । यो कुरा हामी अर्को पाठमा पढ्न पाउछौं जब लाठी सर्प बनेको छ ।

नोआको समयमा भएको जलप्रलय र सोदोममा घटेको घटना, मानिसको विद्रोहविरुद्ध परमेश्वरको बदला हैन । ख्रीष्टले यी कुराहरुलाई सकेसम्म रोक्नुभएको थियो र मानिसहरुलाई पश्चाताप गर्ने समय दिनुभएको थियो । यी कुराहरु मानिसहरुको आशिषको निम्ति दिईएको थियो तर मानिसको पापको कारणले गर्दा यीकुराहरुले श्रापको रुप लिएको थियो । जब २००० वर्ष अगाडी क्रुसमा ख्रीष्टको मृत्यु भयो तब हामी यस पृथ्वीमा यी कुराहरु असरलाई देख्न सक्छौं ।

*"जब कप्तान र तिनीसँग येशूलाई रुँग्नेहरूले भूकम्प र त्यहाँ भइरहेका घटना देखे, तब अति भयभीत भएर तिनीहरूले यसो*

*भने, "साँच्चै, यिनी परमेश्वरका पुत्र रहेछन् ।"*

*- मत्ती २७:५४*

प्रकाश १३मा भएको पशुले मानिसहरुलाई पहिलो पशुलको आरधना गर लगाउँछ जसको कारण मानिसहरुको निधार वा हातमा त्यस पशुको छाप लाग्दछ, उहाँको व्यवस्थाको इन्कारले गर्दा ख्रीष्टलाई फेरी टाँगीने छ । तब चार आँधीहरु यस संसारमा छाडिनेछ, मानिसको हृदय पापको ज्वालाले गर्दा तातेको छ र पृथ्बी मानिसहरुको विरुद्धमा खडा भएको छ । केवल ति मानिसहरु जो परमेश्धरको आज्ञा पालना गर्दछन् र येशुको विश्धास धारण गर्दछन् तिनीहरु सर्वशक्तिमानको छत्रछाँयामुति बस्दछन् । हजार जना तिम्रो पट्टी र दश हजार जना तिम्रो दाहिने तर्फ तर ति तिमि पट्टी आउनेछैन किनभने तिनीहरु परमेश्धरसंग र यस संसारसंग शान्तिमा बसेका छन् ।

जब समुन्द्रमा तुफान आयो तब येशु शान्तसंग सुत्नसक्नुभएको थियो किनभने संसार उहाँको विरुद्धमा थिएन । जब प्रकृतिको शक्तिले उहाँको चेलाहरुलाई हराउन खोजेको हुन्छ तब उहाँ खडा भएर भन्नुहुन्छ 'शान्त होइजा' । म अनुरोध गर्दछु कि तपाई सोदोमबाट भाग्नुहोस् र सुरक्षाको जहाजमा आउनुहोस् । यो पश्चातापक समय हो र परमेश्धरको विरुद्धमा हामीले गरेको विद्रोहबाट पछी हट्नु हो जसले गर्दा यस संसार हाम्रो विरुद्ध नहोस् ।

यो सारा समय हाम्रो लागि काँडाको मुकुट लगाउनुभएकोमा हामीले ख्रीष्टलाई धन्यवाद दिन पर्छ जसले गर्दा ति आँधीहरु थामिएका छन् - ति

आंधीहरु जसले मानिसहरुको हृदयमा पाप र विद्रोहीपनालाई यस संसारमा वृद्धि गराउँछ । हामीले हाम्रो पापी आचरणबाट हट्नु पर्छ र उहाँको व्यवस्था तोड्नबाट पछी हट्नु पर्छ र उहाँको आज्ञाहरु, करार र व्यवस्था पालन गर्नुपर्छ जसले गर्दा यस संसारमा शान्ति फैलिन सकोस् ।

## १४. मृत्युको शक्ति

*"जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो ।"*

*- यूहन्ना १९:३०*

*"जब येशूले सिर्का लिनुभयो, तब उहाँले भन्नुभयो, "अब सिद्धियो," र उहाँले शिर निहुराएर आफ्नो आत्मा त्यागिदिनुभयो ।"*

*- लूका २३:४६*

*"तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो ।"*

*- रोमी ५:८*

जब येशुले आफ्नो शिर झुकाएर आफ्नो प्राण त्याग्नुभयो, तब समस्त ब्रह्माण्ड, जसले उहाँको मृत्युसम्म सबै घटनाहरुको घटनाक्रमको दर्शी थिए, तिनीहरुले मानव जातिको लागि पिताको प्रेमको शक्तिशाली रुप देखेका थिए । आफुमाथि परेको दुख, तिरस्कार, पिडा र पिटाइ प्रति येशुले कुनै पनि प्रतिकार गर्नु भएन । उहाँले भन्नुभयो, "पिता यिनीहरुलाई माफ गर्नुहोस्, यिनीहरुले के गर्दैछन् सो जान्दैनन् ।" जब येशु पिडामा हुनुहुन्थ्यो तब पनि उहाँ आफ्नो संसारिक आमाको लागि चिन्तित हुनुहुन्थ्यो र उहाँले यहुन्नालाई आफ्नो आमाको हेरचाह गर्न भन्नुभयो । क्रुसमा पश्चातापी चोरलाई माफ गर्नुभयो र अनन्त जीवनको प्रतिज्ञा गर्नुभयो । यी सबै दृश्यहरु हेरेपछी रोमी सेनापतिले भने:

*"येशूले यसरी प्राण त्याग्नुभएको देखेर उहाँको सामने उभिएका कप्तानले भने, "साँच्चै नै यी मानिस परमेश्‍वरका पुत्र रहेछन् ।"*

***- मर्कुस १५:३९***

कस्तो धैर्यवान, मिलनसार, अचम्मको प्रेम ! शैतानले उक्साएको एकदम क्रुरता, निर्ममता र हिँसाले भरिएको मानवीय तिरस्कारलाई हाम्रो मुक्तिदाताले धैर्यतासाथ सहनुभयो । शैतानले यहुदी अगुवाहरु, धर्मगुरुहरु र भिडमा तिरस्कार जगाएको थियो । उनीहरुको व्यवहारमा हामी शैतानको चरित्रलाई देख्न सक्छौं । शैतानको चरित्र जो हिँसा, घृणा, छल, दयाहीन र क्रुरताले भरिएको छ त्यो पूर्ण रुपमा प्रकट भएको थियो । क्रुसको कथामा परमेश्वरको चरित्र पूर्ण रुपमा ख्रीष्टमा प्रकट भएको र शैतानको चरित्र मानिसमा प्रकट भएको हामी हेर्न सक्छौं । आफुलाई मृत्युको हातमा सुम्पिनुहुँदा, हाम्रो प्रभु येशुले यस महान विवादको सुरुवातदेखि उहाँलाई तिरस्कार गर्नेलाई हराउनुभयो । शैतानको बारेमा येशुले फारसीहरुलाई भन्नुभयो:

*"तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्‌कल्प छ । त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन । किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो ।"*

***- यूहन्ना ८:४४***

रातको अन्धकारमा ख्रीष्टको पक्राउमा, उहाँलाइ दोषी देखाउन खडा गरिएको गवाहीहरुमा, हामी शैतानको झुटो, छली आत्मालाई देख्न सक्छौं । येशुले पाउनुभएको तिरस्कार, पिटाइमा शैतानको क्रुरता र निर्ममतालाई हामी देख्न सक्छौं । क्रुसमा हामी शैतानको हिँसाको विषम रुपलाई देख्न सक्छौं । ख्रीष्टले आफ्नो मृत्युद्वारा शैतानलाई हराउनुभयो । धर्मशास्त्रले हामीलाई भन्दछ:

> ***"किनकि छोरा-छोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई, अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्,"***
> ***- हिब्रु २:१४***

बाइबलले हामीलाई भन्दछ कि शैतानसंग मृत्युको शक्ति छ । यसले परमेश्वरको चरित्रलाई बुझ्ने क्रममा एक गम्भिर प्रश्न खडा गर्दछ । कसरी शैतानसंग मृत्युको शक्ति छ जब कि परमेश्वरले आदम र हव्वालाई भन्नुभएको थियो:

> ***"तर असल र खराबको ज्ञान दिने रूखको फलचाहिँ नखानू, किनभने जुन दिन तैंले त्यो खान्छस् तँ निश्‍चय नै मर्नेछस् ।"***
> ***- उत्पति २:१७***

के असल र खराबको ज्ञान दिने रुखको फल खाएको खण्डमा परमेश्वरले आदम र हव्वालाई मार्ने धम्की दिनुभएको हो ? पापीलाई के ले मार्छ स्पष्ट रुपमा बाइबलले भनेको छ ।

*"किनभने पापको ज्याला मृत्यु हो ...."*

*- रोमी ६:२३*

**"खराबीले दुष्टलाई नष्ट पार्दछ, र धार्मिक जनका विरोधीहरू जति दोषी ठहरिनेछन् ।"**

**- भजनसंग्रह ३४:२१**

**"तर जसले मलाई भेट्टाउन चुक्छ, त्यसले आफैलाई नोक्सानी गर्छ । मलाई घृणा गर्ने सबैले मृत्युसित प्रेम राख्छ ।"**

**- हितोपदेश ८:३६**

पापको परिणाम मृत्यु हो । स्वर्गमा हुनुहुने हाम्रो प्रेमिलो पिताको विरुद्धमा आफ्नो स्वार्थीपना, हिंसात्मक र तिरस्कारपूर्ण व्यवहारप्रति ग्लानिबोधले पापीलाई मार्दछ । बाइबलल भन्दछ ख्रीष्टसंग जीवन छ मात्र भन्दैन तर ख्रीष्ट आफै जीवन हुनुहुन्छ ।

*"येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।"*

*- यूहन्ना १४:६*

*"येशूले तिनलाई भन्नुभयो, "पुनरुत्थान र जीवन म नै हुँ । मलाई विश्वास गर्ने मर्‍यो भने पनि जीवित हुनेछ ।"*

*- यूहन्ना ११:२५*

***"जीवनको त्यस वचनको विषयमा, जो सुरुदेखि थियो, जो हामीले सुनेका छौं, जो हाम्रै आँखाले हामीले देखेका छौं, जो हामीले हेर्‍यौं र हाम्रा हातले छोयौं, त्यो जीवन प्रकट भयो, र हामीले देख्यौं, र हामी गवाही दिन्छौं, र तिमीहरूलाई त्यस अनन्त जीवनको सन्देश सुनाउँछौं, जो पितासँग थियो, र हामीकहाँ प्रकट भयो।"***

***- १ यूहन्ना १:१-२***

ख्रीष्टको वचनमा हामीले एकदम गम्भिर ध्यान दिनुपर्दछ । उहाँसंग जीवन मात्र हैन, उहाँ आफै जीवन हुनुहुन्छ । यदी येशु जीवन हुनुहुन्छ भने मृत्युसंग उहाँको कुनैपनि सम्बन्ध छैन । यदी येशु जीवन हुनुहुन्छ भने उहाँले मृत्यु ल्याउने कुरा सम्भब नै छैन । येशुले भन्नुभएको कुरालाई हामीले ध्यान संग हेरौं:

***"चोर त चोर्न, मार्न र नाश पार्न मात्र आउँछ । म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ ।"***

***- यूहन्ना १०:१०***

त्यो चोर हो जसले मृत्यु ल्याउँछ तर येशुद्वारा जीवन पाइन्छ । यदी ख्रीष्टले आफ्नो पिताको व्यवस्था विरुद्ध पाप गर्नेहरुलाई मृत्युदण्ड दिनुहुन्छ भने उहाँसंग जीवन र मृत्यु दुवैको शक्ति छ । यसको मतलब जीवन र मृत्यु दुवै उहाँबाट आउँछ । तर यो ठिक विपरित हो किनभने बाइबलले हामीलाई भन्दछ कि शैतानसंग मृत्युको शक्ति छ । यदी ख्रीष्टले

आफ्नो शक्तिद्वारा मानिसहरुलाई मार्नुभएको भए शैतानसंग मृत्युको शक्ति हुने थिएन । यसको मतलव ख्रीष्टसंग मृत्युको शक्ति छ । तर बाइबलले स्पष्ट रुपमा भन्दछ कि शैतानसंग मृत्युको शक्ति छ | अन्धकार सिधा मृत्युसंग जोडिएको छ:

> ***"अन्धकारको देशमा जान अघि, घनघोर अन्धकारको देशबाट कहिल्यै नफर्कनु अघि,"***
>
> ***- अय्युब १०:२१***

> ***"कोही-कोही घोर अन्धकारमा बसे, कैदीहरू जो फलामका साङ्लाले बाँधिएर पीडामा थिए,"***
>
> ***- भजनसंग्रह १०७:१०***

ख्रीष्टको बारेमा हामी पढ्न सक्छौं:

> ***"उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो |"***
>
> ***- यूहन्ना १:४***

हामीलाई भनिएको छ कि ख्रीष्टसंग जीवन छ | जीवन र मृत्युको विषयमा केहि पनि भनिएको छैन | मानिसहरुमा भएको ज्योति नै ख्रीष्टको जीवन हो | यसकारण जीवन र ज्योति एक आपसमा बाँधिएका छन् र मृत्यु र अन्धकार एक आपसमा बाँधिएका छन् । यस संसारलाई येशुले सुनाउनुभएको सन्देश यही नै हो:

*"जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन ।"*

*- १ यूहन्ना १:५*

परमेश्धरमा कुनै पनि अन्धकार छैन जसको अर्थ उहाँमा मृत्यु नै छैन यसकारण हामी यो निष्कर्षमा आउन सक्छौं कि परमेश्धर मृत्युको लेखक हुनुहुन्न; र यसकारण उहाँसंग मृत्युको शक्ति छैन । यसकारण उहाँले केवल मानिसहरुलाई स्वतन्त्रता दिनुहुन्छ जसको कारण उनीहरु आफ्नो मन लागेको कुरा गर्न सक्छन । बाइबलले मृत्युलाई शत्रु भनेको छ, जसको अर्थ यो शत्रुबाट आएको हो ।

*"सबैभन्दा पछि नष्ट पारिने शत्रु मृत्यु हो ।"*

*- १ कोरिन्थी १५:२६*

मृत्यु एक शत्रु हो र यसकारण ख्रीष्टले मृत्युलाई खारेज गर्नूभएको छ ।

*"उहाँले हामीलाई उद्धार गर्नुभयो, र एउटा पवित्र बोलावटद्वारा बोलाउनुभयो । हाम्रो कामको आधारमा होइन, तर उहाँको आफ्नै अभिप्राय र अनुग्रहको आधारमा हो, जो उहाँले ख्रीष्ट येशूमा युग-युग अघिदेखि हामीलाई दिनुभएको थियो, जुन अनुग्रह अब हाम्रा मुक्तिदाता ख्रीष्ट येशूको आगमनद्वारा प्रकट गर्नुभएको छ । उहाँले मृत्युलाई नाश गरेर जीवन र अविनाशलाई*

*सुसमाचारद्वारा प्रकाशमा ल्याउनुभयो ।"*

*- २ तिमोथी १:९-१०*

ख्रीष्टमा कुनै पनि मृत्यु छैन यसकारण येशुले मार्थालाई भन्नुभयो:

*"अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन। के तिमी यो विश्वास गर्छ्यौ ?"*

*- यूहन्ना ११:२६*

यो कुरा कसरी सम्भव छ जुन मानिसले येशुमाथि विश्वास गर्छ ऊ कहिले पनि मर्ने छैन ? मानिसहरु हरेक समय मर्दछन । येशुले मृत्युको विषयमा भन्नुभएको कुरालाई हामी हेरौं:

*"यसपछि उहाँले तिनीहरूलाई भन्नुभयो, "हाम्रा मित्र लाजरस निद्रामा परेका छन्, तर तिनलाई निद्राबाट बिउँझाउन म त्यहाँ जान्छु ।"*

*- यूहन्ना ११:११*

*"उहाँले तिनीहरूलाई भन्नुभयो, "बाहिर जाओ, किनकि ठिटी मरेकी छैन, तर सुतेकी छे।" तिनीहरूले उहाँको हाँसो गरे ।"*

*- मत्ती ९:२४*

यदी हामीले इतिहासको पानाहरु पल्टाएर हेर्छौं भने यो परिभाषा अनुसार केवल एक जनाको मात्र मृत्यु भएको छ ।

*“तर हामी येशूलाई देख्तछौं । उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून् ।”*

*- हिब्रु २:९*

यदी हेरेक मानिस जो छानमा छ उसले मृत्यु चाखिसकेको छ भने हरेक मानिसको निम्ति येशुको मृत्युको के नै उद्देश्य रह्यो र जब कि १००० वर्ष पछी हुने पापी आचरणको छुटकाराको मृत्यु उहाँले चाख्नुभएको छैन भने ?

येशु मात्रै एक हुनुहुन्छ जो वास्तविक रुपमा मर्नुभयो । ति मानिसहरु जो चिहानमा छन् केवल सुतिरहेका छन् । चाहे अनन्त जीवन होस् या अनन्त मृत्युक लागी होस्, सबै जना पुनरुत्थानमा फेरी उठ्नेछन् । जब येशुले संसारको पापलाई बोक्दै भन्नुभयो “तपाईको हातमा म आफ्नो आत्मा सुम्पिन्छु”, तब उहाँले मृत्युको शक्तिलाई चकनाचुर पार्नुभयो । अब उप्रान्त मानिसहरुले मर्नुपर्ने व्यवस्थालाई येशुले खारेज गर्नुभयो । त्यही भएर बाइबलले भन्दछ कि मृत्युलाई खारेज गरिएको छ । समयको अन्तमा मानिसहरु मर्नुको कारण उही हो कि यिनीहरुले ख्रीष्टमा रहेको जीवनलाई इन्कार गरेर मृत्यु रोजेका छन् । तपाईले मृत्युलाई खारेज गरेर फेरी लागु गर्न पाउनु हुन्न । यो असम्भव कुरा हो ।

बाइबलले त्यो समयको बारेमा भन्दछ जब पापलाई पूर्ण रुपमा नाश गरिनेछ:

> *"मृत्यु र पाताल अग्नि-कुण्डमा फालिए । यो अग्नि-कुण्ड दोस्रो मृत्यु हो ।"*
>
> *- प्रकाश २०:१४*

प्राय समय यो भनिन्छ कि आगोको पोखरी भनेको नर्क हो तर बाइबलले हामीलाई यो भन्छ कि नर्कलाई मृत्युसंग आगोको कुण्डमा फ्याँकियो । आगोको कुण्ड भनेको के हो ? यो त्यही अनुभव हो जुन येशुले क्रुसमा भोग्नुभएको थियो । हाम्रो परमेश्वर अति प्रज्ज्वलशिल आगो हुनुहुन्छ । हिब्रु १२:२९ । जब पापीले पश्चाताप गर्छ तब उसलाई उहाँको चरित्रको शुद्धता र उहाँको प्रेमको निस्वार्थपना प्रकट हुँदछ जसको कारण उसलाई उसको स्वार्थीपनाको ग्लानिबोध हुन आउँछ । ज्योतिले अन्धकारलाई उज्यालो पार्छ र किनभने पापीले अनुग्रहलाई इन्कार गरेको हुनाले , उनिहरु कयिनझैं कराउनेछन्, "मेरो पापहरु मैले पाउने माफीभन्दा धेरै छ" र तिनीहरु आफ्नो ग्लानिको बोझको तल दबिन्छन । यसकारण खराबीले पापलाई नाश गर्दछ  र पापको ज्याला मृत्यु हो । भजनसंग्रह ३४:२१, रोमी ६:२३ ।

यदी परमेश्वर र उहाँको पुत्रले मानिसहरुलाई मार्नुभएको भए उहाँहरुको आत्मामा मृत्यु हुने थियो । यदी यो साँचो मृत्यु थियो भने यो कहिले पनि नाश हुने थिएन र यसलाई शत्रुको संज्ञा दिइने थिएन । हामीले यो कुरालाई

बिर्सिनुहुन्न कि येशु जीवन मात्र होइन, आफैमा जीवन हुनुहुन्छ । जीवन मृत्यु तपाई आफै बन्न सक्नुहुन्न , यो असम्भव कुरा हो !

> *"के पानीको मूलको एउटै धाराबाट मीठो र तीतो पानी निस्कन्छ र?"*
>
> *- याकुब ३:११*

यो प्रश्नको मुख्य अंशलाई हामी हेरौं:

> *"हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं । परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ ।"*
>
> *- २ कोरिन्थी ३:१८*

जब हामी परमेश्वरको चरित्र वा महिमालाई उचाल्छौं तब हामी उहाँको चरित्रलाई अनुशरण गर्दछौं । जसरी पिता र पुत्र जीवन हुनुहुन्छ, हामीले उहाँलाई उचाल्दा र उहाँलाइ स्वीकार गर्दा हामी जीवनको अनुभव गर्न पाउछौं ।

> *अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्‍वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् ।*
>
> *- यूहन्ना १७:३*

यदी हामी पुरानो करार पढेर परमेश्वरले मानिसहरुलाई मार्नुहुन्छ भन्ने कुरामा विश्वास गर्छौं भने, र परमेश्वरको चरित्र यही हो भनेर विश्वास गर्छौं भने, यो कुरा हाम्रो जीवनको अंग बन्न जान्छ । आउनुहोस्, हामी यो कुरालाई फरक तरिकाले हेरौं:

> ***"उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् ।"***
> ***- कलस्सी १:१७***

> ***"म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो ।"***
> ***- गलाती २:२०***

यदी ख्रीष्ट तपाईमा आत्मामा वास गर्नुहुन्छ भने र मानिसहरुलाई मार्नु उहाँको चरित्रको भाग हो भन्ने कुरामा विश्वास गर्नुहुन्छ भने तपाईमा एक हत्याराको आत्माको वास रहेको छ । तर यदी ख्रीष्ट अनन्त जीवन हुनुहुन्छ भने एकै समयमा तपाईमा ख्रीष्टको आत्मा र हत्याराको आत्माले वास गर्न असम्भव छ ।

मानिसहरु मर्ने कारणहरुमध्य यो एक हो; किनभने तिनीहरुले त्यो परमेश्वरको आरधना गर्छन् जो मानिसहरुलाई मार्न रुचाउनु हुन्छ । यदी तपाई यो कुरामा विश्वास गर्नुहुन्छ कि परमेश्वरको हात लाखौं, करोडौं

मानिसहरुको रगतले रंगिएका छन् र भविष्यमा पनि करोडौं मानिसहरुको प्राण लिनुहुनेछ, त्यसो हो भने तपाईले परमेश्वरको चरित्रको प्रकाशलाई अन्धकारमा पार्नुभएको छ, मृत्युले यस संसारमा राज गरेको छ । यदी तपाईले यस्तो परमेश्वरको दैनिकी आरधना गर्नुहुन्छ भने, यस्तो प्रकारको आरधनाले तपाईलाई मृत्युको मुखमा लैजाने छ । किन ? किनभने हामीले यस्तो आरधना गरेको हुनाले हामी पनि त्यस्तैमा परिणत हुदैं आएका हुन्छौं । २ कोरन्थी ३:१८ ।

मृत्युलाई अन्त गर्न परमेश्वरसंग केवल एक मात्र उपाय यो थियो कि परमेश्वरको पुत्रलाई लिएर मानिसको हृदयमा कुन कुरा छ त्यसलाई प्रकट गर्नु हो । जब येशु यस संसारमा आउनुभयो तब मानिसहरुमा उहाँप्रति भएको घृणा आफै प्रकट भएको थियो । क्रुसको घटनामा हामी देख्न सक्छौं कि कसरी शैतानले मानिसहरुलाई हिँसा र हत्या गर्न सहजतासाथ् उक्साएको थियो । क्रुसको मृत्युद्वारा ख्रीष्टले शैतानको चरित्रलाई प्रकाशमा ल्याउनुभएको थियो र मानव जाति कति पापी भएको छ त्यो देखाउनुभएको थियो। जब हामी क्रुसमा हेर्छौं तब हाम्रो सामना आफ्नै मानव चरित्रसंग हुन्छ, र ख्रीष्टको आत्माद्वारा हामी उहाँको प्रेमिलो, निस्वार्थी र शान्त आत्मालाई स्वीकार गर्न सक्छौं ।

> ***"मेरो जुवा आफूमाथि लेओ, र मसँग सिक, किनभने म विनम्र र कोमल हृदयको छु, अनि तिमीहरूले आफ्ना आत्मामा विश्राम पाउनेछौ ।"***
>
> ***- मत्ती ११:२९***

येशु विनम्र र कोमल हुनुहुन्छ । येशुले आफ्नो शत्रुहरुलाई प्रेम गर्नुहुन्छ। । आफुलाई घृणा गर्नेहरुको लागि उहाँले प्रार्थना गर्नुहुन्छ र आफुलाई सताउनेहरुको लागि आफ्नो पितासंग विन्ती गर्नुहुन्छ । उहाँ जीवन दिनुहुने आत्मा हुनुहुन्छ । उहाँ अनन्त जीवन हुनुहुन्छ ।

त्यसो ति बाइबलको पदहरुको अर्थ के हो त् जहाँ हामीलाई भनेको छ कि परमेश्वरले मानिसहरुलाई मार्नुहुन्छ । हामीले यो कुरालाई याद राख्न जरुरी छ कि हामीले पुरानो करारलाई येशुको जीवनको नजरबाट पढ्नु पर्दछ । ख्रीष्टको जीवन बाहिरबाट हामीले पढ्छौं भने त्यो जोखिमपूर्ण छ । यसको कारण यो छ कि यदी तपाई त्यो परमेश्वरको आरधना गर्नुहुन्छ जसले मानिसहरुलाई मार्न रुचाउनु हुन्छ, त्यसो हो भने तपाई मृत्युको परमेश्वरलाई आरधना गर्दै हुनुहुन्छ र यदी यो कुरालाई निरन्तरता दिनुहुन्छ भने तपाई मर्नुहुनेछ । यो कुरालाई हामी इस्राएलीहरुलाई सिनै पर्वतमा नआउनको निम्ति दिइएको आज्ञामा हामी सांकेतिक रुपमा बुझ्न्सक्छौं ।

> *"तैंले चाहिँ मानिसहरूका निम्ति चारैतिर यसो भनेर बार लगाउनू, 'होशियार बस, तिमीहरू पर्वतमाथि नजानू, र त्यसका सिमाना पनि नछुनू। जसले पर्वत छुन्छ त्यो निश्चय नै मारिनेछ। कसैले पनि त्यसलाई नछुनू, तर ढुङ्गाले वा काँड़ले हानेर त्यसलाई मार्नू । पशु होस् अथवा मानिस, त्यो जीवित रहनेछैन' । तुरही लामो गरी बज्दा तिनीहरू पर्वतसम्म आऊन्*

*।”*

*- प्रस्थान १९:१२-१३*

केवल मध्यस्तकर्तामार्फत उनिहरु परमेश्वरसंग कुरा गर्न सक्छन् । मोशाले ख्रीष्टलाई मध्यस्तकर्ताको रुपमा प्रस्तुत गरेका छन् । मोशा मृत्युलाई नचाखी पर्वतमा जान सक्थे किनभने उसले परमेश्वरको चरित्रलाई बुझेका थिए । जब उ पर्वतबाट तल आए तब उसको अनुहार परमेश्वरको महिमाको प्रकाशले चम्किरहेको थियो । यदी हामीले येशुको मध्यस्तकर्ताको भूमिकाको नजरबाट पुरानो करारलाई पढ्दैनौं भने हामी परमेश्वरको चरित्रलाई गलत विचारधाराले बुझ्नेछौं ।

***“अब हेर, म उही हुँ, मबाहेक अरू कोही ईश्वर छैन।***
***म नै मार्दछु, र म नै जीवित पार्दछु।***
***म नै चोट लाउँछु, र म नै निको पार्छु, र कसैले मेरो हातबाट छुटाउन सक्दैन।***
***- व्यवस्था ३२:३९***

ख्रीष्टको जीवनलाई नहेरी हामी यो पदलाई यसरी बुझ्न सक्छौं:

***म कसैलाई मार्छु, कसैलाई जीवित राख्छु ।***

येशुले यस संसारमा हुनुहुँदा कसैलाई पनि मार्नुभएन जसलाई हामीले बुझ्न जरुरी छ । हामीले यो बुझ्न जरुरी छ कि मार्ने र जीवित पार्ने संगै जोडिएका छन्:

***म मार्दछु, र म नै जीवित पार्दछु;***

यो मार्ने शब्दलाई सिधा जीवित पार्नुसंग जोडिएको छ । यी दुई एक अर्कापछी आएका छन् । यो पदको अर्को भाग महत्वपूर्ण छ:

***म नै मार्दछु, र म नै जीवित पार्दछु;***
***म नै चोट लाउँछु र म नै निको पार्छु:***

हिब्रु भाषामा यो प्रचलित लेखनशैली हो । यसलाई 'प्यारालेलिजम्' भनिन्छ । पहिलो भाग र दोस्रो भागले उही कुरा भन्दछ तर फरक ढंगमा ताकी पूर्ण रुपमा हामीले बुझ्न सकौं । चोट दिने र निको पार्ने शिद्धान्तलाई सिधा सुसमचारको कामसंग जोडिएको छ । फेरी नयाँ गरेर जन्मिनको लागि पुरानो जीवनमा मृत्यु हुन जरुरी छ । चंगाई पाउनको लागि हामीले व्यवस्था जसले हाम्रो पाप हामीलाई प्रकट गराउँछ, त्यसबाट चोट पाउन जरुरी छ । जबसम्म पुरानो जीवनमा मृत्यु हुदैंन तबसम्म जीवनको नयाँपनमा पुनरुत्थान सम्भव हुदैंन । व्यवस्था ३२:३९ लाई पावल प्रेरितले यसरी अर्थ लगाएका छन्:

***"...वचनले मार्दछ, तर आत्माले जीवन दिन्छ ।"***
***- २ कोरिन्थी ३:६***

मानिसमा भएको पुरानो जीवनलाई परमेश्वरले व्यवस्थाद्वारा मार्नुहुन्छ तर आत्माद्वारा जीवनको नयाँपनमा पुनरुत्थान गर्नुहुन्छ । व्यवस्था ३२:३९ मा मोशाले भनेको वचनलाई हामी परमेश्वरको आत्माले मानिसलाई बचाउनुहुने सुसमचारसंग जोड्न सक्छौं ।

"मार्ने र जीवित पार्ने" जुन वचन छ यसको उदाहरण हामी अर्को ठाउँमा पनि पाउछौं ।

> ***"परमप्रभुले मृत्यु ल्याउनुहुन्छ र जीवन दिनुहुन्छ, उहाँले नै चिहानमा पठाउनुहुन्छ र मरेकालाई जीवित पार्नुहुन्छ।***
>
> ***- १ शमुएल २:६***

यो पदको पहिलो भागलाई दोस्रो भागमा अझ राम्ररी बुझाइएको छ । परमेश्वरले मार्नुहुन्छ र जीवित पार्नुहुन्छ: उहाँले चिहानमा लैजानुहुन्छ र बाहिर ल्याउनुहुन्छ ।

यो पदलाई ख्रीष्टको पुनरुत्थान गर्नुहुने शक्तिसंग जोडिएको छ जो जीवन र पुनरुत्थान हुनुहुन्छ, उहाँ मृत्युको लेखक हुनुहुन्न । यो पदलाई हन्नाको प्रार्थनामा पनि पाउन सक्छौं । उनि भन्छिन:

> ***"परमप्रभुले दरिद्रता र धन-सम्पत्ति पठाउनुहुन्छ । उहाँले नम्र तुल्याउनुहुन्छ, र उहाँले उच्च पार्नुहुन्छ । राजकुमारहरूसित बसाल्नलाई तथा सम्मानको आसनको उत्तराधिकारी बनाउनलाई उहाँले दुर्बललाई धूलोबाट र दरिद्रलाई घुरानबाट उठाउनुहुन्छ । "किनभने पृथ्वीका जगहरू परमप्रभुकै हुन्, उहाँले संसारलाई तीमाथि बसाल्नुभएको हो ।"***
>
> ***- १ शमुएल २:७-८***

हरेक पटक जब पहिलो कामलाई उच्चारण गरिन्छ तब दोस्रो काम पनि जोडिएको छ । हन्ना आफ्नो जीवनको तल्लो स्तरमा पुगिसकेकी थिईन्

किनभने उसले आफ्नो पतिको लागि बालक जन्माउन सकेकी थिइनन् र हरेक समय उसको सौताले बालक जन्माएकी थिइन् । यो अनुभवले उसको पुरानो जीवनलाई मारेको थियो, तर उसले परमेश्वरमाथि भरोसा गरेकी थिइन् र जब उसले बालक जन्माईन् तब उनि फेरी जीवित भईन् । उनि आत्मामा गरिब भएकी थिइन्, तर अहिले धनी भएकी छिन् । यस विषयमा अय्युबले पनि भनेका छन् ।

*"के मानिस मरेपछि ऊ फेरि जिउँछ?*
*मेरो कठिन सेवा जतिसुकै लामो भए पनि मेरो नवीकरणको निम्ति म प्रतीक्षा गर्नेछु ।"*
*- अय्युब १४:१४*

व्यवस्था ३२:३९ मा अय्युबले पुनरुत्थानको विषयमा भन्दै ति दुवै हिब्रु शब्दहरुको प्रयोग गरेका छन् । जब नमान इस्राएलको राजाकहाँ चंगाईको लागि आए, तब राजाले व्यवस्था ३२:३९ का शब्दहरु प्रयोग गरेका थिए ।

*"इस्राएलका राजाले त्यो चिट्ठी पढ्ने बित्तिकै आफ्ना लुगा च्यातेर भने, "के म परमेश्वर हुँ र? मार्न र जिउँदो पार्न सक्छु र ? यस मानिसले किन त्यसको कुष्ठरोगबाट निको पार्न कसैलाई मकहाँ पठाउँछ? हेर त, त्यसले मसित झगड़ाको निहुँ खोज्दैछ !"*
*- २ राजा ५:७*

आफ्नो कुष्ठरोगको कारण नमान मृत्युको ढोकामा पुगेका थिए । तब इस्राएलको राजा क्रोधमा आएर भन्छन, "के यो मानिसले सोचेको हो कि म मुर्दाहरुलाई जीवित पार्छु?"

जब हामी पुरानो करारलाई येशुको जीवनको नजरबाट हेर्छौं तब हामी बाइबलले के भन्न खोज्दैछ त्यसलाई हामी बुझ्न सक्छौं । जब मोशाले भने कि म मार्छु र जीवित पार्छु, तब उसले भन्न खोजेका थिए कि येशु नै जीवन र पुनरुत्थान हुनुहुन्छ । यो नयाँ करारमा पाइने सुसमाचारको प्रकाश हो । जब हामी यो सत्यलाई बुझ्छौं तब हामीलाई कसैले पनि उहाँबाट अलग पार्न सक्दैन । के तपाईले यो तरिकाबाट परमेश्वरको वचनलाई पढ्नुभएको छ वा जस्तो लेखेको छ त्यस्तै बुझ्नुहुन्छ ? तपाई कसरी पढ्नुहुन्छ ?

> ***"हेर, आज मैले तिमीहरूका अगि जीवन र वृद्धि, अनि मृत्यु र नाश राखेको छु ।"***
>
> ***- व्यवस्था ३०:१५***

येशु अनन्त जीवन हुनुहुन्छ भन्ने कुरालाई जान्न पाउनु कति राम्रो कुरा हो । उहाँ जीवनदाता हुनुहुन्छ र पुनःस्थापक हुनुहुन्छ र हामीलाई थाहा छ कि उहाँ पिताको स्पष्ट रुप हुनुहुन्छ । पितामा कुनै पनि मृत्यु वा अन्धकार छैन । ख्रीष्टले यो कुरालाई हाम्रो माझमा प्रकट गर्नुभएको छ किनभने उहाँ यस संसारमा हुनुहुँदा कसैलाई पनि मार्नुभएन र पिताको आज्ञाहरुलाई पालन गर्नुभयो । तपाईले कसको आरधना गर्नुहुन्छ ?

यदी तपाईले त्यो परमेश्वरको सेवा गर्नुहुन्छ जससंग मृत्युको आत्मा छ, सुसमाचारमा प्रकट गरिएको येशु ख्रीष्टको परमेश्वर त्यो हैन । शैतानमा मृत्यु र खराबी छ, ख्रीष्टमा जीवन र भलाई छ । कसको आरधना गर्नुहुन्छ आज नै निर्णय गर्नुहोस् ।

> ***"जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ ।"***
>
> ***- यूहन्ना १४:९***

कसको आरधना गर्नुहुन्छ ? त्यो तपाईमा भर पर्छ ।

## १५. मेरो पिताको आज्ञाहरु

आफ्नो पिताको आज्ञाहरुप्रति ख्रीष्टको प्रेमको विषयमा भजनसंग्रहको पुस्तकले हामीलाई भन्दछ । यस संसारमा मुक्तिदाता आउनुभन्दा अगाडी उहाँले भन्नुभयो:

> *"तब मैले भनें, "म यहीँ छु, म आएको छु— धर्मशास्त्रमा मेरो विषयमा यस्तै लेखिएको छ ।*
> *हे मेरा परमेश्वर, तपाईंको इच्छाबमोजिम गर्न म चाहन्छु,*
> *तपाईंको व्यवस्था मेरो हृदयभित्र छ।"*
> *- भजनसंग्रह ४०:७-८*

परमेश्वरको पुत्रले आफ्नो पिताको आज्ञाको इश्वरीय प्रकाश हामीलाई दिनुभएको छ । आज्ञाप्रति उहाँको प्रेम र उहाँको दैनिकी उदाहरणले हामीलाई आज्ञापालनको जीवन देखाउनुभएको छ । येशुले आफ्नो जीवनद्वारा आज्ञापालन मात्र हैन तर उहाँलाई अनुशरण गर्नेहरुलाई पनि आज्ञापालनको जीवन देखाउनुभएको छ ।

> *"बुद्धिमान्‌को शिक्षा जीवनको फुहारा हो, जसद्वारा मानिस मृत्युको पासोबाट उम्कन्छ ।"*
>
> *- हितोपदेश १३:१४*

येशु परमेश्वरको ज्ञान हुनुहुन्छ (१ कोरिन्थी १:२४) र उहाँको ज्ञानको सुरुवात आफ्नो पिता र पिताको आज्ञाप्रति उहाँको प्रेम र गहिरो आदर हो ।

> *"परमप्रभुको भय मान्नु नै बुद्धिको सुरुआत हो, र परमपवित्रको ज्ञान नै समझशक्ति हो ।"*
>
> *- हितोपदेश ९:१०*

> *"अब सबै कुरा सुनिएका छन्— कुराको निष्कर्ष यही हो। परमेश्वरको भय राख र उहाँका आज्ञाहरू पालन गर। किनभने मानिसले गर्नुपर्ने सारा कर्तव्य यही नै हो ।"*
>
> *- उपदेशक १२:१३*

परमेश्वरप्रति आदर देखाउन र उहाँको आज्ञा पालन गर्न हामीसंग एउटा मात्र तरिका छ, त्यो हो उहाँको पुत्रको आत्मालाई हामीमा वास गर्न दिनु

हो । जसले पिताको आज्ञा पालन गर्छन, तिनीहरुको लागि उहाँ मुहान हुनुहुन्छ । ति सबै जना जसले ख्रीष्टमाथि विश्वास गर्छन् उनीहरुले आत्मामा उहाँको आज्ञा प्राप्त गर्छन् । ख्रीष्टको आत्माविना परमेश्वरको व्यवस्था पालन गर्न असम्भव छ ।

> ***"तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ । त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन् । येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ । किनभने केही भेद छैन,"***
>
> ***- रोमी ३:२१-२२***

पावल प्रेरितले भन्दछन् कि परमेश्वरको धार्मिकता येशु ख्रीष्टमा प्रकट भएको छ र हामीलाई सित्तैमा दिइएको छ र त्यसको लागि हामीले हाम्रो कामद्वारा परमेश्वरलाई खुसी पार्नुपर्दैन । विश्वासद्वारा सबै कुरा हामीलाई दिइएको छ ।

> ***"र पनि हामी जान्दछौं, व्यवस्थाका कामद्वारा मानिस धर्मी ठहरिँदैन, तर येशू ख्रीष्टमाथिको विश्वासद्वारा धर्मी ठहरिन्छ । यसकारण हामीले पनि हाम्रो विश्वास ख्रीष्ट येशूमा राख्यौं, ताकि हामी व्यवस्थाका कामद्वारा होइन तर ख्रीष्टमा राखिएको विश्वासद्वारा धर्मी ठहरिन सकौं, किनकि व्यवस्थाका कामद्वारा***

*कोही पनि धर्मी ठहरिँदैन ।"*

*- गलाती २:१६*

जब हामी येशु नै परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरालाई स्वीकार गर्छौं र उहाँको नाममा विश्वास गर्छौं, तब हामी पितामा उहाँको विश्वासलाई प्राप्त गर्छौं । ख्रीष्टमा हामीले पाउने उपहार यही हो । आत्मामा पाउने वरदानद्वारा हामी आत्माको पालन गर्न सक्छौं ।

*"तर पवित्र आत्माको फलचाहिँ प्रेम, आनन्द, शान्ति, धैर्य, दया, भलाइ, विश्वस्तता, नम्रता, संयम हुन् । यस्ता कुराहरूका विरुद्धमा कुनै व्यवस्था छैन ।"*

*- गलाती ५:२२-२३*

ख्रीष्टको आत्माको प्रेरणाद्वारा हामी भजनसंग्रहमा पढ्न सक्छौं कि परमेश्वरको व्यवस्थाको विषयमा परमेश्वरको पुत्रले के भन्नु हुन्छ ।

*"धन्य हो त्यो मानिस, जो दुष्टहरूको सल्लाहमा हिँड्दैन, जो पापीहरूको मार्गमा खड़ा हुँदैन, अनि गिल्ला गर्नेहरूको सङ्गतमा बस्दैन ।*
*तर परमप्रभुको व्यवस्थामा नै त्यो खुशी रहन्छ, र त्यसले दिनरात उहाँकै व्यवस्थामा मनन गर्छ।*
*यो खोलाको किनारमा रोपेको बोटजस्तै हुन्छ, जसले आफ्नो ऋतुमा फल दिन्छ, अनि जसको पात कहिल्यै ओइलाउँदैन।*

*त्यसले जे पनि गर्छ, त्यसमा त्यो सफल हुन्छ ।"*

*- भजनसंग्रह १:१-३*

ख्रीष्टको आत्माद्वारा व्यवस्था जीवित पानीको मुहान हो । यो कुरालाई लाठीद्वारा हिर्काइएको चट्टानबाट निस्केको पानीमा सांकेतिक रुपमा प्रकट गरिएको छ ।

*"म होरेबमा भएको चट्टानमा तेरो अगि खड़ा हुनेछु । तैंले चट्टानलाई हिर्काउनू, र मानिसहरूले पिउनलाई त्यहाँबाट पानी निस्कनेछ ।" तब मोशाले इस्राएलीहरूका धर्म-गुरुहरूका सामुन्ने त्यसै गरे ।"*

*- प्रस्थान १७:६*

होरेब पनि सिनै पर्वत जस्तै ठाउँ हो । पानी त्यही ठाउँबाट बगेको छ जुन ठाउँमा व्यवस्था दिइएको थियो। यसकारण ख्रीष्टमा व्यवस्था एक मृत शब्द हैन तर जीवित यथार्थ हो । जब हामी ख्रीष्टलाई स्वीकार गर्छौं तब हामी उहाँको आत्माको वरदान पनि प्राप्त गर्छौं ।

*"आहा! तपाईंको व्यवस्थालाई म कति प्रेम गर्दछु! दिनभरि म तिनैमाथि मनन गर्दछु ।"*

*- भजनसंग्रह ११९:९७*

माथिको पद बाइबलमा भएको सबैभन्दा लामो अध्यायबाट लिइएको हो, जसमा हामी व्यवस्थाको सुन्दरताको बारेमा वर्णन गरिएको पाउछौं । यो एक सत्य हो कि परमेश्वरको व्यवस्था उहाको चरित्रको प्रकाश हो ।

परमेश्वरको पुत्रले व्यवस्थालाई प्रेम गर्नुहुन्छ किनभने उहाँले आफ्नो पितालाई प्रेम गर्नु हुन्छ। जब हामी व्यवस्थाको विवरणलाई परमेश्वरको चरित्रको विवरणसंग तुलना गर्छौं, तब हामी यी दुई कुराहरुलाई एक आपसमा मिलेको पाउछौं ।

| **परमेश्वरको चरित्र** | | **परमेश्वरको व्यवस्था** | |
|---|---|---|---|
| आत्मिकी | यूहन्ना ४:२४ | आत्मिकी | रोमी ७:१४ |
| प्रेम | १ यूहन्ना ४:८ | प्रेम | मत्ती २२:३७-४० |
| सत्यता | यूहन्ना १४:६ | सत्यता | भजनसंग्रह ११९:१४२ |
| धार्मिकता | १ कोरिन्थी १:३० | धार्मिकता | भजनसंग्रह ११९:१४४, १७२ |
| पवित्र | यशैया ६:३ | पवित्र | रोमी ७:१२ |
| सिद्वता | मत्ती ५:४८ | सिद्वता | भजनसंग्रह १९:७ |
| भलाई | लूका १८:१९ | भलाई | रोमी ७:१२ |
| न्यायि | व्यवस्था ३२:४ | न्यायि | रोमी ७:१२ |
| दोषरहित | १ यूहन्ना ३:३ | दोषरहित | भजनसंग्रह १९:८ |
| अपरिवर्तनीय | याकुब १:१७ | अपरिवर्तनीय | मत्ती ५:१८ |
| सधैंको लागी स्थिर | भजनसंग्रह ९०:२ | सधैंको लागी स्थिर | भजनसंग्रह १११:७, ८ |
| मार्ग | यूहन्ना १४:६ | मार्ग | मलाकी १:७-९ |

| | | | |
|---|---|---|---|
| महानता | भजनसंग्रह ४८:१ | महानता | होशे ८:१२ |
| शुद्वता | मत्ती ८:३ | शुद्वता | इजकिएल २२:२६ |

जब हामी परमेश्वरको आज्ञाहरुलाई नियालेर हेर्छौं तब हामी पाउछौं कि यी आज्ञाहरुले सबै सम्बन्धको संरक्षणको विषयमा भन्दछन्; यिनले परमेश्वरसंग हाम्रो सम्बन्ध र एक अर्कासंग हाम्रो सम्बन्धको विषयमा भन्दछन् ।

| परमेश्वरको चरित्र | |
|---|---|
| १. मैले तलाई गुलामीबाट निकालेर लिएर आएँ । म बाहेक अरु कुनै देवी-देवता नमान्नु | छुटकाराकर्ता, मुक्तिदाता, केवल उहाँ मात्र परमेश्वर, बुझ्न सजिलो |
| २. तैंले कुनै पनि मुर्ति नबनाउनु | कुनै पनि वस्तु वा गलत विचारधारासंग सम्बन्ध नबनाउनु |
| ३. परमेश्वरको नाम व्यर्थमा नलिनु | इमान्दारिता, पारदर्शीता, बुझ्न सजिलो |
| ४. सबाथ दिन पवित्र मान्नु पर्छ भनी याद राख्नु, ६ दिनमा | सृष्टिकर्ता, जीवनको स्रोत, बुझ्न सजिलो |

| | |
|---|---|
| परमेश्वरले आकाश र पृथ्वी बनाउनुभयो | |
| ५. आफ्नो आमा, बुबाको आदर गर्नु | परिवार, सम्बन्धको आदर गर्नु, बुझ्न सजिलो |
| ६. हत्या नगर्नु | जीवन अमुल्य छ, सम्बन्धहरु सधैंको निम्ति हुन्, म नै जीवनको स्रोत हुँ |
| ७. व्यभिचार नगर्नु | प्रगाढ सम्बन्धहरु सधैंको निम्ति हुन् |
| ८. चोरी नगर्नु | आत्मिकी र सम्बन्धको रुपमा बुझ्न सजिलो, भौतिक कुरामा ध्यान नदिनु |
| ९. झुटो गवाही नदिनु | इमान्दारिता, पारदर्शीता, बुझ्न सजिलो |
| १०. लोभ, लालच नगर्नु | सृष्टिकर्ता, जीवनको स्रोत, बुझ्न सजिलो |

१. पहिलो आज्ञाले हामीलाई भन्दछ कि परमेश्वरले इस्राएललाई मिश्र देशको दासत्वबाट निकालेर ल्याउनुभयो, जसको अर्थ यो हुन्छ कि परमेश्वर छुटकाराकर्ता र मुक्तिदाता हुनुहुन्छ । जब उहाँले हामीलाई “उहाँबाहेक अरु देवी-देवता नमान्नु” भन्नुहुन्छ, यसको अर्थ यो हो कि उहाँ हामीसंग नजिकको सम्बन्ध बनाउन चाहनुहुन्छ ।

२. दोस्रो आज्ञाले हामीलाई भन्दछ कि परमेश्वर हामीसंग घनिष्ट सम्बन्ध चाहनुहुन्छ । मुर्तिपुजा घनिष्ट सम्बन्धको रुप हैन । आत्मिकी मुर्तिपुजा पनि हैन । मुर्तिपुजा भनेको भौतिकिकरण हो; अर्थात त्यो वस्तुसंग सम्बन्ध राख्नु जसमा कुनै जीवन नै छैन वा त्यो विचारधारासंग सम्बन्ध राख्नु जो सत्य हैन ।

३. तेस्रो आज्ञाले हामीलाई भन्दछ कि परमेश्वर आफ्नो सम्बन्धहरुमा पारदर्शी हुनुहुन्छ । जब हामी उहाँमा सम्बन्ध राख्छौं, हामीले त्यस सम्बन्धमा नाटक गरौं भन्ने उहाँ चाहनुहुन्न ।

४. चौथो आज्ञा एकदम विशेष छ किनभने यसले हामीलाई भन्दछ कि परमेश्वर जीवनको स्रोत हुनुहुन्छ र उहाँले सबै थोकको सृष्टि गर्नुभयो । उहाँको बारेमा हाम्रो विचारधारामा यस आज्ञाले धेरै ठुलो प्रभाव पारेको हुन्छ र उहाँप्रति हाम्रो व्यवहारमा ठुलो प्रभाव पारेको हुन्छ । यो कुरामा हामीले विचार गर्नुपर्छ कि चौथो आज्ञामा अरु आज्ञाहरु भन्दा धेरै शब्दहरु छन् ।

५. पाचौं आज्ञा पनि विशेष छ किनभने यसले हामीलाई परमेश्वरको जीवन कसरी संसारमा प्रवाह भएको छ त्यसलाई देखाउँछ । यो आज्ञाले हामीसंग यो वाचा गर्दछ कि यदी हामीले हाम्रो आमा-बुबालाई आदर गर्छौं भने हामी लामो समयसम्म बाँच्नेछौं । यसले यो कुरालाई दर्शाऊँछ कि हामीलाई हाम्रो अभिभावकहरुले परमेश्वरको विषयमा विशेष कुरा प्रकट गर्नुभएको छ र हामीले उहाँहरुलाई आदर गर्दा हामी परमेश्वरलाई पनि आदर गर्छौं ।

६. छैटौं आज्ञाले हामीलाई भन्दछ कि परमेश्वरले जीवनलाई अमुल्य ठान्नुहुन्छ । यो आज्ञाले हामीलाई यो पनि भन्दछ कि परमेश्वर चाहनुहुन्छ कि सम्बन्ध सदाको लागि रही रहोस् ।

७. सातौँ आज्ञाले हामीलाई भन्दछ कि कुनै सम्बन्धहरु अलि डरलाग्दाहरु हुन्छन् र परमेश्वरसंग सम्बन्धमा यसलाई हामी पहिलो आज्ञा तोडेको बुझ्न सक्छौं । परमेश्वर हाम्रो जीवनको स्रोत हुनुहुन्छ भन्ने कुरालाई याद गराउँछ ।

८. आठौँ आज्ञाले हामीलाई भन्दछ कि परमेश्वरले हाम्रो सबै खाँचोहरु पुरा गर्नुहुन्छ र उहाँले हाम्रो हेरचाह गर्नुहुन्छ । यसले हामीलाई यो पनि भन्दछ कि परमेश्वर भौतिक कुराहरुको इच्छा राख्नुहुन्न तर सम्बन्धहरुमा चासो राख्नुहुन्छ ।

९. नवौं आज्ञा तेस्रो आज्ञाको प्रतिबिम्ब हो । परमेश्वर सम्बन्धहरुमा पारदर्शीता र इमान्दारिता चाहनुहुन्छ । झुटो गवाहीले एक वा दुवै पक्षको नाम र सम्बन्ध खराब पार्छ ।

१०. दशौं आज्ञाले हामीलाई जीवनको स्रोत परमेश्वर हुनुहुन्छ भनेर देखाउँछ । यदी हामीले यो कुरामा विश्वास गर्छौं भने हामीलाई केहि पनि चाहिदैन । यो आज्ञाले हामीलाई परमेश्वरको मनको कुरा भन्दछ । आज्ञा ५-९ सम्मलाइ हामीले व्यवहारमा उतार्न सक्छौं तर यो आज्ञा चाहिं हृदयको स्थितिसंग सम्बन्धित छ । यो अदृश्य छ । यसकारण परमेश्वरको राज्यको चरित्रलाई बुझ्न यो आज्ञालाई बुझ्न जरुरी छ ।

यसकारण निष्कर्षमा भन्नुपर्दा दश आज्ञाहरुले हामीलाई परमेश्वरको बारेमा यो भन्दछः

१. उहाँ जीवनको मुहान हुनुहुन्छ
२. उहाँ सृष्टिकर्ता हुनुहुन्छ
३. उहाँ हाम्रो मुक्तिदाता हुनुहुन्छ
४. उहाँ घनिष्ट सम्बन्ध चाहनुहुन्छ
५. उहाँले हाम्रो हेरचाह गर्नुहुन्छ र हाम्रो सबै खाँचोहरु पुरा गर्नुहुन्छ

आफ्नो पहिलो पत्रमा यूहन्नाले भनेका छन् कि परमेश्वर प्रेम हुनुहुन्छ र व्यवस्था, जो उहाँको चरित्रको प्रकाश हो, त्यो पनि प्रेम हो ।

> ***"जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन । तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ । हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं ।"***
>
> ***- १ यूहन्ना २:४-५***

येशुले यसरी वर्णन गर्नुभएको छः

> *"पिताले जसरी मलाई प्रेम गर्नुभएको छ, मैले पनि तिमीहरूलाई प्रेम गरेको छु। तिमीहरू मेरो प्रेममा रहो । यदि मेरा आज्ञाहरू पालन गर्‍यौ भने तिमीहरू मेरो प्रेममा रहनेछौ, जसरी मैले मेरा पिताका आज्ञाहरू पालन गरेको छु र उहाँको प्रेममा रहन्छु । मैले*

*यी कुरा तिमीहरूलाई यसैकारण भनेको छु, कि मेरो आनन्द तिमीहरूमा होस्, र तिमीहरूको आनन्द भरिपूर्ण होस् । "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर ।"*

***- यूहन्ना १५:९-१२***

येशु:

- उहाँको सामु आफ्नो पिता बाहेक अरु कुनै देवी-देवता छैन किनभने उहाँले आफ्नो पितालाई प्रेम गर्नुहुन्छ
- कुनै झुटो देवी-देवतालाई मान्नुहुन्न वा मुर्ति बनाउनुहुन्न किनभने उहाँले आफ्नो पितालाई प्रेम गर्नुहुन्छ
- आफ्नो पिताको नाम व्यर्थमा लिनुहुन्न किनभने उहाँले आफ्नो पिताको चरित्र प्रकाशमा ल्याउनुहुन्छ
- आफ्नो पितासंग सबाथ मनाउदा खुशी हुनुहुन्छ
- आफ्नो पितालाई आदर गर्नुहुन्छ
- उहाँले हत्या गर्नुहुन्न किनभने उहाँ पुनरुत्थान र जीवन आफै हुनुहुन्छ
- उहाँले व्यभिचार गर्नुहुन्न किनभने उहाँले त्यस्ता सम्बन्धहरु राख्नुहुन्न जसको कुनै मान्यता छैन
- उहाँले चोर्नुहुन्न किनभने उहाँले आफ्नो पिताबाट पाउनुहुने अधिकारमा विश्वास गर्नुहुन्छ

- उहाँले झुटो बोल्नुहुन्न किनभने झुटले सम्बन्धहरुको इमान्दारितालाई तोडीदिन्छ
- उहाँले लालच गर्नुहुन्न किनभने उहाँले आफ्नो पितामाथि विश्वास गर्नुहुन्छ

अधिकाँश मानिसहरुसंग १० मध्य ९ आज्ञाहरुसंग समस्या छैन तर धेरैलाई यस छैटौँ आज्ञासंग चाहिं समस्या छ । जब यहोशु परमेश्वरको सेनाको सेनापतिलाई भेट्न गएको कथालाई हामीले कसरी बुझ्ने ?

> ***"यहोशू यरीहोको नजिक हुँदा तिनले आफ्ना आँखा उठाएर हेरे, र आफ्नो सामुन्ने हातमा नाङ्गो तरवार लिएका एक जना मानिस उभिरहेका रहेछन् । यहोशू उनीकहाँ गएर, "तपाईं हामीपट्टि हुनुहुन्छ कि हाम्रा शत्रु हुनुहुन्छ?" भनेर सोधे । अनि उनले भने, "होइन, तर परमप्रभुको फौजको कप्तान भएर म यहाँ आएको हुँ ।" तब यहोशूले जमिनमा घोप्टो परेर दण्डवत् गरे, र उनलाई भने, "मेरा प्रभु, आफ्नो दासलाई के भन्नुहुन्छ?"***
> ***- यहोशु ५:१३-१४***

जब कनानवासीहरुलाई यहोशुले मारीरहेका थिए, तब यस्तो लाग्छ कि यी सबै कार्यहरु गर्न उसलाई परमेश्वरको पुत्रले उक्साईरहको हुनुहुन्छ जसको अगाडी यहोशु घुँडामा टेकेर आरधना गर्दथे । जब हामी अश्शुरीहरुको विनाशको कथालाई पढ्छौं तब यस्तो लाग्छ कि आफ्नो मानिसहरुलाई बचाउन परमेश्वरको पुत्रले अरुहरुको हत्या गर्नुहुन्छ ।

*"त्यस रात परमप्रभुका स्वर्गदूत निस्के, र तिनले अश्शूरको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे । जब भोलिपल्ट बिहानै मानिसहरू उठे, त्यहाँ सबै लाशहरू मात्र थिए ।"*

*- २ राजा १९:३५*

अश्शुरीहरुको कथालाई हामी अर्को पाठमा पढ्नेछौं । हाम्रो अगाडी एउटा सत्यता छ कि येशु यस संसारमा आउनुभयो र हाम्रो माझमा बस्नुहुँदा उहाँले कसैलाई पनि मार्नुभएन । हामी यो शृंखलालाई यो विचारधारासंग सुरु गरौं कि यस संसारमा येशुको जीवन, पिताको चरित्रको पूर्ण प्रकाश हो । येशुले फिलिपलाई भन्नुभयो:

***"येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ । तिमी कसरी भन्न सक्छौ, 'हामीलाई पिता देखाइदिनुहोस्?"***

***- यूहन्ना १४:९***

येशुले फिलिपलाई भन्नुभयो कि उहाँले आफ्नो पिताको पुरा चरित्र आफ्नो चेलाहरुको अगाडी प्रकट गर्नुहुनेछ । आफ्नो प्रार्थनाहरुमध्य एकमा येशुले भन्नुहुन्छ:

***"संसारबाट जुन मानिसहरू तपाईंले मलाई दिनुभयो, तिनीहरूलाई तपाईंको नाउँ मैले प्रकट गरिदिएको छु। तिनीहरू***

*तपाईंका थिए, अनि तपाईंले तिनीहरू मलाई दिनुभयो, र तिनीहरूले तपाईंको वचन पालन गरेका छन् ।"*

***- युहना १७:६***

धर्मशास्त्रमा नाम भनेको चरित्र हो र येशुले इशारामा भन्नुहुन्छ कि उहाँ ले यो चरित्रलाई आफ्नो चेलाहरुको अगाडी प्रकट गर्नुभएको छ:

*"जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु ।"*

***- यूहन्ना १७:४***

हिब्रु १:३ ले भन्दछ कि येशु आफ्नो पिताको महिमाको रुप हुनुहुन्छ त् उहाँले यस महिमा वा चरित्रलाई यस पृथ्वीमा प्रकट गर्नुभएको छ । यसको मतलव यो हो कि यस संसारमा येशुको जीवन दश आज्ञाको पूर्ण अभिव्यक्ति हुनुहुन्छ जो परमेश्वरको चरित्रको लिखित प्रतिलिपि हो । यस संसार रहनुहुँदा येशुले कसैलाई पनि मार्नुभएन र यो कुरा हामी उहाँले आफ्नो पिताको आज्ञापालनमा पाउन सक्छौं । यसले यो कुराको पुष्टि गर्दछ कि परमेश्वरले हत्या गर्नुहुन्न । यो कुरा उहाँको व्यवस्थामा लेखिएको छ र उहाँको पुत्रमा प्रकट गरिएको छ ।

यो सत्यतालाई अनुशरण गर्दा हामीले वास्तविक रुपमा आफ्नो शत्रुहरुलाई प्रेम गर्नुपर्ने हुन्छ । यदी दुष्ट मानिसहरुलाई परमेश्वरले नष्ट पार्नुपर्ने भएको भए त्यसले हामीलाई पनि अवसर दिन्छ जसमा हामी एक अर्कालाई चोट दिन सक्छौं । यो कुरा 'आफ्नो शत्रुलाई पनि प्रेम गर'

को ठिक विपरित हो । हामी यो कुराको दावी गर्न सक्छौं कि परमेश्वरले दुष्टहरुलाई न्याय गरेर मार्नुहुन्छ र हामी यो कामको लागि उहाँको दुतहरु हौँ । यसकारण परमेश्वरले मार्नुहुन्छ भन्ने कुरा मानिसहरुले प्रयोग गर्ने एक बहाना हो ताकी उनीहरुले आफ्नो शत्रुलाई प्रेम गर्न नपरोस् । येशुले व्याख्या गर्नुहुन्छ कि परमेश्वरको आज्ञाले हामीलाई परमेश्वरलाई पनि प्रेम गर्नु र मानिसहरुलाई पनि प्रेम गर्नुपर्छ ।

> ***"व्यवस्थाका एक जना पण्डित उहाँको परीक्षा गर्न खड़ा भए, र यो प्रश्न गरे, "गुरुज्यू, अनन्त जीवन प्राप्त गर्न मैले के गर्नुपर्छ?" उहाँले तिनलाई भन्नुभयो, "व्यवस्थामा के लेखिएको छ? तिमीले के पढ्यौ?" तिनले भने, "तैंले परमप्रभु, आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा समझले र आफ्नो सारा मनले प्रेम गर्, र आफ्नो छिमेकीलाई आफैलाई झैँ प्रेम गर् ।" उहाँले तिनलाई भन्नुभयो, "तिमीले ठीक जवाफ दियौ । त्यसै गर, र तिमी जिउनेछौ ।" तर तिनले आफूलाई धार्मिक देखाउने इच्छा गरेर येशूलाई भने, "मेरो छिमेकीचाहिँ को हो त?"***
>
> ***- लूका १०:२५-२९***

जब वकिललाई आफ्नो सबै छिमेकीहरुलाई पनि प्रेम गर भनियो, उसले तिनीहरुलाई पनि प्रेम गर्नुपर्ने भयो जसलाई उसले घृणा गर्दथ्यो । उसले यसको परिभाषालाई परिवर्तन गर्नखोज्यो । उसले छिमेकी भन्ने शब्दलाई हटाउन प्रयास गर्यो । धेरै मानिसहरुले छैटौं आज्ञालाई इन्कार

गर्न खोज्छन र "हत्या" भन्ने शब्दको परिभाषा हटाउन खोजेका छन् । यद्धपि आफ्नो जीवनद्वारा येशुले यसको परिभाषा दिनुभएको थियो तैपनि यस नियम, आज्ञालाई परिवर्तन गर्ने कोशिसहरु जारी छन् । साधरण विचारधारालाई यसरी प्रकट गरिएको छ ।

> *"हत्या" र "मार्नु" यी दुई शब्दहरुको लागि हिब्रु भाषामा २ शब्दहरु (रतसाख, मुट) र ग्रीक भाषामा २ शब्दहरु (फोनियो, अपोकेटिनो) पाउछौं । एकको अर्थ "मृत्युको मुखमा लैजानु" र अर्कोको अर्थ चाहिं "हत्या गर्नु" नै हो । पछिल्लोलाई चाहिं १० आज्ञाले इन्कार गरेको छ, पहिलो शब्दलाई हैन । यथार्थमा भन्नुपर्दा "रतसाख" शब्दको अर्थ साधरण शब्द हत्याभन्दा ठुलो छ । रतसाख शब्दलाई गल्ती र खेलाँचीको कारण भएको मृत्युको विषयमा भन्दछ तर यसलाई लडाईमा भएको मृत्युसंग जोडिएको छैन । यसकारण अधिकांश वर्तमान अनुवादहरुले छैटौं आज्ञामा "तैंले हत्या नगर्नु" को बदली "तैंले नमार्नु" लेखिएको छ । तर समस्या चाहिं तब आउँछ जब कुन अनुवादलाई हामीले प्रयोग गरेको हुन्छौं । किंग जेम्स संस्करण बाइबलमा "तैंले नमार्नु" लेखिएको छ जसको कारण झन् बुझ्न असहज बनाएको छ । यदी "तिमीले नमार्नु" भन्ने कुरालाई हामीले त्यसरी नै बुझ्ने हो भने यसको अर्थ यो हुन आउँछ कि परमेश्वरको आज्ञा पालन नगरेको कारण परमेश्वरले इस्राएलद्वारा नरसंहार गर्नुभयो (व्यवस्था २०) । तर परमेश्वर आफैले आफ्नो आज्ञाहरु तोड्नुहुन्न, यसकारण त्यो*

*पदले अर्को मानिसको पूर्ण रुपमा हत्यामा रोक लगाउदैंन ।"*

*- [https://www.gotquestions.org/you-shall-not-murder.html](https://www.gotquestions.org/you-shall-not-murder.html)*

यदी हामीले धर्मशास्त्रलाई गहन रुपमा अध्ययन गर्छौं भने हामीलाई थाह हुन्छ कि यो तर्क गलत छ । पहिलो, लेखकले "रतसाख" भन्ने शब्द जसको अर्थ मार्नु हो, यस शब्दले हत्यालाई मात्र हैन तर नरसंहारलाई पनि बुझाउँछ भनेर बुझेका छन् । यो हत्या हैन ।

*"'तर यदि कसैले कसैलाई अजानमा घचेटेर मार्‍यो, अथवा केही कुरा हान्दा लागेर त्यो मर्‍यो भने, वा दुश्मनी नभएको र खति गर्न नचाहने व्यक्तिले हानेको ढुङ्गाले लागेर कोही मर्‍यो भने, समुदायले ज्यानमारा र रगतको साटो फेर्ने व्यक्तिको बीचमा यी विधिअनुसार न्याय गर्नुपर्छ । समुदायले त्यस ज्यानमारालाई [H7523] रगतको साटो लिन चाहनेको हातबाट छुटाओस्, र भागेर गएको शरण-नगरमा नै त्यसलाई पठाइदेओस् । अनि पवित्र तेलले अभिषेक भएको प्रधान पूजाहारीको मृत्यु नहोउञ्जेल त्यो त्यहीँ रहोस् ।"*

*- गन्ती ३५:२२-२५*

*"त्यहाँ दुश्मनी नभएका र अजान अवस्थामा कसैलाई मार्ने ज्यानमाराले [H7523] ती सहरहरूमध्ये एउटामा भागेर आफ्नो ज्यान बचाउन सक्थ्यो ।"*

*- व्यवस्था ४:४२*

दोस्रो, परमेश्वरले आज्ञा दिनुभयो कि ति मानिसहरु जसले *रतसाख* गरेका थिए उनीहरुले पनि त्यही नै पाउने छन् ।

> ***“‘कसैले कसैको हत्या गर्‍यो भने त्यस हत्यारालाई [H7523] साक्षीहरूले दिएको सबूतको आधारमा मात्रै प्राणदण्ड [H7523] मिलोस् । तर एउटा मात्र साक्षीको गवाहीमा चाहिँ कसैलाई प्राणदण्ड नदिनू ।”***
>
> ***- गन्ती ३५:३०***

यो कसरी सम्भव छ कि परमेश्वरले दश आज्ञा विपरित आदेश दिनुहुन्छ ? छोटकरीमा, परमेश्वरले धर्मशास्त्रमा भएको मृत्युको कुनै पनि रुपमा आदेश दिन सक्नुहुन्छ किनभने परमेश्वरले मृत्युलाई रोक्न चाहनुहुन्छ ताकी अनुग्रहको आदेश दिनुहुनेछ; मार्नको लागि हैन । यो बुँदालाई हामीले पाठ ९ मा पढेका छौं ।

तेस्रो, शब्द ‘मुथ’ (H4191) जब धर्मशास्त्रमा प्रयोग गरिएको छ तब हत्यालाई वर्णन गर्न प्रयोग गरिएको छ । शावलले गलत रुपमा दाउदलाई मार्न खोजेका थिए:

> ***“दाऊदलाई मार्नू [H4191] भनी शाऊलले आफ्ना छोरा जोनाथन र आफ्ना सबै भारदारहरूलाई भने । तर जोनाथनचाहिँ दाऊदलाई मन पराउँथे । आफ्ना पिता शाऊलले तिनलाई मार्ने [H4191] मौका हेर्दैछन् भनी जोनाथनले दाऊदलाई बताइदिए । उनले भने, “भोलि बिहान होशियार बस्नुहोस् र लुकेर रहनुहोस्***

*।"*

*- १ शमुएल १९:१-२*

शाऊलले पुजाहारीहरुको गलत रुपमा हत्या गरेका थिए:

*"तब शाऊलले आफ्नै छेउमा उभिरहने रक्षकहरूतिर फर्केर भने, "गएर परमप्रभुका पूजाहारीहरूलाई मार । किनभने तिनीहरूले दाऊदसित मतियारी गरेका छन् । त्यो एउटा भगुवा हो भनी जानेर पनि तिनीहरूले मलाई थाहा दिएनन् ।" तर राजाका सेवकहरू परमप्रभुका पूजाहारीहरूमाथि हात उठाउन राजी भएनन् । यसैले राजाले एदोमी दोएगलाई भने, "ए दोएग, गएर पूजाहारीहरूलाई मार् ।" तब एदोमी दोएगले गएर पूजाहारीहरूलाई मार्‍यो [H4191], र त्यस दिन त्यसले पचासी जना एपोद लाउने मानिसहरूलाई आफ्नै हातले मार्‍यो ।"*

*- १ शमुएल २२:१७-१८*

इस्बोसेथको हत्या:

*"ईश्बोशेत आफ्नो कोठामा सुतिरहेको बेलामा उनीहरू घरभित्र पसेका थिए । तिनलाई छुरी हानी मारिसकेपछि [H4191] उनीहरूले तिनको शिर काटे र त्यो आफूसँग लगे, र अराबाबाट रातभरि हिँडेर गए ।"*

*- २ शमुएल ४:७*

अब्सालोमले आफ्नो भाइ अमनोनको हत्या गर्ने आदेश दिन्छन्:

*"अब्शालोमले आफ्ना मानिसहरूलाई यस्तो आज्ञा दिए, "मौका हेरिबस, अनि जब अमनोन मातेर मस्त भएका हुन्छन् र म 'अमनोनलाई मार्!' भन्नेछु, तब तिमीहरूले उनलाई मार्नू [H4191] । डराउने केही काम छैन । यो मेरो हुकुम हो। हिम्मत गरी दृढ बस ।"*

*- २ शमुएल १३:२८*

अतल्याहले राजाको छोराहरुमा योआश बाहेक सबैको हत्या गर्छन्:

*"तर यहोराम राजाकी छोरी, अहज्याहकी बहिनी यहोशेबाले अहज्याहका छोरा योआशलाई मारिन लागेका राजकुमारहरूका बीचबाट सुटुक्क भगाएर लगिन् । [H4191] तिनले त्यसलाई र त्यसकी धाईलाई अतल्याहबाट लूकाउनलाई एउटा सुत्ने कोठामा लूकाइराखिन्, र यसरी त्योचाहिँ मारिएन ।"*

*- २ राजा ११:२*

नयाँ किंग जेम्स संस्करणमा यसो लेखिएको छ:

*"तर यहोराम राजाकी छोरी, अहज्याहकी बहिनी यहोशेबाले अहज्याहका छोरा योआशलाई मारिन लागेका राजकुमारहरूका बीचबाट सुटुक्क भगाएर लगिन् । [H4191] तिनले त्यसलाई र त्यसकी धाईलाई अतल्याहबाट लूकाउनलाई एउटा सुत्ने कोठामा लूकाइराखिन्, र यसरी त्योचाहिँ मारिएन ।"*

*- २ राजा ११:२*

अर्को हत्याको वारेमा वर्णन गरिएको छ:

> *"तिनका मुख्य अधिकृतहरूमध्येका एक जना, रमल्याहका छोरा पेकहले तिनको विरुद्धमा षड्यन्त्र रचे । गिलादका पचास जना मानिसहरू आफ्नो साथमा लिएर सामरियामा भएको राजमहलको गढ़ीभित्र पसीकन पेकहले पकहीयालाई अनि अर्गोब र अरिहलाई पनि मारे [H4191] । यसरी पेकहले पकहीयालाई मारे र तिनीपछि राजा भए ।"*
>
> *- २ राजा १५:२५*



> *"तिनका मुख्य अधिकृतहरूमध्येका एक जना, रमल्याहका छोरा पेकहले तिनको विरुद्धमा षड्यन्त्र रचे । गिलादका पचास जना मानिसहरू आफ्नो साथमा लिएर सामरियामा भएको राजमहलको गढ़ीभित्र पसीकन पेकहले पकहीयालाई अनि अर्गोब र अरिहलाई पनि मारे [H4191] । यसरी पेकहले पकहीयालाई मारे र तिनीपछि राजा भए ।"*
>
> *- २ राजा १५:२५*



यदी मुथ भन्ने शब्दको अर्थ अरुको न्याय मुताविक हत्या हुन्छ भने त्यसोभए के पापीले मानिसको हत्या न्याय मुताविक गर्न मिल्छ ?

> *"धर्मी जनको हत्या गर्नलाई दुष्टहरू ढुकिबस्छन् ।"*
>
> *- भजनसंग्रह ३७:३२*

*"किनभने त्यसले कहिले पनि कृपा देखाउन विचार गरेन, तर दु:खी र दरिद्र मानिसहरू र चूर्ण हृदय भएकाहरूलाई मृत्युसम्मै त्यसले खेदो गरेको थियो ।*
*त्यसले सराप दिन मन पराउँथ्यो— त्यो सराप त्यहीमाथि आइपरोस् । त्यसले आशिष् दिन रुचाएन— त्यसबाट पनि आशिष् टाढ़ै रहोस् ।"*

***- भजनसंग्रह १०९:१६-१७***

मुथको अर्थ हत्या हुन्छ भने रतसखको अर्थ गल्तीले मृत्यु हुनसक्छ । यसले मुथको अर्थ न्याय मुताविक हत्या र रतसखको अर्थ हत्या भन्ने तर्कलाई गलत देखाउँछ ।

अन्तिममा, जस्तोसुकै परिभाषा दिए पनि यी दुवैमा घातक शक्तिको प्रयोग हुन्छ । के यो शक्तिको प्रयोग परमेश्वरको राज्यको योजना हो त ? यो कूरालाई येशुले डाँडाको उपदेशमा बुझाउनुभएको थियो र आफ्नो जीवनद्वारा यो पुष्टि गर्नुभयो कि उहाँले यी घातक शक्तिको प्रयोग गर्नु हुन्न ।

*"तर म तिमीहरूलाई भन्दछु, दुष्टको मुकाबिला नगर । जसले तिम्रो दाहिने गाला चड्काउला, त्यसलाई अर्को गाला पनि थापिदेऊ ।"*

***- मत्ती ५:३९***

यदी कुनै मानिसले परमेश्वरलाई भन्छ कि, “प्रभु, मैले पुरानो करारमा तपाईको उदाहरण अनुशरण गरेर मैंले पापीहरुलाई मृत्युको मुखमा पुराएको छु ।”, त्यसबेला उसलाई के जवाफ दिने त ? के उसलाई हामीले यो कुरा भन्ने, “तपाईंले गलत उदाहरण अनुशरण गर्नुभयो, बाइबलको त्यो खण्ड तपाईको लागि हैन ।” यस्तो कुरा गर्दा झन असहज महसुस हुन्छ । यो समय हामीले यी तर्कहरुलाई इन्कार गर्नुपर्ने हुन्छ र यो कुरामा विश्वास गर्नुपर्छ कि तैंले नमार्नुको अर्थ हामीले प्राण लिनु हुदैन् ।

“तैंले हत्या नगर्नु” भन्ने आज्ञाको साँचो अर्थ येशुले आफ्नो संसारिक जीवनबाट प्रकट गर्नुभयो । उहाँले कसैको पनि हत्या गर्नु भएन । दश आज्ञा प्रेमको व्यवस्था हो र प्रेमले कुनै पनि घातक शक्तिको प्रयोग गर्दैन् । यी आज्ञाहरु आफैले हामीलाई भन्दछ कि कसरी पापीहरुले सजाय पाउनेछन् ।

> ***“तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्‍वर डाह गर्ने परमेश्‍वर हुँ । मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु,”***
> ***- प्रस्थान २०:५***

पापीहरु अवश्यै मर्नेछन्; तिनीहरुलाई तिनीहरुको आफ्नो कामले नै सजाय दिनेछ । हामीले पहिला नै हेरेका छौं कि जब शैतानले मानिसको जीवनलाई नियन्त्रणमा लिन्छ तब उसले तिनीहरुको जीवनलाई

जबसम्म नष्ट गर्दैन तबसम्म उसले नियन्त्रणमा लिन्छ, वा पृथ्वीले मानिसको विद्रोहको बदला लिदैन् ।

यो कति खुशीको कुरा हो कि स्वर्गमा बस्नुहुने हाम्रो पिताको चरित्र येशुको जस्तै छ जब उहाँ यस संसारमा हुनुहुन्थ्यो । यो कति खुशीको कुरा हो कि येशुले दश आज्ञा, विशेष गरी "तैंले हत्या नगर्नु" भन्ने आज्ञालाई आफ्नो जीवनमा पालन गरेर हाम्रो सामु अनुशरण गर्नको लागि उदाहरण दिनुभयो । येशुले कसैको पनि हत्या गर्नुभएन र हामीलाई उदाहरण छाडेर जानुभयो ताकी हामीले हाम्रो शत्रुलाई प्रेम गर्नसकौं जसरी उहाँले सिकाउनुभएको छ ।

## १६. ऐनामा धनि मानिस र लाजरस

धनी मानिस र लाजरसको कथाले गर्दा अधिकांश इसाईहरुले यो विश्वास गर्छन् कि परमेश्वरले पापीहरुलाई नर्कको आगोमा जलाएर दण्ड दिनुहुनेछ । भाषा एकदम सरल देखिन्छ र येशु आफैले कथामा बोल्दैहुनुहुन्छ ।

> *"त्यो गरीब मानिस मऱ्यो, र स्वर्गदूतहरूले त्यसलाई लगेर अब्राहामको साथमा राखे। त्यो धनी मानिस पनि मऱ्यो र गाडियो। नरकमा कठोर कष्ट भोगिरहेको बेला उसले नजर उठाएर हेऱ्यो र टाढ़ामा अब्राहाम र उनको साथमा लाजरसलाई देख्यो। अनि उसले कराएर भन्यो, 'हे पिता अब्राहाम, ममाथि दया गरेर लाजरसलाई पठाइदिनुहोस्, र त्यसले आफ्नो औँलाको टुप्पा पानीमा चोपेर मेरो जिब्रोलाई शीतल पारिदेओस्, किनकि म यस ज्वालामा भयङ्कर वेदना पाइरहेछु।' "तर अब्राहामले भने, 'छोरो, याद गर्, तैंले आफ्नो जीवनकालमा असल-असल*

*कुराहरू भोग गरिस्, र त्यसै गरी लाजरसले दुःखैदुःख भोग्यो। त्यो अब यहाँ आराममा छ, र तँचाहिँ कष्टमा छस्।*

***- लूका १६:२२-२५***

जब यो कथालाई हामी धर्मशास्त्रको अरु खण्डहरुसंग जोड्छौं तब यो निष्कर्ष आउँछ कि परमेश्वरले मानिसहरुलाई उनीहरुको पापको आधारमा नर्कमा दण्ड दिनुहुनेछ ।

*"तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन् । बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ ।"*

***- मत्ती १०:२८***

*"तिम्रो हात वा खुट्टाले तिमीलाई पाप गर्न लाउँछ भने त्यसलाई काटी मिल्काइदेऊ । दुवै हात वा दुवै खुट्टासाथ अनन्त आगोमा फालिनुभन्दा त बरु लुलो वा लङ्गडो भएर जीवनभित्र पस्नु तिम्रो निम्ति असल हुन्छ ।"*

***- मत्ती १८:८***

*"त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ ।"*

***- मत्ती २५:४१***

*"यसले पनि उहाँका क्रोधको कचौरामा केही नमिसाई तयार गरिएको परमेश्वरका क्रोधको कड़ा मद्य पिउनेछ, र पवित्र स्वर्गदूतहरू र थुमाको सामुन्ने आगो र गन्धकमा त्यसलाई यातना दिइनेछ। तिनीहरूका यातनाको धूवाँ सदासर्वदा मास्तिर गइरहनेछ । तिनीहरू यी नै हुन् जसले त्यो पशु र त्यसको मूर्तिलाई पूजा गर्छन्, र त्यसका नाउँको छाप लिन्छन् । तिनीहरूले दिनरात कहिल्यै पनि आराम पाउनेछैनन् ।"*

*- प्रकाश १४:१०-११*

परमेश्वरको वचनलाई सुन्नेहरुले जब यी पदहरु पढ्नेछन् तब उनीहरु यो निष्कर्षमा आउनेछन् कि परमेश्वरले पापीहरुलाई चरम दण्ड दिनुहुनेछ । त्यो मानिस जसले सुसमाचारको पुस्तकहरुलाई गहन रुपमा अध्ययन गर्दछ र येशुको जीवनलाई नियालेर हेर्दछ तब उसको सामु धेरै प्रश्नहरु खडा हुनेछन् जसकारण उ बाइबलका यी खण्डहरुलाई झन गम्भीरतासाथ् अध्ययन गर्नेछ ।

ति मानिसहरु जो अरुलाई हानि, चोट पुर्याउन चाहन्छन, तिनीहरुले आफ्नो बदलाको आत्मालाई सही करार गर्न यी पदहरुमा सन्तुष्ट हुनेछन् किनभने तिनीहरुले यो सोच्दछन् कि परमेश्वरले आफ्नो शत्रुहरुसंग बदला लिनुहुन्छ । थपमा, जो मानिसहरुले आफैलाई पापी भनेर मान्छन् र कडा भन्दा कडा दण्डको भागिदार उनीहरु छन् भनेर ठान्छन् भने, तिनीहरुले यी खण्डहरुमा विश्वास गर्छन् । यसकारण हामीले यी खण्डहरुमा गहन अध्ययन गर्नुपर्दछ । परमेश्वरको प्रेमलाई बुझ्न छाडेर र आफ्नो पापलाई

पूर्ण रुपमा क्षमा गर्नुहुन्छ भन्ने कुरालाई स्वीकार नगर्दा, यी खण्डहरुले मानिसहरुलाई परमेश्वरप्रति गलतधारणा राख्न बाध्य बनाउँछ । उनीहरुले आफ्नो शरीरलाई जल्न दिन्छन् तर उनीहरुमा प्रेमले वास गरेको हुदैंन ।

अधिकांश मानिसहरूले यी खण्डहरू पढ्ने कारणहरूमध्ये सबैभन्दा महत्त्वपूर्ण कारण यो हो कि परमेश्वरले शत्रुहरूसंग बदला लिनु र दण्ड दिनु भनेको उहाँको मानव प्रवृत्ति हो र बलीको बोकाप्रति उहाँको धारणा हो । यो कुरा आदमले आफुले खाएको फलको दोष हव्वामाथि लगाएदेखि सुरु भएको हो। दुखको समयमा मानिसहरुको माझमा वा समाजमा शान्ति र मेलमिलाप ल्याउन अरुमाथि दोष लगाउने काम एकदम घृणित र पापमय हो । प्रधान पुजाहारी कैफासले ख्रीष्टमाथि यसरी नै दोष लगाएको थियो।

> ***"समस्त राष्ट्र नष्ट हुनुभन्दा बरु जनताको निम्ति एक जना मानिस मर्नुमा नै तिमीहरूको कल्याण छ भनी तिमीहरू बुझ्दैनौ ।"***
>
> ***- यूहन्ना ११:५०***

इस्राएलको धर्मगुरुहरुमा संकट छाएको थियो । तिनीहरुको पापहरुको पर्दाफास भईरहेको थियो र तिनीहरुमाथि मानिसहरुको ध्यान हटाउन उनीहरुले ख्रीष्टको कामलाई 'व्यवस्थाविपरित' करार दिएका थिए; यसकारण उनीहरुले मानिसहरुको माझमा येशुलाई मोशाको विरुद्ध खडा भएको देखाए र मृत्युको भागीदार ठहराए । फारसीहरुको इर्ष्यालु मनमा येशुले प्रायश्चित गराउनुभयो, सुसमाचारको आधारमा हैन तर उनीहरुको

लागि ख्रीष्टलाई बलीको बोका बनाउन पिलातसको प्रयोग गरे। तिनीहरुले विवेकको आवाजलाई शान्त पार्न खोजे, आत्म-समर्पणद्वारा हैन तर तिनीहरुलाई दुख दिने विवेकको आवाजको गवाहीलाई दबाएर। ख्रीष्टलाई परमेश्वरबाट हेला गरिएको र पिटिएको प्रस्तुत गरेर ख्रीष्टप्रति तिनीहरुको क्रोध र घृणालाई न्यायसंगत देखाए।

परमेश्वरले आफ्नो 'पवित्र क्रोध'मा पापी मानिसहरुलाई यस संसारबाट नाश गर्नुहुनेछ भनेर जब इसाईहरुले प्रचार गर्छन्, तब यो कुरा सम्भव छ कि तिनीहरुले कैफासले जस्तै आफ्नो व्यक्तिगत पश्चातापलाई देखाउँछन्। आफुभन्दा तलको मान्छेहरुले दुख पाएको र मृत्युको मुखमा परेको देख्दा ढोंगी धार्मिकता प्रकट हुँदछ।

ति यहुदी धर्मगुरुहरुले आफ्नो ढोंगी प्रायश्चित ख्रीष्टको विरुद्धमा प्रकट गरे। कयिन र हाबिलको प्रसंगमा पनि यही देखिन्छ। हाबिलले कयिनको विवेकलाई हल्लाएको थियो र कयिनले आफुलाई पापी महसुस गरेका थिए। कयिनले आफ्नो प्रायश्चितको लागि आफ्नो भाईलाई बलिदान चढाए। यहुदी धर्मगुरुहरुले येशुको आवाजलाई दबाए किनभने उहाँको आवाजले तिनीहरुको विवेकलाई हल्लाएको थियो र तिनीहरुले ति दुई चोरहरुलाई पनि मारे जसलाई तिनीहरुले पापी सम्झेका थिए।

धेरै इसाईहरुमा झुटो आशा छ कि चोर, डाँकाहरु र सबै किसिमका पापीहरु नर्कमा जल्नेछन् जब कि उनीहरु चाँही खुशीसाथ् स्वर्गमा जानेछन्। तिनीहरुले यो तर्कलाई आफ्नो विश्वासी दाजुभाइहरुको आवाज दबाउनलाई प्रयोग गर्दछन्। उनिहरुमा पश्चातापको धारणा यस्तो छ कि

ख्रीष्टले तिनीहरुको पापलाई बोक्नुहुनेछ तर अरु पापीहरुलाई चाँही हामीले सोचेको अनुसार सजाय दिनुहुनेछ । यो कुराले ति मानिसहरुमा झुटो आशा दिन्छ ।

हाम्रो कथामा फर्किदा, हामीले पहिलो बुँदालाई ध्यान दिनुपर्छ कि जब हामी बाइबललाई पुरा रुपमा पढ्छौं तब हामी थाह पाउछौं कि जब मानिसहरुको जब मृत्यु हुन्छ तब उनीहरुलाई केहि होश हुदैंन ।

*"किनभने हामीहरू मर्नेछौं भनी जीवितहरूले जान्दछन्, तर मरेकाहरूले त केही पनि जान्दैनन्। तिनीहरूका निम्ति केही प्रतिफल हुँदैन । तिनीहरूको सम्झना पनि लोप हुन्छ ।"*
*- उपदेशक ९:५*

*"मृतकहरूले परमप्रभुको प्रशंसा गर्दैनन्, मृत-लोकमा जानेहरूले उहाँको प्रशंसा गर्दैनन् ।"*
*- भजनसंग्रह ११५:१७*

*"जसरी समुद्रको पानी बिस्तार-बिस्तार घट्दैजान्छ, अथवा जसरी नदी घटेर सुकिहाल्छ,*
*त्यसरी नै मरणशील मानिस ढल्छ, र कहिल्यै उठ्दैन, जबसम्म आकाशहरू मेटिदैँनन्, मानिसहरू ब्यूँझनेछैनन् अथवा आफ्ना निद्राबाट तिनीहरू फेरि कहिल्यै उठ्नेछैनन् ।"*
*- अय्युब १४:११-१२*

*"तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन् ।"*

*- २ पत्रुस ३:१०*

*"हेर, त्यो दिन आउँदैछ। त्यो भट्टीझैँ दन्कनेछ। सबै हठी र सबै दुष्ट काम गर्नेहरू ठुटाझैँ हुनेछन्, र त्यो आउने दिनले उनीहरूलाई आगोमा भस्म गर्नेछ," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "त्यसले उनीहरूको एउटै जरा र एउटै हाँगा पनि छोड्नेछैन। 2तर मेरो नाउँको आदर गर्ने तिमीहरूमाथि चाहिँ धार्मिकताको सूर्य आफ्ना पखेटामा आरोग्यता लिएर उदाउनेछ। अनि गोठलाई छोड़ेर निस्केका बाछाजस्तै तिमीहरूचाहिँ बाहिर निस्कनेछौ। 3तब तिमीहरूले दुष्टहरूलाई खुट्टाले कुल्चनेछौ। जुन दिन म त्यो काम गर्छु, त्यस दिन उनीहरू तिमीहरूका पैतालामुनि खरानीजस्तै हुनेछन्," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।"*

*- मलाकी ४:१-३*

*"जसरी तैंले मेरो पवित्र डाँड़ामा पिइस्, त्यसरी नै सबै जाति-जातिहरूले पनि सधैँभरि पिउनेछन्। तिनीहरूले पिइरहनेछन्, र कहिल्यै नभएजस्तै हुनेछन् ।"*

*- ओबदिया १:१६*

*“भाइ हो, हाम्रा पुर्खा दाऊदको विषयमा म तपाईंहरूलाई निश्चयतासाथ भन्न सक्छु, कि उनी मरे र गाडिए, अनि आजको दिनसम्म उनको चिहान छँदैछ। .... किनकि दाऊद त स्वर्गमा चढ़ेनन्, तर उनी आफैले भन्दछन्, ‘परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, तिमी मेरो दाहिने हातपट्टि बस जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ ।’*
*- प्रेरित २:२९, ३४-३५*

*“उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन् ।”*
*- प्रकाश २१:४*

बाइबलले भन्दछ कि मृत्युपछी मानिसहरु स्वर्ग वा नर्क जादैनन् । २ पत्रुस ३:१० ले भन्दछ कि तिनीहरु तबसम्म चिहानमा रहन्छन् जबसम्म येशुको आगमन हुदैंन । त्यसोभए कसरी येशुले बाइबल विपरित कथा भन्नुभयो । यथार्थमा यहुदीहरुले विश्वास गरेको प्रचलित कथालाई येशुले प्रयोग गर्नुभएको थियो ।

*“एलान एफ. जनसन् र रोबर्ट ई. वेब्बरले व्याख्या गर्नुभएको छ, “सायद यो कथालाई मृत्युपछिको जीवनका विवरणहरू प्रकट गर्ने रूपमा होइन, तर मृत्युपछिको जीवनको बारेमा सामान्य रूपमा*

***राखिएका विचारहरूलाई फरक मोड दिने रूपमा हेर्नको लागि हो ।"***

- **<u>Edward William Fudge</u>**
**<u>The Fire that Consumes, p. 149</u>**

***"यो कथाले प्रख्यात लोक कथाहरूको स्पष्ट प्रतिध्वनि बोल्छ, जसलाई येशूले नयाँ र चकित पार्ने ढंगले प्रकट गर्नुभएको छ ।"***

- **<u>N.T Wright</u>**
**<u>Jesus and the Victory of God, p. 255</u>**

यो एक बुझ्नु पर्ने महत्वपूर्ण सिद्वान्त हो । येशुले महत्वपूर्ण सत्यतालाई सामान्य कथाहरुलाई प्रयोग गर्नुहुन्थ्यो जसलाई उहाँको दर्शकहरुले बुझ्न सकुन् र विश्वास गर्न सकुन् ।

***"गेल्देनह्युसले भनेका छन्, "येशुले यो कथालाई मृत्युपछीको जीवनको बारेमा हाम्रो खुल्दुलीलाई शान्त पार्न भन्नुभएको हैन तर मृत्युअगाडीको जीवनको गम्भीरताको बारेमा भन्नुभएको हो ।"***

- **<u>Edward William Fudge</u>**
**<u>The Fire that Consumes, p. 149</u>**

हामीले अध्याय ९ मा पढेका छौं, ख्रीष्टले मानिसको आफ्नो विचारधारालाई प्रकट ऐनाको प्रयोग गर्नुहुन्छ । उहाँले यसरी कुरा गर्नुहुन्छ ताकी मानिसहरुले उहाँलाई बुझ्न सकुन् र उनीहरुको हृदयमा भएको कुरालाई प्रकट गर्नुहुन्छ । त्यो मानिस जो परमेश्वरको वचनमा

विश्वास गर्दछ र आत्माको अगुवाईमा परमेश्वरको वचनलाई बुझ्दछतर त्यो मानिस जो शरीरमा विश्वास गर्दछ ऊ आफ्नो विचारधारामा विश्वास गर्दछ । येशुले निकोदेमसलाई भन्नुभयो:

> ***"निकोदेमसले उहाँलाई सोधे, "यो कसरी हुन सक्दछ?" येशूले तिनलाई जवाफ दिनुभयो, "तिमी इस्राएलका गुरु हौ, र पनि यी कुरा बुझ्दैनौ? साँच्चै, म तिमीलाई भन्दछु, हामी जे जान्दछौं त्यो भन्दछौं, र हामीले जे देखेका छौं त्यसको गवाही दिन्छौं, तर तिमीहरू हाम्रो गवाही स्वीकार गर्दैनौ । मैले तिमीहरूलाई पृथ्वीका कुरा भनें, र पनि तिमीहरू विश्वास गर्दैनौ, त तिमीहरूलाई स्वर्गका कुरा बताएँ भने कसरी विश्वास गर्न सक्छौ?"***
>
> ***- यूहन्ना ३:९-१२***

यूहन्नाको पुस्तकमा येशुले प्रयोग गर्नुभएको ऐनालाई बुझ्न मानिसलाई तबसम्म ऊ आफ्नो विचारधारालाई गलत छ भनेर विश्वास गर्दैन वा येशुबाट तर्केर जाँदैन् ।

| **पद** | **टिप्पणी** |
|---|---|
| यूहन्ना २:१९-२१ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "यस मन्दिरलाई भत्काइदेओ, र म तीन दिनमा यसलाई खड़ा गर्नेछु।" तब यहूदीहरूले भने, "यस मन्दिरलाई | येशुले आफ्नो शरीर, जीवित मन्दिरको बारेमा भन्नुभएको हो तर उनीहरुले शहरमा भएको मन्दिरको बारेमा भन्नुभएको हो भनेर बुझे । |

| | |
|---|---|
| निर्माण गर्न छयालीस वर्ष लाग्यो, र के तपाईं यसलाई तीन दिनमा खड़ा गर्न सक्नुहुन्छ र?" तर जुन मन्दिरको विषयमा उहाँ बोल्नुभएको थियो, त्यो उहाँको शरीर थियो। | |
| यूहन्ना ३:३-४ येशूले तिनलाई जवाफ दिनुभयो, "साँच्चै म तिमीलाई भन्दछु, कोही नयाँ गरी जन्मेन भने उसले परमेश्वरको राज्य देख्न सक्दैन।" निकोदेमसले उहाँलाई भने, "मानिस बूढो भएपछि कसरी जन्मन सक्छ र? के त्यो आफ्नी आमाको कोखमा दोस्रो चोटि पसेर जन्मन सक्छ?" | येशुले आत्मिकी जन्मको विषयमा भन्नुभएको तियो तर निकोदेमसले वास्तविक जन्म हो भनेर बुझे । |
| यूहन्ना ४:१३-१५ येशूले त्यसलाई भन्नुभयो, "यो पानी पिउने प्रत्येक फेरि तिर्खाउनेछ, तर जस-जसले मैले दिने पानी पिउँछ त्यो कहिल्यै तिर्खाउनेछैन। जुन पानी म त्यसलाई दिनेछु, त्यो त्यसमा अनन्त जीवनको निम्ति उम्रिरहने पानीको मूल बन्नेछ!" त्यस स्त्रीले | येशुले आत्मिकी पानीको विषयमा भन्नुभएको हो तर त्यस स्त्रीले वास्तविक पानीको विषयमा बुझिन् । |

| | |
|---|---|
| उहाँलाई भनी, "हजूर, मलाई त्यही पानी दिनुहोस्, र म तिर्खाउनेछैनँ, र यहाँ पानी भर्न आइरहनुपर्दैन"। | |
| यूहन्ना ५:१७-१८ तब येशूले तिनीहरूलाई भन्नुभयो, "मेरा पिताले अहिलेसम्म काम गरिरहनुभएको छ, र म पनि काम गरिरहेछु।" यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढ़ी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ-दिन भङ्ग गर्ने काम मात्र होइन, तर आफैलाई परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो। | येशुले आत्मिकी कामको विषयमा भन्नुभयो तर यहुदीहरुले वास्तविक कामको बारेमा बुझे । तिनीहरु आफ्नो गलत विचारधारामा विश्वास गरे जसले गर्दा उनीहरुले येशुलाई इन्कार गरे र मार्न खोजे । |
| यूहन्ना ६:५१-५२, ६०, ६६ स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ। कसैले यो रोटी खायो भने त्यो सधैँभरि जिउनेछ। र जुन रोटी म संसारका जीवनको लागि दिनेछु, त्योचाहिँ मेरो देह हो।" तब यहूदीहरू आपसमा बहस गर्न लागे, "यस मानिसले कसरी हामीलाई आफ्नो देह खान दिन सक्छ?" ..... यो | येशुले आत्मिकी रोटि र पानीको बारेमा भन्नुभयो तर धेरै मानिसहरुले येशुलाई इन्कार गरे र उहाँले भन्नुभएको कुरामा आफ्नो विचारधारा लगाए । |

| | |
|---|---|
| सुनेपछि उहाँका चेलाहरूमध्ये धेरैले भने, “यो वचन कठोर छ, कसले यो सुन्न सक्तछ र?” ... यसपछि उहाँका चेलाहरूमध्ये धेरै जना पछि हटे, र उहाँसँग हिँड्न छोड़े। | |

यूहन्नाको पुस्तकले येशुको सेवाकाईमा ऐनाको अधिकांश प्रयोग भएको हामी देख्न सक्छौं । यूहन्ना ६ अध्यायमा आफ्नो शरीर र रगतको विषयमा कुरा गर्दा येशुलाई भावुक भएको हामी देख्नसक्छौं । यूहन्ना ६:३५ मा आफुले प्रयोग गर्नु भएको संकेतहरुलाई व्याख्या गर्नुभएको छ । उहाँले तिनीहरुलाई निमन्त्रणा दिनुभएको छ ताकी उहाँको वचनमा उनीहरुले आफ्नो आत्मिकी भुख मेटाउन सकुन्; जब उनीहरुले उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ भनेर विश्वास गर्दछन् भने तिनीहरुले आफ्नो आत्मिकी तिर्खालाई मेटाउन सक्छन् । उहाँको वचनलाई इन्कार गर्दा मानिसहरुले उहाँलाई इन्कार गर्न पुग्छन् । यो कुराले तिनीहरुको हृदयमा भएको कुरालाई प्रकट गर्दछ । यसबाट यो कुरा थाह हुन्छ कि मानिसहरुले उहाँप्रति जानीबुझेर गलतधारणा राख्दछन् ताकी जब उनीहरुले उहाँलाई इन्कार गर्नेछन् तब उनीहरुले न्यायसंगतसाथ इन्कार गर्न सक्नेछन् र ति सबै सबुतहरु जसले उहाँ नै मसिह हुनुहुन्छ भनेर प्रमाण दिन्छन्, ति सबैलाई उनीहरुले इन्कार गर्दछन् ।

धनी मानिस र लाजरसको कथामा येशुले आत्मिकी र भौतिक अर्थभन्दा गहिरो जानुहुन्छ । मानिसहरुले सुन्दै आएका कथालाई महत्वपूर्ण

सत्यता सुनाउन येशुले प्रयोग गर्नुहुन्छ । येशुको अधिकारको चिन्हको माग यहुदीहरुले गर्न थालेका थिए । उहाँको विरुद्धमा तिनीहरुले आफ्नो हृदय कठोर पारेका थिए । परिस्थितिको माग अनुसार येशुले तिनीहरुलाई जीवन र मृत्युको यथार्थको विषयमा सिकाउनुभयो । उहाँले त्यो कथाको प्रयोग गर्नुभयो जुन कथालाई उनीहरुले सुनेका थिए र बुझेका थिए । उहाँले तिनीहरुको सामु तिनीहरुको विचारधारालाई देखाउनुभयो । उनिहरुको हृदय कठोर भएको कारण यो गर्न जरुरी थियो ।

अपराधीहरुले सजाय पाउनु पर्छ विश्वास भएका मानिसहरुले जब यो कथा पढ्दछन् उनीहरुले अरुप्रति आफ्नो घृणालाई सही छ भनेर ठान्दछन् । कसैले प्रश्न गर्लान, येशुले कि यस्तो गर्नुभयो ? उहाँले किन सजिलै गलत अर्थ लगाउने कुराहरु भन्नुहुन्छ ?

सुसमाचारको पहिलो काम भनेको मानिसहरुलाई उनीहरुको पापको आभास गराउनु हो । प्रायजसो पापको आभासले हाम्रो हृदयमा भएको कुराहरुलाई प्रकट गराउँछ । लूका ८:१७, मर्कुस ४:२२, लूका १२:२ । व्यवस्थाको इश्वरीय ऐनाकू मुख्य उद्देश्य नै यही हो कि हामीहरुले जान-अन्जानमा पाप गरेका छौं । मानिसहरुको हृदयमा पापको प्रकाश र आभास गराउन परमेश्वरको ज्ञानको जरुरी छ ।

> *"अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ ।"*
>
> ***- यूहन्ना १६:८***

*“धन्य आत्मामा दीन हुनेहरू, किनभने स्वर्गको राज्य तिनीहरूको हो । धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन् ।”*

***- मत्ती ५:३-४***

***“अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्‍वरको अगि जवाफदेही होस् ।”***

***- रोमी ३:१९***

कनानी स्त्रीको कथालाई हामीले पढ्नुपर्छ जहाँ त्यस महिलाले आफ्नो छोरीलाई निको पार्नको निम्ति येशुसंग अनुरोध गरेकी थिईन् । त्यस कथाको सुरुवाती क्षणमा येशुले आफ्नो चेलाहरुमा विदेशीहरुलाई लिएर जुन गलत धारणा थियो त्यसलाई प्रकट गराउन उहाँ शान्त हुनुभयो । स्वर्गीय ऐनाले हाम्रो विचारधारालाई प्रकट गर्दछ । परमेश्वरको वचनको रुपमा ख्रीष्टले हामीसंग यसरी कुरा गर्नुहुन्छ कि हाम्रो विचारधारा र इच्छालाई प्रकट गर्नुहुन्छ ।

***“किनकि परमेश्‍वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ । यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड़्ने र हृदयका विचार र इच्छा जाँच्न***

*सक्ने हुन्छ ।"*

*- हिब्रु ४:१२*

परमेश्वरले मानिसहरुलाई सजाय दिनुहुन्छ र जिउदैं आगोमा जलाउनुहुन्छ भन्ने कुरालाई साबित गर्न मानिसहरुले येशुको केहि वचनहरुलाई प्रयोग गर्छन् तर यथार्थमा उनीहरुले उहाँको बारेमा के सोच्छन् त्यो प्रकट हुन्छ । ख्रीष्टको चरित्र हिंसात्मक छैन र कसैलाई नि मार्नुभएको छैन तर उहाँ आफ्नो पिता जस्तै हुनुहुन्छ भन्ने कुरालाई सम्बोधन गर्दै प्रकट गर्दै जब ति खण्डहरुलाई प्रकट गरिन्छ, तब हामीलाई त्यो स्थानमा राखिन्छ जहाँ हामीले रोज्नुपर्ने हुन्छ ।

जब येशुले त्यस महिलालाई भन्नुभयो, "बालकहरुबाट खाना खोसेर कुकुरहरुलाई दिनु गलत हो" तब त्यस महिलाले बुझिन कि उनले त्यहाँ सही निर्णय लिनुपर्नेछ । के त्यस महिलाले उहाँको वचनलाई सुनेर उसलाई इन्कार गर्नेछिन् ? वा उसले उहाँको चरित्रलाई बुझेर उहाँमाथि विश्वास गर्नेछिन् ? सुसमाचारको उद्देश्य नै यही हो कि हाम्रो पिताको चरित्रको बारेमा हामीले निर्णय लिन सकौं ।

ख्रीष्टसंग आत्मिकी हिंडाई र धर्मशास्त्रको गहन अध्ययनले एक जेहेनदार र इमान्दार विधार्थी जसले उत्तर पाउनको लागि आफ्नो विश्वासलाई पक्रेर बस्छ चाहे जस्तो सुकै समस्या उसमाथि किन नआवोस् । जब मैले यो कथामा त्यस धनी मानिसलाई आगोमा जलिरहेको पढें र परमेश्वरले आत्मा र शरीर दुवैलाई आगोमा नष्ट गर्नुहुन्छ भनेर येशुले भन्नुभएको कुरालाई सुनें, तब मैले यो निर्णय गरें कि यी खण्डहरुलाई धर्मशास्त्रको

अरु खण्डहरुसंग मिलाएर हेरें, जस्तै आफ्नो शत्रुलाई प्रेम गर्नु, र तैंले हत्या नगर्नु । हामीले पापीहरुको मृत्युको विषयमा पढेका छौं, तर अब हामी आगोलाई परमेश्वरको सम्बन्धसंग हेर्नेछौं ।

> *"यहाँ एउटा जलिरहेको पोथ्राको ज्वालामा परमप्रभुका दूत तिनीकहाँ प्रकट भए, र तिनले पोथ्रालाई हेरे । त्यो पोथ्रा जलिरहेको थियो— तापनि भस्म हुँदैनथ्यो ।"*
> *- प्रस्थान ३:२*

> *"इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो ।"*
> *- प्रस्थान २४:१७*

> *"हेर, दन्केको क्रोध र उठिरहेको बाक्लो धूवाँमा टाढ़ाबाट परमप्रभु आउँदैहुनुहुन्छ । उहाँका ओठ क्रोधले पूर्ण र उहाँको जिब्रो भस्म गर्ने आगोजस्तै छन् ।"*
> *- यशैया ३०:२७*

> *"सियोनमा भएका पापीहरू डराएका छन् । ईश्वरहीनहरूलाई कम्पनले समातेको छ । "भस्म गर्ने आगोसँग हामीहरूमध्ये को बस्न सक्छ र? अनन्त जलनमा हामीहरूमध्ये को रहन सक्छ र?" त्यही, जो धार्मिकतासाथ हिँड्दछ, र ठीक कुरा गर्दछ, करकापसित लिएको नाफा इन्कार गर्छ, जसले घूस लिन आफ्नो हात बढ़ाउँदैन, जसले हत्याका षड्यन्त्रप्रति आफ्नो कान थुन्छ,*

*दुष्ट्याइँको चिन्तन गर्नुभन्दा आफ्नो आँखा चिम्लन्छ ।"*
*- यशैया ३३:२७*

*"किनभने हाम्रा परमेश्‍वर भस्म पार्ने आगो हुनुहुन्छ ।"*
*- हिब्रु १२:२९*

*"अनि स्वर्गबाट अचानक ठूलो बतासको झोक्काजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे । अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे ।"*
*- प्रेरित २:२-४*

*"बरु, "तिम्रो शत्रु भोकाएको छ भने त्यसलाई खुवाओ, त्यो तिर्खाएको छ भने त्यसलाई पानी देओ । त्यसो गर्नाले तिमीले त्यसको टाउकोमा आगोको भुङ्ग्रो थुपार्नेछौ ।"*
*- रोमी १२:२०*

पेंतिकोसको दिनमा प्रेरितहरुले परमेश्वरको आत्माको आगोको वस्त्रमा पह्रिरित पाउछौं । तिनिहरु आगोमा त ती तर मोशाको सामु भएको पोथ्राजस्तो जलीरहेका थिएनन् । यशैया ३३:१४ मा एउटा प्रश्न सोधिएको छः भस्म गर्ने आगो र अनन्त जलनमा को बस्न सक्छ ? यसको उत्तर हो परमेश्वरको प्रेमको आगोमा धर्मीहरु सदाको लागि बस्न सक्छन । जब

समयको अन्तमा परमेश्वरको प्रेमलाई पूर्ण रुपमा प्रकट गरिनेछ तब पापीहरुले देख्नेछन् कि उनीहरुलाई बचाउन परमेश्वरले कति प्रयासहरु गर्नुभयो, उनीहरुको हृदय ग्लानिबोधले भरिएर आउनेछ किनभने उनीहरुले उहाँलाई इन्कार गरेका थिए । परमेश्वरको हातले हैन तर तिनीहरुको पापले तिनीहरु दबिएका छन् । त्यो आगो स्वार्थहिन प्रेम हो, र जब त्यो प्रेम प्रकट हुन्छ तब त्यो प्रेमले मानिसमा आत्मग्लानि र गहिरो पिडालाई बाहिर लिएर आउँछ । के नर्कको आगोमा आत्मा र शरीर दुवैलाई नष्ट गर्ने शक्ति परमेश्वरसंग छ, र यसको कारण परमेश्वर प्रेमिलो, अनुग्रहकारी र दयालु हुनुहुन्छ ?

*"तिनीहरूसँग नडराओ जसले शरीरलाई मार्छन्, तर आत्मालाई मार्न सक्दैनन्। बरु आत्मा र शरीर दुवैलाई नरकमा नाश गर्न सक्नेसँग डराओ । के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तीमध्ये एउटा पनि तिमीहरूका पिताको इच्छाविना भूइँमा खस्नेछैन । तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन् । यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ्ता मूल्यवान् छौ ।"*

***- मत्ती १०:२८-३१***

जब हामी पद २९-३१को प्रसंगमा २८ लाई हेर्छौं तब हामी यिनीहरु एक आपसमा मिलेको छ जस्तो लाग्दैन् । सुरुमा येशुले हामीलाई भन्नुहुन्छ, "आत्मा र शरीर दुवैलाई नष्ट गर्न सक्नुहुनेसंग डराउ", त्यसपछी उहाँले हाम्रोलागि पिताको प्रेमिलो प्रेमको बारेमा भन्नुहुन्छ र हामीलाई नडराउ

भन्नुहुन्छ । यदी परमेश्वरले नर्कमा मानिसहरुलाई सजाय दिनुहुन्छ र तिनीहरुलाई जलाउन आगोको प्रयोग गर्नुहुन्छ भने कसरी उहाँले ३१ पदमा नडराउ भन्नसक्नु हुन्छ?

येशुले २८ पदलाई मानिसहरुको विचारधारा प्रकट गराउन प्रयोग गर्नुहुन्छ । उहाँले परमेश्वरप्रति हाम्रो विचारधारालाई प्रकट गर्नुहुन्छ । जो मानिस, पाप र खराबीले भरिएको छ, उसले यी खण्डहरु पढ्छ, तब उ डराउँछ कि कसरी उसको चरित्र परमेश्वरको विपरित छ र कसरी उसले आफ्नो स्वार्थको लागि ख्रीष्टलाई सजाय दिएको छ ।

> ***"तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ ।"***
>
> ***- याकुब १:१५***
>
> ***"खराबीले दुष्टलाई नष्ट पार्दछ, र धार्मिक जनका विरोधीहरू जति दोषी ठहरिनेछन् ।"***
>
> ***- भजनसंग्रह ३४:२१***

परमेश्वरले हैन तर पापले मृत्यु ल्याउँछ । जब हामी यो कुराको महसुस गर्दछौं कि आकाशमा उड्ने चरालाई हाम्रो स्वर्गीय पिताले कति माया गर्नुहुन्छ र हाम्रो शिरको कपालको संख्या उहाँलाई थाह छ र उहाँले हामीलाई कति प्रेम गर्नु ताकी हामी पूर्ण रुपमा नाश नहोऔं । जब पापीले यो कुरालाई पूर्ण रुपमा बुझ्नेछ तब उसमा ग्लानिबोधको भावना उत्पन्न

हुन्छ जसको कारण उ एकदम कमजोर हुन पुग्छ । केवल यसरी मत्ती १०:२८ लाई मत्ती १०:२९-३१ यसरी मिलाएर पढ्न सक्छौं ।

कहिले काहीं यस्तो तर्क आउन सक्छ कि जब परमेश्वरले आफ्नो चरित्रलाई प्रकट गर्नुहुन्छ र उहाँलाई थाह छ कि उहाँको महिमाले पापीलाई मार्न सक्छ, यसकारण उनीहरुको मृत्युको भागिदार उहाँ केहि रुपमा हुनुहुन्छ । जब उहाँले आफुलाई प्रकट गर्नुहुन्छ तब उहाँ हत्यारा बन्नुहुन्छ । यसलाई यसरी पनि बुझ्न सकिन्छ कि जब मृत्यु शैयामा परेको बिरामीले डाक्टरलाई उसलाई सहायता गरेको मेशिनलाई बन्द गर्न अनुरोध गर्छ ताकी उ त्यस पिडाबाट आजाद हुन सकोस् र त्यो डाक्टर केहि हदसम्म उसको मृत्युको भागिदार रहेको हुन्छ । मानवताले उहाँसंग अनन्तको सम्बन्ध राखोस् भन्ने चाहना पुरा गर्न परमेश्वरले आफ्नो चरित्रलाई प्रकट गर्नुपर्ने हुन्छ । हामीलाई यो कुरा पनि थाह छ कि ति पापीहरुले नयाँ येरुशलेम सहरलाई कब्जा गर्न घेरा हाल्नेछन् यसको अर्थ तिनीहरुको हृदयमा चोरी, इर्ष्या र हत्याको भावनाहरु छन् ।

> ***"तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पार्‍यो ।"***
>
> ***- प्रकाश २०:९***

जब मानिसको स्वार्थिपनले चरम सिमा नाघ्छ, तब उसको ग्लानिबोधले उसलाई यतिसम्म थिचेको हुन्छ कि उसको मृत्यु निश्चित हुन्छ ।

जबजब हामी बाइबललाई पढ्छौं तबतब हाम्रो सामु ऐना खडा भएको हुन्छ । यसले हामी कसरी सोच्छौं र हामीले कस्तो निर्णय लिनुपर्ने हो त्यो हाम्रोसामु प्रकट गर्दछ ।

> ***"शुद्धसँग तपाईं आफै शुद्धै देखा पर्नुहुन्छ, तर बाङ्गोसँग तपाईं आफूलाई चतुर प्रकट गर्नुहुन्छ ।"***
>
> ***- भजनसंग्रह १८:२६***

जब स्वर्गदूतले अब्राहमलाई आफ्नो छोरालाई बलिदान चढाउनुबाट रोके, तब उसको सामु परमेश्वरलाई लिएर आफ्नो दृष्टिकोण परिवर्तन गर्ने अवसर थियो । आफ्नो छोरालाई बलिदान दिनु उसको विचारधाराको प्रतिबिम्ब थियो, र यो कुरा निश्चित भयो कि सको छोरा मारिनुपर्ने छ । हामी सबै जना त्यस निर्णय गर्ने समयमा आइपुगेका छौं । जब परमेश्वरले त्यस बालकमाथि हात नउठा भनेर आदेश दिनुभयो तब हामीलाई यो कुरा थाहृ हुन्छ कि उहाँ मृत्युको लेखक हुनुहुन्न । भजनसंग्रह ४०:६ मा यस्रो भनिएको छ: "पापबली र होमबली मलाई चाहिंदैन ।"

त्यसो यो कथा भन्नुमा उहाँको उद्देश्य के हो त ? त्यसको कारण हामी उहाँले दिनुभएको निष्कर्षमा पाउछौं:

> *"उनले उसलाई भने, 'मोशा र अगमवक्ताहरूका कुरा तिनीहरूले सुन्दैनन् भने, मृतकहरूबाट कोही जीवित भए पनि तिनीहरूले विश्वास गर्नेछैनन्' ।"*
>
> ***- लूका १६:३१***

मृत्युभन्दा अगाडीको जीवनमा हामीले कस्तो निर्णय लिन्छौं, ख्रीष्टले त्यसमा जोड दिनुभएको छ र हामीले मोशा र अगमवक्ताहरुको लेखहरुलाई पढ्न जरुरी छ जब हामी त्यस्तो निर्णय लिन्छौं ।

## १७.	प्रहार गर्ने स्वर्गदुतहरु

यस संसारमा येशु हुनुहुँदा परमेश्वरको स्वर्गदुतहरुले महत्वपूर्ण कामहरु गरेका थिए । गब्रीएल स्वर्गदुतले मरियमलाई सन्देश दिएका थिए कि उसले मसिहलाई जन्म दिनेछिन् । उहाँको जन्मलाई स्वागत गर्दै स्वर्गदूतहरुले गित गाएका थिए । जब उहाँलाई क्रुसको मृत्युको लागि तयार हुन कठिन भईरहेको थियो तब उहाँलाई बल दिन स्वर्गदुत आएका थिए । लूका २२:४३ । येशुलाई चिहानबाट बाहिर बोलाउन पिताले स्वर्गदुतलाई पठाउनुभएको थियो र उनीहरुले उहाँको चेलाहरुलाई उहाँको पुनरुत्थानको खबर दिएका थिए । येशुको सेवाकाईमा स्वर्गदूतहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए र उनीहरुको सारा काम ख्रीष्टको चरित्रमा आधारित थिए:

> *"नथानेलले उहाँलाई भने, "रब्बी, तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ, तपाईं इस्राएलका राजा हुनुहुन्छ।" येशूले तिनलाई जवाफ दिई भन्नुभयो "मैले तिमीलाई अञ्जीरको रूखमुनि देखें भनेकोले नै तिमी विश्वास गर्दछौ? तिमीले यीभन्दा अझ ठूला कुराहरू देख्नेछौ।" अनि उहाँले तिनलाई भन्नुभयो, "साँच्चै, म तिमीलाई भन्दछु, तिमीहरूले स्वर्ग उघ्रिएको र परमेश्वरका दूतहरूलाई मानिसको पुत्रमाथि उक्लँदै र ओर्लंदैगरेका देख्नेछौ।"*
>
> *- यूहन्ना १:४९-५१*

ख्रीष्टको काम र चरित्रको आधारमा स्वर्गदुतहरुले काम गर्दछन् किनभने उनीहरुको सबै काम मानिसको पुत्रको आधारमा गर्दछन्:

> *"के ती सबै स्वर्गदूतहरू मुक्ति पाउनेहरूका खातिर सेवा गर्नलाई पठाइएका सेवा गर्ने आत्माहरू होइनन्?"*
>
> *- हिब्रु १:१४*

परमेश्वरको स्वर्गदुतहरुलाई हम्रो पिता र येशुको सेवा गर्न मनपर्छ । हाम्रो सुरक्षा गर्दै र प्रेरणा दिदैं उनीहरुले काम गर्दछन् ।

> *"परमेश्‍वरको भय मान्‍नेहरूका चारैतिर परमप्रभुका स्वर्गदूतले सुरक्षाको घेरा लाउँछन्,"*
>
> *- भजनसंग्रह ३४:७*

तिनीहरु परमेश्वरको आत्माले भरिपूर्ण भएर परमेश्वर र उहाँको पुत्रको महिमा गाउँछन् ।

> *"तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरुहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें। तिनीहरूको संख्या लाखौं र करोडौं थियो। तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए, "मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ।"*
>
> *- प्रकाश ५:११-१२*

सुसमाचार र मुक्तिको योजनामा उनीहरुले ध्यान लगाएका छन् ।

*"तिनीहरूलाई यो प्रकट गरिएको थियो, कि तिनीहरूले आफ्ना होइन, तर तिमीहरूका सेवा गरिरहेका थिए। यी कुरा स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट तिमीहरूलाई प्रचार भएको सुसमाचार सुनाउनेहरूद्वारा अहिले तिमीहरूलाई घोषणा भएको छ। स्वर्गदूतहरू पनि यी कुरा हेर्न अति उत्सुक छन्।"*

*- १ पत्रुस १:१२*

तिनीहरुले यस संसारमा शान्ति र हाम्रो लागि खुसीको खबर लिएर आउँछन् ।

*"तब एक्कासि ती स्वर्गदूतसँग स्वर्गीय सेनाको एउटा दल देखा पर्‍यो। परमेश्‍वरको स्तुति गर्दै, तिनीहरूले भने, "सर्वोच्चमा परमेश्‍वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्‍न हुनुहुन्छ, तिनीहरूलाई शान्ति!"*

*- लूका २:१३-१४*

तिनीहरु एकदम शक्तिशाली र परमेश्वरप्रति पूर्णरुपमा आज्ञाकारी हुन्छन् र उहाँको सबै व्यवस्था पालन गर्दछन् ।

*"हे उहाँका स्वर्गदूतहरू हो, उहाँको वचन पालन गर्ने शक्तिशाली जन हो, परमप्रभुको प्रशंसा गर।"*

*- भजनसंग्रह १०३:२०*

हामीलाई शैतान र उसको दुतहरुबाट बचाउन हाम्रो स्वर्गीय पिताले आफ्नो स्वर्गदुतहरुलाई आदेश दिनुभएको छ । जसरी ति पवित्र

स्वर्गदूतहरु ख्रीष्टको आत्माले भरिपूर्ण हुन्छन्, तिनीहरुले पिताको व्यवस्थालाई पालन गर्दछन् । ति स्वर्गदुतहरुले मानिसहरुलाई त मार्दैनन् तर अन्धकारको शक्तिलाई नियन्त्रणमा लिन उनीहरुसंग शक्ति हुन्छ र निर्जीव वस्तुहरुलाई नाश गर्नसक्छन् । धर्मशास्त्रमा केहि खण्डहरु विपरित कुरा लेखिएका छन् जसलाई हामी यो पाठमा बुझ्नेछौं । यदी तपाईले स्वर्गदुत र प्रहार भन्ने शब्दलाई धर्मशास्त्रमा खोज्छौं तब हामी यी चार कथाहरु पाउछौं ।

क. गन्ती २२ – बालम र गधाको कथा जहाँ बालमले गधालाई पिटीरहेको हुन्छ जसले स्वर्गदुतलाई देखेको छ ।
ख. २ शमुएल २४ – दाउदले इस्राएलको गन्ती गर्छन् जसमा परमेश्वरको स्वर्गदुतले प्रहार गरेर ७०,००० जनालाई मारेका थिए ।
ग. २ राजा १९:३५ र यशैया ३७:३६ – अश्शुरी सेनाको १८५,००० जनालाई परमेश्वरको स्वर्गदूतले प्रहार गरेर मारेका थिए
घ. प्रेरित १२:२४ – परमेश्वरको स्वर्गदूतले हेरोदलाई उसको पापको लागि मारेका थिए

पहिलो कथामा स्वर्गदुतले प्रहार गरेका थिएनन् तर बलामले आफ्नो गधामाथि प्रहार गरेका थिए किनभने स्वर्गदूतलाई त्यसले देखेको थियो । स्वर्गदूत बलाम =को अगाडी तरवार लिएर खडा भएका थिए ।

> ***"परमप्रभुका दूतलाई थुतेको तरवार हातमा लिएर बाटोमा उभिरहेका त्यस गधाले देख्यो, र गधा बाटोदेखि तर्केर खेततिर***

*लाग्यो। गधालाई बाटोतिर फर्काउन बालामले पिटे।”*

*- गन्ती २२:२३*

जब स्वर्गदूत बलामको अगाडी तरवार लिएर खडा भएको देख्दछौं तब हामीलाई लाग्छ कि बलामलाई हानि पुर्याउन बलाम तयार भएका थिए र यस्तो लाग्छ कि बाँकी कथाहरु पनि सही नै छन् ।

अर्को कथामा, जब दाउदले अरु जातिहरुको माझमा इस्राएललाई उचाल्न खोजेका थिए र आफ्नो सेनाको गन्ती गर्न खोजेका थिए र यसको परिणाम ७०,००० इस्राएलीहरुको मृत्यु भएको थियो ।

*“फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो, अनि उहाँले दाऊदलाई तिनीहरूका विरुद्धमा सुर्‍याउनुभयो, र तिनलाई इस्राएल र यहूदाको गणना गर्नू भनी हुकुम गर्नुभयो।”*

*- २ शमुएल २४:१*

*“यसैकारण बिहानदेखि तोकेको समयसम्म इस्राएलभरि परमप्रभुले रूढी पठाइदिनुभयो, र दानदेखि बेर्शेबासम्म सत्तरी हजार मानिसहरू मरे। जब स्वर्गदूतले यरूशलेम नष्ट पार्नलाई त्यसतिर आफ्नो हात पसारे, तब त्यस्तो सत्यानाश गर्नदेखि परमप्रभुको मन बदल्यो, र मानिसहरूलाई नाश गर्ने ती स्वर्गदूतलाई उहाँले भन्नुभयो, “बस, भयो। तिम्रो हात थाम।” त्यस बेला परमप्रभुका ती दूत यबूसी अरौनाका खलाको छेउमा*

*उभिरहेका थिए।”*

*- २ शमुएल २४:१५-१६*

यो कथाको पहिलो भाग अलि डरलाग्दो नै छ । राजाले घमण्डमा आफ्नो मानिसहरुको गन्ती गर्छन् र परमेश्वरले स्वर्गदूत पठाउनुभयो र ७०,००० जनालाई मार्नुभयो र पापको पश्चाताप गराउनुभयो । अचम्मलाग्दो कुरा यो छ कि २ शमुएल २४:१ परमेश्वरले नै दाउदलाई इस्राएलको गन्ती गराउन प्रेरित गराउनुभएको हो यसको यो अर्थ लाग्छ कि परमेश्वर आफै यस पछीको घटनाको दोषी हुनुहुन्छ । “परमेश्वर प्रेम हुनुहुन्छ” भन्ने कुरामा जसले विश्वास गर्दछ उसले यो कथामा कसरी विश्वास गर्ने ? हामीले ९ पाठमा पढेका छौं कि व्यवस्थाले हाम्रो आत्माको लागि ऐनाको रुपमा काम गर्दछ र जब हामी यी स्वर्गदुतहरुको कथा पढ्छौं तब हामीमा यो परिक्षा आउँछ कि हामी यो कथालाई कसरी पढ्छौं ? येशुको चरित्रको प्रकाशमा कि परमेश्वरलाई लिएर हाम्रो मानवीय विचारधाराको प्रकाशमा ?

अर्को कथालाई हामी हेर्छौं भने हामी त्यस कथामा बाहना दिन सक्छौं कि अश्शुरीहरुले परमेश्वरको जनहरुलाई मार्न खजेका थिए यसकारण परमेश्वरले तिनीहरुलाई मार्नुभयो । ति अश्शुरीहरुले मानिसहरुलाई जिउंदै छाला काढ्थे र भालामा उनेर राख्थे । परमेश्वरको जनहरुप्रति यस्ता हिंसात्मक व्यवहार गर्नेहरुलाई परमेश्वरको स्वर्गदूतहरुले प्रहार गरेर मार्दा मानिसहरुको मनमा प्रश्नहरु मेटिन्छन् ।

*“त्यस रात परमप्रभुका स्वर्गदूत निस्के, र तिनले अश्शूरको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे। जब भोलिपल्ट बिहानै मानिसहरू उठे, त्यहाँ सबै लाशहरू मात्र थिए।”*

*- २ राजा १९:३५*

यो कुरालाई पढ्दा हामीलाई लाग्छ कि परमेश्वरको स्वर्गदूतहरुले १८५,००० अश्शुरी सेनाहरुलाई मारेका थिए । यो कुरा अलि न्यायसंगत लाग्छ कि जब पापी मानिसहरुले परमेश्वरको जनहरुलाई मार्न खोजेका थिए तब उनीहरुलाई मृत्युको घाटमा उतार्नु नै ठिक हो । अन्तिम कथा हेरोदको बारेमा रहेको छ । जस्तो काम उसले गरेको थियो, त्यसको अनुसार उ मृत्युको लायक छ ।

*“तोकिएको दिनमा राजकीय पोशाक पहिरेर हेरोद उनको सिंहासनमा बसे, र तिनीहरूलाई उनले भाषण दिए। मानिसहरू “यो त ईश्वरको बोली हो, मानिसको होइन!” भनेर कराए। तर परमेश्वरलाई महिमा नदिएकोमा त्यत्तिखेरै प्रभुका एउटा स्वर्गदूतले उनलाई प्रहार गरे, र स्याउँ-स्याउँ कीरा परेर उनको देहान्त भयो।”*

*- प्रेरित १२:२१-२३*

हेरोदले यूहन्नाको भाई याकुबलाई मारेका थिए र पत्रुसलाई पनि मार्ने निर्णय गरेका थिए । यो कुरा स्पष्ट छ कि असल स्वर्गदूतले हेरोदमाथि

प्रहार गरेका थिए । यो कुरा पनि स्पष्ट छ कि यो सजाय परमेश्वरबाट आएको हो । कुनै पनि खराब कामको अन्त सजाय हो । यो विन्दुमा आउँदा हामीले यो निष्कर्षमा आउन सक्छौं कि परमेश्वरले दुष्टहरुलाई सजाय दिन आफ्नो स्वर्गदूतहरुलाई पठाउनुहुन्छ । पहिलो कथालाई बुझ्न केहि समस्या भएपनि अश्शुरीहरु र हेरोदले सजाय पाएको देख्दा मानिसहरुले सन्तुष्टि पाउंछन् ।

यो पुस्तकमा हामीले यो कुरामा ध्यानाकर्षण गर्न खोजेका छौं कि बाइबलमा भएको कथाहरुलाई येशु ख्रीष्टको जीवनको नजरबाट हेर्नुपर्दछ । यदी मानिसले यो निर्णय लिदैन भने उनीहरु यो निष्कर्षमा आउँछन् कि परमेश्वरको स्वर्गदूतहरुले मानिसहरुलाई सजाय दिंदछन् ।

यस पुस्तकको दोस्रो पाठमा हामीले विलियम मिलरको सिद्धान्तलाई भनेका थियौं जसमा हामीले कुनै पनि विषयमा अध्ययन गर्दा बाइबलले यस विषयमा के भन्छ त्यो पूर्ण रुपमा अध्ययन गर्नुपर्छ । यसले हामीलाई धर्मशास्त्रको गहन अध्ययन गर्नमा हामीलाई प्रेरणा दिदँछ जब हामी यस्ता सम्वेदनशील विषयमा अध्ययन गर्दछौं । यो कुरामा हामीले ध्यान दिनुपर्दछ कि यस संसारमा येशुको सेवाकाईको समय स्वर्गदूतहरुले मानिसहरुलाई मारेको कुनै पनि रेकर्ड छैन । यो कुरालाई हामी कसरी यी कथाहरुसंग पढ्ने त ? दाउदले इस्राएलको गणनाको कथाबाट हामी सुरुवात गर्नेछौं । यी खण्डहरुलाई हामी कसरी पढ्छौं ? इस्राएलको गणना गर्न परमेश्वरले दाउदलाई कसरी प्रेरणा गर्नुभयो ?

*"फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो, अनि उहाँले दाऊदलाई तिनीहरूका विरुद्धमा सुर्‍याउनुभयो, र तिनलाई इस्राएल र यहूदाको गणना गर्नू भनी हुकुम गर्नुभयो।"*
*- २ शमुएल २४:१*

यदी हामीले यो कथालाई अर्को ठाउँमा भएको कथासंग जोड्दा, हामी यसलाई यसरी पढ्न सक्छौं:

*"शैतान इस्राएलको विरुद्ध उठेर दाऊदलाई आफ्नो प्रजा गन्नलाई सुर्‍यायो।"*
*- १ इतिहास २१:१*

यदी हामी २ शमुएल २४:१ मात्र पढ्छौं भने हामी यो निष्कर्षमा आउछौं कि परमेश्वर आफैले दाउदलाई इस्राएलको गणना गर्न लगाउनुभयो जसको कारण ७०,००० जना इस्राएलीहरु मारिए । के यसले गर्दा हामीमा परमेश्वरप्रति शंका आउंदैन र जसले भन्नुभयो उहाँ प्रेम हुनुहुन्छ ?

त्यस प्रश्नको उत्तर हामी १ इतिहास २१:१ मा पाउनसक्छौं जहाँ लेखिएको छ कि इस्राएलको गणना गर्न शैतानले दाउदलाई उक्साएको थियो । यी दुई खण्डहरुलाई मिलाएर पढ्नको लागि हामीलाई भनिएको छ । के त्यसो भए हामी यो निष्कर्षमा आउन सक्छौं कि परमेश्वर र शैतान दुवै जना मिलेर इस्राएलीहरुको नाश गर्नुभयो ? यसको उत्तर पाउनको लागि हामीलाई गहन अध्ययन गर्न भनिएको छ । यो प्रक्रियाद्वारा हामी परमेश्वर को हुनुहुन्छ भन्ने विषयमा जान्न सक्छौं कि परमेश्वर प्रेमिलो पिता

हुनुहुन्छ कि वा निर्दयी न्यायकर्ता वा तानाशाह हुनुहुन्छ । ति मानिसहरु जसले परमेश्वरको नजरमा अनुग्रह पाउंछन्, उनीहरुले तबसम्म अध्ययन गर्छन् जबसम्म यी खण्डहरुमा समानता पाउदैनन्, तर अरु मानिसहरु यो निष्कर्षमा आउँछन् कि जब परमेश्वरले यी कामहरु गर्नुहुन्छ तब पनि उहाँ प्रेमिलो हुनुहुन्छ ।

इस्राएलको इतिहास हामीले हेर्छौं भने उनीहरुले अरु राष्ट्रहरु जस्तै राजाको लागि माग गर्दछन् । इस्राएल अरुजस्तै हुन खोजेका थिए ।

> *"तिनीहरूले तिनलाई भने, "तपाईं अब वृद्ध हुनुभयो, अनि तपाईंका छोराहरू तपाईंका चालमा हिँड्दैनन्। यसकारण अरू जातिहरूजस्तै हामीमाथि शासन गर्नलाई एक जना राजा नियुक्त गरिदिनुहोस्।"*
>
> *- १ शमुएल ८:५*

यो मागले राष्ट्रिय महिमाप्रति उनीहरुको इच्छालाई देख्न सकिन्छ । तर यथार्थमा यिनीहरुले आफ्नो मागद्वारा परमेश्वरलाई इन्कार गरेका थिए ।

> *"तब परमप्रभुले शमूएललाई यसो भन्नुभयो, "मानिसहरूले भनेका सबै कुरा सुन्। तिनीहरूले तँलाई इन्कार गरेका होइनन्। तिनीहरूले मलाई नै इन्कार गरेका हुन्, मलाई नै तिनीहरूले आफ्ना राजा बनाउन इन्कार गरेका हुन्।"*
>
> *- १ शमुएल ८:७*

राजाको माग गर्नुभनेको परमेश्वरको अगुवाईलाई इन्कार गर्नु थियो । एकतर्फ जब शाऊल राजा बने तब उसको चरित्रको कमजोरीहरु प्रकट हुदैं थिए जसको कारण इस्राएल राज्यको रुपमा धेरै अगाडी बढ्न सकेको थिएन । अर्कोतर्फ, दाउदले इस्राएलको सबै शत्रुहरुलाई जित्दै थिए र उसको अगुवाइमा राज्य अगाडी बढ्दै थियो । विगतको इस्राएलसंग वर्तमान इस्राएललाई तुलना गरेर घमण्ड गर्न शैतानले दाउदलाई उक्साएको थियो । परमेश्वरले दाउदलाई उसको सेनापतिद्वारा चेतावनी पठाउनुभयो तर इस्राएलको गणना गराउन दाउदलाई उक्साउनमा शैतान सफल भयो ।

> ***"तर योआबले राजालाई भने, "परमप्रभु हजूरका परमेश्वरले मानिसहरूलाई सय गुणा वृद्धि गरिदेऊन्, र हजूर मेरा मालिकका आँखाले ती सबै कुरा देख्न पाऊन्। तर मेरा मालिक राजाले यस्तो काम किन गर्न चाहनुहुन्छ?"***
>
> ***- २ शमुएल २४:३***

परमेश्वरले शैतानले ल्याएको परिक्षालाई रोक्नुभएन र यसलाई हुन दिनुभयो । यस परिक्षामा विफलताको परिणाम इस्राएलमाथि महामारी आएको थियो ।

> ***"यसैकारण बिहानदेखि तोकेको समयसम्म इस्राएलभरि परमप्रभुले रूढी पठाइदिनुभयो [H5414], र दानदेखि बेर्शेबासम्म सत्तरी हजार मानिसहरू मरे।"***
>
> ***- २ शमुएल २४:१५***

*"पठाइएको"* शब्दको लागि हिब्रु शब्द *"नथान"* हो जसको अर्थ *"त्याग्नु"* वा *"छाड्नु"* हो । आउनुहोस्, हामी त्यस पदलाई पढ्न सक्छौं जहाँ परमेश्वरको व्यवस्थासंग महामारीसंग जोडिएको छ ।

> ***"म तिमीहरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको बदला म चुकाउनेछु। तिमीहरू आ-आफ्नो सहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु [H5414], अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ।"***
>
> ***- लेवी २६:२५***

यहाँ *"नथान"* शब्दलाई *"पठाउनुभयो"* शब्दसंग अनुवाद गरिएको छ । त्यस पदको अन्तिम भाग हेर्नुहोस्। त्यहाँ *"र"* शब्दलाई हेर्नुहोस् ।

> ***म त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु*** *[H5414],* ***अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ।***

यसको अर्थ तिनीहरुलाई शत्रुकहाँ सुम्पिएको कारण महामारी आएको थियो ।

> ***"जो परमप्रधानको शरणमा वास गर्दछ, त्यो मानिस सर्वशक्तिमान्‌को छत्रछायामुनि रहन्छ।***
> ***परमप्रभुको बारेमा म भन्नेछु, "उहाँ मेरो शरणस्थान र किल्ला हुनुहुन्छ, मेरा परमेश्वर, जसमाथि म भरोसा राख्तछु।"***
> ***निश्चय नै उहाँले तिमीलाई शिकारीको पासोबाट, र घातक***

*रूढीबाट बचाउनुहुनेछ।"*

*- भजनसंग्रह ९१:१-३*

यी मानिसहरुलाई नाश गर्ने शैतान थियो । एउटा निष्कर्षमा आउन सकिन्छ कि दाउदलाई परिक्षामा पार्न र इस्राएललाई पापमा फसाउन परमेश्वरले शैतानलाई अनुमति दिनुभयो र त्यसको बदलीमा परमेश्वरले ७०,००० जना मानिसहरुलाई मार्नुभयो । यो तर्क विश्वासयोग्य छैन । दाउदले परमेश्वरको इच्छाबमोजिम काम नगरेको कारण शैतानले उसलाई परिक्षामा पार्न सफल भएको थियो । जब दाउद यस परिक्षामा असफल भयो तब शैतानले पुरा इस्राएललाई परिक्षामा पार्ने अवसर पायो र उसले यस अवसरको फाइदा लिदैं उनीहरुमाथि महामारी ल्यायो । यद्धपी, किन स्वर्गदूतहरुले इस्राएलीहरुलाई मारे त्यस विषयमा यस तर्कले व्याख्या गर्दैन् ।

*"जब स्वर्गदूतले यरूशलेम नष्ट पार्नलाई त्यसतिर आफ्नो हात पसारे, तब त्यस्तो सत्यानाश गर्नदेखि परमप्रभुको मन बदल्यो, र मानिसहरूलाई नाश गर्ने ती स्वर्गदूतलाई उहाँले भन्नुभयो, "बस, भयो। तिम्रो हात थाम।" त्यस बेला परमप्रभुका ती दूत यबूसी अरौनाका खलाको छेउमा उभिरहेका थिए। जब दाऊदले मानिसहरूलाई मार्दैगर्ने ती स्वर्गदूतलाई देखे, तब तिनले परमप्रभुलाई भने, "यो खराबी त मैले पो गरेको हुँ, पाप मेरै हो। तर यी बिचरा भेड़ाहरूले के गरेका थिए? तपाईंको हात म र मेरो*

*घरानामाथि परोस्।"*

*- २ शमुएल २४:१६-१७*

महामारी ल्याउने प्रतिनिधिको रुपमा शैतान खडा भयो तर परमेश्वरको स्वर्गदूतले येरुशलेममाथि तरवार तेर्साएको विषयलाई कसरी बुझ्ने ? परमेश्वरको पुत्रले प्रयोग गर्ने तरवार के हो त् ?

***उहाँको दाहिने बाहुलीले सात वटा ताराहरू पक्रिराखेको थियो, र उहाँको मुखबाट धारिलो दुईधारे तरवार निस्केको थियो। उहाँको मुहारचाहिँ पूरा तेजमा चम्केको सूर्यजस्तै थियो। जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य म नै हुँ;***

***- प्रकाश १:१६-१७***

जब यूहन्नाले परमेश्वरको पुत्रको महिमित रुप देखे र उहाँको मुखबाट तरवार आएको देखेको थिए तब उसको प्रतिक्रिया कस्तो थियो होला । त्यो तरवार के हो ?

***"किनकि परमेश्वरको वचन जीवित र क्रियाशील हुन्छ, र कुनै पनि दुईधारे तरवारभन्दा बढ़ी धारिलो हुन्छ। यसले प्राण र आत्मालाई त्यसका जोर्नी-जोर्नी र हाड़को गुदीसम्मलाई भाग-भाग पारुन्जेल वारपार छेड्ने र हृदयका विचार र इच्छा जाँच्न***

*सक्ने हुन्छ।"*

*- हिब्रु ४:१२*

ति ७०,००० जना मानिसहरु जसले त्यस नाशकको क्रोधको सामना गरेका थिए, परमेश्वरको आत्मा उनीहरुमाथि आउनुभयो ताकी उनीहरुमा आफ्नो पापको ग्लानिबोध भएर उनीहरुले पश्चताप गरुन् । यो ग्लानिबोधको एकदम जरुरी थियो नत्रता आत्माको कामलाई इन्कार गरेको खण्डमा तिनीहरुले शैतानको सामना गर्नुपर्ने थियो । जसरी मन्दिरलाई शुद्ध गर्दा मानिसहरु उहाँको सामुबाट भागेका थिए । यी ७०,००० मानिसहरुको खण्डमा, तिनीहरु येशुको उपस्थितिबाट भागेर तिनीहरु सिधा शैतानको हातमा जान्छन जसले तिनीहरुलाई महामारीद्वारा मार्यो । तिनीहरुले आफ्नो पापबाट पश्चताप गरेर परमेश्वरसंग माफी माग्नुपर्ने थियो तर तिनीहरु उहाँको उपस्थितिबाट भागे र त्यसको परिणाम मृत्यु थियो ।

यो प्रक्रिया उस्तै हो जुन कुरा परमेश्वरले कनानीहरुलाई गर्छु भन्नुभयो ।

> ***"म आफ्नो आतङ्क तिमीहरूका अगिअगि फैलाउनेछु, र तिमीहरू जुन जातिकहाँ जानेछौ उनीहरू सबैमा म गोलमाल ल्याउनेछु। म तिमीहरूका सबै शत्रुहरूलाई तिमीहरूको सामुन्नेबाट भगाउनेछु। म तिमीहरूका अगिअगि अरिङ्गाल पठाउनेछु, र त्यसले हिव्वी, कनानी र हित्तीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनेछ।"***
>
> ***- प्रस्थान २३:२७-२८***

डरको आगमन भनेको पापको बोध हुनु हो जसको कारण पापीमा डर उत्पन्न हुन्छ । ति अरिंगालहरु दोषी ग्लानिबोधको पिडा हो । यी पिडाहरुले तिनीहरुलाई परमेश्वरको उपस्थितिबाट भगाउँछ र शत्रुको हातमा लैजान्छ I यदी तिनीहरुले पश्चताप गरेका भए तिनीहरु बाँच्नेथिए I सबैले मन्दिर छाडेका थिएनन् तर सबैले तरवारको महसुस गरेका थिए I

इस्राएलको गणनाको कथामा हामीले जान्न सक्यौं कि ति मानिसहरुलाई शैतानको चंगुलबाट बचाउने अन्तिम प्रयत्नमा परमेश्वरको आत्मा उनीहरु माथि आउनुहुन्छ ताकी उनीहरुको हृदयबाट पापलाई हटाएर उनीहरुलाई बचाइन सकियोस् । जब तिनीहरुले इन्कार गरे, तब येशुले पिडाले भरिएको यी शब्दहरु भन्नुभयो, "तिम्रो घर उजाड पारिएको छ" । "तरवार" को लागि हिब्रु भाषामा प्रयोग गरिएको शब्दको अर्थ "खडेरी" हुन जान्छ र जब मानिसले ख्रीष्टलाई पूर्णरुपमा इन्कार गर्दछ, उहाँलाई उनीहरुले इन्कार गरेको हुनाले उनीहरुलाई शैतानको हातमा छाड्न उहाँ बाध्य हुनुहुन्छ I

यो कुरामा पनि विचार पुर्याउनुहोस कि शैतानले यिनीहरुको आत्मालाई नियन्त्रण गरेको थियो I येशुले उनीहरुलाई बचाउन ख्रीष्टले अन्तिमसम्मै प्रयास गर्नु भयो । शैतानले आफ्नो आहारलाई गुमाउन चाहदैन, जब मानिसको हृदयले ख्रीष्टको आगमनलाई इन्कार गर्दछ, तब शैतानले ति आत्माहरुलाई पश्चताप गर्नको लागि तयार नै हुन् दिदैंन I यी घटनाहरुको

हामीलाई स्पष्ट विवरण थाह छैन तर यहाँ भएको सिद्धान्तलाई बुझ्न कठिन छैन ।

यहाँ एउटा आरोप लगाइएको छ, "तिमीले धर्मशास्त्रको पदहरुलाई आत्मिकीकरण गर्दै छौ ।" बाइबलले तरवार शब्द प्रयोग गर्दा हामीले त्यसलाई सापेक्षिक रुपमा लिनु पर्दछ । पहिलो, ति मानिसहरु महामारीले मरेको थिए । तिनीहरुको मृत्यु स्वर्गदूतको तरवारबाट भएको थिएन । दोस्रो, हामीसंग भएको सबैकुरालाई लिएर हामीले निष्कर्षमा आउनुपर्छ । विलियम मिलरको ११ सिद्धान्तलाई हेरौं:

> ***परमेश्वरको वचनलाई कतिखेर सांकेतिक रुपमा लिनुपर्छ, त्यो कसरी जान्ने । यदी यसले आफैमा सही अर्थ लगाउँछ र प्रकृतिको कुनै पनि साधारण नियमहरुलिई उल्लंघन गर्दैन भने हामीले त्यसलाई सापेक्षिक रुपमा बुझ्नुपर्दछ, सांकेतिक रुपमा हैन ।***

जब मानिसहरु महामारीबाट मर्दैथिए, स्वर्गदूतको हातमा भएको तरवारको छुट्टै अर्थ होला । ख्रीष्टले प्रयोग गर्नुभएको तरवारको विषयमा बाइबलले धेरै ठाउँमा भन्दछ, त्यो तरवार परमेश्वरको वचन हो । हामीले पढेका छौं कि स्वर्गदूतले मानिसहरुमाथि तरवारद्वारा प्रहार गरेका थिए तर ति मानिसहरु महामारीद्वारा मरेका थिए । परमेश्वरको स्वर्गदूतले तिनीहरुमाथि कसरी प्रहार गरे ? त्यो तरवार परमेश्वरको वचन हो जसले मानिसहरुमा ग्लानिबोध उत्पन्न गराउनुभएको थियो । तिनीहरुले ग्लानिबोध गराउने तरवारद्वारा आफ्नो पुरानो जीवनलाई त्याग्न

अस्विकार गरे र परमेश्वरको आत्मा तिनीहरुबाट जानुभयो, र विनाशकले तिनीहरुको ज्यान लियो । त्यसो भए १८५,००० अश्शुरी सेनाहरुको बारेमा के भन्ने त् ?

> *"यस रात परमप्रभुका स्वर्गदूत निस्के, र तिनले अश्शूरको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे। जब भोलिपल्ट बिहानै मानिसहरू उठे, त्यहाँ सबै लाशहरू मात्र थिए।"*
>
> *- २ राजा १९:३५*

यो कुरामा ध्यान दिनुहोस् कि परमेश्वरको स्वर्गदूतले तिनीहरुमाथि प्रहार गरे र बिहान तिनीहरु मृत पाइए । यहाँ यो कुरा लेखिएको छैन कि परमेश्वरको स्वर्गदूतले तरवारद्वारा प्रहार गर्ने बित्तिकै तिनीहरुको मृत्यु भयो । यदी हामी नयाँ करारमा हेर्छौं भने त्यहाँ हामी केहि रोचक कुरालाई पाउछौं ।

> *"ठूलो भूकम्प गयो, किनकि परमप्रभुका एउटा दूत स्वर्गबाट तल ओर्ले, र आएर ढुङ्गो हटाएर त्यसमाथि बसे। तिनको रूप बिजुलीजस्तो र पोशाक हिउँजस्तो सेतो थियो। तिनको डरले ती पहरादारहरू थरथर काँपे, र मरेतुल्य भए।"*
>
> *- मत्ती २८:२-४*

स्वर्गदूतको एक झलकमा मानिसहरु डरले थरथर भए र मरुतुल्य भए । यो घटना दानिएल र यूहन्ना जस्ता मानिसहरुसंग घटेको छ ।

*"म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके। यसकारण म त्यस महान् दर्शन हेर्दैरहेको अवस्थामा एक्लै छोड़िएँ। ममा कुनै बल बाँकी रहेन, मेरो अनुहार मरेतुल्य पहेँलो भयो र म असहाय भएँ।*

*- दानिएल १०:७-८*

*"जब मैले उहाँलाई देखें, तब म मरेतुल्य भएर उहाँका पाउमा परें। तर उहाँले आफ्नो दाहिने बाहुली यसो भनेर ममाथि राख्नुभयो, "नडराऊ, आदि र अन्त्य म नै हुँ;*

*- प्रकाश १:१७*

यूहन्नाको विषयमा, उसले दर्शनमा येशुलाई देखेका थिए । जसरी पिता र पुत्रको पवित्र उपस्थितिले मानिसहरुमा भएको पापपूर्ण चरित्रलाई प्रकट गराउँछ त्यो कुरा स्वर्गदूतहरुको उपस्थितिमा पनि हुन्छ। हामीले पाठ १० मा हेरेको छौं कि जब हामी परमेश्वरको उपस्थितिमा आउछौं तब के हुन्छ:

*"यसैले म न्याय गर्नलाई तिमीहरूको नजिक आउनेछु। टुनामुना गर्नेहरू, व्यभिचारीहरू र झूटो गवाही बक्नेहरूका विरुद्धमा, मजदूरहरूलाई ज्यालामा ठग्नेहरू, विधवा र टुहुरा-टुहुरीमाथि अत्याचार गर्नेहरू, विदेशीलाई न्याय नगरिदिनेहरू, र मेरो डर नमान्नेहरू, यी सबैका विरुद्धमा म झट्टै गवाही दिनेछु,"*

***सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ।"***

***- मलाकी ३:५***

जब हामी यो पदलाई पढ्छौं तब हामी हाम्रो स्वभाविक रुपमा यो सोच्छौं कि परमेश्वरले आफ्नो क्रोधमा पापीहरुलाई संहार गर्नुहुने छ । फेरी एकपल्ट परमेश्वरको वचनले ऐनाको रुपमा काम गर्दछ । वचनले यो भन्दछ कि, "म आफ्नो क्रोधमा तिमीकहाँ आउने छु ।" हाम्रो पिता हाम्रो नजिक आउन चाहनुहुन्छ र हाम्रो पापको बारेमा छलफल गर्न चाहनुहुन्छ । उहाँको उपस्थितिमा आउनु जो एकदम स्वार्थहिन र प्रेमले भरिएको हुनुहुन्छ, हामीकहाँ पश्चताप गर्नु वा त्यस प्रकाशबाट टाढा भाग्नुबाहेक अरुकुनै बाटोहरु हुदैंन । जो आफ्नो पापलाई पक्रेर बस्छन र उनीहरु सोच्छन कि तिनीहरु आफ्नो जीवनको लागि भाग्दैछन् तर यथार्थ यो हो कि तिनीहरु जीवनबाट टाढा भाग्दैछन् र मृत्युको नजिक जादैंछन् ।

ति पवित्र स्वर्गदूतहरुको चरित्र यति पवित्र र शुद्ध छ कि तिनीहरुको एक झलकमा मानिसहरुको हृदयमा डर उत्पन्न गराउँछ र तिनीहरुलाई दण्डवत् गर्न मन गराउँछ र उनीहरुको शरीरलाई अस्थिर गराउँछ । जब हामी दानिएल १० अध्याय पढ्दै जान्छौं तब हामी थाह पाउछौं कि पवित्र स्वर्गदूतको उपस्थितिमा खडा रहन दानिएललाई गाह्रो परिरहेको थियो र उसलाई बलको खाँचो परिरहेको थियो ।

***"तब तिनले बोलेका मैले सुनें र जसै मैले तिनको कुरा सुनें, म जमिनमा घोप्टो परेर मस्त निद्रामा परें। एउटा हातले मलाई छोयो र म डरले कामेकै अवस्थामा मेरा हात र घुँडामा उभिन***

*लगायो। तिनले भने, "दानिएल, तिमी जो अति नै सम्मान गरिएका छौ, मैले तिमीलाई भन्न लागेका वचनहरूमा राम्रोसँग विचार गर, र खड़ा होऊ, किनभने म तिमीकहाँ पठाइएको छु।" जब तिनले यो मलाई भने, म डरले थरथर काम्दै उभिएँ। ... तिनले मलाई यसो भन्दैगर्दा मैले आफ्नो शिर निहुराएँ र लाटो भएँ। अनि मानिसजस्तै देखिने एक जनाले मेरो ओठ छोए, र मैले आफ्नो मुख खोलेर बोल्न लागें। मेरो सामु उभिएकालाई मैले भनें, "मेरा प्रभु, दर्शनको कारणले गर्दा म वेदनाग्रस्त र असहाय भएको छु। म, हजूरको सेवक, कसरी हजूरसँग कुरा गर्न सक्छु र, मेरा प्रभु? मेरो ताकत गइसकेको छ र सास फेर्न पनि मुश्किल परेको छ।" फेरि ती मानिसजस्तो देखिने व्यक्तिले मलाई छोएर ताकत दिए। तिनले भने, "उच्च सम्मान गरिएका हे मानिस, नडराऊ। तिमीलाई शान्ति होस्, अब तिमी बलिया होऊ, बलिया होऊ।" जब तिनी मसँग बोले, मैले बल पाएँ र भनें, "मेरा प्रभु, बोल्नुहोस्, किनभने हजूरले मलाई बल दिनुभएको छ।"*

*- दानिएल १०:९-१२, १५-१९*

स्वर्गदूतले दानिएललाई भन्नुपरेको थियो कि उसलाई प्रेम गरिएको छ र उसलाई डराउन जरुरी छैन । दानिएलले आफ्नो जीवनमा पाप गरेको कुनै पनि रेकर्ड छैन तर पनि एक धार्मिक मानिस भएर पनि दानिएल स्वर्गदूतको सामु कमजोर भएका थिए । दानिएललाई स्वर्गदूतले भनेका

थिए कि परमेश्वरले उसलाई प्रेम गर्नुहुन्छ र कुनै पनि हानी पुराउनुहुनेछैन तर पनि दानिएल एकदम डराएका र कमजोर भएका थिए यो सब कहिले हप्तौंको उपवास र प्रार्थना पछी भएको हो । यदी धर्मी मानिसको हालत त एस्तो भयो भने झन पापीको हालत के हुन्छ होला ? स्वर्गदूतको सहायताबिना दानिएलले अलि सहन सफल भएका थिए, यो कुरा सम्भव थियो कि उसको मृत्यु हुन सक्थ्यो यद्धपी स्वर्गदूतले उसलाई हानि गर्न खोजेका थिएनन् ।

यो प्रश्न सोधिनुपर्छ कि कुन कुराले गर्दा दनिएल डराएका थिए र जसले गर्दा उ कमजोर भएका थिए ? यो सब उसको पापी चरित्रले गर्दा भएको थियो जब उ परमेश्वरको स्वर्गदूतको पवित्रताले भरिएको उपस्थितिमा आएका थिए । परमेश्वरक प्रेमले भरिएको पवित्र चरित्र पापी मानिसको लागि भस्म पार्ने आगो हो ।

> ***"इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो।"***
>
> ***- प्रस्थान २४:१७***

के अश्शुरी सेनाहरु स्वर्गदूतलाई देखेर डरले मरेका थिए त् ? यो कुरा सम्भव छ ? के ति सेनाहरु स्वर्गदूतलाई देखेर डरले तिनीहरु कमजोर भए र तिनीहरुको कमजोरीको फाइदा उठाएर शैतानले तिनीहरुको ज्यान लियो ? यो कुरा हामीलाई भनिएको छैन । हामीलाई भनिएको छ कि ति सेनाले स्वर्गदूतलाई देखे र बिहान तिनीहरुको मृत्यु भएको थियो । यदी तपाईंले यो कथा येशुको चरित्रको नजरबाट पढ्नुभयो भने तपाईंलाई थाह

हुन्छ कि स्वर्गदूतहरुलाई तिनीहरुको ज्यान लिन रहर छैन । जब येशुले मन्दिरलाई शुद्ध गर्नुभयो, ति मानिसहरु येशुबाट टाढा भागे जबकी तिनीहरु पश्चाताप गरेर परमेश्वरसंग माफी माग्न सक्थे । ति स्वर्गदूतको उपस्थितिमा, ति स्वर्गदूतहरुमा आफ्नो पापलाई हेर्ने मौका थियो । ति स्वर्गदूतले तिनीहरुलाई आफ्नो पापबाट प्रायश्चित गर्ने मौका दिएका थिए तर तिनीहरुले इन्कार गरे र शैतानमा भरपरे । हामी यो कुरा एकदम निश्चित भएर भन्न सक्दैनौं तर हामीलाई यो कुरा थाह छ कि परमेश्वरको स्वर्गदूतहरु ख्रीष्टको चरित्रमा भरपुर छन् र येशुले अहिलेसम्म कसैलाई पनि मार्नुभएन ।

हामीलाई यो कुरा थाह छ कि ख्रीष्टको दोस्रो आगमनमा पापीहरु उहाँको प्रकाशमा नाश हुनेछन् । यसको अर्थ ख्रीष्टको चरित्रको प्रकाशले पापीहरुमा एकदम पिडा ल्याउँछ । पापीले दुख पाउनुको कारण उसले पश्चताप नगर्नु हो । तिनीहरुको हृदय डरले भरिएको छ । यो प्रक्रियालाई अपोकृफामा भएको एस्द्रासको दोस्रो पुस्तकमा व्याख्या पाउछौं ।

> ***"तर मैंले यो देखें कि उहाँको मुखबाट आगो निक्लिन्छ, उहाँको ओठबाट बलेको सास निक्लिन्छ र उहाँको जिब्रोबाट आगोको झिल्का निस्किन्छ । जब ति कुराहरु मिलेर ति भिडमाथि पर्यो जो लडाइँ गर्न तयार भएका थिए र तिनीहरुलाई आगोमा पार्यो जसको कारण त्यहाँ धुलो र धुँवाको गन्धबाहेक केहि पनि छैन: जब मैले यी कुरा देंखे तब म डराएँ ।"***
>
> - **<u>2 Esdras 13:10-11</u>**

*"यस सपनाको अर्थ मलाई देखाउनुहोस् ।"*

- **2 Esdras 13:15**

*"जब तपाईले हेर्दै हुनुहुन्छ, जब त्यो गन्न नै नसकिने भिड जम्मा हुन्छ र तिनीहरु उहाँलाई लडाईंद्वारा जित्न खोज्छन् । तर उहाँ सियोन पर्वतको टुप्पामा खडा हुनुहुन्छ तब सियोन पर्वत जो पहिला जस्तो हैन तर अझ राम्ररी बनाइएको जुन मानिसको हातले बनाइएको हैन, ति सबैलाई देखाइनेछ । मेरो पुत्रले ति राष्ट्रहरुको पापपूर्ण आचरणहरुलाई तुच्छ ठान्नुहुन्छ र तिनिहरु आफ्नो पापी जीवनको बोझमुनि दबिन्छन्; तिनीहरुको अगाडी तिनीहरुको पापी विचारहरुलाई प्रकट गरिन्छ र त्यसले गर्दा तिनीहरुले पिडा पाउँछन । उहाँले तिनीहरुलाई व्यवस्थाद्वारा नाश गर्नुहुन्छ ।"*

- **2 Esdras 13:34-38**

परमेश्वरको स्वर्गदूतले ति सेनामाथि प्रहार गर्नुको अर्थ परमेश्वरको वचनले तिनीहरुमा ग्लानिबोधको भावना उत्पन्न गराएको छ । यस्तो लाग्छ कि तिनीहरुले एकदम पिडा पाइरहेका छन् र पश्चताप गर्न इन्कार गरेको कारणले गर्दा तिनीहरुले पिडा पाइरहेका छन् ।

*"मानिसहरू प्रचण्ड तापले ड़ढे, र तिनीहरूले ती विपत्तिहरूमाथि अधिकार भएका परमेश्वरका नाउँको निन्दा गरे। तर तिनीहरूले पश्चात्ताप गर्न र उहाँलाई महिमा दिन इन्कार गरे। अनि पाँचौँ*

*स्वर्गदूतले आफ्नो कचौरो त्यस पशुको सिंहासनमा खन्याए, र त्यसको राज्यमा अन्धकार छायो, र वेदनामा मानिसहरूले आ-आफ्नो जिब्रो टोके। तिनीहरूका वेदना र घाउ-खटिराले गर्दा तिनीहरूले स्वर्गका परमेश्‍वरलाई सरापे। तर आफूले गरेका कुकर्मबाट पश्‍चात्ताप गर्न तिनीहरूले इन्कार गरे।"*

*- प्रकाश १६:९-११*

परमेश्वरको चरित्र नै व्यवस्थामा प्रकट भएको छ । के यो त्यही आगो हैन र जसले हारुनको छोराहरु अबिहू र नादाबलाई भस्म पारेको थियो जब तिनीहरुले पवित्रस्थानमा अचम्मको आगो लिएर आएका थिए ? परमेश्वरको आगोले तिनीहरु जलेका थिए यद्धपी तिनीहरुलाई उनीहरुको कपडामा बोकेर लगिएको थियो ।

*"यसकारण त्यतिखेर परमप्रभुबाट आगो निस्केर उनीहरूलाई भस्म पाऱ्यो, र उनीहरू परमप्रभुको सामु मरे। तब मोशाले हारूनलाई भने, "परमप्रभुले भन्नुभएको कुरा यही हो: 'मेरो नजिक आउनेहरूमा म पवित्र बन्नेछु, अनि सारा मानिसहरूका सामु म महिमित हुनेछु'।" हारून चूप बसे। मोशाले हारूनका काका उज्जीएलका छोराहरू मीशाएल र एलसाफानलाई बोलाएर भने, "आएर तिमीहरूका भाइहरूलाई पवित्रस्थानको अघिबाट बोकेर छाउनीबाट लैजाओ।" यसैले तिनीहरू आएर उनीहरूले लाएकै लबेदामा मोशाले भनेबमोजिम छाउनीबाहिर उनीहरूलाई*

*बोकेर लगे।"*

*- लेवी १०:२-५*

यो प्रहार भनेको पापको प्रति आत्मग्लानीको भावना हो, यसलाई हामी यस पदद्वारा बुझ्नसक्छौं:

*"तर तिनले उनका खास्टोको छेउ काटेकोमा तिनको विवेकले तिनलाई सतायो [H5221] ।"*

*- १ शमुएल २४:५*

*"मानिसहरूको जनगणना गरिसकेपछि दाऊदको विवेकले तिनलाई सतायो [H5221], र तिनले परमप्रभुलाई भने, "मैले साह्रै दुष्ट काम गरेको छु! हे परमप्रभु, बिन्ती छ, आफ्नो दासको अपराधलाई दूर गर्नुहोस्। म साह्रै मूर्ख भएँ।"*

*- शमुएल २४:१०*

यही शब्दलाई २ राजा १९:३५ मा लेखिएको छ:

*"यस रात परमप्रभुका स्वर्गदूत निस्के, र तिनले अश्शूरको छाउनीमा एक लाख पचासी हजार मानिसहरूलाई मारे [H5221] । जब भोलिपल्ट बिहानै मानिसहरू उठे, त्यहाँ सबै लाशहरू मात्र थिए।"*

*- २ राजा १९:३५*

अन्तिममा हेरोदको मृत्युको कथा छ ।

*"तर परमेश्वरलाई महिमा नदिएकोमा त्यत्तिखेरै प्रभुका एउटा स्वर्गदूतले उनलाई प्रहार गरे, र स्याउँ-स्याउँ कीरा परेर उनको देहान्त भयो।"*

*- प्रेरित १२:२३*

पहिलाको उदाहरणहरु हेर्दा यो कथाको व्याख्या गर्न एकदम सजिलो छ । हेरोदले व्यवस्थाविरुद्ध काम गरेको थियो र अनन्तको करारलाई तोडेको थियो । परमेश्वरको वचनले उसको पापी हृदयलाई पश्चतापको लागि आव्हान गरेको थियो । त्यस आव्हानले उसको अन्तरात्मालाई हल्लाएको थियो तर उसले पश्चताप गर्न इन्कार गरेको थियो । यसले गर्दा शैतानले उसलाई रोगद्वारा मार्ने अवसर पाएको थियो । हेरोदलाई शत्रुको हातमा सुम्पिएको थियो किनभने उसले व्यवस्थालाई भंग गरेको थियो ।

*"म तिमीहरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको बदला म चुकाउनेछु। तिमीहरू आ-आफ्नो सहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका बीचमा रूढी पठाउनेछु, अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ।"*

*- लेवी २६:२५*

ख्रीष्टले हेरोदमाथि आफ्नो वचनको तरवार चलाउनुभएको थियो । हेरोदले पश्चताप गर्न तयार भएको थिएन जसको कारण उसलाई शत्रुको हातमा सुम्पिईएको थियो जसले उसमाथि महामारी ल्यायो । पत्रुसको समयमा घटेको घटनासंग के फरक छ ? पत्रुसको विचारधारा एकदम स्पष्ट थियो

तर हेरोदको थिएन् । येशुको नाममा सुसमाचार प्रचार गरेको कारण पत्रुस झ्यालखानामा मृत्युदण्डलाई पर्खेर बसेका थिए । जब स्वर्गदूतले पत्रुसलाई उठाए उ डराएको थिएनन् । हेरोदले छुट्टै अनुभव गरेका थिए । उसको लागि त्यो डरलाग्दो अनुभव थियो ।

> ***"हे पिता, तपाईंका नाउँको महिमा गर्नुहोस्।" तब स्वर्गबाट यस्तो एउटा आवाज आयो, "मैले त्यो महिमा गरेको छु, र फेरि गर्नेछु।" त्यहाँ खड़ा भएको भीड़ले यो सुनेर भन्यो, "यो मेघ गर्जन हो!" अरूहरूले भने, "स्वर्गदूत उनीसँग बोलेका हुन्!"***
>
> ***- यूहन्ना १२:२८-२९***

त्यो प्रहार जो एक मधुर आवाजजस्तो थियो, हेरोदको कानमा चट्याङजस्तै पर्यो र उ आफ्नो प्राणको निम्ति डराए । मानिसहरुलाई मार्नु स्वर्गदूतहरुसंग कुनै पनि आधार छैन; तिनीहरुलाई थाह छ कि उनीहरुको पवित्रताले गर्दा मानिसहरु नष्ट हुने थिए किनभने उनीहरुओ आचरण पापले भरिएको थियो जसले गर्दा तिनीहरु नाश हुनेथिए । स्वर्गदूतहरु मानिसहरुको विचमा घुलमिल गर्नुभयो ताकी उनीहरुलाई बचाइन सकियोस् । हामीहरु प्रति तिनीहरु कति दयालु छन् !

हामी यो हेर्न सक्छौं कि जब स्वर्गदूतहरुले मानिसहरुमाथि प्रहार गर्छन् तब त्यहाँ परमेश्वरको वचनले मानिसहरुको हृदयमा पापको ग्लानिबोध गराउँछ । आफ्नो पापको ग्लानिबोधले गर्दा हृदयमा पिडा हुन जान्छ । महामारीको उपस्थितिद्वारा हामी यो बुझ्न सक्छौं कि त्यहाँबाट परमेश्वरको आत्मा हटिसकेको छ र शैतानले आफ्नो काम गरिसकेको छ

किनभने तिनीहरुले पश्चताप गर्न छाडेका छन् । पापलाई पापले नै दण्ड दिन्छ । परमेश्वरको स्वर्गदूतहरु येशुको आत्माद्वारा भरपुर हुन्छन् । तिनीहरुले पिताको आज्ञा पालन गर्छन् र तिनीहरुसंग वास्तविक तरवार हुदैंन । तिनीहरु परमेश्वरको वचनमा बलिया हुन्छन् र येशुको धार्मिकतामा भरपुर हुन्छन् । तिनीहरुको प्रेम, पवित्रता, शुद्धपनाले गर्दा पापीहरुको हृदयमा डर उत्पन्न गराउँछ । तिनीहरुको पवित्रता तिनीहरुको शक्ति हो, यद्धपी तिनीहरुसंग पापको शक्तिलाई रोकेर राख्नसक्ने शक्ति पनि छ ।

यसकारण यी धर्मी स्वर्गदूतहरुसंग धेरै शक्तिहरु छन् । जब तिनीहरुलाई पछी हट्न आदेश दिइन्छ तब तिनीहरुले पछी हट्छन् जसले गर्दा शैतानको क्रोध पूर्ण शक्तिमा खुल्ला छाडिन्छ । तिनीहरुलाई यो कुरा गर्न त मन पर्दैन तर जब तिनीहरुलाई आदेश दिइन्छ तिनीहरु पछी हट्नेछन् । यो तब मात्र हुन सक्छ जब मानिसले परमेश्वरको चेतावनीलाई इन्कार गर्दछ र उहाँको आज्ञालाई बारम्बार तोडीरहन्छ । वर्षौंको धैर्यतापछी परमेश्वरको आत्माले त्यसलाई छाड्नुहुन्छ जसले गर्दा त्यस मानिसले शैतानलाई रोज्छ ।

हामी कति आशिषित छौं कि हामीसंग उनीहरुको सुरक्षा र अगुवाई छ । समय-समयमा तिनीहरुले मानिसहरुलाई आफ्नो उपस्थितिको आभास गराउँछन् जब ति मानिसहरु पाप गर्न आटेंका हुन्छन् तर ति मानिसहरु उहाँलाई इन्कार गरेर पाप गर्छन् । मानिसको हृदयमा भएको पाप नै त्यस्तै छ । परमेश्वरको स्वर्गदूतबाट हामीलाई डराउन जरुरी छैन,

तिनीहरु हाम्रो रक्षक हुनुहुन्छ र तिनीहरु परमेश्वरको पुत्रको आत्मामा भरपुर हुन्छन जसले अहिलेसम्म कसैको हत्या गर्नुभएको छैन् ।

## १८. साधरण वचनहरु

बाइबलमा भएको ति पदहरु जसले परमेश्वरले मानिसहरुलाई मार्नुहुन्छ भन्ने कुरामा संकेत गराउँछ, ति पदहरुलाई हेर्नुभन्दा अगाडी हामीले ति नियमहरुलाई हेर्नुपर्छ जसको बारेमा हामीले अगाडी पढेका छौं:

बाइबलबाट ति पदहरुलाई खोजेर एक आपसमा मिलाएर परमेश्वर क्रुर हुनुहुन्छ भन्ने तर्क बनाउन सजिलो छ l हामीलाई धेरै पटक भनिएको छ कि, “तिमी भन्छौं परमेश्वरले मानिसहरुलाई मार्नुहुन्न तर बाइबलले हामीलाई स्पष्ट रुपमा भन्दछ कि उहाँले मानिसहरुलाई मार्नुहुन्छ ।” यी कुराहरुलाई सही करार दिन म केहि पदहरु प्रयोग गर्नेछु । जब तिनीहरुलाई जम्मा गर्दा बलियो तर्क बन्न जान्छ l

*“त्यसकारण परमप्रभुले भन्नुभयो, “मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु— के मानिस, के घस्रने जन्तु, के आकाशका पक्षी सबैलाई— किनभने ती बनाएकोमा मलाई दु:ख लागेको छ।”*

*- उत्पति ६:७*

*“तब परमप्रभुले सदोम र गमोरामाथि आकाशबाट आगो र गन्धक बर्साउनुभयो।”*

*- उत्पति १९:२४*

*“तर यहूदाको जेठो छोरो एर् परमप्रभुको दृष्टिमा दुष्ट थियो, र परमप्रभुले त्यसको प्राण लिनुभयो।”*

*- उत्पति ३८:७*

*“त्यसले गरेको यो काम परमप्रभुको दृष्टिमा खराब ठहरियो, र उहाँले त्यसको पनि प्राण लिनुभयो।”*

*- उत्पति ३८:१०*

“जब फारोले कठोर भएर हामीलाई जान दिएनन्, तब परमप्रभुले मिश्रमा सबै मानिस र पशु दुवैका पहिले जन्मेकालाई मार्नुभयो। यसैकारण हरेक गर्भको पहिलो बियाएको पाठालाई परमप्रभुको निम्ति बलिदान गर्दछु, र मेरा छोराहरूमध्येका जेठालाई चाहिँ छुटाउँछु।”

- प्रस्थान १३:१५

“तब परमप्रभुले मोशालाई भन्नुभयो, “तेरो हात समुद्रमाथि पसार्, र मिश्रीहरू र उनीहरूका रथहरू र घोड़चढ़ीहरूमाथि त्यो पानी फेरि बढ़ेर आओस्।” मोशाले आफ्नो हात समुद्रमाथि पसारे, र बिहान उज्यालो हुँदा समुद्र फेरि फर्केर आफ्नो ठाउँमा आयो। मिश्रीहरू त्यसको विपरीत दिशातिर भाग्न लागे, तर परमप्रभुले मिश्रीहरूलाई समुद्रमै फ्याँकिदिनुभयो। पानी फर्केर आयो र रथहरू, घोड़चढ़ीहरू, अर्थात् इस्राएलका पछिपछि आएका फारोका जम्मै सेनालाई छोप्यो; र उनीहरूमध्ये एउटै पनि बाँचेन।”

- प्रस्थान १४:२६-२८

“परमप्रभुले मोशालाई भन्नुभयो, “मैले यी मानिसहरूलाई देखें। यिनीहरू त हठी मानिसहरू रहेछन्। अब मलाई नरोक्, र मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु। अनि तँबाट नै म एउटा ठूलो जाति बनाउनेछु।”

- प्रस्थान ३२:९-१०

*"मोशाले तिनीहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्वर यसो भन्नुहुन्छ: 'तिमीहरू हरेकले आ-आफ्नो तरवार भिरेर छाउनीको वल्लो छेउदेखि पल्लो छेउसम्म ढोका-ढोकामा गएर हरेकले आफ्नो भाइ र आफ्नो मित्र र आफ्नो छिमेकीलाई मार'।" तब लेवीका सन्तानहरूले मोशाले भनेअनुसार गरे। त्यस दिन मानिसहरूमध्ये तीन हजार जति पुरुष मारिए।"*

*- प्रस्थान ३२:२७-२८*

*"हारूनका छोराहरू नादाब र अबीहूले आ-आफ्नो धुपौरो लिएर त्यसमा आगो भरे, र त्यस आगोमा धूप हालेर परमप्रभुले आज्ञा नगर्नुभएको आगो हालेर उहाँको सामु चढ़ाए। 2 यसकारण त्यतिखेर परमप्रभुबाट आगो निस्केर उनीहरूलाई भस्म पार्‍यो, र उनीहरू परमप्रभुको सामु मरे।"*

*- लेवी १०:१-२*

*"यतिखेर परमप्रभुको कानमा पुग्ने गरी ती मानिसहरू आफ्ना कष्टहरूका विषयमा गनगनाउन लागे। जब परमप्रभुले यो सुन्नुभयो, तब उहाँको क्रोध दन्क्यो, र परमप्रभुको अग्नि सल्केर छाउनीको पल्लो भाग भस्म पारिदियो।"*

*- गन्ती ११:१*

*"परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूका सबै नायकहरूलाई लिएर मार् र परमप्रभुकै सामुन्ने चर्को घाममा*

*राखिदे, कि परमप्रभुको भयानक क्रोध इस्राएलीहरूबाट हटोस्।"*

*- गन्ती २५:४*

*"परमप्रभुले मोशालाई आज्ञा गर्नुभएअनुसार तिनीहरूले मिद्यानसँग लड़ाइँ गरे, र उनीहरूका पुरुषहरू जतिलाई मारे।"*

*- गन्ती ३१:७*

*"अनि जब परमप्रभु तिमीहरूका परमेश्वरले उनीहरूलाई तिमीहरूको अधीनमा पारिदिनुहुन्छ र तिमीहरूले उनीहरूलाई परास्त गरेका हुन्छौ, तब तिमीहरूले उनीहरूलाई सम्पूर्ण नाश गर्नू। तिमीहरूले उनीहरूसित सम्झौता नगर्नू। उनीहरूलाई नटिठ्याउनू।"*

*- व्यवस्था ७:२*

*"अब हेर, म उही हुँ, मबाहेक अरू कोही ईश्वर छैन। म नै मार्दछु, र म नै जीवित पार्दछु। म नै चोट लाउँछु, र म नै निको पार्छु, र कसैले मेरो हातबाट छुटाउन सक्दैन।"*

*- गन्ती ३२:३९*

*"परमप्रभुले उनीहरूलाई इस्राएलको सामुन्ने अस्तव्यस्त पार्नुभयो र इस्राएलीहरूले गिबोनमा उनीहरूलाई ठूलो विजयसाथ पराजय गरे, र बेथ-होरोनको उकालो बाटोमा उनीहरूलाई खेदेर आजेका र मक्केदासम्म मार्दैगए। इस्राएलीहरूका सामुन्नेबाट उनीहरू जसै बेथ-होरोनदेखि आजेकासम्मै ओह्रालोमा*

*भाग्दैथिए, परमप्रभुले स्वर्गबाट उनीहरूमाथि ठूला-ठूला असिना झारिदिनुभयो। उनीहरूमध्ये इस्राएलीहरूले तरवारले मारेका भन्दा धेरै जना असिनाले मरे।"*

*- यहोशु १०:१०-११*

*"सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ: 'मिश्रदेशबाट इस्राएल उक्लेर आउँदा अमालेकीहरूले इस्राएललाई आक्रमण गरे। यसकारण त्यसको निम्ति अमालेकीहरूलाई दण्ड दिने निश्चय मैले गरेको छु'। अब अमालेकीहरूमाथि जाइलागेर उनीहरूलाई नाश गर्, र उनीहरूका सबै धन-सम्पत्ति नाश गर्, एउटै थोक पनि नछोड्, र सबैलाई खतम पार्। उनीहरूका पुरुष, स्त्री, केटाकेटीहरू, दूध खाने बालकहरू, गाई-गोरु, भेड़ाबाख्रा, ऊँट र गधा सबैलाई नाश गर्।"*

*- १ शमुएल १५:२-३*

हामीले अझै धेरै पदहरुलाई जम्मा गर्न सक्छौं । पुरानो करारमा भएको यी कथाहरु साधरण त् छन् तर यी सबैलाई जम्मा गर्दा पनि त्यति नरसंहार हुदैंन जति नरसंहार नयाँ करारमा भनिएको छ ।

*"एक हजार वर्ष बितेपछि शैतान त्यसको कैदबाट छोडिनेछ, र पृथ्वीका चारै दिशामा भएका देश-देशका मानिसहरूलाई बहकाउन, अर्थात् गोग र मागोगलाई लड़ाइँको निम्ति भेला गर्न निस्केर आउनेछ। तिनका संख्या समुद्रका बालुवा जत्तिकै हुनेछ।*

*तिनीहरूले सारा पृथ्वीभरि गएर सन्तहरूका छाउनीको वरिपरि र प्रिय सहरलाई घेरे, तर स्वर्गबाट आगो बर्सेर तिनीहरूलाई भस्म पाऱ्यो। तिनीहरूलाई बहकाउने त्यो दियाबलस आगो र गन्धकको कुण्डमा फालियो, जहाँ त्यो पशु र झूटो अगमवक्ता पनि थिए। त्यहाँ तिनीहरूले दिनरात सदासर्वदै यातना भोग्नेछन्।"*

*- प्रकाश २०:७-१०*

यहाँ भनिएको छ कि पापीहरु समुन्द्रको बालुवासरी हुनेछन् ? समुन्द्रको किनारामा बालुवाको कति धेरै कणहरु छन् ? मानौं लगभग अरबौं मानिसहरु पिडामा कराइरहेका छन् । यसको तुलनामा पुरानो करारको कथाहरु सानो देखिन्छन् ।

धेरै इसाईहरुमा यो गलत धारणा छ कि यी पदहरुले त्यो परमेश्वर, जसको *"आरधना"* उनीहरुले गर्छन, त्यस परमेश्वरको विषयमा भन्छन जसले पापीहरु जो अरबौंको संख्यामा हुन्छन, अरुको भलाईको लागि परमेश्वरले उनीहरुलाई आगोमा जलाएर नाश गर्नुहुन्छ ।

यी पदहरु हेर्दा परमेश्वरले साना बालकहरुको पनि हत्या गर्नुहुन्छ भन्ने कुरालाई संकेत गराउनुहुन्छ जसलाई मानिसहरूले राम्रो भनेर स्वीकार गर्छन् । यी कुराहरुलाई धेरैले न्यायसंगत भन्दछन् ।

जुन कुरालाई तिनीहरुले विजय हो भनेर सोच्छन् त्यही कुरा तिनीहरुको ठुलो हार हुनेछ ।

यो कुरामा कसले विश्वास गर्न सक्छ र त्यस परमेश्वरको सामु अनन्तको लागि घुंडा टेकेर आरधना गर्नु जसले पापीहरुलाई सजाय दिनुहुन्छ र उहाँदेखि डर लाग्दैन भनेर आफुलाई कसरी भन्नुहुन्छ ?

यदी यी पदहरुले भनेको जस्तो परमेश्वरले पापीहरुलाई आगोको ज्वाला पठाएर मार्नु हुन्छ र धर्मीहरुले शहरको पर्खालमा उभिएर यी कुराहरुलाई हेर्दै बस्छन र ति पिडा पाउनेहरुको आवाज सुन्दै बस्छन् भने के यो कुरा साँचो हो त जब धर्मीजनहरुको प्रियजनहरु सत्यतालाई इन्कार गर्दै जलिरहँदा तिनीहरु रमाउनेछन् ?

के यो कुरा चित्तबुझ्दो छ त त्यो परमेश्वर जसलाई तपाईंले आरधना गर्नुहुन्छ, त्यो परमेश्वरले तपाईको परिवार, सदस्यलाई मार्नु मात्र हैन तर एकदम यातना पनि दिनुहुन्छ ?

कसैले भन्न सक्लान कि परमेश्वरले तिनीहरुको आँखाबाट आँसु पुछी दिनुहुनेछ र तिनीहरुको मस्तिष्कबाट ति सबै पुरानो कुराहरु मेटाईदिनु हुनेछ ।

> ***"उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"***
>
> ***- प्रकाश २१:४***

के यो अनन्त आनन्द हो जसलाई मानिसहरुले खोजेका छन् वा यो सब आफ्नो क्रूरता र दयाहिनताको सबुत लूकाउने चाल हो ?

त्यो साधरण मानिस जसले विवाहमा प्रेमको आनन्द, वा आफुले जन्म दिएको बालकलाई आफ्नो काखमा समाउदाको खुसी, वा आफ्नो आमा-बाबाको न्यानो अँगालोमा बस्नुको आनन्द, वा जसले आफ्नो घरमा घोडा, कुकुर, बिरालो, आदि पालेर खुसी भएको छ, उनीहरुको लागि यो एकदम असहनीय र डरलाग्दो तस्विर हो ।

जब मानिसहरुले यी पदहरुलाई पढ़द्छन तब उनीहरुको हृदयमा यो विचार आउँछ कि बाइबललाई जस्तो छ हामीले त्यसलाई त्यस्तै रुपमा लिनु पर्छ र यो कुरामा विश्वास गर्छन् कि परमेश्वरले पापीहरुको नाश गर्नुहुन्छ ।

यो कुरा सत्य हो कि बाइबल जस्तो छ हामीले त्यसलाई त्यस्तै रुपमा लिनुपर्छ तर यसको मतलव यो हैन कि हामीले यसबाट ति पदहरुलाई मात्र लिनु पर्छ जसले हाम्रो विचारधारालाई र तर्कलाई मदद गर्दछ । हामीले बाइबललाई पूर्णरुपमा लिनुपर्दछ ।

हामीले दोस्रो पाठमा पढेका छौं कि हामीले कुनै पनि विषयमा अध्ययन गर्दा हामीले त्यस विषयमा भएको सबै पदहरुको अध्ययन गर्नुपर्दछ । ति मानिसहरु जो यस निष्कर्षमा आउँछन् कि परमेश्वरले मानिसहरुलाई मार्नुहुन्छ, तिनीहरुले बाइबललाई पूर्ण रुपमा अध्ययन गरेका छैनन् तर ति पदहरुलाई मात्र अध्ययन गरेका छन् जसले तिनीहरुको तर्कलाई समर्थन गरेका हुन्छन् । यदी तपाईंले बाइबललाई पूर्ण रुपमा अध्ययन गर्नुभएको छ भने तपाईं धेरै पटक यस्तो स्थानमा आउनुहुन्छ कि तपाईले

यो देख्नुहुन्छ केहि कुराहरु एक आपसमा मिलेका हुदैनन् । तल दिएका कुराहरुलाई ध्यानसंग हेर्नुहोस्:

| भद्र, नम्र र प्रेमिलो | बदला लिनुहुने, घृणापूर्ण, नाश गर्नुहुने |
|---|---|
| **मत्ती २६:५** तब येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन्। | **व्यवस्था ३२:४०-४१** म आफ्नो हात स्वर्गतिर उठाएर घोषणा गर्छु: म आफ्नो हात स्वर्गतिर उठाएर घोषणा गर्छु: जब म आफ्नो चम्कने तरवारमा शान लगाउँछु, र मेरो हातले इन्साफमा त्यो पक्रन्छ, तब म मेरा विरोधीहरूमाथि बदला लिनेछु, र मलाई तिरस्कार गर्नेहरूलाई साटो फेर्नेछु। |
| **लूका ९:५६** किनभने मानिसको पुत्र मानिसहरुलाई नष्ट गर्न हैन तर बचाउन आएको हो ।<br><br>**यशैया ११:९** तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न त केही हानि न नोक्सानी गर्नेछन्, किनकि समुद्र | **उत्पति ६:७** त्यसकारण परमप्रभुले भन्नुभयो, "मैले सृष्टि गरेको मानिसलाई पृथ्वीबाट म मेटिदिनेछु— के मानिस, के घस्रने जन्तु, के आकाशका पक्षी सबैलाई— किनभने ती बनाएकोमा मलाई दु:ख लागेको छ।" |

| | |
|---|---|
| पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ। | |
| **मत्ती ५:४४** तर म तिमीहरूलाई भन्दछु, आफ्ना शत्रुहरूलाई प्रेम गर, र तिमीहरूलाई सताउनेहरूका निम्ति प्रार्थना गर, | **भजनसंग्रह १८:४०** तपाईंले मेरा शत्रुहरूलाई पिठिउँ फर्काएर भाग्न विवश पार्नुभयो, र मेरा शत्रुहरूलाई मैले संहार पारें।<br><br>**भजनसंग्रह १४३:१२** तपाईंको अचूक कृपामा मेरा शत्रुहरूलाई सर्वनाश पार्नुहोस्, र मेरा सबै शत्रुहरूलाई नाश गरिदिनुहोस्, किनकि म तपाईंको दास हुँ। |
| **प्रस्थान २०:१३** "हत्या नगर्नू।<br><br>**२ कोरिन्थी ३:१८** हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ। | **उत्पत्ति ३८:७** तर यहूदाको जेठो छोरो एर् परमप्रभुको दृष्टिमा दुष्ट थियो, र परमप्रभुले त्यसको प्राण लिनुभयो।<br><br>**उपदेशक ३:३** मार्ने एउटा समय छ, र निको पार्ने एउटा समय। भत्काउने एउटा समय छ, र बनाउने एउटा समय। |

| | |
|---|---|
| **१ यूहन्ना ४:८** प्रेम नगर्नेले परमेश्वरलाई चिन्दैन, किनभने परमेश्वर प्रेम हुनुहुन्छ। | **मलाकी १:२-३** “मैले तिमीहरूलाई प्रेम गरें,” परमप्रभु भन्नुहुन्छ। “तर तिमीहरू भन्छौ, ‘कसरी तपाईंले हामीलाई प्रेम गर्नुभयो र?’ “के एसाव याकूबको दाजु थिएन र?” परमप्रभु भन्नुहुन्छ। “तापनि मैले याकूबलाई प्रेम गरें, 3तर एसावलाई मैले हेला गरें, र मैले त्यसको पहाड़हरूलाई रूखा पारिदिएँ, र त्यसको उत्तराधिकार मरुभूमिका स्यालहरूका निम्ति छोड़िदिएँ।” |
| **भजनसंग्रह १००:५** किनभने परमप्रभु भला हुनुहुन्छ, र उहाँको करुणा सदाकाल रहन्छ। उहाँको विश्वसनीयता पुस्तादेखि पुस्तासम्म रही नै रहन्छ।<br><br>**१ इतिहास १६:३४** परमप्रभुलाई धन्यवाद देओ, किनभने उहाँ भला हुनुहुन्छ, उहाँको प्रेम सदासर्वदा रहिरहन्छ। | **यशैया ९:१७** यसकारण तिनीहरूका जवान मानिसहरूदेखि परमप्रभु प्रसन्न हुनुहुन्न, न त उहाँले तिनीहरूका टुहुरा-टुहुरी र विधवालाई टिठ्याउनुहुनेछ। किनकि हरेक व्यक्ति ईश्वरहीन र दुष्ट छ। हरेकको मुखबाट खराब कुरा निस्कन्छ। यतिमा पनि उहाँको रीस मरेको छैन, र उहाँको हात अझै माथि उठाइएकै छ। |

| | |
|---|---|
| **यशैया २७:४** म रिसाएको छैनँ। सिउँड़ी र काँढ़ाहरूले मलाई रोक्न उम्रेका भए त म तिनीहरूका विरुद्धमा लड़ाइँ गर्न जाइलाग्नेथिएँ। म तिनीहरूलाई जलाउनेथिएँ। | **अय्युब २०:२३** त्यसले आफ्नो पेट भरेपछि परमेश्‍वरले आफ्नो क्रोध त्यसमाथि पोखाउनुहुनेछ, र त्यसमाथि कड़ा मुक्का वर्षाउनुहुनेछ। |

यदी तपाईले बाइबललाई ध्यानसंग पढ्नुभएको छ भने तपाईले यो कुरा थाह पाउनुहुन्छ कि अब प्रतिवाद गर्ने कुराहरु आउदैछन् ।

जब प्रतिवादहरु आउँछन् तब तपाईले कि त ति तर्कहरुलाई ध्यान दिनुभएन जसले तपाईको विचारधारालाई इन्कार गर्दछन् वा तपाईंले परमेश्वरको अगाडी घुंडा टेकेर प्रार्थना गर्नुपर्यो कि यी कुराहरुलाई बुझ्न सक्ने शक्ति दिनुपर्यो ताकी यी प्रतिवाद गर्ने पदहरुलाई बुझ्न सहज होस् ।

अब प्रश्न यो आउँछ कि किन परमेश्वरले बाइबललाई यस तरिकाले लेख्न दिनुभयो ? किन यसलाई अझ साधरण तरिकाले लेख्न सकिन्न थियो र ? परिवर्तन नभएको मानिस स्वभाविक रुपमा घमण्डी हुन्छ । उ आफैलाई थाह हुदैंन कि उ परमेश्वरको विरुद्धमा खडा भएको छ ।

> ***"किनभने पापमय शरीरतिर लागेको मनचाहिँ परमेश्‍वरप्रति शत्रुता हो। परमेश्‍वरका व्यवस्थाको अधीनमा त्यो हुँदैन, न त त्यो कहिल्यै हुन सक्छ।"***
>
> ***- रोमी ८:७***

उसको यो स्वभाविक विद्रोहपनाले गर्दा उसले बाइबल यस तरिकाले पढ्छ कि उसले सोच्छ कि परमेश्वर क्रुर र निर्दयी हुनुहुन्छ । सायद उसले परमेश्वरप्रति आफ्नो प्रेम जाहेर गर्लो तर उसको स्वभाविक विद्रोहपनाले गर्दा उसले यी प्रतिवादहरुमाथि विजय हासिल गर्दैन्; बदलामा उसले परमेश्वर क्रुर हुनुहुन्छ र हत्यारा हुनुहुन्छ भन्ने कुरा विश्वास गर्छ ।

तर वास्तवमा यस्ता मानिसहरुले बाइबललाई पूर्ण रुपमा विश्वास गर्दैन् । जुन कुरामा उसले विश्वास गर्न चाहन्छ त्यसमा मात्र विश्वास गर्छ र परमेश्वरलाई फरक नजरबाट हेर्न चाहदैन । यसरी हामी सत्यलाई खोज्न सक्छौं:

> ***"...परमेश्वरले अभिमानीहरूको विरोध गर्नुहुन्छ, तर नम्रहरूलाई अनुग्रह गर्नुहुन्छ।"***
>
> ***- याकुब ४:६***

यसले कसरी काम गर्छ ?

> ***"कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ,"***
>
> ***- याकुब १:२३***
>
> ***"किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ।"***
>
> ***- मत्ती ७:२***

*"यसकारण अर्कालाई दोष लाउने ए मानिस, तिमी जोसुकै भए तापनि, केही बहाना छैन, किनकि जेमा तिमी अर्कालाई दोष लगाउँछौ, त्यसैमा आफै पनि दोषी ठहरिनेछौ, किनभने तिमी दोष लाउनेले पनि त्यही काम गर्छौ।"*

*- रोमी २:१*

जब मानिसले बाइबल पढ्दा, त्यसमा परमेश्वर प्रेम हुनुहुन्छ भन्ने खण्डलाई इन्कार गरेर ति खण्डहरु मात्र पढ्छ जसमा परमेश्वर हत्यारा हुनुहुन्छ भन्ने कुराको चित्रण गरेको हुन्छ, उसले आफ्नो चरित्रलाई प्रकट गरेको हुन्छ । शैतानले झैं त्यस मानिसले पनि परमेश्वरमा आफ्नो चरित्रलाई ढालेको हुन्छ र परमेश्वर विरुद्ध आफ्नो दुश्मनीलाई प्रकट गर्छ ।

*"तैंले यी सब काम गरेको छस्, र म चूप लागें, तैंले सोचिस् म सर्वथा तँजस्तै छु। तर म तँलाई हप्काउनेछु, र तेरै मुखको अगि तेरो दोष देखाउनेछु।"*

*- भजनसंग्रह ५०:२१*

परमेश्वरले बाइबललाई यस तरिकाले लेख्न प्रेरित गर्नुभयो कि यसलाई पढ्दा मानिसले आफ्नो चरित्र प्रकट गर्छ । मानिसले आफ्नो विद्रोहिपनमा परमेश्वरलाई आफ्नो स्थानमा राखेर हेर्छ । उसले आफ्नो चरित्र र न्याय परमेश्वरमा राख्छ । बाइबललाई यसकारण यसरी लेखियो कि यसले मानिसहरुको आत्मालाई प्रतिबिम्ब गर्छ ।

जब परिवर्तन नभएको मानिसले बाइबललाई पढ्छ, तब परमेश्वरको काममा उसले आफ्नो अनुहारलाई देख्न सक्छ । जुन मानिसले आफ्नो पापको प्रायश्चित गर्छ, उसलाई थाह हुन्छ कि उसमा कुनै पनि रामो कुरा छैन र उसले परमेश्वरको चरित्रलाई नियालेर हेर्छ, तब उसले बाइबल पढ्दा उसले परमेश्वरलाई अलग नजरबाट हेर्छ । जब यस संसारमा भएको मानिसहरुमा ख्रीष्टको चरित्रलाई प्रकट गरिन्छ र उसले बाइबललाई फरक ढंगमा पढ्छ तब उसको आँखाबाट शैतानको कचेरा खस्छ र उसले एकदम महत्वपूर्ण कुरालाई देख्न सक्छ ।

जब मानिसले धर्मशास्त्रलाई ति खण्डहरुलाई आफ्नो विचारधारामा रहेर पढ्छ र अरु कुरालाई इन्कार गर्छ तब उसले ति प्रतिवादहरुमाथि विश्वास गर्छ र बाइबललाई पूर्ण रुपमा इन्कार गर्छ ।

जब आत्मिकी मानिसले धर्मशास्त्रलाई पढ्छ तब ति प्रतिवादहरुमा उ विनम्र हुन्छ । परमेश्वरको वचनलाई पूर्ण रुपमा नबुझेकोमा आफ्नो कमजोरी स्वीकार गर्छ र बाइबललाई बुझ्न परमेश्वरसंग मदद माग्छ । जब उ पढ्नको लागि योग्य हुन्छ तब बाइबलले उस्ल्लई परमेश्वरको चरित्रको सुन्दरता प्रकट गर्दछ । परमेश्वरले चाहनुभएको अनुसार कुराहरुलाई एक आपसमा मिलाउन विनम्रतासाथ प्रार्थनाको एकदम जरुरी छ । यो मेरो अनुभव हो र अरुको पनि हो । जब मैले बाइबलको ति खण्डहरुलाई पढ्छु जसलाई म बुझ्न सक्दिन तब म परमेश्वरसंग विन्ती गर्छु । म घुँडा टेक्छु र सत्य देखाउनु भनेर पितासंग विन्ती गर्छु । कति खुसीको कुरा हो यो जब विनम्रको प्रार्थनापछी सत्यलाई प्रकट गरिन्छ ।

त्यस पछी जब हामी बाइबलमा भएको कथाहरुलाइ पढ्छौं तब हामी एक दुइ पदहरु पढेर निष्कर्षमा आउंदैनौं तर हामी साबि कुरालाई पढेर निष्कर्षमा आउछौं ।

हामीले ऐना को सिद्वान्तहरुलाई पनि बिर्सनुहुन्न । पाठ नौं मा पढेको जस्तै त्यस महिलाको कथामा येशुले आफ्नो बोलिद्वारा उहाँको श्रोताहरुको मनमा भएको कुरालाई प्रकट गर्नुभयो ।

त्यस महिलाको कथाद्वारा येशुले आफ्नो चेलाहरुको हृदयमा भएको छुवाछुतको भावनालाई प्रकट गर्नुभयो । धनी मानिस र लाजरसको कथाद्वारा येशुले आफ्नो श्रोताहरुलाई महत्वपूर्ण सत्य सिकाउन प्रयोग गर्नुभयो । ति कथाहरु उहाँको आफ्नो कथाहरु हैनन् तर उहाँले तिद्वारा महत्वपूर्ण पाठ सिकाउनु भयो । बाइबल पढ्दाखेरि यो कुरा एकदम महत्वपूर्ण छ । येशुले ति कथाहरु र बोलिहरुलाई प्रयोग गर्नुहुन्छ ताकी त्यसमार्फत हामीले महत्वपूर्ण पाठ सिक्न सकौं र गलत विचारधारातिर नलागौं । फेरी एक पटक यो कुरा काममा प्रयोग भएको ऐना हो ।

अघि बढ्नुभन्दा अगाडी हामीले यी सिद्वान्तहरुलाई हेरौं –

क. हामीले सबै खण्डहरुलाइ प्रयोग गर्नुपर्छ नाकी केहि मात्र चुनेर निष्कर्षमा आउने
ख. धर्मशास्त्रको अगाडी विनम्र हुदैं ज्ञानको माग गर्दै आउनुपर्छ
ग. यस संसारमा येशुको जीवनको नजरबाट बाइबललाई पढ्नुपर्छ

घ. ऐनाको सिद्वान्तलाई हामीले दिमागमा राख्नुपर्छ । बाइबलले आफ्नो सत्यलाई प्रकट गर्न मानिहरुमा भएको विचारधारालाई प्रयोग गर्नसक्छ । धर्मशास्त्रलिई शरीरमा र आत्मा दुवैमा पढ्न सकिन्छ । पाठकले कसरी पढ्छ त्यसमा भर पर्छ ।

## १९. हाम्रो पापको निम्ति छेडियो

यो दृश्य कति डरलाग्दो देखिन्छ मानिसहरु र जनावरहरु आफ्नो प्राणको लागि डराएर भाग्दैछन् ।

*"नोआका जीवनको छ सय वर्षको दोस्रो महिनाको सत्रौँ दिनमा ठूला-ठूला अगाधका सब मूलहरू फुटे, र आकाशका द्वारहरू खुले। अनि चालीस दिन र रातसम्म पृथ्वीमा पानी परिरह्यो।"*
*- उत्पति ७:११-१२*

विश्वव्यापी जलप्रलयको कथाले धेरैलाई पिरोल्छ । आफ्नो अनुग्रह थाकेको कारण के परमेश्वरले लाखौँ मानिसहरुलाई डुबाएर मार्नुहुन्छ र ? के प्रेमिलो परमेश्वरले यस्तो कुरा गर्न सक्नुहुन्छ र ? यो कुरा एकदम बुझ्न गाह्रो छ ।

परमेश्वरको न्यायसंग सम्बन्धित विषयमा जब हामीले चर्चा गर्छौं तब हामीले क्रुसमा भएको येशुको मृत्युलाई सधैं ध्यानमा राख्नुपर्छ किनभने परमेश्वरको न्यायले कसरी काम गर्छ भन्ने कुरालाई क्रुसले प्रकट गर्दछ । क्रुसमा भएको येशुको मृत्युद्वारा नै हामी परमेश्वरको न्यायलाई बुझ्न सक्छौं । येशुले मानिसहरुको पापलाई बोक्नुभयो र पापको ग्लानिबोधको वजनले उहाँको प्राण लियो । पापले ख्रीष्टलाई मार्यो र पापले नै मानिसहरुलाई मार्दछ । तर समस्या यो हो कि अधिकांस मानिसहरुले यो कुरामा विश्वास गर्छन् कि परमेश्वरको क्रोधले ख्रीष्टको मृत्युको माग गरेको थियो । यो कुरालाई यशैयामा भविष्यवाणी गरिएको छ:

*"ऊ मानिसहरूबाट घृणित थियो र इन्कार गरियो, अफसोसमा परेको मानिस र कष्टसित परिचित। ऊ त्योजस्तो थियो, जसलाई देखेर मानिसहरू आफ्ना मुख फर्काउँछन्। ऊ घृणित थियो, र हामीले उसलाई केही मोलको गनेनौं। निश्चय नै उसले*

*हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दु:ख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं।"*

*- यशैया ५३:३-४*

यदी हामी विश्वास गर्छौं कि परमेश्वरले ख्रीष्टलाई क्रुसमा प्रहार गर्नुभयो त्यसो हो भने बाइबलमा भएको ति सबै कथाहरु जसमा पापीहरुमाथि न्याय भएको देख्छौं भने यस कुरालाई परमेश्वरले प्रहार गर्नुभएको देखिन्छ । जलप्रलयको कथालाई ध्यानसंग हेरौं ।

एक जना व्यक्ति किराना पसलमा जान्छ र त्यहाँको मालिकलाई भन्छ कि उसको व्यवसायमा डरलाग्दो खतरा मडराईरहेको छ । उसले भन्छ, "तिम्रो परिवार र व्यवसायमाथि डरलाग्दो खतरा आउंदैछ ।" उसले भन्छ कि "हामीले बाहेक तिमीलाई अरु कसैले पनि बचाउन सक्दैन् ।" "ति मानिसहरु जसले हामीमाथि विश्वास गर्छ, हामीले त्यसको निम्ति सुरक्षाको जहाज बनाएको छौं ।" त्यस मानिसले भन्छ कि उसलाई त्यस पसलको मालिकलाई बचाउनको निम्ति पठाइएको हो । यदी त्यस पसलको मालिकले उसको कुरालाई स्वीकार्छ भने उ बाँच्नेछ तर उसलाई इन्कार गर्नेहरु मारिनेछन् । त्यस मानिसले पसल मालिकलाई त्यस अनुग्रहको विषयमा विचार गर्न भन्छ । "हामी तिम्रो परिवारमाथि हानि आउन दिने छैनौं ।" यसकारण त्यस मानिसले सुरक्षाको अवसरलाई विचार गर्न जोड दिन्छ ।

यदी त्यस मानिसले आफुबाट आउने खतराबाहेक अरु खतराबाट बचाउने अवसर प्रदान गर्छ भने उ आफैले आफैलाई अपराधिक गतिविधिमा सामेल गर्छ । यदी त्यस मानिसको समुहबाट नै खतरा आउँछ भने त्यो कुरा पनि अपराधिक गतिविधि हो । अरुमाथि दबाब हाल्नु र आफुले भनेको झैँ गर्न लगाउनु पनि अपराध हो ।

के यो कुरा सम्भव छ कि जुन व्यक्तिले अनुग्रहको सन्देश बाँड्छ र उसले नै खतरालाई प्रतिनिधित्व गर्छ र त्यस सन्देशलाई सुन्नेहरुमाथि दवाव हाल्छ र जसले उसको वचनहरु सुनेर पालन गर्दैन, उनीहरु माथि विनाश ल्याउँछ ?

के बाइबलमा भएको यो जलप्रलयको कथा पुरा संसारमाथि दवाव हाल्ने प्रयत्न हो ? के बाइबलको परमेश्वरले आफुले चाहेको मानिसहरुलाई बचाउनुहुन्छ र उहाँलाई इन्कार गर्नेहरुमाथि विनाश ल्याउनु हुन्छ ?

> *"यसकारण परमेश्वरले नोआलाई भन्नुभयो, "सबै मानिसहरूको अन्त्य गर्ने मैले अठोट गरेको छु, किनभने पृथ्वी तिनीहरूद्वारा उपद्रवले भरिएको छ। हेर, म तिनीहरूलाई पृथ्वीसमेत नाश [H7843] गर्नेछु। 14तैंले गोपेर काठको एउटा जहाज बनाउनू। जहाजमा कोठा-कोठा बनाउनू र त्यसलाई भित्र-बाहिर अलकत्राले लिप्नू।"*
>
> *- उत्पति ६:१३-१४*

बाइबलले भन्दछ कि यस संसार पाप र हिँसाले भरिपूर्ण थियो । के यो कुरा चित्तबुझ्दो छ त ति हिँसाले भरिएको मानिसहरुलाई नाश गर्न परमेश्वरले हिँसाको नै प्रयोग गर्नुहुन्छ ? यो त ढोंगीपना हो ।

हिब्रु भाषामा "विनाश" भन्ने शब्दको अर्थ यस्तो छ:

> ***H7843: A primitive root;* कुहिनु, नाश हुनु, टाढा हुनु, बिग्रिनु, नाश हुनु, हार्नु, विनाश हुनु, हराएर जानु, विग्रिनु**

यही शब्दलाई आउने पदहरुमा पनि प्रयोग गरिएको छ:

> ***"परमेश्वरको दृष्टिमा पृथ्वी भ्रष्ट [H7843] भएको र उपद्रवले भरिएको थियो। 12जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्ट [H7843] भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्ना चालचलन भ्रष्ट [H7843] पारिसकेका थिए।"***
>
> ***- उत्पति ६:११-१२***

यदी हामी अंग्रेजी शब्द *"नाश"* लाई उत्पति ६:१३ मा हिब्रु अर्थसंग मिलाएर प्रयोग गर्छौं भने, यसलाई यसरी पढ्न सकिन्छ:

> ***"परमेश्वरको दृष्टिमा पृथ्वी नाश भएको र उपद्रवले भरिएको थियो। 12जब परमेश्वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो नाश भएको देख्नुभयो, किनकि पृथ्वीमा भएका सबै***

*मानिसहरूले आफ्ना चालचलन नाश पारिसकेका थिए।"*

*- उत्पति ६:११-१२*

मानिसहरु पतित भएको कारण, आफ्नो विचारधारालाई नाश गरेको कारण यस संसारलाई विनाश गरिएको भनिएको हो । यस समयमा संसारले शैतानको योजनालाई प्रकट गरेको थियो । धर्मशास्त्रले यस हिँसाको स्रोतको विषयमा भनेको छ:

*"तेरा चारैतिरका व्यापारद्वारा तँ उपद्रवले भरिइस्, र तैंले पाप गरिस्। यसैले मैले तँलाई परमेश्वरको पर्वतबाट अपमान गरी खेदिदिएँ, र हे अभिभावक करूब, मैले तँलाई अग्निमय पत्थरहरूका बीचदेखि धपाइदिएँ।"*

*- इजिकिएल २८:१६*

यो त ख्रीष्टको ठिक विपरित छ, जसको विषयमा धर्मशास्त्रले भनेको छ कि उहाँले कुनै पनि हिँसा गर्नुभएको छैन:

*"उसको चिहान दुष्टहरूसित बनाइयो, र मृत्युमा धनीहरू उसको साथमा थिए, यद्यपि उसले केही उपद्रव गरेको थिएन न त उसको मुखमा केही छल थियो।"*

*- यशैया ५३:९*

राजाको पुत्रको विषयमा भजनसंग्रहका लेखकले भनेका छन्:

*"अत्याचार र हिंसाबाट उनले तिनीहरूको प्राण मोल तिरेर छुटाउनेछन्, किनकि उनको दृष्टिमा तिनीहरूको रगत बहुमूल्य छ।"*

*- भजनसंग्रह ७२:१४*

परमेश्वरको पुत्रले कुनै पनि हिँसा गर्नुभएन, र उहाँले मानिसहरुलाई हिँसाबाट बचाउनुहुन्छ । शैतान हिँसाले भरिएको छ र उसले आफ्नो आत्माले यस संसारलाई भरेको छ । के कारणले गर्दा शैतानसंग हिँसाको आत्मा छ ?

*"आफ्नो प्रथम जन्मेकालाई संसारमा ल्याउनुहुँदा उहाँ फेरि भन्नुहुन्छ, "परमेश्वरका सारा स्वर्गदूतहरूले उहाँलाई नै पुजून्।"*

*- हिब्रू १:६*

*"फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, र उहाँलाई भन्यो, "तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।"*

*- मत्ती ४:८-९*

शैतान ख्रीष्टदेखि इर्ष्यालु भएको थियो । उसले पनि ख्रीष्टजस्तै आरधना खोजेको थियो तर शैतानलाई सृष्टि गरिएको थियो तर ख्रीष्ट त परमेश्वरको पुत्र हुनुहुन्थ्यो । भिन्नता एकदम ठुलो थियो, तर पनि शैतानले ख्रीष्टको

पदमाथि आँखा हालेको थियो । यस कुराले गर्दा उसको हृदयमा ख्रीष्टप्रति विद्रोहको भावना उत्पन्न भयो । ख्रीष्टप्रति उसको विचारधारा यति नकरात्मक थियो कि उसले सुरुवातदेखि नै परमेश्वरको पुत्रलाई मार्न खोजेको थियो । क्रुसमा येशुको मृत्युले सारा ब्रह्माण्डको अगाडी शैतानको वास्तविक रुपलाई प्रकट गरायो ।

> ***"तिमीहरू आफ्नो पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन।..."***
>
> ***- यूहन्ना ८:४४***

शैतानको हत्यारा योजनाले उसको हिंसात्मक आत्मालाई प्रेरणा दिएको थियो । जब आदम र हव्वा पापमा फसे तब तिनीहरु चरित्रमा शैतानझैं भए । उनीहरुमा भएको ख्रीष्टको आत्माले चोट खानुभयो र दबिनुभयो । मानिसमा भएको ख्रीष्टको आत्माले उसलाई जीवन दिन्छ । उहाँ यस संसारमा आउने मानिसहरुलाई दिनुहुने प्रकाश हुनुहुन्छ । यदी ख्रीष्टले आदमलाइ पूर्णरुपमा त्याग्नुभयो भने उ मर्नेथियो । आदममा भएको ख्रीष्टको आत्मालाई चोट पुराइएको थियो तर पनि उहाँ निक्लिनुभएन यद्धपी उहाँलाई पिडा भएको थियो । निरन्तर रुपमा ख्रीष्टले पाउनुभएको चोट, उहाँ एक चट्टान हुनुहुन्छ, उहाँबाट आत्मिकी पानीले आदम जीवित भएको छ । यसकारण पावलले भनेका छन्:

*"येशूको जीवन हाम्रा शरीरमा प्रकट होस् भनेर हामी उहाँको मृत्यु सधैँ हाम्रा शरीरमा बोकिहिँड्छौं।"*
*- २ कोरिन्थी ४:१०*

*"त्यसपछि पनि विश्वास त्याग गरी तिनीहरू पतित भए भनेता तिनीहरूलाई पश्चात्ताप गर्ने स्थितिमा फेरि ल्याउनु असम्भव छ। किनभने तिनीहरूले आफ्नै खातिर परमेश्वरका पुत्रलाई फेरि क्रूसमा टाँग्छन्, र खुल्लमखुल्ला उहाँको अपमान गर्छन्।"*
*- हिब्रु ६:६*

परमेश्वरको स्वरूपमा आदम र हव्वालाई बनाइएको थियो। शैतानले यस स्वरूपलाई घृणा गरेको थियो र नाश गरेको थियो। मानिसले अर्को मानिसप्रति गरेको हिँसामा हामी शैतानको आत्मालाई ख्रीष्टको आत्मासंग लडाईको झलक देख्न सक्छौं। सुरुमा यो कुरालाई बुझ्न गाह्रो छ तर धर्मशास्त्रमा यस कुरालाई प्रकट गरिएको छ। एकपटक यसलाई बुझेपछी, बाइबलमा भएको हिँसालाई एक नयाँ ढंगबाट बुझ्न सक्छौं। एक मानिसले अर्को मानिसलाई मारेको कुरा बुझ्न गाह्रो छ तर जब हामी शैतानले आफ्नो चालद्वारा मानिसहरुलाई प्रयोग गरेर ख्रीष्टलाई चोट पुराउन खोजेको देख्छौं तब हामी सबै कुरा बुझ्छौं।

*"तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै*

*गऱ्यौं।'*

***- मत्ती २५:४०***

यो कुरालाई बुझ्न एकदम जरुरी छ। यी सब हिँसाहरु त्यस आत्माबाट आएको हो जो परमेश्वरको पुत्रविरुद्ध इर्ष्या र डाहले भरेको छ। यसकारण सबै हिँसाहरु र आत्म-हिँसा र आत्म-हत्या साबि यस घृणाको भागहरु हुन् जो ख्रीष्टको विरुद्धमा देखाइएको छ। यी सब घृणाहरु जब हामीले हाम्रो छिमेकीहरु माथि देखाऊछौं र आफ्नो शत्रुप्रति हिँसा प्रयोग गर्छौं तब हामीले ख्रीष्टप्रति शैतानको घृणालाई प्रकट भएको देख्न सक्छौं। यो सब हिँसा र घृणाको सुरुवात हो।

उत्पति ६ मा देखाइएको ति सबै हिँसाहरु ख्रीष्टको विरुद्धमा शैतानको घृणालाई मानिसहरुबाट प्रकट भएको देख्न सक्छौं। केवल ख्रीष्ट जीवनको स्रोत हुनुहुन्छ र यस घृणाको अन्तिम परिणाम आत्म-विनाश हो।

आँगनमा मारिएको थुमामा मानिसमा भएको हिँसाको आत्माको झलक पाइएको थियो। यस निर्दोष थुमाको हत्याले आदममा भएको हिंसात्मक चरित्रलाई प्रकट गरेको थियो। यस बलिदानद्वारा परमेश्वरले आदममा भएको त्यस चरित्रलाई देखाउनुभएको थियो। यो चरित्र कयिनमा प्रस्फुटन भएको थियो जब उसले आफ्नो भाइ हाबिलको हत्या गर्यो।

मानिसलाई जीवित रहन एकमात्र उपाए ख्रीष्टले मानव जातिलाई निरन्तर रुपमा आफ्नो जीवनको शक्ति प्रदान गर्नुपर्ने थियो। यही कारण यस संसारको स्थापनादेखि मारिएको थुमा ख्रीष्ट हुनुहुन्छ। प्रकाश १३:८।

सुरुवातदेखि नै हाम्रो अपराधको खातिर ख्रीष्टले चोट खानुभएको छ; हाम्रो पापले गर्दा उहाँले पिडा पाउनुभएको छ । मानिस जीवित रहनको लागि, ख्रीष्टले मानिसहरुको घृणाको वावजुद पनि उहाँले तिनीहरुलाई निरन्तर रुपमा बोक्नुभएको छ ।

> ***"तिनीहरूका सारा दु:खमा उहाँ पनि दु:खित हुनुभयो, र उहाँको उपस्थितिका दूतले तिनीहरूलाई बचाए। उहाँको प्रेम र कृपामा उहाँले मोल तिरेर तिनीहरूलाई छुटकारा दिनुभयो। उहाँले तिनीहरूलाई उठाउनुभयो, र प्राचीनका सबै दिनमा उहाँले तिनीहरूलाई बोक्नुभयो।"***
>
> ***- यशैया ६३:९***

यी कुराहरुले ख्रीष्टको क्रुसको विषयमा, हिँसाको प्रकटमा र परमेश्वरको चरित्रको विषयमा हाम्रो बुझाईलाई परिवर्तन गर्न सक्छ । जब कोहि मानिसलाई पिटिन्छ, बलत्कार गरिन्छ र हत्या गरिन्छ, तब हामीले यो बुझ्नु पर्छ कि यो सब शैतानले ख्रीष्टलाई चोट पुर्याउन खोजेको सबुतहरु हुन् । ति आत्म-सन्तुष्टिको हरेक कार्यले जब अरुमाथि महामारी र हत्या ल्याउँछ, यो सब शैतानले येशुमाथि ल्याउन खोजेको कुरा प्रकट भएको छ ।

क्रुसको प्रभाव यस संसारमा पापको सुरुवातदेखि आजको दिनसम्म हेर्न सक्छौं । जो कोहि पनि यस क्रुसको कामलाई नियालेर हेर्न भने उसले आफ्नो जीवनसंग लडाई लड्छ, त्यो जीवन जो केवल येशुबाट सम्भव छ

। यो मानिसको स्वभाविक चरित्रको रहस्य हो । यो ख्रीष्टविरुद्ध शैतानको लडाई हो । आउनुहोस अब आउने पदलाई नियालेर हेरौं ।

> ***"परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। 19परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ।"***
>
> ***- रोमी १:१८-१९***

ग्रिक भाषामा *'क्रोध'* को साधरण अर्थ *'इच्छा'* हो र यसको मूल अर्थ सहायता माग्नु हो । यसलाई आवेश र क्रोध भनिन्छ । *'विरुद्ध'* को अर्थ *'अगाडी बढ्नु'* हो । यी कुराहरुलाई ध्यानमा राखी हामी यस पदलाई अनुवाद गर्नेछौं । येशुले भन्नुभयो म सत्य हुँ । यूहन्ना १४:६ । यसकारण सत्यलाई दबाउनु भनेको ख्रीष्टलाई दबाउनु हो ।

> ***"परमेश्वरको इच्छा ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट अगाडी बढेको छ, जसले ख्रीष्टलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ।"***
>
> ***- रोमी १:१८-१९ (परिवर्तित)***

हरेक दिन परमेश्वरले आफ्नो पुत्रको आत्मा हाम्रो हृदयमा वास गर्न पठाउनुहुन्छ । कसैले आफ्नो आवाज हराउँछन्, कोहि आफ्नो पुरा ताकत त्यस आत्मालाई इन्कार गर्न तयार हुन्छन् । यस संसारमा हरेक जीवित मानिसहरुमा ख्रीष्टलाई इन्कार र घृणा गरिन्छ । <u>आज</u> उहाँ दुखको मानिस र पिडासंग वाकिफ हुनुहुन्छ । हरेक दिन ख्रीष्टले आफैलाई इन्कार गर्नुहुन्छ, आफ्नो क्रुस उठाउनुहुन्छ र हामीलाई आफ्नो जीवन दिनुहुन्छ । यसमा हामी प्रति परमेश्वरको इच्छालाई देख्न सक्छौं । हरेक दिन उहाँले हामीतिर आफ्नो मायालु हात फैलाउनुहुन्छ तर अधिकांस संसारले विवेकको त्यो आवाजलाई दबाउँछन् ।

मानिसको पापले उसमा भएको क्रोधको आत्मालाई परमेश्वरमाथि प्रकट गर्दछ । उहाको प्रेमप्रति मानिसको इन्कारले परमेश्वरलाई दोषीको करार दिन्छ । मानिसको चरित्रहरु उहाँमाथि राखिन्छ जसको कारण यस्तो देखिन्छ कि उहाँलाई परमेश्वरबाट चोट पाएको र पिटिनुभएको, तर ख्रीष्ट त परमेश्वरको क्रोधबाट हैन हाम्रो पापको खातिर चोट पाउनुभएको हो । परमेश्वरले ति मानिसहरु जो उहाँको चेलाहरु हुन् भनेर दाबी गर्छन्, उनलाई उहाँले के भन्नुहुन्छ ?

> ***"तर इस्राएलको विषयमा तिनी भन्छन्, "दिनभरि नै अटेरी र विरोधी मानिसहरूप्रति मैले मेरो हात पसारेको छु।"***
>
> ***- रोमी १०:२१***

क्रुसको प्रकाशद्वारा मात्रै हामी त्यस जलप्रलय, सदोम र गमोराको आगो, येरुशलेम शहरको विनाश र यस संसारको अन्तलाई बुझ्न सक्छौं । ख्रीष्टको विरुद्ध शैतानको घृणालाई हामी यस संसारमा भएको सबै मानिसहरुलाई मार्ने योजनामा प्रकट भएको देख्न सक्छौं किनभने हरेक मानिसको निम्ति ख्रीष्टले आफ्नो प्राण दिनुभएको छ । उहाँले आफ्नो स्वेच्छाले हरेक मानिसको निम्ति आफ्नो प्राण दिनुहुन्छ ताकी उनीहरुले बाँच्नको निम्ति उहाँबाट शक्ति पाउन् । जहाँ पापको रमाहट हुन्छ त्यहाँ ख्रीष्ट वास गर्न सक्नुहुन्न तर उहाँको आत्माले पिडा पाउँदा पनि उहाँले मानिसहरुलाई बाँच्न शक्ति दिनुहुन्छ यद्धपी जब क्रुसमा उहाँको मृत्यु भयो तब उहाँको कोखाबाट पानी र रगत बगेको थियो ।

> ***"सचेत रहो, जागा रहो, तिमीहरूको शत्रु दियाबलस कसलाई भेट्टाऊँ र खाइहाँलू भनी गर्जने सिंहझैं खोजिहिँड्छ।"***
> ***- १ पत्रुस ५:८***

पाठ १३ मा हामीले यस संसारमा मानिसको आत्माको प्रभावको बारेमा पढेका छौं । जब मानिसले ख्रीष्टको आत्मालाई दबाउँछ र एक अर्काको विरुद्ध हिंसात्मक गतिविधि गर्दै ख्रीष्टको विरुद्ध शैतानको आत्मालाई प्रस्तुत गर्छ तब यस पृथ्वीले प्रकृतिको नियमद्वारा यी कुराहरुलाई मानिसहरुको विरुद्धमा फर्काउछ । जब मानिसहरुले आफ्नो आत्मामा ख्रीष्टको आवाजलाई दबाउँछन्, प्रकृतिले पनि त्यही काम गर्दछ । जब परमेश्वरले यस संसारको पापलाई सर्वेक्षण गर्नुभयो तब उहाँले भन्नुभयो कि त्यहाँ सिमित हुनेछ ।

> ***"तब परमप्रभुले भन्नुभयो, "मेरो आत्माले मानिससँग सधैँ संघर्ष गर्नेछैन, किनभने त्यो मरणशील हो। त्यसको उमेर एक सय बीस वर्षको हुनेछ।"***
>
> ***- उत्पति ६:३***

त्यहाँ सिमित हुने कुरा भनेको मानिसलाई बचाउन परमेश्वरको आत्माले गर्नुहुने कामको समय अविधि हो । आफुबाट टाढा जाने आफ्नो सन्तानहरुलाई ख्रीष्टको आत्माले दिन रात विन्ती गर्नुहुन्छ । दिन प्रति दिन तिनीहरु प्रति उहाँले आफ्नो हात फैलाउनु भएको छ ।

> ***"परमेश्वरको क्रोध [इच्छा] ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध [माथि] स्वर्गबाट प्रकट भएको छ, जसले सत्य [ख्रीष्ट] लाई तिनीहरूका अधर्मले दबाइराखेका छन्।"***
>
> ***- रोमी १:१८***

जलप्रलयभन्दा अगाडी मानिसहरुले विवेकको आवाजलाई दबाईरहेका थिए । हरेक दिन तिनीहरुले त्यस सुमधुर र नम्र आवाजलाई इन्कार गरिरहे र  आफ्नो पापपूर्ण बाटोमा लागि रहे । ख्रीष्टको आत्मालाई दबाउनुभनेको उहाँलाई तल राख्नु हो । हरेक दिन उहाँको आत्माले प्रयत्न गर्नुहुन्छ, तर मानिसहरुले उहाँलाई इन्कार गरीरहन्छन् ।

> ***"तरै पनि तिनीहरू बागी भए, र उहाँका पवित्र आत्मालाई दु:खित तुल्याए। यसैकारण उहाँ तिनीहरूका शत्रु हुनुभयो, र उहाँ***

*आफैले तिनीहरूका विरुद्धमा लड्नुभयो।”*

*- यशैया ६३:१०*

जसरी मानिसहरु नाशको नजिक अघि बढ्छन् ख्रीष्टले झन जोरसंग विन्ती गर्नुहुन्छ  र उहाँको आवाज उनीहरुलाई शत्रुको आवाज लाग्छ । उहाँको गवाही उनीहरुको लागि घृणा र क्रोधको आवाज लाग्छ ।

*“मेरो प्राण पनि साह्रै बेचैनीमा छ। कहिलेसम्म, हे परमप्रभु, कहिलेसम्म पर्खनु?*
*मतिर फर्कनुहोस्, हे परमप्रभु, मेरो प्राणलाई छुटकारा दिनुहोस्।*
*तपाईंको अचूक कृपाको खातिर मेरो उद्धार गरिदिनुहोस्।*
*मृत्युमा तपाईंको सम्झना हुँदैन, पातालमा कसले तपाईंको प्रशंसा गर्न सक्छ र?*
*आफ्नो आर्तनादले थाकेर म लाचार भएको छु, हरेक रात म रोएर मेरो ओछ्यान भिजाउँछु।*
*शोकले गर्दा मेरा आँखा धमिला भएका छन्। मेरा शत्रुहरूले गर्दा ती कमजोर भएका छन्।*
*हे सबै कुकर्मी हो, मबाट दूर होओ! किनकि म रोएको परमप्रभुले सुन्नुभएको छ।”*

*- भजनसंग्रह ६:३-८*

ख्रीष्टले पाउनुभएको दुखलाई लूकाउन सकिन्न । यदी मानिसहरुले ख्रीष्टको क्रुसलाई इन्कार गर्दछन् भने सृष्टिकर्ताको लागि ति निर्जीव

ढुंगाहरुले गवाही दिन्छन् । जसरी यस संसारको सृष्टिकर्ता ख्रीष्ट हुनुहुन्छ त्यसरी नै उहाँको पिडाप्रति यस संसारले प्रतिकिया दिन्दछ ।

> *"हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ।"*
>
> *- रोमी ८:२२*

भजनसंग्रहमा भएको अधिकांस अध्यायहरुमा ख्रीष्टको अनुभवलाई प्रकाशमा ल्याए । र यसको साधरण अर्थ यो हो कि ति सबैमा ख्रीष्टको आत्मा हुनुहुन्थ्यो जब तिनिहरुले भजनसंग्रह मात्र हैन तर पुरा बाइबल नै लेखेका हुन् ।

> *"तिमीहरूका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताहरूले यही मुक्तिको खोजी र तलाश गरेका थिए। तिनीहरूभित्र हुनुभएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका थिए।"*
>
> *- १ पत्रुस १:१०-११*

भजनसंग्रह १८ मा हामी जलप्रलयको पृष्टभूमिमा क्रुसमा ख्रीष्टले पाउनुभएको पिडालाई प्रकट गरिएको छ ।

> *"मृत्युका डोरीहरूले मलाई घेरे, विनाशको बाढ़ीले मलाई व्याकुल बनायो।*

*पातालका डोरीहरूले मलाई बेह्रे, मृत्युको पासोले मेरो सामना गर्‍यो।"*

*- भजनसंग्रह १८:४-५*

भजनसंग्रह १८ ले जलप्रलयको भाषामा लेखिएको छ भने अरुले जलाउने आगोको विषयमा भनेका छन् र सदोम र गमोराको विषय र पापीहरुको नाशको विषयमा कुरा गर्दछन् । जब ख्रीष्टले मानिसहरुलाई उनीहरुको पापबाट भगाउनुहुन्छ तब उनीहरुलाई उनीहरुको इश्वरहिन व्यवहारले दबाउँछ ।

*"पृथ्वीमा मानिसलाई बनाउनुभएकोमा परमप्रभुले अफसोस गर्नुभयो, र उहाँ मनमा साह्रै दु:खित हुनुभयो।"*

*- उत्पति ६:६*

जलप्रलयभन्दा अगाडीको मान्छेहरुले ख्रीष्टलाई खुल्ला शर्ममा पारीरहेका थिए । तिनीहरुको पापले गर्दा उहाँको आत्मालाई एकदम दुख र चोट परेको थियो र अन्तमा उहाँले त्यस समयको क्रुसमा कराउनुभयो - म थाकिसकें ! परमेश्वरको आत्माले मानिससंग संघर्ष गर्ने छैन । सयौं वर्षसम्म प्रयास गर्नुभएपछी, पिताले उनीहरुको निर्णयलाई स्वीकार गर्नुभयो ।

*"दुष्ट मानिसको पुरानो चालमा के तपाईं हिँड्नुहुन्छ? तिनीहरू आफ्नो समय अघि नै हटाइए, भलले तिनीहरूका जग नै बगाएर लग्यो। ती मानिसहरूले परमेश्‍वरलाई भने, 'हामीलाई*

*छोड़िदिनुहोस्, सर्वशक्तिमान्‌ले हामीलाई के गर्न सक्नुहुन्छ र?' तापनि उहाँले तिनीहरूका घरहरू असल-असल थोकहरूले भरिदिनुभएको थियो। यसर्थ म दुष्टको सल्लाहदेखि अलग बस्छु।"*

*- अय्युब २२:१५-१८*

मानिसहरुले पितालाई भगाएका थिए । यद्धपी ख्रीष्ट मानिसहरुसंग बस्नु भयो र उनीहरुले लिएको हरेक निर्णयमा ख्रीष्टले सास्ती भोग्नुभयो नत्रता तिनीहरु मर्ने थिए र त्यसको दोष परमेश्वरमाथि लाग्ने थियो । जब जलप्रलय भन्दा अगाडीको मानिसहरुमाथि बादल गर्जन थाल्यो र बिजुली चम्कन थाल्यो, ख्रीष्ट उनीहरुसंग हुनुहुन्थ्यो । उहाँले तिनीहरुसंग दुख भोग्नुभयो र अन्तसम्म तिनीहरुलाई बोक्नुभयो । उहाँको नाम इम्मानुएल हो यानी परमेश्वर हामीहरुसंग । त्यो जलप्रलय क्रुसको प्रकाश थियो तर पनि हामी उहाँलाई परमेश्वरबाट चोट पाएको र पिडित भएको ठान्छौं ।

जलप्रलयको घटनामार्फत ति निर्जीव चरित्रहरुलाई सुसमाचार प्रचारबाट रोक्न सकिन्न । तल दिइएको खण्डहरुमा वर्णन गरिएको क्रुस र जलप्रलयको कथामा सम्बन्धलाई हेर्नुहोस्:

### क. बोलाउनु/कराउनु

*"मृत्युका डोरीहरूले मलाई घेरे, विनाशको बाढ़ीले मलाई व्याकुल बनायो।*

*पातालका डोरीहरूले मलाई बेह्रे, मृत्युको पासोले मेरो सामना गऱ्यो।*

*मेरो आपत्‌मा मैले परमप्रभुलाई पुकार गरें, र मदतको निम्ति मेरा परमेश्वरलाई हपारें। आफ्नो मन्दिरबाट उहाँले मेरो सोर सुन्नुभयो, मेरो पुकार उहाँको सामु, उहाँका कानमा पुग्यो।"*

*- भजनसंग्रह १८:४-६*

*"तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?"*

*- मत्ती २७:४६*

## ख. पृथ्वी काम्नु

*"पृथ्वीमा कम्पन भयो, अनि भूकम्प गयो, पहाड़हरूका जगहरू हल्लिए। तिनीहरू थरथर कामे, किनभने उहाँ रिसाउनुभएको थियो।"*

*- भजनसंग्रह १८:७*

*"यसै घड़ी मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, र जमिन काँप्न लाग्यो, र चट्टानहरू फुटे।"*

*- मत्ती २७:५१*

## ग. अन्धकार

*"स्वर्गलाई फारेर उहाँ तल ओर्लनुभयो। अँध्यारो बादल उहाँका गोडामुनि थियो। [तैंले उसको कुर्कुच्चा डस्नेछस्]"*

*- भजनसंग्रह १८:९*

*"अन्धकारलाई उहाँले आफ्नो ओढ्ने तुल्याउनुभयो, पानीले काला भइसकेका बाक्ला बादललाई उहाँले आफ्नो मण्डप तुल्याउनुभयो।"*

*- भजनसंग्रह १८:११*

*"अब मध्याह्नदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो।"*

*- मत्ती २७:४५*

## घ. पानीको मुहानहरु प्रकट गरिनु

*"हे परमप्रभु, तपाईंको हप्कीमा, र तपाईंको नाकबाट निस्केको श्वासको विस्फोटले समुद्रका तहहरू देखा परे,  र पृथ्वीका जगहरू प्रकट भए।"*

*- भजनसंग्रह १८:१५*

*"नोआका जीवनको छ सय वर्षको दोस्रो महिनाको सत्रौँ दिनमा ठूला-ठूला अगाधका सब मूलहरू फुटे, र आकाशका द्वारहरू खुले।"*

*- उत्पति ७:११*

## ङ. अनुहार लूकाउनु र त्यागिएको महसुस गर्नु

*"केही क्षणको निम्ति मैले तँलाई त्यागेको थिएँ, तर अगाध कृपासित म तँलाई फेरि ल्याउनेछु। 8रीसको झोँकमा क्षणभरको निम्ति मैले मेरो मुख तँदेखि लुकाएको थिएँ, तर अनन्त प्रेम देखाएर म तँलाई कृपा गर्नेछु," परमप्रभु तेरा उद्धारक भन्नुहुन्छ। "यो त मेरो निम्ति नोआको पालोका दिनहरूजस्तै छ, किनकि जसरी मैले नोआको समयमा शपथ खाएको थिएँ, कि म जलप्रलयको पानीले पृथ्वीलाई फेरि डुबाउनेछैनँ, त्यसरी नै अबदेखि तँमाथि म रीस गर्नेछैनँ, म तँलाई कहिल्यै हप्काउनेछैनँ भनी मैले शपथ खाएको छु।"*

*- यशैया ५४:७-९*

*अब मध्याह्नदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो। 46तीन बजेतिर येशू यसो भनेर ठूलो सोरले कराउनुभयो, "इलोई, इलोई, लामा सबखथनी?" अर्थात्, "हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभएको छ?"*

*- मत्ती २७:४५-४६*

## च. मुक्ति

*"उहाँले माथिबाट आफ्नो बाहुली पसारेर मलाई समात्नुभयो। उहाँले गहिरो सागरबाट मलाई तानेर निकाल्नुभयो।"*

*- भजनसंग्रह १८:१६*

*"तर परमेश्वरले नोआ र तिनीसँग जहाजमा भएका सबै वन-पशु र पालिने पशुहरूलाई सम्झनुभयो, अनि उहाँले पृथ्वीमा बतास चलाइदिनुभयो, र पानी घट्‌न लाग्यो। 2अगाधका मूलहरू र आकाशका द्वारहरू थुनिए र आकाशबाट पानी बन्द गरियो। 3अनि पानी पृथ्वीमा लगातार घट्‌दैगयो। एक सय पचास दिन बितेपछि पानी घट्‌यो।"*

*- उत्पति ८:१-३*

सृष्टिकर्तासंग के भयो त्यसको गवाही प्रकृतिले दियो । जसरी यस संसारमा आउने हरेक मानिसहरुको निम्ति ख्रीष्ट प्रकाश हुनुहुन्छ, उहाँको पिडा ति मानिसहरुमा प्रकट भएको थियो जसले त्यस जलप्रलयमा आफ्नो ज्यान गुमाएका थिए ।

*"परमप्रभुको वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू।*
*उहाँले समुद्रको पानीलाई जम्मा गरेर एक थुप्रो पार्नुहुन्छ। उहाँले गहिरा सागरहरूलाई आफ्ना ढुकुटीमा राख्नुहुन्छ।"*

*- भजनसंग्रह ३३:६-७*

ख्रीष्टको शक्तिद्वारा स्वर्ग बनिएका थिए । हरेक सृजित थोकहरुमा उहाँको आवाज गुन्जिएको छ । ख्रीष्टको वचनद्वारा पानीहरु जम्मा भएका थिए । जब जलप्रलयभन्दा अगाडीको पुस्ताले ख्रीष्टलाई पूर्णरुपमा इन्कार गरे,

उहाँको आवाजलाई शान्त पारे र त्यस शक्ति जसले पानीको मुहानहरु थुनेका थिए, ति सबै खुल्ला छाडिए र त्यसले कहर मचायो ।

शैतानले पानीको मुहानहरुलाई खुल्ला पारेको थिएन तर त्यसले मानिसहरुलाई त्यस विन्दुसम्म ख्रीष्टलाई दुख दिन लगाएको थियो कि अन्तमा परमेश्वरले तिनीहरुको कुरा मान्नुभयो; र परिणामस्वरूप प्रकृतिले आफ्नो मालिकको सुमधुर आवाज सुन्न बन्द गर्यो जसले निरन्तर रुपमा शान्त रह भन्नुभएको थियो । त्यस जलप्रलयले शैतान र पापी मानिसहरुको स्थितिलाई जनाउँछ । शैतान आफैले ति कुराहरुलाई भोग्नुपरेको थियो । ति गहिरा पानीको मुहानहरु फुट्दा त्यसमा ख्रीष्टको टुक्रिएको हृदयलाई प्रकट गरिएको छ । आकाशबाट परेको पानीले उहाँको आँसुको गवाही दिन्छन् (भजनसंग्रह ११९:१३६) जब उहाँले आदमको पतित सन्तानहरुको लागि झार्नुभएको थियो । जलप्रलयभन्दा अगाडीको पुस्ताले ख्रीष्टको दुखलाई स्वीकार गर्न इन्कार गरेको थियो, तर प्रकृतिले आफ्नो लेखकको दुखहरु, मृत्यु र पिडाको गवाही दिएको थियो । त्यस पुस्तालाई ख्रीष्टलाई इन्कार गर्न उक्साएर शैतानले विनाशलाई निम्ताएको थियो । जब यो इन्कार पूर्णरुपमा गरियो, तब प्रकृतिले उहाँको आत्मालाई इन्कार गरेको गवाही दिएको थियो ।

ख्रीष्टको उपस्थितिबिना कोहि पनि मानिस बाँच्न सक्दैन, र त्यस जलप्रलयमा जति पनि मानिसहरुले प्राण गुमाए, तिनीहरुको निम्ती उहाँ दुखि हुनुभयो । उनीहरुको दुखमा उहाँ दुखि हुनुभयो । उनीहरुको सारा जीवनभरी उहाँले तिनीहरुलाई बोक्नुभयो । जब उहाँले आफ्ना ति

सन्तानहरुको मृत्यु देख्नुभयो उहाँ एकदम दुखि हुनुभयो । ति हरेक आत्मा जसले डरमा कराएको थियो, ख्रीष्टले तिनीहरुको पिडा महसुस गर्नुभयो र तिनीहरुलाई बचाउन चाहनुभयो तर सक्नुभएन । जसरी उहाँ क्रुसमा एकदम लाचार र पिडामा हुनुहुन्थ्यो त्यसरी नै उहाँले तिनीहरुको मृत्यु हुदाँ तिनीहरुको लाचारता र पिडा महसुस गर्नुभयो ।

ख्रीष्टको क्रुसलाई नचिन्नको लागि आज इसाईहरुले भन्दछन् कि परमेश्वरले आफ्नो क्रोधमा पापीहरुलाई सजाय दिनुहुन्छ । त्यस जलप्रलयको नरसंहारलाई पापीहरुलाई उहाँले दिनुभएको सजायसंग जोडिएको छ । यो कुरा केहि हदसम्म सत्य हो कि यस संसारलाई फुटाउन र जलप्रलय उहाँको शक्ति प्रयोग भएको हो जसरी परमेश्वरको शक्ति ति रोमी सैनिकहरुमा पनि थियो जसले येशुलाई क्रुसमा टाँगेका थिए । के परमेश्वरले आफ्नो पुत्रलाई क्रुसमा टाँग्नुभयो त ? के उहाँको हिँसाले उहाँलाई मृत्युमा पुरायो ? हैन, कदापी हैन ! त्यस सर्प जसले ख्रीष्टको कुर्कुच्चामा डसेको थियो त्यसमा परमेश्वरको शक्ति थियो ।

७० ए.डीमा येरुशलेमको विनाश हुँदा महिलाहरुले आफ्नो बच्चाहरुलाई खाएका थिए र यति धेरै जनालाई क्रुसमा टाँगीयो कि त्यहाँ थप क्रुसको लागि स्थान नै थिएन । विलापको पुस्तकमा यस्तै घटनाहरुको वर्णन गरिएको छ ।

> ***"भोकले मर्नेहरूभन्दा तरवारले मर्नेहरू सौभाग्यशाली हुन्छन्।***
> ***जमिनका फलको अभावले तिनीहरू भोकाएर सुक्दैजान्छन्।***
> ***कोमल हृदयका स्त्रीहरूले आफ्नै हातले आफ्ना बालकहरूलाई***

*पकाए। मेरा प्रजाको सर्वनाशमा तिनीहरूका नानीहरू नै आफ्नो आहार भए। परमप्रभुले आफ्नो क्रोध पूरै देखाउनुभयो, उहाँले आफ्नो ज्वलन्त रीस पोखाउनुभयो। उहाँले सियोनमा आगो सल्काउनुभयो। त्यसले गर्दा त्यसका जगहरू भस्म पारिए। कुनै शत्रु यरूशलेमका मूल ढोकाहरूबाट पस्छन् भनी पृथ्वीका कुनै राजा वा संसारको कुनै मानिसले पनि चिताएका थिएनन्। योचाहिँ त्यसका अगमवक्ताहरूका पाप र त्यसका पूजाहारीहरूका अधर्मले भएको हो। तिनीहरूले सहरकै बीचमा धर्मीहरूको रगत बगाए।"*

*- विलाप ४:९-१३*

११ पदमा परमेश्वरको क्रोधको बारेमा वर्णन गरिएको छ र उहाँको क्रोधको बारेमा कुरा गरिरहन्छ, जसको कारण हामीलाई ११ अध्यायबाट यो पुस्तकको नाम किन विलाप राखियो त्यसको कारण थाह हुन्छ । १२ पदमा हामी शत्रुताको यथार्तता र येरुशलेममा शत्रुको प्रवेशको विषयमा हेर्नसक्छौं । १३ पदमा धर्मीजनको हत्याको विषयमा भनिएको छ । त्यस धर्मीजन को हुन् त जसको हत्या गरियो ?

*"किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो - धर्मी जन अधर्मीहरूका निम्ति - तर आत्माद्वारा जीवित पारिनुभयो।"*

*- १ पत्रुस ३:१८*

येरुशलेम शहर शान्तिको शहर थियो र ख्रीष्ट त्यहाँको आत्मिकी अगुवा हुनुहुन्थ्यो । एकदम गहिरो पिडा र दुखमा पिताको अनुहार अगमवक्ताहरु र पुजाहारीहरुको पापको कारण लुकेको थियो । यसले गर्दा शैतान शहरमा प्रवेश गरेको थियो र ख्रीष्ट त्यस धर्मीजन हुनुहुन्छ जसको हत्या गरियो । जसरी यर्मिया र दानिएलको समयमा जब परमेश्वरको जनहरुलाई मारियो र कैदमा लगियो तब ख्रीष्टको रगत बगेको थियो । यही कुरा परमेश्वरको जनहरुको विनाशमा हुन्छ; ख्रीष्टले तिनीहरुसंग पिडा पाउनुहुन्छ र क्रुसलाई बोक्नुहुन्छ ।

के तपाईंले क्रुसको नजरबाट त्यस जलप्रलयलाई देख्न सक्नुहुन्छ ? के तपाईले सदोममा ख्रीष्टको पिडालाई देख्न सक्नुहुन्छ ? के तपाई मिश्रदेशमा पहिलो सन्तानको मृत्युमा र येरुशलेमको विनाशमा ख्रीष्ट पिडालाई देख्न सक्नुहुन्छ ? के तपाईं हरेक मानिसको विनाशमा क्रुसलाई देख्न सक्नुहुन्छ ? केवल ख्रीष्टको क्रुसमा तपाईले बाइबलमा भएको न्यायहरुलाई परमेश्वरको अचम्मको प्रेमको रुपमा देख्न सक्नुहुन्छ । जब हामी मानिस र प्रकृतिमा प्रकट भएको हिंसात्मक चरित्रलाई ख्रीष्टप्रति शैतानको घृणाको प्रकाशको रुपमा देख्न सक्छौं, तब हामी त्यस खाँबोमा झुण्डाईएको कांसाको सर्पको अर्थलाई बुझ्न सक्छौं । जब क्रुसको पृष्टभूमिमा त्यस सर्पलाई बुझ्दछौं तब परमेश्वरको चरित्रमा त्यस सर्पको टोकाई निको हुनसक्छ ।

# २०. क्रुसमा प्रकट भएको सर्प

दुख, महामारी र मृत्युको लेखक शैतान हो । हामीले यो सत्यको स्थापना गरेको छौं कि हरेक मानिसलाई ख्रीष्टले आनो प्राण दिनुभएको छ र यस पृथ्वीमा वास गर्ने हरेकसंग नजिक हुनुहुन्छ । जब मानिसले आफु प्रति वा अरुप्रति हिँसा प्रयोग गर्छ तब ख्रीष्टले एकदम पिडा पाउनुहुन्छ । शैतानले मानिसहरुले गरेको हिँसामा ख्रीष्टप्रति आफ्नो हिँसालाई यसरी लूकाएको छ कि जब मानिसहरुले हेर्छन कि परमेश्वर नै विनाशक हुनुहुन्छ र बाइबलमा भएको हरेक न्यायलाई उहाँसंग जोडिएको छ ।

निकोदेमससंग कुरा गर्नुहुँदा येशुले अहिलेसम्मको उच्चारण गरिएको महान सत्यलाई भन्नुहुन्छ । यो क्रुसको प्रकाश हो जो एकदम अच्चमको छ र संसारबाट लुकिएको छ ।

> ***"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ,"***
>
> ***- यूहन्ना ३:१४***

येशुले भन्नुभएको घटना गन्ती २१ मा पाउन सक्छौं । इस्राएलको सन्तानहरु परमेश्वर र मोशाको विरुद्ध गनगन गर्दै थिए । त्यस गनगनको आत्माले सुरक्षाको घेरामा चिरा पारेको थियो ।

> ***"खाड़ल खन्ने मानिस आफै त्यसमा जाकिन सक्छ, र पर्खाल भत्काउने मानिसलाई साँपले डस्न सक्छ।"***
>
> ***- उपदेशक १०:८***

सुरक्षाको घेरामा चिरा परेको कारण त्यस उजाडस्थानमा भएको खतराहरु प्रकट हुन थालेका थिए जसबाट परमेश्वरले तिनीहरुलाई बचाउनुभएको थियो । छिट्टै ति विषालु सर्पहरुले ति इस्राएलीहरुलाई डस्न थाले, त्यस विषको पिडामा, तिनीहरुले मोशासंग सहायताको गुहार मागे ।

*"तब तिनीहरूले परमेश्‍वर र मोशाको विरुद्धमा यसो भन्‍न लागे, "यस उजाड़-स्थानमा मर्न हामीलाई तपाईंहरूले किन मिश्रदेशबाट ल्याउनुभयो? यहाँ रोटी छैन,यहाँ पानी पनि छैन। यस तुच्छ खानेकुरादेखि त हामीलाई वाक्कै लागिसक्यो।" तब परमप्रभुले ती मानिसहरूका बीचमा विषालु सर्पहरू पठाइदिनुभयो, र सर्पले मानिसहरूलाई डसे, र इस्राएलीहरूका धेरै जना मरे। अनि मोशाकहाँ आएर मानिसहरूले भने, "परमप्रभु र तपाईंको विरुद्धमा बोलेर हामीले पाप गरेका छौं। उहाँले हामीबाट यी सर्पहरू हटाइदेऊन् भनी परमप्रभुलाई प्रार्थना गर्नुहोस्।" तब मोशाले ती मानिसहरूका निम्ति प्रार्थना गरे। परमप्रभुले मोशालाई भन्‍नुभयो, "तैंले विषालु सर्पको एउटा प्रतिमा बनाएर त्यसलाई एउटा खामामा झुण्ड्या। सर्पले डसेकाहरूले त्यसलाई हेरेपछि तिनीहरू बाँच्नेछन्।" तब मोशाले एउटा काँसाको सर्प बनाएर त्यसलाई एउटा खामामा झुण्ड्याए। सर्पले डसेका सबैले काँसाको सर्पलाई हेरेपछि बाँचे।"*

*- गन्ती २१:५-९*

जब तपाईले यस कथालाई पढ्नुहुन्छ तब त्यस ऐनाको सिद्वान्तलाई याद गर्नुहोस्:

> ***"तब परमप्रभुले ती मानिसहरूका बीचमा विषालु सर्पहरू पठाइदिनुभयो, र सर्पले मानिसहरूलाई डसे, र इस्राएलीहरूका धेरै जना मरे।"***
>
> ***- गन्ती २१:६***

हिब्रु शब्द *"पठाउनु"* को अर्थ *"त्याग गर्नु"* वा *"छाड्नु"* हो । जब मानिसहरुले परमेश्वरलाई दोष लगाए, उनीहरुले उहाँलाई पछाडी धकेले जसको कारण तिनीहरुलाई सर्पले डसे । अहिलेसम्म परमेश्वरले तिनीहरुलाई बचाउनुभएको थियो तर जब ति मानिसहरु परमेश्वरको विरुद्ध कडा भए तब उनीहरुले परमेश्वरलाई पछाडी धकेले जसको कारण उहाँले तिनीहरुलाई बचाउन सक्नुभएन । बाइबलले ति सर्पहरु कसरी आए भनेर भन्दछ ।

> ***"हामीले प्रभुको परीक्षा गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र सर्पहरूद्वारा नष्ट भएका थिए। हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए।"***
>
> ***- १ कोरिन्थी १०:९-१०***

१० पदमा भएको हिब्रु शब्द *"विनाशक"* को अर्थ *"खत्तम पार्ने व्यक्ति"* वा विषालु सर्पपनि हो । पावलले ९ पदमा भएको *"सर्प"* लाई १० पदमा भएको *"विनाशक"* संग जोडेका छन् । शैतान विनाशक हो ।

> ***"अतल कुण्डको दूत तिनीहरूको राजा थियो। हिब्रू भाषामा त्यसको नाउँ एबाड्डोन र ग्रीक भाषामा त्यसको नाउँ अपोल्लियोन (विनाशक) हो।"***
>
> ***- प्रकाश ९:११***

जब ति मानिसहरुले आफ्नो विद्रोहद्वारा आफ्नो वरिपरि भएको सुरक्षाको घेरामा चिरा पारे तब शैतान त्यहाँ आउन सफल भएको थियो र उसले मानिसहरुलाई मार्न थालेका थिए । बाइबल अनुवादकहरुले *"पठाएको"* शब्दलाई सर्पहरु छाडिएको भनेर अनुवाद गर्छन त्यसले यस कथा पढ्नेहरुलाई ऐनाको रुपमा काम गर्दछ । जब मानिसहरुले यो सोच्छन् कि ति मानिसहरुलाई मार्न परमेश्वरले ति सर्पहरुलाई पठाउनुभयो तब मानिसहरुको हृदयमा भएको परमेश्वरको प्रतिबिम्ब हामी बुझ्न सक्छौं । पितालाई हेर्नको लागि जब हामी येशुको जीवनलाई प्रयोग गर्छौं तब यस घटनालाई हामी बुझ्नको लागि नयाँ नजर प्रयोग गर्न सक्छौं । के परमेश्वरले मानिसहरुलाई उनीहरुको गनगनको लागि मार्न सर्पहरु पठाउनुहुन्छ ? यो ख्रीष्टको चरित्रको ठिक विपरित छ । जब मैंले बाइबलमा खोजि गरें तब म १ कोरिन्थी १०:९, १० मा पुगें जसले यस कथाको बारेमा वर्णन गर्दछ र यसले भन्दछ कि ति मानिसहरुलाई शैतानले मार्यो । प्रकाश ९:११ ले त्यस नाशक अतलकुण्डबाट आएको दूत हो भन्दछ । तब

हामी यो देख्न सक्छौं कि "पठाउनु" शब्दको अर्थहरु धेरै छन् र जब हामी अनुसन्धान गर्न थाल्छौं तब यी पदहरु सबै एक आपसमा मिल्दछन् ।

अच्चमको प्रश्न यो छ कि किन परमेश्वरले मोशालाई कांसाको त्यस सर्प बनाउन आदेश दिनुभयो र जब मानिसहरुले त्यस सर्पलाई हेरे र बाँच्न थाले ? यो कुरा अलि अच्चमको छ । बाइबलमा भएको सर्पको अर्थ शैतान हो ।

> ***"यो ठूलो अजिङ्गर तल फालियो— त्यो प्राचीन सर्प, जो सारा संसारलाई बहकाउने दियाबलस वा शैतान हो। त्यो पृथ्वीमा फ्याँकियो र त्यसका दूतहरू त्यसका साथसाथै फ्याँकिए।"***
>
> ***- प्रकाश १२:९***
>
> ***"तर जसरी सर्पले आफ्नो चलाकीले हव्वालाई छल्यो, त्यसरी नै ख्रीष्टप्रतिका तिमीहरूको निष्कपट र चोखो भक्तिबाट तिमीहरूका विचारहरू भ्रममा पर्छन् कि भनेर मलाई डर लागेको छ।"***
>
> ***- २ कोरिन्थी ११:३***

सर्पले टोकेको मानिसहरुले जब त्यस कांसाको सर्पलाई हेरे र बाँचे, के यो सम्भव छ ? परमेश्वरले कुन पाठ तिनीहरुलाई सिकाउन चाहनुभयो ? यसले हामीलाई त्यस रातमा लैजान्छ जब निकोदेमस येशुलाई भेट्न आएका थिए । के येशुले आफैलाई सर्पसंग तुलना गर्नुभयो ?

*"जसरी मोशाले उजाड-स्थानमा सर्पलाई उचाले, त्यसरी नै मानिसको पुत्र उचालिनुपर्छ,"*

*- यूहन्ना ३:१४*

येशुले त्यस सर्पलाई उचालिएकोसंग येशुले आफुलाई क्रुससंग उचालिएकोसंग तुलना गर्नुभयो । अधिकाँश विश्वासीहरुले येशुलाई हेर्दा चङ्गाई पाउने प्रक्रियालाई बुझ्न सक्छौं जो उनीहरुको निम्ति क्रुसमा मर्नुभयो ।

जब पापी मानिस पापको सरापमा ख्रीष्टलाई हेर्छ र देख्छ कि ख्रीष्टले त्यस पापीको सराप उठाउनुभयो, यसले हृदय र चरित्रप्रति धन्यवादीको भावना उत्पन्न हुन्छ । शैतानबाट आउने छलबाट पापको सरापबाट यसले चङ्गाई प्रदान गर्छ, जो सर्पदंशबाट आउने महामारी र मृत्युजस्तै हो ।

किन कांसामा उचालिएको सर्पलाई चङ्गाईको संकेतको रुपमा प्रयोग गरिएको छ ? यदी थुमाको प्रतिमा बनाएर खम्बामा राखिएको भए यो कुरा झन् बुझ्न सजिलो हुँदैन थियो र ? शैतानको संकेतसंग कसरी ख्रीष्टलाई तुलना गरियो ?

***"किनकि हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्वरले हाम्रा खातिर पाप बनाउनुभयो।"***

***- २ कोरिन्थी ५:२१***

क्रुसमा येशुको मृत्युले शैतानको पुरा चरित्र प्रकट गरेको थियो । ख्रीष्टको क्रुसले पापीहरुको अन्तिम दुर्दशा र शैतानको वास्तविक चरित्रलाई हत्याराको रुपमा पूर्ण उजागर गर्दछ । शैतानले आफ्नो पापी आत्मालाई मानिसहरुको सामु प्रकट गर्न जुन शक्ति ख्रीष्टको थियो त्यसलाई शैतानले प्रयोग गर्न सक्यो जसले गर्दा शैतानले मानिसहरुलाई आफ्नो नियन्त्रणमा लिएर ख्रीष्टलाई पिडा दियो र मार्यो । परमेश्वरले आफ्नो पुत्रलाई त्यस भयानक पिडा र मृत्युको लागि दिनुभयो जसमा हामी मानिसहरुले बुझ्न नसक्ने पिताको अगापे प्रेमलाई देख्न सक्छौं । क्रुसले पापीहरुमा पापको नाश र शैतानको वास्तविक चरित्रमा प्रकाश पार्दछ ।

क्रुसमा येशुले कराउनुभयो, “हे मेरो परमेश्वर, मलाई किन त्याग्नुभयो ?” यो कुरा पापीले तब महसुस गर्छ जब उसलाई आफ्नो पापको ग्लानिबोध हुन्छ । मनको पिडामा, जब पापीलाई आफ्नो पापको ग्लानिबोध हुन्छ तब उसले आफ्नो आत्मामा न्यायको डरलाग्दो महसुस गर्न सक्छ । पापीलाई यस्तो लाग्छ कि परमेश्वरले उसमाथि आगो बर्साउनुभयो तर यो आत्मग्लानिबोध र दोषको भावना हो जुन शुद्ध र निस्वार्थ प्रेमको उपस्थितिमा प्रकट हुन्छ ।

यो क्रुसको असमझता हो । यसले शैतानको हिंसात्मक चरित्रलाई प्रकट गर्छ र पापमय जीवनको वास्तविक परिणामलाई प्रकट गर्दछ तर यस्तो लाग्छ कि परमेश्वरले पापीहरुलाइ पिडा दिंदै हुनुहुन्छ । दोषको अन्धकारमा पिताको प्रेमिलो मुहारलाई लूकाउँछ र पापले ल्याउने डरलाग्दो परिणाम र शर्म मात्र महसुस हुन्छ । कयिनको जीवनमा हामी

क्रुसको य दुई चरित्रलाई देख्न सक्छौं । यसबारेमा वाईक्लिफ अनुवादमा गरिएको छ ।

> *"कयिनले परमप्रभुलाई भने, "मैले सहनै नसक्ने कड़ा दण्ड मलाई भयो। 1हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको मुहारबाट मैले लुक्नुपर्नेछ।...*
> *- उत्पति ४:१३-१४*

कयिनले जुन कुरा महसुस गरेको थियो त्यो उसको पापको अन्तिम परिणामले ल्याउने आत्म ग्लानिबोध थियो । उसलाई लाग्यो कि उसको पाप एकदम ठुलो थियो कि उसले माफी नै पाउनेछैन । त्यही समयमा यी कुराहरुलाई परमेश्वरमाथि दोष थपियो जसको कारण उहाँलाई यसकारण दोषी ठहराइयो । यी दुई कुराहरु न्यायको दुई पाटोहरु हुन् र यसरी क्रुसको दुई पाटोहरु हुन् ।

क. माफीको आशाबिना दोष र आत्म-ग्लानिबोध
ख. परमेश्वरमाथि दोष थप्नु र उहाँलाई न्यायमा आक्रमक देखाउनु

यो पृष्ठभूमिमा रहेर जब हामी बाइबलमा भएको हिँसाहरुलाई देख्छौं, यसमा हामी शैतानको चरित्र प्रकट भएको देख्छौं तर हेर्दा यस्तो लाग्छ परमेश्वरले पापीहरुमाथि आफ्नो क्रोध खनाउनु भएको छ । पापीको नजरबाट हेर्दा परमेश्वरको आक्रमक रुप न्यायमा देखिन्छ ।

*"इस्राएलीहरूका दृष्टिमा परमप्रभुका महिमाको रूप पर्वतको टाकुरामा भस्म पार्ने आगोजस्तै थियो।"*
*- प्रस्थान २४:१७*

अगाडीको पाठमा भनेको जस्तै, शैतानलाई उसको असली रुप बाहिर ल्याउन, आफ्नो सन्तानहरुको पिडामा ख्रीष्टले आफैलाई इन्कार गर्नुपर्ने हुन्छ र क्रुसको पिडालाई बोक्नुपर्ने हुन्छ । यस पिडाले शैतानको चरित्रलाई प्रकट गर्दछ । तर समस्या यो हो कि मानिसहरुले यो सोच्दछन् कि परमेश्वरले तिनीहरुलाई नाश गर्नुहुन्छ किनभने तिनीहरुको दोषी विवेकले तिनीहरुलाई मृत्युको भागीदार ठहराएको छ ।

*"यस्ता काम गर्नेहरू मृत्युको योग्य हुन्छन् भन्ने परमेश्वरको धार्मिक-विधान जान्दाजान्दै पनि तिनीहरू यी काम गर्ने मात्र होइनन्, तर यस्ता गर्नेहरूसँग पूर्ण सहमत पनि हुन्छन्।"*
*- रोमी १:३२*

जब हामी ख्रीष्टलाई क्रुसमा उचालिएको देख्छौं, त्यस कुरालाई पृष्ठभूमि बनाएर हामी सर्पलाई हेर्न सक्छौं कि परमेश्वरले नाश गर्नुहुन्न तर शैतानले नाश गर्दछ । यसले हठी मानवीय हृदयलाई, जसले सोच्छ कि परमेश्वरले नाश गर्नुहुन्छ, त्यसलाई निको पार्दछ । यो सांकेतिक व्याख्या बुझ्न एकदम कठिन छ र यसलाई बुझ्न समय चाहिन्छ तर यो कुरा सत्य हो कि जब तपाई धर्मशास्त्रमा भएको न्यायमा सर्पलाई हेर्नुहुन्छ तब

परमेश्वरप्रति तपाईको हठीपन हट्दै जान्छ । तपाई साँचो रुपमा उहाँसंग मिल्नुहुनेछ र तपाईको हृदयबाट डर हटेर जानेछ ।

> *"प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।"*
> *- १ यूहन्ना ४:१८*

यी सिद्वान्तहरुलाई मनमा राख्दा हामी त्यस छडीको प्रयोगको बारेमा बुझ्न सक्छौं जो सर्पमा परिवर्तन भएको थियो ।

> *"तब परमप्रभुले तिनलाई भन्नुभयो, "तेरो हातमा के छ?" तिनले भने, "लट्ठी।" परमप्रभुले भन्नुभयो, "त्यो भूइँमा फाल्।" मोशाले त्यो भूइँमा फालिदिए, र त्यो एउटा सर्प भयो, र मोशा त्यसदेखि डराएर भागे। तब परमेश्वरले मोशालाई भन्नुभयो, "तेरो हात लम्काएर त्यसको पुच्छरमा समात्।" अनि मोशाले हात लम्काएर समाते, र त्यो तिनको हातमा फेरि लट्ठी नै भइहाल्यो। परमप्रभुले भन्नुभयो, "तिनीहरूले तिनीहरूका पिता-पुर्खाका परमेश्वर, अर्थात् अब्राहामका परमेश्वर, इसहाकका परमेश्वर र याकूबका परमेश्वर तँकहाँ देखा पर्नुभएको हो रहेछ भनी तिनीहरूले यही कामबाट पत्याऊन्।"*
> *- प्रस्थान ४:२-५*

त्यस लाठि वा छडी शक्तिको संकेत हो । राजकीय भाषामा, यसलाई राजदण्ड भन्नसकिन्छ । ख्रीष्ट जो परमेश्वरको पुत्र हुनुहुन्छ, उहाँसंग राजदण्ड छ ।

> *"तर पुत्रको विषयमा चाहिँ उहाँ भन्नुहुन्छ, "हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ, र न्यायको राजदण्ड तपाईंका राज्यको राजदण्ड हो।"*
>
> *- हिब्रु १:८*

ख्रीष्टलाई पनि राजदण्ड भनिन्छ ।

> *"म उहाँलाई देख्छु, तर अहिले त होइन। म उहाँलाई हेर्छु, तर नजिकै त होइन। याकूबबाट एउटा तारा आउनेछ, र इस्राएलबाट एउटा राजदण्ड उदय हुनेछ। उहाँले मोआबका टाउको किच्च्याउनुहुनेछ, अनि शेथका सन्तानलाई ध्वंस पार्नुहुनेछ।"*
>
> *- गन्ती २४:१७*

ख्रीष्ट परमेश्वरको शक्ति हुनुहुन्छ (१ कोरिन्थी १:२४) र उहाँ परमेश्वरको दाहिने बाहुलीतर्फ बस्नुभएको छ (हिब्रु १:३) । उहाँलाई परमेश्वरको दाहिने हात भनेर चिनिन्छ ।

> *"हे परमप्रभु, तपाईंको दाहिने बाहुली शक्तिमा प्रतापी थियो, हे परमप्रभु, तपाईंको दाहिने बाहुलीले शत्रुहरूलाई चकनाचूर पार्‍यो।"*
>
> *- प्रस्थान १५:६*

परमेश्वरले मोशालाई भन्नुभयो कि उसले परमेश्वरको प्रतिनिधित्व गर्नेछ र हारुन चाहिं उसको प्रवक्ता हुनेछ । प्रस्थान ४:१६ । जब मोशाले त्यस छडी छाडे र त्यस छडी जमिनमा पर्यो तब ख्रीष्टमा भएको शक्ति सर्पजस्तै भयो । ख्रीष्ट परमेश्वरको शक्ति हुनुहुन्छ । जब परमेश्वरले शैतानलाई भन्नुभयो, “लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो;” (अय्युब १:१२), परमेश्वरले आफ्नो छडी जमिनमा फ्याँक्नुभएको थियो । ख्रीष्ट छडी हुनुहुन्छ जसको शक्ति मानवता र सृष्टिमा थियो त्यसलाई शैतानलाई सुम्पिएको थियो ताकी उसको उद्देश्य पुरा होस्, र शैतानले रोमी सेनाहरुलाई उक्सायो ताकी उनीहरुले कलवरीको पहाडसम्म येशुलाई क्रुस बोक्न लगायो ।

ति रोमी सेनाहरुको हृदयलाई शैतानले नियन्त्रणमा लिएको थियो, यद्धपी जुन सासद्वारा तिनीहरु बाँचेका थिए त्यो जीवन हो जसले यस संसारमा आउने हरेक मानिसलाई उज्यालो पार्दछ । मानिसहरुको आत्मामा भएको ख्रीष्टको शक्तिलाई शैतानले उहाँलाई क्रुसमा टाँग्नको निम्ति प्रयोग गर्यो । एक समयको लागि रोक्नुहोस् र यस कुरामा ध्यान दिनुहोस् । मुक्तिदाताको ति प्रेमिलो हातमा रोमी सैनिकले काँटी ठोक्नको लागि मुंग्रो उठाएको हातको तस्विरले मिश्र देशमा आएको विपत्तिहरु र यस पृथ्वीमा प्रकट भएको विनाशको सबै शक्तिहरुको चाबी हो । जमिनमा फ्याँकिएको छडी यही हो ।

*"अनि अलि पर गएर उहाँ भूइँमा घोप्टिनुभयो, र हुन सक्छ भने त्यो घड़ी उहाँबाट टलोस् भनी प्रार्थना गर्नुभयो।"*

*- मर्कुस १४:३५*

विनाशकारी शक्तिको तल जब मानिस जमिनमा लड्छ, तब त्यहाँ जमिनमा फ्याँकिएको छडी छ जुन सर्प बन्छ ।

*"तिनीहरूले त्यस केटालाई उहाँकहाँ ल्याए। येशूलाई देख्ने बित्तिकै त्यस आत्माले केटालाई लछारपछार पाऱ्यो, र त्यो भूइँमा पछारिएर फीँज काढ्दै लड़ीबड़ी गर्न लाग्यो।"*

*- मर्कुस ९:२०*

यसकारण जब हामी मानिसहरुमा पिडा हेर्छौं तब त्यहाँ हामी यो पनि देख्न सक्छौं:

*"तिनीहरूका सारा दु:खमा उहाँ पनि दु:खित हुनुभयो, र उहाँको उपस्थितिका दूतले तिनीहरूलाई बचाए। उहाँको प्रेम र कृपामा उहाँले मोल तिरेर तिनीहरूलाई छुटकारा दिनुभयो। उहाँले तिनीहरूलाई उठाउनुभयो, र प्राचीनका सबै दिनमा उहाँले तिनीहरूलाई बोक्नुभयो।"*

*- यशैया ६३:९*

सत्य यो हो कि यदी परमेश्वरले आफ्नो शक्ति प्रयोग गर्न सक्नुहुने भएको भए उहाँले शैतान र त्यसलाई पछ्याउने हरेकलाई मार्नसक्नु हुन्थ्यो ताकी ख्रीष्टमा भएको परमेश्वरको शक्तिलाई शैतानले प्रयोग गर्न नपाओस् ।

यद्धपी हरेक मानिसलाई उसको इच्छाको शक्ति प्रयोग गर्न पाओस् भनेर ख्रीष्टले मानिसहरुमा भएको आफ्नो शक्तिलाई शैतानलाई प्रयोग गर्न दिनुहुन्छ जब मानिसहरुले परमेश्वर र उहाँको आज्ञाविरुद्ध विद्रोह गर्दछन् । शैतानले यो शक्तिलाई कसरी प्रयोग गर्यो ? परमेश्वरको अधिनमा नभएको ति मानिसहरु सबै शैतानको अधिनमा हुदैंनन् । जब मानिसहरु शैतानको अधिनमा हुन्छन् तब तिनीहरु एक अर्कालाई चोट पुर्याउन थाल्छन् । जब मानिसहरु शैतानको अधिनमा हुन्छन् तब तिनीहरुमा भएको जीवन जसलाई ख्रीष्टले दिनुभएको हो, त्यसलाई उसले आफ्नो इच्छा पुरा गर्नको लागि शैतानले प्रयोग गर्दछ । यसकारण परमेश्वरको शक्ति जब उहाँको हातबाट निक्लेर जान्छ तब त्यो सर्पमा परिणत हुन्छ ।

जब हामी इतिहासमा भएको ठुला लडाईहरुको बारेमा पढ्छौं जहाँ करोडौं मानिसहरु एकदम डरलाग्दो रुपमा मृत्यु भएको छ र शैतानले मानिसहरुमा भएको ख्रीष्टको शक्तिलाई आफ्नो विनाशकारी कार्यको लागि प्रयोग गरेको छ । यी सबै विनाशहरुमा आफ्नो पुत्रमा आफ्नो प्रेम प्रकट गर्नुभएको परमेश्वरले शैतानको हिंसात्मक सिद्दान्तहरुलाई प्रकट गर्नुभयो । के हामी ख्रीष्टको दुखलाई बुझ्न कोशिस गरेका छौं जब त्यस समयमा मानिसहरुले उहाँबाट आएको श्वास फेरेका थिए । हजारौं युवाहरु जो एक अर्काको विरुद्ध लडाई गर्न तयार भएका थिए तिनीहरुमा पनि पुत्रको श्वास थियो । ति दुई सेनाहरु जसमा ख्रीष्टको जीवन भरिपूर थियो, तिनीहरुलाई शैतानले चलाएको थियो र तिनीहरु एक अर्कासंग

हतियारद्वारा लडाई गर्न थाले । जब त्यस लडाईमा कोहि एक मानिसले आफ्नो अन्तिम श्वास लिन्छ, त्यसमा ख्रीष्ट एकदम दुखि हुनुहुन्छ । जब मानिसले आफैलाई परमेश्वरबाट टाढा राख्छ तब ख्रीष्टको शक्ति सर्प बन्छ । तर शैतानको हिंसात्मक राज्यलाई प्रकट गर्नको लागि, ख्रीष्टले आफैलाई इन्कार गर्नुपर्न हुन्छ र आफैलाई पिडाको निम्ति दिनुभयो जब उहाँको जीवनको श्वासलाई नराम्रो काम गर्न प्रयोग गर्छन् । हरेक हिंसात्मक कार्यमा ख्रीष्टलाई पिडा दिइन्छ किनभने उहाँले आफैलाई इन्कार गर्नुपर्ने हुन्छ, क्रुसलाई बोक्नुपर्ने हुन्छ, र हरेक मानिसहरुलाई उनीहरुको इच्छानुसारको रोजाई गरुन् ।

यो कुरालाई ध्यानसंग सोच्नुहोस्, खम्बामा झुण्डाईएको सर्पबाट आएको चङ्गाईलाई बुझ्नको लागि यो कुरा बुझ्न एकदम जरुरी छ । ख्रीष्टको आत्म-ईन्कारले गर्दा शैतानले उहाँको शक्ति प्रयोग गर्न पायो ताकी उसको वास्तविक चरित्र बाहिर प्रकट होस् । जब ख्रीष्टले शैतानलाई आफ्नो शक्ति प्रयोग गर्न दिनुभयो तब सर्पको साँचो रुप प्रकट भयो । क्रुसले मानिसहरुको सामु यो कुरालाई स्पष्ट पार्छ कि हरेक हिँसा र नराम्रो कुराको स्रोत शैतान हो । परमेश्वरले आफ्नो शत्रुहरुलाई प्रेम गर्नुहुन्छ भन्ने कुरालाई क्रुसले मानिसको सामु प्रकट गर्छ । ख्रीष्टमा परमेश्वरले मानिसहरुलाई आफुमा मिलाउदै हुनुहुन्थ्यो र आफ्नो स्वार्थहिन प्रेमिलो चरित्र देखाउनुभयो । यद्धपी सर्पलाई पूर्णरुपमा नष्ट पार्नको लागि ख्रीष्टको शक्तिलाई फेरी छडीमा परिणत हुन जरुरी छ ।

*"तब परमेश्वरले मोशालाई भन्नुभयो, "तेरो हात लम्काएर त्यसको पुच्छरमा समात्।" अनि मोशाले हात लम्काएर समाते, र त्यो तिनको हातमा फेरि लट्ठी नै भइहाल्यो।"*

*- प्रस्थान ४:४*

पुच्छरले के को प्रतिनिधित्व गर्दछ ?

*"वृद्ध र आदरणीय मानिसहरू शिर हुन्, तथा झूटा कुरा सिकाउने अगमवक्ताहरूचाहिँ पुच्छर हुन्।"*

*- यशैया ९:१५*

सर्पको पुच्छरमा त्यसले बोलेको झुटहरु हुन्छन जसद्वारा उसले परमेश्वरको चरित्रको बारेमा सारा संसारलाई गुमराहमा पारेको छ । परमेश्वरले आफ्नो क्रोधमा आफ्नो पुत्रलाई मार्नुभयो भने कुरालाई शैतानले संसारमा फैलाएर धैरै मानिसहरुलाई गुमराहमा पारेको छ ।

*"निश्चय नै उसले हाम्रा निर्बलताहरू बोक्यो, र हाम्रा दु:ख भोग्यो, तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, उहाँबाट पिटिएको र दु:खमा परेको सम्झ्यौं।"*

*- यशैया ५३:४*

शैतानको शक्तिलाई तोड्नको लागि परमेश्वरको चरित्रको विषयमा शैतानले फैलाएको झुटलाई पर्दाफास गर्न जुरुरी छ । जब येशुले "अब सिद्वियो" भन्ने शब्दहरु उच्चारण गर्नुभयो, तब प्रश्न यो आउँछ कि उहाँले के अन्त गर्नुभयो ?

*"जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु।"*

***- यूहन्ना १७:४***

जब येशुले भन्नुभयो कि यस पृथ्वीमा उहाँले पितालाई महिमित पार्नुभएको छ, तब उहाँले भन्न खोज्नुभएको कुरा यो हो कि यस पृथ्वीमा मैले तपाईको साँचो चरित्रलाई प्रकट गरेको छु । प्रस्थान ३३:१८; प्रस्थान ३४:५-७ । जब येशुले भन्नुभयो, "अब सिद्धियो" उहाँले सर्पलाई त्यसको पुच्छरबाट पक्रनुभयो: यसको अर्थ उहाँले शैतानले परमेश्वरको चरित्रको विषयमा भनेको झुटहरु सबैलाई पर्दाफास गर्नुभयो र शैतानको वास्तविक चरित्रलाई प्रकट गराउनुभयो जुन हत्यारा र विनाशक हो ।

यही सत्यताको प्रकाशमा प्रेरितहरुको छोटो जीवनकालमा सुसमाचारलाई संसारमा प्रचार गर्न सके ।

***"यदि तिमीहरू आफ्ना विश्वासमा अचल र स्थिर भइरह्यौ र तिमीहरूले सुनेका सुसमाचारको आशाबाट हटेनौ भने। यही नै त्यो सुसमाचार हो, जो स्वर्गमुनि हरेक प्राणीलाई प्रचार गरिएको छ, जसको म पावल, धर्म-सेवक भएँ।"***

***- कलस्सी १:२३***

चुनौती यो छ कि साधरण मानिसको नजरमा क्रुसको अर्थ हामी प्रति आफ्नो क्रोधलाई शान्त पार्न परमेश्वरले आफ्नो पुत्रलाई सजाय दिदैं हुनुहुन्छ । यसले गर्दा शैतानले अझ धेरै झुटहरुलाई बनाउंदै गयो र

क्रुसको साँचो शक्तिलाई इन्कार गर्न पापको मानिसहरु खडा गर्यो । यसले गर्दा सर्प क्रुसबाट लुकेर भाग्यो र अन्धकारबाट मानिसहरुलाई आफ्नो शिकार बनाउन थाल्यो र उनीहरुलाई यो कुरामा विश्वास गरायो कि परमेश्वरले मानिसहरुलाई सजाय दिनुहुन्छ ।

मिश्रीहरुलाई युसुफद्वारा साँचो परमेश्वरको विषयमा जान्न पाउने धेरै अवसर थियो । मिश्रीहरुमाथि आउने अनिकालहरुबाट मिश्रीहरुलाई बचाउन परमेश्वरले युसुफलाई ज्ञान दिनुभयो ।

> ***"तब योसेफले भनेझैँ अनिकालका सात वर्ष आउन लाग्यो। सबै देश-देशमा अनिकाल पर्‍यो, तर सारा मिश्रमा चाहिँ अन्न थियो।"***
>
> ***- उत्पति ४१:५४***

सात वर्षे अनिकालको विषयमा फारोलाई सपनामा चेतावनी दिइएको थियो । परमेश्वरले युसुफलाई त्यस स्थानमा राख्नुभयो ताकी उसले आउँदो संकटको लागि मानिसहरुलाई तयार गर्न सकोस् । उत्पति ४१:२५-३६ । किन यी देशहरुमाथि यो भयानक अनिकाल/खडेरी आउदैं थियो ?

> ***"'तिमीहरूले आफ्ना निम्ति मूर्तिहरू नबनाओ। अनि आफ्ना निम्ति कुनै खोपिएको मूर्ति वा प्रतिमूर्ति खड़ा नगर, र खोपिएका ढुङ्गाहरू आफ्नो देशमा ठड्याएर ती पुज्नलाई घोप्टो नपर। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ। "'तिमीहरूले मेरो शबाथ पालन गर, र मेरो पवित्रस्थानको आदर गर। म परमप्रभु***

*हुँ। "'मेरा नियमअनुसार चलेर मेरा आज्ञाहरू तिमीहरूले पालन गऱ्यौ भने म ठीक-ठीक समयमा झरी पठाउनेछु, र जमिनले उब्जनी दिनेछ, र खेतबारीका रूखहरूमा फलफूल लाग्नेछन्।"*

*- लेवी २६:१-४*

१३ पाठमा हामीले पढेका छौं कि मानिसहरुलाई आशिष दिन परमेश्वरले प्रकृतिको नियमहरु बनाउनुभयो ।

***"मानिस र प्रकृतिको बिचमा भएको सम्बन्धले हामी यो बुझ्न सक्छौं कि जति जति मानिसको विद्रोह बढ्दै जान्छ त्यति नै प्रकृतिको प्रकोपहरु बढ्दै जान्छ । जसरी मानिसले परमेश्वरको नियमलाई उल्लंघन गर्छ त्यति नै प्रकृतिले पनि आफ्नो नियमहरु उल्लंघन गर्दछ र मानिसहरुलाई उनीहरुको विद्रोहको झझल्को देखाउँछ ।"***

***- अगापे, पाठ १३***

मिश्रीहरुले धेरै मुर्तिहरुलाई पुजा गर्थे । तिनीहरुले शबाथको पालना गर्दैनन् थिए न त परमेश्वरको पवित्रस्थानप्रति सम्मान दिन्थे । जब मोशा फारोको सामने आए र परमेश्वरको तर्फबाट विन्ती गरे, फारोले आफ्नो अहंकारमा परमेश्वर को हुन् भनेर प्रश्न गरे र भने, "म उहाँलाई चिन्दिन ।" फारोले युसुफ को हुन् भनेर चिन्दथे । युसुफद्वारा मिश्र धनी भएका थिए । यो सरासर परमेश्वरलाई चिन्न इन्कार गरेका थिए ।

*"किनकि परमेश्वरलाई चिनेर पनि तिनीहरूले परमेश्वरलाई दिनुपर्ने महिमा दिएनन्, न त धन्यवाद नै चढ़ाए, तर तिनीहरू आफ्ना विचारमा बेकम्मा भए, र तिनीहरूको मूर्ख मन अझ अँध्यारो भयो। बुद्धिमान् छौं भन्ने दाबी गरे तापनि तिनीहरू मूर्खै भए, र तिनीहरूले विनाशी मानिस, चराचुरुङ्गी, चारखुट्टे जनावर र घस्रने जीवहरूका मूर्तिका रूपसँग अविनाशी परमेश्वरको महिमा साटफेर गरे।"*

*- रोमी १:२१-२३*

तिनीहरुले ति विचारधाराहरु, मुर्तिहरु र न्यायहरुलाई इन्कार गरेका थिए किनभने निम्रोदको समयदेखि आएका धेरै राष्ट्रहरुले स्वर्गको परमेश्वरको विरुद्धमा विद्रोह गरेका थिए । मिश्र देश र कनान देशलाई हामको देश भनेर चिनिन्थ्यो ।

*"तब इस्राएल मिश्रदेशमा प्रवेश गरे, र याकूब हामको देशमा प्रवासीको रूपमा बसे।"*

*- भजनसंग्रह १०५:२३*

आफ्नो पिता नोआको विरुद्धमा गरेको पापद्वारा हामले आफ्नो सन्तानहरुलाई डरलाग्दो उत्तराधिकारी दिएको थियो ।

*कनानका पिता हामले आफ्ना पिताको नाङ्गोपन देखेर बाहिर आई आफ्ना दुवै दाजुहरूलाई बताइदिए। तर शेम र येपेतले एउटा लुगा लिए, र दुवैले आफ्ना काँधमा हाले र पछिल्तिर सर्दै-*

*सर्दै गएर तिनीहरूले आफ्ना पिताको नग्नता ढाकिदिए। तिनीहरूका मुख पछिल्तिर फर्केको हुनाले तिनीहरूले आफ्ना पिताको नाङ्गोपन देखेनन्। जब नोआलाई मद्यको निद्राले छोड्यो र तिनका कान्छा छोराले गरेको कुरा तिनले थाहा पाए, 25तब तिनले भने, "श्रापित होस्, कनान, त्यो आफ्ना दाजुहरूका कमाराहरूको पनि कमारो हुनेछ।"*

*- उत्पति ९:२२-२५*

आफु सुतेर उठे पछी आफ्नो पुत्रले आफ्नो विरुद्ध गरेको कामलाइ नोआले थाहा पाएका थिए, यहाँ एउटा कुरा स्पष्ट हुन्छ कि हामीले सोचेको भन्दा धेरै कुरा हामले गरेका थिए । जब इस्राएलीहरु मिश्र देशबाट निक्लेर आए तब उनीहरुलाई यो कुराको आदेश दिइएको थियो कि उनीहरुले कनानीहरु र मिश्रीहरुले पालना गर्ने विधिहरुबाट टाढा रहुन् ।

*"तिमीहरूले प्रवास गरेको मिश्रीका रीतिथिति नमान्नू। अनि अब म तिमीहरूलाई कनान देशमा लैजाँदैछु, यसकारण त्यहाँका रीतिथिति र विधिहरू पनि नमान्नू।"*

*- लेवी १८:३*

यी राष्ट्रहरुले के यस्तो कुराहरु गर्दै थिए ट जसबाट परमेश्वरले इस्राएलिहरुलाई टाढा रहनु भन्नुभयो ?

क. सगोत्र-सम्भोग, हाडनाता करणी: लेवी १८:६-१८

ख. महिलाको रजस्वलाको समयमा सम्भोग गर्नु: लेवी १८:१९

ग. व्यभिचार: लेवी १८:२०

घ. मुर्तिहरुको सामु आफ्नो बालबच्चालाई बलिदान दिनु: लेवी १८:२१

ङ. समलिङ्गीपना: लेवी १८:२२

च. पशुसंग सम्भोग: लेवी १८:२४

यी सबै पापहरु हामको सन्तानबाट आएका उत्तराधिकारीहरु हुन् । परमेश्वरको व्यवस्थाविरूद्धको पापहरुले गर्दा प्रकृतिमा नराम्रो असर पर्यो ।

> *"यसकारण परमेश्‍वरले तिनीहरूलाई तिनीहरूका हृदयका कामवासनाको अशुद्धतामा छोडिदिनुभयो, कि तिनीहरूले आपसमा आफ्ना शरीरको अनादर गरून्‌। किनकि तिनीहरूले परमेश्‍वरको सत्यतालाई झूटसँग साटेर सदासर्वदाका परमधन्य सृष्‍टिकर्तालाई त्यागेर बरु सृष्‍टि गरिएका थोकहरूको पूजा र सेवा गरे।*
>
> *26यसैकारण परमेश्‍वरले तिनीहरूलाई लाजमर्दो कामुकताको निम्ति छोडिदिनुभयो। तिनीहरूका स्‍त्रीहरूले आफ्ना स्वाभाविक व्यवहारलाई अस्वाभाविक व्यवहारमा परिवर्तन गरे;"*
>
> *- रोमी १:२४-२६*

लेवीको पुस्तकहरुमा भएका पापहरु जस्तै अशुद्ध खानेकुराहरु खानु, रगत पिउनु, यी पापहरुले पनि यस पृथ्वीमा नराम्रो असर ल्याउँछ ।

*“पृथ्वी सुक्खा हुनेछ, र त्यो ओइलाउँछ। संसार दुर्बल हुन्छ, र त्यो ओइलाउँछ। पृथ्वीका उच्च दर्जाका मानिसहरू दुर्बल हुन्छन्। पृथ्वी त्यसमा रहने मानिसहरूद्वारा दूषित पारिएको छ। तिनीहरूले नियमहरू उल्लङ्घन गरेका छन्, कानूनहरू भङ्ग गरेका छन् र सदासर्वदाको करार तोड़ेका छन्। 6यसकारण एउटा सरापले पृथ्वीलाई भस्म गर्छ, र त्यसका मानिसहरूले दोषको दण्ड भोग्नैपर्छ। यसैकारण पृथ्वीका बासिन्दाहरू जलाइए, र थोरै मानिसहरू मात्र बाँकी रहेका छन्।”*

*- यशैया २४:४-६*

कनान र मिश्र देशले परमेश्वरको आज्ञा भंग गरेका थिए । ति सात वर्षे अनिकाल यी देशहरुलाई उनीहरुले गर्दै आएका पापपूर्ण विधिहरुको लागि चेतावनी थियो जसले गर्दा प्रकृतिमा नराम्रो असर पर्ने थियो । अनुग्रहकारी परमेश्वरले युसुफलाई मिश्र देशमा लैजान दिनुभयो ताकी मिश्र देशले साँचो परमेश्वरको बारेमा चिनुन् र आफ्नो पापी चालहरुबाट फर्कुन् र प्रकृतिबाट आउने विनाशबाट बचुन् । शारीरिक व्यभिचारको विषयमा यसो भनिएको छ ।

*“त्यसरी नै त्यो देश अशुद्ध भएको हो। अनि मैले त्यसमाथि त्यसका अधर्मको दण्ड उठाएँ, र देशले आफ्ना बासिन्दाहरूलाई उकेलेर फ्याँकिदियो।”*

*- लेवी १८:२५*

मिश्र देश र कनान देशमा भएको घृणित कार्यले ति जमिनलाइ आफ्नो वासिन्दाहरुलाई त्यहाँबाट निकाल्न तयार गर्दै थियो । परमेश्वरको विरुद्ध मानिसले गरेको विद्रोह प्रकृतिद्वारा फर्केर फेरी मानिसकोमा नै आइपुग्छ । शैतानले यी राष्ट्रहरुलाई पाप गर्न उक्साइरहेको थियो ताकी प्रकृतिद्वारा विनाश आवोस् र मानिसहरुलाई नष्ट गरोस् यो सबैको दोष परमेश्वरलाई परोस् वास्तवमा परमेश्वरले मिश्र र ति मुर्तिपुजक देशहरुलाई बचाउन चाहनुभएको थियो । कोहि पनि नाश नहोस् भन्ने उहाँ चाहनुहुन्न थियो तर उनीहरुले उहाँको वचनलाई सुनेनन् ।

जब हामी ति विपत्तिहरुको बारेमा पढ्छौं तब हामीले यो महत्वपूर्ण पदलाई पढ्नुपर्छ ।

> ***"किनभने म परमप्रभु, तेरा परमेश्वर हुँ, इस्राएलका परमपवित्र, तेरा उद्धारक। तँलाई छुटाउनका निम्ति मिश्रदेश, र तेरो सट्टामा कूश र सेबा म दिन्छु।"***
>
> ***- यशैया ४३:३***

बाइबलले क्रुसको भाषामा ति विपत्तिहरुको बारेमा भन्दछ । इस्राएललाई छुटाउनको निम्ति छुटकाराको मोल तिर्नुपर्ने थियो । ति विपत्तिहरुमा धेरै संकेतहरु छन् र यी कुरामा हामीले ति सबै कुराहरुलाई व्याख्या गर्न सक्छौं । मिश्र देशमा आएको विपत्तिद्वारा क्रुसको प्रकाशमा हाम्रो ध्यान केन्द्रित हुनुपर्छ ।

*"तब मोशा र हारून फारोकहाँ गएर परमप्रभुले आज्ञा गर्नुभएबमोजिम गरे। हारूनले आफ्नो लहुरो लिएर फारो र उनका अधिकारीहरूका सामुन्ने फालिदिए, र त्यो साँप बन्यो।"*

*- प्रस्थान ७:१०*

छडीलाई सर्पमा परिणत गर्ने आश्चर्यकर्म फारोको अगाडी दोहोराइएको थियो। यसले मिश्रलाई यो पाठ थियो कि सर्पको शक्तिलाई आजाद गरिन आँटेको थियो।

*"उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड, क्रोध, कोप, रीस र शत्रुता— अर्थात् विनाशकारी दूतहरूको एक दल पठाउनुभयो।"*

*- भजनसंग्रह ७८:४९*

विपत्तिको घटनाहरुको बारेमा भजनसंग्रहमा यी कामहरु विनाशकारि दुतहरुको हो भनेर यसो भनिएको छ।

*"उहाँले तिनीहरूका नदीहरू रगतमा परिणत गरिदिनुभयो, र तिनीहरूले नदीको पानी पिउन सकेनन्।*
*उहाँले तिनीहरूका बीचमा झीँगाहरू पठाउनुभयो, जसले तिनीहरूलाई टोके, र भ्यागुताहरू, जसले तिनीहरूलाई उजाड पारे।*
*उहाँले तिनीहरूका फसल फटेंग्राहरूलाई दिनुभयो, र तिनीहरूका परिश्रमको फल सलहलाई।*
*उहाँले तिनीहरूका अंगूरका बोटहरू असिनाले, र तिनीहरूका*

*अञ्जीरका बोटहरू तुसारोले नष्ट गरिदिनुभयो।*
*उहाँले तिनीहरूका गाईबस्तुको बथानलाई असिनाले, र*
*तिनीहरूका भेड़ाबाख्राको बगाललाई बिजुलीले प्रहार गर्नुभयो।*
*उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड, क्रोध, कोप, रीस र शत्रुता—*
*अर्थात् विनाशकारी दूतहरूको एक दल पठाउनुभयो।*
*उहाँले आफ्नो क्रोधको एउटा मार्ग तयार गर्नुभयो, र*
*तिनीहरूलाई मृत्युबाट बचाउनुभएन, तर तिनीहरूका प्राण महामारीलाई सुम्पनुभयो। उहाँले मिश्रदेशका सबै ज्येष्ठ सन्तानलाई, हामका पालमा जवानीको पहिलो फललाई मार्नुभयो।”*
*- भजनसंग्रह ७८:४४-५१*

माथि दिइएको विपत्तिहरु सबै नाश गर्ने स्वर्गदूतहरुलाई खुल्ला छाडिएकोसंग जोडिएको छ । तिनीहरुले परमेश्वरलाई अस्विकार गरेको हुनाले र उहाँको आज्ञालाई भंग गरेको हुनाले तिनीहरुमाथि महामारी आएको थियो । महामारी शब्दको अर्थ परमेश्वरको अनन्त करारलाई भंग गर्नु हो ।

*“म तिमीहरूमाथि युद्धहरू ल्याउनेछु, र मेरो करार भङ्ग गरेको बदला म चुकाउनेछु। तिमीहरू आ-आफ्नो सहरमा जम्मा हुनेछौ, म त्यहाँ पनि तिमीहरूका बीचमा रूढ़ी पठाउनेछु, अनि तिमीहरू आफ्ना शत्रुहरूका हातमा पर्नेछौ।”*
*- लेवी २६:२५*

यो कुरा स्पष्ट छैन कि यी कुराहरुमा ति दुष्ट स्वर्गदूतहरु कसरी सामेल छन् वा कसरी तिनीहरुले प्रकृतिको नियमहरुलाई कसरी त्यसका वासिन्दाहरुलाई उकेल्यो ? यी दुई कुराहरुलाई मिलाएर मिश्र देशमाथि विनाश आएको थियो । यी विनाशको प्रक्रियाद्वारा परमेश्वर उनीहरुलाई बचाउन चाहनुहुन्थ्यो । हामीले यो कुरालाई याद राख्नुपर्छ कि ख्रीष्टबाट प्रस्फुटन भएको शक्ति र ज्ञान परमेश्वरबाट आएको हो । यद्धपी यी विनाशहरुले आफ्नो स्थान लिंदा ख्रीष्टले आफ्नो पिडाको क्रुस बोक्न जरुरी छ ।

ति मिश्रीहरुको आत्मामा ख्रीष्टको शक्तिको बास थियो । जब कोहि व्यक्तिको हत्या हुन्छ त्यहाँ ख्रीष्टले पिडा पाउनुहुन्छ । के यो कुरालाई तपाईले कल्पना गर्न सक्नुहुन्छ एक मिश्री महिलाले आफ्नो मृत बालकलाई आफ्नो अँगालोमा लिंदै पिडामा कराउँछे ? उनको पिडामा ख्रीष्टले पिडा पाउनुहुन्छ, यहाँ क्रुसलाई खडा गरिएको छ र ख्रीष्टले दुख पाउनुभएको छ । जब परमेश्वरले शैतानलाई आफ्नो पुत्रको शक्ति दिनुहुन्छ तब उहाँले शैतानलाई आफ्नो आँखा छुन दिनुभएको हो ।

> ***"उहाँले आफ्नो क्रोधको [H639 नाक, अनुहार] एउटा मार्ग तयार गर्नुभयो, र तिनीहरूलाई मृत्युबाट बचाउनुभएन, तर तिनीहरूका प्राण महामारीलाई [[H1698 – विनाश गर्नु] सुम्पनुभयो।"***
>
> ***- भजनसंग्रह ७८:५०***

यस पदले मिश्र देशको विपत्तिलाई वर्णन गर्दछ । यहाँ भनिएको छ कि परमेश्वरले आफ्नो मुहारसम्म बाटो बनाउनुभयो । उहाँको प्यारो पुत्र उहाँको जीवनको प्रकाश हुनुहुन्छ । ति मिश्रीहरुलाई त्यस विनाशकको हातमा सुम्पिदा, उहाँले आफ्नो पुत्रको दुख र पिडालाई हुन दिनुभएको थियो; यसकारण मिश्र देशको विपत्तिमा आफ्नो पुत्रले पाउनुभएको पिडामा पिता अन्धकारमा बसेर दुखि हुनुभयो ।

ति विपत्तिहरु जथाभावी आएको हैनन् तर तिनीहरु सबै मिश्रीहरुले आरधना गर्ने भगवानहरुमाथि लक्षित थिए । अरु मुर्तिपुजकहरु जस्तै ति मिश्रीहरु पनि आफ्नो भगवानलाई खुसी बनाउन लागि परिरहन्थे नत्रता तिनीहरु नाराज भएको खण्डमा तिनीहरुले सजाय पाउने थिए । इश्वरीय ऐनामा ति विपत्तिहरु फर्केर ति मिश्रीहरुमाथि आएका थिए । यस ऐनामा तिनीहरुको मुर्तिपुजाहरुको घृणित कार्यहरु, नाबालक हत्या, दासत्वको क्रुरता, अरुलाई भोकै राख्नु, शारीरिक व्यभिचारहरु जस्ता घृणित कार्यहरुको ग्लानिबोध प्रतिबिम्ब भएको थियो । उर्वरताको भगवान हापीको नाममा निल नदीलाई पुजा गरिन्थ्यो ।

८० वर्ष अगाडी ति हिब्रु नाबालकहरुलाई नदिमा फ्याँक्ने आदेश फर्केर तिनीहरुकहाँ आएक थियो । ख्रीष्टको अधिनमा भएको प्रकृतिको शक्ति यी पापहरु तल दबिदै थियो । जब परमेश्वरको पुत्रले मिश्रको भविष्य हेर्नुभयो तब उहाँ दुखित हुनुभयो, नदीले त्यस कुराको संकेत गर्दछ जुन कुरालाई उहाँले अनुभूति गर्नुभयो जब गेतसमनीको बगैंचामा उहाँ पसिना रगत बनेर झर्दै थियो र उहाँको शरीर पिडामा थियो । यो सब पापको भारले

भएको थियो जसको कारण ख्रीष्टको शरीर टुक्रीदै थियो र मिश्रीहरुको कारण नील नदी नाश हुदैं थियो ।

त्यस छडीको प्रयोग एकदम महत्वपूर्ण छ ।

> *"तब मोशा र हारूनले परमप्रभुको आज्ञाबमोजिम गरे। फारो र उनका अधिकारीहरूकै सामुन्ने तिनले लहुरो उठाएर नील नदीको पानीमा हिर्काए। तब जम्मै पानी रगत भइहाल्यो।"*
> *- प्रस्थान ७:२०*

धर्मशास्त्रको अरु खण्डहरुमा त्यस छडीको प्रयोग एकदम महत्वपूर्ण छ ।

> *"तर खाँचोमा परेकाहरूको न्याय उहाँले धार्मिकतासित गर्नुहुनेछ, र पृथ्वीका गरीबहरूका लागि उहाँले न्यायसित फैसला गरिदिनुहुनेछ। आफ्नो मुखको लाठोले उहाँले पृथ्वीलाई हिर्काउनुहुनेछ, र आफ्नो ओठको सासले दुष्टलाई नाश गर्नुहुनेछ।"*
> *- यशैया ११:४*

परमेश्वरको वचन र उहाँको मुखबाट निस्किने श्वासको प्रतिक त्यस छडी हो । जब ख्रीष्ट त्यस क्रुसमा हुनुहुन्थ्यो, तब टुक्रिएको व्यवस्थामा पापको ग्लानिबोधले उहाँको आत्मा आगोले झैँ जलिरहेको थियो । यस कुरालाई हामी धर्मशास्त्रको अरु ठाउँहरुमा पनि पाउँछौ ।

> *"हे फौज भएको सहर, तेरा फौजहरूलाई भेला गर्, किनकि हाम्रो विरुद्धमा घेरा हालिएको छ। तिनीहरूले इस्राएलका शासकलाई*

*डण्डाले गालामा हिर्काउनेछन्।"*

*- मिका ५:१*

*"ए तरवार, मेरो गोठालाको विरुद्धमा उठ्, नजिकका मानिसको विरुद्धमा, जो मेरो सङ्गी हो," सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। "गोठालालाई हिर्का, र भेड़ाहरू तितरबितर हुनेछन्, र मेरो हात सानाहरूका विरुद्धमा म उठाउनेछु।"*

*- जकरिया १३:७*

*"म होरेबमा भएको चट्टानमा तेरो अगि खड़ा हुनेछु। तैंले चट्टानलाई हिर्काउनू, र मानिसहरूले पिउनलाई त्यहाँबाट पानी निस्कनेछ।" तब मोशाले इस्राएलीहरूका धर्म-गुरुहरूका सामुन्ने त्यसै गरे।"*

*- प्रस्थान १७:६*

समस्त प्रकृतिको मालिक ख्रीष्ट हुनुहुन्छ । मिश्रीहरुको पापले पृथ्वी दुषित भएको थियो र त्यसले गर्दा ख्रीष्टलाई काँडाको मुकुटले घोंचेको थियो । मिश्रीहरुले ख्रीष्टलाई जे गर्दै थिए त्यसको संकेत पानीमा हिर्काएर गरिएको थियो । ख्रीष्ट जीवनको पानीको मुहान हुनुहुन्छ र उनीहरुले उहाँलाई हिर्काए र पिडा दिए । उनीहरुको परिस्थितिले गर्दा उनीहरुमाथि जुन हानि आईरहेको थियो, त्यसलाई परमेश्वरले प्रकट गरिदिनुभयो । मानिसलाई उसको पापी स्थितिको जानकारी गराउनु व्यवस्थाको काम हो । तर सारा संसारले यो ठान्यो कि परमेश्वरले मिश्रको पानीलाई नष्ट गर्नुभयो ।

परमेश्वरले ख्रीष्टलाई दुख दिनुभयो र पिडा दिनुभयो भनेर सारा संसारले ठान्यो । ख्रीष्टलाई जब भालाले घोचे र उहाँबाट जब रगत र पानी निस्क्यो यही कुरा नील नदीमा हामी देख्न सक्छौं ।

दोस्रो विपत्ति देवी हेकिटबाट आएको ऐना थियो ।

> ***"हेकेट (इजिप्टियन ḥqt, ḥqtyt "Heqtit") पनि, कहिलेकाहीँ हेकेट हिज्जे, एक मिश्री प्रजनन क्षमताको देवी हो, जसलाई हथोरसँग चिनिन्छ, भ्यागुताको रूपमा प्रतिनिधित्व गरिन्छ । मिश्रीहरूको लागि भ्यागुता प्रजनन क्षमताको पुरानो प्रतीक हो, नील नदीको वार्षिक बाढीसँग सम्बन्धित छ । यो भनिएको छ कि उनको नाम हेकेट नामको उत्पत्ति हो, ग्रीक बोक्सीविद्याको देवीसंग लिईएको हो ।"***
>
> ***- https://en.wikipedia.org/wiki/Heqet***

मिश्रीहरुले आफ्नो पापले गर्दा मिश्रको उर्वरतालाई नाश गरेका थिए । पृथ्वीले उकेल्दै थियो र ति भ्यागुताहरु उकेल्नुको प्रतिक थियो । परमेश्वरले तिनीहरुको आरधना तिनीहरुलाई ऐनाको मार्फत फर्काउनुभएको थियो । ति भगवानहरुको लागि तिनीहरुको डर तिनीहरुमा फर्केर आएको थियो । यी सबै घटनाहरु आफै घटेका हैनन् तर यी सब कुराहरु प्रकृतिमार्फत तिनीहरुमाथि फर्केर आएका थिए । येशुले भन्नुभएको छ ।

*"किनभने जसरी तिमीहरू अरूहरूलाई दोषी ठहराउँछौ, त्यसरी नै तिमीहरू पनि दोषी ठहराइनेछौ। जुन नापले तिमीहरू नाप्तछौ, त्यसै गरी तिमीहरूका निम्ति पनि नापिनेछ।"*

***- मत्ती ७:२***

भ्यागुताले छलको शिद्वान्तको प्रतिक हो । हामीले हेरेका छौं कि हेकेट टुनामुनासंग जोडिएको छ । शैतानले आफ्नो पुजारीहरुद्वारा यी प्राकृतिक कुराहरुलाई आफ्नो छलक निम्ति प्रयोग गर्दै थियो । भ्यागुताहरुलाई आश्चर्यकर्म गर्ने दुष्ट आत्माहरुसंग जोडिएको छ ।

*"तब मैले अजिङ्गरको मुखबाट, त्यस पशुको मुखबाट र झूटो अगमवक्ताको मुखबाट भ्यागुताहरूजस्ता तीन वटा घृणित आत्माहरू निस्किरहेका देखें। तिनीहरू चमत्कार देखाउने दुष्टात्माहरू हुन्। तिनीहरू समस्त संसारका राजाहरूकहाँ जाँदछन्, र सर्वशक्तिमान् परमेश्‍वरको महान् दिनमा युद्ध गर्नलाई तिनीहरूलाई भेला गर्छन्।"*

*- प्रकाश १६:१३-१४*

*"मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गर्‍यो। पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस*

*पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो।"*

*- प्रकाश १३:१३-१४*

ति सर्पहरुको आश्चर्यकर्ममा छलको झुटो आत्मा लुकेको छ र जब यी दुई कुराहरुलाई ति पुजारीहरुले गरेर देखाए, तब तिनीहरुले मिश्रीहरुलाई पश्चताप गर्नबाट रोकेका थिए ज्स्कार्ण तिनीहरुले ठुलो परिणाम भोगे। यसरी नै ख्रीष्टलाई जब कठघरामा उभ्याइयो तब यो छलको आत्माले मानिसहरुमाथि काम गरेको थियो जसको कारण तिनीहरुले उहाँलाइ दोष लगाए र क्रुसको दण्ड दिए।

तेस्रो विपत्ति यस पृथ्वीको माटोसंग सम्बन्धित छ। यहाँ माटोसंग जोडिएको दुई भगवानहरु छन: होरुस जो कालो माटोको भगवान हुन्, सेत जो रातो मरुभूमिको भगवान हुन्। तय कालो मलिलो माटो फसल उगाउनको लागि उपयुक्त हुन्छ। जमिनबाट भुसुना आउनुको अर्थ माटो कुहिदै थियो र पुरानो कपडाजस्तै सड्दै थियो।

*"तिमीहरू आफ्ना आँखा माथि आकाशतिर उठाओ, र तल पृथ्वीलाई हेर। आकाश धूवाँझैँ लोप हुनेछ, र पृथ्वी लुगाझैँ झुत्रो हुनेछ, र त्यसमा बस्नेहरू झीँगाजस्तै मर्नेछन्। तर मेरो उद्धार सदासर्वदै रहनेछ, र मेरो धार्मिकता कहिल्यै खतम हुनेछैन।"*

*- यशैया ५१:६*

हिब्रु शब्द भुसुना हो । पृथ्वी झुत्रो हुदैंछ भन्ने कुराको प्रकाश हो । मानिसको घृणित कार्यको श्राप ख्रीष्टको हृदयमा दबेको हुन्छ । भजनसंग्रहमा यसरी लेखिएको छ:

> ***"त्यो मानिस धन्य हो, जसलाई परमप्रभुले दोषी ठहराउनुहुन्न, र जसको मनमा छलकपट छैन।***
> ***जब म मौन रहें, दिनभरिको मेरो करुण-क्रन्दनले मेरा हाड़हरू खिइएर गए।***
> ***किनकि दिनरात तपाईंका बाहुलीको भार ममाथि रह्यो। मेरो शरीरको शक्ति ग्रीष्मको तापले भएझैं सुकिसकेको थियो।"***
> ***- भजनसंग्रह ३२:२-४***

परमेश्वरको पुत्र शान्त हुदैं मिश्रीहरुलाई उनीहरुको स्वतन्त्रता दिनुभयो तर यस पृथ्वीलाई दुषित हुनबाट बचाउन जुन भारी उहाँले बोक्नुभयो त्यसले गर्दा उहाँ पिडामा कराउनुभयो ।

> ***"हामी जान्दछौं, सारा सृष्टि अहिलेसम्म एकसाथ प्रसववेदनाको आर्तनाद गरिरहेछ।"***
> ***- रोमी ८:२२***

जसरी उहाँ पिडामा कराउनुभयो त्यसरी नै जब बगैंचामा पापको भारी बोक्नुभयो तब उहाँ पिडाले कराउनुभयो । एक पापी मानिसले यो विपत्तीलाई होरुसको क्रोध भनेर बुझ्दछन, तर एक आत्मिकी मानिसको

लागि यो कुरा मिश्रीहरुको पापले र ख्रीष्टलर पाउनुभएको पिडाले गर्दा पृथ्वीले दुख पाएको र कुहिन थालेको छ ।

चौथो विपत्ति विभिन्न किसिमको किराहरु, भुसुनाहरु, झिंगाहरु हुन् । यस विपत्तिले सारा जमिन नष्ट भएको छ भनिएको छ ।

> ***"अनि परमप्रभुले त्यसै गर्नुभयो। फारोको महल, उनका अधिकारीहरूका घर-घरमा हूलका हूल झीँगाहरू आए, र झीँगाहरूको कारण मिश्र बरबाद भयो।"***
>
> ***- प्रस्थान ८:२४***

हिब्रु शब्द दुषित गरिएको शब्द अन्तिम विपत्तिमा नाशकको लागि प्रयोग गरिएको शब्द उही हो । यही शब्दलाई जलप्रलय अगाडीको संसारलाई वर्णन गर्न प्रयोग गरिएको छ ।

> ***"जब परमेश्‍वरले पृथ्वीमाथि दृष्टि गर्नुभयो तब त्यो भ्रष्‍ट भएको देख्‍नुभयो, किनकि पृथ्वीमा भएका सबै मानिसहरूले आफ्‍ना चालचलन भ्रष्‍ट पारिसकेका थिए।"***
>
> ***- उत्पति ६:१२***

चौथो विपत्ति मिश्रीहरुको पाप प्रकट भएको हो । फारोले स्वर्गको साँचो परमेश्धरलाई नकार गरेका थिए र घृणित कार्यहरु गरे र जुन कुरा उसले र उसको पिता पुर्खाहरुले गरेका थिए, त्यो कुरा अहिले प्रकट हुदैं थियो:

*"मूर्खले आफ्नो मनमा भन्छ, "ईश्वर छँदैछैन।" तिनीहरू भ्रष्ट भएका छन्, तिनीहरू नीच काम गर्दछन्। यस्तो कोही पनि छैन जसले असल गर्दछ।"*

*- भजनसंग्रह १४:१*

*"बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन।*
*ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्।*
*कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।"*
*"तिनीहरूका घोक्रा खुला चिहान हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्।" "सर्पको विष तिनीहरूका ओठमा छ।"*

*- रोमी ३:११-१३*

परमेश्वरले तवाही ल्याउने ति स्वर्गदूतहरुलाई थामेर राख्नुभएको थियो र शान्तिलाई कायम राख्न खोज्नुभएको थियो तर त्यो सुरक्षाको घेरा टुट्दै थियो ।

पाचौं विपत्ति घरपालुवा जनावर, घोडाहरु, ऊँटहरु र गधाहरुमाथी परेको थियो । नाशकर्ताको अगाडी ति मिश्रीहरुसंग बच्ने कुनै उपाए नै थिएन । यदी फारोले पश्चताप गरेको भए यी सबै कुराहरु त्लने थिए तर त्यसो भएन । ति जनावरहरुलाई नाशकर्ताले लगेको थियो । जब मिश्रीहरु परमेश्वरक्खान आएर बाँच्नको लागि इन्कार गरे तब शैतानले मिश्रमा झन धेरै कब्जा गर्न थाल्यो ।

हामीलाई थाह छ कि जब शैतानले अवसर पायो तब उसले अय्युबमाथि घाउहरु ल्यायो जसरी त्यसले छैंटौ विपत्तिमा मिश्रीहरुमाथि ल्याएको थियो । जब ति घाउको पिडामा आफ्नो सन्तानहरु कराएको ख्रीष्टले देख्नुभयो तब उहाँको हृदय कति रोयो होला र शैतानले जब यी कुराहरु गर्यो तब उहाँलाई कति दुख भयो होला ? जब हामीले यो कुरा पढ्छौं कि ति विपत्तिहरु जनावरबाट मानिसहरुमा आयो तब हामी यो कुरा थाह पाउनसक्छौं कि शैतानले यस परिस्थितिमा झन धेरै नियन्त्रण पाउँदै थियो जसरी उसले अय्युबको अवस्थामा पाएको थियो ।

> ***"तब परमप्रभुले शैतानलाई भन्नुभयो, "के तैंले मेरो दास अय्यूबलाई याद गरिस्? परमेश्वरसँग डर राख्ने र दुष्ट कामबाट अलग रहने त्योजस्तो निर्दोष र सोझो मानिस पृथ्वीमा अरू कोही छैन। विनाकारण त्यसलाई नाश गर्नलाई तैंले मलाई उस्काइस्। तर त्यसको निष्ठा अझसम्म ढलपल भएको छैन।" शैतानले परमप्रभुलाई जवाफ दियो, "चामको साटो चाम। आफ्नो ज्यान बचाउन मानिसले आफूसँग भएका सबै कुरा दिँदैन र? आफ्नो हात पसारेर तिनको शरीरमा चोट पुऱ्याउनुहोस् अनि तिनले तपाईंको मुखकै सामुन्ने तपाईंलाई सराप्नेछन्।" तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसो भए त्यो तेरो हातमा छ। तर त्यसको ज्यानचाहिँ छोड़िदे।" तब शैतान परमप्रभुको सामुन्नेबाट निस्क्यो। त्यसले अय्यूबको***

*पैतालादेखि टाउकोसम्म कष्टप्रद खटिरा उब्जाइदियो।"*

*- अय्युब २:३-७*

ति मिश्रीहरुले पाएको घाउहरुले ति कुराहरुको वर्णन गर्छन् जब ख्रीष्टलाई क्रुसमा टांगिएको थियो र उहाँ पिडामा हुनुहुन्थ्यो । यो मानिसले आफ्नो श्रीर्रमा पाएको पिडा हो ।

मिश्रीहरुको पिडा उहाँको पिडा हो र उनीहरुको पिडाले उहाँलाई पिडा दिएको थियो तर पनि उहाँले शैतानलाई त्यसको काम गर्न दिनुभयो किनभने मानिसहरु बाँच्नको निम्ति गरिएको बोलावटलाई इन्कार गरेका थिए । जसरी ख्रीष्टले ति फारसीहरुलाई भन्नुभयो कि उहाँले तिनीहरुलाई आमाले आफ्नो चल्लाहरुलाई आफ्नो पखेटामुनि राख्न खोज्छ त्यसरी नै उहाँले तिनीहरुलाई राख्न खोज्नुभएको थियो तर तिनीहरुले मानेनन् ।

पहिला माछाहरु मरे, त्यसपछी भ्यागुताहरु, त्यसपछी जनावरहरु र अहिले मानिसहरु । हरेक विपत्तिको समय मोशाले ति मिश्रीहरुलाई चेतावनी दिएका थिए ताकी तिनीहरु बाँच्न सकुन् । तिनीहरु यस सर्पको टोकाईबाट बच्न सकुन् र खम्बामा भएको सर्पमा उनीहरुको नजर जावोस् । जब यी पिडाहरुमा ख्रीष्ट उचालिनुभयो तब सर्पको वास्तविक रुप प्रकट भयो । परमेश्वरको शक्तिमा शैतानले आफुलाई लूकाउन खोजेको छ र भ्यागुताहरु पठाएर हामीलाई यो भन्न खोजेको छ कि यी सब कुराहरु परमेश्वरले गर्नुभएको हो ।

जब आफ्नो शक्तिलाई पृथ्वीमा नाश गर्नको लागि प्रयोग भएको देख्नुभयो तब ख्रीष्ट एकदम पिडाले भरिनु भयो । उहाँको आज्ञा पालन गर्ने मानिसहरुलाई आशिष दिनको लागि बनाईएका प्रकृतिका नियमहरुलाई शैतानले उनीहरुमाथि विनाश ल्याउने हतियार बनाएको थियो । यो सब कुरा परमेश्वरले गर्नुभएको हो भनेर मानिसहरुलाई भ्रममा पार्नको लागि शैतानले धेरै काम गरेको थियो ।

> ***"तब मोशाले आफ्नो लहुरो आकाशतिर पसारे, र परमप्रभुले गर्जन र असिना पठाउनुभयो, र पृथ्वीसम्म बिजुली चम्क्यो। अनि परमप्रभुले मिश्रमा असिना बर्साउनुभयो।"***
>
> ***- प्रस्थान ९:२३***

जब मोशाले त्यस छडीलाई स्वर्गतर्फ उचाले, त्यसरी नै परमेश्वरको पुत्र क्रुसमा उचालिनु पर्छ भन्ने कुराको संकेत हो । ख्रीष्ट जो परमेश्वरको शक्ति हुनुहुन्छ, उहाँलाई शैतानकहाँ त्यसको उद्देश्य पुरा गर्नको लागि सुम्पियो । परमेश्वरले दिनुभएको सुरक्षाको घेरामा चिरा पर्यो र जमिनमा ति पतन भएको दुतहरुले ठुला असिनाहरु झारे । भजनसंग्रहका लेखकले भनेका छन्:

> ***"उहाँले तिनीहरूका अंगूरका बोटहरू असिनाले, र तिनीहरूका अञ्जीरका बोटहरू तुसारोले नष्ट गरिदिनुभयो।***
> ***उहाँले तिनीहरूका गाईबस्तुको बथानलाई असिनाले, र तिनीहरूका भेड़ाबाख्राको बगाललाई बिजुलीले प्रहार गर्नुभयो।***

*उहाँले तिनीहरूलाई आफ्नो प्रचण्ड, क्रोध, कोप, रीस र शत्रुता— अर्थात् विनाशकारी दूतहरूको एक दल पठाउनुभयो।"*

*- भजनसंग्रह ७८:४४-५१*

भजनसंग्रह १८ मा असिनाहरु क्रुसमा ख्रीष्टले पाउनुभएको पिडासंग जोडिएको छ ।

*"उहाँका उपस्थितिको उज्ज्वलताबाट असिना र बिजुलीसहित बादलहरू अगि बढ़े।"*

*- भजनसंग्रह १८:१२*

यो कुरा ध्यान दिनु कि ति जनावरहरुलाई सुम्पिएका छन् । हामी यहाँ परमेश्वरको शक्ति शैतानलाई सुम्पिएको देख्नसक्छौं जसले गर्दा ख्रीष्टले दुख र पिडा पाउनुभएको छ । जब जब परमेश्वरले शैतानलाई आफ्नो स्खिक्त प्रयोग गर्न दिनुभएको छ, तब तब उहाँको पुत्रलाई क्रुसमा झुन्दाइएको छ र जसले साँचो सुसमाचारमा मनन गर्दछ तब उसले देख्छ कि शैतानको वास्तविक रुप विनाशक हो । असिनाको विपत्तिमा हामी यो कुरालाई हेर्न सक्छौं:

*"सनपाट र जौमा असिनाको प्रहार परेको थियो, किनकि जौमा बाला लागिसकेको थियो, र सनपाटचाहिँ फुलिसकेका थिए।"*

*- प्रस्थान ९:३१*

जौलाई अगौटे फलको रुपमा प्रयोग गरिन्थ्यो । जब मानिसहरु ति असिनाले मरे तब यी अगौटे फलहरु पनि नाश भए । धर्मशास्त्रले भन्दछः

*“तर हरेक आ-आफ्नै क्रमअनुसार— ख्रीष्टचाहिँ अगौटे फल, त्यसपछि उहाँको पुनरागमनमा ख्रीष्टका आफ्नैहरू।”*
*- १ कोरिन्थी १५:२३*

असिनाले जौलाई नष्ट पार्नुको अर्थ ख्रीष्ट जो अगौटे फलहरुको पहिलो हुनुहुन्छ, उहाँले चोट पाउनुभएको छ । आउने विपत्ति सलहको विपत्ति हो र हामीलाई प्रकाशको पुस्तकमा सलहको विपत्तिको उत्पतिको बारेमा भनिएको छ ।

*“त्यसले अतल कुण्ड खोल्यो, र त्यस कुण्डबाट आगोको ठूलो भट्टीबाट निस्केको धूवाँजस्तो आयो, र कुण्डको धूवाँले सूर्य र वायुमण्डल अँध्यारो पार्‍यो। त्यस धूवाँबाट पृथ्वीमा सलहहरू निस्के, र पृथ्वीका बिच्छीहरूको जस्तो शक्ति तिनीहरूलाई दिइयो।”*
*- प्रकाश ९:२-३*

यहाँ शैतानको विनाशकारी शक्तिको विषयमा भनिएको छ जो उसको छलबाट प्रकट हुन्छ जो यस विपत्तिको रुपमा प्रकट भएको छ । मुक्तिको आशमा बस्नेहरुमा शैतानले खान थाल्छ । शैतानले ख्रीष्टलाई उहाँको कामहरु एकदम विफल भएका छन् र मुक्तिको योजनालाई मानिसहरुले सम्मान नै गरेका छैनन् भनेर निराश पार्न खोजेको छ । शैतानले येशुलाई यो पनि भन्यो कि उहाँको पिताले उहाँलाई पूर्ण रुपमा त्याग्नु हुनेछ ।

*"कुकुरहरू मेरो चारैपट्टि छन्, कुकर्मीहरूको समूहले मलाई घेरेको छ, तिनीहरूले मेरा हात र मेरा खुट्टा छेड़ेका छन्। मेरा सबै हाड़हरू म गन्न सक्छु, मानिसहरू द्वेषसाथ मलाई एकटक लाएर हेर्छन्।*
*तिनीहरू मेरा वस्त्रहरू आपसमा बाँड्छन्, र मेरो पोशाकको निम्ति तिनीहरूले चिट्ठा हाल्छन्।"*
*- भजनसंग्रह २२:१६-१८*

*"त्यहाँबाट आउने-जानेहरूले आ-आफ्नो मुन्टो हल्लाएर उहाँको गिल्ला गरे, र भने, "ए मन्दिर भत्काउने र तीन दिनमा निर्माण गर्ने, आफैलाई बचा, र परमेश्वरको पुत्र होस् भने, क्रूसबाट ओर्लेर तल आइज।" मुख्य पूजाहारीहरूले पनि शास्त्रीहरू र धर्म-गुरुहरूका सँगसँगै उहाँको गिल्ला गर्दै भने, "यसले अरूलाई त बचायो, आफूलाई चाहिँ बचाउन सक्दैन। यो इस्राएलको राजा हो। अहिले क्रूसबाट तल ओर्लेर आओस्, र हामी यसलाई विश्वास गर्नेछौं। 43यसले परमेश्वरमा भरोसा राख्छ। परमेश्वरले यसलाई चाहनुहुन्छ भने उहाँले यसलाई अहिले छुटकारा देऊन्, किनकि यसले 'म परमेश्वरको पुत्र हुँ,' भनी भन्थ्यो।" अनि उहाँसँग क्रूसमा झुण्ड्याइएका ती डाँकूहरूले पनि यही किसिमले उहाँको अपमान गरे।"*
*- मत्ती २७:३९-४४*

नवौं विपत्ति अन्धकारको विपत्ति हो जसले गर्दा ति मिश्रीहरुलाई लाग्यो कि उनीहरुले सुर्य भगवान रा को क्रोध हेर्दैछन् तर सत्यताको खोजि गर्नेहरुले यो कुरा बुझ्नेछन् कि यो कुराले क्रुसमा ख्रीष्टले भोग्नुहुने डरको विषयमा भन्दैछ जब उहाँलाई शैतानका ति दुतहरुले घेरेर राख्दछन् । यस विन्दुमा शैतानलाई थाह भयो कि उसले मिश्रलाई पूर्ण रुपमा नष्ट गर्न सक्नेछ; मिश्र देश जसलाई परमेश्वरले आशिष दिनुभएको थियो र इस्राएलबाट धेरै कुरा सिकेको थियो । मिश्र देशलाई पूर्ण रुपमा बर्बाद गर्ने अवसर शैतानले पाएको थियो । त्यस विनाशमा यो कुरा प्रकट भएको छ कि शैतानले नाश गरेको ति मिश्री बालकहरुको मृत्युमा उहाँले पिडा र क्रुसको दुख महसुस गर्नुभएको छ । यो अन्धकारले क्रुसको घटनाको बारेमा सिधा भन्दछ ।

*"म दिनहुँ मन्दिरमा तपाईंहरूका साथमा हुँदा तपाईंहरूले मेरो विरुद्धमा हात उठाउनुभएन। तर अब तपाईंहरूको समय हो, र अन्धकारको शक्ति यही हो।"*

***- लूका २२:५३***

***"अब मध्याह्नदेखि तीन बजेसम्म सारा देशमा अन्धकार भयो।"***

***- मत्ती २७:४५***

के यो छैटौं प्रहर त्यस नवौं विपत्तिसंग जोडिएको छ ? यस समय ख्रीष्ट र त्यस मिश्रीहरुको लागि अन्धकारको समय थियो । उनीहरुमाथि आउने कुराको डर थियो । अन्धकारले पिताको मुहार लूकाएको विषयमा पनि संकेत गर्दछ ।

*"न सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्‍वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन।"*

*- १ यूहन्ना १:५*

अन्धकारले यो संकेत गर्दछ कि शैतान मिश्रमाथि पूर्ण रुपमा कब्जा गरिसकेको छ । केवल परिवारको जेष्ठको मृत्यु मात्र बाकीं थियो जो अन्तिम विपत्ति हो, यो नाशकर्ताको कामहरुको निचोड थियो । तिनीहरुको मृत्युमा ख्रीष्टको मृत्यु झल्किन्छ । ख्रीष्टले आफ्नो स्वेच्छाले उनीहरुको ठाउँमा मर्न तयार हुनुहुन्थ्यो ! तर तिनीहरुले नाशकर्तालाई रोजे र अब तिनीहरुले त्यसको सामना गर्नुपर्ने थियो । यद्धपी, जसले विश्वाशसाथ् आफ्नो द्वारमा थुमाको रगतको चिन्ह लगाए, तिनीहरुको घरमा शैतान पसेन ।

*"जब परमप्रभु मिश्रीहरूलाई प्रहार गर्न देश भएर जानुहुनेछ, तब उहाँले चौकोसको माथिल्लो भाग र दुवैतिरका खम्बामा रगत देख्नुहुनेछ, र त्यस ढोकालाई छोड़ेर, निस्तार गरी, विनाश पार्नेलाई तिमीहरूका घरमा तिमीहरूलाई मार्न पस्न दिनुहुन्‍न।"*

*- प्रस्थान १२:२३*

को हो त यो विनाशक...???

*"अतल कुण्डको दूत तिनीहरूको राजा थियो। हिब्रू भाषामा त्यसको नाउँ एबाड्डोन र ग्रीक भाषामा त्यसको नाउँ*

*अपोल्लियोन [विनाशक] हो।"*

*- प्रकाश ९:११*


*"हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए।"*

*१ कोरिन्थी १०:१०*

परमेश्वरलाई उहाँको सुरक्षाको घेरा हटाउनको लागि कर गर्दा, ति दुष्ट दुतहरुले बिना रोकावट उनीहरुको मन चाहे काम गर्न सके; जब मिश्र देशमा भएको सबै पहिलो जन्महरुको मृत्यु भयो तब त्यहाँ ख्रीष्टको मृत्युको छायाँलाई देख्न सक्छौं । मिश्र देशमा आएको ति दश विपत्तिहरुमा हामी ख्रीष्टको क्रुसलाई माथि उचालिएको देख्न सक्छौं र त्यहाँ परमेश्वरको शक्तिद्वारा प्रकृतिको नियमहरुद्वारा ति मिश्रीहरुले गरेको पापको कारण परमेश्वरले दिनुभएको सुरक्षाको घेरा तोडिन पुगेको थियो जसको कारण ति दुष्ट दुतहरुले आफ्नो काम गर्न सकेका थिए । यो विनाश केवल ख्रीष्टले पाउनुभएको पिडाद्वारा सम्भव छ जो संसारको स्थापनादेखि मारिनु भएको छ । मानिसमा भएको परमेश्वरको प्रतिरुपप्रति शैतानको घृणाले गर्दा मानिसहरुले एक अर्कालाई मार्दा शैतान खुशी हुने गर्दछ ।

मिश्र देशलाई तवाही गर्दा र त्यस तवाहीमा पिता र पुत्रले पाउनुभएको दुखमा शैतान रमाएको छ । परमेश्वरको दाहिने हातलाई कुष्ठरोग लागेको थियो र उहाँको राजदण्ड सर्प बनेको थियो । यदी हामी भ्यागुताको विपत्तिलाई हेर्छौं भने त्यहाँ शैतानले भनेको झुटहरुलाई हेर्न सक्छौं र हामी परमेश्वर र उहाँको पुत्रको पिडालाई हेर्न सक्छौं र ख्रीष्टको क्रुसलाई

उचालेको हेर्न सक्छौं र त्यहाँ हामी सर्पलाई उचालिएको देख्न सक्छौं जो एक हत्यारा र सुरुवात देखि नै छली थियो । यूहन्ना ८:४४ । क्रुसले शैतानको पाप र त्यसलाई आफ्नो काम गर्न दिंदा हाम्रो परमेश्वरले पाउनुभएको पिडालाई हाम्रो सामु प्रकट गर्दछ ।




आफ्नो जनहरुलाई मिश्रबाट छुटकारा दिन फारोलाई ति विपत्तिहरु परमेश्वरले पठाउनु भयो भनेर हामी सोच्छौं भने हामीले स्वर्गमा हुनुहुने प्रेमिलो परमेश्वरको चरित्रलाई गलत रुपमा बुझेको छौं । परमेश्वर चाहनुहुन्न कि कोहि पनि नाश होस् तर सबै जना पश्चताप गर्दै आउन् र उहाँको सबाथ दिन, आज्ञाहरु पालन गरुन् ।

आउनुहोस् हामी हाम्रो पापबाट फर्कौं र ख्रीष्टकहाँ आवौं ताकी हामीले हाम्रो पापपूर्ण कार्यद्वारा ख्रीष्टलाई फेरी क्रुसमा नटाँगौ तर हामी हरेक दिन उहाँ मा क्रुसित होवौं र उहाँको पुनरुत्थानमा जीवनको नयाँपनमा जिउन सकौं । के ति विपत्तिहरुमा हामी ख्रीष्टको क्रुसलाई देख्न सक्छौं र मिश्र देशमा भएको तवाहीमा उहाँले पाउनुभएको दुखलाई देख्न सक्छौं ? के तपाई

परमेश्वरको प्रिमिलो रुपलाई देख्न सक्छौं जो ति मानिसहरुलाई बचाउन धेरै प्रयत्न गर्नुभएको थियो ?

हाम्रो लागि परमेश्वरको प्रेम कति गहिरो छ । केहि पनि वस्तुले नाप्न नसकिने । उहाँले आफ्नो एक मात्र पुत्र हाम्रो खातिर दिनुभयो ।[3]

> ***" "किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्," परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्।"***
>
> ***- यशैया ५५:८-९***

## २१. अनन्तको करार र मृत्युको सेवाकाई

पुरानो करारमा हामी ति धेरै कथाहरु पाउछौं जहाँ हामी परमेश्वरको जनहरुले वा परमेश्वर आफैले धेरै विनाशकारी कामहरु गर्नुभएको छ । यी कथाहरु हामीले हाम्रो बालबच्चाहरुलाई उनीहरु डराउन सक्छन भन्ने डरले सुनाउदैनौं । इसाई धर्म जसले येशुको कथाद्वारा परमेश्वरको प्रेम र


---

[3] स्टुवार्ट टाउनएण्ड ले रच्नु भएको गित, हाम्रो लागि कति गहिरो पिताको प्रेम. १९९०

अनुग्रहको विषयमा प्रचार गर्छ त्यसको लागि पुरानो करार अलि शर्मनाक छ ।

ति हिँसाहरु जो पुरानो करारमा छन् तिनीहरुलाई इसाईहरुले पुरानो र नयाँ करारको बुझाइको आधारमा बुझाउने कोशिश गर्दछन् । अधिकांस इसाईहरुले यो कुराको प्रचार गर्छन कि पुरानो करार केवल पुरानो व्यवस्थासंग वा ख्रीष्ट यस संसारमा आउनुभए देखि क्रुसको मृत्युसम्म अगाडीको समयसम्म मात्रसम्बन्धित छ । यो व्यवस्थाको समय थियो जहाँ *"पालन गर र बाँच्नेछौं"* र *"भंग गर र मर्नेछौं"* । एक प्रकारले पुरानो व्यवस्थाको अधिनमा बस्ने मानिसहरु आफ्नो विचारधारामा एकदम सामान्य थिए र हरेक विवादको समाधान लडाई झगडा भनेर सोच्दथे ।

तर यसको ठिक विपरित नयाँ व्यवस्थालाई अनुग्रहको समय भनेर मानिन्छ । परमेश्वरको प्रेम ख्रीष्टमा प्रकट भएको थियो र पवित्र आत्माको वरदानद्वारा मानिसहरुले सुसमाचारलाई अनुभव गर्न पाए । पुरानो व्यवस्थाको अधिनमा भएकाहरुले यो महसुस गरे कि सुसमाचारको यथार्थता तिनीहरुको पहुँचभन्दा बाहिर छ । धर्मशास्त्रको अध्ययन गर्नेहरुमध्ये केहिले यो सोचे कि परमेश्वरले केहि कुरा गर्न जुन तरिका अपनाउनु भएको थियो त्यो असफल भएपछी उहाँले अर्को प्रेमिलो तरिका अपनाउनु भयो । कसैले यो बुझे कि जबसम्म मसिहको आगमन हुदैंन तबसम्म परमेश्वरले जे गर्न सक्नुभयो त्यो उहाँले गर्नुभयो । यसले यो प्रश्न आउँछ कि यस संसारमा आउन ख्रीष्टले किन ढिला गर्नुभयो ? कसैले यो भन्छन कि उहाँलाई जति छिटो पठाइन्थ्यो त्यति नै राम्रो हुने थियो ।




पुरानो र नयाँ करारले मुक्तिको योजनामा दुई अलग तर्कहरु प्रदान गर्छन् । पुरानो करारले व्यवस्था पालनमा जोड दिन्छ भने नयाँ करारले अनुग्रहमा केन्द्रित गर्छ । *विश्व इतिहासको दुई अलग समयकालमा* यी दुई तर्क वा शिद्वान्तहरुले यो कुराको पुष्टि गर्छन कि यी दुई व्यवस्थाहरु एक आपसमा मिल्दैनन् । तर जब यी दुई तर्क वा शिद्वान्तहरुलाई जब *कुनै मानिसको व्यक्तिगत जीवनमा मिलाएर राखियो* भने, तिनीहरुले पुनस्थापनाको इश्वरीय प्रक्रियाको एकदम सुन्दर चित्र तयार पार्छन ।

भले यी विषय परमेश्वरको चरित्रको विषयभन्दा अलग देखिन्छ, तर ध्यानसंग यसलाई अध्ययन गर्ने हो भने यी कुराहरुले परमेश्वरको चरित्रमा प्रकाश पारेको हुन्छन् ।

उदाहरणको लागि: कुनै मानिसको हड्डी एकदम असाधारण तरिकाले बढेको छ । डाक्टरलाई भेट्दा उसले भन्छ कि यस हड्डीलाई तोडेपछी मात्र यो सही तरिकाले बढ्ने छ । के हुन्छ होला त यदी डाक्टरले यो प्रक्रियाको पहिलो हिस्सा मात्र गर्नेछ ? के हुन्छ होला यदी उसले हड्डी तोडेर त्यतिकै मात्र राखेको छ ? डाक्टरलाई त एकदम गाली गरिन्थ्यो होला ? कुनै मानिसह दांत दुखेर डाक्टरलाई भए गर्छ र उसले यो आशा गर्छ कि उसको बिग्रेको दांतलाई डाक्टरले फेरी पुरानो अवस्थामा लानेछ

तर यदी उसले पहिलो प्रक्रिया मात्र गर्यो भने के हुन्छ होला त ? उसले बिग्रेको भागलाई सफा गरेर छोड्यो भने के हुन्छ होला? त्यस असुरक्षित दांतले पिडा मात्र हुन्छ । त्यस डाक्टरलाई गैरअनुभवी भनिन्छ किनभने उसले त्यस प्रक्रियाको पहिलो भाग मात्र गरेको छ ।

आउनुहोस्, धर्मशास्त्रमा के लेखिएको छ हेरौं । ध्यानसाथ ति पदहरुलाई हेर्नुहोस् । यी पदहरुमा हामी दुई कार्यहरुलाइ हेर्न सक्छौं; “र” भन्ने शब्दहरुलाई हेर्नुहोस् ।

*“अब हेर, म उही हुँ, मबाहेक अरू कोही ईश्वर छैन।*
*म नै मार्दछु, र म नै जीवित पार्दछु।*
*म नै चोट लाउँछु, र म नै निको पार्छु, र कसैले मेरो हातबाट छुटाउन सक्दैन।*
*- व्यवस्था ३२:३९*

*“परमप्रभुले मृत्यु ल्याउनुहुन्छ र जीवन दिनुहुन्छ, उहाँले नै चिहानमा पठाउनुहुन्छ र मरेकालाई जीवित पार्नुहुन्छ।*
*परमप्रभुले दरिद्रता र धन-सम्पत्ति पठाउनुहुन्छ। उहाँले नम्र तुल्याउनुहुन्छ, र उहाँले उच्च पार्नुहुन्छ।”*
*- १ शमुएल २:६-७*

*“मार्ने एउटा समय छ, र निको पार्ने एउटा समय। भत्काउने एउटा समय छ, र बनाउने एउटा समय।*
*रुने एउटा समय छ, र हाँस्ने एउटा समय। शोक गर्ने एउटा*

*समय छ, र नाच्ने एउटा समय।*

*ढुङ्गा छर्ने एउटा समय छ, र ती बटुल्ने एउटा समय। अँगाल्ने एउटा समय छ, र अलग रहने एउटा समय।"*

*- उपदेशक ३:३-५*

*"नयाँ करारका सेवकहरू हुन उहाँले हामीलाई योग्यका बनाउनुभयो, लिखित अक्षरमा होइन, तर पवित्र आत्मामा। किनभने लिखित अक्षरले त मार्छ, तर पवित्र आत्माले जीवन दिनुहुन्छ।"*

*- २ कोरिन्थी ३:६*

यी पदहरुमा दुई भागीय प्रक्रियाहरुलाई हेर्नसक्छौं । पहिलो भाग - समस्याको जड र कति डरलाग्दो छ भनेर देखाउंछ । दोस्रो भाग - समाधान र पुनस्थापना हो । यसरी नै हरेक मानिसको जीवनमा व्यवस्थाले काम गर्छ । २ कोरिन्थी ३:६ मार्ने र आत्माको जीवित गर्ने कामलाई देखाउँछ र त्यसमा ग्रीक शब्द "दे" [G1161] जसलाई *"र"* भनेर नि अनुवाद गर्न मिल्छ । शब्दकोषमा यसलाई "लगातर" भनिन्छ । यी दुई करारहरु एक आपसमा मिलेको हुन्छन । पहिलो करार दोस्रो करारप्रति विरोधी हो किनभने यसले कुराहरुलाई प्रकट गर्छ र तोड्छ तर दोस्रो करारले पुनस्थापना गर्छ र निर्माण गर्छ । दोस्रो करारले पहिलो करारलाई पछ्याउने काम गर्छ । अब्राहमको जीवनमा यो प्रक्रियालाई पावलले यसरी व्याख्या गरेका छन्।

*"किनभने लेखिएको छ, अब्राहामका दुई छोराहरू थिए, कमारीतर्फबाट एक, अर्कोचाहिँ स्वतन्त्र स्त्रीबाट। कमारीको छोरोचाहिँ शरीरअनुसार जन्मेको थियो, तर स्वतन्त्र स्त्रीबाट जन्मेको छोरो प्रतिज्ञाद्वारा। यो कुरालाई रूपक दृष्टान्तको रूपमा लिन सकिन्छ। ती स्त्रीहरू दुई किसिमका करारहरू हुन्। एउटीचाहिँ सीनै पर्वतबाट दासत्वको लागि सन्तान जन्माउने हागार हो। हागार अरब देशको सीनै पर्वत हो, र वर्तमान यरूशलेमसँग त्यसको तुलना गर्न सकिन्छ। किनकि त्यो आफ्ना बालकहरूका साथ दासत्वमा छ। तर माथिको यरूशलेम स्वतन्त्र छ, जो हाम्री आमा हुन्।"*

*- गलाती ४:२२-२६*

परमेश्वरले अब्राहमलाई छोरा दिने वाचा गर्नुभयो । समस्या यो हो कि परमेश्वरप्रति अब्राहामको विश्वास अलि कम थियो । जबसम्म उनीहरुले बच्चा जन्माउन सकेनन् तबसम्म तिनीहरुसंग के समस्या थियो अब्राहमलाई थाह थिएन । यो अनुभव समस्याको भाग थियो । अब्राहममा विश्वासको कमी छ भन्ने कुरालाई प्रकट गर्न तिनीहरुको बालक जन्ममा परमेश्वरले ढिला हुन दिनुभयो । यो प्रक्रिया पुनस्थापनाको लागि एकदम महत्वपूर्ण छ । समाधानको लागि यस समस्यालाई पूर्ण रुपमा बाहिर आउन जरुरी छ । परमेश्वरमा धिरज राख्नुभन्दा, बालक जन्माउनको लागि अब्राहमले आफ्नो पत्नीको कुरा माने र आफ्नो नोकर्नीबाट बालक जन्माए । उत्पति १६:१-२ ।

जब हागारबाट इश्माएलको जन्म भयो तब लाग्यो कि सबै कुरा ठिक भयो, तर कुराहरु सबै बिग्रिन थाल्यो । अब्राहमको विश्वासको कमीले घरमा कलहको वातावरण सिर्जना गर्यो । यस कलहले आजको दिनसम्म यहुदीहरु र मुस्लिमहरुको विचमा कलह चलेको छ । यस कथाले हामीलाई यो कुरा देखाउँछ कि कसरी विश्वासको कमीले धेरै डरलाग्दो परिस्थिति ल्याउँदछ । विश्वासको कमी देखाउन परमेश्वरले यी कुरालाई हुन दिनुभयो । तर यो प्रक्रियाको एकदम दुखको कुरा यो हो कि प्रतिज्ञाको बालकको जन्म ढिलाई हुनमा अब्राहम र साराले परमेश्वरको गल्ती देखाए ।

> *"साराईले अब्रामलाई भनिन्, "हेर्नुहोस्, परमप्रभुले मेरो कोख बन्द गरिदिनुभएको छ। यसकारण मेरी कमारीकहाँ जानुहोस्। शायद त्यसबाट मेरो निम्ति सन्तान हुन सक्छ।" अब्रामले साराईको कुरा माने।"*
>
> *- उत्पति १६:२*

> *"फेरि परमेश्वरले अब्राहामलाई भन्नुभयो, "तेरी पत्नी साराईलाई चाहिँ अबदेखि साराई नाउँले नबोलाउनू, तर त्यसको नाउँ सारा हुनेछ। म त्यसलाई आशिष् दिनेछु, र निश्चय नै त्यसबाट म तँलाई एक जना छोरो दिनेछु। म त्यसलाई आशिष् दिनेछु, र त्यो धेरै जातिहरूकी आमा हुनेछे। जाति-जातिहरूका राजाहरू त्यसबाट उत्पन्न हुनेछन्।" तब अब्राहाम घोप्टो परी मनमनै हाँसेर भने, "के सय वर्ष पुगिसकेकोलाई सन्तान होला? नब्बे वर्ष पुगेकी साराले बालक जन्माउलिन् र?" अनि*

*अब्राहामले परमेश्वरलाई भने, "इश्माएल नै तपाईंको आशिष्मा बाँचिरहे त हुन्छ।"*

*- उत्पति १७:१५-१८*

यी सबै घटनाहरुले अब्राह्म र साराको समस्यालाई देखाएको थियो । तिनीहरुमा भएको विश्वासको कमी विस्तारै प्रकट हुदैं थियो । पावलले भनेका छन् कि यी दुई महिला, सारा र हागारसंग अब्राह्मको सम्बन्धले ति दुई कराहरुले कसरी काम गर्छन् त्यो सत्यतालाई देखाउँछ । अब्राह्म ति दुई महिलासंग विवाहित थिए । हागारले पहिलो सन्तान जन्माए जसले गर्दा अब्राह्म यति दुखि भए कि उसले हागार र आफ्नो पुत्रलाई आफुभन्दा टाढा भगाए । यो प्रक्रियाको पिडाले अब्राह्मको विश्वासको कमीले ल्याएको पिडालाई देखायो । तब अब्राह्म पूर्ण रुपमा नयाँ करारको अनुभवमा जान सके । यो दुई भागीय प्रक्रिया हो जो यी दुई करारमा मिल्दछन् किनभने एक समय थियो जब उसको दुई छोराहरु मिलेर संगै बसेका थिए । आफ्नो छोरा इसाह्कको बलिदानद्वारा अब्राह्म नयाँ करारमा पुग्न सकेका थिए । परमेश्वरमाथि उसको विश्वास डगमगाएको थिएन । उसको विश्वासको पूर्णताले उसलाई त्यस पुनस्थापना लगेको थियो जसलाई परमेश्वरले सुरुवातदेखि नै चाह्नुभएको थियो ।

पुनस्थापनाको काम गर्न र अब्राह्मलाई निको पार्न परमेश्वरले उसको विश्वासको कमीलाई प्रकट गराउनु भयो । अब्राह्मको पुरानो विचारधारालाई अन्त गर्न परमेश्वरले ति घटनाहरुलाई हुन दिनुभयो ताकी उ विश्वासद्वारा धार्मिकतामा जान सकोस् ।

हामीले अगाडीको दुई पाठहरुमा ऐनाको शिद्वान्तको विषयमा छलफल गरेका थियौं । डाक्टरहरुले हाम्रो समस्या हामीलाई देखाउँ ऐनाको प्रयोग गर्छन् र एक्स-रेको प्रयोग गर्छन ताकी हामीले देख्न नसकेको समस्याहरुलाई हामीले देख्न सकौं । हाम्रो पापको घाउ देखाउन परमेश्वरको व्यवस्थाले ऐनाको रुपमा काम गर्छ । यो ऐनाले हामीलाई ख्रीष्टको छेउमा लैजान्छ ।

> ***"विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो।"***
>
> ***- गलाती ३:२४***

मानिसको मनमा उत्पन्न भएको समस्या पाप हो । यो समस्यालाई हल गर्न परमेश्वरले हाम्रो गलत विचारधारालाई प्रकट गरिदिनु हुन्छ । व्यवस्थाद्वारा मात्र यो काम सम्भव छ । समस्या यो छ कि धेरै मानिसहरुले यो कुरामा विश्वास गर्छन् कि यी कुराहरु सबै परमेश्वरबाट भएको हो ।

> ***"तर वचन पालन गर्ने होओ, र सुन्ने मात्र भएर आफैलाई धोका नदेओ। कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ, किनकि त्यसले आफैलाई हेर्छ र गइहाल्छ, र त्यो आफै कस्तो थियो, त्यो तुरुन्तै बिर्सिहाल्छ। तर त्यो मानिस जसले स्वतन्त्रता दिने शुद्ध व्यवस्थालाई हेर्दछ र त्यसैमा लागिरहन्छ,***

*अनि सुनेर बिर्सिहाल्ने होइन तर काम गर्ने पनि हुन्छ, त्यसले चाहिँ आफूले गरेको काममा आशिष् पाउनेछ।"*

*- याकुब १:२२-२५*

वचनलाई सुन्नु तर पालन नगर्नुको अर्थ के हो त ? यस कुराको ठिक उदाहरण हामी इस्राएलको सन्तानको जीवनमा पाउन सक्छौं जब तिनीहरु सिनै पर्वतमा आइपुगे। परमेश्वरले उनीहरुको निम्ति धेरै कुराहरु वाचा गर्नुभयो तर उनीहरुले सुनेनन् । उहाँले गर्नुभएको प्रतिज्ञालाई स्वीकार गर्नुको सट्टा उनीहरुले त्यही कुरा गर्न खोजे जुन कुरा परमेश्वरले तिनीहरुको लागि गर्नेछु भन्नुभएको थियो ।

*'मैले मिश्रीहरूलाई के गरें, र तिमीहरूलाई कसरी गरुडका पखेटामा झैं बोकेर मकहाँ ल्याएँ, सो तिमीहरूले देखेका छौ। अब यदि तिमीहरूले मेरा कुरा साँच्चै नै सुन्यौ र मेरो करार पालन गर्‍यौ भने, सबै जातिहरूमध्ये तिमीहरूचाहिँ मेरो बहुमूल्य निज धन हुनेछौ। सारा पृथ्वी मेरै भए तापनि तिमीहरू मेरो निम्ति पूजाहारीहरूको एक राज्य र एक पवित्र जाति हुनेछौ'। इस्राएलीहरूलाई तैंले भन्नुपर्ने कुरा यी नै हुन्।" अनि मोशा तल आए, र मानिसहरूका धर्म-गुरुहरूलाई बोलाउन पठाए, र परमप्रभुले तिनलाई बोल्नू भनी आज्ञा गर्नुभएका यी सबै कुराहरू तिनीहरूका सामु राखिदिए। सारा मानिसहरूले एकसाथ यसो भने, "परमप्रभुले भन्नुभएका सबै कुराहरू हामी पालन गर्नेछौं।" तब मोशाले मानिसहरूको जवाफ परमप्रभुलाई*

*सुनाइदिए।"*

*- प्रस्थान १९:४-८*

परमेश्वरले तिनीहरुलाई भन्नुभएको थियो कि तिनीहरुले पालन गरेको खण्डमा उहाँले तिनीहरुलाई आत्मा र सत्यतामा अनुग्रह प्रदान गर्नु हुनेछ । पालन भनेको उहाँको वचनमाथि विश्वास गर्नु हो । पालन भनेको उहाँको निम्ति केहि गर्नुमा विश्वास गर्नु हैन तर तिनीहरुको निम्ति परमेश्वरले केहि गर्दै हुनुहुन्छ भन्ने कुरामा विश्वास गर्नु हो । तर दुखको कुरा यो हो कि इस्राएलले परमेश्वरको वाचालाई यसरी बदल्यो कि उनीहरुले उहाँको निम्ति केहि गरेर त्यसको श्रेय पाउन सकुन् ।

बाइबलले यस प्रकियालाई पुरानो करार भन्दछ । परमेश्वरले भन्नुभएको कुरालाई सुन्नु र पालन गर्नमा मानवको असक्षमतालाई यस घटनाले देखाउँछ ।

***"किनभने पहिलो करार खोटरहित भएको भए त दोस्रोको आवश्यकता पर्नेथिएन। किनभने ती मानिसहरूको दोष देखाउँदै उहाँ भन्नुहुन्छ, "परमप्रभु भन्नुहुन्छ, ती दिन आउनेछन्, जब इस्राएलको घरानासँग र यहूदाको घरानासँग म एउटा नयाँ करार स्थापना गर्नेछु। तिनीहरूका पुर्खाहरूसँग मैले बाँधेको करारजस्तै यो हुनेछैन, जब मैले तिनीहरूलाई हातमा समातेर मिश्रदेशबाट डोर्‍याएर ल्याएको थिएँ। परमप्रभु भन्नुहुन्छ, तिनीहरू मेरो करारमा स्थिर भई बसेनन्, यसैले मैले तिनीहरूको वास्ता गरिनँ। परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको***

*घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु, र म तिनीहरूका परमेश्‍वर हुनेछु, अनि तिनीहरू मेरा प्रजा हुनेछन्।"*

*- हिब्रु ८:७-१०*

परमेश्वरलाई यो कुरा थाह थियो कि इस्राएलीहरुले उहाँको वचनलाई पालन गर्ने छैनन् तर उनीहरु आफैले त्यस कुरालाई गर्न खोज्नेछन् जुन कुराको वाचा उहाँले गर्नुभएको थियो । यो भाग एक शिक्षकको प्रकियालाई देखाउँछ जब कोहि ख्रीष्टमा आउँछ ।

*"विश्‍वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोर्‍याउने जिम्मा दिइयो। तर अब विश्‍वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं।"*

*- गलाती ३:२४-२५*

परमेश्वरलाई थाह थियो कि इस्राएलीहरुले उनीहरुको प्रतिज्ञा पुरा गर्ने छैनन् तर पनि उनीहरुलाई उहाँले उनीहरुको वाचा पुरा गर्ने अवसर दिनुभयो ।

अब्राहम र साराको कथामा भनिएको जस्तै जब परमेश्वरले हाम्रो सामु हाम्रो पापलाई देखाउनुहुन्छ तब हामी उल्टो सबै दोष परमेश्वरमाथि थप्छौं । साराले भन्छे कि परमेश्वरले उसलाई बालक जन्माउनबाट रोक्न खोज्नुभएको थियो । साराले सबै कुराहरुको दोष परमेश्वरमाथि थपेका

थियो । जब परमेश्वरले आदमलाई सोध्नुभयो कि के उसले त्यस रुखको फल खाएको हो, तब आदमले सबै दोष परमेश्वरमाथि थपेको थियो ।

> *"उहाँले सोध्नुभयो, "तँ नाङ्गै छस् भनेर कसले भन्यो? जुन रूखको फल नखानू भनी मैले तँलाई आज्ञा दिएको थिएँ के तैंले त्यो खाइस्?" मानिसले भने, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ।"*
>
> *- उत्पति ३:११-१२*

जब हामी सबै दोष परमेश्वरमाथि थप्छौं तब हामीले बाइबललाई कसरी पढ्छौं र बुझ्छौं त्यो कुरा प्रकट हुन्छ । बाइबलले हाम्रो हृदयमा भएको विचारधाराहरु र अरु कुराहरुलाई प्रकट गर्छ जसले हामीलाई यो कुरा देखाउँछ कि हामी स्वार्थि, छली, विनाशकारी र हत्यारा छौं ।

> *"जसो लेखिएको छ, "धर्मी कोही छैन, एक जना पनि छैन, बुझ्ने कोही छैन, परमेश्वरलाई खोज्ने कोही छैन। ती सबै बरालिएका छन्, तिनीहरू एकसाथ बेकम्मा भएका छन्। कसैले असल गर्दैन, असल गर्ने एक जना पनि छैन।" "तिनीहरूका घोक्रा खुला चिहान हुन्, तिनीहरू आफ्ना जिब्राले छलका कुरा गर्छन्।" "सर्पको विष तिनीहरूका ओठमा छ।" "तिनीहरूका मुख सराप र तीता कुराले भरिएका छन्।" "तिनीहरूका खुट्टा रक्तपात गर्नलाई छिटा छन्। विनाश र दुर्दशा तिनीहरूको बाटोमा छन्, र*

*शान्तिको बाटो तिनीहरूले चिनेका छैनन्।" "तिनीहरूका आँखाको सामने परमेश्वरको भय छैन।"*

*- रोमी ३:१०-१८*

हाम्रो व्यवहारको सत्यता येशुको जीवनको प्रकाशमा हेर्दा ठिक विपरित देखिन्छ । आफ्नो शत्रुप्रति उहाँले देखाउनुभएको प्रेम र अनुग्रह र उहाँको स्वार्थह्निन सेवाकाईले हामीलाई हाम्रो स्वार्थिपना देखाउँछ । पश्चताप गर्नुको सट्टा मानिसको हृदयले आफ्नो पापी चरित्रलाई परमेश्वरमा थपीदिन्छ ताकी उसको चरित्र सही ठहरियोस् । याकुबको पुस्तकमा भनेको जस्तै, एक मानिसले जब परमेश्वरक वचन पढ्छ तब उसले त्यहाँ आफ्नो मुहार देख्न सक्छ ।

*"कुनै मानिसले वचन सुन्छ तर पालन गर्दैन भने, त्यो एउटा यस्तो मानिसजस्तो हुन्छ, जसले आफ्नो अनुहार ऐनामा हेर्छ,"*

*- याकुब १:२३*

परमेश्वरले डाक्टरले हामीलाई हाम्रो समस्याको असर देखाउन खोज्नुभएको छ तर हाम्रो लागि तो पर्याप्त छैन किनभने हामीले त्यस समस्यालाई हल्का रुपमा लिएका छौं र अरु समाधनको बाटो खोज्दैछौं ताकी हामीले पलभरको आराम पाउनसकौं । तर यो कुरा हामीले जान्न जरुरी छ कि पापले कहिले पनि शान्ति दिदैंन किनभने पापीको लागि कुनै पनि शान्ति छैन, परमेश्वर भन्नुहुन्छ । परमेश्वरले यी कुराहरुलाई हाम्रो

जीवनमा घट्न दिनुहुन्छ ताकी हामीले यो कुरालाई बुझ्नसकौं कि जुनकुरा विश्वास हैन त्यो पाप हो । यशैया ४८:२२, रोमी १४:२३ ।

परमेश्वरले दुखमा मानिसहरुलाई निरन्तर रुपमा आफ्नो तरिकाद्वारा पुरानो करारलाई राख्न खोजेको हेर्नुभयो, उहाँले हामीलाई निरन्तर रुपमा विन्ती गर्नुभएको थियो कि समस्याको एक मात्र हल ख्रीष्टलाई हाम्रो हृदयमा काम गर्न दिनु हो । तर पनि हामीले यो कुरालाई स्वीकार गर्दैनौं कि हामीले पाएको पिडा, हाम्रो पापी चरित्रको परिणाम हो, जो अझ धेरै नराम्रो हुन सक्थ्यो यदी मुक्तिदाताले हाम्रो असल कामको खातिर त्यसलाई कम नगर्नुभएको भए । तर हामी पापी चरित्रको कारण उल्टो हामी उहाँलाई गालि गर्छौं र उहाँको क्रुर चरित्र छ भनेर हामी उहाँलाई दोष दिन्छौं । आफ्नो गल्तीको दोष मानिसले एकदम चलाखीपूर्ण ढंगमा परमेश्वरमाथि थपेको छ । धर्मशास्त्रले भन्दछ:

> ***"मानिसको हृदय सबै कुराभन्दा छली हुन्छ, र त्यसलाई निको पार्न सकिँदैन। त्यसलाई कसले जान्न सक्छ र?"***
>
> ***- यर्मिया १७:९***

> ***"तैंले यी सब काम गरेको छस्, र म चूप लागें, तैंले सोचिस् म सर्वथा तँजस्तै छु। तर म तँलाई हप्काउनेछु, र तेरै मुखको अगि तेरो दोष देखाउनेछु।"***
>
> ***- भजनसंग्रह ५०:२१***

दुखको कुरा यो हो कि, मानवताको पतनदेखि हाम्रो हृदय छली र हिंसात्मक भएको छ । जब मानिसले बाइबललाई पढ्छ तब उसले आफ्नो पापी चरित्र परमेश्वरमाथि हाल्छ । जब बाइबल पढ्ने मानिसले परमेश्वर क्रुर र हिंसात्मक भनेर पढ्छ तब उसको हृदयमा भएको कुरा प्रकट हुन्छ । पावलले भनेकाछन्:

> ***"तर पापले आज्ञामा मौका पाएर ममा सबै किसिमका लोभ उत्पन्न गरायो। व्यवस्थाविना त पाप मुर्दातुल्य हो। व्यवस्थाविना रहँदा एक पल्ट म जीवित थिएँ, तर आज्ञा आएपछि पाप जागिउठ्यो, र मचाहिँ मरें। जीवनको प्रतिज्ञा दिने त्यही आज्ञाले मेरो निम्ति मृत्यु ल्यायो। किनकि पापले आज्ञाद्वारा मौका पाएर मलाई छल्यो, र त्यसैद्वारा मलाई मार्‍यो। व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ। त के जो असल छ, त्यसले मेरो निम्ति मृत्यु ल्यायो त? कदापि होइन! तर पापचाहिँ पापैको रूपमा देखिओस् भनेर असल कुराद्वारा पापले ममा मृत्यु उत्पन्न गराइरहेछ, ताकि आज्ञाद्वारा पाप सम्पूर्ण रूपले पापमय बनोस्।"***
>
> ***- रोमी ७:८-१३***

मानिसले आफ्नो हिंसात्मक चरित्रलाई सही ठहराउन पुरानो करारको तिकथाहरुलाई प्रयोग गर्छन् जहाँ परमेश्वरले नरसंहार गर्नुभएको छ । बाइबललाई यसरी लेखिएको छ कि यसले मानिसहरुको हृदयमा जे कुरा छ त्यो प्रकट हुन्छ । यस पृथ्वीमा येशुको जीवनले परमेश्वरको वास्तविक

रुपलाई देखाएको छ । येशुले कहिले पनि मानिसहरुलाई मार्नुभएन, परमेश्वरको प्रेमलाई देखाउनुभएको छ तर मानिसहरुले पुरानो करारलाई पढेर उनीहरुले आफ्नो अनुहार हेर्छन तर त्यसलाई परमेश्वरको मुहार भन्छन् ।

*"हामी सबै घुम्टो हटाइएको मुहारले प्रभुको महिमा प्रतिबिम्बित गर्दछौं, अनि एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बद्लिँदैजान्छौं। परमप्रभुबाट यो आउँछ, जो आत्मा हुनुहुन्छ।"*

*- २ कोरिन्थी ३:१८*

यस पृथ्वीमा येशुको जीवनमा परमेश्वरको चरित्रको पूर्ण महिमा प्रकाश भएको छ ।

*"जुन काम तपाईंले मलाई दिनुभयो, त्यो पूरा गरी तपाईंलाई पृथ्वीमा मैले महिमित तुल्याएको छु।"*

*- यूहन्ना १७:४*

परमेश्वरको चरित्र उहाँको महिमा हो जसरी उहाँले भन्नुभयो ।

*"तिनले भने, "अब मलाई तपाईंको महिमा देखाउनुहोस्।" ...अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो। त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर,*

***जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ।"***

***- प्रस्थान ३३:१८; ३४:५-६***

जब तपाईले बाइबललाई येशुको चरित्रमा पढ्नुहुन्छ भने तब परानो करारलाई तपाई नयाँ ढंगले हेर्नुहुनेछ र त्यहाँ तपाईको व्यवहारिक हृदयलाई देख्न सकिन्न । तर कसरी ख्रीष्टको महिमालाई ऐनामा हेर्ने ? के त्यो ऐनामा हामी आफैलाई देख्न सक्दैनौं र ? कसरी ख्रीष्टलाई हेर्ने ?

***"अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो। त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ।"***

***- कलस्सी १:२७***

जब हामी नयाँ करारमा आउछौं, हामी फेरी जन्म लिन्छौं र हाम्रो हृदयमा ख्रीष्ट प्रकट हुनुहुन्छ । यसले गर्दा हामी ऐनामा के हेर्छौं त्यो परिवर्तन हुन थाल्छ । जब हामी ऐनामा ख्रीष्टलाई हेर्छौं तब हामीले बाइबललाई कसरी पढ्छौं त्यो परिवर्तन हुन्छ । हामीले १८ पाठमा पढेको छौं कि धेरै प्रतिवादहरु हुन्छन र त्यसको हल हामीसंग हुदैं । यो कुरा पुरानो करारदेखि नयाँ करारमा जाँदा हुन्छ । हाम्रो पढ्ने तरिका बदलिन थाल्छ ।

*"उहाँले त्यस अन्धो मानिसको हात समातेर त्यसलाई गाउँबाट बाहिर ल्याउनुभयो, र त्यसका आँखामा थुकेर त्यसमाथि आफ्ना हात राखी त्यसलाई सोध्नुभयो, "के तिमी केही देख्छौ?" अनि माथितिर हेरेर त्यसले भन्यो, "म मानिसहरूलाई रूखहरूजस्तै हिँड़िरहेका देख्छु।" तब उहाँले फेरि त्यसका आँखामा हात राख्नुभयो, र त्यसले एक टक लाएर हेर्‍यो। त्यसले आफ्नो दृष्टि प्राप्त गर्‍यो र सबै थोक छर्लङ्ग देख्न लाग्यो।"*

*- मर्कुस ८:२३-२५*

सुरुमा हामी हल्का रुपमा देख्न सक्छौं तर जब परमेश्वरले हाम्रो आँखामा छुनुहुनेछ तब हामी उहाँले देखाउन खोज्नुभएको कुरालाई हेर्न सक्छौं र एकदम सुन्दर तस्विर प्रकट हुन्छ ।

महत्वपूर्ण कुरा यो हो कि ख्रीष्टबाट आउने साँचो चङ्गाईको लागि पुरानो करारको काम एकदम महत्वपूर्ण छ । पुरानो करारले हामीलाई यो देखाउँछ कि हामी कति डरलाग्दो स्थितिमा छौं र हामीले ख्रीष्टकहाँ गएर नयाँ करारद्वारा चङ्गाई पाउन सक्छौं । यी दुई प्रक्रियाहरु सधैं एक साथ हुन्छन् र हरेक व्यक्ति जो परमेश्वरकहाँ आउँछ, उसको जीवनमा यो घटना घटेको हुन्छ । आदम, नोहा, अब्राहम र मोशाको लागि जुन प्रक्रिया थियो त्यही प्रक्रिया हाम्रो लागि पनि छ ।

यी दुई प्रक्रियाहरुलाई अलग गर्न खोज्दा पुरानो करारमा परमेश्वरलाई हिंसात्मक चरित्रको देखाइएको छ । यहाँ परमेश्वरलाई क्रुर र निर्मम देखाइएको छ । अझ दुखलाग्दो कुरा यो छ कि मानिसहरुले सुसमाचार प्रचार गर्दा यो कुरा भन्छन कि केवल येशुमाथि विश्वास गरे पुग्छ र आफ्नो दयनिय स्थितिमा ध्यान नदिंदा हुन्छ । यस्तो सुसमाचारले पूर्ण रुपमा निको पारेको हुदैंन । मानिसको जीवनबाट जब यी दुई प्रक्रियाहरुलाई अलग गर्छौं तब परमेश्वरलाई पुरानो करारमा एकदम क्रुर र नयाँ करारमा उहाँलाई नम्र र दयालु देखिन्छ ।

यी दुई प्रक्रियाहरुलाई सही ढंगले नबुझ्नुको मुख्य असर यो हुन्छ कि जुन मानिसलाई परमेश्वरले बचाउन चाहनुहुन्छ, उहाँले त्यसको जीवनमा ति कुराहरुलाई हुन दिनुहुन्छ जसले उसको हृदयमा भएको पापलाई प्रकट गर्छ, उसले आफ्नो ति पापी चरित्रहरुलाई परमेश्वरमा थप्छ ।

> ***"व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो,"***
>
> ***- रोमी ५:२०***

जब व्यवस्था हाम्रो हृदय र मष्तिस्कमा प्रवेश गर्छ तब हामीमा भएको पाप बाहिर प्रकट हुन्छ, मानिसहरुलाई ख्रीष्टतिर फर्किन र चङ्गाई पाउन आव्हान दिन्छ ।

> ***"अनि जब उहाँ आउनुहुन्छ, उहाँले संसारलाई पाप, धार्मिकता र न्यायको विषयमा दोषी ठहराउनुहुनेछ। पापको विषयमा,***

*किनभने तिनीहरू ममाथि विश्वास गर्दैनन्,"*

*- यूहन्ना १६:८*

जब पापीले आफ्नो पापको ग्लानिबोध हुन्छ तब उसलाई उसको विश्वासद्वारा धार्मिकता प्राप्त हुन्छ - त्यो धार्मिकता ख्रीष्टबाट आउँछ जसलाई पापीहरुको निम्ति तयार पार्नुभएको छ ।

अब हामी यो प्रक्रियालाई बुझ्ने महत्वपूर्ण बिन्दुमा आइपुगेका छौं । जब मानिस आफ्नो मनको व्यवहारिक स्थितिमा हुन्छ, परमेश्वरले उसको हृदयमा बोल्नुहुन्छ । मानिसको हृदयमा भएको कुराहरुलाई उहाँले प्रकट गर्नुहुन्छ । मानिसमा भएको पाप जब उ आफैलाई थाह हुदैंन तब ति कुरालाई परमेश्वरले प्रकट गरीदिनु हुन्छ ।

*"तँ अब श्रापित भएर यस भूमिबाट खेदिएको छस्, जसले तेरो भाइको रगत तेरो हातबाट लिनलाई आफ्नो मुख उघार्‍यो। तैंले भूमिको खेती गर्दा अब उप्रान्त त्यसले तँलाई आफ्नो उब्जनी दिनेछैन। तँ पृथ्वीमा एक विनाचैनको डुलुवा हुनेछस्।"*

*- उत्पति ४:११-१२*

यी पदहरुमा परमेश्वरले कयिनलाई उसभित्र भएको कुराहरुलाई प्रकट गर्नुहुन्छ । कयिनले आफ्नो पापद्वारा पृथ्वीमा श्राप ल्याएको थियो । उसले गरेको हत्याद्वारा उसले आफैमा भएको आत्म-सम्मानलाई नष्ट गरेको थियो र त्यसले गर्दा उ टुटेको मानिस बनेको थियो । उसलाई नष्ट गर्न यी कुराहरु भनिएको थिएन तर उसलाई आफ्नो स्थितिको ज्ञात होस् र परमेश्वरतर्फ फर्केर माफी मागोस् । कयिनको प्रतिक्रिया कस्तो छ ?

> ***"कयिनले परमप्रभुलाई भने, "मैले सहनै नसक्ने कड़ा दण्ड मलाई भयो। हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ। म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ।"***
>
> ***- उत्पति ४:१३-१४***

कहिले काहिं परमेश्वरले यस्तो आज्ञाहरु दिनुहुन्छ जसले मानिसको मनमा प्रतिबिम्ब गर्छ ताकी उनीहरुको हृदयमा भएको कुरा बाहिर प्रकट हुन्छ ।

आफ्नो स्थितिको यथार्थतालाई स्विकार्नुको सट्टा, कयिनले सबै दोष परमेश्वरमाथि थपे । आफ्नो भाईको हत्या गरेर पनि उसले पश्चताप गरेन र उसले शान्ति पाउन सकेन । आफ्नो भाईको हत्याको दोषले उसलाई दिन रात खाइरहेको थियो जसको कारण उ भागीरहेको थिए । कहिलेकाहीं परमेश्वरले केहि आज्ञाहरु दिनुहुन्छ जसले मानिसको मनमा भएको कुराहरु प्रतिबिम्ब हुन्छन् जो पछी उसको निर्णयहरुमा प्रकट हुन्छन् । जब इस्राएलले जासुसीको लागि मानिसहरु पठाउन चाहे, तब परमेश्वरले स्वीकृति दिनु भयो परिणाम अनुसार ति बाह्र चेलाहरु मध्ये १० जनाले गलत रिपोर्ट दिए ।

> पुरानो करारमा जब परमेश्वरले ति मानिसहरुसंग काम गर्नुहुन्छ तब उहाँले यस्ता आज्ञाहरु दिनुहुन्छ जो येशुको जीवनको ठिक विपरित हुन्छन् ।

*"अनि तिमीहरू सबैले मकहाँ आएर भन्यौ, "भेद लिनलाई हाम्रा अगि मानिसहरू पठाऔं। त्यस देशमा हामी कुन बाटो जानुपर्ने हो र कुन-कुन सहरमा आइपुग्नेछौं भन्ने खबर तिनीहरूले हामीकहाँ ल्याउनेछन्।" यो कुरो मलाई बेस लाग्यो। अनि मैले हरेक*

*कुलबाट एक-एक जना गरी बाह्र जना मानिस छानें।"*

*- व्यवस्था १:२२-२३*

*"परमप्रभुले मोशालाई भन्नुभयो, "कनान देशभित्र गुप्तचरहरू पठा। त्यो देश म इस्राएलीहरूलाई दिनेछु। आ-आफ्नो पुर्खाको कुलबाट एक-एक जना नायक पठा।"*

*- गन्ती १३:१-२*

तिनीहरुले त्यस देशको जासुसी गर्न खोजेको कारण तिनीहरुले परमेश्वरको वचनमाथि विश्वास गरेका थिएनन् । उहाँमाथि तिनीहरुको विश्वास थोरै छ भनेर परमेश्वरले तिनीहरुलाई देखाउन चाहनुभयो त्यसकारण उहाँले तिनीहरुको हृदयमा भएको कुरालाई तिनीहरुकहाँ नै फर्काइदिनुभयो र तिनीहरुको हृदयमा भएको कुरालाई नै आज्ञा बनाएर दिनुभयो: आफ्नो हातको बलद्वारा त्यस जमिनमा अधिकार गर्नु ।

हामीले यो कुरा जान्न जरुरी छ कि पुरानो करारमा जब परमेश्वरले ति मानिसहरुसंग काम गर्नुहुन्छ तब उहाँले यस्ता आज्ञाहरु दिनुहुन्छ जो येशुको जीवनको ठिक विपरित हुन्छन् । ति मानिसहरुले विचारधारा हो जो उनीहरु तर्फ नै फर्केर आएको थियो । ति परमेश्वरको इच्छा वा विचार हैनन् । यो त्यही विन्दु हो जहाँ बाइबल पढ्नेहरु असमझमा पर्छन र धोखा खान्छन् ।

बालमको घटनालाई हेर्नुहोस् । परमेश्वरले बालमलाई नजा र इस्राएललाई नसराप भन्नुभएको थियो । सुरुमा त बालमले परमेश्वरको कुरा मान्छन् तर जब बालकले लोभ देखायो तब ऊ मान्यो ।

> ***"परमेश्वर त्यस राती बालामकहाँ आएर तिनलाई भन्नुभयो, "यी मानिसहरू तँलाई डाक्न आएका हुन्। यसकारण यिनीहरूका साथमा जा, तर म तँलाई जे-जे कुरा भन्छु, त्यही मात्र तैंले गर्।" बालाम बिहानै उठे, र आफ्नो गधामा काठी कसेर मोआबका मुख्य व्यक्तिहरूका साथमा गए।"***
> ***- गन्ती २२:२०-२१***

यो आज्ञा बालमको हृदयको अवस्थालाई देखाउँछ । परमेश्वरले उसंग कुरा गर्नुभयो ताकी उसको मन फर्केर आवोस् । यदी हामीले यो व्यवस्थालाई बुझ्दैनौं भने हामीले अर्को पदलाई पनि बुझ्दैनौं ।

> ***"तर तिनी गएका हुनाले परमेश्वर रिसाउनुभयो, र परमप्रभुका दूतले आएर तिनको बाटो रोकिदिए। तिनी आफ्नो गधामा चढ़ेर जाँदैथिए। तिनका दुई जना नोकरहरू पनि तिनीसितै थिए।"***
> ***- गन्ती २२:२२***

जब हामी हिब्रु शब्द ***क्रोध***लाई हेर्छौं त्यो शब्द यहाँ ***दुखि*** भनेर अनुवाद हुन्छ । बालमले ति मानिसहरुसंग जान रोजेकोमा परमेश्वर दुखि हुनुभयो र उसलाई चेतवानी दिन आफ्नो स्वर्गदूत पठाउनुभयो । बालम आफ्नो

घर फर्कन तयार भएको थियो तर उसले हृदयमा भएको शब्द ***“यदी”***ले उसलाई ढोका दियो ।

> ***“बालामले परमप्रभुका दूतलाई भने, “मैले पाप गरेको छु। मेरो बाटो छेकेर तपाईं खड़ा हुनुभएको मलाई थाहा थिएन। यसकारण तपाईंको नजरमा यो बेठीक छ भने म फेरि फर्किजानेछु।”***
>
> ***- गन्ती २२:३४***

बालमलाई थाह थियो यो परमेश्वरको इच्छा हैन । गधा र स्वर्गदूतको घटनाद्वारा उसले के गल्ती गर्दै छ परमेश्वरले उसलाई देखाउन खोज्नुभयो । उसले आफ्नो गल्ती महसुस गर्यो तर उसले भन्यो “यदी तपाई चाहनुहुन्छ भने म फर्केर जानेछु ।” परमेश्वरले उसंग ऐनामा कुरा गर्नुभयो ।

> ***“परमप्रभुका दूतले बालामलाई भने, “यी मानिसहरूसँग जा। तर म जे-जे कुरा भन्छु, त्यही मात्र तैंले बोल्।” यसकारण बालाम बालाकका मुख्य व्यक्तिहरूका साथमा गए।”***
>
> ***- गन्ती २२:३५***

परमेश्वरले बालमलाई जा भन्नुभयो यो बालम आफैको विचारधाराको प्रतिबिम्ब हो किनभने बालम पुरानो करारको अधिनमा थिए । जब परमेश्वरले हेर्नुहुन्छ कि मानिस आफ्नो जिद्दीमा अडेको देख्नुहुन्छ तब उहाँले त्यसलाई उसको इच्छाविपरित राख्नुहुन्न ।

*"तापनि तिनीहरूले सुनेनन् अथवा ध्यानै दिएनन्। तिनीहरू अटेरी भए र सुन्न चाहेनन्, अथवा अनुशासनमा बसेनन्।"*
*- यर्मिया १७:२३*

तिनीहरुले चाहेको अनुसारको स्वतन्त्रता उहाँले तिनीहरुलाई दिनुहुन्छ । यसले गर्दा तिनीहरुको हृदयमा भएको पापको बिज उम्रिन थाल्छ । जब पाप बढ्छ तब पश्चताप गर्ने अवसर आउँछ र सही बाटोले गर्दा अनुग्रहले जोरसाथ् काम गर्ने अवसर पाउँछ ।

त्यस समयलाई हेर्नुहोस् जब इस्राएलले राजाको माग गरेको थियो । परमेश्वरले यसको खिलाफ चेतावनी दिनुभएको थियो तर तिनीहरु जिद्दी थिए । यसकारण परमेश्वरले तिनीहरुलाई उनीहरुको इच्छाबमोजिम राजा दिनुभयो । यस्तो गर्नु परमेश्वरको इच्छा थिएन तर उनीहरुको इच्छाबमोजिमको राजा दिनुभयो ।

मोशाको समयमा परमेश्वरले इस्राएललाई भन्नुभयो कि अरिंगालहरुद्वारा कनानीहरु भाग्नेछन् । उनीहरुको हत्या र विनाशको बारेमा केहि पनि भनिएको छैन । तर पनि इस्राएलीहरुले आफ्नो हिंसात्मक इच्छालाई गन्ती २१मा प्रकट गरे ।

***"नेगेवमा बस्ने आरादका कनानी राजाले इस्राएलीहरू अटारीमको बाटो आउँदैछन् भन्ने जब खबर पाए, तब उनले इस्राएलीहरूसँग लड़ाइँ गरे, र तिनीहरूका कति जनालाई कैद गरेर ल्याए। तब इस्राएलीहरूले परमप्रभुमा यो भाकल गरेर भने,***

*“यदि तपाईंले यी मानिसहरूलाई हाम्रा हातमा सुम्पिदिनुभयो भने हामी उनीहरूका सहरहरू बिलकुलै नाश गरिदिनेछौं।” परमप्रभुले इस्राएलीहरूको बिन्ती सुन्नुभयो, र कनानीहरूलाई तिनीहरूका हातमा सुम्पिदिनुभयो। इस्राएलीहरूले उनीहरू र उनीहरूका सहरहरूलाई पनि बिलकुलै नष्ट गरिदिए। यसकारण त्यस ठाउँको नाउँ होर्मा राखियो।*

*- गन्ती २१:१-३*

अरु राज्यलाई मार्ने तिनीहरुको रहरलाई परमेश्वरले सुन्नुभयो, र भविष्यमा तिनीहरुको यो रहर ऐनामा फर्केर फेरी तिनीहरुकहाँ नै आयो र जुन कुराले तिनीहरुले खुशी भएका थिए फेरी तिनीहरुको विरुद्धमा आएको थियो ।

> ***"किनकि यस्तो समय आउँदैछ, जब तिनीहरू ठीक शिक्षालाई नसहने हुनेछन्, तर आफूलाई मन परेका कुरा मात्र सुन्न चाहनेछन् र आफ्नो रुचिअनुसार शिक्षकहरू थुपार्नेछन्,"***
>
> ***- २ तिमोथी ४:३***

यदी तपाईले यी दुई भाग प्रक्रियावाला व्यवस्थालाई बुझ्नुभएको छैन भने तपाईले पनि ति मानिसहरुले झैं आफ्नो गल्ती परमेश्वरमाथि थप्नुहुनेछ । मानिसको सबै भन्दा ठुलो असफलता भनेको नै बाइबललाइ यसरी पढ्नु हो । आफ्नो गल्तीलाई नबुझ्नु र परमेश्वरमाथि सारा दोष थप्नु नै मानिसको असफलता हो ।

यदी तपाईले यी दुई भाग प्रक्रियावाला व्यवस्थालाई बुझ्नुभएको छैन भने तपाईले पनि ति मानिसहरुले झैं आफ्नो गल्ती परमेश्वरमाथि थप्नुहुनेछ ।

कुनै पनि व्यक्ति जसले ख्रीष्टलाई आफ्नो मुक्तिदाता भनेर स्वीकार्न चाहन्छ भने उसले यो कुरा स्विकार्नु पर्छ कि उ परमेश्वरको पुत्रको मृत्युको दोषी हो । यस सत्यले एउटा कुरा स्पष्ट हुन्छ कि मानिस स्वभाविक रुपले परमेश्वर र उहाँको पुत्रलाई घृणा गर्छन् । आफ्नो हिँसाको आत्मालाई सही

ठहराउनको लागि आफ्नो सारा गल्ती परमेश्वरको माथि थप्छ र परमेश्वरलाई मानवताको ठुलो दुश्मन भनेर देखाउँछ र आफ्नो दुश्मनलाई मार्न खोज्छ वा नर्कको आगोमा जलेको चाहना गर्छ ।

वर्तमान समयमा परमेश्वरको डर मान्नु र उहाँलाई महिमा दिनु सुरुवात हो । परमेश्वरको चरित्रलाई सही तरिकामा बुझ्ने कोशिस गर्दा परमेश्वर प्रति हाम्रो बुझाइ बदला लिनुहुने पिताबाट प्रेमिलो पिताको मुहारमा जान्छ र हामीलाई थाह हुन्छ कि हामीले परमेश्वरलिई गलत रुपमा बुझेका रहेछौं ।

> ***"प्रेममा डर हुँदैन, तर सिद्ध प्रेमले डरलाई हटाउँछ। किनकि डरको सम्बन्ध त दण्डसँग हुन्छ, अनि जो डराउँछ प्रेममा त्यो सिद्ध भएको हुँदैन।"***
>
> ***- १ यूहन्ना ४:१८***

उज्यालो हुदैंछ र परमेश्वरको महिमा प्रकाशमा आउंदैछ । जब तपाईं मुक्तिको योजनामा व्यवस्थाको कामलाई बुझ्नु हुनेछ तब परमेश्वरको प्रकाशको महिमित प्रकाशमा उहाँको चरित्रको वरिपरी जुन कालो बादल थियो त्यो हट्नेछ ।

जब हामी यी तर्कहरुद्वारा बाइबलको ति खण्डहरुलाई पढ्छौं तब त्यहाँ हामी परमेश्वरको धैर्यता, ज्ञान, न्याय, अनुग्रह र प्रेम देख्न सक्छौं ।

## २२. मोशा - एक नम्र मानिस

***"मोशाचाहिँ पृथ्वीभरिमा सबैभन्दा विनम्र व्यक्ति थिए।"***

***- गन्ती १२:३***

दासप्रथा, पाप, मानिसको बलिदान र लडाईको समयमा यो पदले अन्धकार संसारमा ज्योतिको काम गर्दछ । मोशा एकदम विनम्र र कोमल हृदयको मानिस थिए । उसले मानिसहरुको अघि वा पछी ख्रीष्टको स्वार्थहिन प्रेमलाई प्रकट गरेका थिए ।

जब उसले मिश्रबाट अगुवाई गरेर ल्याएका मानिसहरुको पापलाई देखे, उसलाई मार्नको लागि उनीहरुको घृणालाई उसले सहनुपर्दा पनि उसले उनीहरुको निम्ति प्रार्थना गरेका थिए । यी घटनाहरु पढ्नेहरुले तिनीहरुलाई त्यतिकै छाडिदिनुपर्लो भनेर सोच्थे होला तर मोशाले तिनीहरुको निम्ति प्रार्थना गरेका थिए र भनेका थिए, "उनीहरुको सट्टामा मेरो नाम जीवनको पुस्तकबाट हटाईदिनु होस् ।"

*"अनि मोशाले परमप्रभुकहाँ फर्किगएर यसो भने, "हाय! यी मानिसहरूले कस्तो ठूलो पाप गरेका छन्! तिनीहरूले आफ्ना निम्ति सुनका देवताहरू बनाएका छन्। तापनि तपाईंले तिनीहरूको पाप क्षमा गर्नुहुन्छ होला— हुन्न भनेता, तपाईंले लेख्नुभएको पुस्तकबाट मेरो नाउँनिशानै मेटिदिनुहोस्।"*

*- प्रस्थान ३२:३१-३२*

यस खण्डलाई पढेर अगाडी बढ्न एकदम सजिलो छ तर उनीहरुको निम्ति आफ्नो प्राण दिनु जसले तपाइँलाई केहि पनि सोचेनन् र सदा तपाईको हत्या गर्ने योजना बनाई रहे ? स्वर्गदुतहरु मात्र त्यस्ता सृष्टिहरु हुन् जो परमेश्वरको महिमाले उनीहरुको हृदय चम्केको थियो । यो मानिसले चालिस वर्षसम्म उजाडस्थानमा भेडाहरु चराएका थिए, आफ्नो काखमा थुमालाई प्रेमसाथ खेलाएका थिए र हरेक खतराबाट तिनीहरुलाई बचाउँदै अगुवाई गरेका थिए । सिनै पर्वतमा उसले चालिस दिन परमेश्वरको उपस्थितिमा मानिसहरुको प्रेमिलो, दयालु, अनुग्रही मुक्तिदातासंग कुरा गर्दै बसे । मुक्तिको योजनालाई मोशाले बुझे; उसले विनम्रतासाथ् परमेश्वरको महिमालाई हेर्ने अनुरोध गरे र परमेश्वरले उसलाई आफ्नो चरित्र प्रकट गर्नुभएको थियो जुन अनुग्रहले भरिएको, दयालु, धैर्यता, भलाई र सत्यतामा भरिपूर्ण । उसको विरुद्धमा आएको झुट र घृणालाई उसले सहेर बसेका थिए । उसको स्थान खोस्न चाहनेहरुको निम्ति उसले प्रार्थना गरेका थिए । यो कुरा एकदम अच्चमको छ कि परमेश्वरले मोशालाई उसको चिहानबाट उठाउनुभयो र स्वर्गमा लैजानुभयो ताकी यो

सुमधुर सम्बन्ध कायम रहोस् र मुक्तिको काममा येशुको सेवाकाईमा सहायता गरेका थिए ।

यो कुरालाई ध्यानमा राख्दै र अगाडीको पाठको तर्कहरुलाई मिलाउदै हामी मोशाको जीवनमा घटेको हिंसात्मक कथाहरुलाइ हेर्नेछौं ।

> *"तब मोशाले छाउनीको ढोकानेर उभिएर भने, "जो-जो परमप्रभुतर्फ छन्, तिनीहरू मकहाँ यता आऊन्।" अनि लेवीका सारा सन्तानचाहिँ तिनीकहाँ आएर भेला भए। मोशाले तिनीहरूलाई भने, "परमप्रभु इस्राएलका परमेश्‍वर यसो भन्‍नुहुन्छ: 'तिमीहरू हरेकले आ-आफ्नो तरवार भिरेर छाउनीको वल्लो छेउदेखि पल्लो छेउसम्म ढोका-ढोकामा गएर हरेकले आफ्नो भाइ र आफ्नो मित्र र आफ्नो छिमेकीलाई मार'।" तब लेवीका सन्तानहरूले मोशाले भनेअनुसार गरे। त्यस दिन मानिसहरूमध्ये तीन हजार जति पुरुष मारिए।*
>
> *- प्रस्थान ३२:२६-२८*

यस खण्डको चार पदपछी यदी इस्राएली प्रजाहरुले माफी पाएको खण्डमा मोशाले आफ्नो अनन्त जीवनको अवसरलाई त्याग्ने निधो गरे । मोशाले परमेश्वरको महान प्रेम र अनुग्रहलाई चिनेको थिए तर पनि उसलाई थाह थियो कि उनीहरुले परमेश्वरको विरुद्धमा पूर्ण रुपमा विद्रोह गरेका थिए । यो के पाप थियो ? यो सुनौलो बाछाको पुजा थियो जो मिश्रको भगवानहरुमध्ये एक थिए ।

***"तब परमप्रभुले मोशालाई भन्नुभयो, "तल ओर्ली, किनकि तैंले मिश्रबाट निकालेर ल्याएका तेरा मानिसहरूले आफैलाई भ्रष्ट पारेका छन्। तिनीहरूलाई जुन मार्गमा हिँड्ने आज्ञा मैले दिएको थिएँ, त्यसबाट तिनीहरू यति चाँड़ै अर्कोतिर लागेका छन्। तिनीहरूले आफ्ना निम्ति बाछाको आकारमा एउटा ढालेको मूर्ति बनाएर त्यसैलाई पुजेका छन्, र त्यसैको निम्ति बलि चढ़ाएर भनेका छन्, 'हे इस्राएली हो, तिमीहरूलाई मिश्रबाट निकालेर ल्याउने तिमीहरूका देवताहरू यी नै हुन्'।"***

***- प्रस्थान ३२:७-८***

चालिस दिन अगाडी मात्र इस्राएलीहरुले साँचो परमेश्वरको आरधना गरे उहाँप्रति वफादार हुने वचन दिएका थिए । छ हप्ताभित्र उनीहरु नाच्दै, पिउंदै र मिश्रको देश काम नलाग्ने भगवानहरुलाई बली चढाउँदै थिए ।

हामीले यी कथाहरुलाई गहिरेर हेर्नुपर्छ । ति विपत्तिको घटनाहरु भन्दा अगाडी इस्राएलीहरुलाई अब्राहम, इसाहक र याकुबसंग बाँध्नुभएको करारमा ७ कुराहरु थिए । ति ७ वाचाहरु प्रस्थान ६:६-८ मा पढ्न सक्छौं:

क. म तिमीहरुलाई मिश्रीहरुको बोझदेखि निकाल्नेछु

ख. म तिनीहरुको बोझलाई हटाईदिनेछौं

ग. म तिमीहरुलाई दाहिने हात र न्यायद्वारा छुटकारा दिनेछु

घ. मानिसहरुलागि म तिमीलाई ल्याउने छु

ङ. म तिम्रोलागि परमेश्वर हुनेछु र तिमीहरुले म परमेश्वर हुँ भनेर चिन्नेछौं जसले तिमीहरुलाई मिश्रको बोझदेखि बाहिर लिएर आउनुभयो
च. मैले तिमीहरुको पुर्खा अब्राहम, इसाहक र याकुबलाई वाचा गरेको देशमा लिएर आउंछु
छ. म तिमीहरुलाई एक जाति बनाउनेछु: म परमेश्वर हुँ

यो अनन्त करारको लागिउ निमन्त्रणा थियो । उनीहरुले केवल एउटा कुरा गर्नुपर्ने थियो – केवल परमेश्वरमाथि विश्वास गर्नुपर्ने थियो । इस्राएलको प्रतिक्रिया के थियो ?

> ***"तब मोशाले इस्राएलीहरूलाई त्यसै भनेर सुनाए, तर कठोर दासत्व र नैराश्यले गर्दा तिनीहरूले मोशाका कुरा सुनेनन्।"***
> ***- प्रस्थान ६:९***

यी अवसरलाई उनीहरु न त सुने न त उहाँको वचन पालन गरे । के तपाई यस विनम्र अनुरोधलाई इन्कार गर्नुहुनेछ । यसको उत्तर आत्माको पिडा र क्रुर दासत्वमा रहन्छ । तिनीहरुले कठिन परिस्थितिको लागि परमेश्वरलाई दोष दिए र उहाँमाथि विश्वास गर्न इन्कार गरे । तर तिनीहरुको दासत्व तिनीहरुसंग जोडिएको छ । धैरैले सुनको बाछ्राको आरधना गरेको कारण साँचो परमेश्वरको आरधनालाई त्यागेका छन् । परमेश्वरको व्यवस्थाबाट आउने सुरक्षा र सबाथलाई इन्कार गरेका छन् । यो उनीहरु आफैको गल्ती हो । आफ्नो पापको पश्चताप गर्नुको सट्टा र अवसरलाई स्वीकार गर्नुको सट्टा उनीहरुले आफ्नो गल्ती परमेश्वरमाथि

थपेका छन् । मानिसको हृदय कति पापी छ ! दासत्वको सयौं वर्ष पछि पनि उनीहरुले पश्चताप गर्ने इन्कार गरेका थिए र यस समस्याको जिम्मेवारी लिए ।

परमेश्वरले आफ्नो अनुग्रह र अथाह प्रेममा तिनीहरुलाई बचाउन चाहनुभएको थियो यद्धपी तिनीहरुमध्ये अधिकांशले सुन्नको लागि इन्कार गरे । जब तिनीहरु लाल समुन्द्रको किनारमा खडा भए र तिनीहरुको पछाडी मिश्री सेनालाई मृत अवस्थामा देखे तबमात्र उनीहरुको मनमा यो कुरा खुल्यो कि तिनीहरु वास्तवमा स्वतन्त्र भएका थिए । तिनीहरुको बाँधिएको शरीर त फुकाइएको थियो तर तिनीहरुको मन अझै बन्दि थियो । तिनीहरुको गनगन र गुनासो सुरु हुन थालेको थियो ।

> ***"तब सारा समुदाय त्यहाँ मोशा र हारूनसित गनगनाउन लागे। अनि इस्राएलीहरूले तिनीहरूलाई भने, "हामी मिश्रमा मासुका कराहीहरूका वरिपरि बसी अघाउञ्जेल खाना खान्थ्यौं। त्यसै बेला हामी परमप्रभुको हातबाट मरेका भएदेखि असल हुनेथियो। तर तपाईंहरूले हामी र हाम्रा यस जम्मै समुदायलाई भोकले मार्न उजाड़-स्थानमा ल्याउनुभएको छ।"***
>
> ***- प्रस्थान १६:२-३***

यो कुरा ध्यानमा राख्न जरुरी छ कि समस्त भेलाले मोशा र हारुनको विरुद्धमा गनगन गरेका थिए । परमेश्वरले अगुवाई गर्नुभएको देख्दा देख्दै पनि तिनीहरुले सुरुदेखि अन्तसम्म मोशा र हारुनले लिएका निर्णयविरुद्ध गनगन गरेका थिए ।

गनगन गर्ने आत्मा शैतानको आत्मा हो । उ आफ्नो भाईको दोषी हो र उजाडस्थानको यस यात्रा भरी यो आत्माले तिनीहरुमाथि प्रभाव पारेको थियो । हामीले य्पो कुरा बुझ्नसक्छौं कि ति मानिसहरुमध्ये एकजनाले पनि परमेश्वरको ति सात प्रतिज्ञाहरुलाई स्वीकार गरेको थिएनन् तर आफ्नो सारा दोष परमेश्वरमाथि थप्ने निर्णय गरे । यी साना परिक्षाहरु परमेश्वरले हुन दिनुभयो ताकी इस्राएलीहरुले आफ्नो विश्वासमा काम गर्न सकुन् तर त्यसो गर्नुको सट्टा तिनीहरुको हृदयमा भएको साँचो भावनाहरु प्रकट भए तर तिनीहरु धन्यवादी र कृतज्ञ भएनन् । ति इस्राएलीहरु मध्य कोहि पनि अनन्तको करारमा थिएनन् र तिनीहरुमध्ये कोहि पनि ख्रीष्टको आत्माले भरपुर भएन । यो कुरा अर्को अध्यायमा झन स्पष्ट छ ।

> *“इस्राएलीहरूका सारा समुदाय सीनको उजाड़-स्थानबाट परमप्रभुको आज्ञाबमोजिम ठाउँ-ठाउँमा यात्रा गरेर रपीदीममा आइपुगे। त्यहाँ तिनीहरूले डेरा बनाए, तर मानिसहरूका निम्ति खाने पानी थिएन।  यसकारण तिनीहरूले मोशासित झगड़ा गरेर भने, “हामीलाई खाने पानी दिनुहोस्।” मोशाले तिनीहरूलाई भने, “तिमीहरू किन मसित कलह गर्दछौ? तिमीहरू किन परमप्रभुको परीक्षा गर्दछौ?” तर मानिसहरूलाई पानीको तिर्खा लाग्यो, र ती यसो भनेर मोशाको विरुद्धमा गनगनाए, “तपाईंले हामी, हाम्रा बालबच्चा र पशुहरूलाई तिर्खाले मार्न किन मिश्रबाट यहाँ ल्याउनुभयो?” तब मोशाले यसो भनी परमप्रभुलाई पुकारा*

*गरे, “म यी मानिसहरूलाई के गरूँ? यिनीहरूले त मलाई ढुङ्गाले हान्नै आँटेका छन्।”*

*- प्रस्थान १७:१-४*

मोशालाई परमेश्वरको अगुवाईद्वारा तिनीहरुलाई मिश्र देशबाट निकालेर ल्याएकोमा धन्यवाद दिनुको सट्टा उनीहरुले मोशालाई यो दोष लगाए कि उसले तिनीहरुलाई मार्न खोजे र तिनीहरुले उसलाई ढुंगा हान्न खोजेका थिए ।

आफ्नो गलत विचारधारा वा मिश्रमा तिनीहरुले गरेको मुर्तिपुजाको लागि तिनीहरुले पश्चताप गरे भनेर कुनै पनि प्रमाण छैन । तिनीहरु परमेश्वरको आत्माले भरिएका थिएनन् तर शैतानबाट आएको गनगन गर्ने, छली कुरा गर्ने, विलासिताको जीवन खोज्ने आत्माले भरिएका थिए । यी आत्माहरुको प्रभावमा आएर इस्राएलीहरुले परमेश्वरको आज्ञा पालन गर्छौं भनेर परमेश्वरसंग वाचा गरेका थिए । मोशाले आफ्नो शक्तिद्वारा ति आश्चर्य कामहरु गरेको हैन भनेर तिनीहरुलाई थाह थियो । मोशालाई तिनीहरुले जुन दोष लगाएका थिए, वास्तवमा त्यो दोष उनीहरुले परमेश्वरलाई लगाएका थिए, यस विषयमा हामी प्रस्थान ६:९ मा पढ्न सक्छौं - तिनीहरुले आफ्नो दासत्वलाई घृणा गरे र त्यसको दोष परमेश्वर दिए । जब तिनीहरुले परमेश्वरसंग वाचा गरे कि उहाँको सबै आज्ञाहरुलाई पालन गर्नेछन् तब तिनीहरुको हृदयमा पाप थियो ।

परमेश्वरलाई थाहा थियो कि उनीहरुमा उहाँको आत्मा छैन र तिनीहरुले आफ्नो वाचालाई कायम राख्नेछैनन् । उहाँले मोशालाई चालिस दिनको

लागि पर्वतमा लैजानुभयो ताकी तिनीहरुको हृदयमा भएको पाप बाहिर प्रकट हुन सकोस् । ति इस्राएलीहरुलाई थाह थिएन कि मोशा कहिले तिनीहरुकहाँ फर्केर आउनेछन् । उनीहरुले सोचे कि त्यहाँ मोशाको मृत्यु भयो होला र तिनीहरुमा भएको पाप मिश्री देवताहरुको आरधनाको रुपमा जीवित भएर आयो ।

लेवीहरु जो मोशाको वंशको थिए तिनीहरुले त्यस सुनको बाचाको आरधनामा भाग लिएनन् । उनीहरुको हृदयमा परमेश्वरको आत्माको प्रभावबिना तिनीहरुले आफुलाई आफ्नो दाजुभाइहरुभन्दा ठुलो सम्झिने थिए । लेवीहरु परमेश्वरमा समर्पित थिए भनेर कुनै पनि प्रमाण छैन । प्रस्थान १६ मा तिनीहरुले मोशाको विरुद्ध गनगन गरेका थिए । अरु जस्तै तिनीहरुले परमेश्वरको आज्ञापालन गर्ने भनेर वाचा गरेका थिए र यसकारण तिनीहरु पुरानो व्यवस्थाको अधिनमा थिए । यो कुरा बुझ्न एकदम महत्वपूर्ण छ, अगाडीको पाठमा भनेको जस्तै जब मानिसहरु पुरानो व्यवस्थाको अधिनमा हुन्छन् तब परमेश्वर उनीहरुसंग यसरी कुरा गर्नुहुन्छ जसको कारण तिनीहरुको मनमा भएको पाप बाहिर प्रस्फुटन हुन्छ ।

जब हामी परमेश्वरको न्यायले कसरी काम गर्छ त्यस विषयमा पढ्छौं तब हामी एकछिन रोकेर यी कुराहरुमा मनन गर्नुपर्छ । परमेश्वरको आज्ञाहरुमा यो कुरा स्पष्ट रुपमा लेखिएको छ । यस तरिकाद्वारा मात्र परमेश्वरको न्याय मानिसहरुमाथि पर्दछ ।

*"आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। तिनीहरूका सामु ननिहुरनू, तिनीहरूको पूजा नगर्नू, किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौँ पुस्तामाथि म कृपा गर्नेछु।"*
*- प्रस्थान २०:४-६*

जब मोशाले परमेश्वरसंग उहाँको महिमा देखाउनु भनी अनुरोध गरे तब परमेश्वरले त्यही कुरा फरक ढंगमा भन्नुभयो ।

*"अनि परमप्रभु बादलमा ओर्लनुभयो, र तिनीसँग त्यहाँ खड़ा भएर उहाँले आफ्नो नाउँ "परमप्रभु" घोषणा गर्नुभयो। त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौँ हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म*

*दिनुहुन्छ।”*

*- प्रस्थान ३४:५-७*

उहाँलाइ घृणा गर्ने पिता पुर्खाहरुको अपराध दण्ड उनीहरुको सन्तानमा फर्काउनेछु भन्नुको अर्थ के हो ? पहिला, यो कुरा स्पष्ट पारौं कि यो कुरा ति पुस्ताहरुमा आउनेछ जसले उहाँलाई घृणा गर्दछन । उहाँलाई घृणा गर्नु भनेको उहाँबाट आउने सुरक्षालाई इन्कार गर्नु हो । यसकारण यो कुराको दोष पापी आफैमा पर्दछ । बाइबलले यस कुराको विषयमा धेरै पटक भनेको छ ।

*“परमप्रभु त उहाँकै न्यायद्वारा चिनिनुहुन्छ। दुष्टहरूचाहिँ आफ्नै हातका कामको जालमा फसेका छन्।”*

*- भजनसंग्रह ९:१६*

*“यसैले म तिनीहरूलाई टिठ्याएर हेर्नेछैनँ। म तिनीहरूलाई छोड्नेछैनँ, तर जे तिनीहरूले गरेका छन्, तिनीहरूको कामको बदला म तिनीहरूकै शिरमा खन्याइदिनेछु।”*

*- इजिकिएल ९:१०*

प्राय समस्याहरुको हल लडाई झगडाबाट मात्र समाधान गर्ने इस्राएलीहरुको रहर हो भनेर हामीलाई थाह छ । सिनै पर्वतमा आउनुभन्दा अगाडी यिनीहरु अमालेकीहरुसंग यही व्यवहार गरेका थिए ।

*“तिनीहरूलाई भन्, ‘परमप्रभु परमेश्‍वर यसो भन्नुहुन्छः के त्यो सप्रला त? के त्यो जरैसमेत उखेलिँदैन र त्यसका फलहरू*

*टिपिँदैनन्, र त्यो ओइलनेछैन र? त्यसका सबै नयाँ पालुवाहरू ओइलाइहाल्नेछन्। त्यसलाई जरैसमेत उखेल्नलाई खूब बलियो हात अथवा धेरै मानिसहरू चाहिनेछैन्। त्यसलाई सार्‍यो भने पनि के त्यो सप्रन्छ र? पूर्वीय बतासले हानेपछि के त्यो जम्मै सुकिहाल्दैन र— त्यो उम्रेकै ठाउँमा सुकिहाल्दैन र? तब परमप्रभुको यो वचन मकहाँ आयो: "यस बागी घरानालाई भन्, 'के तिमीहरू यी कुराको अर्थ के हो, सो जान्दैनौ?' तिनीहरूलाई भन्: बेबिलोनको राजा यरूशलेममा गयो, र त्यसका राजा र भारदारहरूलाई आफूसँग बेबिलोनमा ल्यायो। तब त्यसले राजाको वंशमध्येको एक जनालाई लिएर त्यसलाई शपथ खान लगाएर त्यससँग सन्धि गर्‍यो। अनि देशका प्रमुख मानिसहरूलाई त्यसले लग्यो,"*

*- प्रस्थान १७:९-१३*

अमालेकीहरुसंग लडाई गर्ने निर्णय मोशा एक्लैको थियो कि वा परमेश्वरको थियो त्यो हामीलाई भनिएको छैन । हामीलाई थाह छ कि कनानलाई जित्दा जब इस्राएलीहरुले मानिसहरुको हत्या गरे त्यो परमेश्वरको इच्छा थिएन ।

*"म आफ्नो आतङ्क तिमीहरूका अगिअगि फैलाउनेछु, र तिमीहरू जुन जातिकहाँ जानेछौ उनीहरू सबैमा म गोलमाल ल्याउनेछु। म तिमीहरूका सबै शत्रुहरूलाई तिमीहरूको सामुन्नेबाट भगाउनेछु। म तिमीहरूका अगिअगि अरिङ्गाल*

*पठाउनेछु, र त्यसले हिव्वी, कनानी र हित्तीहरूलाई तिमीहरूका सामुन्नेबाट धपाउनेछ।"*

*- प्रस्थान २३:२७-२८*

व्यवस्थामा भएको परमेश्वरको ति सात वाचाहरुलाई यदी इस्राएलीहरु स्वीकार गरेको भए तिनीहरु परमेश्वरको आत्माले भरिपूर हुने थिए । जब परमेश्वरको आत्माले मानिसमा वास गर्छ, तब यस्तो हुन्छः

*"मैले माथि हेरें र मेरो अगि कम्मरमा अति राम्रो सुनको पेटी बाँधी सूतीको लुगा लगाएका एक जना मानिसलाई देखें। तिनको शरीर पीतमणिजस्तै चहकिलो थियो, तिनको अनुहार बिजुलीझैँ चम्कन्थ्यो, तिनका आँखा राँकोझैँ बलिरहेका थिए। तिनका हात र खुट्टाहरू टल्काइएको काँसोजस्तै र तिनको स्वर ठूलो भीड़को स्वरझैँ थिए। म, दानिएलले मात्र त्यो दर्शन देखें। मसँग भएका मानिसहरूले त्यो देखेनन्, तर तिनीहरूलाई यति डर आयो कि तिनीहरू भागे र आफै लुके।"*

*- दानिएल १०:५-७*

आत्माको अगुवाईको चरित्र नै यस्तो हो कि यसले तिनीहरुलाई मदद गर्ने थियो । उनीहरुले केहि पनि गर्नुपर्ने थिएन । उनीहरुको शत्रुले कि आफ्नो गल्तीको पश्चताप गर्ने थिए वा तिनीहरु भाग्ने थिए ।

दुखको कुरा यो हो कि इस्राएलसंग यो आत्मा थिएन । तिनीहरुमा छली र गनगनको आत्मा थियो यसकारण उनीहरुसंग आफ्नो शत्रुलाई भगाउने

शक्ति थिएन । उनीहरुसंग कुन बाटो थियो ? उनीहरुले त्यही कुरा गरे जुन कुरा उनीहरुलाई गर्न आउंथ्यो, उनीहरुले तरवार उठाए र नरसंहार गर्न थाले । जब मानिसले एक अर्काको हत्या गर्न थाले तब त्यहाँ कुनै पनि भाइचारा हुदैंन, त्यहाँ रगतको धारा बगेको छ, मानिसहरु पिडामा कराईरहेका हुन्छन् र अन्तिम सास फेर्दैछन् । तपाईले त्यस्तो चित्र कहिले पनि बिर्सिनुहुन्न । हरेक मानिस जसले अर्को मानिसको प्राण लिन्छ त्यसमा ख्रीष्टको शान्तप्रेमी आत्माले वास गर्दैन; उसमा शैतानको आत्माले वास गरेको हुन्छ । उसको हृदयमा पापी चित्र बसेको हुन्छ; त्यस डरलाग्दो चित्रमा उसले आफ्नो हातद्वारा हत्या, नरसंहार र अरुमा मृत्यु फैलाएको हुन्छ र यसको असर पिता, माता, दाजुभाइ, दिदि बहिनीहरु, श्रीमान, श्रीमतीहरु, पुत्रहरु, पुत्रीहरु, सम्बन्धिहरु, परिवारहरु र समाजहरुमा पर्छ ।

बाइबलले भन्दछ कि ख्रीष्ट एकदम पवित्र, दोषरहित र हानिरहित हुनुहुन्छ ।

> ***"किनकि यो उचित थियो कि हाम्रा लागि यस्ता एक जना प्रधान पूजाहारी हुनुपर्दछ, जो पवित्र, दोषरहित, निष्कलङ्क, पापीहरूबाट अलग र स्वर्गभन्दा पनि माथि उचालिएका हुनुहुन्छ।"***
> ***-हिब्रु ७:२६***

ति मानिस जसले अरुको प्राण लिएको छ, त्यसमा ख्रीष्टको आत्मा बस्न एकदम असम्भव छ । ख्रीष्ट पुनरुत्थान र जीवन हुनुहुन्छ । उहाँको उपस्थितिमा मृत्यु बस्न सक्दैन । उहाँले मानिसहरुलाई मार्नुहुन् तर मृत्युबाट जीवित पार्नुहुन्छ । जब मानिस पुरानो करारको अधिनमा हुन्छ तब उसले हत्या गर्छ ।

पुरानो  व्यवस्थाको अधिनमा उनीहरु हुँदा कस्तो थिए भन्ने कुरालाई देखाउन परमेश्वरले उनीहरुको पापको असर ऐनामा देखाउनुहुन्छ ।

अर्को तर्फ जब मानिस नयाँ करारको अधिनमा हुन्छ, तब उसले फरक ढंगले कुराहरुलाई हेर्छ । अगिल्लो पाठमा परमेश्वरले मोशाको जांच गर्नुभयो तब मोशाले यही गरेका थिए ।

> ***"परमप्रभुले मोशालाई भन्नुभयो, "मैले यी मानिसहरूलाई देखें। यिनीहरू त हठी मानिसहरू रहेछन्। अब मलाई नरोक्, र मेरो क्रोध यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु। अनि तँबाट नै म एउटा ठूलो जाति बनाउनेछु।" तर मोशाले परमप्रभु आफ्ना परमेश्वरलाई आग्रहपूर्वक भने, "हे परमप्रभु, तपाईंले आफ्नो ठूलो सामर्थ्य र शक्तिशाली हातले मिश्रबाट निकालेर ल्याउनुभएका आफ्ना मानिसहरूमाथि तपाईंको क्रोध किन यति साह्रै जलेको छ?"***
>
> ***- प्रस्थान ३२:९-११***

इस्राएलीहरुबाट मोशाले हार खान आटेंका थिए । शैतानले उसलाई परिक्षामा पारेको थियो यसकारण परमेश्वरले मोशाको परिक्षा लिनुभयो र आज्ञाहरुद्वारा ति विचारधाराहरु मोशालाई फर्काउनुभयो ।

जसरी रिबेकाको गर्भमा एसाव र याकुब एक अर्कासंग लडाई गर्दै थिए त्यसरी नै मोशाको हृदयमा दुई कुराहरुले लडाई गर्दै थिए । जब मोशाले परमेश्वरको प्रेमिलो आत्मालाई स्वीकार गरे र उसको अनुहार त्यस प्रकाशले चम्कियो, उसले यस सुन्दर चरित्रको प्रतिबिम्ब गरे र ति सबैको निम्ति परमेश्वरसंग विन्ती गरे जसले उसको हानि गर्न चाहेका थिए । उसले शरीरको अभिलाषामाथि विजय पाएका थिए । *त्यही परिक्षा लेवीहरुमाथि आएको थियो । तिनीहरु शरीरको थिए तर आत्मामा थिएनन्* । तिनीहरुले यो सोचेका थिए कि जसले त्यस सुनको बाछ्रालाइ पुजा गरेका थिए र त्यसबाट पश्चताप गर्न इन्कार गरेका थिए, तिनीहरु मारिनु पर्छ भन्ने कुरा तिनीहरुले सोचेका थिए । *तसर्थ मोशाद्वारा परमेश्वरले तिनीहरुलाई उनीहरुको विचारधारालाई फर्काउनुभएको थियो* । लेवीमा भएको हत्यारा चरित्रलाई परमेश्वरले बाहिर ल्याउन चाहनुभएको थियो । यदी यी भावनाहरु भित्र नै कुण्ठित भएर रहे भने त्यसले पछी डरलाग्दो परिस्थिति सिर्जना गर्ने थियो । ज्व ति लेवीहरु राति आफ्नो पालमा सुते, तब तिनीहरुको मनमा ति मानिसहरुको लाशको दृश्यले भरियो जसलाई तिनीहरुले निर्ममतापूर्वक मारेका थिए । यो तिनीहरुको हृदयको रहर थियो जुन परमेश्वरले तिनीहरुलाई दिनुभयो । तिनीहरुको पापी इच्छाद्वारा परमेश्वरले तिनीहरुमाथि न्याय ल्याउनुभयो जसले

पश्चताप गर्न इन्कार गरेका थिए र आफ्नो विद्रोहद्वारा शैतानलाई छावनीमा निम्ता दिएका थिए ।

हाम्रो स्वर्गीय पिता एकदम ज्ञानी हुनुहुन्छ । उहाँले मानिसहरुसंग व्यवस्थाको दुई भागीय प्रक्रियाद्वारा काम गर्नु हुन्छः पहिला मानिसहरुलाई उनीहरुको पापको ग्लानिबोध गराउनु ताकी तिनीहरु ख्रीष्टमा फर्कुन र उहाँको धार्मिकताद्वारा तिनीहरु बचाईउन्, दोस्रोतर्फ मानिसहरुको पापले गर्दा तिनीहरु आफै न्यायमा नष्ट हुन्छन् ।

जब परमेश्वरले मोशालाई परिक्षा लिनुभयो र इस्राएलीहरुबाट पछी हट भन्नुभयो तब हामी त्यहाँ नयाँ व्यवस्थालाई देख्न सक्छौं । जब लेवीहरुले ति गल्ती गर्नेहरुलाई मार्ने आदेश पाए, तब तिनीहरुले मोशाले झैं गरे होलान् । *पहिले, तिनीहरुले मोशाको विरुद्ध गरेको गनगन र परमेश्वरले गर्छु भन्नुभएको कामलाई तिनीहरुले गर्न खोजेका थिए त्यसकोलागि तिनीहरुले माफी मागेको भए र तिनीहरुले मिश्र देशमा गरेको गल्ती र नयाँ करारलाई इन्कार गरेकोमा माफी मागेका भए, तिनीहरु परमेश्वरको आत्माले भरपुर हुने थिए र पापी र विद्रोहीहरु चाहिं त्यहाँबाट भाग्ने थिए* /यस्ता परिस्थितिहरुमा के गर्नुपर्छ त्यसको बारेमा मोशाले भनेका थिए । यो परिस्थितिमा मोशाले जे गरे त्यो ति लेवीहरुले नि गर्न सक्थे । आफ्नो गनगनको माफी माग्नुको बदली तिनीहरुले आफ्नो काममा भर पर्न खोजे जुन चाँही त्यो सुनको बाछाको आरधना नगर्नु थियो । आफ्नो पापलाई स्विकार्नुको सट्टा तिनीहरुले अरुलाई मार्न तयार भए ।

पुरानो व्यवस्थाको भाषामा परमेश्वरले सारा समुदायलाई यो सन्देश दिनुभयो कि मुर्तिपुजा कुनै पनि रुपमा स्वीकार्य छैन । तिनीहरुले बुझ्ने तरिकामा उहाँले यो कुरालाई भन्नुभयो । ३ हजार मानिसहरुको मृत्युले पापी हृदयमा अंकुश लगाएको थियो *तर यसले लेवीहरुको जीवनमा केहि पनि फरक पारेको थिएन; तिनीहरुमध्ये कोहि पनि प्रतिज्ञाको देशमा पस्न पाएनन्* । तिनीहरु उजाडस्थानमा नै मरे । मिश्र देशबाट जति मानिसहरु आएका थिए, केवल कालेव र यहोशु मात्र प्रतिज्ञाको देशमा पस्न पाएका थिए । जसरी परमेश्वरले भन्नुभयो - उहाँलाई घृणा गर्ने पितापुर्खाहरुको पापको बदला तिनीहरुको भावी पुस्ताहरुसंग लिनेछु । परमेश्वरको विरुद्ध लेवीहरुको मनमा रिस थियो तर त्यस कुराको तिनीहरुलाई थाह नै थिएन । कनान देशमा तिनीहरुले प्रवेश गर्न पाएका थिएनन्, यसले तिनीहरुको असफलताको पुष्टि हुन्छ ।

मोशाको मुहार चम्केको कारण र उसलाई घृणा गर्नेहरुको लागि उ मर्न तयार भएको कारण म यो कुरामा विस्वस्त छु कि ऐनाको सिद्वान्तको विषयमा मोशालाई केहि जानकारी थियो जसरी परमेश्वरले प्रस्थान ३२ अध्यायमा उसंग काम गर्नुभएको थियो र यस पाठमा लेवीहरुसंग यही व्यवहार गर्नु थियो । यही परिक्षा तिनीहरुमा पनि आयो जो त्यस सुनको बाछाको अगाडी घुँडा टेकेका थिएनन् ।

यही कुरा मोशाको जीवनसंग सम्बन्धित अरु कथाहरुमा पनि लागु हुन्छ ।

*"परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूका सबै नायकहरूलाई लिएर मार् र परमप्रभुकै सामुन्ने चर्को घाममा राखिदे, कि परमप्रभुको भयानक क्रोध इस्राएलीहरूबाट हटोस्।" मोशाले इस्राएलका न्यायकर्ताहरूलाई भने, "तिमीहरू हरेकले पोरको बाल देवतालाई पुज्ने सबै मानिसहरूलाई मार्नुपर्छ।"*
*- गन्ती २५:४-५*

यो ऐनाको भाषा हो । यो कामहरु ख्रीष्टको चरित्र हैनन् यसकारण परमेश्वरको वचनले मानिसहरुलाई पश्चतापको लागि आव्हान गर्छ । यी कथाहरुलाई पढ्ने तरिका भनेको यस संसारमा ख्रीष्टको कामसंग तुलना गर्नु हो । येशुले आफ्नो शत्रुहरुलाई प्रेम गर्नु हुन्थ्यो र कसैलाई पनि मार्नु भएन । "तैंले हत्या नगर्नु" भन्ने आफ्नो पिताको आज्ञालाई पालन गर्नुभयो । यसकारण यी आज्ञाहरुलाई मानिसहरुको हृदयमा भएको कुराहरुलाई प्रकट गर्न दिईएको थियो । मोशाले यसलाई पूर्ण रुपमा बुझेका थिएनन् थाह छैन तर यसले परमेश्वरले कसरी ति मानिसहरुसंग कुरा गर्नुहुन्छ त्यस बारेमा हामी पुरानो व्यवस्थाबाट जान्न सक्नुहुन्छ ।

मोशाको जीवनसंग जोडिएको अर्को कथालाई हामीले अलग ढंगमा पढ्न सक्छौं, त्यो कथा कोराह, दातान र अविरामको हो । यो कथा महत्वपूर्ण हो किनभने कोराह लेवीको वंशबाट थिए; यी तिनीहरु थिए जो सुनको बाछाको अगाडी घुँडा टेकेका थिएनन् । उसको कथाले हामीलाई सुनको बाछाको घटनामा धर्मी भनिएकाहरुको मनमा जे छ त्यसको बारेमा भन्दछ ।

*“लेवीका पनाति, कहातका नाति, यिसहारका छोरा कोरह, र साथै रूबेनको कुलका एलीआबका छोराहरू दातान र अबीराम, अनि पेलेथका छोरा ओन अटेरी भए। अनि उनीहरू इस्राएलीहरूका केही मानिसहरू, अर्थात् सभामा बोलाइएका, समुदायमा नाउँ चलेका दुई सय पचास नेताहरूसित मोशाको विरुद्धमा खड़ा भए। उनीहरू मोशा र हारूनका विरुद्धमा जम्मा भई तिनीहरूलाई भने, “तपाईंहरूले अति गर्नुभयो! समुदायका सबै जना पवित्र छन्, र परमप्रभु तिनीहरूका बीचमा हुनुहुन्छ। तपाईंहरू किन आफूलाई सबैभन्दा उच्च तुल्याउनुहुन्छ?” यो कुरा सुन्ने बित्तिकै मोशा घोप्टो परे। अनि तिनले कोरह र उनका सब दललाई यसो भने, “भोलि बिहान को उहाँको हो, को पवित्र छ, र कसलाई उहाँले आफ्नो नजिक आउन दिनुहुन्छ सो परमप्रभुले नै देखाइदिनुहुन्छ। जसलाई उहाँले चुन्नुहुन्छ, त्यसलाई आफ्नो नजिक आउन दिनुहुन्छ। ए कोरह, यसो गर, तिमी र तिम्रा सबै दलले धुपौराहरू लेओ। भोलि परमप्रभुको सामुन्ने तिनमा आगो र धूप राखून्। जसलाई परमप्रभुले चुन्नुहुन्छ, त्यही पवित्र हुनेछ। हे लेवीहरू हो, तिमीहरू बढ़्ता भयौ!” तब मोशाले कोरहलाई भने, “ए लेवीहरू हो, सुन। इस्राएलका परमेश्वरले आफ्नो पवित्र वासस्थानमा काम गर्न र समुदायको अगि सेवा गर्न तिमीहरूलाई उहाँको नजिकै ल्याउनुभएर इस्राएलको समुदायबाट तिमीहरूलाई नै*

*चुन्नुभएको के तिमीहरूले ठट्टा सम्झेका छौ? उहाँले तिमीसँगै तिम्रा दाजुभाइ लेवीहरूलाई नजिक ल्याउनुभएको छ। अब के तिमीहरूले पूजाहारीपद पनि खोज्छौ? तिम्रा सबै साथीहरूसहित तिमी परमप्रभुको विरुद्धमा भेला भएका छौ? हारूनचाहिँ को हो, र तिमीहरू तिनको विरुद्धमा गनगनाउँछौ?"*

*- गन्ती १६:१-११*

कोराहले मोशालाई नियन्त्रणको आत्मा र आफुलाई अरुभन्दा अगाडी राख्नेको दोष लगाएका थिए । यो दोष कोराह आफैको थियो जसलाई उसले मोशामाथि थपेका थिए । यसले उसको हृदयमा भएको कुरा बाहिर आएको थियो । कोराहले भनेका थिए कि समस्त प्रजा पवित्र छ र परमेश्वर तिनीहरुको माझमा हुनुहुन्छ । उसले यस्तो किन भन्दै थिए ?

यो घटनाहरु भन्दा अगाडीको घटनाहरुमा हेर्न जरुरी छ । बाह्र जासुसहरु जसलाई कनान पठाईएको थियो, तिनीहरु फर्केर आएका थिए र ति मध्ये दश जनाले नकरात्मक समाचार सुनाएका थिए जसलाई इस्राएलीहरुले विश्वास गरेका थिए । केवल यहोशु र कालेवले विश्वाससाथ् भने कि परमेश्वरले तिनीहरुलाई प्रतिज्ञाको त्यस देशमा लैजानु हुनेछ । यसमा मानिसहरुको प्रतिक्रिया यहोशु र कालेवलाई ढुंगाले हानेर मार्न आँटेका थिए । मोशालाई पनि यसरी नै परिक्षा आएको थियो - परमेश्वरले मोशालाई अर्को महान देश दिन्छु भनेर भन्नुभएको थियो । मानिसहरु यति पतित भएका थिए कि उनीहरुलाइ नाश गर्नु एकदम राम्रो उपाय हो हो जस्तो लाग्थ्यो ।

*अनि परमप्रभुले मोशालाई भन्नुभयो, "यी मानिसहरूले मलाई कतिसम्म तिरस्कार गरिरहनेछन्? यिनीहरूका बीचमा मैले गरेका चिन्हहरू देखेर पनि यिनीहरूले कतिसम्म ममाथि अविश्वास गर्नेछन्? यिनीहरूलाई म रूढ़ीले नाश गर्नेछु, तर तँबाटै यिनीहरूभन्दा ठूलो र शक्तिशाली जाति बनाउनेछु।"*

*- गन्ती १४:११-१२*

फेरी एकपल्ट मोशाले उनीहरुको नाम विन्ती चढाए र यसरी उसले परमेश्वरले चाहनुभएको ख्रीष्टको आत्मालाई प्रतिबिम्बित गरेका थिए ।

*मोशाले परमप्रभुलाई भने, "मिश्रीहरूले यो सुने भने के भन्लान्? उनीहरूका बीचबाट आफ्नो शक्ति देखाएर तपाईंले नै यिनीहरूलाई ल्याउनुभएको हो। यस देशका बासिन्दाहरूलाई मिश्रीहरूले यो कुरा बताउनेछन्। तपाईं परमप्रभु यिनीहरूका बीचमा हुनुहुन्छ भन्ने कुरो उनीहरूले सुनिसकेका छन्, तपाईं आमनेसामने नै देखा पर्नुभएको छ, र तपाईंको बादल यिनीहरूमाथि खड़ा हुन्छ र दिनमा बादलको खामो र रातमा आगोको खामो भएर तपाईं यिनीहरूका अगिअगि जानुहुन्छ। अब तपाईंले यस जातिलाई एकै पटकमा मार्नुभयो भने त तपाईंको कीर्ति सुन्ने जातिहरूले यसो भनेर कुरा गर्नेछन्, 'परमप्रभुले ती मानिसहरूलाई दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गर्नुभएको देशमा ल्याउन सक्नुभएन, यसैकारण तिनीहरूलाई उजाड़-स्थानमा मारिदिनुभयो'। "यसैले परमप्रभु,*

*आफ्नो महामहिमा प्रकट गर्नुहोस्, जसरी तपाईंले भन्नुभएको छ: 'परमप्रभु रीस गर्नमा धैर्यवान् र अति करुणामय, अधर्म र अपराध क्षमा गर्ने, तर दोषीलाई कुनै रीतिले निर्दोष नठहराउने, पिता-पुर्खाका अधर्मको सजाय उनीहरूका तेस्रो र चौथो पुस्तासम्म पनि दिने हुनुहुन्छ।' बिन्ती छ, तपाईंको महान् करुणाअनुसार, र मिश्रदेशदेखि अहिलेसम्म क्षमा गरिरहनुभएझैँ यी मानिसहरूको अधर्म क्षमा गर्नुहोस्।"*

*- गन्ती १४:१३-१९*

परमेश्वरले इस्राएलीहरुलाई माफ गर्नुभएको थियो जसको कारण तिनीहरु आफ्नो विद्रोहबाट बचेका थिए । परमेश्वरले तिनीहरुलाइ मार्नको लागि उजाडस्थानमा ल्याउनुभएको हो भनेर तिनीहरुले जुन दोष लगाएका थिए त्यसमा तिनीहरुको विचारधारालाई परमेश्वरले प्रकट गर्नुभएको थियो ।

*तिनीहरूलाई भनिदेओ, 'जस्तो म जीवित छु, परमप्रभु घोषणा गर्नुहुन्छ, मैले सुन्ने गरी तिमीहरूले जे-जे भनेका थियौ, म त्यही नै गर्नेछु। तिमीहरूका लाश यही उजाड़-स्थानमा छोड़िनेछन्, अनि यपुन्नेका छोरा कालेब र नूनका छोरा यहोशूबाहेक गणना भएको र मेरो विरुद्धमा गनगनाउने बीस वर्षदेखि उँभोको कोही पनि वासको निम्ति दिन्छु भनी शपथ खाएर प्रतिज्ञा गरेको देशमा जान पाउनेछैन।"*

*- गन्ती १४:२८-३०*

हामीले यो कुरालाई ध्यानमा राख्नुपर्छ कि यो मृत्युदण्डको उद्देश्य मानिसहरुलाई मार्नु हैन, यो त मृत्युको सेवाकाई हो जसको उद्देश्य उनीहरुलाई पश्चतापमा ल्याउनु हो । यदी उनीहरुले त्यस दण्डलाई स्वीकार गरेको भए र आफ्नो पापको पश्चताप गरेको भए उनीहरुले पनि अनन्त जीवन पाउने थिए जसरी मोशाले पाएका थिए । मोशा कनान देशमा पस्न पाएका थिएनन् तर उसले अनन्त जीवन पाएको थियो । यदी इस्राएलको प्रजाले पश्चताप गरेको भए तिनीहरुले त्यही गर्ने थिए ।

जब इस्राएलले आफ्नो पापको सामना गरे, शैतानले कोराह, दातान र अविरामलाई उक्साएको थियो । तिनीहरुले मोशाको अगुवाईलाई आलोचना गरेका थिए र मिश्रदेखि जे जति घट्यो त्यसको जिम्मेवार उसलाई ठहराए । मोशाद्वारा परमेश्वरले तिनीहरुलाई भन्नुभयो कि तिनीहरु पापी छन् र मृत्युलाई देख्नेछन् । यसले तिनीहरुलाई पश्चतापको लागि लाने थियो तर तिनीहरुले आफ्नो असफलताको लागि मोशालाई दोष लगाएका थिए । यी दोषहरु एकदम व्यक्तिगत थियो ।

> *"हामीहरूलाई दूध र मह बग्ने देशबाट उजाड़-स्थानमा मर्न ल्याउनुभएको के तपाईंलाई पुगेन र? फेरि तपाईं हामीमाथि प्रभुत्व पनि गर्न खोज्नुहुन्छ? तपाईंले हामीलाई न त दूध र मह बग्ने देशमै ल्याउनुभयो, न हामीलाई खेत र दाखबारीहरूको अधिकार दिनुभयो। के तपाईं यी मानिसहरूका आँखा निकाल्न चाहनुहुन्छ? हामी पटक्कै आउँदैनौं।" तब मोशाले ज्यादै रिसाएर परमप्रभुलाई भने, "उनीहरूको बलि ग्रहण नगर्नुहोस्।*

***मैले उनीहरूको एउटा गधासम्म पनि लिएको छैनँ। उनीहरू कसैको हानि पनि गरेको छैनँ।"***

***- गन्ती १६:१३-१५***

मोशालाई यो आरोप लागेको थियो कि उसले आफैलाई मानिसहरुमाथि राजकुमार बनाएको थियो र यी मानिसहरुलाई मार्न खोजेको थियो र उनीहरुको सम्पति हडपेको थियो । हिब्रु शब्द *क्रोधलाई दुखमा* अनुवाद गरिएको छ । मोशाले यी मानिसहरुको लागि धैरै कामहरु गरेका थिए, यतिसम्म कि उसले तिनीहरुको लागि मर्न तयार भएका थिए । तर पनि सारा समुदायले आफ्नो पापको पश्चताप गर्नुको सट्टा कोराह, दातन र अविरामको झुट र आरोपलाई स्वीकारेको थियो । यसद्वारा मोशाले एकदम चोट पाएका थिए । यस परिक्षाद्वारा उसलाई एकदम चरम विन्दुमा पुगेका थिए । मोशाको विरुद्धमा कोराहले सारा समुदायलाई जम्मा गरेका थिए र तब परमेश्वरले कदम चाल्नुभयो ।

***"जब कोरहले आफ्ना सबै दल तिनीहरूका विरुद्धमा भेट हुने पालको ढोकामा जम्मा गरे, तब परमप्रभुको महिमा सिङ्गै समुदायकहाँ देखा पर्‍यो।"***

***- गन्ती १६:१९***

फेरी एकपल्ट मोशालाई परिक्षामा पारिएको थियो कि उसले मानिसहरुलाई मर्न दिनेछन् कि उनीहरुको निम्ति विन्ती गर्नेछन् ।

*"परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "यस समुदायबाट तिमीहरू अलग होओ, र म एक पलमा यिनीहरूलाई भस्म पार्नेछु।" तब घोप्टो परेर मोशा र हारूनले भने, "हे परमेश्वर, सारा मानव-जातिका आत्माका परमेश्वर, एक जना मानिसले पाप गरेकोमा के तपाईं सारा समुदायसित क्रोधित हुनुहुन्छ?"*
*- गन्ती १६:२०-२२*

फेरी एकपल्ट मोशा इमान्दार ठहरिन्छन र मानिसहरुको निम्ति विन्ती गर्छन् । मोशाको हृदयमा प्रेमको आत्मा थियो; मोशा यतिसम्म इमान्दार थिए कि उसले मानिसहरुको निम्ति विन्ती गरेका थिए । मोशाले कोराहको लागि पनि बोलेका छन । परमेश्वरले मोशालाई आदेश दिनुभयो:

*"तब परमप्रभुले मोशालाई भन्नुभयो, "यस समुदायलाई यसो भन्, 'कोरह, दातान र अबीरामका पालका छेउछाउबाट पर हट'।" मोशा उठेर दातान र अबीरामकहाँ गए, र इस्राएलका धर्म-गुरुहरू पनि तिनको पछि लागे। समुदायलाई तिनले सावधान गराए, "यी दुष्ट मानिसहरूका पालबाट दूर हट, र यिनीहरूका केही कुरा पनि नछोओ, नत्रता यिनीहरूका सब पापले गर्दा तिमीहरू पनि भस्म हुनेछौ।"*
*- गन्ती १६:२३-२६*

परमेश्वरको सुरक्षाको घेराबाट यी मानिसहरु निक्लिन आँटेका थिए । जब तिनीहरुको पालबाट पछि हट्नु भनेर आदेश आयो तब तिनीहरु पश्चताप

गर्न सक्थे तर शैतानको आत्माले तिनीहरु चलेको कारण तिनीहरु जिद्दी भएर बसे । यी मानिसहरुलाई शैतानले आफ्नो नियन्त्रणमा लिएको थियो र तिनीहरुको विनाशको दोष परमेश्वरमाथि थप्न अवसर खोज्दै बसे ।

> *"यसैले कोरह, दातान र अबीरामका पालका छेउछाउबाट तिनीहरू निस्के। दातान र अबीराम उनीहरूका जहान र बालबच्चाका साथमा आ-आफ्नो पालका ढोकामा उभिए। तब मोशाले भने, "यसबाट तिमीहरूले थाहा पाउनेछौ, कि यी सबै काम गर्नलाई परमप्रभुले मलाई पठाउनुभएको हो, र मैले यी आफ्नै राजीखुशीले गरेको होइनँ। यदि यी मानिसहरू पनि सबै अन्य मानिसझैँ स्वाभाविक मृत्युले मर्छन् भने, परमप्रभुले मलाई पठाउनुभएको होइन। तर यदि परमप्रभुले अनौठो काम गर्नुहुन्छ र धरती फाटेर यिनीहरूका सबै थोकसमेत यिनीहरू जिउँदै चिहानमा पुरिन्छन् भने, यी मानिसहरूले परमप्रभुलाई तुच्छ ठानेका नै रहेछन् भनी तिमीहरूले थाहा पाउनेछौ।" तिनले यी सबै कुरा भनिसकेका मात्र थिए, उनीहरूमुनिको धरती फाट्यो। अनि धरतीले आफ्नो मुख बाएर उनीहरू र उनीहरूका घरानाहरू— कोरहतर्फका सबै मानिसहरू— उनीहरूका मालतालसमेतलाई निलिहाल्यो। आफ्ना सबै कुरासमेत उनीहरू जिउँदै चिहानमा पुरिए। धरती उनीहरूमाथि बन्द भयो, र समुदायको बीचबाट उनीहरू नष्ट भए।"*
>
> *- गन्ती १६:२७-३३*

मोशाले तिनीहरुलाई के अधिकारले अगुवाई गरे त्यसमा उनीहरुले प्रश्न गरे । आफुल्साई तिनीहरुमाथि राजकुमार बनाउन आँटेको दोष तिनीहरुले लगाए । कोराह र उसको साथीहरुले गर्दा सारा समुदाय मोशाको विरुद्धमा खनिएको थियो । मोशाले भनेको कुरामा ध्यान लगाएर हेरौं:

> ***"तब मोशाले भने, "यसबाट तिमीहरूले थाहा पाउनेछौ, कि यी सबै काम गर्नलाई परमप्रभुले मलाई पठाउनुभएको हो, र मैले यी आफ्नै राजीखुशीले गरेको होइनँ। यदि यी मानिसहरू पनि सबै अन्य मानिसझैँ स्वाभाविक मृत्युले मर्छन् भने, परमप्रभुले मलाई पठाउनुभएको होइन। तर यदि परमप्रभुले अनौठो काम गर्नुहुन्छ र धरती फाटेर यिनीहरूका सबै थोकसमेत यिनीहरू जिउँदै चिहानमा पुरिन्छन् भने, यी मानिसहरूले परमप्रभुलाई तुच्छ ठानेका नै रहेछन् भनी तिमीहरूले थाहा पाउनेछौ।"***
> ***- गन्ती १६:२७-३३***

मोशाद्वारा परमेश्वरले तिनीहरुलाई अगुवाई गर्नुभएको कुराको प्रमाण तिनीहरुले मिश्रमा, लाल समुन्द्रमा र सिनै पर्वतमा देखेका थिए । परमेश्वरले मोशालाई पठाउनुभएको हो भन्ने कुरामा तिनीहरुले प्रमाण देखेका थिए । मोशाद्वारा परमेश्वरले गर्नुभएको आश्चर्यकर्महरुमा तिनीहरुले शंका गरेका थिए । येशुलाई शैतानले उहाँ परमेश्वरको पुत्र हुनहुन्छ भन्ने कुराको प्रमाण माग्दा, येशुले उसको परिक्षाको उत्तरमा आश्चर्यकर्म गर्न इन्कार गर्नुभएको थियो ।

*तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ'।"*

*- मत्ती ४:३-४*

येशुले जस्तै मोशाले ति कुराहरु गरे बापत पनि *तिनीहरुले उहाँलाई त्यागे र भागे* । मर्कुस १४:५० । मोशा आफ्नो शरीरमा पिडामा थिए, शैतानले उसलाई क्रुसबाट तल आउन आव्हान गरे । आफ्नो पदलाई बनाईराख्न उसलाई आश्चर्यकर्म गर्न शैतानले उक्सायो । ख्रीष्टले एक चोटी पनि शैतानको प्रश्नको जवाफ दिनुभएन । आफ्नो परिचय दिन येशुले एक चोटी पनि आफ्नो शक्ति प्रयोग गर्नुभएन । आफ्नो पिताले भन्नुभएको कुरामा उहाँले निर्धक्कसाथ विश्वास गर्नुभयो ।

बप्तिस्मा दिने यूहन्ना जो अगमवक्ताहरुमध्ये महान थिए, उसले पनि झ्यालखानामा यही परिक्षाको सामना गरेका थिए । त्यही प्रश्न यूहन्नाले आफ्नो चेलाहरुलाई येशुको बारेमा सोध्न लगाएका थिए ।

*"यूहन्नाले ख्रीष्टका कामहरूको चर्चा झ्यालखानमा सुने, र आफ्ना चेलाहरूलाई उहाँकहाँ यो कुरा सोध्न पठाए, "आउनेवालाचाहिँ तपाईं नै हुनुहुन्छ, कि हामीहरू अरू*

*कसैको प्रतीक्षा गरौं?"*

*- मत्ती ११:२-३*

मोशाको लागि जुन आश्चर्यकर्महरु थियो त्यो यूहन्नाको लागि थिएन । ख्रीष्ट नै मसिह हुनुहुन्छ भनी जानेर उ आफ्नो मृत्युमा पुगे । यूहन्नाको चेलाहरुले येशुसंग कुरा गरे र यूहन्नाले खोजेको उत्तर दिए ।

जब परमेश्वरले मोशालाई भन्नुभयो कि मानिसहरुलाई कोराह, दातान र अविरामदेखि टाढा हुनु भन के तब मोशाले ति कामहरु गरे जसको अधिकार उसलाई थिएन । यसरी परमेश्वरले आफ्नो सुरक्षाको घेरा हटाउनको लागि मजबुर हुनुभयो र तब शैतानले मोशालाई यी विद्रोहीहरुलाई मार्नको लागि उक्सायो । यो कुरा ध्यान राख्नुहोस् कि यी मानिसहरुलाई शैतानले पूर्णरुपमा आफ्नो नियन्त्रणमा राखेको थियो । ख्रीष्टको आत्मालाई इन्कार गर्न शैतानले यिनीहरुलाई एकदम दबाबमा राखेको थियो । येशु संरक्षणकर्ता हुनुहुन्छ र शैतान विनाशक हुनुहुन्छ र मोशामाथि उसले राखेको संकाहरुद्वारा उसले आफ्नो विनाशको दोष परमेश्वरमाथि थप्न खोज्यो । यो एक चालाकिपूर्ण छल हो जसद्वारा शैतानले मानिसहरुलाई छलमा पारेको छ ।

यो मोशाको लागि एकदम गाह्रो प्रश्न थियो र यो हाम्रो निम्ति पाठ हो । आफ्नो विरुद्ध भनिएको झुटलाई मोशाले लामो समयसम्म बोकेको थियो र यी पापीहरुको निम्ति उसले बारम्बार विन्ती गरेका थिए । जब यो सब यी मानिसहरुलाई भद्काउन एक व्यक्ति र उसको साथीहरु आए तब यो परिक्षा एकदम ठुलो भयो । त्यस समयमा यो परिक्षा एकदम थोरै

मानिसहरुले पाएका छन् । यसकारण परमेश्वरद्वारा हैन तर शैतानद्वारा जमिनले मुख खोलेको थियो र ति मानिसहरुलाई निलेको थियो र यो सबैको दोषी परमेश्वर हो भनेर देखाउन थाल्यो । त्यहाँ के भयो पावलले यस पदमा भनेका छन् ।

*"हामीले गनगन गर्नुहुँदैन, जसरी तिनीहरूमध्ये कतिले गरे, र विनाशकबाट नष्ट भएका थिए।"*

*- १ कोरिन्थी १०:१०*

नाशकर्ता त्यो पुरानो सर्प हो । कोराह र उसको साथिहरुले मोशाको विरुद्ध गनगन गरेका थिए र पावलले भनेका छन् कि त्यस विषकारी सर्पले तिनीहरुलाई नाश गरेको हो । ति २५० राजुकुमारहरुको अगाडी कोराह र उसको साथिहरुलाई जमिनले निलेको थियो । यसले गर्दा तिनीहरुले यो कुरालाई बुझ्न पुगे कि तिनीहरु एकदम खतरामा छन् र तिनीहरु आफ्नो मुक्तिदाताकोमा जान लागे । तर दुखको कुरा, तिनीहरु पश्चताप गरेनन् र तिनीहरुलाई शैतानको हातमा सुम्पियो ।

*"अनि परमप्रभुकहाँबाट आगो निस्केर धूप चढ़ाउने ती दुई सय पचास जनालाई भस्म पाऱ्यो।"*

*- गन्ती १६:३५*

मानिसहरुले भन्छन कि "यहाँ त परमेश्वरको आगो" भनेर लेखिएको छ, र धर्मशास्त्रमा लेखिएको धेरै खण्डहरुलाई पढ्न इन्कार गर्छन् र येशु

हिजो, आज र सर्वदा उही हुनुहुन्छ भन्ने कुरामा ध्यान दिन इन्कार गर्छन् ।

लूका ९:५४-५६ मा येशुले आफ्नो चेलाहरुलाई भन्नुभयो कि एलियाको निवेदनमा जुन आगो स्वर्गबाट आएको थियो त्यो उहाँको आत्मामा भएको थिएन । हामीले अय्युबको कथामा पढेका छौं कि *परमेश्वरको आगो* झरेर अय्युबको नोकर र भेडाहरुलाई मारेको थियो ।

> ***"त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, "परमेश्वरको अग्नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।"***
>
> ***- अय्युब १:१६***

हामीलाई थाह छ कि शैतानले आफ्नो आगो झारेर मानिसहरुलाई मारेको थियो । यदी पदमा भनिएको जस्तै त्यो आगो त्यसरी नै आएको हो भने हामीले अगाडीको पाठहरुमा पढेको छौं कि त्यो आगो परमेश्वरको आत्माले ल्याउने आत्मग्लानिबोध हो जसले ति मानिसहरुको हृदयमा डरलाई उत्पन्न गरेको थियो । आत्माले मानिसहरुलाई उनीहरुको अन्तरात्मामा झनकारेको थियो र उनीहरुको पापको लागि पश्चताप गर्न लगाउँछ किनभने तिनीहरुले अनुग्रहि परमेश्वरमाथि विश्वास गरेनन् र तिनीहरुको पापले तिनीहरुलाई जलायो ।

जब ति २५० राजकुमारहरुले पश्चताप गर्न इन्कार गरे तब परमेश्वरले आफ्नो सुरक्षाको घेरा हटाउनुभयो र शैतानले आफ्नो आगो पठाएर तिनीहरुलाई जलायो वा के यो पापको आत्मग्लानिबोध हो ? यो कुरा स्वभाविक हो कि जुन आगोले यिनीहरुलाइ जलायो यिनीहरुलाई खरानी बनायो तर अबिहू र नादाबको कथामा त आगोले तिनीहरुलाई जलायो तर तिनीहरुको कपडालाई चाँही जलाएन ।

***यसकारण त्यतिखेर परमप्रभुबाट आगो निस्केर उनीहरूलाई भस्म पार्‍यो, र उनीहरू परमप्रभुको सामु मरे। तब मोशाले हारूनलाई भने, "परमप्रभुले भन्नुभएको कुरा यही हो: 'मेरो नजिक आउनेहरूमा म पवित्र बन्नेछु, अनि सारा मानिसहरूका सामु म महिमित हुनेछु'।" हारून चूप बसे। मोशाले हारूनका काका उज्जीएलका छोराहरू मीशाएल र एलसाफानलाई बोलाएर भने, "आएर तिमीहरूका भाइहरूलाई पवित्रस्थानको अघिबाट बोकेर छाउनीबाट लैजाओ।" यसैले तिनीहरू आएर उनीहरूले लाएकै लबेदामा मोशाले भनेबमोजिम छाउनीबाहिर उनीहरूलाई बोकेर लगे।***

***- लेवी १०:२-५***

अहिलेसम्म गरेको अध्ययनहरुद्वारा हामीलाई थाह छ कि परमेश्वर विनाशक हुनुहुन्न तर शैतान हो । यस संसारम्सास ख्रीष्टको जीवनलाई मध्येनजर गर्दै जब हामी व्यवस्थालाई बुझ्छौं तब हामी ति हिंसात्मक

कथाहरुलाई बुझ्नसक्छौं - जो संग मृत्युको शक्ति छ त्यो शैतान हो । हिब्रु २:१४ ।

ख्रीष्ट आउनुभन्दा अगाडी मोशा एकदम नम्र व्यक्ति थिए । व्यवस्थाको गलत बुझाईले गर्दा धेरै घृणित कामहरु उहाँसंग जोडेका थिए । एकदम गम्भिर परिक्षाले गर्दा शैतानले आफ्नो विनाशको काम गर्न पाएको थियो । यो परिक्षामा हामी कोहि पनि असफल हुन् सक्छौं यसकारण हामी मोशाको न्याय गर्न सक्दैनौं । तर हामी शैतानको परिक्षाले गर्दा धेरै ठुलो परिणाम आएको थियो, विशेषगरी तिनीहरुको लागि जसले ख्रीष्टलाई देखेका छैनन् । हामीले सारा धर्मशास्त्रमा परमेश्वरको चरित्रलाई हेर्न सक्छौं । केवल ख्रीष्टले पूर्ण चित्र दिन सक्नुहुन्छ । हामीले धन्यवादी हुनुपर्छ कि हामीले पुरानो करारलाई उहाँको प्रकाशमा पढ्न सक्छौं र पिताको नम्रताको सत्यताको उदाहरण मोशा हुन् ।

## २३. एलिया र अन्तिम बाँध

*"अनि स्वर्गमा लड़ाइँ भयो। मिखाएल र तिनका दूतहरूले त्यस अजिङ्गरसँग युद्ध गरे। अजिङ्गर र त्यसका दूतहरूले पनि युद्ध गरे,"*

*- प्रकाश १२:७*

शैतानले हाम्रो परमेश्वरको विरुद्ध झुटो कुरा प्रचार गरेर धेरै स्वर्गदूतहरुलाई आफ्नो समुहमा सामेल गरेको थियो । उसको झुटले गर्दा एक-तिहाई स्वर्गदुतहरु उसको पछी लागेका थिए । प्रकाश १२:४, ७ ।

शैतानले आफ्नो क्रुर विचारधारा परमेश्वरमाथि थपेको थियो जसको कारण स्वर्गदूतहरु उसको पक्षमा उभिएका थिए। शैतानको पाछी लागेका ति दुतहरु त्यही शासनको तल आइपुगे जुनबाट तिनीहरु भागेका थिए भनेर सोचेका थिए। "जसले पाप गर्दछ त्यो पापको दास हो।" यूहन्ना ८:३४।

आफ्नो वास्तविक चरित्रलाई लूकाउँदै उसले आफ्नो चरित्रको ठिक विपरित रुप बाहिर ल्याएको थियो। उसलाई सृष्टि गर्नुहुँदा परमेश्वरले जति ज्ञान, शक्ति उसलाई दिनुभएको थियो, त्यसलाई उसले सारा संसार छल्नको निम्ति प्रयोग गरेको थियो।

शैतानले भनेको झुटद्वारा मानिसहरु फसेका छन्। परमेश्वरको विरुद्धमा शैतानले फैलाएको झुटलाई स्वीकार गरेर उसले शैतानलाई अंगालेको छ जसबाट उ टाढा भागेको छ भनेर सोचेको थियो। पाठ ३ मा हामीले पढेका छौं कि शैतान मृत्युको लेखक हो र उसंग मृत्युको शक्ति छ। उसको मुख्य झुट: परमेश्वरले क्षमा दिनुहुन्न हो। यो कुराको यथार्थता हामी आदम, हव्वा र कयिनको जीवनमा पाउन सक्छौं किनभने उनीहरुले आफ्नो पापबाट क्षमा मागेका थिएनन्। दोष कसरी लगाउनु पर्छ, त्यो कुरा आदमले सिकेको थियो र त्यसलाई पश्चताप गर्नको विरुद्ध प्रयोग गरेको थियो। परमेश्वरको अगाडी नझुक्ने र उहाँबाट क्षमा नमाग्ने तरिका आदमले सिकेको थियो।

यस्तो विचारधाराले गर्दा मानिसले यो कुरा सोच्छ कि जब जब परमेश्वरले मानिसहरुलाई उनीहरुको पापबाट फर्कन भन्नुहुन्छ तब उहाँले

तिनीहरुलाई मार्न चाहनुभयो । यसकारण मानिसले जब क्रुसको उपहारलाई हेर्छ तब उसले यो बुझ्छ कि परमेश्वरले आफ्नो क्रोधमा आफ्नो पुत्रलाई हिर्काउनुभयो । हामीले पाठ २० मा पढेका छौं:

*"यो क्रुसको असमझता हो । यसले शैतानको हिंसात्मक चरित्रलाई प्रकट गर्छ र पापमय जीवनको वास्तविक परिणामलाई प्रकट गर्दछ तर यस्तो लाग्छ कि परमेश्वरले पापीहरुलाइ पिडा दिंदै हुनुहुन्छ । दोषको अन्धकारमा पिताको प्रेमिलो मुहारलाई लूकाउँछ र पापले ल्याउने डरलाग्दो परिणाम र शर्म मात्र महसुस हुन्छ । कयिनको जीवनमा हामी क्रुसको य दुई चरित्रलाई देख्न सक्छौं । यसबारेमा वाईक्लिफ अनुवादमा गरिएको छ ।*

*कयिनले जुन कुरा महसुस गरेको थियो त्यो उसको पापको अन्तिम परिणामले ल्याउने आत्म ग्लानिबोध थियो । उसलाई लाग्यो कि उसको पाप एकदम ठुलो थियो कि उसले माफी नै पाउनेछैन । त्यही समयमा यी कुराहरुलाई परमेश्वरमाथि दोष थपियो जसको कारण उहाँलाई यसकारण दोषी ठहराइयो । यी दुई कुराहरु न्यायको दुई पाटोहरु हुन् र यसरी क्रुसको दुई पाटोहरु हुन् ।"*

*- अगापे, पाठ २०*

आफ्नो चरित्रलाई परमेश्वरमा पार्नुको प्रक्रियालाई बाइबलले यसरी व्याख्या गर्दछ: मानिसले परमेश्वरको वचनको अध्ययन गर्छ र त्यहाँ उसले आफ्नो मुहार देख्दछ । जब हामी यसमा व्यवस्थाहरुमा क्रुसको दुई चरित्रहरुलाई मिलाउन्छौ, तब:

### यदी तपाईले व्यवस्थाको दुई भागीय प्रक्रियालाई बुझ्नुहुन्न भने तपाइले मानिसको पापी चरित्रलाई परमेश्वरको चरित्र भनेर प्रकट गर्नुहुनेछ । परमेश्वर मानिसहरुको स्वरूपमा, स्वर्गले रोकोस !

यसले गर्दा जब हामी बाइबलमा भएको ति कथाहरु जसमा परमेश्वरले महान विजयहरु पाउनुभएको छ, त्यसमा हामी उहाँको चरित्रको ठुलो हारलाइ देख्न सक्छौं किनभने ति कथाहरुलाई हामीले हाम्रो पापी नजरले पढेका छौं ।

यी दुई कथाहरुलाई हामी कर्मेल डांडामा एलियाको विजय र मोरिया डांडामा इसाहाकको भेटि यी कुराहरुलाई पढ्न सक्छौं । यस पाठमा हामी एलियाको घटनालाई हेर्नेछौं र अर्कोमा हामी अब्राहमको घटनालाई हेर्नेछौं । एलियाको कथाद्वारा शैतानले हाम्रो स्वर्गीय पिता र उहाँको चरित्रको विरुद्ध झुट फैलाएको छ ।

चुनिएकाहरुलाई छलमा पार्नको लागि शैतानले एलियाको वेदीमा स्वर्गबाट आगो झारेको थियो । यो कुरा एकदम गलत विचारधारा हो कि परमेश्वर आगोमा, हावामा र भुइँचालोमा हुनुहुन्छ जबकि परमेश्वरको

आत्माको सानो आवाज शैतानले ल्याएको झुटहरुमा दबिएको छ, र मानिसहरुको पतनमा परमेश्वरविरुद्ध शैतानको शत्रुतालाई हामी देख्न सक्छौं ।

यदी हामी २६०० वर्ष अगाडी कर्मेलको डांडामा बाँकी इस्राएलीहरुसंग खडा हुन्छौं भने हामी स्वर्गबाट आगो झरेर परमेश्वरको वेदीमा भएको बलिदानलाई भस्म पारेको देख्न सक्छौं र त्यहाँ हामी अर्को दृश्यलाई पनि देख्न सक्छौं । ८५० मानिसहरु जसले देशलाई मुर्तिपुजाको घृणित कामद्वारा पछी लागेको थिए, तिनीहरुलाई समातेको हामी देख्न सक्छौं । यी मानिसहरुले परमेश्वरको आरधनालाई लत्याएका थिए र उहाँको आरधना गर्नेहरुलाई तिनीहरुले मारेका थिए । एलिया जो परमेश्वरको जन थिए, उसले तरवारद्वारा यी मानिसहरुको नरसंहार सुरु गरेका थिए । ति ८५० मानिसहरु एक एक गर्दै मृत्युको मुखमा पुगे ।

> ***"तब एलियाले तिनीहरूलाई हुकुम गरे, "बालका अगमवक्ताहरूलाई पक्र। एउटै पनि उम्कन नपाओस्।" तिनीहरूले उनीहरूलाई पक्रे, र एलियाले उनीहरूलाई तल कीशोन खोलामा ल्याउन लगाएर उनीहरूलाई मारे।"***
>
> ***- १ राजा १८:४०***

त्यो डांडा ति मुर्तिपुजकहरुको लाशले भरिएको थियो । जमिन तिनीहरुको रगतले भिजेको थियो र साँझमा आकाशबाट पानी पर्न थाल्यो । यसो लाग्छ त्यो वर्षा दिनमा भएको नरसंहारको स्वीकृति हो ।

यो कथामा अघि बढ्नुभन्दा अगाडी हामी त्यो पदलाई हेरौं जहाँ एलिया ज्वालामय रथमा बसेर स्वर्गमा लगिएका छन् ।

> *"तब तिनले एक जना कप्तान तिनका पचास जना मानिसको दलसहित एलियाकहाँ पठाए। ती कप्तान उक्लेर एलियाकहाँ गए, जो डाँड़ाको टाकुरामा बसिरहेका थिए, र तिनलाई भने, "हे परमेश्‍वरका जन, राजाले तपाईंलाई भन्नुहुन्छ, 'ओर्लेर आउनुहोस्'।" एलियाले ती कप्तानलाई जवाफ दिए, "यदि म परमेश्‍वरका जन हुँ भने, स्वर्गबाट आगो झरेर तिमी र तिम्रा पचासै मानिसलाई भस्म पारोस्!" तब स्वर्गबाट आगो झरेर ती कप्तान र तिनका मानिसलाई भस्म पार्‍यो।"*
>
> *- २ राजा १:९-१०*

५१ सैनिकहरुको टुकडी जब उसको पछी आएको थियो तब एलियाले के गरे ? त्यस समयको राजा बिरामी परे र एक्रोनको देवता बालजेबुबलाई सोध्न आफ्नो दुतहरु पठाएका थिए । एलियाले ति दुतहरुलाई रोके र तिनीहरुलाई भने कि राजाको मित्र्यु हुनेछ । राजा यस विषयमा खुसी भएनन् र आफ्नो दुतहरुलाई एलियालाई पक्रन भनी आदेश दिए ।

जब यी मानिसहरु एलियालाई पक्रन आए तब एलियाले स्वर्गबाट आगो झारे र तिनीहरुलाई नाश गरे । हामीलाई लाग्छ कि अर्को समूह जब आउनेछ तब उनीहरुले अर्को तरिका अपनाए होलान किनभने उनीहरुलाई पहिलाको समुहबाट केहि सिके होलान् । दुखको कुरा तिनीहरुपनि आगोद्वारा नष्ट भए । १०२ मानिसहरु आगोद्वारा नाश भए । यस्तो लाग्छ

एलियाले स्वर्गबाट आगो झार्न सक्थे र आफ्नो शत्रुलाई नाश गर्न सक्थे । यो कथापछी हामी पढ्न सक्छौं:

> *"जब तिनीहरू कुरा गर्दै अगि हिँड़िरहेका थिए, तब एक्कासि एउटा अग्निमय रथ र घोड़ाहरू देखा परे, र दुईलाई एक-अर्काबाट अलग गरे, र एलिया भुमरीमा माथि स्वर्गतिर लगिए।"*
>
> *- २ राजा २:११*

धेरै मानिसहरुले यो कुरामा विश्वास गर्छन कि परमेश्वरले स्वर्गबाट आगो पठाउनुभयो र आफ्नो अगमवक्तालाई स्वर्गमा लैजानुभयो । यो घटनाहरु र कर्मेल डांडामा एलियाको विजयलाई सत्यको जित देख्न सकिन्छ ।

यदी हामी ख्रीष्टमा परमेश्वरको प्रतिबिम्ब हेर्दा हामी यी कथाहरुमा इश्वरीय व्याख्यालाई पढ्न सक्छौं:

> *"तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो। अनि उहाँहरू अर्को गाउँतिर जानुभयो।"*
>
> *- लूका ९:५४-५६*

> *"तब येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार म्यानमा हाल, किनभने तरवार लिने सबै तरवारैले नष्ट हुनेछन्।"*
>
> *- मत्ती २६:५२*

*"येशूले जवाफ दिनुभयो, "मेरो राज्य यस संसारको होइन। मेरो राज्य यस संसारको हुँदो हो त मेरा सेवकहरू मेरो निम्ति लड्नेथिए, र म यहूदीहरूका हातमा पर्नेथिइनँ। तर मेरो राज्य यस संसारको होइन।"*

*- यूहन्ना १८:३६*

जब हामी येशुको चरित्रको महिमामा एलियाको कथाहरुलाई हेर्छौं भने हामी नयाँ कुरा पाउछौं । उहाँको चेलाहरुले जब एलियाको अनुशरण गर्न खोजे तब येशुले तिनीहरुलाई गालि गर्नुभयो र भन्नुभयो कि यो उहाँको आत्मा हैन र उहाँको काम गर्ने तरिका यो हैन । येशु नाशकर्ता हैन तर मुक्तिदाता हुनुहुन्छ । येशुले सिधा एलियाको कथालाई ल्याउनुहुन्छ र भन्नुभयो कि यो उहाँको आत्मा हैन यसको मतलव यो हो कि हामीले यस कथालाई नजिकबाट हेर्न जरुरी छ ।

धेरै संस्करणहरुमा येशुले भन्नुभएको कुरालाई हटाएका छन्:

*"तब यो देखेर उहाँका चेलाहरू याकूब र यूहन्नाले भने, "प्रभुज्यू, के तपाईं चाहनुहुन्छ कि स्वर्गबाट आगो बर्साएर यिनीहरू भस्म होऊन् भनी हामी आज्ञा गरौं?" तर फर्केर उहाँले तिनीहरूलाई हप्काउनुभयो।"*

*- लूका ९:५४-५५*

"म मानिसहरुको जीवनलाई नाश गर्न आएको हैन" भन्ने वचनद्वारा मानिसहरुले थाह पाउनेछन् कि किन येशुले चेलाहरुलाई गाली गर्नुभयो ।

परमेश्वरको पुत्रको उद्देश्य भनेको मानिसहरुलाई नाश गर्ने हैन तर बचाउने हो, यसले हामी ति चेलाहरुको इच्छा मात्र हैन तर एलियाको कामलाई पनि बुझ्न सक्छौं ।

हामी कर्मेल डांडामा भएको महान विजयपछीको विहानलाई हेरौं । ईजबेल रानी एकदम दुखि भइ र एलियालाई सन्देश पठाई ।

> *"अब एलियाले गरेका सबै काम र तिनले सबै अगमवक्ताहरूलाई तरवारले मारेको कुरो आहाबले ईजेबेललाई सुनाइदिए। यसकारण ईजेबेलले एलियाकहाँ यसो भनेर एउटा समाचारवाहक पठाइन्, "जसरी तैंले उनीहरूको प्राण लिइस्, त्यसरी नै भोलि यही बेलासम्म तेरो प्राण पनि मैले लिइनँ भने, देवताहरूले मलाई त्यस्तै वा त्योभन्दा बढ़ी व्यवहार गरून्।"*
>
> *- १ राजा १९:१-२*

साँढे ३ वर्षको लागि आउने खडेरीको लागि एलियाले राजा अहाबलाई सुनाउँदा उ निडर थिए र सारा साँढे ३ वर्षसम्म उसलाई मार्न खोजेका थिए । उसले आफ्नो आवस्यकताको लागि परमेश्वरमाथि भर परेका थिए । जब एलियाले बालको अगमवक्ताहरुलाई मार्छन तब उभित्रकेहि परिवर्तन हुन्छ र उ आफ्नो जीवनको लागि भाग्दछ ।

> *"एलिया डराए, र आफ्नो प्राण बचाउनलाई भागे। जब तिनी यहूदाको बेर्शेबामा पुगे, तब तिनले आफ्नो चाकरलाई त्यहीँ छाड़े, र आफूचाहिँ मरुभूमिमा एक दिनको बाटो गए। तिनी*

*अम्रिसको एउटा झाड़ीमा आइपुगे, र त्यसमुनि बसेर आफ्नो मृत्युको निम्ति प्रार्थना गर्न लागे। तिनले भने, “हे परमप्रभु, मेरो प्राण लिनुहोस्, मैले पूरै भोगिसकें। म त मेरा पिता-पुर्खाहरूभन्दा असल छैनँ!”*

*- १ राजा १९:३-४*

किन एलिया यस महिलाबाट भागेर हिंडे त ? कर्मेल डांडामा उ एक्लै उभिएका थिए जब कि उसलाईराजा र बालको पुजाहारीहरुले उसलाई पक्रेर उसको हत्या गर्न सक्थे । आफ्नो परमेश्वरको सुरक्षामा एलियाले विश्वास गरेका थिए । तर जुन सुधारको आशा एलियाले गरेका थिए, त्यसले कुनै रुप लिन सकेको थिएन । बालको आरधनामा भाग लिएकोमा मानिसहरुले कुनै पनि पछुतो गर्न मानेका थिएनन् । उसको हृदय डरले भरेको थियो र आफ्नो कर्तव्यबाट उसलाई भाग्न मन लागेको थियो । अचानक किन एलियामा यस्तो बदलाव ? जब उसले अरुको प्राण लियो तब एलियाले त्यही कुराको अनुभव गर्न थाले जुन कुराको अनुभव एलियाले गर्न थाले ।

*“हेर्नुहोस्, आज तपाईंले मलाई यस भूमिबाट निकालिदिनुहुन्छ, र तपाईंको उपस्थितिबाट मैले लुक्नुपर्नेछ। म पृथ्वीमा विनाचैनको डुलुवा हुनेछु, र मलाई फेला पार्ने जोसुकैले पनि मलाई मार्नेछ।”*

*- उत्पति ४:१४*

दश आज्ञाले स्पष्ट रुपमा परमेश्वरको चरित्रलाई प्रकट गर्दछ - तैंले हत्या नगर्नु । जब मानिसले अर्को मानिसलाई हत्या गर्छ तब उसको आत्मामा मृत्युको डर उत्पन्न गर्छ । तपाईले जुन कुरा अरुलाई गर्नुहुन्छ त्यही कुरा तपाईसंग हुन सक्छ भनेर त्यो डर मनमा हुन्छ । शैतानले गर्दा यो डर झन बढ्दै जान्छ । यो डरलाई हटाउनको लागि पर्खाल लगाउन वा सेनाको आवश्यक हुन सक्छ ।

एलियाले पिडाले भरिएको यी शब्दहरु भने, "मेरो प्राण लिनुहोस्; किनभने म मेरो पुर्खाहरुभन्दा असल छैन ।" एलिया आफैभित्र केसंग जुध्दै थिए ? किन उ आफ्नो यति निराशाले भरियो कि मृत्युको बारेमा विचार गर्न थाल्यो ? यो कुरा साँचो हो कि उसले सोचेको जस्तो सुधार भएन तर के कारणले गर्दा उसले आफैलाई आफ्नो पुर्खाहरुसंग तुलना गर्न थाले र मर्नको इच्छा गर्न थाले ?

> ***"एलिया पनि त हामीहरूको जस्तै स्वभाव भएका मानिस थिए। तिनले पानी नपरोस् भनेर भक्तिसाथ प्रार्थना गरेका थिए, र तीन वर्ष छ महिनासम्म पृथ्वीमा पानी परेन।"***
>
> ***- याकुब ५:१७***

जब परमेश्वरले एलियालिई किन भागेको भनेर सोध्दा एलियाले परमेश्वरलाई कस्तो जवाफ दिए, त्यसमा ध्यान दिनुहोस् ।

> ***"तिनी त्यहाँ एउटा ओड़ारभित्र पसे र त्यहीं रात बिताए। तब परमप्रभुको यो वचन तिनीकहाँ आयो, "हे एलिया, तँ यहाँ के***

*गर्दैछस्?" तिनले भने, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करार त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्रै बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।"*

*- १ राजा १९:९-१०*

एलियाले यो कुराको आलोचना गर्छन कि उसको इमान्दारिताको बाबजुदपनि उसले परमेश्वरको अगमवक्ताहरुको तरवारद्वारा हत्याको पिडा सहनुपरेको छ र उ एक्लै भएका छन् । यदी एलिया हामीजस्तो भावनामा बग्ने मानिस भएको भए उसले परमेश्वरको जनहरुको हत्याको बदला लिने थिए होला किनभने ति मध्ये उसको साथिहरुपनि थिए होलान् ? के तपाईको परम मित्रको हत्या भयो भने तपाईले बदला लिनुहुन्न र ? के यो कुरा सम्भव छ कि यो कुरा तपाईको हृदयमा लूकाएर राख्नुहुन्छ, तपाई आफैबाट पनि लूकाएर राख्न सक्नुहुन्छ र यसलाई परमेश्वरप्रति तपाईको रहरले लूकाएर राख्न सक्नुहुन्छ ?

जब बालको अगमवक्ताहरुको विनाशलाई एलियाले नजिकबाट हेरे, के उसले आफ्नो हृदयमा भएको हत्याको बिउलाई प्रकट गरे ? के तब उसलाई भान भयो कि उ आफ्नो पिताहरु भन्दा अलग छैनन् ? जब इजबेलले उसको जीवनको धम्की दिए, तब के उनि परमेश्वरसंग आफ्नो सम्बन्धप्रति संका गर्न थाले ? "तँ के गर्दै छस्?" भन्ने प्रश्नप्रति आदमले जस्तै, के एलियाले आफ्नो प्रतिक्रिया बुने र सोचे कि यो सब परमेश्वरले

गर्दा भएको हो ? एलियाको प्रतिक्रिया यस्तो थियो; “मैंले यो गरें, मैले त्यो गरें ।” “यो परिस्थिति एकदम डरलाग्दो छ र म एक्लै छु ।”

केहि मानिसहरुको लागि यस्तो महान अगमवक्ताको बारेमा यस्तो सोच्नु एकदम अधर्मको कुरा हो । ति मानिसहरु जो पापमाथि विजयी पाउन चाहन्छन्, तिनीहरुले एलियाको अनुभवमा आफ्नो चरित्र देख्नसक्छन जुन कुरालाई तिनीहरुले पृथ्वीको अन्तिम संकटमा पाउने थिए । हामीले यी कथाहरुलाई हामीले यसरी पढ्नुपर्छ जसद्वारा हामीले पाठहरु सिक्न सक्छौं, जसले गर्दा जब हामी हाम्रो जीवनको त्यस संकटमा आउछौं र हामीले ति चरित्रहरुलाई देखाउन थाल्छौं जो ख्रीष्टको विपरित छन् र हामी हाम्रो पापको लागि विन्ती गर्दैनौं र निराशमा मर्न तयार हुन्छौं । यी अन्तिम दिनहरुको लागि हामीले यो कथालाई एकदम गहिराइसाथ पढ्नु पर्छ र यीबाट आउने पाठहरुलाई बुझ्न जरुरी छ । परमेश्वरको जनहरु माथि एलियाको आत्मा आउछन: यस संसारमा उनीहरुलाई चेतावनी दिन मात्र हैन तर उनीहरुलाई त्यो स्थानमा राख्न जहाँबाट उनीहरुले आफ्नो हिंसात्मक चरित्रलाई देख्न सकुन् वा आफ्नो हिंसात्मक चरित्रलाई इश्वरीय क्रोध भन्दै सही ठहराउनु ।

हामी यो कुरामा विश्वस्त हुन सक्छौं कि त्यस समय एलिया नयाँ करारको अनुभवमा थिएनन् । नयाँ करारको अनुभव भनेको हृदयमा परमेश्वरको चरित्रको लेखन हो । परमेश्वरको चरित्र उहाँको व्यवस्थामा प्रकट भएको छ ।

*"व्यवस्था पवित्र छ, र आज्ञा पवित्र, न्यायसङ्गत र असल छ।"*

*- रोमी ७:१२*

*"परमप्रभु भन्नुहुन्छ, ती दिनपछि म इस्राएलको घरानासँग यो करार बाँध्नेछु, तिनीहरूका मनमा मेरो व्यवस्था राखिदिनेछु, र तिनीहरूका हृदयमा त्यो लेखिदिनेछु,..."*

*- हिब्रु ८:१०*

एलिया सिनै पर्वततिर भाग्दछन् र परमेश्वरले उसलाई सोध्नुहुन्छ, "तँ यहाँ किन छस् ?" एलियाले आफ्नो तर्क दिन्छन् । उ भन्छन् कि उ परमेश्वरप्रति वफादार छन् तर सबै कुरा बिग्रिदै गएको थियो, र उ एक्लो थियो र अगुवाहरुले उसलाई मार्न खोजेका थिए । तब परमेश्वरले एलियालाई भन्नुभयो कि उसको समस्या उसको बुझाईमा छ ।

*"परमप्रभुले भन्नुभयो, "पर्वतमा गएर परमप्रभुको उपस्थितिमा खड़ा हो, किनकि परमप्रभु त्यहाँबाट जान लाग्नुभएको छ।" तब परमप्रभुको अगिअगि एउटा ठूलो र प्रचण्ड बतास पहाड़हरू फुटाउँदै र चट्टानहरू चिर्दैआयो, तर बतासमा परमप्रभु हुनुहुन्नथ्यो। बतासपछि भैँचालो आयो, तर भैँचालोमा परमप्रभु हुनुहुन्नथ्यो। भैँचालोपछि एउटा आगो आयो, तर आगोमा परमप्रभु हुनुहुन्नथियो। अनि आगोपछि एउटा मधुरो कानेखुसी आयो।"*

*- १ राजा १९:११-१२*

जबर्जस्तीको व्यवहारमा परमेश्वरको चरित्र प्रकट हुदैंन । साधरण रुपमा परमेश्वर त्यहाँ हुनुहुन्न । जुन आगो स्वर्गबाट आएको थियो र बलिदानलाई जलाएको थियो यसलाई बालको अगमवक्ताहरुलाई तरवारद्वारा मारेको कुराको अधिकारको रुपमा लिएको छ । उसलाई भनिएको थियो कि परमेश्वर आगोमा हुनुहुन्न । यसको अर्थ के हो ? परमेश्वरले आगो पठाउनुभयो तर त्यस आगोमा परमेश्वर हुनुहुन्न? परमेश्वरले एलियालाई भन्दै हुनुहुन्छ कि जसले साँचो परमेश्वरको सेवा गर्छन उनीहरुको विन्तीलाई उहाँले जवाफ दिनुहुन्छ । यो प्रतिक्रिया सबैले बुझ्ने थियो ।

सारा इस्राएल पुरानो करारको अनुभवमा थियो । तिनीहरुको बुझाइअनुसारको परमेश्वरको शक्ति तिनीहरुले देखे । मानिसहरुले आफुले बुझे अनुसार भने कि परमेश्वर आगोमा हुनुहुन्छ । परमेश्वरले एलियालाई भन्नुभयो उहाँ त्यहाँ हुनुहुन्न । मानिसहरुको हृदयमा जे छ त्यो परमेश्वरले तिनीहरुलाई ऐनाद्वारा देखाउनुभयो । परमेश्वरले आगोद्वारा आश्चर्यकाम गर्नुहुन्छ तर *त्यो उहाँको आफ्नो चरित्रको प्रतिबिम्ब हैन ।*

शक्तिको प्रदर्शनले एलियाभित्र भएको बदलाको भावनालाई बाहिर निकाल्यो । पुरानो करारमा व्यवस्थाको काम नै यही हो । परमेश्वरले पापलाइ बढ्न दिनुहुन्छ । त्यसरी नै ख्रीष्टले त्यस महिलालाई भन्नुभयो बालकहरुको रोटि खोसेर कुकुरलाई दिनु राम्रो हैन, स्वर्गमा बस्नुहुने हाम्रो पिताले मानिसहरुको ह्रदयलाई जाँच गर्नको लागि आफ्नो शक्ति प्रदर्शन गर्नुभयो । यो शक्ति प्रदर्शनले एलियाभित्र भएको कुरालाई प्रकट गरेको

थियो। ऐनामा एलियाले उसको हृदयले चाहेको आज्ञा सुन्यो: बालको सबै अगमवक्ताहरुलाई मार । यसले एलियालाई आफ्नो पिता-पुर्खाजस्तै हत्यारा भयो । यस प्रक्रियामा बालको अगमवक्ताहरुले सजाय पाए । परमेश्वरले पुरानो करारद्वारा इस्राएललाइ यो सन्देश दिनुभयो कि तिनीहरुको मुर्तिपुजा एकदम खराब छ, तर यस प्रक्रियामा उहाँको चरित्र प्रतिबिम्ब हुदैंन।

हुरीबतास, भूकम्प र आगोको आश्चर्यकर्मले हामीलाई यो देखाउँछ कि एलियाले परमेश्वरको चरित्रलाई बुझेका थिएनन्। तर, एलियाले आफुमा भएको बदलाको आत्मालाई देख्न सकुन् र त्यसबाट उसले पश्चताप गरुन् भनेर परमेश्वरले उसलाई आफ्नो चरित्र देखाउन खोज्नुभयो। परमेश्वरले एलियाबाट पश्चताप गराउनको लागि उहाँले प्रश्न गर्नुभयो।

> *जब एलियाले त्यो सुने तब तिनले आफ्नो खास्टोले मुख छोपे, र बाहिर गएर ओड़ारको मुखमा उभिए। तब एउटा आवाजले तिनलाई भन्यो, "एलिया, तँ यहाँ के गर्दैछस्?" तिनले जवाफ दिए, "सर्वशक्तिमान् परमप्रभु परमेश्वरको निम्ति म साह्रै जोशिलो भएको छु। इस्राएलीहरूले तपाईंको करारलाई त्यागेका छन्, तपाईंका वेदीहरू भत्काइदिएका छन्, र तपाईंका अगमवक्ताहरूलाई तरवारले मारेका छन्। केवल म मात्र बाँकी रहेको छु, र अब तिनीहरू मलाई पनि मार्न खोज्दैछन्।"*
>
> *- १ राजा १९:१३-१४*

एलियाले पुन त्यही कुरा भन्छन् । यसबाट यो कुरा थाह हुन्छ कि यी घटनाहरुबाट उसले केहि पनि बुझेको छैन् । एलियाले बुझ्न सकेको थिएनन् । जसरी येशुले चेलाहरुलाई भन्नुभयो, त्यसरी नै उहाँले एलियालाई भन्नुहुन्छ, “आत्मा त तयार छ तर शरीर कमजोर छ ।” उसको काम सिद्धिन आँट्यो भनेर उसलाई भनिएको छ ।

> ***“परमप्रभुले तिनलाई भन्नुभयो, “तँ जुन बाटो आएको छस्, त्यही बाटो फर्किगएर दमस्कसको मरुभूमिमा जा। जब तँ त्यहाँ पुग्छस् तब हजाएललाई अरामको राजा अभिषेक गर्। तब निम्शीको छोरो येहूलाई पनि इस्राएलको राजा, र हाबिल-महोलाको शाफातको छोरो एलीशालाई तँपछि आउने अगमवक्ता अभिषेक गर्।”***
>
> ***- १ राजा १९:१५-१६***

बालको अगमवक्ताहरुलाई मारेकोले गर्दा उत्पन्न भएको डर एलियाभित्र बसेको थियो । एलियाभित्र भएको त्यो हिंसात्मक आत्मा उ स्वर्गमा लगिनुभन्दा अगाडी फेरी प्रकट भएको छ, जब उसले ति मानिसहरुमाथि आगो झार्यो जो उसलाई पक्रन आएका थिए । के एलिया डराएको थिए जब उसलाई पक्रन मानिसहरु आएका थिए ?

> ***“परमप्रभुका स्वर्गदूतले एलियालाई भने, “त्यससँग तल जाऊ। त्यससँग नडराऊ।” यसैले एलिया उठे र तिनीसँग राजाकहाँ तल***

*गए।"*

*- २ राजा १:१५*

एलिया अझै डराएका थिए । जब ति पचास सैनिकको टुकडीको कप्तानले उसलाई बोलायो, उसले एलियालाई "परमेश्वरको जन" भनेर बोलाएको थियो । एलिया परमेश्वरको जन हो भन्ने कुरामा उसलाई कुनै शंका थिएन ।

> ***"एलियाले ती कप्तानलाई जवाफ दिए, "यदि म परमेश्वरका जन हुँ भने, स्वर्गबाट आगो झरेर तिमी र तिम्रा पचासै मानिसलाई भस्म पारोस्!" तब स्वर्गबाट आगो झरेर ती कप्तान र तिनका मानिसलाई भस्म पाऱ्यो।"***
>
> ***- २ राजा १:१०***

परमेश्वरले एलियालाई देखाउनुभयो कि उहाँ त्यस आगोमा हुनुहुन्न । त्यसो भए किन एलियाले आगो बोलाए त ? यो कुरा कसरी सम्भव छ कि स्वर्गबाट आगो आएर ति मानिसहरुलाई भस्म पार्यो ? राजाको अधिनमा भएको ति मानिसहरुले एक्रोनको देवता बाललाई पुजा गर्थे, जसले गर्दा तिनीहरुबाट सुरक्षाको घेरा हटेको थियो । यी मानिसहरुमाथि कसले आगो ल्यायो त ?

> ***"तब परमप्रभुले शैतानलाई भन्नुभयो, "लौ त, त्यसकहाँ जे-जति छन्, सबै तेरै हातमा भयो। केवल अय्यूबको शरीरलाई चाहिँ नछो।" तब शैतान परमप्रभुको उपस्थितिबाट निस्केर***

*गयो। ... त्यो बोल्दाबोल्दै अर्को समाचारवाहक आइपुग्यो। त्यसले भन्यो, "परमेश्‍वरको अग्‍नि स्वर्गबाट झरेर भेड़ाहरू र गोठालाहरूलाई भस्म पार्‍यो। अनि तपाईंलाई समाचार दिन म मात्र उम्कें।"*

*- अय्युब १:१२, १६*

किन शैतानले ति मानिसहरुलाई जलायो जो परमेश्वरको जनलाई पक्रन गएका थिए ?

*दुश्मनको विश्वास जित्न आफैलाई चोट दिनु । योजना ३४/३६*
*युद्धको कला - सन् त्सु*

जब एलियाले आफु परमेश्वरको जन हुँ भनेर देखाउनको लागि परमेश्वरसंग आश्चर्यकर्मको सहायता मागे तब उसले शैतानको लागि द्वार खोले । आफ्नो अधिनमा भएको मानिसहरुलाई शैतानले मार्यो, तब शैतानले सारा संसारलाई यो कुरामा विश्वास दिलायो कि ति मानिसहरुलाई परमेश्वरले प्रहार गर्नुभयो र मार्नुभयो ।

येशुको चेलाहरुले पासोमा परे र ति सामरीहरुलाई मार्नको लागि एलियाको उदाहरण अनुशरण गर्ने रहर देखाए । यो चालद्वारा शैतानले आफ्नो संसारिक शत्रुहरुको विश्वास जित्यो । यो छलद्वारा तिनीहरु शैतानको आत्मासंग जोडे । शैतानले आफ्नो १०२ मानिसहरु गुमायो, तर परमेश्वरको चरित्रविरुद्ध जुन लडाई उसले सुरु गरेको थियो त्यो उसले जित्यो, जसलाई अधिकाँश इसाईहरुले विश्वास गर्छन । शैतानले यो सब

मानिसको पापी चरित्रसंग मिलेर गर्न सकेको हो जसले गर्दा मानिसले आफ्नो हिंसात्मक चरित्रको दोष परमेश्वरलाई दिन्छ, र उसले परमेश्वरविरुद्ध विद्रोहलाई कायम राख्छ । शैतानले मानिसहरुको लागि बुनेको जालको अन्तिम सिमानामा एलियाको कथा पर्दछ ।

जब मानिसले आफ्नो आत्म-रक्षामा इश्वरीय शक्तिको माग गर्छ तब उसले शैतानलाई काम गर्ने अवसर दिन्छ । यस आत्मिकी लडाईमा मानिसलाई थाह नै नभई उसले आफ्नो पक्ष बदलेको हुन सक्छ । हामीलाई सत्यको बारेमा थाह नै हुने थिएन यदी येशुले स्वर्गको आगोको बारेमा आफ्नो चेलाहरुलाई नबताउनु भएको भए, र हामी यो कुरामा विश्वास गरी रहन्थ्यौं होला कि परमेश्वरले स्वर्गबाट आगो पठाउनुहुन्छ र मानिसहरुलाई मार्नुहुन्छ । यो कुरामा विश्वास गर्दा हामी परमेश्वरलाई रहरले हैन डरले आरधना गर्ने थियौं होला ।

४० दिन पछीको परिक्षापछी येशु भोकाउनु भयो । शैतानले येशुलाई आश्चर्यकर्म गर्न उक्सायो । शैतानले भन्यो, "यदी तपाई परमेश्वरको पुत्र हुनुहुन्छ भने यी ढुंगालाई रोटिमा परिणत गर्नुहोस् ।" येशुले भन्नुभयो, "रोटिले मात्र हैन तर परमेश्वरको मुखबाट निस्किने हरेक वचनले मानिस जीवित रहन्छ ।" येशुले शैतानको परिक्षाको जवाफमा परमेश्वरको वचन दिनुभयो । चिनी मन्त्री सन त्सुको पुस्तक, "*लडाईको कला*" अनुसार जसले शैतानलाई हराउन चाहन्छ, शैतानले कसरी काम गर्छ उसले यो बुझ्न जरुरी छ; यो कुरा हामीले शैतानको प्रेरणाबाट आएको पुस्तकहरुबाट जान्न सक्दैनौं तर केवल परमेश्वरको ज्ञानबाट मात्र सम्भव

छ । यो कुरा तब मात्र सम्भव छ जब येशुले हामीलाई हाम्रो जिद्दी, टुक्रिएको चरित्र देखाउनुहुन्छ र हामीले यो कुरालाई स्वीकार गरेर उहाँलाई काम गर्न दिन्छौं । उहाँले हामीलाई उहाँमा एक भएर पिताको नजिक जाने अवसर दिनुहुन्छ जब हामी येशुको सेवाकाइमा स्वार्थहिन प्रेमलाई देख्छौं र उहाँको अनुशरण गर्छौं । परमेश्वरको सन्तानहरुको लागि:

> ***"तिनीहरूले थुमाको रगत र आफ्ना गवाहीको वचनको कारण त्यसलाई जितेका छन्, र तिनीहरूले मृत्युसम्मै पनि आफ्नो ज्यानको माया राखेनन्।"***
>
> ***- प्रकाश १२:११***

आफ्नो हातमा तरवार लिएर र मानिसहरुलाई मार्ने शक्ति लिएर परमेश्वरको जनहरुले आफ्नो शत्रुमाथि विजय हुन सक्दैनन् । तिनीहरुले आफ्नो जीवनलाई मृत्युसम्म प्रेम गर्दैनन् ।

> ***"कसले हामीलाई ख्रीष्टको प्रेमबाट अलग गर्ने? के सङ्कष्टले, अथवा दुःखले, वा खेदोले, वा अनिकालले, वा नग्नताले, अथवा खतराले वा तरवारले? यस्तो लेखिएको छ, "तपाईंको खातिर हामी दिनभरि मारिन्छौं, काटिने भेड़ाहरूजस्तै हामीहरू गनिएका छौं।" होइन, यी सबै कुरामा हामीलाई प्रेम गर्नुहुनेद्वारा हामी विजेताहरूभन्दा पनि अझ बढ़ी छौं।"***
>
> ***- रोमी ८:३५-३७***

कसरी एलियालाई स्वर्गमा लगियो ? अन्तिम दिनहरुमा ति मानिसहरु जो मृत्युलाई नचाखी स्वर्गमा लगिन्छन्, एलिया तिनीहरुको उदाहरण हो ।

*"हेर, परमप्रभुको त्यो महा र डरलाग्दो दिन आउन अघि म एलिया अगमवक्तालाई पठाउनेछु। त्यसले बाबुहरूका हृदय तिनीहरूका छोराहरूतिर र छोराहरूका हृदय तिनीहरूका बाबुहरूतिर फर्काइदिनेछ, नत्रता म आएर देशलाई एउटा श्राप दिनेछु।"*

*- मलाकी ४:५-६*

अन्तिम दिनहरुमा परमेश्वरको जनहरुले एलियाको आत्मामा पशु र त्यसको मुर्तिको सामना गर्नेछन् । रोमी ११:२-५; प्रकाश १२:१७ । जसरी एलियाले यस संसारको राजालाई उसले गरेको पापको लागि खडा भएको थियो त्यसरी नै परमेश्वर जनहरु पनि खडा हुनेछन् । यो परिक्षा याकुबको कथामा पनि हामी देख्न सक्छौं ।

*"हाय! त्यो दिन कस्तो डरलाग्दो दिन हुनेछ! त्यस्तो अरू कुनै दिन पनि हुनेछैन। याकूबको निम्ति यो दु:खको दिन हुनेछ, तर ऊ त्यसबाट बचाइनेछ। "सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ, 'त्यस दिन म त्यो जुवा तिनीहरूको काँधबाट भाँचिदिनेछु, र म तिनीहरूको बन्धन फुकाइदिनेछु। विदेशीहरूले कहिल्यै*

*तिनीहरूलाई दास बनाउनेछैनन्।"*

*- यर्मिया ३०:७-८*

एलियालाइ स्वर्ग लगिनुभन्दा अगाडी उसको पापको भारीलाई भाँच्न जरुरी छ । स्वर्ग लगिनुभन्दा अगाडी एलियाले यी कुराहरुमा विजयी पाउन जरुरी छ । एलियाको कथालाई यस संसारको इतिहासको अन्तिम घटनाहरुसंग जोडिएको छ ।

*"मानिसका आँखाको अगि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गर्‍यो। पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा त्यसले पृथ्वीका बासिन्दाहरूलाई बहकायो। तरवारको चोट खाएर पनि जीवित भएको त्यस पहिलो पशुको सम्मानमा एउटा मूर्ति बनाउने हुकुम त्यसले तिनीहरूलाई दियो। त्यस पहिलो पशुको मूर्तिमा सास हालिदिने अनुमति त्यसलाई दिइयो, यस हेतुले कि पशुको त्यो मूर्ति बोल्न सकोस्, र त्यस पशुको मूर्तिलाई नपुज्नेहरू मारिऊन्। अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो।"*

*- प्रकाश १३:१३-१६*

मलाकी ४:५-६ र प्रकाश १३:१३-१६ मा दिइएको भविष्यवाणीहरुको पृष्ठभूमिमा एलियाले स्वर्गबाट झारेको आगोको कथाले अन्तिम

दिनहरुमा उसको अनुभवसंग जोडीएको छ । एलियामा भएको डरमा विजय पाउन जरुरी छ, यो कुरा तब मात्र संम्भव भयो जब एलियाले आफुभित्र झांकेर हेर्यो र आफ्नो काँधबाट पापको जुवालाई हटाउन सक्यो । एलिया प्रार्थनाको व्यक्ति हुन् । उसले पाणी परोस् भनेर कर्मेल डांडामा आफ्नो विश्वासलाई पक्रेर, मानिसको हातको आकारको बादललाई पर्खेर बसे । १ राजा १८:४१-४५ । यी अन्तिम दिनहरुमा याकुबको दुखको समयमा पशु र त्यसको मुर्तिहरुको विरुद्धमा विजय पाउन परमेश्वरको जनहरुले इमान्दारितापुर्वक प्रार्थना गर्नेछन् ।

***"त्यस समयमा तिम्रा मानिसहरूलाई रक्षा गर्ने प्रधान राजकुमार मिखाएल देखा पर्नेछन्। यस्तो सङ्कष्टको समय "आउनेछ कि जातिहरू सुरु भएदेखि त्यस बेलासम्म त्यस्तो कहिल्यै भएको छैन। तर त्यस बेला तिम्रा मानिसहरू— जीवनको पुस्तकमा नाम लेखिएका सबै— बचाइनेछन्।"***

***- दानिएल १२:१***

बप्तिस्मा दिने यूहन्नाको जीवनमा पनि एलियाको अनुभवलाई देख्न सक्छौं । उ सहिद बन्नुभन्दा अगाडी उसले आफ्नो जीवनमा विश्वासको परिक्षा भोगेका थिए ।

***" यूहन्नाले ख्रीष्टका कामहरूको चर्चा झ्यालखानमा सुने, र आफ्ना चेलाहरूलाई उहाँकहाँ यो कुरा सोध्न पठाए, "आउनेवालाचाहिँ तपाईं नै हुनुहुन्छ, कि हामीहरू अरू***

*कसैको प्रतीक्षा गरौं?"*

*- मत्ती ११:२-३*

येशुले बप्तिस्मा दिने यूहन्नालाई दोश्रो एलिया भन्नुभएको छ ।

*"तिमीहरू ग्रहण गर्न राजी हुन्छौ भने, आउनुपर्ने एलिया यिनी नै हुन्।"*

*- मत्ती ११:१४*

ख्रीष्ट नै मसिह हुनुहुन्छ भन्ने कुरामा विश्वास गर्न यूहन्नालाई कठिन भएको थियो र यो कुरामा उसले विजयी पाउन जरुरी थियो । बप्तिस्मा दिने यूहन्नाले जस्तै एलियाले यी कुराहरुमा विजय पाउन जरुरी छ । यी दुखमा, मानिसहरुको पापी हृदयहरु प्रकट हुन्छन् र यहाँ येशु प्रभुले आफ्नो धार्मिकतालाई प्रशस्त गराउनु हुन्छ ।

*"व्यवस्था आयो र अपराधको वृद्धि भयो, तर जहाँ पाप बढ्यो अनुग्रह झन् बढी मात्रामा बढ्यो, यस हेतुले कि जसरी पापले मृत्युमा राज्य गर्‍यो, त्यसै गरी येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा अनुग्रहले धर्मी ठहराएर अनन्त जीवनसम्म राज्य गरोस्।"*

*- रोमी ५:२०-२१*

मसिहको धार्मिकतामा विश्वास गरेर एलिया स्वर्गमा गए । आफ्नो शत्रुहरुलाई जलाउने अगमवक्ताको रुपमा उ स्वर्ग गएका हैनन् । उ एक पापीको रुपमा स्वर्ग गए जो थुमाको प्रतिज्ञामा परमेश्वरको अनुग्रहमा भर परेका थिए ।

जब हामी याकुब, एलिया, बप्तिस्मा दिने यूहन्ना र अन्तिम दिनहरुमा परमेश्वरको जनहरुमा एलियाको आत्माको कथाहरुलाई जब हामी मिलाएर पढ्छौं भने हामी ति कथाहरुमा जीवनको मुकुट पाउनको लागि पश्चतापको हृदयलाई देख्न सक्छौं । यिनीहरु सबैलाई यस्तो बिन्दुमा राखियो जहाँबाट यिनीहरुको टुटेको चरित्रलाई प्रकाशमा ल्याएको थियो ।

एलियाको कथामा हामी पश्चतापको कामलाई देख्न सक्दैनौं तर पनि येशुको वचन अनुसार हामी बुझ्न सक्छौं कि एलियामा भएको अगाडीको आत्मा ख्रीष्टको आत्मा थिएन । उसलाई माथि लगिनु भन्दा अगाडी यो सब बदलिनु जरुरी थियो । मसिहमाथि बप्तिस्मा दिने यूहन्नाको विश्वासको कमीले हामी यो कुरा बुझ्न सक्छौं कि अनन्तको जीवन पाउनको लागि उसले पश्चताप गर्न जरुरी छ । यी दुई मानिसहरुको अनुभवलाई अन्तिम दिनहरुमा परमेश्वरको जनहरुले दोहोराउने छन् । कोहि बिना मृत्यु स्वर्ग जानेछन्  (१ थेसलोनिकी ४:१५-१७) तर तिनीहरुको आत्मालाई शुद्ध बनाउनको लागि दुखको समयदेखि जान जरुरी छ । कोहि बप्तिस्मा दिने यूहन्ना जस्तै मारिने छन् । तर ति सबैलाई पश्चतापको बिन्दुमा लगिनेछन् ताकी पश्चताप गर्न सकुन् ।

> *"किनभने ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र त्यसमा पछितो हुँदैन, तर सांसारिक शोकले भने मृत्यु उत्पन्न गर्छ।"*
>
> *- २ कोरिन्थी ७:१०*

याकुबको लागि उसको आत्म –सुरक्षा, आत्म-विश्वास र छली चरित्र तब मात्र समर्पित गरिएको थियो जब उसले रातभरी परमेश्वरसंग लडाई गरे र तबसम्म उहाँलाई उसले जान दिएनन् जबसम्म उसले परमेश्वरबाट आशिष पाएनन् जसले उसलाई उसको जीवनकाल भरी हेरचाह गर्नुभएको थियो । उत्पति ४८:१५ ।

एलियाको लागि ९५२ मानिसहरुको लाश जमिनमा परेको थियो जसले गर्दा उसको हृदयमा भएको बदलाको आत्मा र डरलाई प्रकट गरेको थियो ।

बप्तिस्मा दिने यूहन्नाको लागि, उसले मसिहको काममाथि शंका गरेको थियो जसले हजारौं मानिसहरुको जीवनमा प्रभाव पार्न सक्थ्यो । यद्धपी यिनीहरु सबैले आफ्नो मुक्तिदातामाथि विश्वास गरे र विजय पाएर छाडे । अन्तिम दिनहरुमा परमेश्वरको जनहरुको अनुभव पनि यही नै हुनेछ । यो अन्तिम सिमाना हो ।

यहाँ कुनै नायक अगमवक्ताहरु छैनन्; केवल ख्रीष्ट र उहाँमा क्रुसमा झुण्डाइएकाहरु छन् । मुक्तिको लागि केवल ख्रीष्टको धार्मिकता छ । परमेश्वरले यी अगमवक्ताहरुमा महान काम गर्नुभएको थियो तर उनीहरुलाई मुक्तिदाताको कमी महसुस गराउनु नै उहाँको महान काम हो ।

जब हामी यो सत्यतालाई बुझ्छौं - धर्मी कोहि पनि छैन, एक जना पनि छैन - तब शैतानको शक्तिले हामीमा काम गर्न छाड्छ ।

शैतान चाहन्छ कि मानिसले बाइबल माथि माथि मात्र पढोस र अगमवक्ताहरुको हिंसात्मक चरित्रमा उनीहरुले परमेश्वरको चरित्र देखोस । जब परमेश्वरले मानिसलाई उसको रुप देखाउन पुरानो करारको तल ल्याउनुहुन्छ तब शैतानले मानिसलाई उसको हिंसात्मक चरित्रमा परमेश्वरको चरित्र हो भनेर छल गर्छ । परमेश्वरको जनहरुको कामद्वारा शैतानले बदलाको आत्मा, हिंसात्मक चरित्रलाई परमेश्वरको इच्छा हो भनेर देखाउन खोज्छ ।

ख्रीष्ट मात्र परमेश्वरको शिद्व उदाहरण हुनुहुन्छ भन्ने कुरामा हामीले ध्यान दिनुपर्छ । उहाँको चरित्रलाई अध्ययन गरेपछि मात्र हामी परमेश्वरको सुमधुर आवाजलाई सुन्न सक्छौं । उहाँलाई गलत रुपमा बुझेर हामी परमेश्वरलाई चोट नदिउ किनभने यसरी सत्यलाई मानिसले इन्कार गर्दछ । "उसको चिहान दुष्टहरुसित बनाइयो, र मृत्युमा धनीहरु उसको साथमा थिए, ***यद्धपी उसले केहि उपद्रव गरेको थिएन*** न त उसको मुखमा केहि छल थियो ।" यशैया ५३:९ ।

## २४.      अब्राहाम र घृणित पार्ने थोकहरु

*"केही समयपछि परमेश्वरले अब्राहामको ठूलो जाँच गर्नुभयो, र तिनलाई भन्नुभयो, "ए अब्राहाम।" तिनले भने, "म यहीं छु।" उहाँले भन्नुभयो, "तेरो छोरो, अर्थात् तैंले माया गरेको तेरो एउटै छोरो इसहाकलाई लिएर मोरीयाहको देशमा गई मैले तँलाई देखाएको डाँड़ामा त्यसलाई होमबलि गर्।"*

*- उत्पति २२:१-२*

हामीले यो खण्डलाई दुई तरिकाद्वारा पढ्न सक्छौं । एक तरिकाले परमेश्वरको प्रेमलाई अद्भुत रुपमा प्रकट गर्दछ; अब्राहमले आफ्नो पुत्रलाई बलिदान दिन तयार भएका थिए यसले हामीलाई हाम्रो पिताको प्रेमको संकेतको बारेमा भन्दछ जहाँ परमेश्वरले हाम्रो खातिर आफ्नो पुत्रलाई दिनुभयो ताकी जो कोहिले पनि परमेश्वरको पुत्र (चरित्र) माथि विश्वास गर्दछ, त्यो नाश हुने छैन तर बाँच्नेछ । यसको बदलामा, पुरानो व्यवस्थाको ऐनामा हेर्दा हामी यो तस्विर देख्न सक्छौं कि परमेश्वरले अब्राहमलाई उसको इमान्दारिताको परिक्षा लिदैं हुनुहुन्छ र उसको पुत्रको बलिदान माग्नुभएको छ ।

किन परमेश्वरले अब्राहमलाई उसको पुत्रलाई होमबलीको रुपमा माग्नुभयो त ? एक क्रोधित भगवान जो मृत्युद्वारा मात्र सन्तुष्टि हुन्छन उहाँको लागि यो अनुरोध एकदम सही छ । यसरी नै ति मुर्तिपुजक धर्महरु काम गर्छन; आफ्नो बलिदानद्वारा आफ्नो भगवानलाई खुशी बनाउनु । किन बाइबलले परमेश्वरलाई यस प्रकाशमा चित्रण गर्दछ ?

पहिलो, हामीले बाइबलमा भएको बलिदानको सुरुवातलाई हेरौं ।

> ***"परमप्रभु परमेश्‍वरले आदम र तिनकी पत्‍नीका निम्ति छालाका लुगा बनाई तिनीहरूलाई लगाइदिनुभयो।"***
>
> ***- उत्पति ३:२१***

हामीलाई ति छालाहरु कसरी आए त्यो विषयमा भनिएको छैन । यो कुरा एकदम सम्भव छ कि ति छालाहरु ल्याउन जनावरहरु मारिएको हुन सक्छ । वा परमेश्वरले यी छालाहरुलाई उत्पन्न गर्नु भएको होला तर यी त केवल विचारहरु मात्र हुन् । यस पछी आउने अध्यायले बलिदानको विषयमा भन्दछ ।

> ***"केही समय बितेपछि कयिनले परमप्रभुकहाँ भूमिको उब्जनीबाट केही ल्याए। तर हाबिलले आफ्ना भेड़ाको बगालबाट पहिले बियाएका पाठाहरूका बोसे भाग ल्याए। परमप्रभुले हाबिल र तिनको भेटी ग्रहण गर्नुभयो,"***
>
> ***- उत्पति ४:३-४***

यस कथाले भन्दछ कि भेटिको जरुरी थियो र थुमाको भेटि बिना आरधना स्वीकार्य हुदैन थियो ।

> *"तर कयिन र उनको भेटी ग्रहण गर्नुभएन। यसैले कयिन ज्यादै रिसाए, र उनको मुख अँध्यारो भयो। तब परमप्रभुले कयिनलाई भन्नुभयो, "तँ किन रिसाउँछस्? तेरो मुख किन अँध्यारो छ? यदि तैंले जे ठीक छ त्यो गरिस् भने तँ ग्रहणयोग्य हुँदैनस् र? तर यदि तैंले ठीक काम गरिनस् भनेता पाप तेरो ढोकैमा ढुकिबस्छ। त्यसको इच्छा तँप्रति हुन्छ, तर तैंले त्यसलाई अधीन गर्नैपर्छ।"*
>
> *- उत्पति ४:५-७*

यसकारण यस्तो देखिन्छ कि मानिसहरुले आफ्नो आरधनामा जनावरको बली चढाएको परमेश्वर चाह्नुहुन्छ । जनावरको बली चढाउन कयिनले गरेको इन्कारले पछी गएर हत्याको रुप लिएको थियो । यो कुरा एकदम अच्चमलाग्दो छ कि कयीनले थुमाको बलिदानलाई चिनेको थिएन तर उसले आफ्नो हत्यामा आफ्नो क्रोध शान्त गर्ने अवसर पायो ।

इसाहकको बलिदानको कथालाई बुझ्नको लागि हामीले यो बुझ्न जरुरी छ कि यो पनि क्षमा विधिको लागि मानिसको बलिदानको औचित्य बुझ्ने कडी हो । बलीदानलाई लिएर परमेश्वरको धारणा यस्तो छ जसलाई हामीले एकदम गहिरेर बुझ्न जरुरी छ ।

*"हे परमप्रभु मेरा परमेश्‍वर, तपाईंले गर्नुभएका अचम्मका कामहरू धेरै छन्। तपाईंले हाम्रा निम्ति गर्नुभएका योजनाहरू तपाईंको अगि कसैले वर्णन गर्न सक्दैन। मैले तिनका बारेमा वर्णन गर्न चाहें भने पनि ती घोषणा गर्न सक्नेभन्दा धेरै हुन्छन्। बलिदान र भेटी तपाईंले चाहनुभएन, तर मेरा कानहरू तपाईंले खोलिदिनुभएको छ। होमबलि र पापबलिको माग तपाईंले गर्नुभएन।"*

*- भजनसंग्रह ४०:५-६*

भजनसंग्रहको लेखकले भन्दछन् कि परमेश्वरले बलिदानहरु चाहनुहुन्न । उसले अझ यो कुरा पनि भन्दछन कि परमेश्वरले होमबली वा पापबली पनि माग्नुभएन । यसो हेर्दा त यो कुरा ठिक पुरानो करारमा लेखिएको कुराहरुको विपरित देख्न सकिन्छ । परमेश्वरले मोशालाई बलिदानहरुको विषयमा एकदम धेरै नीति-नियमहरु दिनुभएको थियो र ति बलिदानहरुलिई कसरी दिनुपर्छ त्यसबारेमा पनि भन्नुभएको थियो र यो सब परमेश्वरको चाहना हो जस्तो देखिन्छ । तर पनि हामी पढ्न सक्छौं:

*"किनकि तिमीहरूका पिता-पुर्खाहरूलाई मिश्रदेशबाट निकालेर ल्याएको दिन जब मैले तिनीहरूसँग बोलें, तब मैले तिनीहरूलाई केवल होमबलि र बलिदानका बारेमा आज्ञा मात्र दिइनँ, तर मैले तिनीहरूलाई यो आज्ञा दिएको थिएँ: मेरो आज्ञापालन गर, र म तिमीहरूका परमेश्‍वर हुनेछु, र तिमीहरूचाहिँ मेरा प्रजा हुनेछौ। जुन मार्गका विषयमा म तिमीहरूलाई आज्ञा गर्दछु ती सबैमा*

*हिँड, ताकि तिमीहरूको भलो होस्। तर तिनीहरूले आज्ञापालन गरेनन् न त तिनीहरूले ध्यान नै दिए। त्यसको सट्टा तिनीहरू आफ्नै दुष्ट हृदयको अटेरीपनामा हिँड्दैरहे। तिनीहरू पछि हटे, अगि बढ़ेनन्।"*

*- यर्मिया ७:२२-२४*

यो कुरा त ठिक विपरित देखिन्छ । यर्मिया अगमवक्ताले परमेश्वरको प्रेरणाद्वारा यो कुरा भन्नुहुन्छ कि परमेश्वरले इस्राएलीहरुलाई होमबली वा अरु बलिदानको विषयमा भन्नुभएन । तर मोशाको लेखहरुमा हामी यो कुरालाई पढ्न सक्छौं ।

*"परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूलाई यसो भन्: 'जब परमप्रभुले मनाही गर्नुभएका कुनै कुरामा कसैले अजानमा पाप गर्छ— "'यदि कुनै अभिषेक भएका पूजाहारीले पाप गरेर मानिसहरूमा दोष ल्याए भने तिनले गरेको त्यस पापको निम्ति एउटा निष्खोट साँढ़े परमप्रभुअगि पापबलि चढ़ाऊन्। तिनले त्यस साँढ़ेलाई भेट हुने पालको ढोकानेर परमप्रभुकहाँ ल्याएर त्यसको टाउकोमा आफ्नो हात राखी त्यसलाई परमप्रभुको सामु मारून्।"*

*- लेवी ७:१-४*

*"परमप्रभुले मोशालाई भन्नुभयो, "इस्राएलीहरूलाई यसो भनेर आज्ञा गर्: 'आगोद्वारा चढ़ाइने मलाई मन पर्ने मीठो बास्ना हुने*

*मेरा बलिहरूको भोजन तोकिएको समयमा चढ़ाउन तिमीहरूले याद राख्नू'। तैंले तिनीहरूलाई यसो भन्: 'तिमीहरूले परमप्रभुको निम्ति आगोद्वारा चढ़ाउने बलि यही हो: दुई वटा एक वर्षे निष्खोट थुमाहरू नित्यको होमबलिको निम्ति दिनहुँ चढ़ाउनू, एउटा बिहान र अर्को बेलुकी।*

*- गन्ती २८:१-४*

यस पुस्तकको २१ पाठमा एउटा महत्वपूर्ण कुरा लेखिएको छ ।

..... पुरानो व्यवस्था वा स्वभाविक चरित्रमा, उहाँले दिनुभएको आज्ञाहरु ख्रीष्टको जीवनसंग विवादमा छन जसले इश्वरीय ऐनाले काम गर्दै हुनुहुन्छ भन्ने कुराको प्रमाण दिन्छ ।

हामी त्यस समयमा जाऔँ, जब परमेश्वर आदमलाई भेट्न बगैंचामा आउनुभयो । परमेश्वरले आदमलाई सोध्नुभयो कि उसले असल र खराबको ज्ञान दिने रुखको फल खायो कि खाएन । आदमले आफ्नो गल्तीको पश्चताप गर्दैन तर परमेश्वरलाई यस समस्याको दोष दिन्छ । आदमलाई थाह नै हुदैंन कि उसको हृदयमा हत्याको बिज उम्रिएका छन् । शैतानको कुरा सुनेर, आदमले शैतानको आत्मालाई अंगालेको छ जो सुरुवात देखि नै हत्यारा थियो । यूहन्ना ८:४४ । आफ्नो पापबाट पश्चताप गर्नको लागि उसले यो कुरा जान्न जरुरी थियो कि फल खाएर उसले के गल्ती गरेको छ ।

यस पुस्तकको पाठ १९ मा हामीले पढेका छौं कि:

*जब आदम र हव्वा पापमा फसे तब तिनीहरु चरित्रमा शैतानझैं भए । उनीहरुमा भएको ख्रीष्टको आत्माले चोट खानुभयो र दबिनुभयो । मानिसमा भएको ख्रीष्टको आत्माले उसलाई जीवन दिन्छ। उहाँ यस संसारमा आउने मानिसहरुलाई दिनुहुने प्रकाश हुनुहुन्छ । यदी ख्रीष्टले आदमलाइ पूर्णरुपमा त्याग्नुभयो भने उ मर्नेथियो । आदममा भएको ख्रीष्टको आत्मालाई चोट पुराइएको थियो तर पनि उहाँ निक्लिनुभएन यद्धपी उहाँलाई पिडा भएको थियो । निरन्तर रुपमा ख्रीष्टले पाउनुभएको चोट, उहाँ एक चट्टान हुनुहुन्छ, उहाँबाट आत्मिकी पानीले आदम जीवित भएको छ।*

*- अगापे, पाठ १९*

आफुभित्र हिंसाको आत्मा छ बनेर आदमलाई केहि पनि थाहा थिएन । उसलाई यो कूराको थाह नै थिएन कि ४००० वर्ष पछी ख्रीष्टलाई क्रुसमा लाने जुन घटनाहरु भएका थिए, त्यसको सुरुवात उबाट भएको हो । परमेश्वरले आदमलाई उसको गल्ती देखाउनु भयो ताकी उसले आफ्नो परिस्थिति बुझ्न सकोस् र त्यसबाट उसले पश्चताप गर्न सकोस् ।

मानिसले ख्रीष्टको बारेमा के सोच्छ त्यो यो बलिदानको विधिले ऐनाको रुपमा देखाउँछ । यो बलिदानको विधि एक शिक्षकजस्तै हो जसले मानिसहरुलाई ख्रीष्टमा लिएर आउँछ, र हामीले पढेका छौं कि मानिसले आफ्नो चरित्रलाई परमेश्वरमा देखाउँछ र यस ऐनालाई उहाँमा प्रकट पार्छ । यसरी सारा संसारले यो कुरामा विश्वास गर्छ कि परमेश्वरले यी

बलिदानहरु माग्नुभएको हो जसले गर्दा मानिसहरुले यो कुरामा विश्वास गर्न पुगे कि परमेश्वरले आफ्नो पुत्रको हत्या गर्नुभयो ।

अब्राहम कल्दीहरुको देश बेबिलोनमा हुर्केका थिए । उत्पति ११:३१ । मानव बलीको संस्कृतिमा उ हुर्केका थिए । जुन कुराहरु कयिनमा प्रकट भएका थिए जब उसले आफ्नो भाइको हत्या गरेका थिए त्यो हरेक पगान धर्मको खम्बा बन्यो । मानिसले आफ्नो हिंसात्मक चरित्रलाई परमेश्वरप्रति ढालेको थियो जसको कारण लाखौँ जनावरहरु र हजारौं मानिसहरुको संहार भएको थियो । बलिदानलाई उसको आफ्नो पापी चरित्रको प्रतिबिम्ब हो भनेर स्विकार्नुको सट्टा सुले यो कुरामा विश्वास गर्यो कि यो बलिदान प्रथा परमेश्वरले माग्नुभएको हो ताकी उहाँलाई खुसी पार्न सकियोस् ।

> ***"तर शमूएलले भने, "होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले आज्ञापालन नै रुचाउनुहुन्न र? आज्ञापालन बलिदानभन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेड़ाको बोसोभन्दा असल हो।"***
> ***- १ शमुएल १५:२२***

परमेश्वरले उसलाई प्रतिज्ञाको बालक दिनुहुन्छ भन्ने कुरामा उ विश्वास गर्न सकेको थिएन । उसले परमेश्वरलाई आफ्नो नोकर एलियाजरलाई स्विकार्नुहोस् भनेका थिए । अब्राहमले आफ्नो श्रीमतीको कुरा सुनेर हागारबाट इश्माएललाई जन्माएका थिए ।

यो विश्वासको कमीले गर्दा घरमा नकरात्मक वातवरण सिर्जना भएको थियो जसको कारण हागर र इश्माएललाई घरबाट निकाल्न ऊ विवश भएको थियो । हताशमा उसले आफ्नो असफलताहरुलाई बुझ्न सक्यो । बलिदान दिएर परमेश्वरलाई खुसी बनाउने चाहना झन बढेर आयो । आफ्नो बाल्यकालदेखि सिकेको विधि र उसको भित्र भएको पापी चरित्रले उसलाई बलिदान दिएर परमेश्वरलाई खुसी बनाउने झन् रहर बढेर आयो ।

यही कुराको पृष्ठभूमिमा परमेश्वरले अब्राहमको समस्यालाई ऐनामा राखीदिनु हुन्छ । उसले चाहेको जसरी परमेश्वरलाई खुसी पार्ने आज्ञा उसलाई आउँछ ।

हामीले यो कुरामा ध्यान दिनुपर्छ कि आफ्नो पुत्र इसाहकलाई बली चढाउनु भनेर परमेश्वरले भन्नुभएको हैन । परमेश्वरले उसलाई इसाहकलाई होम बली चढाउनु भन्नुभएको थियो । यो आज्ञाए गर्दा यसलाई हामी दुई तरिकाबाट पढ्न सक्छौं ।

जब आफ्नो छोरीलाई निको पार्नुहोस् भन्दै त्यस महिलाले विन्ती गरी, तब येशुले भन्नुभयो, “बालकहरुको खाना खोसेर कुकुरलाई दिनु राम्रो हैन ।” उहाँले त्यस महिलालाई कुकुर भन्नुभएको हैन । उहाँले आफ्नो चेलाहरुको हृदयमा भएको कुरा र त्यस महिलाले उसको बारेमा हिब्रुले सोचेको कुरालाई उहाँले देखाउनुभएको हो । त्यस महिलाले थाह पाइन् कि उसको प्रतिक्रियाले ऊ कुकुर भएकी छिन, तर उसले सजिलैसित ऊ परमेश्वरको छोरी हुँ भन्न सक्थीन् ।

अब्राहमको कथामा पनि यही कुरा हुदैंछ । परमेश्वरले अब्राहामलाई आफ्नो पुत्रलाई होमबलीको रुपमा दिनु भनेर भन्नु मात्र भयो । आफ्नो पुत्रलाई मार भनेर भन्नुभएन । यसको एउटा कारण यो हुन् सक्छ कि परमेश्वर चाहनुहुन्थ्यो कि उहाँको इच्छा बाहिर आफ्नो पुत्रलाइ लिएर कुनै पनि रहर वा इच्छा अब्राहमले नराखोस् । किनभने जुन रितिले अब्राहम हुर्केको थियो र उसको मानसिकताले गर्दा उसले सोच्यो कि परमेश्वर चाहनुहुन्छ कि उसले आफ्नो पुत्रको बलिदान चढावस् । यो हुन्छ भनेर परमेश्वरलाई पहिला नै थाह थियो । परमेश्वरलाई शान्त पार्नुपर्छ भनेर जुन अब्राहामको विचारधारा थियो त्यसलाई प्रकट गर्न जरुरी थियो ताकी अब्राहमले पूर्ण रुपमा परमेश्वरमाथि विश्वास गर्न सकोस् । यो एक अद्भुत प्रक्रिया हो कि पुरानो व्यवस्थाको महिमाद्वारा अब्राहमलाई सत्यता र आत्मामाथि विश्वासको नयाँ करारमा ल्याइएको थियो । २ कोरिन्थी ३:७-९ ।

> *"तर परमप्रभुका एक जना दूतले स्वर्गबाट तिनलाई हपारेर भने, "ए अब्राहाम, अब्राहाम!" तिनले भने, "म यहीं छु।" उनले भने, "तेरो हात त्यस केटामाथि नउठा", र "त्यसलाई केही नगर्। अब मैले थाहा पाएँ तैले परमेश्वरको भय मान्दोरहेछस्, किनकि तेरो छोरो, तेरो एकमात्र छोरालाई पनि मबाट तैंले रोकेर राखिनस्।" अब्राहामले माथितिर हेरे र एउटा भेड़ा झाड़ीमा सीङ अल्झेर फसेको देखे। अब्राहामले गएर त्यस भेड़ालाई ल्याए, र तिनका छोराको सट्टामा त्यसैलाई होमबलि गरे।"*
>
> *- उत्पति २२:११-१३*

यदी हामी यस कथाबाट यो कुरा सिक्छौं कि परमेश्वर हामीबाट हाम्रो सन्तानको बलीद्वारा खुसी हुनुहुन्न तर उहाँको आफ्नो पुत्रको मृत्युद्वारा खुसी हुनुहुन्छ तब हामी मुर्तिपुजामा यतिसम्म लिप्त हुन्छौं हामी सेन्ट्रल अमेरिकामा भएको अजेतिक्स जस्तै हुन्छौं । केवल एक फरक छ कि भगवानले कसको छोराको बली माग्नुहुन्छ; परमेश्वरको पुत्रको बलिदान अरु बलिदानभन्दा मुल्यवान छ ।

बलिदानद्वारा परमेश्वरलाई खुसी पार्ने रहरले परमेश्वरलाई शताब्दीऔंदेखि दुखि बनाएको छ । उहाँले कहिले पनि मानिसहरुले जनावरहरुको बलीद्वारा उहाँलाई खुसी पार्ने कामलाई मन पराउनु भएन ।

> ***"अनि नोआले परमप्रभुको निम्ति एउटा वेदी बनाएर हरेक शुद्ध पशु र शुद्ध पक्षी मध्येबाट लिई होमबलि चढ़ाए। त्यसको मीठो बास्ना लिनुभएपछि परमप्रभुले आफ्नो मनमा भन्नुभयो, अब म फेरि कहिल्यै मानिसको खातिर पृथ्वीलाई सराप दिनेछैनँ, यद्यपि मानिसको हृदयका भावनाहरू बालकदेखि नै खराब हुन्छन्। अहिले मैले गरेजस्तै सबै प्राणीलाई फेरि यसरी सर्वनाश म गर्नेछैनँ।"***
>
> ***- उत्पति ८:२०-२१***

यो पदलाई सरसर्ती रुपमा पढ्दा यस्तो लाग्छ कि बलिदानद्वारा परमेश्वर खुसी हुनुहुन्छ । त्यो सुगन्धित वासनामा परमेश्वरले अबदेखि जमिनलाई सराप नदिने भनेर प्रतिज्ञा गर्नुहुन्छ । वासनाको मूल हिब्रु शब्द रोच हुन्छ,

यो शब्दबाट हामीले आत्मा, परमेश्वरको आत्मालाई बुझ्न सक्छौं । यो शब्दको अर्थ हो:

> ***"एक एतिहासिक जरो; सापेक्षिक अर्थ सास फेर्नु हो; सांकेतिक अर्थ स्वीकार गर्नु, बुझ्नु, मनोरन्जन लिनु हो ।"***

सास लिनु वा फेर्नु हो । सास बाहिर फेर्नु भनेको कुनै कुरा दिनु हो । सास लिनुको अर्थ कुनै कुरालाई स्वीकार गर्नु हो । २१ पदको सुरुवात शब्द 'र' हो । यो शब्द हिब्रु भाषामा पाउन सकिन्न । जनावरको बलिदानद्वारा परमेश्वरलाई खुसी पार्न सकिन्न । परमेश्वरले नोहाको बलिदान यसकारण स्वीकार गर्नुभयो किनभने उसले त्यस बलिदानद्वारा यो भन्न खोजेको थियो कि म आफैंले आफैलाई केहि गर्न सक्दिन, र म तपाईको पुत्रको हत्यामा भागीदार छु । परमेश्वरले आफ्नो अनुग्रहमा यस संसारमा आफ्नो आत्मा पठाउनुभयो ताकी यस संसारले फेरी जीवन पाओस् । जब हामी ख्रीष्टको चरित्रको प्रकाशमा बाइबललाई पढ्छौं तब यी बुझ्न गाह्रो भएको खण्डहरु येशु ख्रीष्टको मुहारमा चम्किन थाल्छौं । २ कोरिन्थी ४:६ ।

कयिनले आरधनाको विधिलाई एक कदम अगाडी प्रकृतिको आरधनातिर लैजान्छ । उसले थुमालाई हटायो जसले उसको पापी हृदयको प्रतिक हो र त्यसको बदलामा उसले फलफुल र तरकारीलाई चढाएको थियो । परमेश्वरलाई हटाएको हुनाले पृथ्वी उसको मुक्तिदाता भएको थियो । कयिनले यो आरधनालाई आफ्नो भाईको हत्यामा जोड्यो र जसको कारण पगन आरधनाको सुरुवात भयो । पगन आरधनामा रुखहरुलाई आरधना गरिन्छ र मानव बलिदान दिइन्छ । यो आरधनाले परमेश्वरलाई

निरन्तर रुपमा परमेश्वरलाई पिडा दिएको हुन्छ । शैतानले वलिदानमा प्रकट भएको महत्वपूर्ण सत्यतालाई यसरी मोड्यो कि मानिसहरुले वलिदानद्वारा परमेश्वरलाई खुसी पार्न सकिन्छ भन्ने कुरालाई बुझे ।

> *"जुन जातिहरूलाई तिमीहरूले अधिकार गर्नेछौ, उनीहरूले आफ्ना देवताहरू पूजा गर्ने उनीहरूका अल्गा डाँड़ा र हरेक पर्वत र फैलिएको रूखमुनिका सबै स्थानहरू तिमीहरूले सम्पूर्ण तवरले नाश गर्नू। उनीहरूका वेदीहरू फुटाइदिनू। उनीहरूका चोखा ढुङ्गाहरू टुक्रा-टुक्रा पारिदिनू। उनीहरूका अशेरा देवीका खम्बाहरू आगोमा जलाइदिनू। उनीहरूका देवताहरूका मूर्तिहरू ढालिदिनू र ती ठाउँहरूदेखि उनीहरूका नाउँनिशानै मेटिदिनू। तिमीहरूले परमप्रभु तिमीहरूका परमेश्वरको आराधना उनीहरूको पाराले नगर्नू।"*
>
> *- व्यवस्था १२:२-४*

इस्राएलीहरुले ति पगनहरुको (मुर्तिपुजक) आरधना स्थलहरुलाई यसरी भत्काउनुपर्ने थियो कि जसको कारण परमेश्वर खुसी हुनुहुनेछ र उहाँले आफ्नो आत्मालाई पठाउनु हुनेछ ।

उनीहरुले परमेश्वरलाई आफु जस्तै सोचे; उनीहरुले सोचे कि उनीहरुले परमेश्वरले भन्नुभएको कुरा उनीहरुले गर्दैछन्: रगत, परमेश्वरको इच्छा पुरा गर्नको लागि दिइएको बलिदानको प्रमाण हो । तर परमेश्वरले भन्नुभएको छ कि उहाँले रगत दिनुहुनेछ ।

*"किनकि जीवधारीको प्राण त्यसको रगतमा हुन्छ। मैले रगतचाहिँ वेदीमा तिमीहरूको निम्ति प्रायश्चित गर्नलाई दिएको छु, किनभने रगतद्वारा नै मानिसका जीवनको निम्ति प्रायश्चित गरिन्छ।"*

*- लेवी १७:११*

यदी उनीहरुले परमेश्वरको आवाज सुनेको भए, तिनीहरुले आफ्नो मनमा भएको ति वेदीहरुलाई नष्ट पार्ने थिए ।

*"किनभने हामी संसारका हौं, तापनि सांसारिक लड़ाइँ त लड़दैनौं। किनकि हाम्रो युद्धका अस्त्र-शस्त्र सांसारिक होइनन्, तर किल्लाहरू नाश गर्ने ईश्वरीय सामर्थ्य तिनमा छ। परमेश्वरका ज्ञानको विरुद्धमा खड़ा हुने बहसहरू र हरेक अहङ्कारपूर्ण बाधालाई हामी नाश गर्छौं, र हरेक विचारलाई ख्रीष्टको आज्ञापालन गर्नलाई वशमा पार्छौं।"*

*- २ कोरिन्थी १०:३-५*

यी कुराहरुबाट इस्राएलीहरु बाहिर निस्किन सकेका थिएनन् जसको प्रमाण ति वलिदानको वेदीहरु हुन् जसलाई तिनीहरुले नष्ट पार्न सकेको थिएनन् र सारा समय ति अस्तित्वमा थिए, परमेश्वरको नजरमा धर्मी ठहरिएको राजाहरुको समयमा पनि ति खडा थिए ।

*"सोलोमन आफैले चाहिँ आफ्ना पिता दाऊदले बनाएका धार्मिक-विधानहरूको पालन गर्दै परमप्रभुलाई नै प्रेम देखाए।*

*तर तिनले डाँड़ाका थानहरूमा बलि चढ़ाएर धूप बाले।"*
*- १ राजा ३:३*

*"तिनले डाँड़ा-डाँड़ामा भएका पूजा गर्ने थानहरू नहटाए तापनि आसाको हृदय आफ्नो सारा जीवनभरि नै परमप्रभुमा सम्पूर्ण रूपले सुम्पेका थिए।"*
*- १ राजा १५:१४*

*"अहिले पनि उहाँ कुनै ओड़ारमा वा अरू त्यस्तै ठाउँमा लुकिरहनुभएको छ होला। यदि उहाँले उछिनेर पहिले नै तपाईंको फौजलाई हमला गर्नुभयो भने र यो कुरा थाहा लाग्यो भने सुन्नेले भन्नेछन् 'अब्शालोमका पछि लाग्ने फौजहरू त नष्ट भएका छन्।' 10त्यसो हुँदा कस्तै सूरो र सिंहजस्तै मुटु भएको मानिसको साहस पनि हराउनेछ। किनभने सारा इस्राएलले जान्दछ कि तपाईंका पिता एक महावीर हुनुहुन्छ, र उहाँसँग हुनेहरू पनि साहसीहरू छन्। यसैले मेरो सल्लाह यही छ: दानदेखि बेर्शेबासम्मका सारा इस्राएललाई समुद्रका बालुवाका कणजस्तै तपाईंकहाँ जम्मा हुन दिनुहोस्, र तिनीहरूका अगाड़ि तपाईं आफै युद्धमा मानिसहरूलाई लिएर जानुहोस्। 12तब उहाँ जहाँ हुनुभए तापनि हामी कहीं न कहीं उहाँमाथि आक्रमण गर्नेछौं, र भूइँमा शीत परेझैं उहाँमाथि ओइरिनेछौं, अनि उहाँका घरानाको एउटै पनि अथवा उहाँपछि लाग्नेहरू कुनै पनि जीवित*

*छोड़िनेछैन।"*

*- २ राजा १७:९-१२*

केवल दुई राजाहरुले ति स्थानहरुलाई नष्ट पारेका थिए: हिजिकिया र योशिया ।

*"तिनले अल्गा-अल्गा ठाउँहरू हटाइदिए, चोखा ढुङ्गाहरू भत्काइदिए, र अशेराका खम्बाहरू ढालिदिए। मोशाले बनाएको काँसाको साँपलाई तिनले टुक्रा-टुक्रा पारिदिए, किनकि त्यस बेलासम्म इस्राएलीहरूले त्यसको निम्ति धूप बालेका थिए। तिनीहरूले त्यसलाई नहूश्तान भन्थे।"*

*- २ राजा १८:४*

*"त्यसबाहेक इस्राएलका राजाहरूले सामरियाका नगरहरूमा बनाएका अल्गा-अल्गा ठाउँहरूका सबै पूजा-थानहरू, जसको कारणले परमप्रभुलाई रीस उठाएका हुनाले योशियाहले बेथेलमा गरेझैँ तिनलाई हटाइदिए र दूषित पारे। त्यहाँका अल्गा-अल्गा ठाउँहरूका सबै पूजाहारीहरूलाई योशियाहले वेदीहरूमाथि मारे, र ती वेदीहरूमा तिनले मानिसहरूका हड्डी जलाए। त्यसपछि तिनी यरूशलेममा फर्के।"*

*- २ राजा २३:१९-२०*

योशिया राजाको राज्यकालमा व्यवस्थाको पुस्तकलाई भेटाईएको थियो र तिनीहरुले परमेश्वरको नियमहरु र पर्वहरु मान्न सुरु गरेका थिए । २

राजा ३५:१ । दुखको कुरा, योशियाको मृत्यु राजा मिश्र देशको राजाको विरुद्ध लडाईमा भयो र इस्राएल फेरी मुर्तिपुजाको गहिराइमा फस्न पुग्यो । केहि समय पछी यिनीहरुलाई बेबिलोनमा कैद लगियो । देवताहरुलाई खुसी बनाउने इस्राएलको चाहनालाई इजिकिएलले देखेका दर्शनमा वर्णन गरिएको छ ।

> ***"तब उहाँले मलाई परमप्रभुका भवनको भित्री चोकमा ल्याउनुभयो, अनि त्यहाँ वेदी र दलानको बीचमा मन्दिरको प्रवेशद्वारमा प्राय: पच्चीस जना मानिसहरू थिए। तिनीहरूका पीठ परमप्रभुको मन्दिरतिर र अनुहारचाहिँ पूर्वपट्टि फर्काएर पूर्वतिरै सूर्यलाई दण्डवत् गरिरहेका थिए।"***
>
> ***- इजिकिएल ८:१६***

यो कुरा अलि अच्चमको छ कि इस्राएल राष्ट्र र त्यसका अगुवाहरु अरु मुर्तिपुजक राष्ट्रहरु जस्तै सुर्यको आरधनामा यसरी बन्दी भए कि पछी तिनीहरु ति राष्ट्रहरुमा नै बन्दी लगीए । बेबीलोनमा बन्दी हुँदाको समयमा परमेश्वरको जनहरुसंग के हुनेछ बुझ्नको लागि परमेश्वरसंग सहायता मागेको थिए । दानिएल ७ अध्यायमा उसले घृणित पशुहरुलाई यस संसारमा राज गर्नको लागि समुन्द्रबाट निक्लिदै गरेको देख्दछन् । यी शक्तिहरुद्वारा परमेश्वरको जनहरु दबिएका छन् र सतावट पाएका छन् । यी सतावटले गर्दा परमेश्वरको जनहरु छरिएका छन्, यो सब ति घृणित थोकहरुलाई हटाउन इस्राएलले गरेको इन्कारबाट सुरु हुन्छ किनभने

तिनीहरुले आफ्नो पापबाट पश्चताप गरेनन् र मसिहमा भएको परमेश्वरको धार्मिकतालाई स्वीकार गरेनन् ।

> *“‘यी सब भएर पनि तिमीहरूले मेरा कुरा सुनेनौ र मेरो विरुद्धमा हिँड़िरह्यौ भने, मेरो क्रोधमा म तिमीहरूका विरुद्ध जानेछु, र तिमीहरूका पापको लागि म तिमीहरूलाई सात गुणा दण्ड दिनेछु। तिमीहरूले आफ्नै छोराछोरीहरूको मासु खानुपर्नेछ। म तिमीहरूका डाँड़ाका थानहरू नाश गर्नेछु, म तिमीहरूका धूपका वेदीहरू भत्काउनेछु, र तिमीहरूका लाशहरू आफ्ना मृत मूर्तिहरूमाथि फालिदिनेछु, र म तिमीहरूलाई तिरस्कार गर्नेछु। म तिमीहरूका सहरहरू उजाड़ पार्नेछु, र तिमीहरूका धर्म-स्थलहरू शून्य पारिदिनेछु, अनि म तिमीहरूका भेटीका मीठो बास्ना ग्रहण गर्नेछैनँ। म देशलाई नष्ट पार्नेछु। यी सब देखेर त्यहाँ बस्ने तिमीहरूका शत्रुहरू अवाक् हुनेछन्। मचाहिँ तिमीहरूलाई जाति-जातिहरूका बीचमा तितरबितर पारिदिनेछु, र नाङ्गो तरवार लिएर तिमीहरूलाई खेद्नेछु। तिमीहरूको देश सूनसान र तिमीहरूका सहरहरू उजाड़ हुनेछन्।”*
>
> *- लेवी २६:२७-३३*

किन त्यहाँ सात पटकलाई वर्णन गरियो, त्यो यस पुस्तकको क्षेत्रभन्दा बाहिर छ तर यसको सम्बन्धको परमेश्वरको जनहरुमा साँचो सुसमाचारको पुनस्थापनामा आधारित भविष्यवाणीमा छ ।

इस्राएल अरु राष्ट्रहरुको अगुवा बनोस् र ति मुलुकहरुले इस्राएलबाट साँचो परमेश्वर र उहाँको मार्गहरुको बारेमा जानुन भन्ने चाहना परमेश्वरको हो । यदी केवल उनीहरुले उहाँको वचन सुनेको भए र अनन्तको करारलाई पालना गरेको भए र आफ्नो गलत विचारधाराबाट फर्केको भए । यदी यसो नगरेको भए ति मुर्तिपुजक राष्ट्रहरु हुने थिएनन् । मानिसहरुको हृदयमा भएको पापी विचारहरु र आफ्नो हिंसात्मक चरित्रहरुको उपज ति मुर्तिपुजक राष्ट्रहरु हुन् ।

*"यहूदाका राजा अमोनका छोरा योशियाहका राजकालको तेह्रौँ वर्षदेखि आजको दिनसम्म— तेईस वर्षसम्म— परमप्रभुको वचन मकहाँ आएको छ, र मैले त्यो तिमीहरूलाई घरीघरी सुनाउँदैआएको छु, तर तिमीहरूले ध्यान दिएका छैनौ। परमप्रभुले आफ्ना सबै दास, अगमवक्ताहरूलाई यसो भनी घरीघरी पठाउनुभए तापनि तिमीहरूले सुनेनौ, अथवा तिमीहरूले ध्यान दिएनौ। तिनीहरूले भने, "तिमीहरू हरेक आफ्नो खराब चाल र खराब व्यवहारदेखि फर्क, र परमप्रभुले तिमीहरू र तिमीहरूका पिता-पुर्खाहरूलाई सदासर्वदाको लागि दिनुभएको देशमा बस्न पाउँछौ। पराई देवताहरूका सेवा र पूजा गर्नलाई तिनीहरूका पछि नलाग। तिमीहरूका हातले बनाएका कामबाट मलाई रीस नउठाओ। तब म तिमीहरूको केही नोक्सानी गर्नेछैनँ।" "तर तिमीहरूले मेरो कुरामा ध्यानै दिएनौ, तर तिमीहरूका आफ्नै हातको कामद्वारा मलाई रीस उठाएका छौ, र*

*तिमीहरूले आफैमाथि नोक्सानी ल्याएका छौ," परमप्रभु भन्नुहुन्छ। यसकारण सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ: "तिमीहरूले मेरा वचन ध्यानसित नसुनेका हुनाले, म उत्तरका सबै मानिसहरूलाई र मेरो दास, बेबिलोनको राजा नबूकदनेसरलाई बोलाएर ल्याउनेछु," परमप्रभु भन्नुहुन्छ, "र म उनीहरूलाई यो देश र यसका बासिन्दाहरू र चारैतिरका सबै जातिहरूका विरुद्धमा ल्याउनेछु। म तिनीहरूलाई पूर्ण रूपले नाश गर्नेछु, र म तिनीहरूलाई भय र घृणा र अनन्तको विनाशको पात्र बनाउनेछु।"*

*- यर्मिया २५:३-९*

दानिएलको दर्शनमा भएको चार राष्ट्रहरु बेबिलोन, मादी-फारस, ग्रिस र रोम हुन् । यी सबै राष्ट्रहरुमा ति मन्दिरहरु थिए जहाँ देवताहरुको लागि वलिदान चढाईन्थ्यो । परमेश्वरको विरुद्धमा शैतानले झुटको खेति गरेको छ जसको कारण मानिसहरुले वलिदानद्वारा परमेश्वरलाई खुसी बनाउने कोशिस गर्दैछन् । ति बलिदानहरु दैनिकी रुपमा चढाईन्थे । कोरेस राजा (५३८-५२९ ईस्वी) ले आफ्नो रेकर्डमा ति दैनिकी बलिदानहरुको विषयमा भनेका छन् ।

*"दैनिकी रुपमा ति बलिदानहरु चढाइन्थेर उसले ति कुराहरुलाई रोक्यो र उसले शहरमा त्यसलाई स्थापना गरेको देखिन्छ ।"*

**- FL Sharp, Antiochus or Rome, p. 40**

यो भनाईले त्यो समयको विषयमा भन्दछ जब ति भेटिहरु रोकिएको थियो । यसले यो कुरा भन्दछ कि यी दैनिकी बलिदानहरु तिनीहरुको आरधनाको भाग भइसकेको थियो । जसरी दानिएल भविष्यको बारेमा चिन्तित हुदैं र उसको मानिसहरुको सतावटले उसलाई चिन्ताको विन्दुमा यसरी लगेको थियो कि उसले आफ्नो दर्शन दुई स्वर्गीय व्यक्तित्वहरुको कुराकानी उसले सुने:

> *"तिनीहरूमध्येबाट अर्को एउटा सीङ आयो, जो सानोबाट सुरु भयो तर दक्षिणतिर र पूर्वतिर र सुन्दर भूमितिर शक्तिशाली हुँदै बढ्दैगयो। स्वर्गका सेनाहरूसम्म नपुगुन्जेल त्यो बढ्दैगयो, र त्यसले केही ताराका दललाई तल पृथ्वीमा खसाल्यो र तीमाथि खुट्टाले कुल्च्यो। त्यसले आफैलाई राजकुमार जत्तिकै महान् तुल्यायो। त्यसले उहाँबाट दैनिक बलिदान खोस्यो, र उहाँको पवित्रस्थान तल झारियो। विद्रोहको कारणले पवित्र जनहरूका सेना र दैनिक बलिदान त्यसलाई सुम्पियो। त्यसले गरेका सबै काममा त्यो सफल भयो, र सत्यलाई भूइँमा फ्याँकियो। त्यसपछि मैले एउटा पवित्र जनले बोलेको सुनें, र अर्का पवित्र जनले उनलाई भने, "यो दर्शन पूरा हुन कति समय लाग्ला— अर्थात्, दैनिक बलिदान, उजाड़ पार्ने विद्रोह, र पवित्रस्थान र सेनालाई खुट्टाले कुल्चिनेसम्बन्धी दर्शन पूरा हुन कति समय लाग्ला?" उनले मलाई भने, "दुई हजार तीन सय साँझ र बिहान*

*लाग्नेछ, तब पवित्रस्थानको पून:अर्पण हुनेछ।"*

*- दानिएल ८:९-१४*

यो खण्डले के भन्छ ति सबै कुराहरुमा हामी जाने छैनौं । हामीले यहाँ दैनिकी आरधनाको विधि जसलाई ति मुर्तिपुजकहरुले पालन गर्थे, ति विधि तिनीहरुबाट खोसिनेछ र इसाई मापदण्डमा ढालिनेछ भन्ने विषयमा हामी पढ्नेछौं । रोमी साम्राज्यको अन्तमा आउने शक्तिले ख्रीष्टको बलिदानलाइ लिनेछ र पश्चतापको विधिको भाषाको रुपमा गराउनेछ । ख्रीष्टको बलिदानलिई संसारमा यसरी प्रस्तुत गरियो कि हेर्दा यस्तो लाग्छ परमेश्वरलाई खुसी पार्न रगतको वलिदान दिनु पर्छ । यो कुरालाई बुझ्न गाह्रो छैन । अधिकांश मण्डलीहरुबाट प्रचार भएको सुसमाचार वास्तवमा मुर्तिपुजक आरधनाको विचारधारामा केन्द्रित छ ।

जब दानिएलले यी कुराहरु देखे तब उ झन डराएर आए ।

*"तिमीलाई दिइएको साँझहरू र बिहानहरूसम्बन्धी दर्शन सत्य छ, तर त्यो दर्शनलाई मोहोर लगाई बन्द गर, किनभने यो धेरै पछिको भविष्यसँग सम्बन्धित छ।" म, दानिएल, अति थकित भएँ र केही दिनसम्म बिरामी भई पस्रिएँ। तब म उठेर राजाको कामधन्धामा लागें। दर्शनको कारण म व्याकुल भएँ, यो समझदेखि बाहिरको कुरा थियो।"*

*- दानिएल ८:२६-२७*

जब यी घटनाहरु कसरी हुनेछन् भन्ने विषयमा दानिएलले बुझ्न खोज्दै थिए, परमेश्वरले दानिएललाई त्यो पहिलाको दर्शन बुझाउन गब्रिएल स्वर्गदूतलाई पठाउनुभयो । ति सत्तरी हप्ताको भविष्यवाणी जसले मसिहलाई ल्याउँछ, त्यसको विषयमा दानिएललाई गब्रिएल अगमवक्ताले सिकाउँछन् । तब गब्रिएलले एकदम महत्वपूर्ण कुरा गर्छन् ।

> ***"धेरै जनासित एक 'सात' को लागि तिनले एउटा करारको सदर गर्नेछन्। 'सात' को बीचमा तिनले बलिदान र भेटी [खानाको भेटि] लाई समाप्त गर्नेछन्। अनि मन्दिरको एक भागमा तिनले विनाशकारी घृणित थोक खड़ा गर्नेछन्, जबसम्म तिनीमाथि आदेश गरिएको अन्त खन्याइनेछैन।"***
>
> ***- दानिएल ९:२७***

यस पदले यस संसारमा ख्रीष्टको कामको विषयमा भन्दछ । येशुको मृत्युमा, परमेश्वरको आरधनाको रुपमा ति जनावरहरुको बलिदानले भाग लिने थिएनन् । जब ख्रीष्टको मृत्यु भयो, तब मन्दिरको पर्दा दुई भागमा च्यातिएको थियो जसको संकेत यो थियो की ति बलिदानको विधिहरुको अब जरुरत छैन ।

तर यसमा गहिरो अर्थ छ जसलाई धेरैले पूर्ण रुपमा बुझ्न असक्षम भएका छन् । हामीलाई थाह छ कि क्रुसमा येशुको मृत्युपछी पनि जनावरको बलिदानको निरन्तरता भइरहेको थियो हालाकी यसको कुनै औचित्य थिएन । ख्रीष्टको सेवाकाईको गहिरो सत्यता भनेको ति *बलिदानको*

*विधिहरुलाई हटाउनु हो* । जब मानिसले क्रुसको सत्यतालाई बुझ्दछ तब उसको हृदयबाट बलिदानको विचारधारा हटेर जान्छ । जब साँचो अनन्तको करारलाई मानिसले बुझ्दछ तब उसले परमेश्वरलाई आफ्नो बलिदानद्वारा खुसी बनाउने प्रयत्नलाई हटाउनेछ । *उसले बलिदानलाई हटाउनेछ भन्ने शब्दहरुको अर्थ यही नै हो* । '*लागी*' भन्ने शब्दको अर्थ '*विरुद्ध*' पनि हुन सक्छ । जब अनन्तको करारलाई बुझिन्छ तब यी गलत विचारधाराहरुलाई हटेर जानेछन् र तब परमेश्वरको प्रेमको साँचो चरित्रको *विरुद्ध*मा घृणित कुराहरुलाई रोक्न त्यस बहुमुल्य सत्यताले काम गर्न थाल्छ । यस विषयमा पुरा किताब लेख्न सकिन्छ तर यी सबंधहरु प्रष्ट छ । क्रुसको साँचो बुझाई जब प्रस्फुटन हुन्छ तब ति घृणित थोकहरु हट्नेछन् ।

आज जब मानिसहरुले ख्रीष्टको क्रुसको विषयमा कुरा गर्छन् तब उनीहरुले यो कुरामा ध्यान दिन्छन् कि परमेश्वरको क्रोध शान्त भएको छ । यस्तो विचारले हृदयमा घृणित थोकले भर्दछ । जब मानिसको हृदयमा यस्तो विचारधारा आउँछ कि परमेश्वरले आफ्नो क्रोध शान्त पार्न आफ्नो पुत्रलाई बलिदान दिनुभयो । यस्तो विचारधाराले मानिसको आत्मा उजाड पारिएको छ । क्याथोलिक शिक्षाले यस कुरा मा जोड दिन्छ । हरेक हप्ता मास कार्यक्रममा शामेल हुनु, संसारिक पुजाहारीलाई आफ्नो पाप भन्नु, त्रि-एकतामा विश्वास गर्नु र क्याथोलिक सन्तहरुमा ध्यान दिंदा तपाई परमेश्वरको क्रोधलाई टार्न सक्नुहुन्छ ।

यो सत्यता यस्तो छ :

## ति मानिसहरु, जोसंग मसीहले करार बाँध्नुहुन्छ, उनीहरुको लागि बलिदान र विधिहरु साँचो रुपमा अन्त्य भएको छ ।

जनावरको बलिदानलाई हटाउदैमा बलिदानहरुबाट परमेश्वरलाई खुसी पार्ने कुरालाई हटाउन सकिन्न । अब्राहमले जस्तै हामीले पनि उहाँको वचनलाई सुन्नेछौँ जब हामी परमेश्वरलाई खुसी बनाउन हामी हाम्रो बहुमुल्य सम्बन्धलाई तोड्न हात उठाएको हुन्छौं ।

ति सबै प्रचारकहरु जसले सुसमाचार प्रचार गर्न आफ्नो परिवारलाई त्यागे, उहाँको आवाजल सुनौं, "मलाई खुसी पार्न जरुरी छैन, तिम्रो प्रचारले तिम्रो पापको क्षमा हुदैनन् । तिम्रो यो गलत विचारधारालाई हटाउन जरुरी छ ।"

हाम्रो स्वर्गीय पिता चाहनुहुन्छ कि हामीले यस्तो विचारलाइ त्यागौं । उहाँ चाहनुहुन्छ कि हामीले उहांक अगापे प्रेमलाई बुझ्न सकौं । हामीले केहि पनि गर्न सक्दैनौं जसले गर्दा उहाँले हामीलाई जति प्रेम गर्नुहुन्छ, त्यो भन्दा अझै बढी गर्नुहुनेछ । यो लेखकको हृदयस्पर्शी वचनलाई पढ्नुहोस्:

> ***"बलिदानको यो अर्थ हुन्छ कि त्यहाँ एउटा क्रोध छ जसलाई शान्त पार्न जरुरी छ । तर यो कुरा बुझ्न जरुरी छ कि हामीलाई बलिदान चाहिने हो, परमेश्वरलाई हैन ।उहाँले बलिदान जुटाउनुहुन्छ । परमेश्वरको क्रोधलाई शान्त पार्न सकिन्छ ताकी हामीले क्षमा पाउन सकौं भन्ने विचारधारालाई बाइबलमा पाउन सकिन्न । यो कुरा अलि पत्याउन नमिल्ने छ कि परमेश्वरले***

*तबसम्म माफी दिनुहुन्न जबसम्म उहाँको क्रोध शान्त हुदैंन यसकारण उसले आफैलिई त्याग गर्छ जसले गर्दा उहाँ खुसी हुनुहुन्छ ।*

*यी एक पापी विचारधारा हो, जसलाई अधिकांश इसाईहरुले विश्वास गर्छन र उहाँलाई बलिदानद्वारा खुसी पार्ने कोशिस गर्छन । ति पापी आरधनाहरु केवल आफ्नो अनुकूल समय ल्याउन परमेश्वरलाई घुस दिन्छन् ।*

*वर्तमान वा विगतमा इसाई मुलुकहरुमा भएको सतावटहरु ति पापी विचारधाराहरुको मिश्रण हो । ति लेखकहरुले यो कुरा को महसुस गर्छन कि कामद्वारा मुक्ति पाइन्छ र कामद्वारा मानिसहरुले मुक्तिको लागि पश्चताप गर्न सक्छन , यसकारण तिनीहरुले त्यस देवताको आरधना गरे जसले गर्दा तिनीहरु बलिदान त दिन्छन तर स्वीकार्य हुदैंन किनभने परमेश्वर यी कुराहरुलाई मन पराउनुहुन्न ।"*

***- EJ Waggoner, Pesent Truth, Aug. 30, 1894.***

यदी हामी इमान्दार छौं र परमेश्वरको प्रेमिलो चरित्रको यथार्थतालाई हेर्छौं भने, यसले हामी भित्र पश्चतापको भावनालाई जगाईदिन्छ ।

*"किनभने म बलिदान होइन, दया चाहन्छु, र होमबलिभन्दा परमेश्वरको मान्यता अझ बढ़ी चाहन्छु।"*

*- होशे ६:६*

यो बलिदानको विधि शैतान र मानिसरुको विचमा भएको पर्खालको टुक्रा हो । यसले हामीलाई ख्रीष्टको मृत्युमा हाम्रो जिम्मेवारी लिनबाट रोक्न खोज्छ । जब हामी यस अन्तिम पदावलाई नाघ्छौं तब यो कुराले स्थान लिन्छ ।

> *“अनि म दाऊदको घराना र यरूशलेमका बासिन्दाहरूमाथि अनुग्रह र नम्र-निवेदन गर्ने आत्मा खन्याउनेछु। तिनीहरूले मलाई हेर्नेछन्, जसलाई तिनीहरूले घोचेका छन्, र जसरी एकमात्र छोराको लागि कोही शोक गर्दछ, त्यसरी नै तिनीहरू उनको लागि शोक गर्नेछन्, पहिले जन्मेको पुत्रको निम्ति गरेजस्तै शोक गर्नेछन्।”*
>
> *- जकरिया १२:१०*

आफ्नो पापको बदली आदमले परमेश्वरलाई दिने हृदयको पिडाले हामीलाई परमेश्वरको प्रेमिलो चरित्र बुझ्नमा मदद गर्दछ । परमेश्वरलाई खुसी पार्न बलिदान र भेटिको जरुरी छैन । उहाँले माग्नुभएको बलिदान यो हो:

> *“तोडिएको आत्मा नै परमेश्वरको निम्ति बलिदान हो। हे परमेश्वर, तोडिएको र पश्चात्तापी हृदयलाई तपाईं तिरस्कार गर्नुहुन्न।”*
>
> *- भजनसंग्रह ५१:१७*

*"किनकि सदासर्वदा जीवित हुनुहुने, उच्च र श्रेष्ठ, जसको नाउँ पवित्र हो, उहाँ भन्नुहुन्छ, "म उच्च र पवित्र ठाउँमा बस्दछु, विनम्रको आत्मा जागृत गराउन र पश्चात्तापीको हृदय जागृत गराउन, त्यससँग पनि बस्दछु जो आत्मामा पश्चात्तापी र विनम्र छ।"*

*- यशैया ५७:१५*

यस पुस्तकको प्रकाशमा तपाईले बाइबललाई पढ्नुहुन्छ भने, येशुले फिलिपलाई भन्नुभएको सत्यको वचनलाई तपाईले बुझ्न सक्नुहुन्छ ।

*"येशूले तिनलाई भन्नुभयो, "फिलिप, यतिको समयसम्म म तिमीहरूसँग छु, तैपनि तिमीले मलाई चिन्दैनौ? जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ।.."*

*- यूहन्ना १४:९*

मलाई व्यक्तिगत रुपमा, स्वर्गीय परमेश्वरको कोमल प्रेममा हरेक विहान उठ्न पाउनु कति आनन्दको कुरा हो । उहाँ कस्तो हुनुहुन्छ भन्ने कुरालाई देखाउनको लागि उहाँले आफ्नो पुत्रलाई हामीकहाँ पठाउनुभयो त्यो कुराको लागि म परमेश्वरलाई धन्यवाद दिन चाहन्छु । मानवताले सत्यतालाई जति मोडे पनि, येशु आफ्नो खुसीले यस संसारमा आउनुभयो ताकी हामीले पिताको रुप देख्न सकौं र उहाँ हामो शत्रु हुनुहुन्न भन्ने कुरामा विश्वास गर्न सकौं । उहाँ हाम्रो पिता हुनुहुन्छ, जसले आफ्नो सन्तानलाई प्रेम गर्नुहुन्छ । कुनै पनि शब्दले उहाँको प्रेमलाई बयान गर्न सक्दैन ।

यो मेरो चाहना हो कि हामी सबै उहाँको त्यस शान्त र पवित्र वासस्थानमा प्रवेश गर्न सकौं र यी वचनहरुलाई पूर्णरुपमा सुन्न सकौं ।

> *"तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु।"*
> *- मत्ती ३:१७*

> *"यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस्।"*
> *- एफिसी १:६*

ख्रीष्टको जीवन जो २००० वर्ष अगाडी यस संसारमा हिड्नुभयो, उहाँले हामीलाई स्वार्थहिन प्रेमको उदाहरण दिनुभएको छ जसले करोडौं मानिसहरुको हृदयमा शान्ति ल्याएको छ । ति मानिसहरु जसले परमेश्वरको वचनमा उत्सुकता राख्छन्, उनीहरुको लागि बाइबलमा परमेश्वरको वर्णन र ख्रीष्टको जीवनमा भएको भिन्नताले केहि असहजता उत्पन्न गराउँछ । तर आफ्नो चेलासंग त्यस पिडादाई क्षणमा येशुले भन्नुभएको छ, "यदी तिमीले मलाई देखेको छौं भने पितालाई पनि देखेका छौ ।"

यो कुरा कसरी सम्भव छ ? के यो कुरा साँचो हो कि ख्रीष्टको जीवनमा प्रकट गरीएको जस्तै परमेश्वर वास्तवमा नै करुणामयी, अनुग्रहकारी र दयावान् हुनुहुन्छ ? धर्मशास्त्रको वचनमा इमान्दार हुदैं गर्दा के यो समस्याको समाधान हुन सक्ला त ? यो रहस्यलाई पर्दाफास गर्ने चाबी तपाईको हातमा छ ।